नेपालको सैनिक इतिहास

(भाग - २)



लेखक

प्राध्यापक डा. तुलसीराम वैद्य

प्राध्यापक डा. विजय कुमार मानन्धर

प्रमुख सेनानी डा. प्रेमसिंह बस्न्यात

नेपालको सैनिक इतिहास

(भाग-२)

लेखक

प्राध्यापक डा. तुलसीराम वैद्य

प्राध्यापक डा. विजय कुमार मानन्धर

डा. प्रेमसिंह बस्न्यात

प्रकाशक

नेपाली जङ्गी अड्डा

२०६५

नेपालको सैनिक इतिहास
(भाग-२)

लेखक	: प्रा.डा. तुलसीराम वैद्य प्रा.डा. विजय कुमार मानन्धर डा. प्रेमसिंह बस्न्यात
प्रकाशक	: नेपाली जङ्गी अड्डा
संस्करण	: वि.सं. २०६५ सन् २००९
प्रकाशन	: १००० प्रति
आवरण/ले-आउट	: सैनिक सङ्ग्रहालय छाउनी, काठमाडौं
मुद्रण	: सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृष्य महाशाखा छापाखाना शाखा, त्रिपुरेश्वर, काठमाडौं

मूल्यः

रूपैयाँ	: ६९९।-
अमेरिकी डलर	: $ 9.00
आवरण तस्वीर	: नेपाली सेनाको आदर्श वाक्य सहित नेपालको राष्ट्रिय झण्डा तथा नेपाली जङ्गी अड्डाको झण्डा
ISBN	: 978-9937-2-1177-2

Military History of Nepal
(Vol. 2)

मन्तव्य





प्रधानसेनापति
महारथी रूकमाङ्गद कटवाल

"राष्ट्र गौरव" नेपाली सेनाले राष्ट्रिय स्वतन्त्रता र एकता, सार्वभौमिकता र भौगोलिक अखण्डतालाई अक्षुण राखी कानूनी राज्यको अवधारणाअनुसार बहुदलीय प्रजातान्त्रिक व्यवस्था तथा संरचनालाई सुदृढ गर्दै कुनै पनि बेला आई पर्नसक्ने बाह्य र आन्तरिक खतराबाट राष्ट्रलाई पूर्ण रूपमा सुरक्षित राख्ने जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्दै आएको छ । इतिहासको अनेक आरोह अवरोहहरूमा नेपाललाई एक स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न र अविभाज्य राष्ट्रको रूपमा स्थापित र विकसित गर्न नेपाली सेनाले निर्णायक भूमिका निर्वाह गरेको तथ्य सर्वविदितै छ । यसै क्रममा नेपाली सेनाका विभिन्न अङ्गहरूले यसको साँस्कृतिक, सामाजिक, पेशागत एवं सांगठनिक विकास कार्यमा आ-आफ्नो ढङ्गले योगदान पुऱ्याएको कारण नेपाली सेनाको इतिहास अत्यन्तै गौरवपूर्ण तथा समृद्ध हुन पुगेको छ ।

गौरवमय परम्परा र प्रतिष्ठित इतिहासले शुशोभित नेपाली सेनाले नेपाल एकीकरणको महायज्ञमा गोरखाको लिगलिगकोट जस्तो एउटा गाउँबाट सुरू गरेको अभियानलाई समयको प्रवाहसँगै पूर्वमा टिष्टा नदी र पश्चिममा काँगडासम्म पुगेर राष्ट्रिय झण्डा फहराउन सफल भएको थियो । मातृभूमीमाथि कुदृष्टि राख्ने वैरीहरूको विरुद्धमा मकवानपुरको युद्ध, पौवागढीको युद्ध, नेपाल-अङ्ग्रेज युद्ध तथा पहिलो नेपाल-तिब्बत युद्ध, नेपाल-तिब्बत-चीन युद्ध र अन्तिम नेपाल-तिब्बत युद्धहरूमा नेपाल राष्ट्रको अस्तित्व रक्षार्थ अद्वितीय वीरता र बलिदान प्रदर्शन गर्न सक्षम सेना नै "राष्ट्र गौरव" नेपाली सेना हो । राष्ट्रको कुटनैतिक सम्बन्ध विस्तार

गर्ने पहललाई काँध थापेर यस संस्थाले सन् १८५७ को भारतमा भएको सिपाही विद्रोह, पहिलो र दोस्रो विश्वयुद्ध, भारतको हैदरवादमा भएको हिन्दु-मुस्लिम दंगा नियन्त्रण कार्यमा पनि सफल रूपमा प्रतिनिधित्व गरेको थियो । वर्तमान परिप्रेक्ष्यमा पनि नेपालीहरूका साथै विश्व जनसमुदायका हक, हित र मानव अधिकारको रक्षाका लागि ज्यानको बाजी लगाई नेपाली सेना विश्व शान्ति कार्यमा संसारको विभिन्न देशमा हजारौं हजार सैनिकहरूलाई सहभागी गराई विश्व शान्ति स्थापनार्थ शान्तिको अग्रदुत भएर महत्वपूर्ण भूमिका निर्वाह गर्दै नेपाल राष्ट्रलाई नै विश्वमा परिचित गराउने प्रतिकको रूपमा पनि स्थापित हुन सफल भएको छ ।

सदैव वैधानिक सरकारको कानून सम्मत निर्देशनबाट संचालित नेपाली सेनाले देशभित्र पनि विभिन्न कालखण्डहरूमा नेपाली जनताको वृहत्तर हितको लागि शान्तिको संवाहक बनेर आन्तरिक सुरक्षाको सिलसिलामा सफल सैनिक कारवाहीहरू संचालन गरेको कुरा इतिहासमा अंकित भएका छन् । त्यसैगरी विकास निर्माण, प्रकृति संरक्षण, दैवी प्रकोप उद्धार, चाड पर्व तथा संस्कृति प्रवर्द्धन आदि जस्ता कार्यहरू समेत नेपाली सेनाले असरदायी र सक्षम रूपमा साथै लगनशील र इमान्दारितापूर्वक सम्पन्न गर्दै आइरहेको छ ।

नेपाली सेनाको विशिष्ट तथा गौरवमय इतिहासलाई निष्पक्ष र यथार्थ रूपमा लिपिबद्ध गर्ने प्रयास हुनु पर्ने आवश्यकतालाई मनन् गरी यो **"नेपालको सैनिक इतिहास-भाग २"** लेख्ने प्रयास गरिएको देखिन्छ । नेपालको सैनिक इतिहास लेख्ने क्रममा वि.सं.२०४९ मा प्रकाशित नेपालको सैनिक इतिहास पछिको अर्को कोशे ढुङ्गाको रूपमा यस प्रयासलाई लिनुपर्ने ठान्दछु । साथै इतिहास लेखनको क्रममा नेपाली सेनाको थुप्रै पक्षमा अझै अनुसन्धान र अन्वेषण हुनु जरुरी देखिएको छ र सो कार्य क्रमिक रूपमा हुँदै जानेछ भन्ने विश्वास मैले लिएको छु । यस पुस्तकमा लेखिएका नेपाली सेनाको विविध पक्षले यस संस्थाबारे बुझ्नको लागि सर्वप्रथम नेपाली जनमानस र त्यसपछि सैनिक संस्थालाई महत्वपूर्ण योगदान दिनेछ भन्ने तथ्यप्रति म विश्वस्त छु ।

अन्त्यमा, इतिहास लेखन जस्तो अति महत्वपूर्ण, संवेदनशील एवं कठिन कार्यको दायित्व बोकी अत्यन्त परिश्रमपूर्वक नेपालको सैनिक इतिहासलाई लिपिवद्ध गर्न आफ्नो अमूल्य योगदान दिने लेखकद्वय उपकुलपति प्रा.डा. तुलसीराम वैद्य तथा प्रा.डा. विजय कुमार मानन्धरलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यो इतिहास तयार गर्ने कार्यमा प्रत्यक्ष भूमिका निर्वाह गर्नु हुने सैनिक विनय महानिर्देशक उपरथी दमनबहादुर घले, पूर्व उपरथी बज्र गुरूङ तथा इतिहास लेखन कार्यका संयोजक र लेखक प्रमुख सेनानी डा. प्रेमसिंह बस्न्यातलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी, यो पुस्तक तयार गर्न सहयोग जुटाउनु हुने सेना भित्रका सम्पूर्ण निकायहरू तथा सैनिक तथा गैरसैनिक महानुभावहरू समेतलाई स-सम्मान धन्यवाद अर्पण गर्दछु ।

जङ्गी अड्डा
सेना दिवस
२०६५ फाल्गुण १२ गते ।

रुक्माङ्गद कटवाल
महारथी
प्रधानसेनापति

यस पुस्तकमा लेखिएका सम्पूर्ण ऐतिहासिक विवरण,
आँकडा, अन्तरवार्ता तथा अनुसन्धानप्रति
लेखकहरू नै जवाफदेही हुनेछन् ।
नेपाली जङ्गी अड्डा जिम्मेवार रहने छैन ।

प्रकाशकको भनाई

नेपाली सेनाको धेरै लामो इतिहास भएर पनि आफ्नो ऐतिहासिक मूल्य र मान्यताको बारेमा लेखिएका इतिहासहरू आवश्यक मात्रामा सार्वजनिक गर्न सकेको छैन। यस विषयमा प्रचार प्रसार हुनु नितान्त जरूरी भइसकेको छ। यस जङ्गी अड्डाबाट वि.सं. २०४७ मा *शाही नेपाली सैनिक निशानको सङ्क्षिप्त इतिहास* र वि.सं. २०४९ मा *नेपालको सैनिक इतिहास* प्रकाशन भएका थिए। उक्त दुवै पुस्तकहरूले नेपालको सैनिक इतिहासमा ठूलो योगदान दिएका छन्। उल्लेखित ऐतिहासिक पुस्तकहरू तयार गर्न पहल गर्नु हुने महानुभावहरू र पुस्तक लेख्नु हुने विद्वानहरू सबैलाई हार्दिक धन्यवाद अर्पण गरिन्छ।

देशको हरेक पक्षको इतिहासबाट राष्ट्रिय इतिहास बन्दछ। नेपाली सेनाले आफ्नो कर्तव्य पालनाको सिलसिलामा गरेको हरेक कार्य राष्ट्रकै इतिहास हो। यसर्थ जङ्गी अड्डाबाट नेपाली सेनाको बारेमा थप अनुसन्धान गरी इतिहास लेख्ने, सङ्ग्रहालय खोल्ने र सैनिक स्मारकहरू बनाउने कार्य भइरहेको छ। जसबाट नेपाली सेनाको बारेमा स्वदेशी तथा विदेशी महानुभावहरूले ज्ञान पाउने छन् र अन्ततः नागरिक र सेनाको सम्वन्धमा अझै टेवा पुग्नेछ भन्ने विश्वास लिइएकोछ। यही प्रयासको क्रम र वर्तमान प्रधानसेनापति महारथी श्री रूकमाङ्गद कटवालज्यूको विशेष पहलमा *नेपालको सैनिक इतिहास भाग-२* नामक यो ग्रन्थ तयार गरिएको हो। यसबाट नेपाली सेनाको विभिन्न अङ्गहरू, नेपालका प्रधानसेनापतिहरू, वीर योद्धा, वीरगति प्राप्त गर्ने अमर सिपाही लगायत अन्य ऐतिहासिक पक्षहरूमा सङ्क्षिप्त रूपले प्रकाश पार्ने प्रयास गरिएको छ। प्रकाशित विवरणहरू आफैंमा पूर्ण छैनन्। सोध खोज गर्दै जाँदा नयाँ तथ्यहरू निस्कन्छन् र पहिला प्रकाशित ग्रन्थहरूको संशोधन हुँदै जान्छ। सोहीअनुसार यस ग्रन्थमा हुनसक्ने कमिकमजोरीहरू अर्को संस्करणमा प्रकाशन गर्दा संशोधन गरिनेछन्। यसको लागि सबै पक्षको सुझाव, सहयोग र सद्भावको अपेक्षा गरिएको छ।

अन्तमा, यो ऐतिहासिक ग्रन्थ लेख्न पहल गर्नु हुने प्रधानसेनापति महारथी श्री रूकमाङ्गद कटवालज्यूलाई हार्दिक कृतज्ञता अर्पण गर्दै प्रकाशन गर्ने कार्यको सम्पूर्ण जिम्मेवारी वहन गर्नु हुने पूर्व सैनिक विनय महानिर्देशक अ.प्रा. उपरथी श्री बज्र गुरूङ र वर्तमान सैनिक विनय महानिर्देशक उपरथी श्री दमनबहादुर घलेलाई धन्यवाद अर्पण गरिन्छ। त्यसैगरी यो ग्रन्थको लेखकहरू उपकुलपति

प्रा.डा. तुलसीराम वैद्य, प्रा.डा. विजय कुमार मानन्धर तथा प्रमुख सेनानी डा. श्री प्रेमसिंह बस्न्यातलाई स-सम्मान धन्यवाद। प्रमुख सेनानी डा. बस्न्यातले यो ग्रन्थ तयार गर्नको लागि सबै ऐतिहासिक सामग्रीको संकलन गरी लेखन कार्यको संयोजन गर्ने कामसमेत गर्नु भएको छ। सैनिक सङ्ग्रहालय, छाउनीमा तयार गरिएको यस ग्रन्थमा नेपाली सेनाका सम्पूर्ण अङ्गहरू, सैनिक सङ्ग्रहालय परिवार, महा-सेनानी श्री सूवर्णबहादुर महत, प्रा.सेनानी श्री आनन्द मानन्धर, उप-सेनानी जयाप्रभा के.सी., हुद्दा कृष्ण श्रेष्ठ, हुद्दा कर्मचारी रामेश्वर महत, प्राविधिक हुद्दा धनप्रसाद भट्ट तथा अन्य सहयोगी संघ संस्था एवम् महानुभावहरू सबैको सहयोग अतुलनीय रहेको छ। सबैलाई हार्दिक धन्यवाद।

सेना दिवस,
वि.सं. २०६५ फाल्गुन १२ गते।

नेपाली जङ्गी अड्डा,
भद्रकाली, काठमाडौं।

भूमिका

इतिहास भन्नाले सर्वसाधारण आमजनताले साधारणतया एक देशको राजनैतिक इतिहासमात्र सम्झने गर्दछन्। कुनै पनि देशको इतिहास भन्नाले सो देशको उत्पतिदेखि वर्तमानकालसम्मको राजनैतिक गतिविधिलाई महत्व दिई अझ त्यस देशका शासकहरूको जीवनी, क्रियाकलाप र योगदानमा केन्द्रित भई त्यसबाट सामाजिक, आर्थिक, प्रशासनिक र साँस्कृतिक जीवनको विभिन्न पक्षहरूमा के कस्तो प्रभाव पार्‍यो भन्नेबारेमा छोटकरी वर्णन गर्ने गरिन्छ। तर वर्तमानकालमा इतिहास विषयले एक राष्ट्रको आमनागरिकको जीवनको विभिन्न पक्षहरूलाई विस्तृत रूपमा अवलोकन, मूल्याङ्कन आदि गरी विवेचनात्मक व्याख्या गर्ने प्रचलन सुरू भएको छ। त्यस क्रियाले सो देशका आमजनमानसको इतिहास प्रस्तुत हुन्छ। हाम्रो राष्ट्रको पनि इतिहास लेखन कार्यको एक अतिमहत्वपूर्ण पक्ष हो नेपालको सैनिक इतिहास जसले जनमुखी वास्तविकता प्रस्तुत हुन्छ।

नेपाल राष्ट्र विश्वमा तीन कारणले प्रख्यात छ। प्रथमत : यो राष्ट्र विश्वको सर्वोच्च शिखर- सगरमाथा रहेको देश हो। दोस्रो विशेषता हो तीन मानव बुद्धहरू - क्रकुच्छण्ड बुद्ध, कनकमुनी बुद्ध र गौतम बुद्धको जन्मस्थलको देश। तेस्रो पक्ष हो- विश्वमा अतिख्यातिप्राप्त बहादुर योद्धाहरू भएको देश भएकोले नै सानो राष्ट्र भएर पनि दुई विशाल छिमेकी राष्ट्रहरूबीच अवस्थित भएर पनि आफ्नो बहादुरी र पौरखको कारणले एक गौरवशाली स्वतन्त्र राष्ट्रको रूपमा नेपाल रहन सक्यो।

विश्वभरको सैनिक इतिहासमा नेपाली सेना (गोरखाली सेना) ले आफ्नो बहादुरी, कर्तव्यपरायणता र इमान्दारीताले ठूलो कीर्ति, इज्जत, गौरव र नाम पाएको छ। कयौं रणभूमिमा आवश्यकता पर्दा के नारी, के बृद्ध, के बालक, के युवा सबै एकजुट भई राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता र स्वतन्त्रताको लागि आफ्ना प्राण अर्पण गरी रक्षा गरेको इतिहासले प्रमाणित गरेको छ। नेपालको राजनैतिक र सैनिक इतिहासले यही वीर गाथा बोकेको छ।

नेपाली सेनाको इतिहास भन्नु नै त्याग, तपस्या, बलिदान, कर्तव्यपरायणता, राष्ट्रभक्ति, निस्वार्थ सेवा आदि प्रतिको कटिबद्धता हो। राष्ट्ररक्षा, छिमेकी राष्ट्रको शान्ति सुरक्षा र राष्ट्रिय सङ्कटको समय आमजनताको सेवा सुरक्षामा नेपाली सेना कहिल्यै पछि हटेनन् र हट्दैनन्। आफ्नो कर्तव्यनिष्ठतालाई नेपाली सेनाका प्रत्येक जवानले परमधर्म र कर्म सम्झेका थिए र सम्झी रहेको छ। नेपाली

सेनाले रक्तरञ्जित लडाइँमा मात्र नभएर आमनागरिक समाजको एक अभिन्न अङ्ग भएकोले आमजनमानसमा कुनै पनि समस्या पर्दा वफादारीपूर्वक जनहित कार्यमा सक्रिय भई योगदान दिएको तथ्यलाई नेपालको जनइतिहासले प्रमाणित गरेको छ । कुनै समय राष्ट्रको कुनै पनि स्थानमा प्राकृतिक प्रकोप, राष्ट्र विकास र निर्माणको कठिन कार्य आदिमा नेपाली सेनाको महत्वपूर्ण योगदान रहेको छ । यसप्रकार नेपाली सेनाले आमजनमानसको उद्धारकार्यदेखि स्वराष्ट्र र मित्रराष्ट्र सुरक्षाको लागि युद्धमा वहादुरीको साथ लड्नु नै नेपाली सेनाको गौरवमय ऐतिहासिक विशेषता हो । सरकारप्रति अति इमान्दारीताकासाथ वफादारी भई कर्तव्यपरायणता देखाउनु नै सेनाको कर्तव्य हो यही विशेषता हो नेपाली सेनाको ।

नेपालको ऐतिहासिककालदेखि नेपाली सेनामा समयानुकुल आवश्यक र उपयुक्त सुधार, परिमार्जन र विकास गर्दै आएको प्रमाणित भएको छ । बडामहाराज पृथ्वीनारायण शाहले स्थायी सेना स्थापना गर्ने कार्य थालनी भएकोमा मुख्तीयार भीमसेन थापाले नेपाली सेनालाई आधुनिकीकरण (पाश्चात्यकरण) गरे । नेपाल एकीकरण कार्य पूर्ण भएपश्चात् क्रमिक रूपमा सेनालाई शासकहरूले स्वार्थ सिद्धिको लागि पनि प्रयोग गर्न थालेको देखिन्छ । तथापि नेपाली सेनाको विशेषता कर्तव्यपरायणता र इमान्दारीता हो । भीमसेन थापाको नीति अनुकरण गरी पछि राणाकालमा सेनालाई अझ बढि राजनीतिकरण गरियो । वि.सं. २००७ साल फाल्गुण ७ गते (सन् १९५१ फेब्रुवरी १८) नेपालमा निरङकुश राणाशासन अन्त गरी प्रजातन्त्र स्थापना गरेपछि नयाँ शासन व्यवस्था अनुरूप सेनालाई पनि आधुनिकीकरण गर्न वि.सं. २००९ साल (सन् १९५२) मा पुनर्गठन र आवश्यक परिमार्जन गरियो । राणाकालमा प्रधानमन्त्री र राणा परिवारमा आवद्ध सेनाहरू अव उप्रान्त नेपाल राष्ट्र र सरकारप्रति आवद्ध गरी सँस्थागत रूपमा राष्ट्रका सेनाको रूपमा अगाडि वढाइयो । सन् १९६५ (वि.सं. २०२२) देखि नेपाली सेनालाई "शाही सेना" भनी नामाकरण गरियो । पछि श्री ५ वीरेन्द्रको शासनकालमा "शाही नेपाली सेना" नाम दिइयो । वि.सं. २०६३/६४ सालदेखि पुन: "नेपाली सेना" नामाकरण गरियो । यसप्रकार हाल यसको नाम "नेपाली सेना" रहेको छ ।

नेपालको इतिहासको थालनीदेखि नेपाली सेनाले आफ्नो गौरवमय इतिहास निर्माण गर्दै आएको छ । देश भित्रको शान्ति सुरक्षा अमनचयन, छिमेकी राष्ट्रहरूको आक्रमण र राष्ट्रको निर्माण कार्य आदिमा निस्वार्थ, इमान्दार र बफादार भई नेपाली सेना सधै कार्य गर्दै आएको इतिहासले प्रमाणित गरेको छ । यो तथ्य निर्विवाद छ ।

लिच्छवीकालमा आफ्नो राष्ट्रिय एकता कायम गर्न इशा सम्वतको पाचौं शताब्दिमै पैदल फौज मात्र होइन, हात्ती सेना पनि प्रयोग गरेका थिए । त्यस समयमा नेपाली सेनामा पैदल, घोडचढी र हात्ती सेना पनि थिए । मध्यकालमा पनि नेपालमण्डल ५२ भन्दा बढि साना राज्यहरूमा विभाजित हुँदा पनि पैदल, घोडचढी र हात्ति सेना रहेका थिए । पश्चिम नेपालको खस मल्ल राज्यको नेपाल राष्ट्रलाई अति महत्वपूर्ण योगदान भनेका भाषिक एकता र सैनिकीकरणको विशेषता हो । साथै सैनिक कार्यमा पनि जनसहभागिता सक्रिय थियो । आधुनिककालमा जस्तो राज्यको लागि आवश्यक संख्याको स्थायी सेना थिएन । तथापि देशको शान्ति सुरक्षाको लागि र सैनिक दृष्टिकोणले महत्वपूर्ण स्थलहरूमा किल्लाहरू बनाइएकोले सो किल्लाहरूको सुरक्षाको लागि सिमित सेनाहरू राख्ने चलन थियो । तथापि युद्धहरूको लागि विशेष गरिकन सुरक्षाको लागि जनसहभागिताको सँस्कृतिलाई अनुकरण र कायम राख्दै गए । राष्ट्र रक्षार्थ आवश्यक पर्दा सारा जनशक्ति (नर, नारी र बालकहरू समेत) परिचालन गरी सफलतापूर्वक कार्य सञ्चालन गरेका कयौं घटना थिए । सैनिकीकरण भन्दा जनसहभागिताले प्रभावशाली भूमिका खेलेका प्रमाणित भएको दृष्टान्तहरू धेरै छन् । मध्यकालको सैनिक व्यवस्थाको विशेषता यही नै हो ।

नेपालको इतिहासले यो तथ्य प्रमाणित त गरेको छ कि गोरखा राज्य विस्तार हुँदै जाँदा एक विशाल नेपाल राज्य सिर्जना भयो । राजनैतिक, साँस्कृतिक, भाषिक आदि पक्षको एकीकरण अभियानको थालनी भयो । त्यसै समयमा भारतमा अङ्ग्रेज इष्ट इण्डिया कम्पनी र फ्रेन्च इष्ट इण्डिया कम्पनीवीचमा साम्राज्य स्थापना गर्न सैनिक अभियान सुरू भयो । भारतमा भइरहेको राजनैतिक अस्थिरता र उथलपुथलले नेपालको सैनिक पद्धतिमा पनि परिवर्तन आयो । त्यहाँ पाश्चात्य शक्तिहरू-अङ्ग्रेज इष्ट इण्डिया कम्पनी र फ्रेन्च इष्ट इण्डिया कम्पनीबीच शक्तिको लागि होडवाजी कयौं वर्ष चल्यो । तत्कालिन फ्रेन्च सैनिक पद्धती विश्वमा ख्याती प्राप्त भइरहेको थियो । त्यसवेला नेपालमा गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल राष्ट्र निर्माण कार्यको थालनी गरेका थिए । सोही कार्यको लागि क्रमिक रूपमा नेपाली सेनाको रूप र संगठनमा पाश्चात्यिकरण सुरू भयो । बनारसमा गई पृथ्वीनारायण शाहले नवीनतम् हतियार किनेर ल्याएका थिए । पछि काम खोज्दै आएका विज्ञ हिन्दुस्तानी प्राविधिकहरूलाई

नियुक्त गरी नयाँ हतियारहरू उत्पादन गर्नको साथै स्थायी सेनाको स्थापना गरी सैनिक व्यवस्थामा क्रान्तिकारी परिवर्तन पृथ्वीनारायण शाहले ल्याए। सन् १५५९ (वि.सं. १६१६) मा गोरखा राज्यको स्थापना भएपछि सोही मितिबाट वर्तमान नेपाली सेनाको सुरूवात भएतापनि सन् १७४४ देखि सैनिक प्रथामा परिमार्जन हुँदै गयो साथै संख्यात्मक वृद्धि पनि। सन् १७६२ मा नेपाली सेना सुरूमा पाँच कम्पनी स्थापना भएको र क्रमिक रूपमा विभिन्न कम्पनि, पल्टन, कम्पु र गणमा आवद्ध भई स्थायी सैनिक संगठनात्मक शैलीमा विकास हुँदै आजको नेपाली सेनाको रूपमा आइपुग्यो। राजनैतिक वातावरण अनुसार नेपाली सेनालाई परिवर्तन र परिमार्जन गरिँदै आएको छ। पृथ्वीनारायण शाहले थालनी गरेको उनका उत्तराधिकारीहरूले अनुकरण गर्दै जाँदा नेपाल-कम्पनी सरकार युद्धवीचको समयसम्ममा नेपाली सेना पूर्ण रूपमा पाश्चात्यिकरण भए। नविनतम् अति उच्चस्तरीय सैनिक हतियारहरू विदेशी प्राविधिकहरूको सहयोगबाट नेपालमै उत्पादन भए। आवश्यकताअनुसार मध्यकालिन झारा प्रथा पनि अनुकरण गरी आवश्यक अस्थायी सेना नियुक्त गर्ने परिपाटी पनि यथावत कायम नै राखियो।

सन् १८१४-१८१६ को नेपाल-कम्पनी सरकार युद्धपश्चात् नेपालको विस्तार अभियान पुरा भयो। नेपाल राष्ट्र मेचीदेखि महाकाली नदीमा सिमित हुन गयो। बाईसी-चौबीसी, नेपालमण्डलका तीन नेवार मल्ल र तीन पूर्वी सेन राज्यहरू एकीकृत गरी नेपाल राष्ट्र निर्माण भएपछि नेपाली सेनामा संख्यात्मक वृद्धि गर्नु पर्ने आवश्यक भएन। एकीकृत नेपाल अधिराज्यको सुरक्षा, छिमेकी राष्ट्रमा राजनैतिक सङ्कट पर्दा समस्या समाधानको लागि सहयोग र नेपालको नागरिक समाजमा कुनै पनि समस्या- भूकम्प, बाढी, पहिरो आदि आइ पर्‍यो भने उद्धार कार्यमा नेपाली सेना नै पहिले पुगी राष्ट्र सेवा आदिमा सफलतापूर्वक कार्य गर्दै राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा सान र मान पाइरहेको छ। नेपाली सेनाको विशेषता भन्नु नै इमान्दारीता, कर्तव्यपरायणता, अनुशासन र बहादुरीता हो। यसैले १९ औं शताब्दिमा भारतको सिख राज्यको लाहौरमा गोरखालीहरूलाई आकर्षित गरी सिख सेनामा भर्ती गरेकाले तिनीहरूलाई "लाहुरे" भन्ने परम्परा बस्यो। यसपछि बृटिश गोरखा आर्मीमा पनि भर्ति भई नेपालीहरूले अझसम्म नै इज्जत कमाई रहेका छन्। नेपाली सेनाहरू चाहे बृटिश गोर्खामा होस् चाहे सिख सेनामा या आफ्नै राष्ट्रिय सेनामा होस् उनीहरूले कहिलेपनि र कहिंपनि कात्तर भएर पिठ्युँ फर्काएनन्। दुवै विश्वयुद्धहरूमा मित्र राष्ट्र बृटिश साम्राज्यको सहयोगी भई अति सहास र बहादुरी देखाइ विश्वमा कीर्तिमान राखे। यसैले नेपालीहरूलाई विश्व रंगमञ्जमा "वीर गोरखालीहरू" र नेपाललाई "वीर गोरखालीहरूको देश" भनी ख्याती पाए।

नेपाल राष्ट्रको लागि सेनाको इतिहासमा सन् १८१४-१६ को कम्पनी सरकारसँगको युद्ध पछि सन् १८५५-५६ मा तिब्बतसँग भएको युद्ध बाहेक अरू कुनैसँग युद्ध गर्नु परेन। माथि उल्लेख गरे जस्तै छिमेकी अङ्ग्रेज सरकार र १९४७ पश्चात् स्वतन्त्र भारत सरकारलाई आवश्यक परि अनुरोध गर्दा नेपाली सेनाले अति इमान्दारीता र बहादुरीताका साथ शान्ति सुरक्षा कायम गर्ने कार्यमा वारम्वार संलग्न भएका थिए। वर्तमान समयमा पनि संयुक्त राष्ट्रसँघको आव्हानमा नेपाली सेनाले विश्वमा विभिन्न स्थानहरूमा शान्ति सुव्यवस्था कायम राख्ने कार्यमा प्रशंसनिय योगदान दिँदै आइरहेको छ।

वि.सं. २०४७ सालमा शाही नेपाली जङ्गी अड्डाबाट तत्कालीन प्रधानसेनापति महारथी सत्चित शम्शेर ज.ब.रा. को नेतृत्वमा प्रा.डा. तुलसीराम वैद्य, नीर विक्रम "प्यासी", सोमध्वज विष्टले तयार पारेको "शाही नेपाली सैनिक निशानको सङ्क्षिप्त इतिहास" नामक पुस्तक सम्बन्धित सँस्थाबाट प्रकाशित प्रथम नेपाली सेना सम्बन्धी आधिकारीक पुस्तक हो। सो पुस्तकमा तत्कालीन अवस्थित गण र गुल्महरूको निशानहरूको परिचयात्मक इतिहास प्रस्तुत गरिएको छ। साथै ती गण र गुल्मको योगदानहरू छोटकरीमा प्रस्तुत गर्नुको साथै निशानहरू सचित्र प्रस्तुत गरिएको छ। २०४७ सालसम्म नेपाली सेनामा कति कम्पनी, कम्पु, पल्टन आदि संगठन गरिए त्यसको सूची पनि उल्लेख हुनु विद्वतवर्गको लागि बहुमूल्य जानकारी उपलब्ध गरिनु महत्वपूर्ण योगदान सम्झनु पर्दछ। वि.सं. २०४९ सालमा शाही नेपाली जङ्गी अड्डा, काठमाडौंबाट प्रकाशित, "*नेपालको सैनिक इतिहास*" नामक पुस्तक नेपालको सैनिक इतिहास लेखन कार्यमा सम्वन्धित सँस्थाबाट प्रकाशित दोस्रो आधिकारिक ग्रन्थ थियो। कुनै पनि विषयमा अनुसन्धान कार्य भनेको क्रमिक रूपमा अगाडि बढ्दै जाने क्रिया हो। यहि परिपेक्षमा यो ग्रन्थ पनि नेपालको सेना सम्बन्धमा नेपाल जङ्गी अड्डाबाट प्रकाशित हुन लागेको तेस्रो प्रयास हो।

प्रस्तुत यस ग्रन्थमा २०४९ सालदेखि अहिलेसम्म अर्थात् २०६४ साल चैत्रसम्म नेपाली सेनामा गरिएका विभिन्न सैनिक र प्रशासनिक सुधारहरू प्रस्तुत गरिएका छन्।

(क) वि.सं. २०४९ सालदेखि २०६४ साल चैत्रसम्ममा नेपाली सेनाको संगठनात्मक सुधार र परिवर्तनहरू प्रस्तुत गरिएका छन् ।

(ख) नेपाली सेनाका हाल अवस्थित सबै जसो गण, गुल्म र अन्य संगठनात्मक निकायहरूको आधिकारिक इतिहास लेखिएको छ ।

(ग) इस्वी सन्को अठारौं शताब्दीका विभाजित नेपाल देशलाई एकीकरण गरी नेपाल राष्ट्र निर्माण कार्यमा अति सराहनीय योगदान दिने महान व्यक्तिहरूको छोटो परिचय प्रस्तुत गरिएको छ ।

(घ) राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका युद्ध भूमिहरूमा ऐतिहासिक साहस र बहादुरी देखाइ राष्ट्रको नाम अन्तर्राष्ट्रिय क्षेत्रमा पनि प्रसिद्ध पारेका वीर सैनिकहरूको छोटो परिचय प्रस्तुत गरिएको छ ।

(ङ) वि.सं. २०४९ साल पछि २०६४ साल चैत्र मसान्तसम्ममा नेपाली सेनाले संयुक्त राष्ट्रसंघअन्तर्गतका शान्ति सेनामा सहभागी भई पुऱ्याएको महत्वपूर्ण योगदान प्रस्तुत गरिएको छ ।

(च) आधुनिक नेपालको काजी, कमाण्डर-इन-चीफ तथा चीफ अफ आर्मी स्टाफको नियुक्तिबाट भएका हालसम्मका महारथी प्रधानसेनापतिहरूको आधिकारिक परिचय प्रस्तुत गरिएको छ ।

(छ) नेपाली सेनाले आन्तरिक सुरक्षाको लागि गरेको केही सैनिक कारवाहीको बारेमा सैनिक दृष्टिकोणबाट सङ्क्षिप्त रूपले प्रकाश गरिएको छ ।

(ज) सबै विवरण प्राप्त नभएकोले प्राप्त विवरणअनुसार हालसम्म नेपाली सेनाबाट वीरगती प्राप्त गर्ने अमर सैनिकको विवरण पनि दिईएको छ ।

यसप्रकार यो ग्रन्थमा नेपाली सैनिक इतिहासलाई अद्यावधिक बनाउने प्रयास गरिएको छ। यस शोधमुलक कार्यमा सँलग्न लेखकहरू - प्रा.डा. तुलसीराम वैद्य, प्रा.डा. विजय कुमार मानन्धर र प्रमुख सेनानी डा. प्रेमसिंह बस्न्यात हुनुहुन्छ। यो कार्य प्रा.डा. तुलसीराम वैद्यको नेतृत्वमा भएको हो। प्रा.डा. विजय कुमार मानन्धरले नेपाली सेनाका अङ्गहरूको सङ्क्षिप्त इतिहास, अन्य सम्बन्धित निकायहरूबाट प्राप्त आधिकारिक श्रोतहरूको आधारमा सबै जसो गण, गुल्म, बाहिनी र अन्य निकायहरूको परिचयात्मक कार्यहरू प्रस्तुत गर्नु भएको छ । त्यस्तै एकीकरण गरी वर्तमान नेपाल राष्ट्र निर्माण गर्ने कार्यमा ऐतिहासिक र प्रभावशाली योगदान दिने महान व्यक्तिहरू बडामहाराज पृथ्वीनारायण शाह, नायवहरू, राजमाता राजेन्द्रलक्ष्मीदेवी र राजकुमार बहादुर शाहको योगदानको साथै आधुनिककालको थालनीदेखि सेनापति भएकाहरू र ऐतिहासिक वीर योद्धाहरूको छोटो परिचय पनि प्रमुख सेनानी डा. प्रेमसिंह बस्न्यातले व्याख्या गर्नु भएको छ । साथै वहाँले प्रधानसेनापति पद स्थापना भएदेखि वर्तमानकालका प्रधानसेनापति महारथीहरूको आधिकारीक महत्वपूर्ण देनहरू परिचयात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गर्नु भएको छ भने आन्तरीक सुरक्षामा सेनाले गरेको सैनिक कारवाही तथा विभिन्न कारवाहीमा वीरगती प्राप्त गर्ने अमर सिपाहीको विवरण समेत लेख्नु भएको छ। यसप्रकार *"नेपालको सैनिक इतिहास (भाग -२)"* तयार पारिएको हो ।

निस्वार्थ, कर्तव्यपरायण, राष्ट्रभक्त आमनागरिक जनमूखी, बफादार र प्रभावशाली नेपाली युवाहरूले नेपाली सेना भई राष्ट्र निर्माण र एकीकरण, देशरक्षा, राष्ट्रमा परेका अनेक प्राकृतिक र राजनैतिक दुर्घटनाका असरहरू समाधान गर्ने कार्य, छिमेकी मित्र राष्ट्रहरूमा आइपरेका समस्याहरू समाधान गर्न आवश्यक कदम चाल्ने आदि कार्यहरू गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा ख्यातिप्राप्त वीर, निस्वार्थ नेपाली सेनाको इतिहास लेख्नु गौरवमय कार्य हो ।

"नेपालको सैनिक इतिहास" लाई अद्यावधिकरण गरी सबै जनमानसमा जानकारी गराउने प्रशंसनीय सोच राखी यस प्राज्ञिक, शोध र खोजमूलक कार्यलाई कार्यान्वयन गर्न आवश्यक पहल गराउनु भएकोमा प्रधान सेनापति महारथी रूकमाङ्गद कटवाललाई श्रेय जान्छ। वहाँको यो सदिच्छाले गर्दा नै यो ग्रन्थ तयार भएको हो। साथै यस ग्रन्थमा आफ्नो सारगर्भित मन्तव्य दिनु भई लेखकहरूलाई प्रोत्साहन दिनुभएकोमा प्रधान सेनापति महारथी रूकमाङ्गद कटवाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। यो ग्रन्थ पुनर्मुद्रण गर्न आवश्यक प्रशासकीय कार्य गरी दिनु भएकोमा पूर्व उपरथी बज्र गुरूङप्रति पनि साभार धन्यवाद अर्पण गर्दछौं । प्रधानसेनापतिज्यूहरू र अन्य वीर सेनानीहरू वारेमा अन्तरवार्ता दिनु भएका महानुभावहरू, विभिन्न गण, गुल्म आदिको अधिकारिक जानकारीको दस्तावेजहरू उपलब्ध गरिदिनु भएकोमा नेपाली सेनाका सबै अङ्गका पतिहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछौ ।

यो ग्रन्थ लेखन कार्य सम्पन्न गर्न सम्पूर्ण ऐतिहासिक सामग्री जुटाउने र संयोजकको रूपमा काम गर्नु हुने प्रमुख सेनानी डा. प्रेमसिंह बस्न्यातले सबै

क्षेत्रमा आवश्यक समन्वय र सम्पर्क गर्नु भई अति सराहनीय कार्य गर्नु भएको छ। साथै यो ग्रन्थको लेखन कार्यको व्यवस्थापनमा योगदान पुऱ्याउनु हुने सैनिक सङ्ग्रहालय परिवार, काठमाडौं सामाखुशी निवासी उप सेनानी जय प्रभा के.सी., काभ्रे पाँचखाल निवासी सैनिक संग्रहालयका हुद्दा कृष्ण श्रेष्ठ, ललितपुर ढोलाहिटी निवासी कार्यरथी विभाग (संगठन र सञ्चालन) का हुद्दा कर्मचारी रामेश्वर महत तथा दोलखा काब्रे मैनापोखरी निवासी हुद्दा कर्मचारी अनिल कुमार बस्नेतलाई धन्यवाद प्रदान गरिन्छ ।

यस ग्रन्थको भाषागत शुद्धिकरण कार्यमा सक्रिय योगदान दिने वीरेन्द्र सैनिक आवासीय महाविद्यालयका शिक्षक श्री विष्णु वहादुर अधिकारीलाई पनि कृतज्ञता ज्ञापन गर्दछौं ।

प्रा.डा. तुलसीराम वैद्य

सङ्क्षिप्तीकरण

अ.ए.	अडिटर एकाउण्ट
अ.प्रा.	अवकाश प्राप्त
आई.इ.डि.	Improvised Explosive Devices
ई.ओ.डि.	Explosive Ordinance Disposal
इ.आर.ई.	Extra Regimental Instructor
उ.क.ज.	उत्तरतर्फको कमाण्डिङ्ग जनरल
उ.से.	उप-सेनानी
ए.डि.	Air Defence
एम.ई.एस.	Military Engineering Services
एम.जि.ओ.	Master General Ordinance
एम.टि.	Mechanical Transport
एम.सि.	Military Cross
एस.ए.एस.	Special Air Service
क.कि.	कमाण्डरी किताबखाना
का.मु.	कायममुकायम
क्यू.एम.जी.	Quarter Master General
गे-राइफल	गेहेन्द्रशम्शेरको नामबाट बनेको राइफल
च-राइफल	चन्द्रशम्शेरको नामबाट बनेको राइफल
जी.एस. (एम.आई.)	General Staff (Military Intelligence)
जी.एस. (डि.एम.ओ. र एस.डी.)	General Staff (Director of Military Operation and Staff Duty)
जी.एस. (डि.एम.टी.)	General Staff (Director of Military Training)
टु.मु.	टुँडिखेल मुनिको
टु.मा.	टुँडिखेल माथिको
डि.ओ.	Demi Official
द.क.ज.	दक्षिणतर्फको कमाण्डिङ्ग जनरल
नेप.ब्याट.	Nepalese Battalion

प.क.ज.	पश्चिमतर्फको कमाण्डिङ्ग जनरल
पि.एस.ओज.	Principal Staff Officer
पु.क.ज.	पूर्वतर्फको कमाण्डिङ्ग जनरल
प्र.से.	प्रमुख सेनानी
प्रा.म.से.	प्राविधिक महा सेनानी
फि.ए.	फिल्ड एम्बुलेन्स
बला.वि.	बलाधिकृत विभाग
भी.भी.आई.पी.	Very Very Important Person
भू.पू.	भूतपूर्व
मि.मो.	मिन्हा मोजरा
मे.ज.	मेजर जनरल
म.से.	महा सेनानी
ला.रा.नि.सु.	लाङटाङ राष्ट्रिय निकुञ्ज सुरक्षा
ले.क.	लेफ्टिनेन्ट कर्णेल
व्य.यु.	व्यवस्था तथा युद्धकार्य
व्य.यु.म.नि.को का.	व्यवस्था तथा युद्धकार्य महानिर्देशनालयको कार्यालय
वि.सं.	विक्रम संवत
वे.वृ.	वेतन वृत्य
स.रा.नि.	सगरमाथा राष्ट्रिय निकुञ्ज
स.र.	सहायक-रथी
स.से.	सहायक सेनानी
सह.सं.सन्.	सह-संगठन र संचालानाधिकृत
से.मु.	सेनामुख
से.मु.हे.क्वा.	सेनामुख हेडक्वाटर
सि.एम.ओ.	Central Maintenance Organization
सि.सं.	सिलसिलेवार संख्या
सै.वि.	सैनिक विनय
सै.वि.म.नि.	सैनिक विनय महानिर्देशनालय
सै.स.	सैनिक समाचार
हे.क्वा.	हेडक्वार्टर

विषय सूची

खण्ड -१

नेपाली सेनाका अङ्गहरूको सङ्क्षिप्त इतिहास

प्रा.डा. विजय कुमार मानन्धर

नेपाली सेनाका अङ्गहरूको संक्षिप्त इतिहास

परिचय

वर्तमान नेपाली सेनाको इतिहास अध्ययन गर्दा गोरखाका राजा द्रव्य शाहको शासनकाललाई उल्लेख्य मान्नु पर्ने देखिन्छ । उनले सन् १५५९ (वि.सं. १६१६) मा गोरखाको लिगलिगकोटमा भगिरथ पन्तलाई सेनाप्रमुख बनाई उनैको नेतृत्वमा पहिलो सैन्य टुकडी निर्माण गरेको पाइन्छ । यसै कार्यलाई सैनिक इतिहासको पहिलो सैन्य दल मान्ने गरेको देखिन्छ। युद्धको क्रममा राजा पृथ्वीनारायण शाहले सन् १७६२ (वि.सं. १८१९) मा मीरकासिमको फौजलाई पराजय गरी प्राप्त भएका नयाँ र आधुनिक किसिमका हतियार प्रयोग समेतका लागि उनले सोही वर्ष नै पश्चिमी शैलीबाट "कम्पनी" (गुल्म) नामाकरण गरी सैन्य संगठनको थालनी गरेका हुन् । आधुनिक नेपालको इतिहासमा यो नै पहिलो सैनिक कम्पनी थियो । त्यतिमात्र नभएर तिनै हतियारसमेत प्रयोग गर्न काविल श्रीनाथ, पुरानो गोरख, कालीबक्स, बर्दवानी र सबुज कम्पनीको गठन गरेका थिए । यि पाँच कम्पनीको गठनलाई मुलुकको सैनिक इतिहासमा महत्वपूर्ण घटना मानिन्छ । पछि जनरल भीमसेन थापाले तत्कालीन सैनिक संगठनमा केही परिवर्तन गरेका थिए। उनले हालको रेजिमेन्ट सरह कर्णेलले कमाण्ड गर्ने "पल्टन" र हालको बाहिनी सरह जनरलले कमाण्ड गर्ने "कम्पु" को गठन गरेका थिए। त्यस्तै उनले जंगी अड्डा र केही हदसम्म ब्यारेक (छाउनी) समेतको व्यवस्था गरेको देखिन्छ ।

नेपाली सेनाको सांगठनिक विकासका लागि राणाकाल पनि उल्लेख्य मानिन्छ। युरोप भ्रमण पछि जंगबहादुरले अन्य क्षेत्रहरूमा जस्तै सैनिक संगठनमा पनि परिवर्तन गरेका थिए । राणाकालको अन्त्यसम्म आइपुग्दा नेपाली सेनामा कम्पनी, रेजिमेण्ट, बटालियन, बृगेड र डिभिजन जस्ता संगठनहरूको विकास भइसकेको पाइन्छ । सन् १९५१ को राजनैतिक परिवर्तनपछि अर्को वर्ष १९५२ (वि.सं. २००९) मा भारतीय सैनिक मिशन नेपाल आएपछि नेपाली सेनालाई पुनर्गठन एवं नयाँ किसिमको तालिमको थालनी गरिएको थियो। यसै क्रममा सन् १९५१ (वि.सं. २००७) पछि वर्तमानसम्मको राजनीतिक परिवर्तनहरूसँगै नेपाली सेनाको संगठन एवम् नामाकरण समेतमा नयाँपन आएको छ ।

नेपाली सेनामा रहेका २३३ जति अङ्ग (अड्डा/कार्यालय लगायत) बाट प्राप्त लिखित विवरणहरू भनी श्री सैनिक सङ्ग्रहालय, छाउनी, काठमाडौंका प्रमुखले लेखकलाई उपलब्ध गराएका सामग्रीहरुलाई प्रमुख स्रोतका रूपमा लिनुका

अतिरिक्त सम्वन्धित विभिन्न प्रकाशित/अप्रकाशित सामाग्रीहरू समेतका आधारमा लेखिएको "नेपाली सेनाका अङ्गहरूको सङ्क्षिप्त इतिहास" नामक प्रस्तुत अध्यायमा नेपाली सेनाका ६ पृतना हेडक्वार्टर, १७ बाहिनी अड्डा, ९० गण र ४० गुल्महरू लगायत सेनाका विभिन्न अफिस/संगठनका बारेमा समेत यथाशक्य तथ्यपूर्ण जानकारी दिने प्रयास गरिएको छ। यसै सन्दर्भमा सैनिक सङ्ग्रहालयले उपलब्ध गराएअनुसार पृतना, बाहिनी, गण, गुल्म र ब्याट्रीहरुको विगत तथा वर्तमानका प्रमुखहरुको नामसमेत दिने काम भएको छ। यी संगठनको स्थापना, नामाकरण, आदर्श वाक्य, गठन/पुनर्गठनको सामान्य जानकारी दिनुका अतिरिक्त उनीहरूले बाह्य शक्तिसँग गरेका युद्ध, अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति स्थापनार्थ दिएको योगदान, मुलुकमा शान्ति-सुव्यवस्था कायम राख्न खेलेको भूमिका, देश विकास/निर्माणका विभिन्न पक्ष (सामाजिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक विपद लगायत) मा दिएको योगदान समेतलाई यथाशक्य चर्चा गरिएको छ । यि प्रयासहरूलाई सेनाका अङ्गहरूको सङ्क्षिप्त इतिहासका रूपमा मानेर सम्बन्धित क्षेत्रबाट प्राप्त हुने जानकारीका आधारमा भविष्यमा अझ विस्तृत एवम् शुक्ष्म विवरणहरूलाई पनि थप गरी यो अध्ययनलाई विस्तृत रूप दिन सकिने विश्वास लिइएको छ ।

जंगी अड्डा

श्री पि.एस.ओज. कार्यालय

श्री प्रधान सेनापतिको अध्यक्षतामा पि.एस.ओज. (Principal Staff Officer) हरूको बैठक नियमित रूपमा बसाई पेश गरिएका विभिन्न विषयहरू उपर छलफल भई पारित गरिएका निर्णयहरू सम्बन्धित सबैमा वितरण गरी कार्यान्वयनको एकिन समेत गर्ने उद्देश्य लिई सन् १९८१ डिसेम्बर ३१ (वि.सं. २०३८ पौष १६) मा यस कार्यालयको स्थापना भएको हो । यस कार्यालयले स्थापना कालदेखि हालसम्म ५३८ पि.एस.ओज. बैठक सञ्चालन गरिसकेको छ । साथै विगतको समयमा पृतनापति/बाहिनीपतिहरुको सम्मेलन गर्दै आएको थियो । यस कार्यालयमा सचिव मातहतमा ६ जनाको दरबन्दी रहेको छ ।[1]

श्री सैनिक सचिव विभाग

नेपाली सेनाको स्थापना सन् १५५९ (वि.सं. १६१६) मा राजा द्रव्य शाहबाट गरिएतापनि आधुनिक नेपाली सेनाको सुसंगठन तथा आधुनिकीकरण गर्ने कार्य चाहिँ राजा पृथ्वीनारायण शाहले सन् १७४३ (वि.सं. १८००) को बनारसको यात्रापछि सुरूवात गरेका हुन् । समयसँगै सैनिक आधुनिकीकरण र यसको संगठनात्मक विकासको क्रममा मुख्तीयार भीमसेन थापाको कार्यकालमा सन् १८०९ (वि.सं. १८६६) मा सैनिक सेवामा प्रवेश पाएका जागिरेहरूको व्यवस्थित रूपमा लगत कायम राख्ने हेतुले सेनाको “लाल ढड्डा” तयार पार्ने काम सुरू गरिएको थियो । त्यस्तै काठमाडौं उपत्यका बाहिरका कम्पनीहरूको नियुक्ति, खान्गी, दरवन्दी आदिको श्रेस्ता तयार पार्न “सदर कम्पनीहरूको दफदरखाना” खडा गरेको देखिन्छ । राणाकालमा प.क.ज. (पश्चिमतर्फका कमाण्डिङ्ग जनरल), पु.क.ज. (पूर्वतर्फका कमाण्डिङ्ग जनरल), द.क.ज. (दक्षिणतर्फका कमाण्डिङ्ग जनरल) र उ.क.ज. (उत्तरतर्फका कमाण्डिङ्ग जनरल) भनि ४ जनरल पद खडा भएको थियो । त्यसमध्ये प.क.ज. सबैभन्दा जेष्ठ हुने र सोही व्यक्तिले सैनिक सेवामा कार्यरत विभिन्न अधिकारीहरूको नियुक्ति, सरूवा, बढुवा, दण्ड पुरस्कार तथा

---

१ श्री पि.एस.ओज. कार्यालयका महासेनानी समीर शाहीले वि.सं. २०६४ फाल्गुण १० मा तयार गरेको “श्री पि.एस.ओज. कार्यालय सम्बन्धी जानकारी”, परिशिष्ट “क” ।

उनीहरूको उजुरी/निवेदनमाथि आवश्यक कारवाही गर्दथ्यो । सन् १९५२ मा नेपाली सेनाको पुनर्गठन भएयता सैनिकका लागि आवश्यक पर्ने नियुक्ति, पदोन्नती, तालिम, रिक्रुटिङ्ग प्रणाली, अवकास र सैनिक संगठनको स्वरूपमा विस्तार गरी सैनिक ऐनकोसमेत निर्माण भई सन् १९५९ (वि.सं. २०१६) बाट यसको कार्यान्वयन भएको पाइन्छ । यसै क्रममा सन् १९५६ जुन १३ (वि.सं. २०१३ जेष्ठ ३१) मा श्री सैनिक सचिव विभागको स्थापना भएको थियो ।

यस विभागको सैनिक सचिवको नियुक्तिमा सुरूमा महासेनानी दर्जा कायम भएकोमा पछि सन् १९९७ (वि.सं. २०५४) पछि सहायक-रथीको दरवन्दी कायम भएको छ । यस सैनिक सचिव विभागमा अधिकृत एवम् रथीवृन्दहरूको अभिलेख कम्प्युटर प्रणालीबाट राख्ने व्यवस्थाको सुरूवात सन् १९८९ (वि.सं. २०४६) बाट भएको र हाल कम्प्युटर प्रणालीबाट सम्पूर्ण रथीवृन्द तथा अधिकृतहरूको व्यक्तिगत विवरण अद्यावधिक भइरहेको छ ।[२]

श्री सैनिक-जनसम्पर्क निर्देशनालय

आम जनसमुदायको सूसुचित हुने हकअधिकारको सुनिश्चित गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आम जनसमुदायलाई सेनासम्बन्धी सरोकारका विषयहरूबारे समयमै पारदर्शी ढङ्गले सत्यतथ्य जानकारी दिई संस्थाको औचित्य पुष्टि गर्ने र सेनाको छवि प्रवर्धन गर्ने उद्देश्यले सन् २००२ अप्रिल २ (वि.सं. २०५८ चैत्र २०) नेपाली सेनामा सैनिक-जनसम्पर्क निर्देशनालयको स्थापना भएको हो ।[२(क)] यसपूर्व सैनिक-जनसम्पर्कसम्बन्धी कार्यहरू श्री बलाधिकृत विभाग (सै.स.) को प्रतिकार शाखाद्वारा हेर्ने गरिन्थ्यो ।

सैनिक-जनसम्पर्क निर्देशनालय स्थापना गर्ने सिलसिलामा प्रारम्भमा निर्देशकको पद सहायक रथीको दरवन्दी राखिए पनि निर्देशक पद खाली राखी सह-निर्देशकको रूपमा महासेनानीलाई सैनिक प्रवक्ताको रूपमा नियुक्त गरिएको

२ श्री सैनिक सचिव विभागका प्रमुख सेनानी कृष्णदेव भट्टले वि.सं. २०६४ चैत्र २४ मा तयार गरेको "सैनिक सचिव विभागको सङ्क्षिप्त इतिहास", पृ. १।

२(क) श्री सैनिक-जनसम्पर्क निर्देशनलायका उपसेनानी प्रभा शाहले वि.सं. २०६५ पौष २२ गा तयार गरेको "सैनिक जनसम्पर्क निर्देशनालयको संक्षिप्त इतिहास"।

थियो र उक्त समयमा यस निर्देशनालय बलाधिकृत विभाग (व्य.यु.) अन्तर्गत रहेको थियो । सन् २००३ (वि.सं. २०६०) देखि यस सैनिक-जनसम्पर्क निर्देशनालयलाई प्रधान सेनापतिको सैनिक सहायक अड्डाअन्तर्गत राखी निर्देशकको हैसियतले सहायक रथीलाई निर्देशक र सैनिक प्रवक्ताको जिम्मेवारी दिइने व्यवस्था गरिएको छ । यस निर्देशनालयमा समाचार शाखा, बन्दोबस्ती शाखा, तालिम शाखा, अनुगमन शाखा र मिडिया सपोर्ट शाखाहरू रहेका छन् ।

यस निर्देशनालयले प्रेस विज्ञप्ति सम्प्रेषण गर्ने, आवश्यकताअनुसार प्रेस ब्रिफिङ्ग तथा पत्रकार सम्मेलन गर्ने गरेको छ । यसका अतिरिक्त सकल दर्जालाई मिडिया व्यवस्थापनसम्बन्धी तालिम प्रदान गर्ने र नेपाली सेना सहभागी भएका संयुक्त राष्ट्रसंघीय विभिन्न शान्ति मिशनहरूमा संचारकर्मीहरूलाई स्थलगत भ्रमण गराउने कार्यसमेत गर्दछ । यस निर्देशनालयले फ्रान्सेली भाषा केन्द्रको संयोजकत्वमा सैनिकलाई फ्रान्सेली भाषासम्बन्धी तालिम पनि प्रदान गर्ने गरेको छ ।

सैनिक-जनसम्पर्क कार्यलाई प्रभावकारी र विस्तारित गर्न सबै पृतना, बाहिनी तथा गणस्तरमा जनसम्पर्क अधिकृत नियुक्त गरिएको छ भने अनाश्रित गुल्मस्तरमा गुल्मपतिले जनसम्पर्क अधिकृतको जिम्मेवारी निर्वाह गर्ने व्यवस्था गरिएको छ ।

यस निर्देशनालयलाई चरणबद्ध रूपमा विस्तार गर्ने क्रममा श्री बलाधिकृत विभाग (सै.स.) अन्तर्गत रहेका प्रचार-प्रसार शाखा, तस्वीर शाखा र छापाखाना शाखालाई सन् २००२ (वि.सं. २०५९) मा सैनिक-जनसम्पर्क निर्देशनालयअन्तर्गत रहने गरी तीनवटै शाखाको समन्वय र व्यवस्थापनको लागि श्रव्यदृश्य महाशाखाको स्थापना गरिएको थियो । यस श्रव्यदृश्य महाशाखा अन्तर्गत तीन शाखाहरू कार्यरत छन्;

(क) **तस्वीर शाखा** : यस शाखाले फोटो खिच्ने, भिडियो खिच्ने, न्यूज-क्लिप संप्रेषण, वृतचित्र निर्माण, नेपालमा संचालित टेलिभिजन च्यानलहरूसँग सहकार्य गर्ने जस्ता कार्यहरू गर्दै आएको छ । यस शाखाअन्तर्गत छाँया सेल, भिडियो, टि.भि. सेल, प्रयोगशाला सेल तथा हवाई चित्र सेल रहेका छन् ।

(ख) **प्रचार-प्रसार शाखा** : सैनिक, सैनिकका परिवार तथा आम नागरिकहरूसमेतलाई सैनिक विषयसँग सम्बन्धित जानकारी तथा मनोरञ्जन

प्रदान गर्ने अभिप्रायले यस शाखाले रेडियो नेपालमार्फत "नेपाली सैनिक रेडियो कार्यक्रम" सञ्चालन गर्दछ । त्यस्तै यसले सन् १९६८ (वि.सं. २०२५) बाट "सिपाही" नामक वार्षिक पत्रिका प्रकाशित गर्दै आएको छ। सन् १९९३ सेप्टेम्वर १७ (वि.सं. २०५० असोज १) देखि मासिक रुपमा प्रकाशित गरिँदै आएको "सिपाही" नामक पत्रिका सन् २००५ अगष्ट १७ (वि.सं. २०६२ भाद्र १) देखि पाक्षिक रुपमा प्रकाशन हुँदै आएको छ ।

(ग) **छापाखाना शाखा** : नेपाली सेनाबाट प्रकाशित हने वार्षिक एवम् पाक्षिक पत्रिका "सिपाही" तथा सेनाका विभिन्न निकायहरूबाट छपाइने प्रेसी, विभिन्न किसिमका फाराम, प्याड तथा अन्य छपाईसम्बन्धी सामाग्रीहरू छिटो छरितो, स्तरयुक्त, सूपथ र गोपनियतालाई समेत मध्यनजर राखी श्री बलाधिकृत विभाग (सै.स.) अन्तर्गत रहने गरी सन् १९८६ अक्टोवर ११ (वि.सं. २०४३ असोज २५) मा यस छापाखानाको स्थापना भएको थियो । लेटर प्रेसबाट थालनी भएको यो छापाखानामा सन् २००५ जुलाई १६ (वि.सं. २०६२ श्रावण १) मा अत्याधुनिक प्रेस अर्थात् अफसेट प्रेसको स्थापना तथा सञ्चालन भएको छ ।

बलाधिकृत विभाग अन्तर्गतका अङ्गहरू

श्री बलाधिकृतको कार्यालय

श्री बलाधिकृतको कार्यालयको स्थापना सन् १९५२ (वि.सं. २००९ मंसीर) मा भएको थियो । उक्त समयमा आर्मी हेडक्वाटर्समा जनरल स्टाफसम्बन्धी विषयहरूमा लेखापढी कामकाज चिठ्ठीपत्रहरू आदान प्रदान हुँदा एम.जी.जी.एस. ब्रान्च भन्ने लेखि आइरहेकोमा सो ब्रान्चमा तीन विभागहरू भएकोले यी तीन विभागहरूमा कुन विभागलाई सम्बोधन भएको हो भन्ने प्रष्ट चिठ्ठी वा लेखापढीको बेहोरा नहेरेसम्म नबुझिंदा काममा ढिलाई हुन जाने सम्भावना देखिएकोले एम.जी.जी.एस. ब्रान्च मात्र नलेखि अपरेशन र स्टाफ ड्युटीसम्बन्धी विषयहरू भएमा जनरल स्टाफ ब्रान्च (डाइरेक्टर अफ मिलिटरी अपरेशन र स्टाफ ड्युटी), ट्रेनिङ्गसम्बन्धी विषयमा जनरल स्टाफ ब्रान्च (डाइरेक्टर अफ मिलिटरी ट्रेनिङ्ग) र इन्टेलिजेन्ससम्बन्धी विषयमा जनरल स्टाफ ब्रान्च (मिलिटरी इन्टेलिजेन्स) लेख्न थालियो । साथै तिनीहरूलाई सङ्क्षेपमा जी.एस. ब्रान्च (डि.एस.ओ. र एस.डि.), जी.एस. ब्रान्च (डि.एम.टी.) र जी.एस. ब्रान्च (एम.आई.) लेखे पनि हुने व्यवस्था प्रचलनमा ल्याइयो ।

हाल बलाधिकृतको कार्यालयअन्तर्गत श्री व्यवस्था तथा युद्धकार्य महानिर्देशनालय, श्री सैनिक विनय महानिर्देशनालय, श्री बलाधिकृत विभाग (सै.स.) र श्री बलाधिकृत विभाग (मिन्हा/मोजरा) छन् । यी महानिर्देशनालय र विभागहरूलाई श्री बलाधिकृतको कार्यालयले नीति निर्देशन र कार्य सम्पादनको निर्देशन दिदैं आएको छ ।[३]

श्री बलाधिकृत विभाग (व्यवस्था तथा युद्धकार्य महानिर्देशनालय)

यस व्यवस्था तथा युद्धकार्य महानिर्देशनालयको इतिहास खोतल्दा सन् १९५२ नोभेम्वर-डिसेम्वर (वि.सं. २००९ मंसीर) भन्दा अगाडि MGGS Branch को नामबाट जनरल स्टाफसम्बन्धी कामकाज भइरहेको देखिन्छ । यस MGGS

---

३ श्री बलाधिकृत कार्यालयका सेनानी अनुप अधिकारीले वि.सं. २०६४ फाल्गुण ३० मा तयार गरेको "श्री बलाधिकृत कार्यालयको इतिहास" ।

Branch मा जनरल स्टाफसम्बन्धी काम गर्ने मिलिटरी अपरेशन र स्टाफ ड्युटी, मिलिटरी ट्रेनिङ्ग तथा मिलिटरी इण्टेलीजेन्स जस्ता ३ वटा विभागहरू एउटै ब्रान्चमा रही काम गर्ने गरिरहेकोमा कार्यमा सरलता ल्याउन MGGS Branch मात्र नलेखी Operation and Staff Duty सम्बन्धी कामका लागि "जनरल स्टाफ ब्रान्च (डाइरेक्टर अफ मिलिटरी अपरेशन र स्टाफ ड्युटी)" को छुट्टै नामले कार्य सञ्चालनमा आएको थियो । त्यसैगरी अन्य २ वटा विभागहरू मिलिटरी ट्रेनिङ्ग र मिलिटरी इण्टेलीजेन्स पनि "जनरल स्टाफ ब्रान्च (मिलिटरी ट्रेनिङ्ग)" र "जनरल स्टाफ ब्रान्च (मिलिटरी इण्टेलीजेन्स)" को नामले काम काजमा आएको थियो । पछि सन् १९६६ (वि.सं. २०२३) मा आएर अङ्ग्रेजी नाममा रहेको "जी.एस. ब्रान्च (डि.एम.ओ. र एस.डी.)" लाई नेपाली नामाकरण गरी "बलाधिकृत विभाग (व्यवस्था र युद्धकार्य निर्देशक)" को नामले कार्य सञ्चालन हुन थालेको थियो । साथै सोही समयमा बलाधिकृत विभाग (व्यवस्था तथा युद्धकार्य) अन्तर्गत रहेका शाखाहरूको नाम नेपालीकरण गर्ने क्रममा जी.एम.ओ. १ लाई सह व्यवस्था युद्धकार्याधिकृत, जी.एस.ओ. २ (अपरेशन) लाई उप-युद्धकार्याधिकृत र जी.एस.ओ. ३ (स्टाफ ड्युटिज) लाई सहायक व्यवस्थाधिकृत राखियो ।

सैनिक आदेश नं. ३५१/२०२७ अनुसार योजना र अनुसन्धान निर्देशक कार्यालयलाई श्री बलाधिकृतको मातहतमा राखी श्री बलाधिकृत विभाग (योजना तथा अनुसन्धान) नामाकरण भई पछि सन् १९७१ अक्टोवर १४ (वि.सं. २०२८ आश्विन २८) मा यस योजना र अनुसन्धानलाई श्री बलाधिकृत विभाग (व्य.यु.) मा गाभी निर्देशक, सहायक निर्देशक, युद्धकार्याधिकृत, व्यवस्था कार्याधिकृत, योजना शाखा तथा सैनिक समर्थ चन्द्रोदय संस्था (निजामति) रहने व्यवस्था भएको थियो । त्यस्तै युद्धकार्याधिकृत, व्यवस्था कार्याधिकृत तथा योजना शाखाहरूअन्तर्गत विभिन्न शाखाहरू रहने भनि भनिएको थियो । जसअनुसार युद्धकार्याधिकृतअन्तर्गत युद्धकार्य शाखा र व्यवस्था कार्याधिकृतअन्तर्गत व्यवस्था शाखा, नीति शाखा र नियन्त्रित शाखा राखिएका थिए । पछि सैनिक आदेश नं. १५२५/५५ अनुसार बलाधिकृत विभाग (व्य.यु.) अन्तर्गतको शाखाहरूको नामाकरण व्यवस्था तथा नीति शाखाको बदला व्यवस्था तथा नीति महाशाखा, युद्धकार्य शाखाको बदला युद्धकार्य महाशाखा, नीति शाखाको बदला योजना तथा नीति शाखा र नियन्त्रित शाखाको बदला व्यवस्था तथा नियन्त्रित शाखा भनेर राखिएको थियो ।

सन् २००३ सेप्टेम्बर २९ (वि.सं. २०६० असोज १२) बाट व्यवस्था तथा युद्धकार्य निर्देशकको पद सहायक-रथी दर्जा रहेकोमा उक्त नियुक्तिमा उपरथी दर्जा कायम भई व्यवस्था तथा युद्धकार्य महानिर्देशक हुनुको साथै महानिर्देशकको कार्यालयको नाम बलाधिकृत विभाग (व्यवस्था तथा युद्धकार्य महानिर्देशकको कार्यालय) राखियो । त्यस्तै यस मातहतको व्यवस्था तथा नीति महाशाखाको नाम परिवर्तन गरी व्यवस्था तथा नीति निर्देशनालय नामाकरण गरियो भने युद्धकार्य महाशाखाको नाम पनि परिवर्तन गरी युद्धकार्य निर्देशनालय बनाइयो । अन्ततः सन् २००६ नोभेम्बर २६ (वि.सं. २०६३ मंसिर १०) बाट बलाधिकृत विभाग (व्यवस्था तथा युद्धकार्य महानिर्देशकको कार्यालय) को नाम परिवर्तन भई बलाधिकृत विभाग, व्यवस्था तथा युद्धकार्य महानिर्देशनालय गरियो ।

जंगी अड्डास्थित बलाधिकृतको कार्यालयअन्तर्गत रहेको यस व्यवस्था तथा युद्धकार्य महानिर्देशनालय मातहत निम्नानुसार निर्देशनालय र महाशाखा रहेका छन् :[४]

(क) **व्यवस्था तथा नीति निर्देशनालय** : यस निर्देशनालयअन्तर्गत रहेको योजना तथा नीति शाखाले नेपाली सेनाको योजना र नीति, नियमहरू तर्जुमा गरी नेपाल सरकारबाट स्वीकृत गराउने र लागू गराउने कार्य गर्दछ । त्यस्तै यस निर्देशनालयअन्तर्गत रहेको व्यवस्था र नियन्त्रित शाखाले नेपाली सेनालाई आवश्यक पर्ने हातहतियार, भेहिकल, सिग्नल इक्विपमेण्ट, क्लोदिङ्गका सामान लगायतको योजना, व्यवस्था र नियन्त्रण गर्दछ ।

(ख) **युद्धकार्य निर्देशनालय** : यस निर्देशनालयबाट देशमा बाह्य आक्रमण अथवा अन्य संकटग्रस्त समयमा नेपाल सरकारको निर्देशन अनुरूप सैनिक कारवाहीमा संलग्न हुनुको साथै शान्ति सुरक्षा कायम गर्ने कार्यहरू गरिन्छ ।

(ग) **बजेट महाशाखा** : यस महाशाखाबाट नेपाली सेनाको लागि आवश्यक पर्ने सम्पूर्ण बजेट प्रस्ताव गर्ने, निकासा दिने र अनुगमन गर्ने कार्यको साथै बजेटसम्बन्धी अन्य कार्यहरू समेत हुने गर्दछ ।

४ श्री बलाधिकृत विभाग (व्यवस्था तथा युद्धकार्य महानिर्देशनालय) का महासेनानी सुरेश शर्माले वि.सं. २०६५ जेष्ठ ८ मा तयार गरेको "बलाधिकृत विभाग, व्यवस्था तथा युद्धकार्य महानिर्देशनालयको ऐतिहासिक विवरण", परिशिष्ट "क", पृ. १-३ ।

श्री बलाधिकृत विभाग (सैनिक विनय महानिर्देशनालय)

"सिपाही भन्याका तिषारी राखन्या हुन" भन्ने राजा पृथ्वीनारायण शाहको भनाईबाटै स्पष्ट हुन्छ कि सेनामा तालिमको महत्व कस्तो हुन्छ । इतिहास पल्टाएर हेर्दा सेनामा तालिमको उल्लेख गरिए तापनि तालिम कसले गराउने भन्ने बारे नेपाली सेनामा छुट्टै विभागको उल्लेख भएको देखिदैन । सेनालाई देश रक्षासम्बन्धी जिम्मेवारी दिई विदेशी सेनासँग लड्न तयार गरिन्थ्यो र सोहीअनुसार शस्त्र, अस्त्र र रणकौशलसम्बन्धी मात्र ज्ञान दिइन्थ्यो । तर बिस्तारै सेनालाई बाह्य मात्र नभई आन्तरिक संकट निवारण गर्न पनि परिचालित गर्न थालियो । यसैक्रममा सेनाको काम शत्रुलाई पराजित गर्नु मात्र नभई अन्य विभिन्न कामहरू सुम्पेको हुँदा सेनालाई शस्त्र, अस्त्र र रणकौशल मात्र नभई विभिन्न तालिमहरू जस्तै रूल्स अफ इन्गेजमेण्ट (Rules of Engagement), मेडिया ह्याण्डलिङ्ग (Media Handling), साइकोलोजिकल अपरेशन (Psychological Operation), मानव अधिकार, फष्ट एड (First Aid), सैनिक जनमुखि तालिम गराउनु पर्ने आवश्यकता महशुस गरियो । यसरी बृहतिकरण, आधुनिकीकरण र बढ्दो सामरिक हस्तक्षेपलाई महशुस गरी शस्त्र, अस्त्र र रणकौशल मात्र नभई धेरै तालिमहरू गराउनु पर्ने हुँदा सेनामा तालिम गराउने विभाग छुट्टै हुनुपर्ने आवश्यकता देखियो । तसर्थ नेपाली सेनामा सन् १९५२ जुन १६ (वि.सं. २००९ आषाढ ३) मा एउटा छुट्टै तालिम विभागको स्थापना गरियो ।

नेपाली सेनालाई आधुनिकीकरण गर्दै लैजाने उद्देश्य राखी सेनाको संख्या वृद्धि गर्न थालियो । त्यसैले ठूलो संख्यामा सेनालाई पेशागत तालिम गराउनु पर्ने विभिन्न इक्वीपमेण्टहरू र विभिन्न फौजी हर्कतहरू ज्ञान दिलाउने प्रबन्ध गर्ने र सकेसम्म स्वदेशमा नै तालिम गराउने शिक्षण संस्थाहरूको स्थापना गराउने उद्देश्य अनुरूप सन् १९८४ डिसेम्वर ६ (वि.सं. २०४१ मंसीर २१) मा सैनिक विनय निर्देशनालय स्थापना गरियो । देशको बदलिदो परीस्थिति र आवश्यकतालाई महशुस गरी सैनिक संगठन विस्तार गर्न थालियो । सोहीअनुरूप सन् २००६ अप्रिल १३ (वि.सं. २०६२ चैत्र ३१) मा सैनिक विनय निर्देशनालयलाई सैनिक विनय महानिर्देशनालयमा परिणत गरियो र उपरथीलाई महानिर्देशक पदको जिम्मेवारी सुम्पियो ।[५]

हाल श्री सैनिक विनय महानिर्देशनालय श्री बलाधिकृत विभागअन्तर्गत जंगी अड्डा, काठमाडौंमा कार्यरत छ ।

५ श्री बलाधिकृत विभाग (सैनिक विनय महानिर्देशनालय) का प्रमुख सेनानी सागरबहादुर के.सी. ले वि.सं. २०६५ वैशाख १७ मा तयार गरेको "सैनिक इतिहास : नेपाली सेनामा तालिमको विकासक्रम", परिशिष्ट "क", पृ. ३-५ ।

श्री सैनिक शिक्षालय

सन् १९५२ (वि.सं.२००९) मा नेपाली सेनाको पुनर्गठनसँगै छाउनीस्थित हाल शिक्षण पक्षको लामो टहरोमा श्री सैनिक शिक्षालयको स्थापना भएको थियो । भारतीय सैनिक मिशनको सहयोगमा यसै स्थानबाट नेपाली सेनाको इतिहासमा पहिलो पटक संस्थागत रूपमा हतियार तथा अन्य ट्याक्टिकल तालिमको सुरूवात पनि भएको थियो । सन् १९५८ (वि.सं. २०१५) मा नगरकोट व्यारेकमा यस सैनिक शिक्षालय स्थानान्तरण भई आफ्नै शिक्षक वर्गहरूबाट नेपाली सेनाका निम्ति पेशागत ज्ञान अभिवृद्धिका लागि आवश्यक तालिमहरू सञ्चालन हुन थाल्यो । सन् १९६३ (वि.सं. २०१९) मा यस शिक्षालय मकवानपुर जिल्लाको भिमफेदीस्थित सुपिङमा रही सन् १९६६ (वि.सं. २०२३) मा पुन: नगरकोटमा स्थानान्तरण भएको थियो । तत्पश्चात सन् १९७२ (वि.सं. २०२९) मा खरिपाटी व्यारेकको निर्माण सम्पन्न भएपछि खरिपाटीमा रहन पुगेको शिक्षालयलाई सन् १९८६ डिसेम्वर २९ (वि.सं. २०४३ पौष १४) बाट नगरकोट व्यारेकमा स्थापना गरी नियमित रूपमा सञ्चालन भइरहेको छ ।

यस सैनिक शिक्षालयका मुख्य उद्देश्यहरू;

(क) नेपाली सेनामा मध्यम तहको योजना कार्यान्वय गर्न सक्ने योग्य कमाण्डर उत्पादन गर्नु,

(ख) विभिन्न तहमा कार्य गर्न सक्ने दक्ष जुनियर स्टाफ अधिकृतहरू उत्पादन गर्नु,

(ग) नेपाली सेनाको लागि मध्यम तहका अधिकृत, पदिक तथा बिल्लादार शिक्षकहरू उत्पादन गर्नु र

(घ) सैनिक मुख्यालयको निर्देशनमा विभिन्न महत्वपूर्ण विषयहरूमा राय सुझाव प्रस्तुत गर्नु रहेका छन् ।

सन् १९८६ (वि.सं. २०४३) देखि यस शिक्षालय नगरकोटमा स्थायी रूपले अवस्थित भई सकेपछि वर्षेनी ठूलो संख्यामा अधिकृत, पदिक तथा अन्य दर्जाहरूले क्यारियर कोर्स बाहेक समय समयमा स्वदेशी तथा विदेशी शिक्षकहरूद्वारा तालिमहरू प्राप्त गरिरहेका छन् । नेपाली सेनामा अधिकृतहरूको Mid Career Course को रूपमा सञ्चालन गरिने कमाण्डर्स स्टाफ कोर्स यहाँ सञ्चालन हुने उच्च श्रेणीको तालिम हो । यसका अतिरिक्त युवा अधिकृत

तालिम, पत्ति पति ब्याटल तालिम र अन्य दर्जा कमाण्डो तालिम यहाँ सञ्चालन हुने नियमित तालिमहरू हुन। यहाँ समय सापेक्ष अन्य तालिमहरू पनि सञ्चालन हुने गर्दछन्। नेपाली सेनाका सकल दर्जाहरूका क्षमता र बौद्धिकस्तर अभिवृद्धि गर्न यस सैनिक शिक्षालयले अतुलनिय योगदान पुऱ्याउँदै आएको छ।

श्री बलाधिकृत विभागबाट प्राप्त निर्देशनानुसार नेपाली सेनाका सेनानी दर्जासम्मका अधिकृतहरूको बृत्ति विकाससम्बन्धी तालिमहरू यस सैनिक शिक्षालयमा सञ्चालन गर्ने गरिएको छ। नेपाली सेनाका अधिकृत तथा अन्य दर्जाहरूलाई गण मद्दती हतियारसम्बन्धी तालिमहरू समेत सञ्चालन गरी गण मद्दती हतियार तालिमका विशेषज्ञ शिक्षकहरू यस शिक्षालयले उत्पादन गर्दै आइरहेको छ। यस सैनिक शिक्षालयले समय सापेक्ष र वास्तविकतामा आधारित तालिमहरू Progressive ढङ्गले सञ्चालन गर्नको लागि सैन्य तालिम केन्द्र, सैनिक प्रतिष्ठान, कमाण्ड तथा स्टाफ कलेज र स्पेशलिष्ट तालिम सञ्चालन गर्ने अन्य शिक्षण संस्थाहरूबीच सम्बन्ध स्थापित गर्ने र नेपाली सेनाको समग्र तालिम पद्धतिमा अग्रणी एवम् प्रमुख भूमिका खेल्ने गरेको छ।[६]

श्री सैनिक प्रतिष्ठान

श्री सैनिक प्रतिष्ठान श्री शाही नेपाली सैनिक प्रतिष्ठानको नाममा सन् १९८६ डिसेम्वर २९ (वि.सं. २०४३ पौष १४) मा स्थापना भएको हो। यस प्रतिष्ठानको आदर्श वाक्य "ज्ञान सेवा नेतृत्व" रहेको छ।

यस प्रतिष्ठानको स्थापना अगाडि नेपाली सेनाका अधिकृत तथा सकल दर्जाहरूलाई तालिम गराउन "श्री सैनिक शिक्षालय" मात्र रहेको थियो। सेनाको लागि आवश्यक योग्य अधिकृत उत्पादन गर्न एउटा छुट्टै शिक्षालयको आवश्यकता महसुस गरी सन् १९८६ डिसेम्वर २९ (वि.सं. २०४३ पौष १४) मा श्री शाही नेपाली सैनिक प्रतिष्ठान खरिपाटी, भक्तपुरमा स्थापना भई तत्पश्चात अधिकृत क्याडेट आधार तालिम सञ्चालन गराउँदै आइरहेको छ। "प्रतिनिधि सभा घोषणा २०६३" पश्चात् श्री शाही नेपाली सैनिक प्रतिष्ठानलाई श्री सैनिक प्रतिष्ठान नामकरण गरियो।

६ श्री सैनिक शिक्षालयका महासेनानी देवकुमार सुवेदीले वि.सं. २०६४ श्रावण ४ मा तयार गरेको "शिक्षालयको इतिहास", पृ. १-२।

स्थापनाकालदेखि नै पुरूष अधिकृत क्याडेट तथा प्राविधिक अधिकृतहरूलाई तालिम गराउँदै आइरहेको यस प्रतिष्ठानले सन् २००५ जनवरी २९ (वि.सं. २०६१ माघ १६) देखि महिला अधिकृत क्याडेटहरूलाई समेत तालिम प्रदान गर्दै आएको छ। सन् १९९६ (वि.सं. २०५३) देखि त्रिभुवन विश्वविद्यालयबाट अस्थायी सम्बन्धन प्राप्त भई यस प्रतिष्ठानमा स्नातक तहको कक्षामध्ये प्रथम खण्ड अधिकृत क्याडेट तालिमको अवधिमा तथा द्वितीय र तृतिय खण्डहरूको परीक्षा तालिम समाप्त भएपश्चात् यसै प्रतिष्ठानबाट दिने व्यवस्था मिलाइएको छ। हाल प्रतिष्ठानले अधिकृत क्याडेट तालिम १५ महिनाको, पदिक तथा हुद्दा अधिकृत क्याडेट तालिम ९ महिनाको र प्राविधिक अधिकृत आधार तालिम ३ महिनाको सञ्चालन गराउदै आइरहेको छ। यस प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि हाल (सि.सं. ४८) सम्म महिला तथा पुरूष अधिकृत क्याडेट, पदिक/हुद्दा अधिकृत क्याडेटलाई तालिम दिई नेपाली सेनाको २६८५ संख्यामा अधिकृत पूर्ति गरिसकेको छ भने प्राविधिक अधिकृत (डाक्टर, पाईलट, इन्जिनियर, वकिल र अन्य ट्रेडको) तर्फ १३८ जनालाई तालिम दिइसकेको छ। हाल यस प्रतिष्ठानमा सि.सं. ४९ अधिकृत क्याडेट तालिमतर्फ ३०२ जना (३१ जना महिला अधिकृत क्याडेट समेत), सि.सं. ३८ पदिक तथा हुद्दा क्याडेट तालिमतर्फ ४९ जना र प्राविधिक अधिकृत आधार तालिमतर्फ ३१ जनाले तालिम हासिल गरिरहेका छन्।[७]

श्री सैनिक जंगल वारफेयर शिक्षालय

यस शिक्षालय सन् १९७८ फ्रेवअरी ५ (वि.सं. २०३४ माघ २३) मा श्री शाही नेपाली सैनिक शिक्षालय (जंगल वारफेयर शाखा) को नाममा खडा भएको हो। यस शिक्षालयको आदर्श वाक्य "बाँची लड्छु सधैं भरी" रहेको छ।

यसलाई नारायणी अञ्चल अन्तर्गत बारा जिल्लाको अमलेखगञ्जमा स्थापना गरी तत्कालीन श्री शाही नेपाली शिक्षालय खरीपाटीअन्तर्गमा राखिएको थियो। स्थापनाकाल यसमा १२५ जनाको दरवन्दी थियो। देशको विद्यमान परिस्थितिलाई मध्यनजर राखी सन् १९७९ जुन १९ (वि.सं. २०३६ आषाढ ५) देखि यस शिक्षालयलाई वलाधिकृत विभाग (सै.वि.) अन्तर्गत राखियो। सन् १९९८

७ श्री सैनिक प्रतिष्ठानका महासेनानी रमेश पुनले वि.सं. २०६४ श्रावण ७ मा तयार गरेको "श्री सैनिक प्रतिष्ठानको इतिहास"।

(वि.सं. २०५५) मा श्री शाही नेपाली सैनिक शिक्षालय (जंगल वारफेयर शाखा) को नाम संशोधन गरी श्री शाही नेपाली सैनिक जंगल वारफेयर शिक्षालय नामाकरण गरियो । सन् २००६ मे १८ (वि.सं. २०६३ जेष्ठ ४) मा यस शिक्षालयको नाम पुन: परिवर्तन गरी श्री सैनिक जंगल वारफेयर शिक्षालय राखिएको छ ।

यस शिक्षालयको तालिम सम्वन्धी जिम्मेवारी यस प्रकारका छन् ।

(क) श्री वला.वि. (सै.वि.म.नि.) को निर्देशनअनुसार विभिन्न तालिम सञ्चालन गर्ने।
(ख) प्रति विद्रोह तथा जंगल युद्धकला तालिम सञ्चालन गर्ने ।
(ग) नेपाली सेनालाई प्रतिविद्रोह तथा जंगल युद्धकलासम्वन्धी युग सुहाउँदो तालिम सञ्चालन गर्नको लागि आवश्यक पर्ने योग्य शिक्षक तयार गर्ने।
(घ) विद्रोही दमन कार्य गर्न सक्षम जनशक्ति उत्पादन गर्ने ।

स्थापनाकालदेखि नै जंगी अडडाको निर्देशनअनुसार यस शिक्षलयले नेपाली सेनाका सकल दर्जालाई युग सुहाउँदो जंगल युद्धकला तथा काउण्टर इन्सरजेन्सी (Counter Insurgency) तालिम दिनुका साथै नेपाल प्रहरीका अधिकृत, राष्ट्रिय अनुसन्धानका अधिकृतहरू र US Army लाई एक हप्ते जंगल तालिम पनि गराई सकेको छ ।[८] त्यसैले यस शिक्षालयमा सञ्चालन हुने तालिमहरूमा देशको परिप्रेक्ष्यमा प्रतिविद्रोह र प्रतिआतंकवादमा पूर्णरूपले लक्षित भई देशको आवश्यकताअनुरूपको सक्षम जनशक्ति उत्पादन गर्नेतर्फ यस शिक्षालय केन्द्रित रहेको छ ।

श्री सैनिक उच्च शिखर शिक्षालय

मुस्ताङमा खम्पाहरूको क्रियाकलाप नियन्त्रण गर्न तथा उनीहरूलाई निशस्त्र पार्न आवश्यक भएको महशुस गरी सन् १९७४ (वि.सं. २०३१) मा नेपाली सेना परिचालन गरिएको थियो । परिचालनको उक्त अवधिमा नेपाली सेनाले विभिन्न भौतिक, वन्दोवस्ती तथा उच्च शिखर इलाकामा गरेका कारवाहीको अनुभवको कमीका वावजुद खम्पा अपरेशन उल्लेखनीय कार्य बनेतापनि उच्च शिखर इलाकामा हर्कत गर्दा Acclimatization को कमीले गर्दा फौजको Movement मा कमी आउनुको साथै स्वास्थ्यमा समेत समस्या आइपरेकाले नेपाली सेनालाई

८ श्री सैनिक जंगल वारफेयर शिक्षालयका प्रमुख सेनानी हेमजंग थापाले मिति अनुल्लिखित तयार गरेको "श्री सैनिक जंगल वारफेयर शिक्षालयको सङ्क्षिप्त इतिहास", पृ. १-२ ।

उच्च पहाडी क्षेत्रमा राखेर Acclimatization गर्नु पर्दो रहेछ भन्ने कुराको अनुभव भयो । Acclimatization गरेर मात्र नभई अप्ठयारो जमिनमा हर्कत गर्नका लागि त्यस्तै किसिमको क्षेत्रमा बसी तालिम समेत गर्नुपर्ने कुरा महसुस गरियो । साथै अन्य इलाकामा भन्दा उच्च शिखर इलाकामा कारवाही गर्दा छुट्टै अनुभव र Tactics को जरूरत पर्दोरहेछ भन्ने समेत पाठ सिकियो । उच्च शिखर इलाकामा कारवाहीको दौरान भएका आफ्ना फौजका घाइते जवानहरूलाई उद्धार गर्नु अझ कठिनको कुरा देखियो । यी समस्याहरूबाट सिकेका पाठहरूको फलस्वरूप उच्च शिखर इलाकामा अपरेशनहरू गर्नु परेको खण्डमा उपयुक्त र योग्य फौजहरू उत्पादन गर्न आवश्यक तालिमहरू सञ्चालन गर्नको लागि दक्ष व्यक्तिहरू सम्मिलित एक युनिटको स्थापना गर्ने उद्देश्यले सन् १९७५ मे ५ (वि.सं. २०३२ वैशाख २२) मा कैसाङ क्याम्प, मुस्ताङमा श्री सैनिक उच्च शिखर शिक्षालयको स्थापना भएको हो । स्थापनाकालदेखि हालसम्म यस शिक्षालयले उच्च शिखर इलाकामा प्रयोग गर्न सक्षम जवान उत्पादन गर्ने उद्देश्यले विभिन्न माउण्टेन वारफेयर तालिम सञ्चालन गराउँदै आएको छ ।

यस शिक्षालयले आफ्नो पेरिमिटर डिउटी सजकताकासाथ निर्वाह गर्दै आई रहनुको साथै मुस्ताङ जिल्लाको सुरक्षार्थ जोमसोमस्थित तैनाथ गुल्मको सहयोगी भएर जिम्मेवारी क्षेत्रको सुरक्षामा पनि यस शिक्षालयले उपयुक्त योगदान दिँदै आएको छ । स्थापनाको उद्देश्यअनुरूप यस शिक्षालयको मुख्य भूमिका निम्नअनुसार छ ;

१. श्री वलाधिकृत विभाग सैनिक विनय महानिर्देशनालयको निर्देशनअनुसार काम गर्ने ।
२. माउण्टेन वारफेयरसम्वन्धी शिक्षक रिफ्रेसर तालिम, वेशिक तालिम (स्वदेशी अधिकृत तथा अन्य दर्जा), एडभान्स तालिम (स्वदेशी अधिकृत तथा अन्य दर्जा), एडभेन्चर तालिम (विभिन्न मित्रराष्ट्रका अधिकृत तथा अन्य दर्जा) र अल्पाईन तालिम (विभिन्न मित्रराष्ट्रका अधिकृत तथा अन्य दर्जा) सञ्चालन गर्ने ।
३. दैवी एवम् प्रकृती प्रकोपमा उद्धार कार्य र माउण्टेन रेस्क्युको लागि एक पत्ति हरहमेशा तयारी हालतमा राख्ने ।
४. श्री नं. २३ वाहिनीको अपरेशनल अण्डर कमाण्डमा रही कार्य सम्पादन गर्ने।

सन् १९७८ (वि.सं. २०३४) देखि नै सञ्चालित विभिन्न माउण्टेन वारफेयर तालिमहरूमार्फत यस शिक्षालयले ठूलो संख्यामा तालिम प्राप्त अधिकृत, पदिक तथा जवानहरू उत्पादन गरेको छ । यसका अतिरिक्त यस शिक्षालयको सक्रिय सहभागितामा स्वदेश र विदेशमा हिमाल आरोहण कार्यमा विभिन्न सफलताहरू हात पार्दै आइरहेका छन् ।[९]

९ श्री सैनिक उच्च शिखर शिक्षालयका प्रमुख सेनानी रोमियोजंग राणाले वि.सं. २०६४ मंसीर ११ मा तयार गरेको "श्री सैनिक उच्च शिखर शिक्षालयको इतिहास", पृ. १-३ ।

श्री सैनिक कमाण्ड तथा स्टाफ कलेज

नेपाली सेनाका सेनानी तथा जेष्ठ सह-सेनानी तहका अधिकृतहरूलाई समयानुकूल पेशागत ज्ञान दिन स्वदेश र विदेशमा विभिन्न विषयहरूमा तालिम दिने व्यवस्था भएको छ । यसै क्रममा सर्वप्रथम सन् १९४५ मा स्टाफ कलेज क्वेटा, पाकिस्तानमा दुई जना सेनानी (महारथी श्री सिंहबहादुर बस्नेत र उपरथी श्री पद्मबहादुर खत्री) ले स्टाफ कोर्समा सरिक भई तत्कालीन शाही नेपाली सेनामा कमाण्ड तथा स्टाफ तालिमको सुरूवात गरेका थिए ।[१०] योग्य विद्यार्थीहरूको बढ्दो संख्या र स्टाफ कलेज गरेका अधिकृतहरूको आवश्यकताको अनुपातमा विदेशबाट प्राप्त कोटा पर्याप्त नहुने महसुश गरिएकोले स्वदेशमा नै कमाण्ड तथा स्टाफतर्फको उच्च एवम् उत्कृष्ट तहको शिक्षण संस्था खोल्नुपर्ने चिन्तन समयानुकूल देखिएकोले सन् १९९० डिसेम्वर २९ (वि.सं. २०४७ पौष १४) मा सैनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) को नाममा खडा भई तोपखाना व्यारेकमा कलेज सञ्चालन गरिएको थियो । तत्पश्चात् सन् १९९२ डिसेम्वर २९ (वि.सं. २०४९ पौष १४) बाट यसको पुन: नामाकरण भई "शाही नेपाली सैनिक कमाण्ड तथा स्टाफ कलेज" को नामबाट टोखा व्यारेक शिवपुरीमा स्थापित भएको थियो । यस स्टाफ कलेजको आदर्श वाक्य "बल बुद्धि: शौर्यम्" रहेको छ ।

सि.सं. १३ कमाण्ड तथा स्टाफ कोर्सबाट नयाँ पाठ्यक्रम तयार गरी पि.एस.ओज. बैठकबाट समेत पारित भएकोले सोही कोर्सबाट स्नातक तह उत्तीर्ण गरेका शिक्षार्थीहरूले स्ट्राटेजिक विषयमा माष्टर डिग्री (स्नातकोत्तर) समेत प्राप्त गरेका छन् । हालसम्म यस कलेजबाट नेपाली सेनाका अधिकृत ४१७ जना, सशस्त्र प्रहरी बलका अधिकृत ३ जना, नेपाल प्रहरीका अधिकृत ३ जना र राष्ट्रिय अनुसन्धान विभागका अधिकृत १ जना गरी जम्मा ४२४ जना अधिकृतहरूले कमाण्ड तथा स्टाफ तालिम पुरा गरी सकेका छन् । त्यस्तै गरेर नेपाली सेनाका २०२ जना अधिकृतले गणपति तालिम र ३८ जना अधिकृतले गणपति अभिमुखीकरण तालिम पूरा गरी सकेका छन् । हाल सि.सं. १४ कमाण्ड तथा स्टाफ कोर्समा सशस्त्र प्रहरी बलबाट २ जना र राष्ट्रिय अनुसन्धान विभागबाट १ जना समेत गरी जम्मा ५२ जना अधिकृतहरूले तालिम गरिरहेका छन् । यसका अतिरिक्त यस कलेजले 'UN Peacekeeping' र 'Countering Terrorism' विषयहरूमा सेमिनारहरू सञ्चालन गरिसकेको छ ।[११]

समग्रमा यस कलेजको स्थापनाबाट सेनाको व्यवस्थापन र परिचालनको निमित्त सैनिक अधिकृतहरूलाई कमाण्ड तथा स्टाफ दुवै पक्षमा उच्च र उत्कृष्ट स्तरको तालिम स्वदेशमै गराउनु पर्ने आवश्यकताको परिपूर्ति भएको छ ।

१० केशवराज पौड्याल, "सेनाको गहना-कमाण्ड तथा स्टाफ कलेज", *सिपाही,* वर्ष २७, वि.सं. २०५१, पृ. ७२; लेखक अनुल्लिखित, "शाही नेपाली सैनिक कमाण्ड र स्टाफ कलेजको परिचय", *दि शिवपुरी जर्नल,* वि.सं. २०५२, पृ. ३ र प्रेमसिंह बस्न्यात, *शाही नेपाली सेना र प्रधान सेनापतिहरू,* काठमाडौं: श्रीमती लक्ष्मी वस्न्यात तथा सर्वोच्चमानसिंह वस्न्यात, वि.सं. २०५३, पृ. ११४ ।

श्री प्यारा तालिम शिक्षालय

नेपालमा प्यारा टूपर्सको आवश्यकता महसुस भएपछि प्यारासम्बन्धी तालिम लिन सर्वप्रथम सन् १९६५ अगाष्ट २१ (वि.सं. २०२२ भाद्र ५) मा अधिकृत, पदिक तथा विल्लादार समेत १५ जनाको एक टोली ईजरायलतर्फ प्रस्थान गरेको थियो । सोही साल माघ महिनामा अधिकृत, पदिक र विल्लादार सहित १०० जनाको दोस्रो टोली पनि ईजरायल गएपछि पहिलो पटक गएको शिक्षक टोलीबाट नै तालिम लिई स्वदेश फिर्ता भएपछि सन् १९६६ मार्च २१ (वि.सं. २०२२ चैत्र ८) मा नै प्यारा राइफल गुल्मको स्थापना भयो । यस गुल्मको स्थापना पछि नै नेपालमा प्यारा टुपर्स युनिटको इतिहास प्रारम्भ हुन्छ । यसरी प्यारा राइफल गुल्मको स्थापनाकालमा सोही गुल्मअन्तर्गत सर्वप्रथम प्यारा ट्रेनिङ्ग सेक्सनको रूपमा यस श्री प्यारा तालिम शिक्षालयको स्थापना भएको थियो । यस शिक्षालयको आदर्श वाक्य "तमसोमा ज्योतीर्गमय" रहेको छ ।

नेपाली सेनामा प्यारा अङ्ग स्थापना भएपछि प्यारा जम्प गर्ने पहिलो व्यक्ति (पुरूषमा) तत्कालीन उप-सेनानी चिनियाँवहादुर बस्न्यात, महिलामा सैनिक (नर्स) परिचारीका अन्नपूर्ण कुँवर तथा टेन्डम फ्रि फल जम्प (एउटा प्यारासुटमा २ जना जम्प गर्ने) गर्ने पहिलो व्यक्ति सेनानी प्रज्वल बस्नेत हुन् ।[१२] नेपाली सेनामा पहिलो पटक वि.सं. २०५७ साल फाल्गुण ४ गते भक्तपुर जिल्लाको मनहरा फाँटमा

११ श्री सैनिक कमाण्ड तथा स्टाफ कलेजका सैनिक शिक्षाध्यक्ष सहायक-रथी रामवहादुर गुरूङ्गले वि.सं. २०६४ फाल्गुण १३ मा तयार गरेको "श्री सैनिक कमाण्ड तथा स्टाफ कलेजको परिचय तथा ऐतिहासिक पृष्ठभूमि", परिशिष्ट "क", पृ. १-३ ।

१२ सैनिक सङ्ग्रहालय, छाउनी, काठमाडौंमा भएको अभिलेख अनुसार ।

टेन्डम जम्प भएको थियो । यो प्यारा जम्पमा प्यारासुटमा २ जना मान्छे अडिएर जम्प माष्टरले हवाइजहाजवाट हामफाली आफ्नो समयमा प्यारासुट खोली जमिनमा उत्रने कला हो । एउटा प्यारासुटमा १ जना मात्र मान्छे हामफाल्दै आएकोमा उक्त दिन एउटा प्यारासुटबाट २ जना मान्छे हामफाली राष्ट्रिय इतिहास बनाइएको थियो । सो कार्य सेनानी प्रज्वल बस्नेतले गरेका थिए । उनले साथमा लिएर जम्प गराएका अर्का व्यक्ति जम्प माष्टर सह-सेनानी उज्वल थापा थिए ।

सन् १९६८ (वि.सं. २०२५) मा प्यारा ओभरअल हेडक्वाटर खडा भएपछि प्यारा ट्रेनिङ्ग सेक्सन प्यारा तालिम शिक्षालयमा परिणत भई उक्त हेडक्वाटर अन्तर्गत रहन गयो । सन् १९७६ (वि.सं. २०३३) मा प्यारा शाखा स्थापना भएपछि यो शिक्षालय उक्त शाखाअन्तर्गत रहन गयो । सन् १९८२ (वि.सं. २०३९) मा प्यारा तालिम शाखालाई प्यारा तालिम शिक्षालयमा परिणत गरी यो शिक्षालय श्री बलाधिकृत विभाग (सैनिक विभाग) अन्तर्गत रहन गयो । सन् १९९० (वि.सं. २०४७) मा श्री नं. १० बाहिनी अड्डा खडा भएपछि यस शिक्षालयले उक्त बाहिनीअन्तर्गत रही हालसम्म आफ्नो जिम्मेवारी बहन गरिरहेको छ ।[१३]

श्री बलाधिकृत विभाग (सैनिक समाचार)

सन् १९५२ (वि.सं. २००९) मा श्री बलाधिकृत विभाग (सै.स.) को नामबाट स्थापना भएको थियो ।

यसको मुख्य उद्देश्य राष्ट्रिय सुरक्षामा महत्व राख्ने किसिमका मुलुकभित्र तथा बाहिरका खबर संकलन गर्नु र त्यसको मूल्याङ्कन गरी सम्बन्धितमा वितरण गर्नु हो । यस विभागअन्तर्गत कार्यरत युनिटहरू श्री सैनिक इण्टकोर र श्री सैनिक समाचार शिक्षालय छन् ।[१४] हाल यो विभाग जंगी अड्डामा अवस्थित छ ।

---

१३ श्री प्यारा तालिम शिक्षालयका शिक्षाधिकृत प्रमुख सेनानी शैलेश सिंहले वि.सं. २०६४ फाल्गुण १५ मा तयार गरेको "श्री प्यारा तालिम शिक्षालयको इतिहास" र सिंहप्रताप शाह, "श्री प्याराको सङ्क्षिप्त इतिहास", *सिपाही*, वि.सं. २०२६, पृ. १० ।

१४ श्री बलाधिकृत विभाग (सैनिक समाचार) का बन्दोवस्ती अधिकृत सेनानी हरिबहादुर वस्नेतले वि.सं. २०६५ वैशाख १० मा तयार गरेको "श्री बलाधिकृत विभाग (सै.स.) को सङ्क्षिप्त इतिहास" ।

श्री सैनिक समाचार शिक्षालय

श्री सैनिक समाचार शिक्षालय सन् २००० मार्च १३ (वि.सं. २०५६ फाल्गुण ३०) मा श्री शाही नेपाली सैनिक समाचार शिक्षालय नामाकरण गरी स्थापना भएको हो । यस शिक्षालयको आदर्श वाक्य "ज्ञान अनुमान शक्तिको मुहान" भन्ने रहेको छ ।

नेपाली सेनाले इण्टेलिजेन्स तथा सुरक्षासम्वन्धी जनशक्तिको उत्पादनमा अधिकृत पदिक तथा अन्य दर्जाहरूको निमित्त छुट्टाछुट्टै तालिमहरू सञ्चालन गर्ने गरेको छ । उपरोक्त तालिम श्री वलाधिकृत विभाग (सै.वि.) अन्तर्गत सैनिक शिक्षण पक्षले सञ्चालन गर्दै आएकोमा सन् १९९६-१९९८ (वि.सं. २०५३-२०५५) सम्म श्री वलाधिकृत विभाग (सै.स.) ले सञ्चालन गर्दै आएको थियो । सन् १९९९ (वि.सं. २०५६) बाट उक्त तालिम श्री वीरेन्द्र सैनिक आवासीय महाविद्यालय, भक्तपुर सल्लाघारीमा सञ्चालन हुँदै आएको थियो । राष्ट्रिय सुरक्षासम्वन्धी योजनाको तर्जुमा गर्नमा सहयोग पुऱ्याउने दक्ष समाचार सङ्कलनकर्ताहरूको उत्पादन कार्य निमित्त एउटा ठोस स्थायी तथा श्रोत साधन सम्पन्न शिक्षालयको आवश्यकता महसुस गरी भविष्यमा नेपाली सेनाले निभाउनु पर्ने भूमिकालाई मध्यनजर राख्दै नेपाली सेनाको लागि आवश्यक खवरहरू उपलव्ध गराउन सक्ने क्षमतावान जनशक्ति उत्पादन गर्न सक्ने शिक्षालयको रूपमा श्री वलाधिकृत विभाग (सै.स.) को तालिम तथा शिक्षा शाखालाई श्री वलाधिकृत विभाग (सै.स.) अन्तर्गत अनाश्रित रूपमा रही कार्य गर्ने गरी यस शिक्षालयको स्थापना भएको हो । सन् २००० मार्च १५ (वि.सं. २०५६ चैत्र २) मा श्री शाही नेपाली सैनिक समाचार शिक्षालयवाट श्री सैनिक समाचार शिक्षालय नामाकरण गरिएको छ । सन् २००४ मे ७ (वि.सं. २०६१ वैशाख २५) बाट यस शिक्षालय सल्लाघारी, भक्तपुरबाट स्थानान्तरण भई खरीपाटी, लप्टनडाँडास्थित नवनिर्मित आफ्नै व्यारेक हाताभित्र रही इन्टेलिजेन्स तथा सुरक्षासम्बन्धी विभिन्न तालिमहरू सञ्चालन गर्दै आइरहेको छ ।

स्थापनादेखि हालसम्म यस शिक्षालयले नेपाली सेनाको लागि आवश्यक विभिन्न किसिमका इन्टेलिजेन्स र सुरक्षासम्वन्धी तथा आवश्यकताअनुसार केही संख्यामा ट्याक्टिकल तालिमहरू समेत सञ्चालन गर्दै आएको छ । तालिममा स्तरीयता ल्याउन तथा दक्ष इण्टेलिजेन्स जनशक्ति तयार गर्नको लागि तालिम, सामग्रीलगायतमा विशेष गरी भारत, वेलायत र अमेरिकावाट समय-समयमा सहयोग समेत प्राप्त हुँदै आइरहेको छ ।[१५]

---

१५ श्री सैनिक समाचार शिक्षालयका शिक्षाधिकृत प्रमुख सेनानी भरत प्रसाद पाठकले वि.सं. २०६४ श्रावण १७ मा तयार गरेको "श्री सैनिक समाचार शिक्षालय, लप्टनडाँडा, भक्तपुर, सङ्क्षिप्त इतिहास", पृ. १-८ ।

श्री सैन्य तालिम केन्द्र

श्री सैन्य तालिम केन्द्र सन् १९८१ डिसेम्वर २९ (वि.सं. २०३८ पौष १४) मा स्थापना भएको हो । यसको आदर्श वाक्य "गरौं सेवा देशको" रहेको छ ।

सन् १९५४ (वि.सं. २०१०) मा दलेल तालिम केन्द्र (Recruit Training Center) स्थापना भएको थियो जसलाई सैन्य तालिम सम्बन्धी सम्पूर्ण जिम्मेवारी दिइएको थियो । त्यसवेला तालिम केन्द्रमा भएका छ वटा मध्ये "ए", "वि" र "इ" गरी ३ वटा गुल्महरूमध्ये 'ई' भक्तपुर सल्लाघारी, "सि" गुल्म धरान र "डि" गुल्म बुटवलमा कार्यरत थिए । सन् १९७३ (वि.सं. २०३०) मा यस केन्द्रलाई श्री कालीबक्स नामाकरण गरिनुका साथै सैन्य तालिम कै जिम्मेवारी दिइएको थियो । सन् १९८१ डिसेम्वर २९ (वि.सं. २०३८ पौष १४) मा श्री कालीवक्स गणलाई श्री सैन्य तालिम केन्द्रमा परिवर्तन गरियो र एक गुल्म थप गरी गुल्महरूको संख्या ६ पुऱ्याइयो । सन् १९८२ डिसेम्वर २९ (वि.सं. २०३९ पौष १४) मा पुनः २ वटा थप भई ८ वटा गुल्म हुन पुग्यो जसमध्ये एउटा गुल्मलाई नेपालगञ्जमा तैनाथ गरियो । सन् १९८५ (वि.सं. २०४२ पौष) मा यस तालिम केन्द्रलाई भक्तपुरबाट त्रिशुलीमा स्थानान्तरण गरियो । पछि एउटा दिपायलमा तैनाथ भएपछि यसमा ४ वटा गुल्महरू रहन गए । सन् १९८७ डिसेम्वर २९ (वि.सं. २०४४ पौष १४) मा पुनः एक गुल्म थप हुन गई केन्द्रमा गुल्महरूको संख्या ५ हुन पुग्यो । हाल यस केन्द्रअन्तर्गत ९ तालिम केन्द्र तथा ९ सैन्य तालिम गुल्महरू रहेका छन् जसमध्ये नं. २,३,४ र ५ सैन्य तालिम गुल्महरू क्रमशः धनकुटा, बुटवल, सुर्खेत र धनगढीमा रहेका छन् भने नं. १,६,७,८ र ९ गरी ५ सैन्य तालिम गुल्महरू त्रिशुलीमा कार्यरत छन् ।[१६] स्थापनाकालदेखि हालसम्म यस सैन्य तालिम केन्द्रले ५०,००० सिपाही उत्पादन गरिसकेको छ, जसमध्ये १९९ जना महिला छन् ।

नेपाली सेनामा प्रवेश गरेका नवनियुक्त सैन्यहरूलाई सैन्य आधार तालिम दिई योग्य सिपाही बनाउने अभिभारा बोकेको यस तालिम केन्द्रले "बगाए पसिना तालिममा बग्ने छैन रगत रणभूमिमा" भन्ने उक्तिलाई आत्मसात गर्दै सेनाहरूलाई आफ्नो पेशासम्बन्धी विविध विषयका आधारभूत ज्ञान दिलाई तालिम सञ्चालन गर्दछ । सैन्य आधार तालिममा सैन्य जवानहरूलाई शारिरीक तालिम, ड्रिल, पि.टि., हतियार तालिम, फिल्ड क्राफ्ट, ब्याटल क्राफ्ट, युद्धकला, सिग्नल, स्वास्थ्य, फिल्ड इन्जिनियरिङ्ग, प्रतिविद्रोह, मानव अधिकार तथा संयुक्त राष्ट्रसंघसम्बन्धी विषयहरूमा ज्ञान दिलाइन्छ । "जग बलियो भएमा मात्र घर बलियो हुन्छ, सिपाही बलियो भएमा मात्र सेना बलियो हुन्छ" भन्ने यथार्थतालाई ध्यानमा राखी यस केन्द्रले सैन्यहरूलाई गुणस्तरीय तालिम दिन सदैव तल्लिन रहेको छ । देशका विभिन्न क्षेत्रबाट विविध शैक्षिक योग्यता, बौद्धिक स्तर, भाषा र संस्कृति भएका गैर सैनिक व्यक्तिहरूलाई सेनाको आधारभूत सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरी देश र जनताप्रति बफादार, अनुशासित र कर्तव्यपरायण सिपाही तयार गर्ने जस्तो चुनौतीपूर्ण कार्यलाई मुख्य कार्य सम्भिm यस तालिम केन्द्रले आफ्नो अलग पहिचान दिदै आफू अवस्थित नुवाकोट जिल्लाको विभिन्न विकास निमार्णमा पनि ठूलो योगदान पुऱ्याउँदै आएको छ ।

१६ श्री सैन्य तालिम केन्द्रका केन्द्रपति महासेनानी विश्वनाथ घिमिरेले वि.सं. २०६४ श्रावण ९ मा तयार गरेको "श्री सैन्य तालिम केन्द्रको इतिहास" ।

श्री नं. २ सैन्य तालिम गुल्म

श्री नं. २ सैन्य तालिम गुल्म सन् १९८२ मे १५ (वि.सं. २०३९ जेष्ठ १) मा त्यस बखत रिक्रुट तालिम गराउने श्री कालीबक्स गण भक्तपुरमा रहँदा उक्त गणबाट अलग भई सुनसरी, धरान फुस्रेस्थित श्री कालीबक्स गण नं. ४ गुल्मको नामले स्थापना भएको थियो । त्यसबेला गुल्मको कमाण्ड कन्ट्रोल श्री कालीबक्स गणबाट र बन्दोबस्तीमा श्री नं. २ बाहिनी अड्डाबाट हुँदै आएको थियो । पछि सैन्य तालिम केन्द्र स्थापना भएपश्चात् यसको नाम श्री नं. २ सैन्य तालिम गुल्म नामाकरण भयो ।[१७] श्री नं. २ बाहिनी अड्डा हालको स्थानमा स्थानान्तरण भई आएपछि यो गुल्म पनि धनकुटा, सल्लेरीमा रहेको थियो । तत्पश्चात् सन् १९८९ सेप्टेम्वर २२ (वि.सं. २०४६ आश्विन ६) बाट यो श्री महेन्द्र सैनिक शिविर, हिले, धनकुटामा रहदै आएको छ । यस गुल्मको आदर्श वाक्य "गरौं सेवा देशको" रहेको छ ।

नेपाली सेनाको लागि आवश्यक पर्ने सैनिक मापदण्डअनुसारको परीक्षामा उत्तीर्ण भएका सैन्य जवानहरूलाई यस तालिम गुल्ममा करिव ९ महिनासम्म सेनामा आवश्यक पर्ने सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिइन्छ । यस कार्यलाई तीन चरणमा पूरा गराइन्छ । हालसम्ममा यस गुल्मले सि.सं. ३५ औं ब्याचसम्म लगभग ५६३३ सैन्य जवानहरू पास आउट गराई आ-आफ्नो कार्य क्षेत्रमा

१७ श्री नं. २ सैन्य तालिम गुल्मले वि.सं. २०६४ फाल्गुण १ मा फ्याक्स नं. ३८४४-१०१४१४ बाट प्रेसित "श्री नं. २ सैन्य तालिम गुल्मको सङ्क्षिप्त इतिहास" ।

पठाइसकेको छ। साथै यस गुल्ममा शिक्षण कार्यको लागि विभिन्न युनिटहरूबाट ई.आर.ई. (Extra Regimental Instructor) काजमा शिक्षकहरू खटिई आउने हुँदा, शिक्षक रेफ्रेसर तालिम दिइने र योग्य शिक्षकहरूलाई मात्र सैन्य आधार तालिममा शिक्षकको रूपमा खटाउने गरिएको छ।

नेपाली सेनाको जग तथा आधारस्तम्भको रूपमा रहेका सिपाहीहरू तयार पार्ने गहन जिम्मेवारी बोकेको श्री नं. २ सैन्य तालिम गुल्मले "बगाए पसिना तालिममा बग्ने छैन रगत रणभूमिमा" भन्ने महान उक्तिलाई आत्मसात गरेको पाइन्छ। फलस्वरुप यहाँ प्रशिक्षित सैनिकहरु शारिरीक एवम् मानसिक सहिष्णुता, पेशागत दक्षता, अनुशासन, आत्मविश्वास, अभिप्रेरित तथा आक्रमक जोश जस्ता सैनिक गुण सम्पन्न भएका छन्। त्यस्तै यस गुल्मले जुनसुकै स्थानमा परिचालन, तैनाथ तथा सैनिक कारवाही सञ्चालन गर्न सक्ने दक्ष सिपाही उत्पादन गर्नमा विशेष योगदान गरेको छ।[१८]

श्री नं. ३ सैन्य तालिम गुल्म

तत्कालीन ट्रेनिङ्ग सेन्टर "सि" गुल्मको रूपमा रहेको श्री नं. ३ सैन्य तालिम गुल्म सन् १९५२ (वि.सं. २००९) मा भक्तपुरबाट स्थानान्तरण भई भैरहवास्थित श्री शेर गणमा रही सैन्यहरूलाई तालिम दिने काम गरेको थियो। सन् १९६८ मार्च २२ (वि.सं. २०२४ चैत्र ९) मा यो भैरहवाबाट बुटवल खस्यौलीमा तैनाथ रही वार्षिक योजना अनुसार १२५ जना सैन्यहरूलाई तालिम दिँदै आइरहेकोमा हाल उक्त संख्या बढ्न गई १७५ पुगेको छ। सैन्य तालिमलाई बढी प्रभावकारी र समयानुकूल ढङ्गबाट सञ्चालन गर्ने उद्देश्यले यस श्री नं. ३ सैन्य तालिम गुल्म श्री कालीबक्स गणअन्तर्गत रही आएकोमा सन् १९८२ डिसेम्वर २९ (वि.सं. २०३९ पौष १४) बाट श्री सैन्य तालिम केन्द्रअन्तर्गत रहँदै आएको छ। श्री नं. ३ बाहिनी अड्डाको नीतिअनुरूप गुल्म स्थानान्तरण हुने क्रममा यो गुल्म सन् १९८६ (वि.सं. २०४३) मा बुटवलबाट पोखरामा स्थानान्तरण भएको थियो। करिव ३ वर्ष पोखरामा रही यो गुल्म सन् १९८९ (वि.सं. २०४६) मा पुनः बुटवलमा नै फर्केको थियो।[१९]

१८ ऐजन।
१९ श्री नं. ३ सैन्य तालिम गुल्मले वि.सं. २०६४ चैत्र २७ मा मेसेज वि.टि./६०८-२७०९५५ बाट प्रेसित "श्री नं. ३ सैन्य तालिम गुल्मको इतिहास"।

यस गुल्मले आफ्नो आधार क्षेत्रबाट नेपाली सेनामा नव प्रवेश गरेका सैन्यहरूलाई सैन्य आधार तालिम दिएर दक्ष सिपाही उत्पादन गर्ने कार्यमा ठूलो योगदान दिइरहेको छ। हाल बुटवलमा तैनाथरत यो गुल्म दुईतर्फि कमाण्डबाट सञ्चालित छ। प्रमोशन, पोस्टिङ्ग, राजीनामा, शान्ति सेना तथा तालिममा एकरूपता ल्याउन यसले श्री सैन्य तालिम केन्द्रसँग समन्वय गर्दछ भने श्री नं. २२ बाहिनी अड्डासँग यसले अप्रेशनललगायतका कार्यहरू गर्दै आएको छ।[२०]

यस श्री नं. ३ सैन्य तालिम गुल्मका गुल्मपतिको कार्यभार सह-सेनानी चन्द्रबहादुर बस्नेत, उप-सेनानी राजेन्द्र कुमार खड्का, सह-सेनानी ख्वासबहादुर थापा, उप-सेनानी केदारनाथ उपाध्याय, सेनानीहरू इन्द्रबहादुर अधिकारी, जितबहादुर गुरूङ, यज्ञबहादुर थापा, हेमजंग थापा, सुवर्णबहादुर शाह, बुद्धिजंग पाँडे, उपेन्द्रजंग कुँवर, अम्बरबहादुर था.म., प्रभु कुमार विष्ट र राजेश शम्शेर ज.ब.रा. ले सम्हाली सक्नुभएको छ। हाल यस गुल्मका गुल्मपति सेनानी अनिल बहादुर मल्ल हुनुहुन्छ।

श्री नं. ४ सैन्य तालिम गुल्म

श्री नं. ४ सैन्य तालिम गुल्म विगत श्री कालीबक्स गण भक्तपुरमा तैनाथ रहँदा उक्त गणको इन्जिनियर कम्पनी रहेको थियो। भक्तपुरमा रहँदा श्री कालीबक्स गण सैन्य तालिम केन्द्र रहेको कारण उक्त गणले नै सैन्य आधार तालिम गराउने गरेको थियो। सन् १९८१ डिसेम्वर २९ (वि.सं. २०३८ पौष १४) मा श्री कालीबक्स गणबाट छुट्टिएर श्री सैन्य तालिम केन्द्र स्थापना भयो। यो गुल्म श्री कालीबक्स गण इन्जिनियर कम्पनीवाट सन् १९८१ डिसेम्वर २९ (वि.सं. २०३८ पौष १४) मा श्री सैन्य तालिम केन्द्रको नं. ४ सैन्य तालिम गुल्ममा परिणत भयो।[२१] यस गुल्मको आदर्श वाक्य "गरौं सेवा देशको" रहेको छ।

सन् १९८१ देखि १९८७ (वि.सं. २०३८ देखि २०४४) सम्म नेपालगञ्जमा यो गुल्मले सि.सं. १ देखि सि.सं. ९ सम्म करिव १६०० जनालाई तालिम प्रदान

२० ऐजन।
२१ श्री नं. ४ सैन्य तालिम गुल्मले वि.सं. २०६४ चैत्र ४ मा मेसेज डब्लु.डि./९३५०-०३१६३० वाट प्रेसित "श्री नं. ४ सैन्य तालिम गुल्मको इतिहास"।

गरेको थियो । सन् १९८७ जुन ४ (वि.सं. २०४४ जेष्ठ २१) मा श्री नं. ४ बाहिनी अड्डा तैनाथ रहेको सुर्खेत जिल्लास्थित नेवारे व्यारेकमा तैनाथ रही यसले सि.सं. १० र ११ व्याचका करिब ३५० जना सैन्य जवानहरूलाई तालिम दिई सन् १९८८ डिसेम्वर ६ (वि.सं. २०४५ मंसीर २१) देखि हालसम्म श्री नं. ४ बाहिनीको हाताभित्र रहेको कपासे व्यारेकमा रहँदै आएको छ। यस गुल्मले कपासे व्यारेकमा तैनाथ रहेपश्चात् सि.सं. १२ देखि सि.सं. ३८ सम्मका करिव ४५५० जनालाई सैन्य आधार तालिम दिइसकेको छ । यस गुल्मको जिम्मेवारी मध्यपश्चिम पृतनाअन्तर्गत नयाँ भर्ना भई आउने सैन्य जवानहरूलाई सैन्य आधार तालिम गराउनुका साथै सैन्य आधार तालिमको लागि खटिई आउने शिक्षक लगायत गुल्ममा कार्यरत सकल दर्जाहरूलाई रिफ्रेसर तालिम गराई आफ्नो कार्य दक्षता, लगनशिलता, अनुशासन र सिपमा वृत्ति विकास गराउनु रहेको छ ।[२२]

श्री नं. ५ सैन्य तालिम गुल्म

नेपाली सेनामा प्रवेश गरेका नवनियुक्त सैनिकलाई सैन्य आधार तालिम दिई योग्य सिपाही उत्पादन गर्ने मुख्य लक्ष्य लिई श्री सैन्य तालिम केन्द्र लगायत १,२,३,४,५,६,७,८ र ९ सैन्य तालिम गुल्महरू कालीबक्स गणको नामबाट सन् १९८१ डिसेम्बर २९ (वि.सं. २०३८ पौष १४) मा भक्तपुर सल्लाघारीमा स्थापना भएको थियो। सबै क्षेत्रबाट नेपाली सेनामा समान रूपमा प्रवेश पाउने र सबै क्षेत्रमा तालिम सञ्चालन होस् भन्ने नेपाली सेना जंगी अड्डाको भावना र निर्देशनअनुसार यस श्री नं. ५ सैन्य तालिम गुल्म भक्तपुरीस्थत श्री सैन्य तालिम केन्द्रबाट छुट्टिएर स्थानान्तरण भई सन् १९८६ जनवरी १८ (वि.सं. २०४२ माघ ५) बाट डोटी जिल्लाको दिपायलस्थित श्री नं. ५ बाहिनीको हाताभित्र तैनाथ भई सैन्य आधार तालिम सञ्चालन कार्य गरिरहेको थियो। सन् २००५ अप्रिल १४ (वि.सं. २०६२ वैशाख १) मा श्री नं. ५ बाहिनी अड्डा दिपायलबाट स्थानान्तरण भई कैलाली जिल्लामा तैनाथ भएपछि सन् २००५ अगष्ट १७ (वि.सं. २०६२ भाद्र १) बाट यस गुल्म पनि श्री सुदूर पश्चिम पृतना हेडक्वाटरको हाताबाट स्थानान्तरण भई कैलाली जिल्लामा तैनाथरत छ ।[२३] यस गुल्मको आदर्श वाक्य "गरौं सेवा देशको" रहेको छ ।

२२ *ऐजन।*

२३ श्री नं. ५ सैन्य तालिम गुल्मले वि.सं. २०६४ चैत्र ८ मा फयाक्स नं. एस.एफ./३५८२-०७१६०२ बाट प्रेसित "श्री नं. ५ सैन्य तालिम गुल्मको इतिहास"।

नेपाली सेनामा जागिर खाई देशको सेवा गर्ने संकल्प बोकेका नयाँ सैनिकलाई विविध पक्षमा तालिम दिँदै आएको छ । यसैक्रममा यसले सि.सं. १ सैन्य आधार तालिमबाट हालसम्म सि.सं. २७ का सैन्यहरूलाई तालिम दिइसकेको छ । फलस्वरुप यहाँबाट हालसम्म जम्मा ४००७ जना तालिम प्राप्त सिपाही विभिन्न युनिटमा खटिई सकेका छन् ।

यस श्री नं. ५ सैन्य तालिम गुल्मको कमाण्ड गुल्मपतिको रूपमा सह-सेनानीहरू यज्ञबहादुर थापा, विरबहादुर चन्द, दुर्गामणी राई, मुकुन्दबहादुर थापा, सुरेन्द्र सिंह रावल, महेश अर्याल, सेनानीहरू लिलाधर चौधरी, दिपेन्द्र भारती, गणेशबहादुर पाल, रूद्रबहादुर थापा र प्रकाश थापाले सम्हाली सक्नुभएको छ ।

श्री बलाधिकृत विभाग (मिन्हा मोजरा)

मिन्हा मोजरा कार्यालयको स्थापना सन् १९५३ (वि.सं. २०१०) मा भएको हो । त्यसबेला यो कार्यालयको नाम मिन्हा मोजरा फाँट थियो । सन् १९५८ (वि.सं. २०१५) मा यस कार्यालयको नाम अडिटर एकाउन्ट (अ.ए.) मिन्हा मोजरा फाँटमा परिणत भयो । सन् १९६९ नोभेम्वर २५ (वि.सं. २०२६ मंसीर १०) मा प्रकाशित सैनिक आदेशमा प्रबन्धरथी विभाग (मिन्हा मोजरा) भनि उल्लेख हुनुको अतिरिक्त कार्यालयमा लेखिएका पत्रहरूमा अ.ए. (मि.मो.) फाँट भनी उल्लेख भएको पाइन्छ। सन् १९७० जनवरी १३ (वि.सं. २०२६ पौष २९) मा प्रकाशित सैनिक आदेशमा बलाधिकृत विभाग (मि.मो.) भनी नामाकरण भएको पाइन्छ ।

निर्देशनालय, विभाग, पृतना, बाहिनी, गण, गुल्म तथा डिपोहरूमा भएका हातहतियार, उक्त हतियारका पार्टपूर्जा, नियन्त्रित सामानहरू तथा भेहिकलमा जडान भएका टायर ट्युव, व्याट्री, हुट तथा अन्य पार्टपूर्जाहरूको सम्बन्धित युनिटहरूबाट कोर्ट अफ इन्क्वायरी गरी तालुक अड्डा हुँदै यस विभागमा प्राप्त हुन्छ । तत्पश्चात् उक्त टुटफुट भएका हातहतियारहरूका पार्टपूर्जा, नियन्त्रित सामान तथा भेहिकलका सामानहरू र कार्य विवरण फारामहरू यस विभागका विभागिय प्रमुख श्री बलाधिकृतमा पेश गरी स्वीकृती प्राप्त भएपछि हतियार र हतियारका पार्टपूर्जा र नियन्त्रित सामानहरू सैनिक आदेशमा प्रकाशित हुने र भेहिकलका टायर ट्युव, व्याट्री, हुट तथा अन्य सामानहरू मिन्हा भएको जानकारी

यस विभागबाटै चिठ्ठीबाट सम्बन्धित युनिटहरूलाई दिई कार्य सम्पादन हुने गरेको छ ।[२४]

श्री बलाधिकृत विभाग (व्यवस्था तथा युद्धकार्य) ग्यारिजन सम्पर्क कार्यालय

तत्कालीन श्री ५ को सरकारको सन् १९७४ जुलाई १९ (वि.सं. २०३१ श्रावण ४) को निर्णय बमोजिम नेपाली सेनाअन्तर्गत परिचालन हुने गरी "ग्यारिजन खडा गर्ने नियमहरू २०३१" अनुसार हालको नं. १ ग्यारिजन गण स्थापना भएको देखिन्छ । नेपाल राष्ट्रको ऐतिहासिक र सामरिक महत्वका विभिन्न संवेदनशील स्थान, निकाय, सञ्चार, औद्योगिक प्रतिष्ठानहरूको नेपाली सेनाबाट भरपर्दो सुरक्षा व्यवस्था मिलाउन ग्यारिजन सेवातर्फ नं. २ खडा गरी उल्लेखित सुरक्षा कार्यमा खटाउने र दुवै ग्यारिजन गणहरूको व्यवस्थापन, तालिम, बन्दोबस्ती र सेवा सुविधा (वेलफेयर) हेर्ने जिम्मेवारी दिने गरी तत्कालीन श्री ५ को सरकारले ग्यारिजन सम्पर्क कार्यालय स्थापना गर्ने निर्णय गरेको थियो । सो अनुरूप नेपाली सेना अन्तर्गत श्री बलाधिकृत विभाग (व्यवस्था तथा युद्धकार्य महानिर्देशनालय) को मातहतमा रहने गरी ग्यारिजन सम्पर्क कार्यालयको स्थापना सन् १९९९ मार्च १५ (वि.सं. २०५५ चैत्र १) मा भएको हो ।

ग्यारिजन सम्पर्क कार्यालयको प्रमुख जिम्मेवारी निम्नअनुसार छन् ;[२५]

(क) ग्यारिजन फौज तथा जंगी अड्डाबीच समन्वय तथा सम्पर्क गर्ने,

(ख) ग्यारिजन सेवाको अपरेशनल रेडिनेस स्तर, अपरेशनल डिप्लोएमेन्ट तथा अन्य अपरेशनल विषय सम्बन्धमा अन्तर्गतका युनिट/सब युनिटहरूको निरीक्षण तथा मुल्याङ्कन गर्ने र आवश्यकताअनुसार सुधारको निमित्त निर्देशन दिने,

२४ श्री बलाधिकृत विभाग (मिन्हा मोजरा) का शाखा अधिकृत राम प्रसाद शर्माले वि.सं. २०६४ फाल्गुण १४ मा तयार गरेको "श्री बलाधिकृत विभाग (मि.मो.) को सैनिक इतिहास", परिशिष्ट "क" ।

२५ श्री बलाधिकृत विभाग (व्यवस्था तथा युद्धकार्य) ग्यारिजन सम्पर्क कार्यालयका महासेनानी उज्वलसिंह बस्न्यातले वि.सं. २०६४ फाल्गुण ८ मा तयार गरेको "बलाधिकृत विभाग (व्य.यु.) ग्यारिजन सम्पर्क कार्यालयको इतिहास", परिशिष्ट "क", पृ. १-३ ।

(ग) ग्यारिजन सेवाको लागि आवश्यक पर्ने स्रोत, साधन तथा अन्य विविध कुराहरू उपलब्ध गर्न नेपाली सेनाका सम्बन्धित अङ्गहरूसँग समन्वय गरी परिपूर्ति गर्ने,

(घ) सकल दर्जाको सेवा सुविधा, हौसला, अनुशासन तथा बन्दोबस्ती सम्बन्धमा जिम्मेवार रहने,

(ङ) ग्यारिजन सेवालाई आवश्यक पर्ने बजेटको योजना, सञ्चालन र नियन्त्रण गर्ने र

(च) ग्यारिजन सेवाले आ-आफ्नो जिम्मेवारी अनुरूप बहन गरी रहेको कार्य लक्ष्यमूलक र प्रभावकारी बनाउन सबै सम्बन्धित निकायहरूसँग समन्वय गरी तालिम योजना बनाउने तथा कार्यान्वयनको लागि पहल गर्ने ।

माथि उल्लेखित सम्पर्क कार्यालयको जिम्मेवारीको अतिरिक्त ग्यारिजन गणहरूले डियुटी लिइरहेको नेपाल राष्ट्र बैंक, रेडियो नेपाल, नेपाल टेलिकम तथा नेपाल आयल निगमहरूसँग समन्वय गरी सुरक्षालाई अतिआवश्यक पर्ने श्रोत र साधन सम्बन्धमा छलफल तथा सुधार गर्दै आइरहेको छ ।

श्री महत्वपूर्ण संरचना तथा औद्योगिक सुरक्षा सम्पर्क कार्यालय

देशको महत्वपूर्ण संरचना तथा औद्योगिक प्रतिष्ठानको सुरक्षार्थ चरणवद्ध रूपमा फौज तैनाथ गर्ने सम्बन्धमा तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को सन् २००२ डिसेम्बर ५ (वि.सं. २०५९ मंसीर १९) को निर्णय बमोजिम श्री महत्वपूर्ण संरचना तथा औद्योगिक सुरक्षा सम्पर्क कार्यालय, जंगी अड्डा, काठमाडौंमा खडा भएको हो ।[२६]

हालसम्म देशका विभिन्न स्थानमा रहेका संरचनाहरू (विमानस्थल, दूरसञ्चार एक्सचेन्ज तथा रिपिटर टावरहरू, आयल निगम भण्डारहरू, जलविद्युत गृह, खानेपानी तथा सिंचाइ आयोजना) सुरक्षार्थ खटाइने अभिप्रायले यस कार्यालय खडा गरिएको हो । यो कार्यालय श्री बलाधिकृत विभाग (व्य.यु.म.नि.को का.) अन्तर्गत कार्यरत छ ।

२६ श्री महत्वपूर्ण संरचना तथा औद्योगिक सुरक्षा सम्पर्क कार्यालयका प्रमुख सेनानी भरत दुलालले वि.सं. २०६४ फाल्गुण २९ मा तयार गरेको "श्री महत्वपूर्ण संरचना तथा औद्योगिक सुरक्षा सम्पर्क कार्यालयको इतिहास" ।

बलाध्यक्ष विभाग
अन्तर्गतका अङ्गहरू

श्री शान्ति सेना सञ्चालन निर्देशनालय[२७]

नेपाल सरकारको नीति र संयुक्त राष्ट्रसंघको अनुरोधअनुसार नेपाली सेनाले शान्ति सेनाको रूपमा विभिन्न राष्ट्रहरूमा भाग लिई विश्वमा शान्ति स्थापना गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । विश्वमा बढ्दो शान्ति सेनाको माग र नेपाली सेनाको सहभागितालाई समेत मध्यनजर राखी यसको प्रभावकारी सञ्चालनका निमित्त सन् १९८४ अगष्ट १७ (वि.सं. २०४१ भाद्र १) मा श्री शान्ति सेना सञ्चालन निर्देशनालयको स्थापना गरिएको थियो । पहिलो निर्देशक भएर सहायक रथी चीनीयाँबहादुर बस्न्यातले यस निर्देशनालय खडा गर्नु भएको थियो । श्री बलाध्यक्ष विभागअन्तर्गत रहको यस निर्देशनालयमा योजना तथा तालिम शाखा, सि.ओ.ई. म्यानेजमेन्ट तथा रिइम्वर्समेन्ट (COE Management and Reimbursement) शाखा र लेखा शाखा रहेका छन्। यस श्री शान्ति सेना सञ्चालन निर्देशनालयअन्तर्गत श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र कार्यरत छ ।

संयुक्त राष्ट्रसंघबाट अनुरोध भएअनुसार सर्वप्रथम सन् १९५८ (वि.सं. २०१५ जेष्ठ) मा नेपाली सेनाबाट युनाइटेड नेशन अब्जर्भर ग्रुप इन लेवनान (UNOGIL) मा ५ जना सैनिक पर्यवेक्षक संलग्न गराइएको थियो । तत्पश्चात् हालसम्म (सन् २००८/वि.सं. २०६४ चैत्र ३) अरू ३२ वटा मिशनहरूअन्तर्गत लेवनान, साइनाई, युगोस्लाभिया, सोमालिया, हाइटी, इराक, पूर्वी टिमोर, सियरालियोन, कंगो, लाइवेरिया, बुरूण्डी, भारत-पाकिस्तान, पाकिस्तान-अफगानिस्तान, कुवेत-इराक, साईप्रस, सुडान, आइभोरीकोष्ट, ताजकिस्तान, इजरायल, इराक, पूर्वी स्लोभेनिया, मेसिडोनिया, प्रेभाल्का, कोसोभो, इथियोपिया-इरीट्रया, कोटेडिभोरी, इजरायल-सिरिया, जर्जिया र चाडमा सहभागि भएका छन् । सन् १९७४ (वि.सं. २०३०) मा साइनाई मरूभूमिमा शान्ति स्थापना कार्यको लागि पहिलो नेपाली कन्टिन्जेण्टको रूपमा ५७१ जनाको संख्यामा श्री पुरानो गोरख गण खटिएको थियो । हालसम्म नेपाली सेनाबाट जम्मा ६४,६१६ जनाले संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति स्थापनाको कार्यमा विभिन्न क्षेत्र र ओहोदामा रही कार्य गरिसकेका छन्। त्यसैगरी विभिन्न कन्टिन्जेण्टमा नेपाली सेनाबाट सहभागि हुँदा मृत्यु भएका व्यक्तिहरूको

---

२७ श्री शान्ति सेना सञ्चालन निर्देशनालयका सह-सेनानी राजेन्द्र कार्कीले वि.सं. २०६४ माघ ३ मा तयार गरेको "शान्ति सेना सञ्चालन निर्देशनालय, जंगी अड्डा, नेपाली सेनाको विभिन्न मिशनहरूमा सहभागिता परिचय २०६४ साल आषाढ २० गते तक", पृ. १-१३ र बस्न्यात, पादटिप्पणी संख्या १०, पृ. १५७-१६८ ।

संख्या ५४ रहेको छ । यस पक्षमा थप जानकारी गराउने उद्देश्यले बुँदागत रुपमा निम्न विवरण प्रस्तुत गरिएको छ ;

नेपाली सेनाको शान्ति सेनामा सहभागिता

(क) यु.एन.बाट अनुरोध भई आएअनुसार सर्वप्रथम सन् १९५८ मा नेपाली सेनाबाट UNOGIL (Lebanon) मा ५ जना सैनिक पर्यबेक्षक संलग्न गराइएको थियो ।

(ख) सन् १९७४ UNEF -II (Sinai Desert Egypt) मा शान्ति स्थापना कार्यको निमित्त पहिलो नेपाली कन्टिनजेण्टको रूपमा श्री पुरानो गोरख गण खटिएको थियो ।

(ग) हालसम्म नेपाली सेनाबाट सहभागी भएका मिशनहरू निम्न छन् :-

(१) UNOGIL - (LEBANON), 12 June,1958
(२) UNIPOM (INDIA/PAKISTAN), 28 Sept., 1966
(३) UNEF - II (SINAI), 1974
(४) UNIFIL (LEBANON), 12 June 1978
(५) UNMOT (TAJIKISTAN), 27 Apr.,1989
(६) UNGOMAP I-II & OSGAP I-III (PAKISTAN/AFGHANISTAN), 04 May 1989
(७) UNIKOM (KUWAIT/IRAQ), 01 Apr., 1991
(८) UNMIH (HAITI), 06 Aug., 1991
(९) UNTSO (ISRAEL), 18 Oct.,1992
(१०) UNISOM-II(SOMALIA), 24 Oct., 1993
(११) UNPF/UNPROFOR FORMER YUGOSLAVIA), 11 Mar., 1994
(१२) UNGCI (IRAQ), 27 Jan., 1995
(१३) UNTAES (EASTERN SLOVENIA), 15 Apr., 1996

(१४) UNPREDEP (MACEDONIA), 21 July, 1996
(१५) UNOMIL (LIBERIA), 23 Nov., 1996
(१६) UNMOP (PREVALAKA) 12 Aug., 1998
(१७) UNMIK (KOSOVO), 11 July, 1999
(१८) UNOMSIL & UNAMSIL (SIERRA LEONE), 18 Sept., 1999
(१९) MONUC (CONGO), 15 Oct., 1999
(२०) UNAMET, UNTAET & UNMISET (EAST TIMOR), 29 Nov., 1999
(२१) UNFICYP (CYPRUS), 15 Dec.,1999
(२२) UNMEE (ETHIOPIA/ERITREA), Sept., 2000
(२३) MINUCI (IVOIRE COAST), June, 2003
(२४) UNOCI (COTE D'IVOIRE), 18 June, 2003
(२५) UNMIL (LIBERIA), 2003
(२६) UNDOF (ISRAEL/SYRIA), 18 Jan., 2004
(२७) MINUSTAH (HAITI), 2004
(२८) ONUB (BURUNDI), 2004
(२९) UNMIS (SUDAN), 2004
(३०) UNIFIL (LEBANON), 2006
(३१) UNOMIG (GEORGIA), 2007
(३२) MINURCAT (CHAD), 2008

(घ) सन् १९५८ (वि.सं. २०१५) देखि हाल सन् २००८ मार्च १६ (वि.सं. २०६४ चैत्र ३) सम्म नेपाली सेनाबाट जम्मा ६४,६१६ जनाले संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति स्थापनाको कार्यमा विभिन्न क्षेत्र र ओहोदामा रही कार्य गरिसकेका छन् ।

हाल UNHQ न्युयोर्क लगायत मिशनहरूमा सैनिक पर्यवेक्षक तथा स्टाफ अधिकृतमा कार्यरत अधिकृत, पदिक

सि.नं.	मिशनहरू	सैनिक पर्यवेक्षक	हे.क्वा. स्टाफ	कैफियत
१.	UNHQ (NEW YORK)	-	२	Planning Officer & Peacekeeping Affairs Officer - P4
२.	UNIOSIL (Sierra Leone)	१	१	
३.	MONUC (Congo)	२२	६	CMPO **पदिक -१ सहित**
४.	UNMIL (Liberia)	४	३	
५.	UNTSO (Israel)	२	-	
६.	UNMEE (Ethiopia &Eritrea)	२	-	
७.	UNMIK (Kosovo)	१	-	
८.	MINUSTAH (Haiti)	-	११	म.से. १ सहित
९.	UNOCI (Ivory Coast)	३	-	
१०.	UNIFIL DO Operation (NY)	-	१	समन्वय अधिकृत
११.	UNOMIG (Georgia)	१	-	(DCMO)
१२.	UNIFIL FORCE HQ	-	९	पदिक र विल्लादार -४ सहित
१३.	UNMIS (Sudan)	९	१०	पदिक ३ सहित
१४.	UNMIT (Timor)	-	१	
१५.	UNIFIL SECTOR HQ East	-	७	पदिक र विल्लादार - २ सहित
१६.	MINURCAT (Chad)	-	१	
	जम्मा :	**४५**	**५२**	

पूनश्च : सैनिक पर्यवेक्षक, स्टाफ तथा अन्य गरी जम्मा ९७ जना ।

(ङ) एक पटकमा हाल कार्यरत सैनिकहरू :-

(१) सैनिक पर्यवेक्षक, स्टाफ तथा अन्य गरी जम्मा ९७

(२) गण तथा गुल्महरूमा सहभागी सकल दर्जाहरू जम्मा ३०१५ गरी कुल जम्मा ३१२२

(३) हालसम्म मिशनमा सहभागी भई वीरगती प्राप्त गर्ने ५४ जना

(४) मिशन अवधिमा विभिन्न कारणले अशक्त/घाइते (Disabled) भएका ५७ जना

नेपाली सेनाबाट हालसम्म शान्ति सेनामा सहभागी भएको विवरण

UNEF, Middle East

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री पूरानो गोरख गण	पहिलो	प्र.से. श्री गडुल शम्शेर ज.ब.रा.	२०३० चैत्र	२०३१ भाद्र	५७१

UNIFIL, LEBANON

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री गोरख बहादुर गण	पहिलो	प्र.से. श्री केशर बहादुर गड्तौला	२०३४।१२।२९	२०३५।७।६	६४२
२	श्री बर्दबहादुर गण	दोश्रो	प्र.से. श्री धर्मपाल बरसिंह थापा	२०३५।७।५	२०३६।१।२९	५९८
३	श्री पशुपति प्रसाद गण	तेश्रो	प्र.से. श्री गणेश प्रसाद महरा	२०३६।१।१८	२०३६।७।२१	६४४
४	श्री फष्ट रैफल गण	चौथो	प्र.से.श्री नारायणचन्द्र मल्ल	२०३६।७।१०	२०३७।१।२५	६४४
५	श्री देवीदत्त गण	पांचौ	प्र.से.श्री चन्द्र बहादुर खत्री	२०३८।२।१९	२०३८।८।१९	४२९
६	श्री कालीबहादुर गण	छैठौं	प्र.से. श्री शिवराम खत्री	२०३८।८।१८	२०३९।२।१८	४२९
७	श्री शेर गण	सातौं	प्र.से. श्री दुर्गानाथ अर्याल	२०३९।२।१७	२०३९।७।२४	४२९
८	श्री महिन्द्रदल गण	आठौं	प्र.से. श्री दिगम्बर शम्शेर ज.ब.रा.	२०४१।१०।१७	२०४२।४।१५	६६६

९	श्री श्रीनाथ गण	नवौं	प्र.से. श्री प्रज्वल्ल शम्शेर ज.ब.रा.	२०४२।४।१६	२०४२।१०।२२	८००
१०	श्री गोरख वहादुर गण	दशौं	प्र.से. श्री केदारबहादुर सिंह	२०४३।१०।२२	२०४४।५।१९	८००
११	श्री सिंहनाथ गण	एघारौं	प्र.से. श्री प्यारजंग थापा	२०४३।५।१९	२०४३।११।१३	८००
१२	श्री शम्शेरदल गण	बाह्रौं	प्र.से. श्री पुरूषोत्तम थापा	२०४३।११।१२	२०४४।५।१०	८५०
१३	श्री सबुज गण	तेह्रौं	प्र.से. श्री प्रताप सिंह मल्ल	२०४४।५।१०	२०४४।११।४	८५०
१४	श्री देवीदत्त गण	चौधौं	प्र.से. श्री चिनियाबहादुर बस्न्यात	२०४४।११।४	२०४५।५।२	८५०
१५	श्री नयाँगोरख गण	पन्ध्रौं	प्र.से. श्री प्रदिप प्रताप बम मल्ल	२०४५।५।३	२०४५।११।३	८५०
१६	श्री कालीबक्स गण	सोह्रौं	प्र.से. श्री कुमारबहादुर फुदोङ्ग	२०४५।११।२	२०४६।४।३०	८५०
१७	श्री पूरानो गोरख गण	सत्रौं	प्र.से. श्री मन्सुरा बिक्रम शाह	२०४६।४।२९	२०४६।११।१	८५०
१८	श्री कालीबहादुर गण	अठारौं	प्र.से. श्री कुलबहादुर खड्का	२०४६।११।१	२०४७।५।१८	८५०
१९	श्री गोरखनाथ गण	उन्नाइसौं	प्र.से. श्री प्रकाशबहादुर बस्न्यात	२०४७।५।१९	२०४७।१२।६	८५०
२०	श्री बर्दबहादुर गण	बिसौं	प्र.से. श्री गजेन्द्रबहादुर लिम्बु	२०४७।१२।६	२०४८।५।३१	८५०
२१	श्री पशुपति प्रसाद गण	एक्काइसौं	प्र.से. श्री दिपक बिक्रम राणा	२०४८।५।३१	२०४८।१२।३	८५०
२२	श्री श्रीनाथ गण	बाइसौं	प्र.से. श्री भिम प्रसाद राई	२०४८।१२।३	२०४९।५।२९	८५०
२३	श्री भैरवीदल गण	तेइसौं	प्र.से. श्री दिलिप शम्शेर ज.ब.रा.	२०४९।५।३०	२०४९।११।२८	७२३
२४	श्री महिन्द्रदल गण	चौबिसौं	प्र.से. श्री मोहन चेमजोङ	२०४९।११।२९	२०५०।५।३१	७२३
२५	श्री सबुज गण	पच्चिसौं	प्र.से. श्री बिष्णुबहादुर गुरूङ	२०५०।५।३१	२०५०।११।१०	७३१
२६	श्री पूरानो गोरख गण	छब्बीसौं	प्र.से. श्री गौरब शम्शेर ज.ब.रा.	२०५०।११।२१	२०५१।६।४	७२३

२७	श्री बर्दबहादुर गण	सत्ताइसौं	प्र.से. श्री तोरण जंग वहादुर सिंह	२०५१।६।५	२०५१।१२।१६	७२३
२८	श्री शेर गण	अट्ठाइसौं	प्र.से. श्री मदनजंग सिजापति	२०५१।१२।१७	२०५२।६।१९	७७१
२९	श्री महिन्द्रदल गण	उनान्तीसौं	प्र.से. श्री प्रदिप बहादुर कार्की	२०५२।५।२०	२०५२।१२।२८	६६९
३०	श्री सिंहनाथ गण	तीसौं	प्र.से. श्री रणध्वज लिम्वु	२०५२।१२।२८	२०५३।६।६	५९७
३१	श्री सबुज गण	एकतिसौं	प्र.से. श्री उद्धबबहादुर के.सी.	२०५३।६।६	२०५३।१२।२५	५९७
३२	श्री नयाँगोरख गण	बत्तिसौं	प्र.से. श्री शरद कुमार न्यौपाने	२०५३।१२।२६	२०५४।६।३	५९७
३३	श्री गोरखनाथ गण	तेत्तिसौं	प्र.से. श्री महेश बिक्रम कार्की	२०५४।६।४	२०५४।१२।४	५९७
३४	श्री कालीबहादुर गण	चौंतिसौं	प्र.से. श्री हेमेन्द्रध्वज खड्का	२०५४।१२।४	२०५५।६।३	५९७
३५	श्री पूरानो गोरख गण	पैतिसौं	प्र.से. श्री कुमार के.सी	२०५५।६।४	२०५५।१२।१९	५९७
३६	श्री भैरवीदल गण	छत्तिसौं	प्र.से. श्री आदित्यबहादुर शाह	२०५५।१२।१०	२०५६।६।४	५९१
३७	श्री सिंहनाथ गण	सैतिसौं	प्र.से. श्री राजेन्द्र कुमार खड्का	२०५६।६।४	२०५६।११।२७	५९१
३८	श्री शम्शेरदल गण	अठतिसौं	प्र.से. श्री रमिन्द्र क्षेत्री	२०५६।११।२७	२०५७।६।५	५९१
३९	श्री भैरबनाथ गण	उनान्चालिसौं	प्र.से. श्री यज्ञ बिक्रम राणा	२०५७।६।५	२०५७।१२।१९	७१०
४०	श्री श्रीजंग गण	चालिसौं	प्र.से. श्री ताजमानसिंह बस्नेत	२०५७।१२।१९	२०५८।४।१५	७१०
४१	श्री देविदल गण	एकचालिसौं	प्र.से. श्री राजु खड्का	२०६३।११।४	२०६४।५।६	८५०
४२	श्री इन्द्रध्वज गण	बयालिसौ	प्र.से. श्री रमेश था.म	२०६४।४।२४	२०६४।११।४	८५०
४३	श्री देवीदत्त गण	त्रिचालिसौं	प्र.से.श्री संजोग शम्शेर ज.व.रा.	२०६४।११।३		८५०

UNPROFOR, Yugoslavia

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री शेर गण	पहिलो	प्र.से. श्री धनबहादुर आले	२०४९।२।१३	२०४९।८।१८	९०६
२	श्री फष्टरैफल गण	दोश्रो	प्र.से. श्री नरबहादुर गुरूङ	२०४९।८।१६	२०५०।२।२२	९०६
३	श्री शम्शेरदल गण	तेश्रो	प्र.से. श्री पवन जंग थापा	२०५०।२।२०	२०५०।८।१९	९०६
४	श्री देवीदत्त गण	चौथो	प्र.से. श्री बलराम अधिकारी	२०५०।८।१८	२०५१।२।२१	९०६
५	श्री गोरखबहादुर गण	पांचौ	प्र.से. श्री नेपाल भुषण चन्द	२०५१।२।२०	२०५१।८।१७	९०६
६	श्री पशुपतिप्रसाद गण	छैठौं	प्र.से. श्री नरवहादुर कंडेल	२०५१।८।१६	२०५२।२।२३	९०६
७	श्री श्रीनाथ गण	सातौं	प्र.से. श्री शिवराम प्रधान	२०५२।२।२४	२०५२।९।४	९०६

UNOSOM, Somalia

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री नयाँ गोरख गण	पहिलो	प्र.से. श्री दिलिप रायमझी	२०५०।७।८	२०५१।१।६	३११
२	श्री गोरखनाथ गण	दोश्रो	प्र.से. श्री वज्र गुरूङ	२०५१।१।४	२०५१।६।२८	३११

UNHIM, Haiti

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री भैरवीदल गण	पहिलो	प्र.से. श्री ज्ञानजंग थापा	२०५१।१०।१३	२०५२।४।१६	४१०
२	श्री फष्टरैफल गण	दोश्रो	प्र.से. श्री डम्वर सिंह गुरूङ	२०५२।४।१७	२०५२।११।१	४१०

UNGCI, IRAQ

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	Guard Contingent	पहिलो	सेनानी श्री बलदेव शम्शेर थापा	6-Aug-91	1-Apr-92	५०
२	Guard Contingent	दोश्रो	सेनानी श्री शशी बिक्रम सिंह	2-Apr-92	11-Mar-93	५०
३	Guard Contingent	तेश्रो	सेनानी श्री भिक्टर ज.ब.रा.	12-Mar-93	3-Oct-93	५०
४	Guard Contingent	चौथो	सेनानी श्री विजय बिक्रम खड्का	4-Oct-93	19-May-94	५०

UNTAET, East Timor

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री केवलजंग गुल्म	पहिलो	सेनानी श्री धीरेन गुरूङ	२०५७।१।४	२०५७।६।११	१५५
२	श्री इन्द्रध्वज गुल्म	दोश्रो	सेनानी श्री सरोज प्रताप राणा	२०५७।६।१७	२०५७।१२।१८	१५५
३	श्री नारायणदल गुल्म	तेश्रो	सेनानी श्री प्रभुराम शर्मा	२०५७।१२।१७	२०५८।६।२३	१५५
४	श्री बज्रदल गुल्म	चौथो	सेनानी श्री राजु बस्न्यात	२०५८।६।२२	२०५८।१२।२०	१५५
५	श्री वीरदल गुल्म	पांचौं	सेनानी श्री अमिर बस्नेत	२०५८।१२।१६	२०५९।६।२७	१५५

UNAMSIL, Sierraleone

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री देवीदत्त गण	पहिलो	प्र.से. श्री भिक्टर ज.ब.रा.	२०५८।८।२	२०५९।३।१०	८००
२	श्री गोरखबहादुर गण	दोश्रो	प्र.से. श्री रमेश कुमार पुन	२०५९।३।८	२०५९।९।९	८००
३	श्री बर्दवहादुर गण	तेश्रो	प्र.से. श्री दिपक प्रसाद भारती	२०५९।९।७	२०६०।३।६	८००
४	श्री पशुपति प्रसाद गण	चौथो	प्र.से. श्री जगदिश चन्द्र पोखरेल	२०६०।३।४	२०६०।८।२८	८००
५	श्री शेर गण	पांचौं	प्र.से. श्री दिलिप बिक्रम राणा	२०६०।८।२६	२०६१।३।७	८००

MONUC, Congo

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री फष्ट रैफल गण	पहिलो	प्र.से. श्री धर्म बहादुर बानिया	२०६०।७।५	२०६१।४।२१	१०३३
२	श्री पूरानो गोरख गण	दोश्रो	प्र.से. श्री प्रभुराम शर्मा	२०६१।४।२१	२०६१।१०।२२	१०३३
३	श्री श्रीनाथ गण	तेश्रो	प्र.से. श्री शम्शेर ठकुराठी	२०६१।१०।२२	२०६२।४।२३	९३३
४	श्री नयाँ गोरख गण	चौथो	प्र.से. श्री वालकृष्ण कार्की	२०६२।४।२३	२०६२।१०।२२	८५०
५	श्री भैरवीदल गण	पांचौं	प्र.से. श्री क ड्डरबहादुर कडायत	२०६२।१०।२३	२०६३।४।१	८५०
६	श्री शम्शेरदल गण	छैठौं	प्र.से. श्री विज्ञानदेव पाण्डे	२०६३।४।३१	२०६३।१२।२	८५०
७	श्री रणभिम गण	सातौ	प्र.से. श्री योगराज शर्मा	२०६३।११।२०	२०६४।६।४	८५०
८	श्री दुर्गाबक्स गण	आठौ	प्र.से. श्री महेन्द्रजंग लामिछाने	२०६४।५।१९	२०६४।१२।३	८५०
९	श्री तारादल गण	नवौं	प्र.से. श्री रामचन्द्र खनाल	२०६४।११।२४		८५०

MONUC, Congo

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री नं.१ फिल्ड गुल्म	पहिलो	सेनानी श्री दिपक कुमार बानिया	२०६०।६।२५	२०६०।१२।२७	१७५
२	श्री नं.२ फिल्ड गुल्म	दोश्रो	सेनानी श्री यम प्रसाद ढकाल	२०६०।१२।२७	२०६१।७।४	१७५
३	श्री नं.३ फिल्ड गुल्म	तेश्रो	सेनानी श्री नारायण प्रसाद सिल्वाल	२०६१।७।४	२०६२।१।१२	१७५
४	श्री नं.४ फिल्ड गुल्म	चौथो	सेनानी श्री अमिरजंग राउत	२०६२।१।१२	२०६२।७।१३	१७५
५	श्री नं.५ फिल्ड गुल्म	पांचौं	सेनानी श्री टेकजंग धमला	२०६२।७।१३	२०६३।१।१९	१७५
६	श्री नं.६ फिल्ड गुल्म	छैठौं	सेनानी श्री साजन ढुङ्गाना	२०६३।१।१९	२०६३।७।२४	१७५
७	श्री नं.७ फिल्ड गुल्म	सातौ	सेनानी श्री सन्तोष कुमार थापा	२०६३।७।२२	२०६४।१।२८	१७५
८	श्री नं.८ फिल्ड गुल्म	आठौ	सेनानी श्री खन्नुमुन्ना राई	२०६४।१।२६	२०६४।८।४	१७५
९	श्री नं. ९ फिल्ड गुल्म	नवौ	सेनानी श्री सुशिल कुमार सिंह	२०६४।८।२		१७५
१०	श्री नं.१० फिल्ड गुल्म	दशौं	सेनानी श्री प्रविणबहादुर खड्का			१७५

UNMIL, Liberia

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री सै.प्र. युनिट	पहिलो	सेनानी श्री सुनिलराज बिष्ट	२०६०।७।१५	२०६१।३।१७	४०
२	श्री सै.प्र. युनिट	दोश्रो	सेनानी श्री दीपेन्द्र भारती	२०६१।३।१७	२०६१।९।२२	४०
३	श्री सै.प्र. युनिट	तेश्रो	सेनानी श्री रविन्द्र के.सी.	२०६१।९।२३	२०६२।३।१३	४०
४	श्री सै.प्र. युनिट	चौथो	सेनानी श्री पूर्णबहादुर गुरूङ	२०६२।३।१३	२०६२।९।१७	४०
५	श्री सै.प्र. युनिट	पांचौं	सेनानी श्री अमृतकाजी घातोन गुरूङ	२०६२।९।१७	२०६३।३।१७	४०
६	श्री सै.प्र. युनिट	छैठौं	सेनानी श्री प्रशान्त विक्रम राणा	२०६३।३।१७	२०६३।१०।१२	४०
७	श्री सै.प्र. युनिट	सातौ	सेनानी श्री समिर कुमार गुरूङ	२०६३।९।३०	२०६४।४।१६	४०
८	श्री सै.प्र. युनिट	आठौं	सेनानी श्री सरोज अधिकारी	२०६४।४।६	२०६४।१०।११	४०
९	श्री सै.प्र. युनिट	नवौं	सेनानी श्री बिनोद प्रसाद पोखेल	२०६४।१०।९		४०

Inf Battalion, ONUB, Burundi

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री भैरबनाथ गण	पहिलो	प्र.से. श्री राजु बस्न्यात	२०६१।४।२१	२०६१।११।८	८५०
२	श्री महिन्द्रदल गण	दोश्रो	प्र.से. श्री सुवर्णबहादुर शाह	२०६१।११।९	२०६२।५।१७	८५०
३	श्री गोरखनाथ गण	तेश्रो	प्र.से. श्री ज्योतिन्द्रबहादुर खत्री	२०६२।५।१७	२०६२।१२।२	८५०
४	श्री सिंहनाथ गण	चौथो	प्र.से. श्री कुवेर थापा	२०६२।११।१८	२०६३।८।१९	८५०

SF Coy, ONUB, Burundi

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री स्पेशल फोर्स कम्पनी	पहिलो	सेनानी श्री आषिश उपाध्याय	२०६१।७।१६	२०६२।१।१२	८०
२	श्री स्पेशल फोर्स कम्पनी	दोश्रो	सेनानी श्री लक्ष्मण थापा	२०६२।१।१२	२०६२।७।१३	८०
३	श्री स्पेशल फोर्स कम्पनी	तेश्रो	सेनानी श्री अर्जुनबहादुर थापा	२०६२।७।१३	२०६३।१।१९	८०
४	श्री स्पेशल फोर्स कम्पनी	चौथो	सेनानी श्री अनुप बिक्रम राणा	२०६३।१।१९	२०६३।९।८	८०

MINUSTAH, Haiti

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री भवानीबक्स गण	पहिलो	प्र.से. श्री गंगाबहादुर गुरूङ	२०६१।६।९	२०६२।३।११	७५०
२	श्री सबुज गण	दोश्रो	प्र.से. श्री गणेशबहादुर कार्की	२०६२।३।९	२०६२।१०।६	७५०
३	श्री कालीबहादुर गण	तेश्रो	प्र.से. श्री मिनध्वज खड्का	२०६२।१०।६	२०६३।४।१५	७५०
४	श्री रणसिंहदल गण	चौथो	प्र.से श्री भरत प्रसाद पाठक	२०६३।४।१२	२०६३।११।२०	७५०
५	श्री बरख गण	पांचौ	प्र.से. श्री नीरज पौडेल	२०६३।११।९	२०६४।५।२०	७५०
६	श्री नयाँ श्रीनाथ गण	छैठौं	प्र.से. श्री याम प्रसाद ढकाल	२०६४।५।६	२०६४।११।१२	७५०
७	श्री ज्वालादल गण	सातौं	प्र.से. श्री शुशिल कुमार बि.सि	२०६४।११।१०		७५०

MINUSTAH, Haiti Light Inf BN

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री श्रीजंग गण	पहिलो	प्र.से. श्री सहदेव खड्का	२०६३।१२।५	२०६४।६।२	३५०
२	श्री रणशार्दुल गण	दोश्रो	प्र.से. श्री विनोद पाण्डे	२०६४।५।२९	२०६४।१२।५	३५०
३	श्री शिवदल गणा	तेश्रो	प्र.से. श्री बाबुराम श्रेष्ठ	२०६४।१२।३		३५०

Nep Inf Coy, UNAMIS

सि.नं.	युनिटको नाम	डफ्फा	कमाण्डरको दर्जा र नामथर	गएको मिति	आएको मिति	संख्या
१	श्री नेप इन्फ्यान्ट्री कं.	पहिलो	सेनानी श्री रामबहादुर थापा	२०६२।१।२८	२०६२।७।२८	२००
२	श्री नेप इन्फ्यान्ट्री कं.	दोश्रो	सेनानी श्री रामेश्वर राज प्रधान	२०६२।७।२८	२०६३।१।२९	२००
३	श्री नेप इन्फ्यान्ट्री कं.	तेश्रो	सेनानी श्री ज्ञानुराज गुरूङ	२०६३।१।२९	२०६४।२।५	२००

विभिन्न कन्टिन्जेन्टमा मृत्यु भएका व्यक्तिहरूको विवरण

सि. नं.	युनिट	व्य.नं.	दर्जा	नाम थर	ठेगाना	भाग लिएको मिशन	मृत्यु भएको मिति
१	श्री वि.तथा या.से.केन्द्र	११४९१९	प्राविधिक सुवेदार	राम के.सी.	चितापोल २, भक्तपुर	नं.२ फिल्ड गुल्म (शा.से.) २, कंगो	२०६१।२।३१
२	श्री गरूडदल गण	१०६९५०	हुद्दा	वीरबहादुर तामाङ	वयरवन ३, मोरङ	शेर गण (शा.से.) ५, सेरालियोन	२०६०।११।१२
३	श्री भैरवीदल गण	१२१९५८	जमदार	युवराज वस्ती	फलाटे ७, धनकुटा	फ.रै.गण (शा.से.) १, कंगो	२०६०।१२।२९
४	श्री फ.रै.गण	१११२०८	हुद्दा	एकबहादुर दराई	रम्घा ६, तनहुँ	फ.रै.गण (शा.से.) १, कंगो	२०६०।१२।२९
५	श्री सैन्य तालिम केन्द्र	१२७६८९	मोची	कृष्णबहादुर सार्की	कटुञ्जे ७, भक्तपुर	बर्दबहादुर गण (शा.से.) ३, सेरालियोन	२०५९।१०।२७
६	श्री नं. १ फिल्ड गुल्म	१०७३८९	गुल्म प्रवन्ध हुद्दा	गंगाधर सिग्देल	छपिया ९, रूपन्देही	गोरखबहादुर गण (शा.से.) २, सेरालियोन	२०५९।६।२०
७	श्री राजदल गण	१३८५७३	प्युठ	भलक मान तामाङ	रजहर ४, नवलपरासी	श्रीजंग गण (शा.से.) ४०, लेवनान	२०५८।१।२१

८	श्री वर्दबहादुर गण	११९९५	प्युठ	जगन्नाथ वास्तोला	पुरूचौर १, कास्की	कालीबक्स गण (शा.से.) १६, लेवनान	२०४६।४।२३
९	श्री युद्धकवच गण	६५२४	सिपाही	टेकजंग थापा	नाटेश्वर २, गोरखा	कालीबक्स गण (शा.से.) १६, लेवनान	२०४६।४।२३
१०	श्री सु.ज.आ. कार्यालय	५०७०	सुवेदार	बमबहादुर घले	नयाँपाटी १, काठमाडौं	कालीबहादुर गण (शा.से.) १८, लेवनान	२०४६।११।८
११	श्री जवरजंग गुल्म	२९६५८८	सिपाही	चक्रबहादुर खड्का	तिडला ७, ओखलढुङ्गा	पु.गो. गण (शा.से.) १७, लेवनान	२०४६।११।८
१२	श्री नं. ७ अ.ला. व्याट्री	४८०१११	प्युठ	तोकबहादुर तामाङ	सुन्दरीजल १, काठमाडौं	श्रीनाथ गण (शा.से.) ७, युगोस्लाभिया	२०५२।३।१२
१३	श्री नं. ७ अ.ला. व्याट्री	१७९६	उप सेनानी	चन्द्र भुषण सुवेदी	रामेछाप २, रामेछाप	पु.गो.गण (शा.से.) २६, लेवनान	२०५१।३।१८
१४	श्री वीरेन्द्र अस्पताल	१२०२	सेनानी	डा.अमिर थापा	का.म.न.पा. १, नक्साल	यु.एन.जि.सि.आई. २, इराक	२०४९।११।५
१५	श्री कालीध्वज गुल्म	६९५३४	सिपाही	निर्मल कुमार राई	मेचा ५, सोलुखुम्वु	श्रीनाथ गण (शा.से.) लेवनान	२०४२।५।२१
१६	श्री युद्धकवच गण	६४३२	अमल्दार	केदारबहादुर खत्री	छालिङ २, भक्तपुर	सिंहनाथ गण (शा.से.) ११ लेवनान	२०४३।५।२०
१७	श्री वीरदल गण	१३६७९०	हुद्दा	चिरन्जिवी खत्री	धनकुटा, चुङ्गभाङ्ग ३	सिहनाथ गण (शा.से.) चौथो डफ्फा बुरूण्डी	२०६३।३।१७
१८			हुद्दा	मौलबहादुर था.म.		शेर गण (शा.से.)	
१९		१४८८२	सिपाही	गोपालबहादुर परियार			
२०	श्री गणेशदल गण	१५९४१५	हुद्दा	ज्ञानबहादुर अधिकारी	तनहुं जिल्ला	भैरवीदल गण (शा.से.) पाचौ डफ्फा कंगो	२०६३।२।१४
२१	श्री बरख गुल्म	७०५८३	सिपाही	मान बहादुर मगर	हुमिन ८, पाल्पा	प.प्र.गण (शा.से.) २१ लेवनान	२०४८।५।२९
२२	श्री पशुपति प्रसाद गण		प्युठ	बावुराम गिरी	साँगाचोक ९, डांडा पानी	शम्शेरदल गण (शा.से.) १२ लेवनान	२०४४।९।५
२३	श्री पाइनियर गण	१०६५१९	प्युठ	इश्वरीबहादुर तामाङ	चपाली भद्रकाली ५, काठमाडौं	का.बा.गण (शा.से.) ३४, लेवनान	२०५५।२।२१

२४	श्री नन्दावक्स गुल्म	१९८०११	अमल्दार	तुलबहादुर भुजेल	विचौरा ६, लम्जुङ	देवीदत्त गण (शा.से.) ४ अनप्रोफर	२०५०।१०।२६
२५	श्री वि.तथा या.से.केन्द्र	३४४०३०	हुद्दा	चुडामणि गौतम			
२६	श्री फ.रै. गण	४६७२३	प्युठ	रामबहादुर पाण्डे	छतिवन ६, मकवानपुर	शेर गण (शा.से.) १, युगोस्लाभिया	२०४९।४।६
२७	श्री फ.रै. गण	४०२०	जमदार	खेटराज वाग्ले	खोटाङ सतलंग ९	गो.ना.गण शा.से.) २, युनोसोम	२०५१।१।४
२८	श्री गो.ना. गण	३६४३	मुल पण्डित जमदार	कृष्ण प्रसाद लम्साल	ज्यामरूङ ९, धादिङ	गो.ना.गण (शा.से.) २, सोमालिया	२०५१।१।५
२९	श्री शम्शेरदल गण	४१६२२	प्युठ	लोकवहादुर राउत	चिप्रिङ ७, खोटाङ	सम्शेरदल गण (शा.से) १२ लेवनान	२०४४।६।१८
३०	श्री सवुज गण	२४९५३८	गुल्म प्रबन्ध हुद्दा	भरतबहादुर थापा	लमाटार ६, ललितपुर	सवुज गण (शा.से.) १३, लेवनान	२०४४।८।३
३१			हुद्दा मेजर	भक्तवहादुर थापा			
३२	श्री आपूर्ति तथा परिवहन गण	२३५१०३	अमल्दार	लक्ष्मण तामाङ	सिपाडोल ५, भक्तपुर	गो.ना.गण(शा.से.) २, सोमालिया	२०५१।२।२

३३	श्री भैरवीदल गण	३५८१२२	अमल्दार	नेत्रबहादुर राई	नेपालेडांडा ६, भोजपुर	भै.द.गण (शा.से.) १, हाइटी	२०५२।१।३०
३४	श्री सैनिक गड्डाघर	१५२२२६	हुद्दा	कृष्णबहादुर वोहरा	गिरखुटार, नुवाकोट	शेर गण (शा.से.) २८, लेवनान	२०५८।१२।१७
३५	श्री बर्दबहादुर गण	२०२६७७	सिपाही	रामबहादुर गुरूङ	तघृङ ९, लम्जुङ	गो.ना.गण (शा.से.) २, सोमालिया	२०५१।२।२
३६	श्री सूर्यदल गुल्म	२९४५२५	गुल्म कार्य हुद्दा	चक्रपाणि अर्याल	थापाचोक ९, कपिलवस्तु	गो.ना.गण (शा.से.) १९, लेवनान	२०४७।१२।७
३७			हुद्दा	रामेश्वर तामाङ			
३८	श्री शिवदल गुल्म	३२२५५५	प्युठ	चुडामणि पाण्डे	मसेल २, गोरखा	भै.द.गण (शा.से.) २३, लेवनान	२०४९।११।११
३९			सह-से.	धुर्वबहादुर पाण्डे			
४०	श्री नं. ५ फि.ए.गुल्म	१४३८२	सिपाही	नयनसिंह भण्डारी	नार्गजुन २, वैतडी	भै.द.गण (शा.से.) २३, लेवनान	२०४९।७।२७
४१	श्री चण्डीदल गुल्म	१२८९	सेनानी	शिबकुमार पुन	पोखरा न.पा. ९, कास्की	गो.ना.गण (शा.से.) २, सोमालिया	२०५१।२।२
४२	श्री सैनिक शिक्षालय	१४७५	सह-सेनानी	धुर्वबहादुर वोहरा	मयांखु १, तनहुँ	श्रीनाथ गण (शा.से.) २२, लेवनान	२०४९।५।२६

४३	श्री गो.ना. गण	३५२४६४	सिपाही	नवराज ढकाल	सांगुटार २, रामेछाप	गो.ना.गण (शा.से.) २ सोमालिया	२०५१।२।२
४४	श्री कालीबहादुर गण	१४८७३७	सिपाही	बिरबहादुर गुरूङ	फेदीखोला ३, स्याङजा	भै.ना.गण (शा.से.) १ बुरूण्डी	२०६१।५।५
४५	श्री नं. ४ फिल्ड गुल्म	७९७९९	प्राविधिक हुद्दा	पृतमराज सिंखडा	गुम्दी ९, धादिङ	गो.ना.गण (शा.से.) २, सोमालिया	२०५१।२।२
४६	श्री गोरखबहादुर गण	१२८५२३	जमदार	ऋषिराम ढकाल	वोर्लाङ ६, गोरखा	महिन्द्रदल गण (शा.से.) २, वुरूण्डी	२०६१।११।१९
४७	श्री भवानीबक्स गण	१६४२४०	सिपाही	श्यामबहादुर कटवाल	ठूलाछाप ६, ओखलढुङ्गा	भवानीबक्स गण (शा.से.) १, हाइटी	२०६१।११।१५
४८	श्री केवलजंग गुल्म		सिपाही	देवीराम जैशी		केवलजंग गुल्म, पूर्वी टिमोर	
४९	श्री नं. १४ बाहिनी अड्डा	१३६६५५	प्युठ	जय नारायण शर्मा		का.ब. गण (शा.से.) ३४, लेवनान	२०५५।२।२१
५०	श्री बटुकदल गण	१५६२२४	अमल्दार	मोहनसिंह गा.म.	जवुर्टा ३, सुर्खेत	भवानीबक्स गण (शा.से.) १, हाइटी	२०६१।१२।७
५१	श्री सैनिक सचिव विभाग	२४१६	सेनानी	कविन्द्रजंग थापा	सिन्धुली	श्रीनाथ गण (शा.से.) ३, कंगो	२०६२।२।१९

५२	श्री बि.नि.नि.		सिभिल मेकानिक	कृष्ण खनाल	वुटवल न.पा. ८	बरख गण(शा.से.) ५, हाइटी	२०६४।२।२४
५३			सह-सेनानी	शरदविक्रम राणा		दि महेन्द्रदल गण (शा.से) आठौं	२०४२
५४	श्री नं. १ ला.व्या.का	१६७५३५	सिपाही	सीताराम काफ्ले	दोलखा, जफे गाउँ	नयाँ श्रीनाथ गण (शा.से) छैठो	२०६४।५।२५

श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र

नेपाल सरकारले सन् १९५५ (वि.सं. २०१२) मा संयुक्त राष्ट्रसंघको सदस्यता लिइसकेपछि सन् १९५८ (वि.सं. २०१५) देखि शान्ति स्थापना कार्यमा भाग लिँदै आएको छ। काभ्रेपलान्चोक जिल्लाको पाँचखाल इलाकाको भू-वनावट मित्रराष्ट्र लेवनानसँग मिल्दो जुल्दो पाइएकोले सन् १९८६ (वि.सं. २०४३) बाट शान्ति सेनामा युनिफिल (UNIFIL) जाने फौजलाई तालिम सञ्चालन गर्न पाँचखाल तालिम शिविरको नामवाट यो तालिम केन्द्र स्थापना भएको हो । नेपाली सेना र US Army Pacific Command Project को Multi Platoon Training in Event (MPTE) पश्चात् यस स्थानलाई सन् २००२ जुलाई १२ (वि.सं. २०५९ आषाढ २८) बाट श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र भनी नामाकरण गरिएको हो । यस तालिम केन्द्रको आदर्श वाक्य "शान्ति गौरव" रहेको छ ।

यस तालिम केन्द्रको उद्देश्य विगतका शान्ति स्थापना कार्यसम्वन्धी अनुभवहरूलाई समेटेर कला-कौशलको विकास, तालिम प्रक्रिया, तालिमको स्तर र तालिमलाई आवश्यक सहयोग पुऱ्याउन नेपाली सेनामा दक्ष जनशक्ति उपलव्ध गराउनु हो ।

यस तालिम केन्द्रको जिम्मेवारीहरू निम्नअनुसार छन् ;

(क) शान्ति स्थापना कार्यको लागि छनौट भएका नेपाली सेनाका सकल दर्जालाई शान्ति कार्यसम्वन्धी तालिम प्रदान गर्नु ।

(ख) नेपाली सेनाका अन्य तालिम केन्द्र तथा मित्र राष्ट्रहरूलाई शान्ति कार्यसम्वन्धी तालिममा सहयोग प्रदान गर्नु ।

(ग) यस तालिम केन्द्रवाट सञ्चालन गरिने तालिमको अवलोकन गरी यसको प्रभावकारिता बारे अध्ययन, अनुसन्धान गर्नु ।

(घ) शान्ति कार्यसम्वन्धी गरिने तालिम, शैक्षिक सामाग्री तथा Standing Operating Procedure (SOP) विकास गर्न समन्वय तथा मद्दत पुऱ्याउनु ।

(ङ) अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Centers of Excellence र भातृ संगठनहरूसँग समन्वय गर्नु ।

(च) श्री शांन्ति सेना सञ्चालन निर्देशनालयको निर्देशन अनुरूप कार्य गर्नु र शान्ति कार्यसम्वन्धी सुझाव तथा सर सल्लाह पेश गर्नु ।

यस तालिम केन्द्रमा प्रि-डिप्ल्वायमेन्ट तालिमअन्तर्गत विभिन्न तहमा तालिम प्रदान गरिन्छ। यस तालिम केन्द्रले वार्षिक ८००० शान्ति सैनिकहरूलाई तालिम दिँदै आएको छ। सन् १९५८ बाट नेपाली सेनाले शान्ति सेनामा सहभागिता जनाएपश्चात् हालसम्म जम्मा ३१ मिशनमा गरी ६१,१०३ भन्दा वढी सैनिकहरूले शान्ति सेनामा भाग लिइसकेका छन् । हाल पनि एकै समयमा (at a time) विभिन्न १२ वटा मिशनमा गरी जम्मा ३०९७ नेपाली शान्ति सैनिकहरूले विदेशी भूमिमा गई शान्ति स्थापना कार्यमा सक्रिय छन् ।[२८]

यसरी यस वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रले सक्रिय रूपमा संयुक्त राष्ट्रसंघको आव्हानमा विश्वको विभिन्न स्थानमा शान्ति कार्य गर्न जाने गण गुल्महरूलाई श्री शान्ति सेना सञ्चालन निर्देशनालयअन्तर्गत रही मिशन स्पेसिफिक प्रि-डिप्ल्वायमेन्ट (Mission Specific Pre-Deployment) विभिन्न तालिमहरू सञ्चालन गरी अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली सेना र नेपालको प्रतिष्ठा वढाउने कार्यमा अहम् भूमिका निभाउन सफल भएको छ ।

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय[२९]

नेपाल सरकारद्वारा देशको वनसम्पदा तथा वन्यजन्तुको संरक्षण गर्ने नीतिअनुरूप राष्ट्रिय निकुञ्ज/आरक्षको सुरक्षाको जिम्मेवारी नेपाली सेनालाई दिने नीतिवमोजिम सन् १९७७ (वि.सं. २०३४) मा श्री वलाधिकृत विभाग (व्य.यु.) राष्ट्रिय निकुञ्ज शाखाको गठन गरिएको हो । तत्पश्चात् यो सन् १९९४ डिसेम्वर १६ (वि.सं. २०५१ पौष १) मा श्री वालधिकृत विभाग, राष्ट्रिय निकुञ्ज शाखाको रूपमा स्थापित भई सन् १९९८ अप्रिल १४ (२०५५ वैशाख १) मा श्री वलाध्यक्ष विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयको रूपमा

२८ श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रका सेनानी सुमाङ्गद कटवालले वि.सं. २०६४ माघ १४ मा तयार गरेको "श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रसम्वन्धी सङ्क्षिप्त जानकारी" पृ.१-२ ।

२९ श्री वलाध्यक्ष विभाग राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयका सेनानी देवेन्द्र विष्टले वि.सं. २०६४ माघ २४ मा तयार गरेको "श्री वलाध्यक्ष विभाग राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयसम्वन्धी विवरण", पृ. १-६ ।

परिणत भयो । हाल यस निर्देशनालयअन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूको संरक्षण कार्यमा ५ वटा पदिक गण र ६ वटा अनाश्रित गुल्महरू कार्यरत रही सुरक्षाको जिम्मेवारी वहन गर्दै आएका छन् ।

यस निर्देशनालयअन्तर्गत निम्नलिखित ८ राष्ट्रिय निकुञ्जहरू पर्दछन्;

१. **चितवन राष्ट्रिय निकुञ्ज** :- सन् १९७५ (वि.सं. २०३२) मा स्थापित नेपालको सवैभन्दा पहिलो निकुञ्जको रूपमा रहेको यस निकुञ्जमा सुरक्षा प्रदान गर्नको लागि स्थापनाकालदेखि श्री शेर गण, श्री फष्ट रैफल गण, श्री नयाँ गोरख गण, श्री पुरानो गोरख गण, श्री श्रीनाथ गण, श्री सवुज गण, श्री महिन्द्रदल गण, श्री देवीदल गण हुँदै हाल श्री पुरानो गोरख गण तैनाथरत छ ।

२. **लाङ्टाङ्ग राष्ट्रिय निकुञ्ज, धुन्चे** :- सन् १९७५ (वि.सं. २०३२) मा स्थापित यस निकुञ्जमा सुरक्षा प्रदान गर्नको लागि श्री ला.रा.नि.सु. टोली, श्री भैरवीदल गण, श्री महिन्द्रदल गण, श्री वर्दवहादुर गण, श्री सिंहनाथ गण, श्री नया गोरख गण, श्री शम्शेरदल गण हुँदै हाल श्री दुर्गावक्स गण तैनाथरत छ ।

३. **वर्दिया राष्ट्रिय निकुञ्ज, ठाकुरद्वारा** :- सन् १९७५ (वि.सं. २०३२) मा वर्दिया वन्यजन्तु आरक्षको रूपमा स्थापित भएर सन् १९९७ डिसेम्वर ५ (वि.सं. २०५४ मंसीर २०) मा राष्ट्रिय निकुञ्जमा परिणत यस निकुञ्जको सुरक्षार्थ श्री वज्रदल गुल्म, श्री रूद्रध्वज गुल्म, श्री दुर्गाबक्स गुल्म, श्री देवीदल गुल्म, श्री दुर्गाभन्जन गुल्म, श्री भीमकाली गुल्म, श्री देवीदल गुल्म, श्री वज्रदल गुल्म हुँदै हाल श्री रणशेर गण तैनाथरत छ ।

४. **शिवपुरी राष्ट्रिय निकुञ्ज, शिवपुरी** :- सन् १९८४ (वि.सं. २०४१) मा शिवपुरी जलाधार तथा वन्जन्तु आरक्ष परियोजनको रूपमा स्थापित भएर सन् २००२ जनवरी २० (वि.सं. २०५८ माघ ७) मा शिवपुरी राष्ट्रिय निकुञ्जमा घोषित यस निकुञ्जको सुरक्षाको लागि श्री गोरखनाथ गण, श्री नयाँ गोरख गण, श्री सवुज गण, श्री पशुपतिप्रसाद गण, श्री देवीदत्त गण, श्री फष्ट रैफल गण, श्री भैरवीदल गण, श्री श्रीनाथ गण हुँदै हाल श्री गोरखनाथ गण खटिएको छ ।

५. **सगरमाथा राष्ट्रिय निकुञ्ज, नाम्चे** :- सन् १९७६ (वि.सं. २०३३) मा स्थापित यस निकुञ्जमा सुरक्षार्थ स.रा.नि. सुरक्षा टोली, श्री नन्दावक्स गुल्म, श्री नयाँ श्रीनाथ गुल्म, श्री श्रीजंग गुल्म, श्री भवानीदल गुल्म, श्री रणसिंहदल गुल्म, श्री इन्द्रध्वज गुल्म हुँदै हाल श्री भगवती प्रसाद गुल्म तैनाथरत छ ।

६. **खप्तड राष्ट्रिय निकुञ्ज, बाजुरा** :- सन् १९८६ (वि.सं. २०४३) मा स्थापित यस निकुञ्जमा सुरक्षा प्रदान गर्नको लागि श्री चण्डीदल गुल्म, श्री कालीजंग गुल्म, श्री अह्विदमन गुल्म, श्री ज्वालादल गुल्म, श्री रणभिम गुल्म, श्री गोरखदल गण, श्री नरीसंहदल गुल्म हुँदै हाल श्री शत्रुभञ्जन गुल्म खटिएको छ ।

७. **रारा राष्ट्रिय निकुञ्ज, मुगु** :- सन् १९८० (वि.सं. २०३७) मा स्थापित यस निकुञ्जको सुरक्षाको लागि श्री दुर्गाभन्जन गुल्म, श्री भगवती प्रसाद गुल्म, श्री चन्दननाथ गुल्म, श्री चण्डीप्रसाद गुल्म, श्री सूर्यदल गुल्म हुँदै हाल श्री कालीदत्त गुल्म तैनाथ गरिएको छ ।

८. **शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज, डोल्पा** :- सन् १९८७ (वि.सं. २०४४) मा स्थापित यस निकुञ्जमा सुरक्षार्थ श्री भीमकाली गुल्म, श्री भवानीवक्स गुल्म, श्री वज्रदल गुल्म, श्री कालीदत्त गुल्म, श्री भैरवी प्रसाद गुल्म, श्री चन्दननाथ गुल्म हुँदै हाल श्री केवलजंग गुल्म तैनाथरत छ ।

यस निर्देशनालयअन्तर्गत निम्नलिखित ३ वन्यजन्तु आरक्षहरू छन् ;[३०]

१. **शुक्लाफाँट वन्यजन्तु आरक्ष, कञ्चनपुर** :- सन् १९७४ (वि.सं. २०३१) मा स्थापित यस आरक्षको सुरक्षाको लागि श्री नरीसंहदल गण, श्री रणभीम गुल्म, श्री अह्विदमन गुल्म, श्री रणभीम गण, श्री गोरखदल गण, श्री चण्डीदल गण, श्री नरीसंहदल गुल्म, श्री कालीजंग गुल्म हुँदै हाल श्री चण्डीदल गण खटिएको छ ।

२. **कोशीटप्पु वन्यजन्तु आरक्ष, कुशाहा, सुनसरी** :- सन् १९८२ (वि.सं. २०३९) मा स्थापित यस आरक्षको सुरक्षार्थ श्री जवरजंग गुल्म, श्री वीरदल गुल्म, श्री रणसिंहदल गुल्म, श्री इन्द्रध्वज गुल्म, श्री वटुकदल गुल्म, श्री कालीध्वज गुल्म, श्री गोरखवक्स गुल्म, श्री जवरजंग गुल्म, श्री नन्दावक्स गुल्म, श्री श्रीमेहर गुल्म हुँदै हाल श्री श्रीवक्स गुल्मलाई तैनाथ गरिएको छ ।

३. **पर्सा वन्यजन्तु आरक्ष, आधाभार** :- सन् १९८७ (वि.सं. २०४४) मा स्थापित यस आरक्षको सुरक्षा प्रदानको लागि अनाश्रित गुल्म, श्री केवलजंग गुल्म, श्री गरूडदल गुल्म, श्री वरख गुल्म, श्री केवलजंग गुल्म, श्री विष्णुदल गुल्म, श्री तारादल गुल्म, श्री रूद्रध्वज गुल्म (गण) हुँदै हाल श्री नयाँ रणभीम गुल्म तैनाथरत छ ।

३० *ऐजन,* पृ. ७-९ ।

श्री राष्ट्रिय सेवा दल

राष्ट्र निर्माण गर्ने कार्यमा ठोस योगदान पुऱ्याउन र युवाशक्तिको सहि परिचालनको खाँचो पूरा गर्ने अवधारणा अनुरूप राष्ट्रिय सेवा दलको स्थापना सन् १९६५ अक्टोवर २३ (वि.सं. २०२२ कार्तिक ७) मा भएको हो । यसको आदर्श वाक्य "अनुशासन नै राष्ट्र सेवाको मुल जड हो" रहेको छ ।

यसको मुलभूत उद्देश्य नेपाल अधिराज्यका विद्यालयस्तरका छात्रछात्राहरूमा राष्ट्रप्रति बफादारीको भावना जंगृत गराई, राष्ट्रिय सेवा भाव विकसीत गरी योग्य र अनुशासित नागरिक बनाउनु र उनीहरूमा भविष्यमा नेतृत्वको क्षमता बढाउनु हो । वार्षिक रूपमा सञ्चालन गरिने छात्रछात्राहरूको तालिममा यसले संस्थागत तालिम, सामुदयिक विकास र खेलकुदमा जोड दिएको छ । संस्थागत तालिमअन्तर्गत छात्रछात्राहरूलाई सैनिक जीवनका आधारभूत तालिम दिइन्छ भने सामुदायिक विकासअन्तर्गत सामाजिक विकाससम्बन्धी विविध गतिविधिहरू सञ्चालन गरिन्छ । स्वस्थ जीवनको लागि खेलकुद ज्यादै नै आवश्यक भएकोले छात्रछात्राहरूप्रति खेलकुदको भावना अझ बढि जंगृत गराउन तालिमको दौरान विविध खेलकुद सञ्चालन गरिन्छ । तालिम अवधि १०० दिनमा २१ दिनको सामाजिक तथा सैनिक क्याम्प समावेश गरी तालिम सञ्चालन गर्ने गरिएको छ । सन् १९७४ (वि.सं. २०३१) देखि जुनियर डिभिजनअन्तर्गत (विद्यालयस्तर) वार्षिक रूपमा अधिराज्यभरका ५०० जना छात्रछात्राहरूलाई तालिम दिने नीतिअनुरूप हाल ३४ औं व्याचसम्म १७००० छात्रछात्राहरूले सफलतापूर्वक तालिम सम्पन्न गरिसकेका छन् ।[३१] तालिम प्राप्त भएपछि प्रायजसो क्याडेट छात्रछात्राहरू सेना तथा प्रहरीमा भर्ना हुन प्रोत्साहित भएको पाइन्छ ।

३१ श्री राष्ट्रिय सेवा दलका प्रमुख शिक्षक सेनानी टेकबहादुर चन्दले वि.सं. २०६४ फाल्गुण १२ मा तयार गरेको "श्री राष्ट्रिय सेवा दलको इतिहास", पृ. १-३ ।

श्री वीरेन्द्र सैनिक आवासीय महाविद्यालय

यो महाविद्यालय नेपाली सेनाका वहालवाला तथा भूतपूर्व सैनिकका जेहेन्दार छोरा छोरीका अतिरिक्त गैर सैनिकसमेतका जेहेन्दार छोरा-छोरीलाई अनुशासित ढङ्गले उच्च गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने प्रमुख लक्ष्यका साथ स्थापना गरिएको शैक्षिक संस्था हो । त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा मानविकी संकाय संचालनार्थ यसको स्थापना सन् १९७८ (वि.सं. २०३५) मा भएको थियो । सन् १९८० (वि.सं. २०३७) मा मानविकीका अतिरिक्त विज्ञान संकाय समेत थप गरी प्रमाण पत्र तहमा अध्यापन गराउन थालियो । सन् १९८५ (वि.सं. २०४२) मा मकवानपुरको सुपिङ, भिमफेदीवाट भक्तपुरको सल्लाघारीमा यसको स्थानान्तरण गरियो । पहिले यसलाई सुपिङ क्याम्पस भनिन्थ्यो । सन् १९८६ डिसेम्वर २९ (वि.सं. २०४३ पौष १४) वाट त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको सट्टा तत्कालीन शाही नेपाली सेनाद्वारा त्रिभुवन विश्वविद्यालयको सम्वन्धन प्राप्त निजी क्याम्पसको रूपमा परिणत भयो । सन् १९८७ (वि.सं. २०४४ पौष) वाट स्कुलतर्फ समेत अध्ययन अध्यापन गराउने अभिप्रायले कक्षा ४ मा छात्रहरू भर्ना गरिएको र तिनीहरू क्रमश अपग्रेड हुँदै सन् १९९४ (वि.सं. २०५१) मा पहिलो पटक यहाँबाट विद्यार्थीहरु एस.एल.सी. परीक्षामा संलग्न भएका थिए । यस महाविद्यालयले सन् १९९० (वि.सं. २०४६) देखि क्याम्पस तहमा र सन् १९९१ (वि.स. २०४७) देखि स्कुलको कक्षा ४ मा समेत छात्राहरूलाई पनि पठनपाठनमा सहभागि गराउँदै आएको छ । सन् १९९५ (वि.सं. २०५२) मा एस.एल.सी. परीक्षामा ५ जना विद्यार्थी वोर्डमा आउनुका अतिरिक्त अर्को वर्ष अर्थात् सन् १९९६ (वि.सं. २०५३) मा राष्ट्रिय शिक्षा पुरस्कार र क्षेत्रीय शिक्षा पुरस्कार प्राप्त गरेको थियो । त्यस्तै गरेर यसले सन् २०००-२००२ (वि.सं. २०५७ देखि २०५९) सम्म राष्ट्रिय र क्षेत्रीय स्तरमा शिक्षा पुरस्कार प्राप्त गरिसकेको छ ।

नेपाली सेनाको कल्याणकारी कोषवाट सञ्चालित यो महाविद्यालयले जंगी अड्डाको मार्ग निर्देशनलाई पालन गर्दै अनुकूल शैक्षिक वातावरण निर्माण गरी विविध जातिय तथा सामाजिक पृष्ठभूमिवाट आएका विद्यार्थीहरूको चारीत्रिक, वौद्धिक एवम् मानसिक विकास गर्ने कार्यमा अहम् भूमिका निर्वाह गर्दै आइरहेको छ । महाविद्यालय स्तरयुक्त शिक्षा तथा अतिरिक्त क्रियाकलापको माध्यमवाट

३२ श्री वीरेन्द्र सैनिक आवासीय महाविद्यायलका वर्सर अधिकृत सेनानी रामचन्द्र के.सी. ले वि.स. २०६४ श्रावण १० मा तयार गरेको "श्री वीरेन्द्र सैनिक आवासीय महाविद्यालयको इतिहास", परिशिष्ट "क", पृ. १ ।

विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्दै राष्ट्रिय शिक्षा नीति तथा विकासका लक्ष्यहरूसँग मेल खाने गरी राज्यको आवश्यकता र आकांक्षालाई परिपूर्ति गर्न सघाउ पुऱ्याउने खालको दक्ष जनशक्ति निर्माण गर्न निरन्तर लागिरहेको छ। हाल यस महाविद्यालयमा शिक्षक शिक्षिका ८९ जना, कर्मचारी ११८ कार्यरत छन् भने ९५८ जना छात्र र ५३१ जना छात्राहरू अध्ययनरत छन्।[३२]

श्री ज्ञानेन्द्र सैनिक पश्चिमाञ्चल आवासीय महाविद्यालय

श्री वीरेन्द्र सैनिक आवासीय महाविद्यालयले प्राप्त गरेको शैक्षिक उपलब्धि र सफलताबाट प्रभावित भई सबैले सर्वसुलभ तरिकाले गुणस्तरिय शिक्षा प्राप्त गरून् भन्ने सोचका साथ नेपाली सेनाले प्रथम पटक सन् २००४ (वि.सं. २०६१) मा पोखरामा श्री ज्ञानेन्द्र सैनिक पश्चिमाञ्चल आवासीय महाविद्यालयको नाममा क्षेत्रिय महाविद्यालय स्थापना गरेको थियो।

सन् २००४ जुन १३ (वि.सं. २०६१ आषाढ २९) मा यस महाविद्यालयको उद्घाटनपछि नेपाल अधिराज्यका विभिन्न क्षेत्रका १०८ जना छात्रहरूलाई ३ वर्गमा विभाजन गरी कक्षा ४ को पठनपाठन सुरू गरिएको थियो। स्थापनाकालमा ५ जना शिक्षक शिक्षिका र विभिन्न तहका ८ जना कर्मचारीहरू थिए। नेपाली सेनाका सकल दर्जाका छोराछोरी एवम् गैर सैनिकका छोराछोरीलाई समेत सर्वसुलभ रूपमा गुणस्तरिय शिक्षा प्रदान गर्दै राष्ट्र र राष्ट्रियताप्रति सचेत, नैतिकवान, अनुशासित र कर्तव्यप्रति जिम्मेवार दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यअनुसार स्थापित यस महाविद्यालय हाल कक्षा ७ सम्म सञ्चालित छ। हाल यहाँ मुलुकका विभिन्न क्षेत्रका ४१८ जना विद्यार्थीहरूमध्ये ३० जना छात्राहरू अध्ययनरत छन्। सबै छात्रहरूलाई आवासको व्यवस्था रहेको छ भने छात्राहरू बाहिरबाट आउने गरेका छन्। हाल यस महाविद्यालयमा विभिन्न विषयका २/२ जना शिक्षक/शिक्षिका रहेका छन् भने १ जना मेट्रोन सहित २५ जना कर्मचारी कार्यरत छन्।[३३] छोटै समयमा यो पश्चिमाञ्चल क्षेत्रको शैक्षिक जगतमा परिचित बन्न पुगेको छ।

३३ श्री ज्ञानेन्द्र सैनिक पश्चिमाञ्चल आवासीय महाविद्यालयका सैनिक सम्पर्क अधिकृत सेनानी किरण विक्रम राणले वि.सं. २०६४ चैत्र १९ मा तयार गरेको "श्री ज्ञानेन्द्र सैनिक पश्चिमाञ्चल आवासीय महाविद्यालयको चिनारी", पृ. १।

श्री ज्ञानेन्द्र सैनिक पूर्वाञ्चल आवासीय महाविद्यालय

राजधानीमा मात्र एउटा सैनिक महाविद्यालय भएको र यसप्रकारका विद्यालयहरू क्षेत्रगत विस्तार गर्नुपर्ने आवश्यकता महशुस गरी सैनिक कल्याणकारी योजनाअन्तर्गत सैनिक तथा गैर सैनिकका छोराछोरीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने उद्देश्यले धरान, सुनसरीमा सन् २००५ जुलाई ७ (वि.सं. २०६२ आषाढ २३) मा ज्ञानेन्द्र सैनिक पूर्वाञ्चल आवासीय महाविद्यालय स्थापना गरियो जसको विधिवत उद्घाटन सन् २००५ जुलाई १२ (वि.सं. २०६२ आषाढ २८) मा भएको थियो।

वीरेन्द्र सैनिक आवासीय महाविद्यालय (क्याम्पस) भक्तपुर जस्तै यस महाविद्यालयलाई कक्षा ४ बाट सुरू गरी हरेक वर्ष कक्षा थप गर्दै १०+२ सम्म पुऱ्याइने लक्ष्य लिइएको छ। स्थापनाकालको पहिलो वर्षमा ५ जना शिक्षक र ८ जना कर्मचारीहरूकासाथ ८२ जना छात्र र १७ जना छात्रा गरी ९९ जना विद्यार्थीहरूले अध्ययन सुरू गरेका थिए। हाल यहाँ २२ जना शिक्षकहरू कार्यरत छन् र सन् २००८ (वि.सं. २०६५) को शैक्षिक सत्रदेखि कक्षा ७ सञ्चालन गरिएको छ। यसै वर्षबाट कम्प्युटर ल्यावको स्थापना गरिने योजना रहेको छ।[३४] छोटो समयमा नै यस महाविद्यालयले शैक्षिक एवम् अतिरिक्त क्रियाकलपामा विविध उपलब्धिहरू हासिल गरेको देखिन्छ।

श्री ज्ञानेन्द्र सैनिक मध्य-पश्चिमाञ्चल आवासीय महाविद्यालय

नेपाली सेनाले प्रत्येक विकास क्षेत्रमा शिक्षाको विकास र विस्तार गर्ने लक्ष्यअनुरूप क्षेत्रगत विद्यालय तथा महाविद्यालयहरूको स्थापना तथा सञ्चालन गर्ने क्रममा मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा सुर्खेत जिल्ला लाटिकोईली गा.वि.स. वडा नं. ८ मंगलगढीमा मध्य पश्चिम पृतना आर्टिलरी गणको हाताभित्र सन् २००६ फ्रेवुअरी २६ (वि.सं. २०६२ फाल्गुण १४) मा यस श्री ज्ञानेन्द्र सैनिक मध्य पश्चिमाञ्चल आवासीय महाविद्यालय भवनको शिलान्यास भई सन् २००६ नोभेम्वर १ (वि.सं. २०६३ कार्तिक १५) मा उद्घाटन भएको थियो।

३४ श्री ज्ञानेन्द्र सैनिक पूर्वाञ्चल आवासीय महाविद्यालयका सम्पर्क अधिकृत सेनानी श्यामहरी खत्रीले वि.सं. २०६५ वैशाख ५ मा तयार गरेको "ज्ञानेन्द्र सैनिक पूर्वाञ्चल आवासीय महाविद्यालय, धरान, सुनसरी", पृ. १-३।

यो विद्यालय सुरूमा प्रधानाध्यापक सहित ५ जना शिक्षक, केही सिभिल स्टाफ र १०८ जना विद्यार्थीहरूद्वारा सञ्चालनमा आएको थियो । हाल यस विद्यालयमा कक्षा ४ र ५ सञ्चालन भइरहेको छ । यहाँ १७८ जना छात्र र ३४ जना छात्रा गरी जम्मा २१२ अध्ययनरत छन् । प्रधानाध्यापकलगायत २८ जना शिक्षकहरू कार्यरत छन् । यस क्षेत्रका भूतपूर्व तथा बहालवाला सैनिकका छोराछोरीहरूले निःशुल्क (मासिक शुल्क) मा अध्ययन गर्ने अवसर प्राप्त गरिरहेका छन् ।[३५] विद्यालयको गुणस्तरीय शिक्षा र राम्रो वातावरणको कारण यस क्षेत्रका सैनिकका साथै गैह्र सैनिकका छोराछोरीको पनि यस महाविद्यालयमा आकर्षण बढेको छ ।

३५ श्री ज्ञानेन्द्र सैनिक मध्य पश्चिमाञ्चल आवासीय महाविद्यालयले वि.सं. २०६४ चैत्र १३ मा फ्याक्स नं. एम.जी./१९४९-१२०९०९ बाट प्रेसित श्री ज्ञानेन्द्र सैनिक मध्य पश्चिमाञ्चल आवासीय महाविद्यालय बारेको जानकारीबाट ।

निरीक्षणाधिकृत विभाग अन्तर्गतका अङ्गहरू

श्री निरीक्षणाधिकृत विभाग (निरीक्षण महाशाखा)

यो विभाग सन् १९९० डिसेम्वर २९ (वि.सं. २०४७ पौष १४) मा श्री निरीक्षणाधिकृत विभागको नामवाट स्थापना भएको हो । यो नेपाली सैनिक मुख्यालयमा अवस्थित रहँदै आएको छ ।

राष्ट्रिय मुलनीतिअनुरूप नेपाली सेनाको चौतर्फि विकास गरी लडाइँ लड्ने क्षमतामा अभिवृद्धि गर्न जंगी अड्डावाट समय समयमा जारी गरिएको वा हुने नीति निर्देशनअनुसार नेपाली जंगी अड्डाअन्तर्गतका कार्यालय, निर्देशनालय, फर्मेशनहरूको निरीक्षण तथा मूल्याङ्कन गरी राय सुझावसहितको प्रतिवेदन निरीक्षणाधिकृतले प्रत्यक्ष रूपमा श्री प्रधानसेनापतिज्यूमा पेश गर्न यो निरीक्षणाधिकृत विभाग स्थापना गरिएको हो । यस अतिरिक्त नेपाली सेनाको सम्पूर्ण अङ्गहरूको युद्धकार्य तयारीको स्तर, नेपाली जंगी अड्डावाट भएको नीति निर्देशनहरूको कार्यान्वयन तथा फौजहरूको निमित्त आवश्यक हातहतियार, गोलीगठ्ठा, रसदपानी, नगद, जिन्सी व्यवस्थाबारे निरीक्षण गरी सो को प्रतिवेदन श्री प्रधानसेनापतिज्यूमा पेश गर्नु पनि यस विभागको मुख्य दायित्व रहेको छ ।

यस निरीक्षणाधिकृत विभाग (निरीक्षण महाशाखा) को मुख्य जिम्मेवारी निम्नानुसार छन् ;[३६]

(क) नेपाली सेनाको सम्पूर्ण अङ्गहरूको युद्धकार्य तयारीपनको प्रभावकारिता र कार्यकुशलता निर्धारण गर्ने, निरीक्षण गर्ने, प्रभावकारीतातर्फ मानिस, इन्टेलिजेन्स, लजिष्टिक र युद्धकार्यसम्वन्धी जाहेर गर्ने, निरीक्षणमा देखिएका कमजोरीहरूलाई हटाउन अपनाउनु पर्ने कार्यहरू वारेको राय सुझाव र प्रतिवेदन पेश गर्ने ।

(ख) नेपाली सेनाप्रति सवैका आस्था र इज्जत सदैव उच्च स्तरमा राख्न समय (सामाजिक, आर्थिक र आन्तरिक कारण) र टेक्नोलोजी (प्रविधि) को मागअनुसार सेनामा समयअनुसार सुधार ल्याउनु पर्नेमा आवश्यक सुधार गर्दै जाने ।

---

३६ श्री निरीक्षणाधिकृत विभाग (निरीक्षण महाशाखा) का महासेनानी आमोद नरसिंह राणाले वि.सं. २०६४ माघ ७ मा तयार गरेको "श्री निरीक्षणाधिकृत विभाग, निरीक्षण महाशाखा, जंगी अड्डाको सङ्क्षिप्त इतिहास", पृ. १-३ ।

(ग) किंग्स व्यानर प्रतियोगिता, प्रकृति संरक्षण ट्रफी प्रतियोगिता तथा सामूहिक तालिम सञ्चालन गरी सकल दर्जाको शारीरिक तथा मानसिक क्षमता, पेशागत ज्ञान र रणकुशलता अभिवृद्धि गर्दै लैजानु ।

यसरी नेपाली सेनाको युद्धकार्यको तयारीपनलाई अभिवृद्धि गर्न सकल दर्जामा पेशेवर सैनिकअनुरूप व्यक्तिगत नैतिकता र हौसला आदि गुणहरूको विकास गराउन यस निरीक्षणाधिकृत विभाग (निरीक्षण महाशाखा) लागि परेको देखिन्छ ।

श्री निरीक्षणाधिकृत विभाग (एम्यूनिशन कार्य महाशाखा)

एम्यूनिशन कार्य महाशाखा श्री संभाररथी विभागअन्तर्गत रहने गरी सन् १९८९ डिसेम्वर २९ (वि.सं. २०४६ पौष १४) मा खडा भएको हो । सन् १९९१ जुलाई ३१ (वि.सं. २०४८ श्रावण १५) बाट यो महाशाखा श्री निरीक्षणाधिकृत कार्यालयअन्तर्गत रही आएको छ । यस महाशाखाको मुख्य दायित्व नेपाली सेनामा भएका गोलीगठ्ठा तथा विष्फोटक पदार्थहरूको उचित प्रबन्ध, प्रयोग र भण्डारण गर्न लगाउनु हो ।

समय समयमा निरीक्षण तथा तालिमहरू सञ्चालन गरी प्रतिवेदन पेश गर्नु, नेपाली सेना तथा सिभिल आयोजनाका काम नलाग्ने एम्यूनिशन तथा एक्सप्लोसिभ नष्ट गर्नु र तत्सम्बन्धमा आवश्यक प्राविधिक सहयोग प्रदान गर्नु यस महाशाखाको मुख्य जिम्मेवारी हो ।[३७]

३७ श्री निरीक्षणधिकृत विभाग (एम्यूनिशन कार्य महाशाखा) का महासेनानी केशवबहादुर खत्रीले वि.सं. २०६४ फाल्गुण १३ मा तयार गरेको "निरीक्षणाधिकृतको विभाग एम्यूनिशन कार्य महाशाखाको सङ्क्षिप्त इतिहास", पृ. १।

अनुसन्धान र विस्तार निर्देशनालय अन्तर्गतका अङ्गहरू

श्री अनुसन्धान र विस्तार निर्देशनालय

नेपाली सेनालाई समयानुकूल आधुनिकीकरण गराउने क्रममा उपयुक्त युद्धकला, हतियारलगायत दिशातर्फ उन्मुख गर्न र सैनिक सामाग्रीको अध्ययन तथा संकलन गर्ने उद्देश्यले श्री प्रधान सेनापतिको प्रत्यक्ष निगरानीमा रहने गरी सन् १९८६ डिसेम्बर २९ (वि.सं. २०४३ पौष १४) मा अनुसन्धान र विस्तार निर्देशनालयको स्थापना भएको हो । श्री बलाधिकृत विभाग (व्य.यु.) योजना तथा नीति शाखाबाट प्राप्त दरवन्दीको आधारमा जंगी अड्डामा अवस्थित यस निर्देशनालयले निम्न ३ महाशाखाहरूमा विभाजित भई कार्य सञ्चालन गर्दछ ।[३८]

(क) **अनुसन्धान तथा योजना महाशाखा** : यस महाशाखाले नेपाली सेनाका लागि आवश्यक पर्ने विभिन्न सामाग्री, हातहतियार तथा अन्य सर सामानहरूको अध्ययन, अनुसन्धान तथा योजना गरी समयानुकूल त्यसको प्रयोजनको लागि श्री अनुसन्धान र विस्तार निर्देशनालयका निर्देशकमा उपयुक्त राय तथा सुझाव पेश गर्ने कार्य गर्दछ ।

(ख) **विस्तार महाशाखा** : यस महाशाखाले नेपाली सेनाको संगठन विस्तार तथा रणकौशलसम्बन्धी आवश्यक अनुसन्धान गरी सुझाव पेश गर्ने, सेनाको ट्याक्टिस, स्ट्रेटेजी, नियम, कानुन, सहुलियत आदिको अध्ययन तथा मूल्याङ्कन गर्नुका साथै बाह्य मुलुकका सेनाका ट्याक्टिकल डक्ट्रीन, तालिमका सिद्धान्त, संगठनसम्बन्धी सूचना संकलन तथा विश्लेषण गर्ने कार्य गर्दछ ।

(ग) **कम्प्युटर महाशाखा** : यस महाशाखाले नेपाली सेनामा कम्प्युटर प्रविधिको प्रयोग, विकास तथा विस्तार गरी कार्य दक्षतामा अभिवृद्धि गर्ने, अत्याधुनिक प्रविधिसम्बन्धी तथ्याङ्क संकलन, सर्वेक्षण तथा अवलोकन गर्ने र सूचना प्रविधिमा भएको प्रगतीको खोज, अन्वेषण तथा अनुसन्धान गर्ने कार्य गर्दछ ।

---

३८ श्री अनुसन्धान र विस्तार निर्देशनालयका प्रमुख सेनानी निर्मल कुमार थापाले वि.सं. २०६५ जेष्ठ ५ मा तयार गरेको "श्री अनुसन्धान र विस्तार निर्देशनालयको सङ्क्षिप्त इतिहास" ।

श्री अनुसन्धान र विस्तार निर्देशनालय (कम्प्युटर महाशाखा)

सूचना प्रविधिको सदुपयोग, विकास र विस्तार गरी नेपाली सेनाको प्रभावकारीतामा अभिवृद्धि गर्ने उद्देश्यले यस श्री अनुसन्धान र विस्तार निर्देशनालय (कम्प्युटर महाशाखा) को स्थापना सन् १९८६ (वि.सं. २०४३) मा गरिएको हो ।

यसको मुख्य लक्ष्यहरू सूचना प्रविधिको उपयुक्त प्रयोगद्वारा सेनाको प्रभावकारिता (लडाइँ लड्ने क्षमता) मा अभिवृद्धि गर्नु, नेपाली सेनालाई सूचना प्रविधिको माध्यमद्वारा ज्ञानमा आधारित संस्था (Knowledge Based Institution) बनाउनु र नेपाली सेनाका सबै अधिकृत तथा सैनिक जवानहरूलाई कम्प्युटर साक्षरता प्रदान गर्नु रहेका छन् ।

कम्प्युटर महाशाखाका प्रमुख रणनीतिहरू निम्नानुसारका छन् ;[३९]

(क) कम्प्युटर महाशाखालाई अत्याधुनिक सूचना प्रविधिको केन्द्रको रूपका विकास गर्ने,

(ख) सूचना प्रविधि तथा तत्सम्बन्धी विषयहरूलाई प्रभावकारी बनाउन आवश्यक अनुसन्धान र विस्तार कार्यलाई उच्च प्राथमिकता दिने,

(ग) सूचना प्रविधिको दिगो विकास तथा विस्तारको लागि आवश्यक पूर्वाधारको स्थापना र दक्ष जनशक्ति उत्पादन गर्ने तथा उत्पादित जनशक्तिलाई व्यवस्थापन गर्ने,

(घ) नेपाली सेनाले आफ्नो क्षेत्रबाट सूचना प्रविधिको विश्व मानचित्रमा स्थापित गर्ने राष्ट्रिय परिकल्पनालाई ठोस मद्दत पुऱ्याउने,

(ङ) नेपाली सेनामा पनि क्रमशः E-governance, E-Commerce, E-mail तथा E-health को प्रयोग र विकास गर्दै यसलाई आधिकारिक रूपमा विकास गर्दै लैजाने,

(च) नेपाली सेनाको Strategic Operational, Logistics तथा Administrative क्षेत्रको कार्य दक्षतामा अभिवृद्धि गर्न सूचना प्रविधिलाई व्यापक रूपमा प्रयोग गर्ने,

३९ श्री अनुसन्धान र विस्तार निर्देशनालय (कम्प्युटर महाशाखा) ले वि.सं. २०६५ जेष्ठ १ मा तयार गरेको "अ.र.वि.नि. कम्प्युटर महाशाखा" ।

(छ) हरेक तहको सैनिक तालिमहरूमा कम्प्युटर तालिम समावेश गराउने,

(ज) नेपाली सेनालाई सुचना प्रविधिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Networking मा आवद्ध गर्ने,

(झ) सूचना प्रविधिको विकास र विस्तारको निमित सरकारी तथा गैर सैनिक संस्थाहरूमा निरन्तर रूपमा समन्वय गर्ने,

(ञ) जि.आई.एस., इन्टरनेट, इन्ट्रानेट, एकष्ट्रानेट तथा इमेल (GIS/Internet/Intranet/Extranet/Email) सेवा उपलब्ध गराउने,

(त) जंगी अड्डा, पृतना हे.क्वा., बाहिनी, गण तथा गुल्म तहसम्म E-mail, Intranet र Internet को सुविधा उपलब्ध गराउने,

(थ) बाहिनी, युनिट तथा सब युनिटहरूलाई आफ्नो श्रोतबाट सूचना प्रविधि जडान गर्न प्रोत्साहित गर्ने,

(द) सूचना प्रविधिको सदुपयोग, विकास र विस्तार गर्न डाटा ब्याङ्क (Data Bank) को स्थापना गर्ने,

(ध) भविष्यमा सबै युनिटहरूको Web-Site निर्माण गरी सूचना प्रवाहलाई प्रभावकारी बनाउँदै लैजाने,

(न) भविष्यमा छुट्टै Army Digitization Plan को तर्जुमा गर्ने,

(प) जनशक्ति विकासको लागि आवश्यकतानुसार स्वदेश तथा विदेशी तालिममा सरिक गराउने,

(फ) कम्प्युटर महाशाखालाई भविष्यमा राष्ट्रिय सूचना केन्द्र (National Information Centre) तथा Government Data Centre सँग आवद्ध गर्ने र Cyber Warfare विरूद्ध प्रतिकार गर्न सक्षमता (Capability) बढाउने र

(ब) नेपाली सेनाबाट भविष्यमा निवृत हुने दक्ष कम्प्युटर जनशक्तिलाई पुनः रोजगारीको अवसर प्रदान गर्ने ।

कार्यरथी विभाग अन्तर्गतका अङ्गहरू

श्री कार्यरथीको कार्यालय

श्री कार्यरथी कार्यालय जंगी अड्डाको विभिन्न विभागहरू मध्ये एक प्रमुख विभागको रूपमा रहेको छ। यसले प्रधान सेनापतिको प्रत्यक्ष मातहतमा रही कार्य गर्दै आइरहेको छ। यस कार्यालयको स्थापनाकालको मिति एकिन गर्न नसकिएको बुझिन्छ। सन् १९५०-१९५१ (वि.सं. २००७) देखि मात्र यस कार्यालयको इतिहास स्पष्ट देखिन्छ।

यस कार्यरथी विभागका प्रमुख कार्यहरू निम्नअनुसारका छन् ;

(क) नेपाली सेनाको लागि आवश्यक जनशक्ति पूर्ति गर्नु,

(ख) सैनिक व्यक्तिहरू र दरवन्दीमा रहेका निजामति कर्मचारीहरू समेतको संगठन सञ्चालन गर्नु,

(ग) सैनिक व्यक्तिहरूको हौसला, अनुशासन, मर्यादा र चुस्तता उच्च बनाई राख्न आवश्यक कारवाही गर्नु,

(घ) बहालवाला, भूतपूर्व सैनिक र तिनका परिवारको कल्याणको निमित्त जंगी अड्डाका अन्य विभागसँग समन्वय गरी उपयुक्त नीति, योजना र व्यवस्था गर्नु,

(ङ) तलव, भत्ता, उपदान, निवृत्तभरण, सन्ततिवृत्ति आदि सम्वन्धी काम गर्नु,

(च) आफ्नो धर्म, परम्परा र सँस्कृति अनुरूपका पुजापाठ, धर्मकर्म, समारोह, पर्व, उत्सव कायम गर्नु गराउनु,

(छ) सैनिक व्यक्तिहरूको व्यक्तिगत अभिलेख अत्यावधिक वनाई राख्नु,

(ज) उत्सव, समारोह तथा अन्तिम सम्मानसम्वन्धी कार्य सम्पादन गर्नु गराउनु,

(झ) अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूको औपचारिक भ्रमणहरूमा नेपाली सेनाद्वारा सम्पादन गर्नुपर्ने कार्यहरू गर्नु गराउनु,

(ञ) सैनिक स्वास्थ्य र सफाईसम्वन्धी रेखदेख, नीति निर्देशन तथा सैनिक अस्पतालको विकासप्रति जिम्मेवार रहनु र

(त) नेपाली सेना तथा सैनिक जवानहरूसँग सम्वन्धित ऐन, कानुन र नियमहरू पालना गराउने तथा कानुनी राय सुझाव र सहयोग प्रदान गर्नु।

यस श्री कार्यरथीको कार्यालयअन्तर्गत श्री कार्यरथी विभाग सैनिक स्वास्थ्य महानिर्देशनालय, श्री कार्यरथी विभाग (प्राड विवाक), श्री कार्यरथी विभाग (भर्ना छनौट निर्देशनालय), श्री कार्यरथी विभाग (मानव अधिकार निर्देशनालय), सैनिक शिक्षा निर्देशनालय, श्री कार्यरथी विभाग (बे.बृ.), श्री कार्यरथी विभाग (संगठन र सञ्चालन), सैनिक अभिलेखालय, सैनिक अस्थायी निवेश, सैनिक व्याण्ड र सैनिक प्रहरी गण पर्दछन् । नेपाली सेनामा कल्याण, सुव्यवस्था र अनुशासन कायम गराई नेपाली सैनिकहरूको हौसला उच्च राख्ने मुख्य जिम्मेवारी यस श्री कार्यरथी कार्यालयको रहेको छ ।[४०]

श्री सैनिक शिक्षा निर्देशनालय

नेपाली सेनाको अधिकृत, पदिक तथा अन्य दर्जाहरूलाई राष्ट्रिय शिक्षा नीतिको आधारमा शैक्षिक स्तरमा समय सापेक्ष स्तर अभिवृद्धि गर्न सन् २००३ डिसेम्बर ३० (वि.सं. २०६० पौष १५) मा श्री सैनिक शिक्षा निर्देशनालयको स्थापना भएको हो। सैनिक शिक्षा निर्देशनालयले श्री कार्यरथीको कार्यालयअन्तर्गत रही कार्य सम्पादन गर्दै आइरहेको छ । स्थापनाकालमा यसअन्तर्गत एक मात्र सैनिक शिक्षण पक्ष भएकोमा सन् २००४ अगष्ट २६ (वि.सं. २०६१ भाद्र १०) बाट तत्कालीन ज्ञानेन्द्र सैनिक सङ्ग्रहालय (हाल सैनिक सङ्ग्रहालय) समेत गरी हाल मातहतमा २ वटा सैनिक अङ्गहरू रहेका छन् ।

वर्तमानमा यस निर्देशनालयले आफ्ना मातहतका अङ्गहरू सहित सेनामा शिक्षासम्बन्धी कार्य, अध्ययन, अनुसन्धान र शोध कार्यको अलावा अन्य कार्यहरू पनि गर्दै आएको छ। ती कार्यहरूमा (क) शिक्षासम्बन्धी नीति नियमको तर्जुमा गर्ने, (ख) शैक्षिक तालिम निर्देशिका प्रकाशित गर्ने, (ग) शैक्षिक तालिमको रेखदेख, सुपरिवेक्षण नियन्त्रण, निर्देशन गर्ने, (घ) शिक्षासम्बन्धी सल्लाह र सुझाव दिने (ङ) राष्ट्रिय शिक्षा नीतिको आधारमा सेनाको शिक्षा नीति नियमलाई समयानुकूल बनाउन समय समयमा पुनरावलोकन गर्ने, (च) शिक्षासम्बन्धी तालिम, योजना तर्जुमा तथा अनुगमन र मुल्याङ्कन गर्ने र (छ) सङ्ग्रहालयलाई सामाग्री संकलन गर्नको निमित्त समन्वय र निर्देशन दिने हुन् ।[४१]

४० श्री कार्यरथी कार्यालयका सह-सेनानी निर्मल कुमार श्रेष्ठले वि.सं. २०६४ चैत्र २० मा तयार गरेको "श्री कार्यरथी कार्यालयको इतिहास", पृ. १-३ ।

४१ श्री सैनिक शिक्षा निर्देशनालयका शिक्षा निर्देशक सहायक-रथी दिपक कुमार गुरूङ्गले वि.सं. २०६४ श्रावण ४ मा तयार गरेको "श्री सैनिक शिक्षा निर्देशनालयको इतिहास", परिशिष्ट "क" ।

श्री सैनिक शिक्षण पक्ष

श्री सैनिक शिक्षण पक्षको स्थापना सन् १९६६ अक्टोबर १३ (वि.सं. २०२३ आश्विन २७) मा भएको हो। खास गरी शिक्षासँग आवद्ध रहेकोले सैनिक जवानहरूको शैक्षिक स्तरलाई अभिवृद्धि गर्नु नै यस संस्थाको मुख्य उद्देश्य रहेको छ ।

सैनिक शिक्षण पक्षको विकास गर्ने उद्देश्यले सन् १९५१ (वि.सं. २००८) मा सर्वप्रथम भारतवाट आएको सैनिक मिशनले नेपाली सेनामा सेवारत दुई चार जना शिक्षकहरू छनौट गरी सिंहदरवार व्यारेकको क्लव घरमा आर्मी फष्ट क्लास, सेकेण्ड क्लास, इण्टेलिजेन्स, शिक्षण सिद्धान्त र नक्सा अध्ययनसम्वन्धी तालिम सञ्चालन गर्ने व्यवस्थाको थालनी गरेको थियो ।[४२] नेपाली सेनामा व्यारेक प्रथा लागू भएपछि सन् १९५२ (वि.सं. २००९) मा एस.एल.सी. पास गरेको सिभिल मास्टरहरू भर्ना गरी तालिम गराई विभिन्न युनिटहरूमा शिक्षण कार्यको लागि पठाइएको थियो । सन् १९६६ (वि.सं. २०२३) मा आएर श्री वलाधिकृत विभाग (सै.वि.) अन्तर्गत रहने गरी त्यसवखत सैनिकतर्फ ५८ र सिभिल तर्फ ४२ जना समेत गरी जम्मा १०० जनाको संख्या कायम गरी यस शिक्षण पक्षको स्थापना गरिएको थियो । हाल यस शिक्षण पक्षमा सैनिकतर्फ ६६ र सिभिल माष्टरतर्फ ५६ गरी जम्मा १२२ जनाको दरवन्दी रहको छ ।

नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा समय समयमा शिक्षा नीति र पाठ्यक्रममा समेत केही हेरफेर गर्दै आइरहेको सन्दर्भमा यस शिक्षण पक्षले आफ्नो शैक्षिकस्तर हेरफेर गर्न आवश्यक देखिएकोले सन् १९९५ (वि.सं. २०५२) वाट नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास समितीसँग औपचारिक रूपमा समन्वय राख्दै आइरहेको छ । यसको मुख्य उद्देश्य सेकेण्ड क्लास तालिमलाई आठ कक्षा सरह मान्यता दिलाउने, फष्ट क्लास तालिमलाई दशौं कक्षा सरह (टेष्ट पास सरह) मान्यता दिलाउनु रहेको हुँदा सन् १९९८ अक्टोवर ६ (वि.सं. २०५५ आश्विन २०) मा जिल्ला शिक्षा कार्यालय काठमाडौंले छाउनीमा माध्यमिक तहमा श्री सैनिक शिक्षण पक्ष विद्यालयको नामवाट कक्षा ६-८ सम्म सञ्चालन गर्ने अनुमति दिएको थियो ।

४२ श्री सैनिक शिक्षण पक्षका प्रमुख सेनानी केशववहादुर खत्रीले वि.सं. २०६४ श्रावण ७ मा तयार गरेको "श्री सैनिक शिक्षण पक्षको सामान्य परिचय तथा इतिहास", परि शिष्ट "क", पृ. १ र मोहनवहादुर के.सी., "सेनामा शिक्षा", *सिपाही*, वर्ष २०, वि.सं. २०४४, पृ. ३१।

हाल यस सैनिक शिक्षण पक्षअन्तर्गत निम्न तहमा कक्षा सञ्चालन भइरहेका छन्;[४३]

(क) आर.टि. - सैन्य तालिमरत सवै युनिट तथा फर्मेशनहरूमा कक्षा ५ (पाँच) पास गरिसकेका सैन्यहरूलाई आर.टि. परीक्षा गरिन्छ, यो कक्षा ६ (छ) सरह हुन्छ ।

(ख) थर्डक्लास - थर्डक्लास परीक्षा पास भएपछि कक्षा ७ (सात) सरहको मान्य हुने व्यवस्था छ ।

(ग) सेकेण्ड क्लास - रेगुलर वा पुरै विषय दिने सकेण्ड क्लास परीक्षा उत्तीर्ण भएमा जिल्ला शिक्षा स्तरीय परीक्षा कक्षा ८ सरह मान्य हुनेछ ।

(घ) फष्ट क्लास - फष्ट क्लास परीक्षामा उत्तीर्ण भएमा १० औं कक्षा सरह (टेष्ट पास सरह) मान्य हुनेछ ।

(ङ) एस.एल.सी. - रेगुलर फष्ट क्लास तालिममा समावेश भएका शिक्षार्थीहरूलाई एस.एल.सी. परीक्षा दिने व्यवस्था रहेको छ ।

श्री सैनिक सङ्ग्रहालय

नेपाली सेनाको इतिहासलाई केलाउँदा सन् १५५९ (वि.सं. १६१६) मा खडा भएको यस संस्थाले धैरै शताब्दी पार गरिसकेको छ। तिलंगा, गोर्खाज, गोरखाली सेना, नेपाली सेना, शाही सेना, शाही नेपाली सेना र पुनः नेपाली सेनाको नामले राष्ट्रिय इतिहास कोर्दै आजसम्म यो संस्था अटल छ। आफ्ना उपलब्धिहरूको जगेर्ना गर्दै ऐतिहासिक विकासक्रमलाई संग्रहित गर्ने क्रममा नेपाली सेनाको सक्रियतामा सन् २००० डिसेम्वर २८ (वि.सं. २०५७ पौष १३) मा यस सङ्ग्रहालय भवनको शिलान्यास भएको थियो । तत्कालीन श्री ५ को सरकारको निर्णयअनुसार सन् २००३ डिसेम्वर ४ (वि.सं. २०६० मंसीर १८) मा यस सङ्ग्रहालय स्थापना गर्ने

४३ श्री सैनिक शिक्षण पक्षका प्रमुख सेनानी केशवबहादुर खत्रीले वि.सं. २०६४ श्रावण ७ मा तयार गरेको "श्री सैनिक शिक्षण पक्षको सामान्य परिचय तथा इतिहास", परिशिष्ट "क", पृ. १-३ ।

स्विकृति प्राप्त भएको थियो र सन् २००६ जुलाई ११ (वि.सं. २०६२ आषाढ २७) मा तत्कालीन प्रधानसेनापति श्री प्यारजंग थापाबाट यस सङ्ग्रहालयको उद्घाटन भएको थियो । प्रधानसेनापति महारथी श्री रूकमाङ्गद कटवालले सन् २००७ अक्टोवर ४ (वि.सं. २०६४ आश्वीन १७) मा यस श्री सैनिक सङ्ग्रहालय सार्वजनिक गर्ने कार्यको शुभारम्भ गर्नु भएको थियो ।[४४]

इतिहास खोतल्दा यस भन्दा अगाडि पनि सैनिक सङ्ग्रहालय खोल्ने प्रयास नभएको होइन । सो का निमित्त पहिलो पटक प्रयास गर्ने व्यक्ति प्रधानमन्त्री माथवरसिंह थापा थिए । उनले हालको राष्ट्रिय सङ्ग्रहालय, छाउनी भित्र रहेको पुरानो सेतो घरमा सैनिक सङ्ग्रहालय खोलेका थिए। उक्त सङ्ग्रहालयको निर्माणताका उनी आफै ईटा ओसार्ने काम समेत गरेका थिए । उनले त्यहाँ सबै प्रकारका हातहतियारहरू सङ्ग्रह गरेका थिए ।[४५] नेपाली सेनाको इतिहासलाई मनन् गरी यस सङ्ग्रहालयलाई दुई क्षेत्र र दुई चरणमा विकास र विस्तार गर्ने लक्ष्य राखिएको छ । ऐतिहासिक सामाग्री सङ्ग्रह गरी सङ्ग्रहालयको रूपमा प्रदर्शन गरिनु र पुराना ऐतिहासिक कागजपत्र तथा पुस्तकहरू सङ्कलन गरी प्राज्ञहरूको लागि अनुसन्धान केन्द्र स्थापना गर्नु क्रमशः पहिलो र दोस्रो क्षेत्र रहेका छन् । यस सङ्ग्रहालयमा प्रदर्शित सामाग्रीहरू पूर्व परमसेनाधिपति कक्ष, मुख्य युद्ध कक्ष, किल्ला/गढी कक्ष, ऐतिहासिक तस्विर सङ्कलन कक्ष, अतिरथी कक्ष, प्रधान सेनापति कक्ष, वीर योद्धा कक्ष, सैनिक पोशाक कक्ष, हतियार कक्ष, विविध प्रदर्शनी कक्ष र मेहनत तथा पसिना कक्षअन्तर्गत प्रदर्शन गरिएका छन् । यस बाहेक यस सङ्ग्रहालयको बाहिरी प्राङ्गणमा विभिन्न ऐतिहासिक वस्तुहरू पनि प्रदर्शनका निमित्त राखिएका छन् । छोटो समयमा सङ्कलन गरिएका प्रदर्शित सामाग्रीहरूले नेपाली सेनाको ४४८ वर्षको इतिहासलाई समेटने प्रयास गरेको छ ।[४६] यस सङ्ग्रहालय स्थापना गर्ने सिलसिलामा सङ्ग्रहालय अवधारणा पत्र लेख्ने कार्य, सङ्ग्रहालयमा प्रदर्शन गरिएका सम्पूर्ण फोटोहरू निजी खर्चमा सङ्कलन गरेर, तेलिय चित्रहरूको कल्पना गरेर, ऐतिहासिक तथ्यहरूको सङ्कलन र अन्य व्यवस्था समेत गरेर यस सङ्ग्रहालयका संस्थापक प्रमुख प्रमुख

४४ श्री सैनिक सङ्ग्रहालयका प्रमुख प्रमुख सेनानी डा. प्रेमसिंह बस्न्यातले वि.सं. २०६४ फाल्गुण ६ मा तयार गरेको "श्री सैनिक सङ्ग्रहालयको सङ्क्षिप्त इतिहास", पृ. १ ।

४५ तुलसीराम वैद्य, "गौरवशाली सङ्ग्रहालय, *गोरखापत्र*, वि.सं. २०६२ श्रावण ४, पृ.४ र विनोद थापा, "सेनाको इतिहास, ज्ञानेन्द्र सैनिक सङ्ग्रहालय", *इतिहास प्रवाह*, भोलम १, नं. १, सन् २००५ अक्टोवर, पृ. ९१ ।

४६ श्री सैनिक सङ्ग्रहालयका प्रमुख प्रमुख सेनानी डा. प्रेमसिंह बस्न्यातले वि.सं. २०६४ फाल्गुण ६ मा तयार गरेको "श्री सैनिक सङ्ग्रहालयको सङ्क्षिप्त इतिहास", पृ.२-३ र थापा, पादटिप्पणी संख्या. ४५, पृ. ९१-९५ ।

सेनानी डा. प्रेमसिंह वस्न्यातले विशेष योगदान दिनु भएको छ। सैनिक सङ्ग्रहालयमा रहेको शिलालेख अनुसार यस सङ्ग्रहालयको स्थापनामा प्राध्यापक डा. तुलसीराम वैद्य र सहायक-रथी नरेशबहादुर बस्न्यात लगायत यस सङ्ग्रहालयमा कार्यरत जमदार हर्षबहादुर थापा मगर, जमदार गणेशप्रसाद अधिकारी, हुद्दा कृष्ण श्रेष्ठ, हु.क. प्रकाश कार्की, ड्राईभर सिपाही रामकाजी के.सी., सिपाही केदार कार्की, सिपाही रामकुमार राय, फा. शान्तिमाया श्रेष्ठ, फा. हरिबहादुर पोडे र फा. सीता घर्तीले ऐतिहासिक सामान सङ्कलन, सजावट तथा व्यवस्थापन कार्यमा विशेष योगदान पुऱ्याएका थिए । सँगै रहेको छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालयको दाँजोमा यस सङ्ग्रहालय स्थापनाको हिसाबले निकै कान्छो भएतापनि यस सैनिक सङ्ग्रहालयले आफ्नो अलग्गै विशिष्ट पहिचान राख्न सफल भएको छ ।

श्री कार्यरथी विभाग (भर्ना छनौट निर्देशनालय)

नेपाली सेनालाई समयानुकूल विकास गर्दै लैजाने क्रममा सन् १९८० (वि.सं. २०४०) को दशकमा लागू भएको १० वर्षिय योजनामा जंगी अड्डाको संरचनालाई सुधार गर्ने सिलसिलामा भर्ना छनोट प्रणालीमा समेत सुधार तथा विकास गर्न एक वेग्लै कार्यालय स्थापना गर्ने योजना तर्जुमा गरिएको थियो । तदनुरूप श्री कार्यरथी विभाग अन्तर्गत रहने गरी सन् १९८५ डिसेम्बर २९ (वि.सं. २०४२ पौष १४) मा श्री कार्यरथी विभाग (भर्ना छनौट) को विधिवत स्थापना भएको थियो । नेपाली सेनाअन्तर्गतका विभिन्न निकायहरूमा रिक्त रहेको र रिक्त हुन आउने अधिकृतदेखि ल्फावर्ससम्मका सम्पूर्ण पदहरू अधिकृतको हकमा श्री सैनिक सचिव विभाग र पदिक तथा अन्य दर्जाका हकमा श्री कार्यरथी विभाग (संगठन र सञ्चालन) सँग समन्वय गरी पारदर्शी रूपमा योग्य तथा सक्षम व्यक्तिहरूको छनोट गर्ने उद्देश्यअनुरूप यस कार्यालयको स्थापना भएको हो ।

यो कार्यालयले गरी आएका कार्यहरू पहिले श्री बलाधिकृत विभाग (सै.वि.) र श्री कार्यरथी विभाग (सह.स.सन्.) ले गर्ने गरेको थियो । सुरूका वर्षहरूमा यस कार्यालयको मुख्य अधिकृतको कार्यभार महासेनानी दर्जाले सम्हाल्दै आएकोमा सन् १९९९ (वि.सं. २०५६) बाट अपग्रेड भई मुख्य अधिकृतको नियुक्ति सहायक रथी दर्जा कायम भयो । यस विभागको कार्यक्षेत्रको विस्तारले गर्दा यस विभागलाई बृहत रूप दिने क्रममा तत्काललाई पुरानै दरवन्दी कायम रहने गरी सन् २००७ अक्टोवर ९ (वि.सं. २०६४ आश्वीन २२) बाट यस विभागलाई श्री कार्यरथी विभाग (भर्ना छनौट निर्देशनालय) नामाकरण गरिएको छ ।

भर्ना छनौट कार्यमा स्वच्छ, निष्पक्षता, पारदर्शीता अपनाउन र एकरूपता कायम गर्नको लागि सैनिक ऐन २०६३ मा नेपाली सेनाको भर्ना प्रक्रियामा लोक सेवा आयोगलाई सम्मिलित गर्ने भनि उल्लेख भएअनुसार लोकसेवा आयोग र रक्षा मन्त्रालय समेतको परामर्शमा तयार पारिएको "सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४" बमोजिम भर्ना छनोटको कार्य सञ्चालन गरिँदै आएको छ। यस अघि सैनिक ऐन २०१७ अनुसार श्री बलाधिकृत विभाग (व्य.यु.) व्यवस्था तथा नीति शाखाबाट कायम गरिएको नीति निर्देशनअनुसार भर्ना गर्ने गरिन्थ्यो ।

यस विभागले स्थापनाकालदेखि हालसम्म नेपाली सेनामा प्राविधिक अधिकृत, पदिक तथा अन्य दर्जा, युवक अधिकृत क्याडेट, पदिक तथा हुद्दा अधिकृत क्याडेट, सैन्य, अमलदार कर्मचारी, सहायक पण्डित हुद्दा तथा प्यारा फोल्डर र फाल्वर्स पदहरूमा भर्ना गर्दै आएको छ ।

यस कार्यालयले नेपाली सेनाको कुल दरवन्दी र समयानुकुल खाली भई जाने रिक्त पदहरूमा भर्ना लिई सेनाको दरवन्दीलाई कायमै राख्ने कार्य गर्दै आएको थियो भने सन् २००१ (वि.सं. २०५८) पश्चात् देशको बदलिँदो परिस्थितिले सेनाको दरबन्दीमा अत्याधिक बृद्धि भएको थियो । सन् २००१ पश्चात् करिब ५ वर्षका अन्तरालमा मात्र यस विभागले करिव ५० हजार भन्दा बढी व्यक्तिलाई भर्ना गर्ने कार्य गरेको थियो । नेपाली सेनामा विगतमा प्राड विवाक, मेडिकल अङ्ग तथा प्यारा तालिम शिक्षालय (प्यारा फोल्डर) हरूमा महिलामात्र भर्ना गरिँदै आएको थियो भने सन् २००३ (वि.सं. २०६०) मा पहिलो पटक नेपाली सेनाका अन्य पदहरूमा पनि महिला भर्ना गर्न थालिएको थियो । यस विभागले वीरगति प्राप्त गरेका तथा घाइते भएका सैनिकका श्रीमतीहरूलाई पनि योग्यताअनुसार भर्ना गरेको थियो । यसका अतिरक्त युनाइटेड अरब इमरेट्स सरकारबाट सुरक्षा गार्ड कार्यको लागि सरकारी स्तरबाट पहिलो पटक नेपाली सेनाको भूतपूर्व सैनिक माग भई आएअनुसार सम्बन्धित निकायको निर्देशनअनुसार यस विभागले अधिकृत २, अन्य दर्जा ११८ गरी जम्मा १२० जना छनौट गरी पठाउने काम पनि गरेको थियो ।[४७]

---

४७ श्री कार्यरथी विभाग (भर्ना छनौट निर्देशनालय) का सहायक-रथी राजेन्द्र क्षेत्रीले वि.सं. २०६४ चैत्र ६ मा तयार गरेको "श्री कार्यरथी विभाग (भर्ना छनौट निर्देशनालय) को सङ्क्षिप्त इतिहास", पृ. १-३ ।

श्री कार्यरथी विभाग (प्राड विवाक)

तत्कालीन शाही नेपाली सेनामा जज एड्भोकेटको नियुक्ति र आर्मी हेडक्वाटरको एस्टयाब्लीस्मेन्टमा थप गर्नु पर्ने महसुस गरी सन् १९६२ सेप्टेम्बर २१ (वि.सं. २०१९ आश्विन ५) मा शाही नेपाली सेनाको श्री कार्यरथी विभागअन्तर्गत प्राड विवाक (Judge Advocate General) स्थापना भएको हो ।

नेपाली सेना तथा सैनिक जवानहरूसँग सम्बन्धित ऐन, कानुन र नियमहरू पालना गराउने तथा कानुनी राय सुझाव र सहयोग प्रदान गर्ने उद्देश्यले यस प्राड विवाकको स्थापना गरिएको हो । जज एडभोकेट जनरलको योग्यता चाहिं पाएसम्म एम.ए.एल.एल.बी. नपाए बी.ए. गरेको (कानुनी स्नातक) हुनु पर्ने प्रावधान राखिएअनुरूप स्थापनाकालताका सेनानी तहमा नै प्राड विवाकको नियुक्ति गरिएको थियो । हाल श्री कार्यरथी विभाग (प्राड विवाक) मा १ रथीवृन्द सहित ३६ जना प्राड अधिकृत कार्यरत छन् जसमा ५ जना महिला अधिकृत पनि रहेका छन् ।[४८]

श्री सैनिक प्रहरी गण

अन्य देशमा झैं सैनिक प्रहरी सैनिक संगठनको प्रहरी हो । श्री कार्यरथीअन्तर्गत रहने र श्री प्रधानसेनापतिद्वारा नियुक्त दण्डनायक (Provest Marshall) र अन्तर्गतका फौजलाई सैनिक प्रहरी भनिन्छ । सेनाको अनुशासनस्तर उच्च राखि सेनाका सकल दर्जालाई सुरक्षा प्रदान गर्न, सैनिक संगठन भित्र र संगठनले गर्ने विभिन्न कारवाही तथा सैनिक कार्यक्रम तथा समारोहहरूमा सुव्यवस्था कायम राख्न सैनिक प्रहरीले मद्दत पुऱ्याउँछ । सैनिक ऐन लागु हुने क्षेत्रभित्र सैनिक ऐन र कानुन पालना गराउने जिम्मेवारी सैनिक प्रहरीको हो ।

सैनिक प्रहरीको सुरूवात बेलायतबाट १२ औं शताब्दीमा भएको पाइन्छ । दोस्रो विश्वयुद्धको समयमा सिमित साधन र श्रोत एवम् जनशक्तिको भरमा सैनिक प्रहरीले निर्वाह गरेको भूमिकालाई आत्मसात गर्दै सैनिक प्रहरीको विकासमा विभिन्न राष्ट्रहरूले जोड दिएका थिए । भारतमा सैनिक प्रहरीको स्थापना सँगसँगै नेपाली सेनामा देखिएको आवश्यकता सैनिक व्यक्तिलाई दिनु पर्ने सुरक्षा र सैनिक कृयाकलापहरू सुव्यवस्थित ढंगले सञ्चालन गर्न सन् १९८३ फ्रेवअरी १३

४८ श्री कार्यरथी विभाग (प्राड विवाक) का महासेनानी होमकुमार लावतीले वि.सं. २०६४ पौष २४ मा पठाएको पत्रको आधारमा ।

(वि.सं. २०३९ फाल्गुण १) मा श्री कार्यरथी विभाग (प्राड विवाक) को नेतृत्वमा रहने गरी सैनिक प्रहरीको सुरूवात गरिएको थियो । यसै क्रममा सन् १९८५ डिसेम्बर २९ (वि.सं. २०४२ पौष १४) मा २० जनाको संख्यामा स्थापना भई नेपाली सेनामा सैनिक ऐन २०१६ को दफा ९६ मा उल्लेखित प्रभोष्ट मार्शलको व्यवस्थाअनुसार कार्य श्री कार्यरथी कार्यालयअन्तर्गत रहेर गर्न थालियो । साथै सन् १९८८ सम्ममा सैनिक प्रहरीको संख्या ८६ पुगेको थियो । पछि सन् २००२ (वि.सं. २०५९) मा यसमा ७६ थप गरी १६० जनाको संख्या भयो । समयक्रमसँगै नेपाली सेनाको सांगठनिक विस्तारमा सैनिक प्रहरीको आवश्यकता वद्धि भएकोले सन् २००६ जुलाई ३१ (वि.सं. २०६३ श्रावण १५) मा श्री केन्द्रीय सैनिक प्रहरी गुल्मलाई श्री सैनिक प्रहरी गणको रूपमा रूपान्तरण गरी प्रमुख सेनानीको कमाण्डमा राख्ने व्यवस्था गरियो ।[४९] यस श्री सैनिक प्रहरी गणको आदर्श वाक्य "अनुशासन, सुरक्षा सु.व्यवस्था" रहेको छ ।

यस श्री सैनिक प्रहरी गण केन्द्रीय सैनिक प्रहरी गुल्मको रुपमा रहँदा यसको गुल्मपतिको कार्यभार सह-सेनानी जितेन्द्रजंग थापा, सेनानीहरू भरतमान रञ्जितकार, प्रेमबहादुर खत्री, गोपालराज पोखेल, कृष्णबहादुर अधिकारी, जितेन्द्रजंग थापा, प्रयोग ज.ब.रा., दिपेन्द्र भारती, गौरव गुरुङ र रामेश्वर राज प्रधानले सम्हाल्नु भएको थियो । हाल यस गणको गणपति प्रमुख सेनानी अभिराज आचार्य हुनुहुन्छ ।

श्री मानव अधिकार निर्देशनालय

नेपाली सेनामा मानव अधिकार शाखा स्थापना हुनु पूर्व मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी कामहरू श्री कार्यरथी विभाग (प्राड विवाक) बाट हुने गरेको थियो । सन् २००२ जुलाई ८ (वि.सं. २०५९ आषाढ २४) मा श्री कार्यरथीको कार्यालयअन्तर्गत मानव अधिकार शाखाको स्थापना भएको थियो । सुरूमा सो शाखामा दरवन्दी कायम नहुन्जेल प्राड विवाकबाट अधिकृतहरू खटिएर शाखाको सल्लाहकार एवम् संयोजकको रूपमा कार्य गरेका थिए ।

सन् २००३ डिसेम्बर ४ (वि.सं. २०६० मंसीर १८) को तत्कालीन श्री ५ को सरकारको निर्णयअनुसार शाखापतिमा प्रमुख सेनानी दर्जा नियुक्ति गरियो । सन् २००६ नोभेम्बर २४ (वि.सं. २०६३ मंसीर ८) मा तत्कालीन मानव अधिकार

४९ श्री सैनिक प्रहरी गणका गणपति प्रमुख सेनानी अभिराज आचार्यले वि.सं. २०६४ चैत्र १४ मा तयार गरेको "सैनिक प्रहरीको इतिहास", पृ. १-२ ।

महाशाखालाई मानव अधिकार महानिर्देशनालयमा विस्तार गरी पृतना र बाहिनी तहमा समेत मानव अधिकार महाशाखा र शाखाहरू स्थापना गरियो ।[५०] हाल यो निर्देशनालय कार्यरथी विभागअन्तर्गत जंगी अड्डा, काठमाडौंमा अवस्थित छ भने सहायक रथीले कमाण्ड गरेका छन् ।

यस निर्देशनालयको मुख्य दायित्व मानव अधिकारको संरक्षण र सम्वर्द्धन उन्मुख गराउनु, नेपाली सेनालाई अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र मानविय कानुनको अक्षरशः पालन गराउने, यस सम्बन्धी नीति निर्देशन सहित समस्त सैनिकलाई जानकारी गराई चेतना फैलाउने र खास गरी अभ्यस्त गर्न विभिन्न तहमा प्रशिक्षक उत्पादन गरी प्रशिक्षण कार्यलाई व्यापक बनाउनु हो । यस कार्यलाई भरपर्दो, विश्वसनीय बनाउन राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकारसँग सम्बद्ध संघ, संस्थाहरूसँग निरन्तर समन्वय राखी मानव अधिकारको संरक्षण, सम्वर्द्धनलाई प्रभावकारी बनाउने क्रममा मानव अधिकार हननसम्बन्धी रिपोर्ट पनि प्रकाशित गर्ने गरेको छ ।[५१]

श्री कार्यरथी विभाग (निवेश)

श्री कार्यरथी विभाग (निवेश) जंगी अड्डा स्थापनासँगै जंगी अड्डाको सुरक्षा तथा आन्तरिक व्यवस्थापनको लागि क्याम्प कमाण्डको रूपमा उप-निवेशाधिकृत सह-सेनानीको कमाण्डमा खडा भएकोमा सन् १९६८ (वि.सं. २०२५) देखि उप-निवेशाधिकृत सेनानी भएको र सन् १९७६ (वि.सं. २०३३) देखि हालसम्म निवेशाधिकृत प्रमुख सेनानीको दर्जा कायम भई कार्यरथीअन्तर्गत रहने गरी खडा गरिएको विभाग हो । यस विभागअन्तर्गतका प्रमुख कार्यहरू निम्नअनुसारका छन् ;[५२]

(क) जंगी अड्डाको सुरक्षा, मरमत-संभार, सुग्घर-सफाई, तलव भत्ता, राशन कलोदिङ्गका सामानहरू निकासा गरी वितरण गर्ने ।

५० श्री मानव अधिकार निर्देशनालयका सेनानी रविन्द्र खत्रीले वि.सं. २०६५ वैशाख १० मा तयार गरेको "मानव अधिकार निर्देशनालयको सङ्क्षिप्त इतिहास" ।

५१ *रोयल नेपलिज आर्मी, ह्युमन राईट्स रिपोर्ट २०६१,* (शाही नेपाली जंगी अड्डावाट वि.सं. २०६२ मा प्रकाशित रिपोर्ट) ।

५२ श्री कार्यरथी विभाग (निवेश) ले वि.सं. २०६४ पौष २२ मा तयार गरेको "श्री कार्यरथी विभाग (निवेश) जंगी अड्डाको सङ्क्षिप्त इतिहास", पृ. १ ।

(ख) खपत अवधी पूरा भएका क्लोदिङ्गका सामानहरू कन्डेम्नेसन गर्ने तथा प्रिन्सिपल सेक्रेटरीज् अफिस (पि.एस.ओज.) कार्यालयहरूको कार्यालय सफाइको सामानहरू वितरण गर्ने ।

(ग) विभागले विभिन्न उत्सव, समारोह तथा विशेष कार्यक्रमहरूमा सामानहरू जुटाउने तथा सजधज गरी कार्य सम्पादन गर्ने ।

(घ) जंगी अड्डामा आउने विभिन्न युनिटका चिठ्ठीपत्रहरू दर्ता गेटमार्फत रेकर्ड सम्वन्धित कार्यालयमा बुझाउने तथा जंगी अड्डावाट वाहिर जाने विभिन्न चिठ्ठी पत्रहरू दर्ता गेटमार्फत रेकर्ड गरी पठाउने ।

(ङ) रातमा जंगी अड्डाको सुरक्षार्थ विभिन्न गेट र पोष्टहरूमा अधिकृत कर्मचारीहरूको डिउटी खटाई रातभरको रमनको व्यवस्था गर्ने ।

(च) श्री रिपुमर्दिनी भगवती मन्दिर तथा पशुपतिनाथको दैनिक पूजा सञ्चालन गर्ने ।

(छ) औपचारिक रूपमा नेपाल भ्रमणमा आएका राष्ट्राध्यक्षहरूलाई सहिद गेटमा र सेनातर्फका विशिष्ट पाहुनाहरूलाई सैनिक मञ्चमा भएको सहिद स्मारकमा माल्यापर्ण गराई आगन्तुक पुस्तिकामा हस्ताक्षर गराउने ।

यसरी यस श्री कार्यरथी विभाग (निवेश) ले जंगी अड्डाको सुरक्षा व्यवस्था मर्मत-संभार, वोट विरूवाहरूको रेखदेख तथा जंगी अड्डा भित्रका सकल दर्जाको तलव भत्ता, राशन तथा क्लोदिङ्ग वितरणको व्यवस्था गर्ने गरेको छ ।

श्री कार्यरथी विभाग (सङ्गठन र सञ्चालन)

श्री कार्यरथी विभाग (सङ्गठन र सञ्चालन) को इतिहासक्रम हेर्दा सन् १९५२-१९५३ (वि.सं. २००९-२०१०) सम्मको अभिलेख पाउन सकिएको छ । उक्त समयमा पनि ले.क. कमाण्डर हुने भएकोले यस कार्यालयको महत्व झण्डै ५४/५५ वर्ष अगाडिदेखि नै रहेको प्रमाणित हुन्छ । सन् २००२ (वि.सं. २०५८) देखि प्रमुख सेनानी दर्जालाई अपग्रेड गरी यस कार्यालयमा महासेनानी रहने गरेको छ ।

यस विभागका मुख्य काम कर्तव्यहरू निम्नअनुसार छन्;[५३]

(क) सर्म्पूर्ण सैनिक व्यक्ति तथा निजामति कर्मचारीहरूको संगठन र सञ्चालन गर्नु ।

५३ श्री कार्यरथी विभाग (सङ्गठन र सञ्चालन) का प्रमुख सेनानी अनन्त कार्कीले वि.सं. २०६४ पौष ७ मा तयार गरेको "श्री कार्यरथी विभाग (संगठन र सञ्चालन) को इतिहास", पृ. १-४ ।

(ख) योजनाअनुसार गरिने गण/गुल्महरूको स्थानान्तरण सम्वन्धी परिपत्र गर्नु ।

(ग) सेनाको नियमित ढङ्गांका खटन पटन गर्नु ।

(घ) वार्षिक खटन पटन :- प्रधानसेनापति निवास, अन्तिम सलामी गार्ड, विरामी हेर्ने ।

(ङ) तयारी से.मु.र प्र.से. खटाउने ।

(च) श्री वला.वि.(व्य.यु.म.नि.को का.) वाट अख्तियारी प्राप्त भएपछि नयाँ खडा भएका गण गुल्महरूको दरवन्दी पुरा गर्ने ।

(छ) सैनिक कर्मचारीहरूको नियुक्ति, सरूवा वढुवा, तालिम र वृत्ति विकास गर्ने ।

(ज) शान्ति सेनामा भाग लिन जानको लागि सैनिक कर्मचारीहरूको छनौट गर्ने ।

(झ) प्रमुख सुवेदार, सै.क., पण्डित र निजामती कर्मचारीको डोसियर राख्ने ।

(ञ) पण्डितहरूको सरूवा, वढुवा तथा वृत्ति विकाससम्वन्धी काम गर्नु ।

(ट) प्रमुख सुवेदार दर्जामा वढुवाको लागि जाहेर गर्ने ।

(ठ) पृतना, वाहिनी, गण र गुल्महरूमा हेरि तालिमी सिपाहीहरू सरूवा गर्नु ।

(ड) संवैधानिक अङ्ग तथा अन्य पदाधिकारीको निवासमा सुरक्षा गार्ड तथा अङ्गरक्षकहरू खटाउने ।

(ढ) वहालवाला तथा अवकाशप्राप्त रथीवृन्द तथा अधिकृतहरूलाई रनर, अडर्ली (Orderly) खटनपटन गर्ने ।

(ण) अन्तिम सम्मानमा (वीरगति प्राप्त गरेमा, साधारण मृत्यु भएमा) खटन पटन गर्ने ।

(त) निजामतितर्फका वहालवाला उच्च पदाधिकारीहरू र नेपाली सेनाका पदाधिकारीहरूले प्राप्त गरेको सहुलियतअनुसार (छैंठी, न्वारान, अन्नप्राशन, व्रतवन्ध र विवाह) को कार्यक्रममा व्याण्ड र वग्गी खटाउने ।

(थ) सैनिक आदेश प्रकाशित गर्ने ।

(द) शान्ति सेनामा छनौट भएको पदिकदेखि फाल्वर्स सम्मलाई तालिम शिविर पाँचखालमा एकत्रित गराउने तथा अन्य तालिमहरूमा शिक्षार्थीहरूलाई तालिम सञ्चालन हुने युनिटहरूमा एकत्रित गराउने ।

(ध) मानार्थ सह सेनानी (अनेररी क्याप्टेन) देखि फाल्वर्स सम्मका दर्जाको राजीनामा स्वीकृतीको कार्य गर्ने ।

(न) अस्थायी निवेशको तालुक अड्डाको हैसियतले उक्त निवेशको आवश्यक रेखदेख तथा नियन्त्रण गर्ने ।

(प) विविध कार्यहरू (सेवा परिवर्तन), नाम थर सच्चाउने, नयाँ भर्नाको लागि नेपाली सेनाको खालिको संख्या पठाउने आदि ।

श्री सैनिक ब्याण्ड

नेपालमा सैनिक ब्याण्डको इतिहास खोतल्दा सन् १७९९ (वि.सं. १८५६) मा स्थापित श्री शार्दुलजंग कम्पनीमा बाँसुरी बाजा बजाउने ११ जना बानादार भएको पाइन्छ । सो ११ जनाको बाजादारको समुह शार्दुलजंग गुल्ममा अद्यापि रहेको छ । जनरल भीमसेन थापाले नेपाली सेनालाई आधुनिकीकरण गर्ने क्रममा एकातिर परम्परागत बाजा भएका पल्टन थिए भने अर्को तिर जर्मनीबाट झिकाइएका विदेशी बाजाहरूमा तालिम दिन थालिएको थियो । भीमसेन थापाले स्थापना गरेको ब्याण्डलाई राणा प्रधानमन्त्री जंगबहादुरले सन् १८५० को बेलायत भ्रमणपश्चात् बेलायती ब्याण्ड जस्तो बनाउन लगाए । जुन कार्यको लागि खाडिन नामक एक अङ्ग्रेजलाई नेपाली ब्याण्डका बानादारलाई तालिम दिएवापत पुरस्कृत पनि गरिएको भनिन्छ । नेपाली सेना प्रथम तथा दोस्रो विश्वयुद्धमा भाग लिएर फर्केपश्चात् नेपाली सेनाले पनि आ-आफ्नो पल्टनमा ब्याण्ड खडा गर्ने सिलसिलामा राजदल ब्याण्ड, बर्दबहादुर ब्याण्ड, श्रीनाथ ब्याण्ड, फष्ट रैफल ब्याण्ड, कालीबहादुर ब्याण्ड, पुरानो गोरख ब्याण्ड र गणेशदल ब्याण्ड स्थापना गरियो । यिनीहरू बाहेक राणा प्रधानमन्त्री श्री ३ महाराजको विशेष ब्याण्ड अर्केष्ट्राको पनि स्थापना भएको थियो । त्यस्तै जनरल तेज शम्शेरको दरबारमा तालिमे केटीहरूद्वारा बादन गरिने लेडिज अर्केष्ट्रा पनि थियो । सन् १९५१ (वि.सं. २००७) को राजनैतिक परिवर्तन पछि ब्याण्डलाई हटाउने कार्य भयो र पछि नभई नहुने रहेछ भनि ब्याण्डका बानादारहरूलाई कामका बेलामा आउने र उर्दी कवाजमा आउने गरी सानो टुकडी खडा गरियो । त्यसपश्चात् सेनाका जवानहरू व्यवस्थित तरिकाले राख्ने सिलसिलाअनुसार यस ब्याण्डलाई पनि ब्यारेकमा राख्ने कार्य सन् १९५५ फ्रेवअरी २२ (वि.सं. २०११ फाल्गुण १) बाट सुरू गरियो । त्यसबेला हिमाली राइफल नं. ८ को कटौती गरी ब्याण्ड कम्पनी नामाकरण गरियो । सो ब्याण्डको कमाण्डर सुवेदारको हातमा सुम्पेको थियो । उक्त ब्याण्ड कम्पनीको मुख्य जिम्मेवारी परेड मार्चलाई सङ्गीतमय धुन बजाएर आकर्षक बनाउने र उत्सव समारोह आदिलाई वाद्य धुनबाट रमाइलो पार्नु हुन्थ्यो । सो पूर्व भारतबाट ब्याण्ड माष्टरहरू झिकाई

तालिम दिइन्थ्यो र पछि नेपालीले नै ब्याण्डको तालिम गराउने र गुल्मपति कार्यभार सुम्पने कार्य हुँदै गयो ।

समयक्रमसँगै ब्याण्ड कम्पनीलाई आधुनिकीकरण गर्ने क्रममा बेलायतबाट पाईपर बाजा, इलेक्ट्रोनिक सहित नयाँ बाजाहरू झिकाउनु र कन्सर्ट ब्याण्ड तयार गर्ने, विभिन्न गण र गुल्मका जवानहरूलाई बाजासम्बन्धी तालिम दिने, विभिन्न बाजासम्बन्धी तालिमहरू विदेशमा गर्न पठाइएपछि नेपालमा नै दक्ष जनशक्ति तयार पार्ने कार्य गरियो । त्यस्तै यस ब्याण्डको नाम ब्याण्ड कम्पनीबाट शाही नेपाली सैनिक ब्याण्ड राखियो । सन् २००३ (वि.सं. २०६०) मा शाही नेपाली सैनिक ब्याण्ड सैनिक ब्याण्ड नामाकरण गरियो ।[५४] सैनिक ब्याण्डलाई आधुनिकीकरण गर्ने क्रममा सैनिक ब्याण्डमा बाजा बजाउनको लागि महिला सैनिक भर्ना, सिभिलियन कर्मचारी सङ्गीत निर्देशक सहितको ब्याण्ड खडा गर्ने जस्ता कार्यहरू भएका छन् । हाल यो सैनिक ब्याण्ड सिंहदरबार, काठमाडौँमा अवस्थित छ ।

श्री कार्यरथी विभाग (वेतन वृत्य)

जंगी अड्डाका प्रमुख विभागहरू मध्ये श्री कार्यरथी विभाग पनि हो । कार्यरथी विभागअन्तर्गत श्री कार्यरथी विभाग (वे.वृ.) पर्दछ । यस विभागको स्थापनाकालदेखि नै श्री कार्यरथी विभाग (वे.वृ.) को जन्म भएको मान्न सकिन्छ । श्री कार्यरथी विभाग (वे.वृ.) को स्थापनाकालदेखि नै महासेनानी कार्यालय प्रमुख रहदै आउने प्रचलन छ र हालसम्म पनि प्रमुखको रूपमा महासेनानी दर्जा नै कायम रहेको छ । यस कार्यालयलाई श्री कार्यरथी विभाग (वेतन वृत्य) छोटकरीमा का.र.वि. (वे.वृ.) भन्ने गरिन्छ ।

श्री कार्यरथी विभाग (वे.वृ.) ले नेपाली सेनाको तलव, भत्ता, निवृत्तीभरण र उपदान सम्वन्धी कार्यहरू, समारोह, उत्सव, पर्वहरू मनाउनको लागि खटन पटन आदेश प्रकाशित गर्ने लगायत अन्य विविध कार्यहरू गर्ने गरेको छ ।

५४ श्री सैनिक ब्याण्डका ब्याण्ड प्रमुख प्राविधिक महासेनानी मधुसुदन वाग्दासले वि.सं. २०६५ वैशाख १० मा तयार गरेको "श्री सैनिक ब्याण्डको इतिहास", पृ. १-४ ।

यस विभागका प्रमुख कार्यहरू यसप्रकार छन् ;[५५]

(क) तलव भत्ता निवृत्तिभरण र उपदान दिलाउने ।

(ख) विभिन्न समारोह, उत्सव र पर्वहरू- घोडेजात्रा समारोह, महाशिवरात्री वढाई र सेना दिवस समारोह, राष्ट्रिय प्रजातन्त्र दिवस समारोह, फुलपाती वढाई समारोह, सहिद दिवस समारोह, वडा दसैं, चैते दसैं, नव वर्ष, राष्ट्रपतिसमक्ष विदेशी राजदुतहरूले ओहोदाको प्रमाणपत्र पेश गर्ने समारोह, राष्ट्रपति, प्रधानमन्त्री तथा प्रधानसेनापतिको औपचारिक भ्रमणका लागि खटन पटन आदेश प्रकाशित गर्ने ।

(ग) विविध कार्यहरू : नेपाली सेनाका अधिकृतहरूले नेपाली एवम् विदेशी नागरिक विवाह गर्न स्विकृती प्रदान गर्ने, श्री सैनिक अभिलेखालयको कार्यहरू सम्पादन गर्ने र गर्न लगाउने आदि ।

श्री सैनिक अभिलेखालय

सन् १७६९ (वि.सं. १८२६) मा काठमाडौं उपत्यकाका राज्यहरू विजयपश्चात् राजा पृथ्वीनारायण शाहको पालामा पल्टनहरूको विभिन्न दर्जाहरूलाई खान्गी, बाली आदिको व्यवस्था र तत्कालीन समय अनुसार अभिलेख राख्ने काम भएको पाइन्छ । तत्पश्चात् नेपाल एकीकरणको अभियानले सफलता प्राप्त गर्दै गएपछि सैनिक संगठनमा स्थायी सेनाको संख्या निरन्तर वृद्धि हुँदै गएकोले जंगीरे सेनाको लगत राख्न मुस्किल भएकाले मुख्तियार भिमसेन थापाले सेनामा प्रवेश पाएका व्यक्तिहरूको व्यवस्थित रूपमा लगत कायम राखी सेना परिचालन गर्न सेनाको लालढ्डा तयार पार्ने कामको थालनी गरेका थिए । सेनामा प्रवेश गरेका व्यक्तिहरूको अभिलेख राख्ने प्रक्रियामा सुधार ल्याउने क्रममा सन् १७४३ देखि १८४६ (वि.सं. १८०० देखि १९०३) सम्म लगत सिष्टमको व्यवस्था भएको पाइन्छ । सन् १८४८ (वि.सं. १९०४ मंसिर १२) मा राजा राजेन्द्र विक्रम शाहको पालामा मुलुकी कितावखाना र सन् १८६८ (वि.सं. १९२५) मा कितावखाना भन्ने सरकारी अड्डाको स्थापना भएको थियो । सोही समयबाट मात्र सरकारी कर्मचारीको तलब खर्च लेख्ने परिपाटी बस्यो । कर्मचारीहरूको नाम दर्ता गर्ने,

५५ श्री कार्यरथी विभाग, (वे.वृ.) का सेनानी झपटवहादुर था.म. ले वि.सं. २०६४ फाल्गुण २७ मा तयार गरेको "श्री कार्यरथी विभाग (वे.वृ.), को सङ्क्षिप्त इतिहास", पृ. १-४ ।

अनिवार्य अवकासको लागि समयमा नै सम्बन्धित क्षेत्रलाई सूचना दिने कार्य किताबखाना अड्डाले गर्न थाल्यो ।

किताबखानाबाट तलब खर्च लेख्ने परिपाटीको आधारमा कौषीतोषाखाना नामक अड्डा पनि स्थापना भयो । यसरी अभिलेख प्रणालीमा क्रमिक विकास हुँदै जाँदा सन् १८७६ (वि.सं. १९३३) मा कमाण्डरी किताबखाना (क.कि.) को स्थापना भयो भने सन् १९१४ (वि.सं. १९७१) मा कमाण्डरी किताबखाना दर्शन फाँट र दर्ता फाँट स्थापना भयो । यही समयमा सेनामा सैनिक व्यक्तिहरूलाई सुविधाहरू वृद्धि गर्दै जाने क्रममा सन् १९४१ अप्रिल १५ (वि.सं. १९९८ वैशाख ३) बाट निवृत्तभरणको व्यवस्था भयो । निवृत्तभरणमा जाने व्यक्तिहरूलाई नेपाली कागजमा तयार गरिएको पेन्सन पट्टा एक प्रति दिने र त्यसको अधिकट्टी क.कि. मा राख्ने प्रचलन भयो । सन् १८४७ -१९३० (वि.सं. १९०४ देखि १९८७) सम्म लगत र पगरी सिष्टम (व्यवस्था), सन् १८३१-१९८४ जुलाई १५ (वि.सं. १९८८ देखि वि.सं. २०४१ आषाढ ३२) सम्म एकपाने सिटरोल र सन् १९८४ जुलाई १६ (वि.सं. २०४१ श्रावण १) देखि हाल सम्म दोहोरो प्रणालीमा आधारित व्यक्तिगत अभिलेख (सिटरोल) प्रणालीअनुसार सैनिकको व्यक्तिगत अभिलेख राख्ने प्रणालिको विकास भएर आएको देखिन्छ ।

सेनामा भएको पुनर्गठनसँगै सन् १९५२ अगष्ट १३ (वि.सं. २००९ श्रावण २९) मा साविकको कमाण्डरी किताबखाना दर्ता फाँट र कमाण्डरी किताबखाना दर्शन फाँटलाई क्रमश क.कि. निजामति फाँट र क.कि. जंगी फाँटमा छुट्याइयो । त्यतिमात्र नभएर क.कि. निजामति फाँट प्रधान मन्त्रालय, राज्य व्यवस्थाको मातहतमा रही नेपाल अधिराज्यको सम्पूर्ण निजामति कर्मचारीको अभिलेख राख्ने र क.कि. जंगी फाँट रक्षा मन्त्रालयको मातहतमा रही सैनिकतर्फको छुट्टै अभिलेख राख्ने व्यवस्था गरियो ।

क.कि. जंगी फाँटको स्थापना पछि सन् १९७० जुन १६ (वि.सं. २०२७ आषाढ २) सम्म यस अभिलेखालयको कार्य सञ्चालन निजामति कर्मचारीहरूबाट भएको थियो भने सन् १९७० जुन १७ (वि.सं. २०२७ आषाढ ३) बाट निजामतिको बदलामा प्रमुखमा उप-सचिव स्तरको हाकिम प्रमुख सेनानी र अन्य कर्मचारीहरूमा सैनिक र निजामति समेत समावेश गरियो । सन् १९८३ (वि.सं. २०४० आश्विन) मा नयाँ अभिलेख प्रणाली तर्जुमा गर्न एक कार्यदल गठन भयो । उक्त कार्यदलले

भारतीय सेना, बृटिश सेना तथा निजामती किताबखानामा भएका अभिलेखहरूको अध्ययन र अनुगमन गर्नुको साथै पाँच सदस्यीय बृटिश एडभाईजरी टिम नेपाल झिकाई सन् १९८४ (वि.सं. २०४० चैत्र) मा जंगी अड्डामा छलफल र पुनरावलोकन गरियो । उक्त एडभाईजरी टिमको सल्लाह र कार्यदलको अध्ययनको आधारमा अभिलेखसम्बन्धी विभिन्न फाराम र प्रतिवेदनहरू तयार गरियो । फलस्वरूप सन् १९८४ जुलाई १६ (वि.सं. २०४१ श्रावण १) बाट लागू हुने गरी नयाँ अभिलेख प्रणाली सुरू भएअनुरूप हालमा प्रचलन भएको व्यक्तिगत अभिलेख प्रणाली बृटिश अभिलेख प्रणाली र नेपालको निजामति प्रशासनको अभिलेख प्रणालीसँग आधारित रहेको छ । यस सैनिक अभिलेखालयलाई सन् १९९० अप्रिल १४ (वि.सं. २०४७ वैशाख १) मा शाही नेपाली सैनिक अभिलेखालय नामाकरण गरियो भने सन् २००६ जुलाई ३ (वि.सं. २०६३ आषाढ १९) को मन्त्रिपरिषद्को निर्णयअनुसार शाही नेपाली सैनिक अभिलेखालयको नाम सैनिक अभिलेखालय राखियो ।[५६]

श्री वीरेन्द्र अस्पताल

प्रथम विश्वयुद्धमा अङ्ग्रेज सरकारको सहयोगमा नेपालबाट भारत खटिएका सैनिकलाई तलब नेपालले तथा लडाइँ भत्ता अङ्ग्रेजले दिएको थियो । त्यसबखत उनीहरूको तलब भन्दा भत्ता धेरै हुन्थ्यो । अङ्ग्रेजले भत्ता स्थान विशेषमै दिनको लागि नेपाल सरकारलाई पत्राचार गऱ्यो । तर श्री ३ चन्द्रशम्शेर राणाले चलाखी गरेर युद्धस्थलमा फौजले पैसा हराउँछन् तसर्थ नेपाल फर्केपछि बाँडिने भनी भत्ताको एकमुष्ठ रकम नेपाल पठाउन अनुरोध गरे । युद्ध समाप्त भएपछि फौज नेपाल फर्क्यो । तर फौजलाई भत्ता दिइएन् । फौजलाई सामेल गरेर "तिमीहरूको पैसाले अस्पताल बनाइने छ" भनी घोषणा गरे । कुल भत्ताको करिव १०% पनि खर्च नगरिकन राजा त्रिभुवन र चन्द्र शम्शेरको नामबाट त्रि-चन्द्र मिलिटरी अस्पताल बन्यो । बाँकी पैसाको अभिलेखसमेत रहेन । यो अस्पताल प्रथम विश्वयुद्धमा जाने फौजको व्यक्तिगत भत्ताबाट बनेको हो । नेपाल सरकारको पैसा परेको छैन् ।[५७] यसर्थ सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा ज्यान दिने वीर नेपाली सैनिकहरूको सम्झनामा सन् १९२५ (वि.सं. १९८२) मा स्थापित श्री

५६ श्री सैनिक अभिलेखालयका का.मु. अभिलेखालयपति प्रमुख सेनानी मोहन प्रतापसिंह कार्कीले वि.सं. २०६४ फाल्गुण २६ मा तयार गरेको "सैनिक अभिलेखालयको ऐतिहासिक जानकारी र विकास", पृ. १-२ ।

५७ सैनिक सङ्ग्रहालय, छाउनी, काठमाडौंको तस्विर शाखाको अभिलेख अनुसार ।

त्रिभुवन-चन्द्र मिलिटरी अस्पतालको विधिवत उद्घाटन राजा त्रिभुवन र श्री ३ चन्द्र शम्शेरले सन् १९२६ सेप्टेम्वर ९ (वि.सं. १९८३ भाद्र २४) मा संयुक्त रूपमा गरेका थिए। सुरूमा ६४ बेडबाट सञ्चालन गरिएको यस अस्पतालको निर्माणमा रू.३,०९,१४६।– (रूपैयाँ तीन लाख नौ हजार एक सय छयालिस) खर्च भएको थियो। यस अस्पतालको निर्माण कार्यमा इन्जिनियर चीफ कर्नेल किशोर नरसिंह राणाले प्रमुख भूमिका खेलेका थिए।

काठमाडौं टुँडिखेल महाँकालस्थानमा अवस्थित यस अस्तपालले समयानुकूल आधुनिक स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेकोमा दिनप्रतिदिन बहिरङ्ग (Out Door) र अन्तरङ्ग (In Door) विरामीहरूको संख्यामा वृद्धि हुँदै आइरहेको तथा नेपाली सैनिक कल्याणकारी योजनाअन्तर्गत बहालवाल सैनिकको परिवार तथा अवकास प्राप्त सैनिक र परिवारहरू समेतको उपचार सेवा दिने नीति तर्जुमा भई कार्यान्वयन हुन थालेपछि अन्तरङ्ग र बहिरङ्ग सेवामा विरामीहरूको संख्यामा उल्लेखनिय रूपमा वृद्धि भई यस अस्पताल हरेक दृष्टिकोणबाट सानो भएको महसुस गर्न थालियो। यसका साथै स्वास्थ्य सेवामा भएको अभुतपूर्व प्रगति, नवीन उपचार प्रविधि क्रमिक रूपमा यस अस्पतालमा पनि भित्रिदै गएको, विशेष सेवाहरू थप हुँदै गएको, आधुनिक स्वास्थ्य उपकरण, शल्य चिकित्सामा हुन गएको उल्लेखनीय विकास र शहरीकरण, शहरकोवीच भागमा अस्पताल रहेको र यस स्थानमा भौतिक सुविधा बढाउन प्राय: असम्भव जस्तो भएबाट यस अस्पताललाई बढाउने (Extension) निर्णयअनुसार काठमाडौं छाउनी स्थित स्वयम्भुको दक्षिण पटाङ्गिनीमा सैनिक अस्पताल स्थानान्तरण गर्ने निर्णय गरियो। जसअनुसार नव सैनिक अस्पतालको शिलान्यास सन् १९८६ डिसेम्वर ३० (वि.सं. २०४३ पौष १५) मा गरियो र सन् १९८९ डिसेम्वर २९ (वि.सं. २०४६ पौष १४) मा यस नयाँ अस्पतालको नामाकरण "वीरेन्द्र अस्पताल" भई विधिवत रूपमा यस अस्पतालमा अन्तरङ्ग/बहिरङ्ग तथा शल्यक्रिया समेतको सेवा प्रदान गर्ने कार्य सुरू गरियो। वीरेन्द्र अस्पतालको औपचारिक उद्घाटन चाहिँ सन् १९९५ डिसेम्वर २८ (वि.सं. २०५२ पौष १३) मा भएको थियो। यो अस्पतालको आदर्श वाक्य "सर्व रोग निवारण" रहेको छ।

काठमाडौंको छाउनीमा करिव १४४ रोपनी क्षेत्रफलमा अवस्थित यो अस्पतालमा हाल ४२० बेड संख्या रहेका छन्। यस अस्पतालमा हाल सर्जिकल, मेडिकल, हाडजोर्नी, आँखा, दाँत, छाला, स्त्रीरोग, बालरोग, प्रसुती, मुटुरोग, छातीरोग, मानसिक रोग, हेमोडायालाईसिस, एक्सरे, सि.टि. स्क्यान, एम.आर.ई., प्याथोलोजी सुविधा उपलब्ध छ। यसका अलावा एच.आई.भि. एडस् रोगसम्वन्धी रगत परीक्षण तथा काउन्सिलिङ्ग सेवा र हालै आएर एक्सिडेण्ट र इमरजेन्सी सेवा पनि यस अस्पतालले प्रदान गरिरहेको छ। अस्पताल थप विस्तार गर्ने क्रममा २ तल्ले नयाँ ओ.पि.डि. निर्माण हुनुका साथै २९ बेडको पोष्ट-अपरेटिभ बार्ड र टु एक्स अपरेशन थिएटर (2X Operation Theatre) निर्माण कार्य भइरहेको छ।[५८]

नेपाली सेनाको एक मात्र मुख्य अस्पतालको रूपमा रहेको यो अस्पतालभित्रबाट पुऱ्याएको सेवाका अतिरिक्त देशका विभिन्न स्थानमा समय समयमा घटेका दैवी प्रकोप, महामारी, दुर्घटना जस्ता घटनाहरूमा मेडिकल टिम फिल्डमा नै पठाएर स्वास्थ्य सेवा प्रदान गरिएको छ। त्यस्तै विभिन्न स्थानहरूमा स्वास्थ्य सेवाहरू सञ्चालन गरी सर्वसाधारणहरूको स्वास्थ्य उपचारमा समेत सक्रिय योगदान पुऱ्याउँदै आएको छ। साथै यस अस्पतालले देशको जुनसुकै स्थानबाट आपतकालीन अवस्थामा हेलिकप्टरबाट समेत मेडिकल इभ्याकुएशन सुविधा (Evacuation Facility) उपलब्ध गराउँदै आइरहेको छ।

श्री त्रि-चन्द्र मिलिटरी अस्पताल

श्री त्रि-चन्द्र मिलिटरी अस्पताल सन् १९५२ (वि.सं. २००९) मा काठमाडौंस्थित जगन्नाथदेवलमा श्री नं. १ फिल्ड एम्वुलेन्स गुल्मको नाममा नामाकरण भई खडा भएको थियो।

यो स्थापनाकालदेखि त्यसै ठाउँमा रही सन् १९६६ (वि.सं. २०२३) को अन्त्यतिर जगगनाथदेवलबाट स्थान्तरण भई नेपालगञ्जस्थित फुलटेक्रामा रहयो। त्यहाँ यसले करिव १५ वर्षसम्म आफ्ना कार्यहरू सञ्चालन गरी रह्यो। पछि सन् १९८१ सेप्टेम्वर १४ (वि.सं. २०३८ भाद्र २९) मा श्री नं. १ फिल्ड एम्वुलेन्स गुल्म खारेज भएर वृहत् योजनाअन्तर्गत १७३ जनाको संख्यामा परिणत धनगढी वोराडारीमा श्री बाहिनी फिल्ड अस्पतालको नाममा नामाकरण भई नेपालगञ्जवाट सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा सारियो। सो स्थानमा पनि १६ वर्षसम्म रही सो स्थानवाट पुन: काठमाडौंस्थित महाँकालस्थानमा सन् १९९७ डिसेम्वर १९ (वि.सं. २०५४ पौष ६) मा स्थानान्तरण भई सोही मितिमा पुन: श्री बाहिनी फिल्ड

५८ श्री वीरेन्द्र अस्पतालका क्लिनिकल रजिष्ट्रार सहायक रथी डा. डुगुप निस प्रसिकोले वि.सं. २०६५ वैशाख ८ मा तयार गरेको "श्री वीरेन्द्र अस्पतालको इतिहास", परिशिष्ट "क", पृ. १-४।

अस्पतालको नाममा परिवर्तन गरी श्री त्रि-चन्द्र मिलिटरी अस्पताल (फि.अ.) नामाकरण भएको थियो । उक्त ठाउँमा पनि ७ वर्ष रह्यो । त्यसपछि सन् २००४ जुन १७ (वि.सं. २०६१ आषाढ ३) मा पुन: नेपालगञ्जस्थित फुलटेक्रामा स्थानान्तरण भई हालसम्म त्यहीँ रहेको छ । २५ वेडको यस अस्पतालमा हाल १८५ जनाको दरवन्दी रहेको छ ।[५९]

श्री सैनिक पुनर्स्थापना केन्द्र

सन् २००४ मे १३ (वि.सं. २०६१ वैशाख ३१) मा तत्कालीन शाही नेपाली सैनिक पुनर्स्थापना केन्द्र स्थापना गर्ने निर्णय गरिएअनुसार सन् २००४ अक्टोवर १२ (वि.स. २०६१ आश्विन २६) बाट यो केन्द्र श्री कार्यरथी विभाग (संगठन र सञ्चालन) अन्तर्गत भद्रकालीस्थित पुरानो सप्लाई लाईन परिसरमा अस्थायी कार्यालय स्थापना गरी कार्य सञ्चालन गरिएको थियो ।

सन् २००४ (वि.सं. २०६१ पौष) मा एक ४ सदस्यीय सैनिक भ्रमण टोलीले भारतको पुनास्थित Artificial Limb Centre, Paraplegic Home Kirkee र मुम्वईस्थित Otto Bock कम्पनीको स्थलगत अध्ययन भ्रमणपश्चात् उक्त टोलीले पुनर्स्थापना केन्द्रको निर्माण गर्ने सुझाव गरेको थियो । निर्माण गर्ने भद्रकालीस्थित पुरानो सप्लाई लाईन हाता भित्र सञ्चालित यस पुर्नस्थापना केन्द्रको अस्थायी कार्यालय सन् २००४ अक्टोवर १२ (वि.सं. २०६१ आश्विन २६) वाट त्रि-चन्द्र मिलिटरी अस्पताल महाँकाल स्थानमा सार्ने निर्णय भई सोही मितिवाट यस केन्द्र श्री कार्यरथी विभाग (संगठन र सञ्चालन) को सट्टा श्री कार्यरथी विभाग (सैनिक स्वास्थ्य महानिर्देशनालय) अन्तर्गत कार्यरत रहदै आएको छ ।

यस केन्द्रको लागि आवश्यक भवन निर्माण कार्य काठमाडौं महानगरपालिका १६ ऐराहिटीस्थित भण्डारखालमा सन् २००५ (वि.सं. २०६२) मा निर्माण सुरू भई सो केन्द्रको विधिवत उद्घाटन सन् २००७ मे २५ (वि.सं. २०६४ जेष्ठ ११) मा भएको थियो । हालसम्म पनि भण्डारखालस्थित निर्मित भवनहरू यस केन्द्रलाई

५९ श्री त्रि-चन्द्र मिलिटरी अस्पताल (फि.अ.) ले वि.सं. २०६४ मंसीर १५ मा फ्याक्स नं. टि.सि./८२५ -१५०७३५ वाट प्रेसित "श्री त्रि-चन्द्र मिलिटरी अस्पतालको इतिहास", परिशिष्ट "क" ।

विधिवत स्थानान्तरण भई नसकेकाले श्री त्रि-चन्द्र मिलिटरी अस्पताल महांकाल परिसरमा नै कार्यालय सञ्चालन गर्दै आएको छ ।[६०]

श्री पूर्वी पृतना मेडिकल गण

नेपाली सेनालाई विस्तार गर्दै लैजाने क्रममा तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) मा श्री पूर्वी पृतना मेडिकल गण इटहरी, सुनसरीमा स्थापना भएको हो । यस गणको आदर्श वाक्य "सर्व रोग निवारण" रहेको छ ।

यस गणअन्तर्गत श्री नं. २ फि.ए. गुल्म धरानमा, श्री नं. ९ फि.ए. गुल्म भकुण्डेवेशीमा र श्री नं. १८ फि.ए. गुल्म गाईघाटमा कार्यरत छन् । यस गणको मुख्य जिम्मेवारी श्री पूर्वी पृतना हेडक्वाटरअन्तर्गतका बाहिनी, गण, गुल्म तथा युनिट, सवयुनिटका सकल दर्जाहरूलाई आवश्यकताअनुसार उपचार सेवा प्रदान गर्नु नै हो । त्यसै गरी श्री पूर्वी पृतना हेडक्वाटरको जिम्मेवारी क्षेत्रअन्तर्गतका भुतपूर्व सैनिक, तिनका परिवारहरू र वहालवाला सैनिकका परिवारहरूलाई उपचार सेवा प्रदान गर्नु पनि यस गणको अर्को जिम्मेवारी हो । यस गणले सन् २००५ (वि.सं. २०६२) देखि हालसम्म १२३५ स्थानीयबासीलाई सर्पको टोकाईसम्बन्धी उपचार गरिसकेको छ । यसका अतिरिक्त यसले विभिन्न ठाउँमा वरावर स्वास्थ्य शिविर क्याम्पको सञ्चालन गर्ने गरेको छ । संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति सेनाको रूपमा नेपालबाट विदेशमा पठाइने गरिएका टोलीहरूमा यो गण पनि सम्मिलित भएर आफ्नो जिम्मेवारी पूरा गरेको छ ।[६१]

६० श्री सैनिक पुनर्स्थापना केन्द्रका प्रमुख सेनानी शम्शेरवहादुर चन्दले वि.सं. २०६४ श्रावण ८ मा तयार गरेको "श्री सैनिक पुनर्स्थापना केन्द्रको सङ्क्षिप्त इतिहास", पृ. १-२ ।

६१ श्री पूर्वी पृतना मेडिकल गणका प्राविधिक सह-सेनानी डा. मल्लिका रायमाझीले वि.सं. २०६४ चैत्र ५ मा तयार गरेको "श्री पूर्वी पृतना मेडिकल गणको इतिहास", पृ. १-२ ।

श्री पश्चिम पृतना मेडिकल गण

श्री ५ को सरकार मन्त्रिपरिषद्को सन् २००३ डिसेम्वर ४ (वि.सं. २०६० मंसीर १८) को निर्णयअनुसार नेपाली सेनामा दरवन्दी थप हुँदा श्री मध्य पृतना हेडक्वाटर पोखराको कम्ब्याट सर्भिस सपोर्ट युनिटको रूपमा स्थापना भएको हो । यो गणको नामाकरण हुँदा पोखराको तत्कालीन हेडक्वाटरको नाम श्री मध्य पृतना हेडक्वाटर भएको कारण यस गणलाई समेत मध्य पृतना मेडिकल गणको नामबाट स्थापना गरिएको थियो । पछि आएर पोखरामा तैनाथ रहेको पृतना हेडक्वाटरको नाम श्री पश्चिम पृतना हेडक्वाटर भएको कारण स्वत: यो गण उक्त पृतना हेडक्वाटरको सपोर्टिङ्ग युनिट भएकोले यस गणको नाम समेत बदली भई श्री पश्चिम पृतना मेडिकल गण भएको हो । यस गणको आदर्श वाक्य "सर्व रोग निवारण" रहेको छ ।

श्री नं. ३ फिल्ड एम्बुलेन्स (फि.ए.) गुल्म, श्री नं. ६ फि.ए. गुल्म र श्री नं. ७ फि.ए. गुल्महरूलाई समायोजन गरी जम्मा २०१ जनाको दरवन्दीमा यस श्री पश्चिम पृतना मेडिकल गण स्थापना गरिएको थियो । हाल यो गण श्री पश्चिम पृतना हेडक्वाटरअन्तर्गत कास्की जिल्लास्थित विजयपुर व्यारेकमा तैनाथरत छ । हाल आएर यस गणको नं. ३ फि.ए. "क" गुल्म श्री नं. ३ बाहिनी अड्डासँगै तनहुँ खैरेनीटारमा, नं. ६ फि.ए. "ख" गुल्म श्री मध्य पृतना हेडक्वाटर अन्तर्गत श्री नं. ६ बाहिनी अड्डा बैरेनीमा र नं. ७ फि.ए. "ग" गुल्म श्री मध्य पृतनाअन्तर्गत हेटौंडा, सुपारेटारमा तैनाथरत छ ।

यस गणको मुख्य जिम्मेवारी श्री पश्चिम पृतना हेडक्वाटरअन्तर्गतका बाहिनी, गण, गुल्म तथा युनिट, सव-युनिटका सकल दर्जाहरूलाई आवश्यकताअनुसार उपचार सेवा प्रदान गर्नु हो । त्यसै गरी श्री पश्चिम पृतना हेडक्वाटरको जिम्मेवारी क्षेत्रअन्तर्गतका भुतपूर्व सैनिक, तिनका परिवारहरू र बहालवाला सैनिकका परिवारहरूलाई उपचार सेवा प्रदान गर्नु पनि यसै गणको जिम्मेवारीमा पर्दछ ।[६२]

हाल यस श्री पश्चिम पृतना मेडिकल गणका निमित्त गणपति प्राविधिक सह-सेनानी डा. दृष्टि शाह पाण्डे हुनुहुन्छ ।

---

६२ श्री पश्चिम पृतना मेडिकल गणका प्राविधिक सह-सेनानी डा. दृष्टि शाह पाण्डेले वि.सं. २०६४ फाल्गुण १६ मा तयार गरेको "श्री पश्चिम पृतना मेडिकल गणको इतिहास", पृ. १ ।

सैनिक आर्थिक प्रशासन विभाग

श्री सैनिक आर्थिक प्रशासन विभाग

तत्कालीन श्री ५ को सरकारको विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयहरूको धेरै मात्रामा बेरूजु फछ्र्यौट गर्न बाँकी रहेकोमध्ये नेपाली सेनामा पनि पाइन्छ । सन् १९८७ (वि.सं. २०४४) मा सम्पूर्ण मन्त्रालय, विभाग तथा कार्यालयहरूको बेरूजु फछ्र्यौट कार्य टोली गठन गरी आ-आफ्नो बेरूजु तदारूकताका साथ फछ्र्यौट गर्न तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्बाट निर्णय भएबमोजिम जंगी अड्डामा पनि सोही वर्ष बेरूजु फछ्र्यौट टास्क फोर्स (कार्यदल) गठन गरिएको थियो । उक्त टास्क फोर्समा विभिन्न दर्जाका व्यक्तिहरू काजमा लिई कार्य सुरू गरेको र टास्क फोर्सले कार्य सुरू गरेपछि हरेक वर्ष बेरूजु फछ्र्यौटको अंक वृद्धि हुँदै गए तापनि अझ बढि बेरूजु फर्छ्योट गर्न एक स्थायी निकाय कै आवश्यकता महसुस गरी तत्कालीन श्री ५ को सरकारको सन् १९९२ मे २५ (वि.सं. २०४९ जेष्ठ १२) को निर्णयअनुसार श्री निरीक्षणाधिकृतको कार्यालयअन्तर्गत रहने गरी लेखा तथा बेरूजु फछ्र्यौट निर्देशनालय खडा गरियो । आर्थिक कारोवारलाई पारदर्शी तथा बेरूजु फछ्र्यौटलाई अझ प्रभावकारी बनाउने उद्देश्यले सन् २००१ अगष्ट २१ (वि.सं. २०५८ भाद्र ५) मा लेखा तथा फछ्र्यौट निर्देशनालयलाई सैनिक आर्थिक प्रशासन विभाग नामाकरण गरिएको थियो ।

यस श्री सैनिक आर्थिक प्रशासन विभागको उद्देश्य निम्न छन् ;[६३]

(क) नेपाली सेनाको आर्थिक कारोवारलाई समयानुकूल प्रभावकारी तथा नियमित प्रक्रियाअनुसार सञ्चालन गर्न गराउन लगाउने,

(ख) विभिन्न निकायहरूको भइरहेको बेरूजुलाई फछ्र्यौट गर्न गराउनेतर्फ प्रभावकारी कदम चाल्ने,

(ग) सकेसम्म बेरूजु नै हुन नदिने वा भएमा पनि ज्यादै न्युन हुने किसिमबाट कार्य सञ्चालन गर्न लगाउने,

(घ) विभिन्न निकायहरूबाट माग भए अनुसार आर्थिक प्रशासन सम्वन्धमा आवश्यक राय सल्लाह दिने,

---

६३ श्री सैनिक आर्थिक प्रशासन विभागका सेनानी यादवध्वज देउजाले वि.सं. २०६४ चैत्र १७ मा तयार गरेको "सैनिक आर्थिक प्रशासन विभाग, जंगी अड्डाको इतिहास", पृ. १ ।

(ङ) अनियमित तथा सरकारी हानी नोक्सानी र हिनामिना एवम् मस्यौट गरेमा नियमानुसारको गर्ने गराउने र

(च) आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि नियमावली तथा प्रचलित ऐन, नियमअनुसार गरे नगरेको अनुगमन गर्ने ।

यस विभागले नेपाली सेनाको आर्थिक कारोवार सञ्चालन गर्न सेनाका करिव २६८ अङ्गहरूको श्री महालेखा परीक्षकको विभागबाट लेखापरीक्षण भई औल्याएको बेरूजुको अभिलेख राख्नुका साथै सम्बन्धित युनिटले लेखापरीक्षण गराए नगराएको अनुगमन गर्ने गर्दछ। यसबाहेक यसले बेरूजु फर्छ्योटका लागि सम्वन्धित युनिटलाई तर ताकेता गर्ने एवम् श्री रक्षा मन्त्रालय, श्री महालेखा परीक्षकको कार्यालयसँग समन्वय गरी बेरूजु फछ्र्यौट गर्ने जस्ता कार्यहरू गर्दै आएको छ ।

प्रबन्धरथी विभाग अन्तर्गतका अङ्गहरू

श्री प्रबन्धरथी विभाग (खाद्य र परिवहन)

यो विभागले सन् १९५२ डिसेम्वर १५ (वि.सं. २००९ पौष १) बाट QMG Branch (क्यु.एम.जी. ब्रान्च) अन्तर्गत रही प्रबन्धरथी विभाग (खाद्यान्न) तथा प्रबन्धरथी विभाग (चल्ती) को काम गरेको पाइन्छ। तत्पश्चात् सन् १९८६ (वि.सं. २०४३ श्रावण) बाट श्री प्रबन्धरथी विभाग (खाद्य र परिवहन) नामबाट रही कार्य सञ्चालन गर्दै आएको छ । जसअनुसार विभाग प्रमुखको कार्यभार निर्देशक महासेनानीले र निर्देशकअन्तर्गत दुई शाखा विभाजित गरी कार्य सञ्चालन भएको पाइन्छ ।

(क) प्रबन्धरथी विभाग (खाद्य र परिवहन) को काम :

नेपाली सेनाको लागि तोकिएको आइटम र स्केलअनुसारको राशन आपूर्तिको व्यवस्था गर्ने र परिवहनतर्फ फौज अदली बदली तथा परिचालनको ढुवानी समेतको कार्य गर्ने ।

(ख) प्रबन्धरथी विभाग (बजेट शाखा) को काम :

नेपाली सेनाको लागि आवश्यक सरूवा भ्रमण रकम, इन्धन तथा अन्य इन्धन रकम, खाद्य रकम, ढुवानी रकम, कार्यक्रम भ्रमण खर्च रकमको बजेट प्रस्ताव, विनियोजित र निकासाको कार्य गर्ने ।

कार्यालय पुनः सङ्गठनको क्रममा सन् २००३ डिसेम्वर २९ (वि.सं. २०६० पौष १४) बाट लागु हुने गरी यस विभागमा खाद्य र परिवहन तथा बजेट गरी दुईवटा शाखाहरू रहेका छन् ।

यस विभागको कार्यक्षेत्रभित्र केन्द्रिय तथा स्थानीय स्तरबाट नेपाली सेनालाई दैनिक आवश्यक पर्ने राशन, उपचारका लागि सैनिक अस्पतालमा भर्ना हुने विरामीहरूको डाइट, नेपाली सेनाका व्यारेकहरूमा पालिएका कुकुर, घोडा, खच्चड र भोप्पाहरूको राशन एवम् दाना घाँसको सम्झौता ठेक्काद्वारा व्यवस्था गर्ने, सेनाको दैनिक भ्रमण भत्ता, बन्दोबस्ती मालसामान तथा खाद्यान्न सामाग्रीको ढुवानी, सवारी साधनको दरवन्दीको एफ.ओ.एल. (Fuel, Oil and Lubricant), सवारी साधनमा आवश्यक पर्ने पेट्रोल, डिजेल, लुब्रिकेन्टस् एवम् विद्युत आपूर्ति नभएको समयमा बत्ति बाल्न आवश्यक पर्ने मट्टितेल तथा युनिटहरूको

स्थानान्तरणको योजना र कार्यान्वयन आदिको निर्देशन र नियन्त्रण पर्दछन् । यस अतिरिक्त यस विभागबाट वार्षिक सञ्चालन हुने बजेट प्रस्ताव, विनियोजित बजेटको बाँडफाँडको सिफारिस एवम् नीति नियम योजना आदिको सुझाव संकलन र कार्यान्वयन समेत हुने गर्दछ ।[६४]

श्री नं. ११ बाहिनी अड्डा

नेपाली सेनामा भएका विभिन्न बाहिनीहरूको विस्तारसँगै सैनिक हवाई सेवालाई थप आधुनिकीकरण र मजबुत बनाउने उद्देश्यबाट सैनिक विमान सेवालाई श्री प्रबन्धरथीको कार्यालयअन्तर्गत रहने गरी सन् १९९० जुलाई १६ (वि.सं. २०४७ श्रावण १) मा श्री नं. ११ बाहिनी अड्डा नामाकरण गरी खडा गरिएको थियो । यस बाहिनीको आदर्श वाक्य "निर्भय सेवा वायु सरी" रहेको छ ।

सन् १९६५ (वि.सं. २०२२) मा नेपाली सेनामा सैनिक बन्दोबस्ती, सैनिक यात्रु तथा सामान ओसारपसार लगायतका सैनिक हवाई सेवा प्रदान गर्ने अभिप्रायबाट मित्रराष्ट्र संयुक्त अधिराज्यबाट प्राप्त तीनवटा ट्वीन पाइनियर फिक्सड विङ्ग जहाजद्वारा एयरबोर्न ट्रान्सपोर्ट सपोर्ट विङ्गको नाममा हवाई युनिटको स्थापना भएको थियो । नेपाली सेनामा हवाई मद्दतका लागि नं. ११ बाहिनी अड्डाको स्थापना सन् १९६५ (वि.सं. २०२२) मा भएपश्चात् प्रायजसो यो युनिटले साधारण सैनिक ढुवानी, कार्गो, अप्रेशनल, विशिष्ट र अति विशिष्ट उडान, दैवी प्रकोप उद्धार तथा घाइते विरामी ओसारपसार, विकास निर्माण, स्वदेशी र विदेशी पर्वतारोहीहरूको जिवनाद्धार र चार्टर उडान हुँदै आएको छ ।[६५] सन् १९७१ (वि.सं. २०२८) मा यो हवाई युनिटको नाम परिवर्तन भई शाही नेपाली हवाई परिवहन शाखा नामाकरण भएको थियो । यसैगरी सन् १९७५ (वि.सं. २०३२) मा पृथक रूपमा विशिष्ट र अतिविशिष्ट व्यक्तिहरूका उडान कार्यमा संलग्न श्री भी.भी.आई.पी. उडानलाई गाभिएर संयुक्त रूपमा शाही नेपाली सैनिक विमान सेवाका रूपमा नाम परिवर्तन भएको थियो । दश वर्षसम्म सोही नामबाट सैनिक

६४ श्री प्रबन्धरथी विभाग (खाद्य र परिवहन) का महासेनानी निरन्जन विक्रम राणाले वि.सं. २०६४ फाल्गुण १३ मा तयार गरेको "प्रबन्धरथी विभाग (खा.प.) को सङ्क्षिप्त इतिहास", पृ. १-२ ।

६५ रमेशकुमार विष्ट, "सैनिक तथा नागरिक कार्यमा नं. ११ बाहिनी", *सिपाही,* वर्ष ३९, अंक ४०, वि.सं. २०६३, पृ. १८ ।

तथा विशिष्ट व्यक्तिहरूका लागि हवाई कार्य गर्दै आएकोमा सन् १९८५ (वि.सं. २०४२) मा भी.भी.आई.पी. उडान अलग भएको थियो । तत्पश्चात् सन् १९९० जुलाई १६ (वि.सं. २०४७ श्रावण १) बाट यस शाही नेपाली सैनिक विमान सेवालाई श्री नं.११ बाहिनीको रूपमा विस्तार गरिएको थियो ।[६६]

यस बाहिनीलाई आवश्यक पर्ने पाइलट, इन्जिनियर तथा मेकानिक्सहरूको पूर्ति विदेशबाट तालिम प्राप्त गरेपछि सरूवा वा सोझै भर्ना गरिन्थ्यो । यसका साथै स्थापनाकालमा स्वदेशी दक्ष जनशक्तिको अभावमा हवाई सेवा प्रदान गर्नलाई भारत, फ्रान्स लगायत संयुक्त अधिराज्यबाट पाइलट, इन्जिनियर र अन्य प्राविधिकहरूलाई समेत करारमा नियुक्ति गरी सेवा लिने गरिएको थियो । स्थापना भएको करिब ४० वर्षपश्चात् स्वदेशमा नै पाइलट जनशक्ति उत्पादन गर्ने उद्देश्यबाट श्री सैनिक एभिएसन तालिम केन्द्रको स्थापना सन् २००५ जुलाई १३ (वि.सं. २०६२ आषाढ २९) मा बाहिनी हाताभित्र काठमाडौंमा गरिएको थियो । यस तालिम केन्द्रले आफ्नो स्थापनाकालको १ वर्षको अवधिमा नै स्वदेशमा नै पहिलोपटक ६ जना सैनिक अधिकृतहरूलाई एलुवेट हेलिकप्टरमा आधारभूत पाइलटको तालिम प्रदान गर्न सफल भएको थियो ।[६७]

सन् १९७४ मा खम्पा निशस्त्रीकरण गर्ने कार्यमा तत्कालीन शाही नेपाली सैनिक हवाई परिवहन शाखाले हवाई पट्रोल, कमाण्ड कन्ट्रोल तथा फौज परिचालन लगायतका कार्य गरी सैनिक कारवाहीमा हवाई सपोर्टको अग्रणी भूमिका निर्वाहा गरेको थियो । यसले सन् १९८८ अगष्ट २१ (वि.सं. २०४५ भाद्र ५) मा गएको महाभूकम्पमा घाइते विरामीको तत्काले उद्धार, पिडितहरूका लागि राहत कार्यहरू, स्वास्थ्य उपकरण सहित स्वास्थ्यकर्मीहरू र उनीहरूका सामाग्रीहरू लगायत राहतका अन्य सामाग्रीहरूको वितरण कार्यको लागि व्यापक उद्धार उडान सम्पन्न गरेको थियो । सन् १९९५ (वि.सं. २०५२) मा नेपाल अधिराज्यका विभिन्न ठाउँहरूमा भएको बाढी पहिरोका पिडित व्यक्तिका लागि यसले उद्धार कार्य पनि गरेको थियो । त्यस्तै गरेर सन् १९९२ (वि.सं. २०४९) मा थाइ एयरवेजको रसुवा जिल्लाको घ्याङभेदीमा भएको हवाई दुर्घटना, पाकिस्तान एयरलाइन्सको

६६ श्री नं. ११ बाहिनी अड्डाका बाहिनीपति सहायक-रथी रमेश कुमार विष्टले वि.सं. २०६४ फाल्गुण २० मा तयार गरेको "श्री नं. ११ बाहिनीको इतिहास" र मदनबहादुर के.सी., "उद्धार कार्यमा नं. ११ बाहिनीको भूमिका", *सिपाही,* वर्ष २६, वि.सं. २०५०, पृ. १४२ ।

६७ श्री नं. ११ बाहिनी अड्डाका बाहिनीपति सहायक-रथी रमेश कुमार विष्टले वि.सं. २०६४ फाल्गुण २० मा तयार गरेको "श्री नं. ११ बाहिनीको इतिहास" ।

ललितपुर जिल्लाको भट्टेडाँडामा भएको हवाई दुर्घटना, लुम्बिनी एयरवेजको टुइनअट्टर विमानको म्याग्दीमा भएको हवाई दुर्घटना अतिरिक्त सन् २००५ मा एयर डाइनेष्टीको एक्युरेल हेलिकप्टरको रामेछापमा भएको हवाई दुर्घटनामा खोज र उद्धार कार्यमा यसले ठूलो सहयोग पुऱ्याएको थियो । सन् २००६ अक्टोवर २४ (वि.सं. २०६३ कार्तिक ७) मा ताप्लेजुङ्ग जिल्लाको धुन्सामा श्री एअरलाइन्सको एम.आई. १७ हेलिकप्टर दुर्घटनामा पनि यसले खोज तथा उद्धार कार्य गरेको थियो ।

यस श्री नं. ११ बाहिनीको बाहिनीपति सहायक रथीहरू तेजेन्द्रजंग थापा, पुष्प बहादुर के.सी. र गुन्जमान लामा हुनुहुन्थ्यो । हाल यस बाहिनीको बाहिनीपति सहायक रथी रमेश कुमार विष्ट हुनुहुन्छ ।

श्री एम.ई.एस. (केन्द्रीय शाखा)

एम.ई.एस. (मिलिटरी इन्जिनियरिङ्ग सर्भिसेज) (केन्द्रीय शाखा) श्री एम.ई.एस. कार्यालय नाम भई ११ जनाको संख्यामा सन् १९५६ मार्च २५ (वि.सं. २०१२ चैत्र १२) मा खडा भएको थियो । सन् १९७० जुलाई १६ (वि.सं. २०२७ श्रावण १) मा ४ वर्षे योजनाअन्तर्गत नयाँ दरबन्दी लागु भई सैनिकतर्फ ६६ जनाको संख्यामा यस कार्यालयको नाम एम.ई.एस. ((केन्द्रिय शाखा) भई सो को अलावा यस शाखाअन्तर्गत नं. २,३,४ र ५ बाहिनी अड्डामा बाहिनी एम.ई.एस. खडा भएको थियो । प्रत्येक बाहिनीमा १९ जनाको संख्या थप भई बाहिनीमा अट्याचको रूपमा रहि बाहिनीअन्तर्गतको सबै निर्माणको कामहरू रेखदेख गर्ने गरी खडा भएको थियो ।

यस शाखाले नेपाली जंगी अड्डाको धारा, बिजुली तथा रंगरोगन, श्री प्रधानसेनापतिको निवासस्थान, वीरेन्द्र अस्पतालको साथै नेपाली सेनाका सबै ब्यारेक भवनहरूको मर्मत कार्यहरू गर्दै आएको छ । यस शाखाबाट ठूल-ठूला निर्माणको प्रोजेक्ट मध्ये छाउनीस्थित वीरेन्द्र अस्पताल र अन्य परिवार आवासको निर्माण गरेको छ । श्री एम.ई.एस. (केन्द्रिय शाखा) अन्तर्गत ३ वटा शाखाहरू छन् । जसअन्तर्गत ब्यारेक जिम्मा शाखाले नेपाली सेनाको अधिराज्यमा भएका गण/गुल्म, डिपो तथा शिक्षालयहरूको व्यारेकहरूको रेकर्ड डकुमेण्ट राख्ने, गण/गुल्महरू अदली बदली हुँदा यस शाखाबाट बुझ बुझारथको लागि प्रतिनिधि पठाउने आदि कार्यहरू गर्ने गर्दछ । यस बाहेक यस व्यारेक जिम्मा शाखाले विभिन्न ट्रेडका

प्राविधिक तालिमहरू पनि सञ्चालन गरेर दक्ष प्राविधिकहरू उत्पादन गरिरहेको छ । त्यस्तै गरेर मर्मत तथा कार्यान्वयन शाखाले नेपाली सेनाका सम्पुर्ण ब्यारेक भवनहरू नयाँ निर्माण गर्नुका साथै मर्मत कार्यहरू गर्ने गरेको छ । प्रशासन शाखाले चाहिँ दैनिक प्रशासनिक क्रियाकलापहरूको अतिरिक्त प्रबन्धकीय, राशन भत्ता, तलब आदि कार्यहरू गर्ने गर्दछ ।[६८]

श्री सर्भे शाखा

नेपाली सेनाको अधिनमा रहेका जग्गा जमिन र ब्यारेक घरहरू नापजाँच गर्नको लागि सेनाभित्र नै सर्भेयरको आवश्यकता महसुस गरी यस श्री सर्भे शाखा सर्भे अफिसको नामले सन् १९६५ (वि.सं. २०२२) मा स्थापना भएको थियो । सन् १९६६ डिसेम्वर १६ (वि.सं. २०२३ पौष १) मा श्री बलाधिकृत विभाग (सै.स.) अन्तर्गत रहने गरी सर्भे से.मु.हे.क्वा. नामाकरण भएको र यसको संख्या अधिकृत सहित ३२ जना थियो । सन् १९९६ डिसेम्वर २९ (वि.सं. २०५३ पौष १४) मा सर्भे से.मु.हे.क्वा. बाट स्तर वृद्धि तथा नाम समेत परिवर्तन भई श्री सर्भे शाखा भएको थियो । सो बेलामा यसको अधिकृत सहित ४९ जनाको संख्या थियो । हाल यस शाखा श्री विकास निर्माण तथा स्थपति महानिर्देशनालयअन्तर्गत रहि कार्य गर्दै आएको छ ।

यस शाखाका प्रमुख काम कर्तव्यहरू निम्नानुसार छन् ;[६९]

(क) नेपाली सेनाको अधिराज्यभरि विभिन्न ब्यारेकहरूमा गई माष्टर प्लान तयार गर्ने गरेको,

(ख) नेपाली सेनाको विभिन्न युनिटहरू जस्तै पृतना, बाहिनी, गण, गुल्म, डिपोलाई विभिन्न कार्यको लागि फिनिडा सरकारको सहयोगमा तयार पारेको टोपोग्राफिकल म्यापहरू, नक्शाहरू, जाईका प्रोजेक्ट र सर्भे अफ इण्डियाले तयार पारेका नक्शाहरू बलाधिकृत विभाग (व्य.यु.)

६८ श्री एम.ई.एस. (केन्द्रिय शाखा) का कार्यालय प्रमुख प्राविधिक महासेनानी कमालसिंह प्रधानले वि.सं. २०६५ वैशाख १० मा तयार गरेको "एम.ई.एस. (के.शा.) को सङ्क्षिप्त इतिहास", पृ. १-४ ।

६९ श्री सर्भे शाखाका सर्भे शाखापति प्राविधिक महासेनानी राजकुमार थापाले वि.सं. २०६५ वैशाख ८ मा तयार गरेको "सर्भे शाखाको इतिहास", पृ. १-३ ।

व्यवस्था तथा नियन्त्रित महाशाखाले तोकेको स्केल र दरवन्दीअनुसार यस शाखाले वितरण गर्ने गरेको,

(ग) नेपाली सेनाको फायरिङ्ग एरियाको छनोट गर्ने गरेको,

(घ) नेपाली सेनाको विभिन्न लोकेशनहरू राख्न चाहिने जग्गाहरू अधिग्रहण गर्ने तथा सामुदायिक वन हस्तान्तरण गर्ने कार्यहरू गर्ने गरेको,

(ङ) विकास निर्माण तथा स्थपति महानिर्देशनालयले सञ्चालन गरेका आयोजनाहरूमा विभिन्न किसिमको सर्भे कार्य गर्ने गरेको,

(च) नापी विभाग र अरू विभिन्न प्राइभेट संस्थाहरूले तयार पारेको नक्शाहरूमा अन्तिम (Final) स्विकृती दिने म्यापिङ्ग टेक्नीकल कमिटिको सदस्यको हैसियतले आवश्यक सुझाव दिई स्विकृती दिने गरेको,

(छ) नेपाली सेनाका अङ्गहरूमा विवाद भएमा प्राड विवाकबाट माग भई आउँदा प्राविधिकहरू गई टेक्नीकल्ली समाधान गरीदने गरेको,

(ज) यस शाखाका प्राविधिकहरू र अन्य दर्जाहरूलाई पेशा सम्बन्धी तालिमहरू सञ्चालन गर्ने गरेको,

(झ) DMO (युद्धकार्य निर्देशनालय) मा विभिन्न नक्शाहरूमा मार्किङ्ग गरी Grid Reference (GR) हरू निकाल्ने कामदेखि लिएर अरू सर्भे सम्बन्धी विभिन्न कामहरू गर्ने गरेको,

(ञ) बोर्डरसम्बन्धी विभिन्न किसिमका सर-सल्लाहको मिटिङ्गमा यस शाखाका अधिकृतहरू परराष्ट्र मन्त्रालयमा सहभागी हुने गरेको,

(ट) नेपाली सेनाको विभिन्न कार्यालयहरूमा गई ड्राफटम्यानसम्बन्धी कार्यहरू गर्ने गरेको,

(ठ) शिक्षण पक्ष छाउनीबाट माग भई आएको बखतमा Importance of Aerial Photography in Military Intelligence मा लेक्चर दिने गरेको,

(ड) नेपाली सेनाको निर्माण कार्य सम्पन्न गर्दा आवश्यक पर्ने Layout गर्ने गरेको,

(ढ) विभिन्न प्रोजेक्टहरूले हवाई फोटो लिँदा नेपाली सेनाको सर्भेसम्बन्धी ज्ञान भएको एक जना प्राविधिक अधिकृत प्रतिनिधि यस शाखाबाट जाने गरेको र

(ण) विभिन्न नक्शाहरू समय समयमा Up to Date गर्ने गरेको हो ।

सम्भाररथी विभाग अन्तर्गतका अङ्गहरू

श्री टु.मु. कोतखाना डिपो

नेपाली जंगी अड्डा रहेको परिसरमा टुँडिखेल माथिको कोतखाना (टु.मा. कोतखाना) र टुँडिखेल मुनिको कोतखाना (टु.मु. कोतखाना) गरी दुईवटा हतियार भण्डार थिए । जंगी अड्डा विस्तार गर्ने क्रममा टु.मा. कोतखाना मासियो भने टु.मु. कोतखाना अद्यापि रहेको छ । नेपाली सेनाको हातहातियर सुरीक्षत र व्यवस्थित रूपमा भण्डारणका लागि श्री टु.मु. कोतखानाको स्थापना सन् १८९७ (वि.सं. १९५४) मा भएको हो । तत्कालीन समयमा टुँडिखेलको पश्चिमतर्फ (सुन्धारादेखि त्रि-चन्द्र मिलिटरी अस्पतालसम्म) दैनिक परेड खेल्ने विभिन्न पल्टनहरूको हतियार राख्ने कोतघरहरू भएको र टुँडिखेलको दक्षिणतर्फ दवेको जमिनमा समेत विभिन्न पल्टनहरूको रिजर्भ र सपोर्टिङ्ग हतियारहरू राख्ने गरिएको अनुमान राणाकालमा निर्मित यस डिपोका घरहरूको झ्याल ढोकाहरूमा कुँदिएका शम्शेर, पशुपति प्रसाद, पुरानो गोरख, शेर जस्ता पल्टनहरूको नामवाट लगाउन सकिन्छ । त्यस वखत यस इलाकामा गणेशदल कम्पनी लगायत तोपहरू र राजदलको एक कम्पनी सहित तैनाथ रहेको हुँदा यस इलाकामा भएको व्यारेक घरहरूलाई "तोपखाना व्यारेक" भन्ने गरिएको र टुँडिखेल मुनि अवस्थित रहेबाट यसको नाम टु.मु. (टुँडिखेल मुनिको) कोतखाना रहन गएको हो । यस डिपोको आदर्श वाक्य "बाँच र बाँच्न देऊ" रहेको छ ।

स्थापनाकालदेखि नै निजामति कर्मचारीहरूद्वारा सञ्चालन हुँदै आएकोमा सन् १९६८ (वि.सं. २०२५) देखि यस डिपोको कार्य सेनावाट नै सञ्चालन हुँदै आएको छ ।

नेपाली सेनाको लागि स्वदेशी तथा विदेशी निकाय वा ठेकेदारमार्फत प्राप्त हुने सवै प्रकारका हातहतियार, हतियारका पार्टपूर्जा, तेल, ग्रिज, टल्ली जस्ता हतियार सफाइका सामानहरू श्री संभाररथी विभागको निर्देशन मुताविक वुझिलिने, सम्वन्धीत प्रतिनिधीहरूको रोहवरमा नियमानुसार खोलुवाको प्रक्रिया पूरा गरी आम्दानी बाँध्ने र आदेशअनुसार युनिट, सव युनिटहरूलाई वितरण गर्नु नै यस डिपोको प्रमुख कार्य हो । यसका अतिरिक्त विभिन्न कारणले युनिट, सवयुनिटहरूबाट फिर्ता हुने हतियारहरू सम्वन्धित प्राविधिकबाट निरीक्षण गराई हालत जनाएर वुझि लिने र वेसावुत हालतमा प्राप्त हुने हतियारलाई यथासम्भव छिटो मरमत गरी, गराई भण्डारण गर्नु पनि यस डिपोको जिम्मेवारीमा पर्दछ ।

साथै जनपद प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र केही वैंकहरूलाई समेत आवश्यक हतियारहरू यसै डिपोमार्फत निकासा हुने गरेको थियो ।[७०]

सेनाको एक महत्वपूर्ण र संवेदनशील निकायको रूपमा रहेको यो डिपो नेपाली सेनाको विकास र विस्तारको क्रमसँगै यसको कार्यक्षेत्र पनि विस्तारित भएको पाइन्छ। राजा पृथ्वीनारायण शाहले नुवाकोटको हमला हुनु भन्दा पहिला भारतको वनारस इलाकामा गई हतियार खरिद गरी ल्याएका थिए। साथै ३ जना मुसलमानहरू हतियार बनाउन र चलाउन जान्ने भएकाले सँगै लिएर गोरखा फर्केका थिए। ति मुसलमानहरूको योगदानलाई मनन् गरी त्यसबेलादेखि हालसम्म पनि तिनको सन्तानलाई नेपाली सेनाले जागिर दिँदै आएको छ, जो हालपनि यही टु.मु. कोतखानामा कार्यरत छन्।

श्री सैनिक गट्ठाघर

राजा राजेन्द्र विक्रम शाहको पालामा सन् १८३३ (वि.सं. १८९०) मा यस सैनिक गट्ठाघर ठिमी गट्ठाघरको नामबाट स्थापना भएको हो । यस सैनिक गट्ठाघरको आर्दश वाक्य "बाँचौं र बचाऔं" रहेको छ ।

राइफलको बेरूवा गट्ठा, तोप कार्नेश बनाउने र गोलीगट्ठा भण्डारण गर्ने उद्देश्य सहित गट्ठाघरको स्थापना भएको हो। हाल सानो ठिमीस्थित जनक शिक्षा सामग्री केन्द्र रहेको ठाउँमा डाँग्रे तथा गोव्रे बारूद बनाउने र सेनाको कार्तोश भर्ने बारूदखाना रहेकोमा सन् १८३४ (वि.सं. १८९१) मा चट्याङ्ग परि नष्ट भएको बुझिन्छ। सन् १९५२ देखि सन् १९७९ (वि.सं. २००९ देखि वि.सं. २०३६) सम्म यसको नाम एम्यूनिशन डिपो रहेकोमा सन् २००३ (वि.सं. २०६०) मा उक्त नाम परिवर्तन गरी श्री शाही नेपाली सैनिक गट्ठाघर नामाकरण भई हाल श्री सैनिक गट्ठाघर भएको हो ।

प्रारम्भमा निजामती कर्मचारीद्वारा गोलीगट्ठा, बारूद प्राप्त गरी अभिलेख राखि वितरण गर्ने र सैनिक टुकडीले सुरक्षा प्रदान गर्दै आएकोमा सन् १९५२ (वि.सं. २००८) मा डा.के.आई. सिंहको नेतृत्वमा आएको टोलीले आक्रमण गरी केही हातहतियार र एम्यूनिशन समेत कब्जा गरेको हुनाले उक्त समयदेखि नेपाली सेनाले नै सबै कार्य सञ्चालन गर्दै आएको छ। हाल यसले श्री संभाररथी विभागअन्तर्गत रही एम्यूनिशन/एक्सप्लोसिभ प्राप्त र भण्डारण गर्नुका साथै निर्देशनबमोजिम अख्तियार प्राप्त विभागबाट लिखित रूपमा निर्देशन प्राप्त भएपछि माग गर्ने युनिटको अधिकृत जिम्मामा एम्यूनिशन तथा एक्सप्लोसिभहरू वितरण गर्ने कार्य गर्दछ ।[७१]

७० श्री टु.मु.कोतखाना डिपोका डिपोपति प्रमुख सेनानी मुकुन्द वहादुर थापाले वि.सं. २०६४ माघ १८ मा तयार गरेको "श्री टु.मु. कोतखाना डिपो तोपखाना, व्यारेकको इतिहास" पृ. १-२ ।

श्री जंगी असवाव खाना

युद्धमा होस् वा शान्तिको समयमा लडाकु फौजलाई आवश्यक पर्ने असवाव (Logistic) सम्बन्धी सामाग्रीहरू निरन्तर रूपमा परिपूर्ति गर्ने उद्देश्यले यस जंगी असवाव खानाको स्थापना सन् १९७४ जनवरी १४ (वि.सं. २०३० माघ १) मा भएको हो । यस जंगी असवाव खानाको आदर्श वाक्य "सेवा नै सन्तुष्टि हो" भन्ने रहेको छ ।

इतिहासका पानाहरू पल्टाउँदा यसप्रकारको सेवा दिने सङ्गठनको सुरूवात राजा पृथ्वीनारायण शाहको पालामा भएको देखिन्छ। राजा पृथ्वीनारायण शाहको एकीकरण अभियानदेखि लिएर मुख्तियार भीमसेन थापा र राणाकालमा विश्वयुद्ध पछि हातहतियार भण्डार गर्ने निर्माण भएका विभिन्न म्युजियम घर, कोतखाना, सिलेखाना, आर्सनल, बारूदखाना जस्ता तथ्यहरू यद्यपि छँदैछन् । नेपाल-अङ्ग्रेज युद्धपछि मुख्तियार भीमसेन थापाको प्रमुख देन जुन सैनिक बन्दोवस्ती दृष्टिकोणबाट सुरू गरिएको छाउनी हालसम्म प्रयोग हुँदै आइरहेको छ। सुरूमा पोशाक फाँटका नामले यस जंगी असवाव खानाको स्थापना हुनु भन्दा पहिले काठमाडौं, पकनाजोलमा कार्य गर्दै आइरहेको थियो । सन् १९५२ मा नेपाली सेनाको पुनर्गठनपश्चात् सि.एम.ओ. (सेन्ट्रल मेन्टिनेन्स अर्गनाइजेशन) खडा भई सन् १९६५ (वि.सं. २०२२ कार्तिक) बाट अर्डन्यान्स डिपो, टु.मु. कोतखाना, छालाघर कारखाना, सप्लाई डिपो, लगन सिलेखाना, पालघर, गट्ठाघर बारूदखाना, सुन्दरीजल आर्सनल, पाल्पा सिलेखाना आदि सञ्चालन भएको पाइन्छ । सन्

७१ श्री सैनिक गट्ठाघरका डिपोपति प्रमुख सेनानी कुमार थापाले वि.सं. २०६४ श्रावण ६ मा तयार गरेको "श्री सैनिक गट्ठाघरको इतिहास", परिशिष्ट "क", पृ. १ ।

१९६८ (वि.सं. २०२५) मा विभिन्न डिपोहरूलाई क्वाटर मास्टर जनरलबाट अलग गरी संभाररथी विभाग (एम.जि.ओ.) ब्रान्चअन्तर्गत रहने गरी डिपोहरूलाई गाभी सि.एम.ओ. लाई खारेज गरेर सन् १९६८ अक्टोवर १७ (वि.सं. २०२५ कार्तिक १) देखि क्लोदिङ्ग स्टोर डिपो र कन्ट्रोल स्टोर डिपो खडा गरी अर्डन्यान्स डिपो खारेज भई सबै डिपोहरू अलग अलग कार्यरत हुँदै सन् १९७४ जनवरी १४ (वि.सं. २०३० माघ १) मा क्लोदिङ्ग स्टोर, छालाघर, पालघर समेतलाई गाभी यस जंगी असवाव खानाको निर्माण भएको हो । त्यसपछि सन् १९८५ नोभेम्वर २६ (वि.सं. २०४२ मंसिर ११) बाट मेडिकल डिपोलाई समेत यसैअन्तर्गत गाभिएर हाल बस्त्र, पाल, भाँडावर्तन, सिग्नल उपकरण, यान्त्रिक उपकरण, औषधी, इन्जिनियरिङ्ग उपकरण आदि नेपाली सेनाको लागि आवश्यकीय सरसामान सहितको काम गर्दै आइरहेको छ ।[७२]

---

७२ श्री जंगी असवाव खाना डिपोका डिपोपति महासेनानी ज्ञानहरि श्रेष्ठले वि.सं. २०६४ फाल्गुण १४ मा तयार गरेको "श्री जंगी असवाव खानाको इतिहास", परिशिष्ट "क"।

विकास निर्माण तथा स्थपति महानिर्देशनालय अन्तर्गतका अङ्गहरू

श्री विकास निर्माण महाशाखा

तत्कालीन शाही नेपाली सेनाबाट सिमित स्रोत र साधनबाट सानोतिनो निर्माण तथा मरमत संभार कार्यमा संलग्न रहने गरी श्री पाइनियर गण सन् १९५५ (वि.सं. २०१२) मा खडा गरिएको थियो । समयक्रमसँगै नेपाली सेना देश विकासको मुलधारमा एक भरपर्दो संस्था रहेको जनमानसमा प्रभाव पारी राष्ट्रको विकास र निर्माण कार्यमा सक्रिय भूमिका तथा सेनालाई प्राप्त निर्माणसम्बन्धी थप जिम्मेवारीलाई अझ प्रभावकारी ढंगबाट बहन गर्न तत्कालीन श्री विकास निर्माण निर्देशनालयको मातहतमा रहने गरी सन् २००५ मे ११ (वि.सं. २०६२ वैशाख २८) को मन्त्रिपरिषद्को निर्णयअनुसार श्री पाइनियर गणका सकल दर्जा र श्री पिपा गोश्वारा कार्यालयका ३० वर्ष उमेर ननाघेको योग्य पिपा तथा विकास निर्माण निर्देशनालयका व्यक्तिहरूलाई समायोजन गराई १०९९ जना सम्मिलित एउटा विकास निर्माण अङ्गहरू खडा भएको थियो । सो क्रममा नेपाली सेनाको निर्माण कार्यको अतिरिक्त राष्ट्रिय विकास योजनामा परेका कार्यहरू सडक, पुल जस्ता महत्वपूर्ण निर्माण कार्यहरूमा समेत सहभागी गराई कार्य सञ्चालन गर्नको निमित्त सन् २००५ मे ११ (वि.सं. २०६२ वैशाख २८) मा कुल ११३ को संख्यामा श्री विकास निर्माण महाशाखाको स्थापना गरिएको थियो ।

राष्ट्रको चौतर्फि विकासमा नेपाली सेनालाई परिचालित गर्ने नीतिअनुरूप यसको कामअनुसारको नाम विकास निर्माण महाशाखा राखिएको हो । यस महाशाखा अन्तर्गत विकास निर्माण कार्यदल गण १ र २ गरी दुईवटा गणको संख्या हाल आएर बृद्धि गरिएको छ । सो गर्नुको कारण चाहिं हाल देशको परीस्थति, नेपाली जनताको माग, विगत देशले भोगेको अप्ठ्यारो समयमा समेत विकट स्थानमा सिमित स्रोत र साधनबाट विकास निर्माण कार्य गरी हासिल गरेको उच्च नतिजा समेतलाई मनन गरी निर्माण कार्यमा नेपाली सेना भरपर्दो निकाय सावित हुनु नै हो । आफ्नो नाम र कामअनुसार देश विकासमा लम्केको यस महाशाखााबाट खटिएका व्यक्तिहरूले लामो समयदेखि प्रतिक्षारत कठिन अधुरो विकट कर्णाली जिल्लाको सदरमुकाम जोड्ने कर्णाली मान्मा सडक निर्माण कार्य र सोलाई जुम्लाको सदरमुकाम खलङ्गा जोड्ने करिव २३२ किलो मिटर पुरा गरिसकेको छ । कठिन बेलिवृज पुल जडान, छिन्चु जाजरकोट सडक निर्माण कार्य करिव ६५ किलो मिटर पुरा र बेनी-जोमसोम सडक निर्माण जस्ता कठिन कार्यहरू सञ्चालन गर्दै आइरहेको हुँदा सडक निर्माण कार्यलाई द्रुत गतीमा विस्तार गर्न विकास निर्माण महाशाखा र विकास निर्माण कार्यदल गण

१ र २ लाई अझ प्रभावकारी ढङ्गबाट बहन र नियन्त्रण गर्न संन् २००७ मार्च ५ (वि.सं. २०६३ फाल्गुण २१) को मन्त्रिपरिषद्को निर्णयअनुसार दरवन्दी हेरफेर तथा समायोजन गरी विकास निर्माण तथा स्थपति महानिर्देशनालय स्थापना गरिएको छ ।[७३]

यस महाशाखाले कुनै पनि तालिम नगरी समायोजन भएका व्यक्तिहरूलाई सेनाको लागि दक्ष, योग्य प्राविधिक जनशक्ति उत्पादन गर्ने सोच एवम् लक्ष्य अनुरूप कार्पेन्टर, वेल्डर, बृकलियर, पेन्टर र हेभि ईक्युपमेन्ट जस्ता महत्वपूर्ण तालिमहरू सञ्चालन गरिरहेको छ। हाल यो महाशाखा श्री विकास निर्माण तथा स्थपति महानिर्देशनालयअन्तर्गत थापाथली, काठमाडौंमा कार्यरत छ ।

श्री विकास निर्माण निर्देशनालय

कुनैपनि राष्ट्रमा सेना सङ्गठन गर्दा यसको मुख्य उद्देश्य देशलाई बाह्य आक्रमणबाट बचाउनु, देशभित्र आईपर्ने आन्तरिक सङ्कट निवारण गर्नका साथै देशको विकास निर्माण कार्यलाई सहयोग पुऱ्याउनु हुन्छ । समयको बहावसँगै नेपाली सेनालाई देशको सुरक्षामा मात्र सिमित नराखि यसलाई विभिन्न सामाजिक तथा देश विकास निर्माण कार्यमा प्रयोग गरिदै आएको छ । यसरी सरकारी नीतिअनुसार विकास निर्माण कार्यको बढ्दो जिम्मेवारीलाई सफल तुल्याउन नेपाली सेनामा विकास निर्माण निर्देशनालय नामक छुट्टै निकाय सन् २००० (वि.सं. २०५७) मा खडा गरिएको हो । यसै निकायको सुपरिवेक्षणमा नेपाली सेनाले निर्माण गर्ने सबै विकास आयोजनाहरू सञ्चालन भइरहेको छ । यसले सडक निर्माण, पुल निर्माण, रोडकोरिडर एकिकृत विकास लगायत अन्य निर्माण कार्यहरू गर्ने गर्दछ ।

विगतमा सुरूका सडक आयोजनाहरू कार्यान्वय गर्दा सम्पूर्ण निर्माण प्रक्रियामा शत प्रतिशत सेनाको विभिन्न ट्रेडमा तालिम प्राप्त सिपाहीहरू तथा अन्य रेगुलर सिपाहीहरू सहभागी गरिने परिपाटी रहेको थियो । समयक्रमसँगै सैन्यहरूमा छनौट गरिएको तर सिपाही तालिममा सरिक नभएका अर्धदक्ष

७३ श्री विकास निर्माण महाशाखाका महासेनानी विनोद सिंह विष्टले वि.सं. २०६५ वैशाख ३ मा तयार गरेको "श्री विकास निर्माण महाशाखा, नित्यकाली शिविर", पृ. १-२ ।

सैन्यदस्ताको सडक निर्माण कार्यमा सहभागी गराउने व्यवस्था भयो । आवश्यक संख्यामा ट्रेडका तालिम प्राप्त दक्ष सिपाहीहरूको सहभागितालाई भने चालु नै राखिएको थियो । विकास निर्माण कार्यहरूमा सेनाका इन्जिनियर गणहरू र कार्यगत गणहरूका १००० जवान परिचालित गर्ने गरिएको छ । साथै निर्माण कार्यमा सेनाद्वारा विष्फोटक पदार्थ, निर्माण सामाग्रीहरू तथा भारी उपकरणको व्यवस्थापन गर्ने गरिँदै आएको छ । यसका साथै स्थानिय कामदारहरूलाई पनि परिचालन गरिएको छ ।

हालसम्म नेपाली सेनाबाट सम्पन्न आयोजनाहरूमा सम्पूर्ण रूपमा निर्माण गरिएकाहरूमा १०५ कि.मि. को कान्ति राजपथ (वि.सं. २०१६), भक्तपुर -नगरकोट सडक, १०५ कि.मि. को त्रिशुली-सोमदाङ्ग सडक (वि.सं. २०४७), २८ कि.मि. को हिले-लेगुवाघाट सडक (वि.सं. २०५८), ८८ कि.मि. को कटारी-ओखलढुंगा सडक (वि.सं. २०६२), ८६ कि.मि. को सल्यान-मुसिकोट सडक (वि.सं. २०६२), मुसिकोट बसपार्क (वि.सं. २०६२) र ओखलढुंगा बसपार्क (वि.सं. २०६२) छन् । यस्तै गरी नेपाली सेनाले वि.सं. २०४६ मा लामोसांघु-बाह्रविसे सडक बाढीबाट क्षतिग्रस्त हुँदा पुननिर्माण, वि.सं. २०५० मा त्रिभुवन राजपथ बाढीबाट क्षतिग्रस्त हुँदा पुननिर्माण र वि.सं २०५० मा पृथ्वीराजमार्गमा बाढीबाट क्षतिग्रस्त हुँदा महादेववेशी, बेल्खु र मलेखुमा पुल निर्माण कार्यहरू गरेको थियो ।

श्री विकास निर्माण निर्देशनालयअन्तर्गत नेपाली सेनाद्वारा निर्माणधिन आयोजनाहरू बागमती क्षेत्र ढल निर्माण आयोजना, कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला) सडक, बागलुङ्ग-वेनी-जोमसोम सडक, जोमसोम-मुस्ताङ्ग (कोरला) सडक, वेंसी सहर-चामे सडक, छिन्चु-जाजरकोट सडक, मुसिकोट-बुर्तिवाङ्ग (बागलुङ्ग) सडक, देवस्थल कैनडाँडा चौरजहारी सडक, द्रव्यशाह मार्ग, सातदोबाटो निवेल बालुवा सडक, गोरखा मनकामना सडक र गोरखा आरूघाट आर्खेत सडक छन् ।[७४]

सेनाबाट निर्माण भएको विभिन्न आयोजनाबाट जनमानसमा के धारणा विकास भएको छ भने सेनाबाट निर्माण भएका विकास योजनाहरू कम खर्चिलो, टिकाउ हुनुको साथै निर्माण कार्य छिटो सम्पन्न हुने गर्दछ । यसरी यस श्री

७४ श्री विकास निर्माण निर्देशनालयका प्राविधिक सेनानी भरतलाल श्रेष्ठले वि.सं. २०६४ आषाढ ३२ मा तयार गरेको "नेपाली सेनाले सम्पन्न गरेको, हाल निर्माणाधिन कार्यहरूको परिचय" ।

विकास निर्माण निर्देशनालयले नेपाली सेनाभित्रको प्राविधिक दक्षतामा र जनशक्ति परिचालन कार्य सम्पन्न गरी समग्र देश विकास कार्यमा महत्वपूर्ण भूमिका निर्माण गर्दै आएको छ ।

श्री विकास निर्माण कार्यदल गण -१

राष्ट्रिय विकास र निर्माण कार्यमा हालसम्म निर्वाह गर्दै आएको सक्रिय भूमिका तथा हालको परिस्थितिमा प्राप्त भएको निर्माणसम्बन्धी थप जिम्मेवारीलाई प्रभावकारी ढङ्गबाट बहन गर्न नेपाली सेनाको पाइनियर गणको संख्या ६९० मध्ये निजामती संख्या ४ बाहेक संख्या - ६८६, पिपा गोश्वाराको संख्या ८९० मध्ये ३० वर्ष उमेर ननाघेका संख्या - ३७० पिपाहरू तथा विकास निर्माण निर्देशनालयको संख्या-४३ समेतलाई समायोजन गर्ने गरी सन् २००५ मे ११ (वि.सं. २०६२ वैशाख २८) को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम विभिन्न दर्जाको संख्या ४६४ रहने गरी यो कार्यदल गण -१ खडा भएको हो । यो गण हाल काठमाडौं थापाथलीमा कार्यरत छ ।

यस गण स्थापनाकालदेखि सडक निर्माण कार्यको लागि बेनी-जोमसोम सडक निर्माण कार्य गण, देवीस्थल-कैनडाँडा निर्माण कार्य गण, मुसिकोट-बुर्तिवाङ्ग सडक निर्माण कार्य गण तथा बेशी सहर-चामे सडक निर्माण कार्य गणहरूमा यस गणबाट विभिन्न दर्जाका व्यक्तिहरू सडक निर्माण कार्यमा संलग्न भई काम गरिरहेका छन् ।[७५]

यस श्री विकास निर्माण कार्यदल गण -१ को गणपतिको कार्यभार प्रमुख सेनानीहरू विनोदसिंह विष्ट र प्रेमबहादुर थापाले सम्हाली सक्नुभएको छ ।

७५ श्री विकास निर्माण कार्यदल गण -१ का निमित्त गणपति प्रमुख सेनानी भगवान कार्कीले वि.सं. २०६४ फाल्गुण १५ मा तयार गरेको "श्री विकास निर्माण कार्यदल गण -१ को इतिहास" ।

श्री विकास निर्माण कार्यदल गण-२

सन् १९५५ (वि.सं. २०१२) मा नेपाली सेनाको प्रबन्धरथी विभाग (स्थपति) अन्तर्गत ३०० जनाको दरवन्दीमा श्री भद्रकाली परिसरमा गुठी संस्थानको भवनमा श्री पाइनियर गणको स्थापना भएको थियो । सन् २००५ मे ११ (वि.सं. २०६२ वैशाख २८) मा पाइनियर गणको संख्या ६९० मध्ये निजामति संख्या ४ बाहेक संख्या ६८६, पिपा गोश्वाराको संख्या ८९० मध्ये ३० वर्ष उमेर ननाघेका संख्या ३७० पिपाहरू तथा विकास निर्माण निर्देशनालयको संख्या ४३ समेतलाई समायोजन गरी नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम विकास निर्माण अङ्गहरू खडा भयो । सो अङ्गहरू मध्ये ४६४ को संख्या रहने गरी श्री विकास निर्माण महाशाखाअन्तर्गत श्री विकास निर्माण कार्यदल गण-२ को स्थापना सन् २००५ मे ११ (वि.सं. २०६२ वैशाख २८) मा भई भद्रकाली मन्दिर परिसरमा रहेको थियो ।

श्री विकास निर्माण निर्देशनालयको विकास निर्माण कार्य महाशाखाअन्तर्गत रहेको यस गणको कार्यालय हाल थापाथलीमा रहेको छ । यस गणका विभिन्न दर्जाका व्यक्तिहरू हाल सडक निर्माण कार्यको लागि कर्णाली राजमार्ग सडक निर्माण कार्यदल गण, मुसिकोट-बुर्तिवाङ सडक निर्माण कार्यदल गण, बेशीसहर-चामे सडक निर्माण कार्यदल गण, श्री बेनी-जोमसोम सडक निर्माण कार्यदल गण, देवस्थल कैनडाँडा-चौरजहारी सडक निर्माण कार्यदल गण लगायत अन्य सडक निर्माण कार्यदल गणहरूमा सडक निर्माण र विभिन्न युनिटहरूमा भवन निर्माण तथा मर्मत कार्यको लागि खटिई कार्य सम्पादन गरिरहेका छन् ।[७६]

७६ श्री विकास निर्माण कार्यदल गण २ का निमित गणपति प्रमुख सेनानी भगवान कार्कीले वि.सं. २०६४ चैत्र २४ मा तयार गरेको "श्री विकास निर्माण कार्यदल गण २ को इतिहासं" ।

सैनिक सामग्री उत्पादन निर्देशनालय अन्तर्गतका अङ्गहरू

श्री सुन्दरीजल आर्सनल कार्यालय

श्री सुन्दरीजल आर्सनल कार्यालय सन् १८९९ (वि.सं. १९५६) मा सुन्दरीजल जंगी मेग्जीनको नामले सैनिक सर-सामान उत्पादनको लागि स्थापना भएको हो। श्री सुन्दरीजल आर्सनल नेपालको उत्पादन कारखानाहरू मध्ये सवैभन्दा जेष्ठ र स्वचालित साना हातहतियार उत्पादन गर्ने आधुनिक मेशिनहरूले सुसज्जित कारखाना हो । यसमा हाल ५.५६ मि.मि., ७.६२ मि.मि., ९ मि.मि. र १२ वोर एम्यूनिशन उत्पादन गर्ने क्षमता रहेको छ । यस आर्सनल कार्यालयको उद्देश्य योजनाअनुसार एम्यूनिशन तथा अन्य सैनिक सामाग्रीहरू उत्पादन गरी नेपाली सेनालाई यस क्षेत्रमा आत्मनिर्भर तुल्याउनेतर्फ योगदान पुऱ्याउनु हो ।

नेपालको एकीकरणपश्चात् सन् १८५५-१८५६ को भोटसँगको युद्धको तयारीको सिलसिलामा स्वदेशमा पनि हात हतियार तथा गोलीगठ्ठा उत्पादन गर्ने कार्य सुरू भएको थियो। त्यस्तै सन् १९१४-१९१८ को प्रथम बिश्वयुद्धमा सुन्दरीजल स्थित आर्सनललाई पनि व्यस्त राखिएको तथा हातहतियारहरू उत्पादन भएको वुझिन्छ। सुरूमा स्थानीय स्रोत साधन तथा कलकतावाट झिकाएका मेशिनहरूवाट यहाँ बिभिन्न प्रकारका हातहतियार तथा एम्यूनिशन उत्पादन भएका थिए र केही त्यस्ता हातहतियारहरू स्वदेश तथा विदेशका सङ्ग्रहालयहरूमा अझै पनि भेटिन्छन्। यो आर्सनल सुन्दरीजल सर्नुभन्दा पहिला काठमाडौंको जमलमा (जहाँ त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय थियो) थियो । श्री ३ वीर शम्शेर राणाको छोरा जनरल गेहेन्द्र शम्सेर राणाले कलकत्ताबाट मेसीनहरू झिकाई विभिन्न प्रकारका स्वचालित मेसीन गन, गे-राइफल, च-राइफल, हावाबाट चल्ने गनहरू जमल आर्सनलमा बनाएका थिए। पछि मात्र यो आर्सनल सुन्दरीजलमा सरेको हो।[७७] ति हतियार बनाइएका मेसिनहरू सैनिक सङ्ग्रहालय, छाउनीमा प्रदर्शित छन्। उक्त समयमा वेलायती मेशिनहरूवाट ०.४५ इन्च मार्टिनी हेनरी एम्यूनिशन उत्पादन हुने गरिएको थियो। साथै यस कारखानामा हाउजर वन्दुक, ६ राउण्डको वन्दुक, हाउसपर माउण्टेन वन्दुक र ३ पाउण्ड वन्दुक पनि निर्माण भएको थियो ।

सन् १९५२ (वि.सं. २००९) मा भारतीय सैनिक मिशनको आगमनपछि नेपाली सेनालाई "०.३०३" राइफल र एम्यूनिशन भारतले उपलव्ध गराएकोले उक्त समयमा सुन्दरीजल आर्सनलमा कुनै पनि एम्यूनिशन उत्पादन भएन ।

७७ सैनिक सङ्ग्रहालय, छाउनी, काठमाडौंको हतियार कक्षमा उल्लेखित विवरण अनुसार।

(Ordinance Engineering) क्षेत्रमा कुनै समय धेरै अगाडि वढि सकेको यो युनिट उक्त समयमा विभिन्न सिक्का मुद्राहरू र भाँडा-वर्तनहरू बनाई बस्नु पर्ने अवस्थामा पुगेको थियो । सन् १९६९ (वि.सं. २०२६) देखि आधुनिकीकरणको योजना लागू भई कारखाना सञ्चालनको लागि आवश्यक सम्पूर्ण मेशिनरी तथा उपकरणहरू NAT0 (नाटो) स्तरको एम्यूनिशन र मेशिनरी निर्माण गर्न त्यस वखत जर्मन कम्पनीसँग सम्झौता भई मेशिनरी, कच्चा सामाग्रीको साथै प्रविधी उपलव्ध गरि सन् १९७३ (वि.सं. २०३०) मा पहिलो उत्पादन लाईन स्थापना भई आवश्यकता अनुसार ७.६२ मि.मि. या ९ मि.मि. एम्यूनिशन उत्पादन हुँदै आएको थियो । तत्पश्चात् सेनामा ७.६२ मि.मि. र ९ मि.मि. दुवै क्यालिवरका एम्यूनिशनको माग वढ्दै गएकोले कारखानाको क्षमताअनुरूप एम्यूनिशन उत्पादन हुँदाहुँदै पनि मागअनुसार आपूर्ति हुन नसकेकोले सन् १९९० (वि.सं. २०४७) मा थप नयाँ मेशिनहरू आयात गरी दोस्रो उत्पादन लाईन स्थापना भयो । यस आर्सनलका उत्पादन मेशिनहरूलाई आवश्यक टुल्स तथा स्पेयर पार्टसहरू उत्पादन गर्न टुल तथा स्पेयर पार्टस उत्पादन लाईन, हार्डेनिग प्लान्ट, एनिलिंग तथा क्लिनिंग प्लान्ट र १२ वोर उत्पादन लाईन पनि स्थापना भएको थियो । साथै यहाँ विभिन्न प्रकारका उपहार दिने (सुभेनियर) सामाग्रीहरू परम्परागत रूपमा तयार गर्ने गरिएको थियो ।

सेनामा प्रचलित हतियारका पार्टपूर्जाहरू पनि क्रमिक रूपमा आफैं उत्पादन गर्ने निर्देशन वमोजिम सन् २००० (वि.सं. २०५७) मा आवश्यक मेशिनरीहरू आयात गरी हातहतियारका पार्टपूर्जाहरू उत्पादन गर्ने लाईन थप गरिएको थियो । सेनाको ५.५६ मि.मि. एम्यूनिशनको आवश्यकता पूरा गर्न दोस्रो उत्पादन लाईनको क्यालिवर कनभर्जन गर्न आवश्यक पार्टस र केही मेशिन खरिद गर्ने कार्य सन् १९९५-१९९७ (वि.सं. २०५२ देखि २०५४) सम्म भएको थियो । ५.५६ मि.मि. कन्भर्जन कार्य सन् २००४-२००५ (वि.सं. २०६१-२०६२) मा सम्पन्न गरी सन् २००५ (वि.सं. २०६२ कार्तिक) देखि ५.५६ मि.मि. एम्यूनिशन उत्पादन गर्न सुरू गरिएको छ ।[७८] यसरी यस आर्सनल कार्यालयले नेपाली सेनालाई आवश्यक पर्ने विभिन्न किसिमका सैनिक सामाग्रीहरू उत्पादन गरी आफ्नो क्षेत्रमा आत्मनिर्भर तुल्याउन महत्वपूर्ण योगदान इतिहासदेखि नै वर्तमानसम्म दिँदै आएको तथ्य स्पष्ट हुन्छ ।

७८ श्री सुन्दरीजल आर्सनल कार्यालयका आर्सनलपति प्राविधिक महासेनानी अजितवरसिंह थापाले वि.सं. २०६४ भाद्र ३१ मा तयार गरेको "श्री सुन्दरीजल आर्सनल कार्यालयको सङ्क्षिप्त इतिहास", पृ. १-२ ।

श्री स्वयम्भु बारूदखाना

अभिलेखको आधारमा नेपालमा विभिन्न समयमा प्युठान बारूदखाना, नागार्जुन बारूदखाना, ठिमी बारूदखाना, भादगाउँ बारूदखाना, सिम्भु बारूदखाना रहेको पाइन्छ । कालान्तरमा विभिन्न कारणले अन्य बारूदखानाहरू बन्द भई आधुनिक बारूद उत्पादन गर्ने हेतुले कारखाना बनाउने क्रममा सन् १९२७ अप्रिल १८ (वि.सं. १९८४ वैशाख ६) मा सिम्भु बारूदखानाको सुरूवात भयो ।

सिम्भु बारूदखानाको घर टहरा निर्माण कार्य सन् १९२९ (वि.सं. १९८६) मा पूरा भयो । सन् १९३१ (वि.सं. १९८८) मा पहिलो पटक बारूदखानाको सुरक्षाको जिम्मा शेर पल्टनले लिएको थियो । सन् १९३७ (वि.सं. १९९४) मा पहिलेदेखि बनाइँदै आएको भन्दा पनि आधुनिक बारूद बनाउन बृटिश सरकारसँग सम्बन्ध राखी ब्ल्याक गन पाउडर बनाउन थालेको देखिन्छ । कच्चा पदार्थको अभावले गर्दा बारूदको आवश्यकता हेरी कहिले बृटिश पद्धतिको ब्ल्याक गन पाउडर बनाइन्थ्यो भने कहिले पहिलेकै पद्धतिमा बनाइएको बारूद उत्पादनलाई निरन्तरता दिइन्थ्यो । जनजिब्रोको बोलिमा कालान्तरमा परिवर्तन आएर सिम्भुलाई स्वयम्भु भन्न थालियो र यो सिम्भु बारूदखाना पनि स्वयम्भु बारूदखाना भयो । सन् १९६८ जुन १० (वि.सं. २०२५ जेष्ठ २८) मा ५ जनाको ज्यान लिने र कयौं घाइते हुने गरी स्वयम्भु बारूदखानामा ठूलो विष्फोटन भयो । सन् १९६९ (वि.सं. २०२६) मा पश्चिम जर्मन कम्पनीसँग अत्याधुनिक प्रविधिमा आधारित न्याटो स्टाण्डर्डको धुँवारहित प्रोपेल्याण्ट बनाउने सम्झौता भयो । जर्मनीमा विशेष तालिम लिएका नेपाली विशेषज्ञ र जर्मन विशेषज्ञको रेखदेखमा सन् १९७१ (वि.सं. २०२८) देखि मेसिन जडान कार्य सुरू गरी सन् १९७४ (वि.सं. २०३१) मा प्रोपल्याण्ट बनाई सन् १९७७ (वि.सं. २०३४) देखि पूर्ण रूपले प्रोपल्याण्ट उत्पादन भयो । विभिन्न विकास निर्माण कार्यहरू जस्तै सडक निर्माण, नहर निर्माण, जलविद्युत आयोजना निर्माण, चुनढुङ्गा उत्खनन् आदि कार्यको लागि चाहिने सिभिल एक्सप्लोसिभको उत्पादन सन् १९८० (वि.सं. २०३७) देखि सुरू भयो । उच्च गुणस्तर युक्त इथर बनाउने उद्देश्यले स्वयम्भु बारूदखाना हाता भित्र सन् १९८९ (वि.सं. २०४५) मा नयाँ इथर प्लाण्टको स्थापना भयो । सन् १९९१ (वि.सं. २०४७) मा अष्ट्रियाको कम्पनीसँग सम्झौता गरी ग्लास बवल प्रविधिमा आधारित न्याटो स्टाण्डर्डको प्रोपेल्याण्टको उत्पादन सुरू भयो ।[७९] क्रमिक रूपमा यहाँ नयाँ

७९ श्री स्वयम्भु बारूदखानाका का.मु. कार्यालय प्रमुख प्राविधिक प्रमुख सेनानी नरेन्द्रवहादुर बस्नेतले वि.सं. २०६४ श्रावण २७ मा तयार गरेको "श्री स्वयम्भु बारूदखाना : एक चिनारी", पृ. १-२ ।

प्रविधि अपनाई सिमित ज्ञान, स्रोत र साधनका बावजुद अथक अनुसन्धान गर्दै राम्रो गुणस्तरको प्रोपेल्याण्ट उत्पादन कार्यमा यो बारूदखाना जुट्दै आएको छ ।

श्री बहुउद्देश्य प्लाष्टिक उद्योग कार्यालय

सेनालाई चाहिने केही खर-खजाना आफ्नै देशमा उत्पादन गरी आत्मनिर्भर हुनुपर्ने कुरा महसुस गरी नेपाली सेनाको श्री सैनिक सामाग्री उत्पादन निर्देशनालयले सन् १९८४ (वि.सं. २०४१) देखि प्रारम्भिक चरणको कार्य सुरू गरेको थियो । श्री सुन्दरीजल आर्सनल कार्यालयलाई प्राविधिक एवम् परामर्श सेवा प्रदान गरी रहेको तत्कालीन पश्चिम जर्मनीको संयोजनमा टेक्नोलोजी ट्रान्सफर (Technology Transfer) को कार्यक्रम बनेको थियो । प्रारम्भमा तत्कालीन श्री सुपिङ क्याम्पसले छोडेका भवनहरू प्रयोग गर्ने उद्देश्यका साथ मकवानपुर जिल्लाको भीमफेदीमा श्री सुन्दरीजल आर्सनल कार्यालयबाट अधिकृत २ सहित जम्मा २२ जनाको टोली गई सन् १९८६ अप्रिल १४ (वि.सं. २०४३ वैशाख १) मा श्री बहुउद्देश्य प्लाष्टिक उद्योगको विधिवत रूपमा नामाकरण गरी उद्योग सञ्चालनमा आएको थियो ।

उद्योग स्थापनापश्चात् लगातार रूपमा नेपाली सेनाको मागबमोजिम गोलीगठ्ठा आदि उत्पादन भइरहेको छ । उद्योगको विस्तार गर्ने क्रममा Small Scale Explosive Filling Plant स्थापना गर्ने योजना सन् १९९२ (वि.सं. २०४९) मा बनेको थियो र सो योजनाको लागि अष्ट्रियासँग सम्झौता भएको थियो । नेपाली सेनालाई चाहिने विभिन्न Improvisation कार्य गर्नु र माग बमोजिम अनुसन्धान पनि गर्नु यस उद्योगका विविध कार्यअन्तर्गत पर्दछन् ।[८०]

श्री बहु व्यवसाय उद्योग (पहिरन सामाग्री शाखा)

सेनालाई हरेक वर्ष आवश्यक परिरहने पहिरनतर्फका सामाग्रीहरूको उत्पादन स्वदेश मै गरी आत्मनिर्भर हुने उद्देश्यले यस उद्योगको स्थापना एवम्

८० श्री वहुउद्देश्य प्लाष्टिक उद्योग कार्यालयका निमित्त पति प्राविधिक प्रमुख सेनानी मिलन घलेले वि.सं. २०६४ चैत्र १४ मा तयार गरेको "श्री बहुउद्देश्य प्लाष्टिक उद्योग कार्यालयको सङ्क्षिप्त इतिहास", पृ. १-२ ।

सञ्चालन सन् १९८० मार्च ३० (वि.सं. २०३६ चैत्र १७) मा लघु उद्योग वस्त्र कारखानाको नामले नेपाली सैनिक बसुन्धरा क्यान्टिनको लगानीमा मिलिटरी इन्जिनियरिङ्ग सर्भिसेज (केन्द्रिय शाखा) र पछि सप्लाई लाईन भद्रकालीमा भएको थियो । सेनालाई आवश्यक पर्ने पहिरन लगायत सम्वन्धित (फुल, किटव्याग आदि) सम्पूर्ण सामानहरू स्तरयुक्त सुपथ मुल्यमा एकरूपता र निरन्तर रूपमा उपलब्ध गराई विदेशीबाट बढी मुल्य तिरी आयात गर्नुपर्ने सामानहरू आफै उत्पादन गरी विदेशी मुद्राको खर्चमा बचत गर्ने तथा भूतपूर्व सैनिक एवम् आश्रित परिवारको सदस्यहरूलाई रोजगारको अवसर उपलब्ध गराउने गरी यो उद्योगको सुरूवात गरिएको थियो ।

यस उद्योगमा हाल कार्यरत सैनिक पदाधिकारीहरूबाट उद्योगको प्रबन्ध तथा सञ्चालन, गुणस्तर नियन्त्रण तथा प्रशासनिक लेखा व्यवस्था आदिको काम भइरहेको छ भने उत्पादन कार्यमा उद्योगले नै ज्याला दिने गरी कांममा लगाइएका ५० जना जति ज्यालादारी कामदारहरू कार्यरत छन् । स्थापनाकालदेखि मण्डि उत्पादन कार्य सुरू नहुञ्जेल सन् १९९१ (वि.सं. २०४८) सुरू सम्मको सम्पूर्ण आम्दानी खर्च, बचत आदिको हिसाव कार्य बसुन्धरा क्यान्टिनबाट भएको र सन् १९९१ जुलाई १७ (वि.सं. २०४८ श्रावण १) बाट नेपाली सैनिक कल्याणकारी कोषबाट एक करोड रकम सापटी लिई अनाश्रित रूपमा सञ्चालन भएको थियो । हालसम्म आईपुग्दा कल्याणकारी कोषको सम्पूर्ण ऋण रकम चुक्ता गरी उद्योगको स्थिर सम्पति र चालु सम्पती गरी करिव ५ करोड पुगिसकेको छ ।

यस उद्योगलाई चाहिने कच्चा पदार्थ प्राप्त गर्ने, कच्चा पदार्थको छनोट गर्ने, मुल्य निर्धारण गर्ने, डिपोमा सामान पठाउने र ठेकेदारलाई रकम भुक्तानी गर्ने प्रक्रियामा श्री सैनिक सामाग्री उत्पादन निर्देशनालयको नीति निर्देशन बमोजिम कार्य गरिन्छ । श्री सैनिक सामाग्री उत्पादन निर्देशनालयअन्तर्गत रहेको सन् १९८७ (वि.सं. २०४४) मा यस बहु व्यवसाय उद्योग (पहिरन सासाग्री शाखा) भनी नामाकरण गरिएको यसको कार्यालय कालीकास्थानमा अवस्थित छ ।[८१]

८१ श्री बहु व्यवसाय उद्योग (पहिरन सामाग्री शाखा) का पति प्राविधिक प्रमुख सेनानी हेगेन्द्रलाल महर्जनले वि.सं. २०६४ चैत्र २१ मा तयार गरेको "नेपाली सैनिक बहु व्यवसाय उद्योग (पहिरन सामाग्री शाखा)", पृ. १-२ ।

पशु विकास तथा पशु चिकित्सा निर्देशनालय अन्तर्गतका अङ्गहरू

श्री पशु विकास तथा पशु चिकित्सा निर्देशनालय

सैनिक संरचना भित्र रहेका विभिन्न निकायहरूको विविध कार्य सम्पादन तथा सैनिक एवम् राष्ट्रिय समारोहहरूको कुशलतापूर्वक सञ्चालन गर्ने सोचअनुरूप परिचालित श्री किंग्स हाउस होल्ड क्याभलरी तथा पशु परिवहन गुल्मको स्थापनासँगै ति युनिटहरूमा भेटेरीनरी ग्रुप खडा गरिएको थियो । तत्कालीन अवस्थामा भेटेरीनरी ग्रुप खडा भई सफलतापूर्वक भेटेरीनरीसम्बन्धी कार्य सम्पादन हुँदै आइरहेकोमा सेनालाई आवश्यक विभिन्न जातका घोडाहरूको उत्पादन तथा आपूर्ति गर्नको लागि सन् १९८४ (वि.सं. २०४१) मा भरतपुर, चितवनमा सैनिक स्टड फार्म सेन्टरको स्थापना भएको र सन् १९८६ (वि.सं. २०४३) मा तत्कालीन भेटेरीनरी ग्रुपलाई सैनिक पशु चिकत्सालयमा राखिएको थियो । सन् १९८६ (वि.सं. २०४३) मा नै श्री पशु विकास तथा पशु चिकित्सा निर्देशनालयको स्थापना गरियो ।

सिंहदरवारमा अवस्थित यस निर्देशनालयअन्तर्गत श्री सैनिक स्टड फार्म सेन्टर, श्री सैनिक पशु चिकित्सालय र श्री भैरव वाहन गुल्म कार्यरत छन् । स्थापनाकालदेखि नै यस निर्देशनालयले सेनामा रहेका विभिन्न पशुहरूको सफलतापूर्वक रोग निदान, उपचार तथा रोकथाम एवम् प्रजनन कार्य लगायत अन्य पशु व्यवस्थापन कार्यमा स्वयम् सरिक हुँदै आवश्यकताअनुसार निर्देशन, नियन्त्रण एवम् परामर्शहरू प्रदान गर्ने गरेको छ । यस निर्देशनालयको प्रत्यक्ष निर्देशन एवम् नियन्त्रणमा परिचालित युनिटहरूमा सफलतापूर्वक घोडा तथा कुकुरहरूको प्रजनन तथा विविध तालिमहरू सञ्चालन गर्ने, सेना तथा अन्य सुरक्षासम्बन्धी निकायका जवानहरूलाई भेटरीनरीसम्वन्धी विविध तालिम सञ्चालन गर्ने लगायत वन्यजन्तु संरक्षण कार्यमा प्राविधिक अध्ययन तथा संरक्षण कार्यमा समेत सहयोग गर्ने गरेको छ ।

यस श्री पशु विकास तथा पशु चिकित्सा निर्देशनालयको उद्देश्य निम्नअनुसार छन्:[८२]

(क) सेनामा प्रयोग हुँदै आइरहेको पशुहरूको उत्पादन प्रजनन, रोग निदान, उपचार तथा रोकथाम, तालिम एवम् पशु छनोटसम्वन्धी विविध

---

८२ श्री पशु विकास तथा पशु चिकित्सा निर्देशनालयका निर्देशक प्राविधिक महासेनानी डा. श्याम सुन्दर शर्माले वि.सं. २०६४ चैत्र २१ मा तयार गरेको "श्री पशु विकास तथा पशु चिकित्सा निर्देशनालय, ऐतिहासिक प्रतिवेदन २०६४", पृ. १-३ ।

कार्यमा संलग्न हुनुको साथै अन्तर्गत युनिटहरूको सो कार्यप्रति उचित निर्देशन तथा नियन्त्रण कायम गर्दै संस्थालाई स्वस्थ पेशागत मर्यादातर्फ उन्मुख गराउने,

(ख) पशु पंक्षिको रोग निदान, उपचार एवम् व्यवस्थापन सम्वन्धी कार्यमा उपलव्ध स्रोत साधनको प्रयोग गर्दै अनुसन्धानमूलक कार्यहरूको सञ्चालन गर्दै लैजाने,

(ग) भेटेरीनरीसम्वन्धी विभिन्न तालिमहरू सञ्चालन गर्दै दक्ष जनशक्ति निर्माण गर्दै लैजाने र

(घ) नेपाली सेनाको बृहत सोचअनुरूप भविष्यमा निर्देशन हुन सक्ने जवान पौष्टिक आहारसम्वन्धी प्रयोग हुने दुध, मासु, अण्डा आदि उत्पादन जस्ता विकास कार्यहरूमा संलग्न भई पेशागत क्षेत्र विस्तार गर्दै लैजाने।

नेपाली सेनाको एक अभिन्न अङ्गको रूपमा रहेको यस निर्देशनालयले प्रदान गरेको भेटेरीनरी सेवाले उल्लेखनीय कार्य गर्दै आइरहेको छ। यस सेवाले सेनामा रहेका विभिन्न पशुहरूको रोग निदान, उपचार, रोकथाम तथा उत्पादन कार्यहरू कुशलतापूर्वक सञ्चालन गर्दै आइरहेको छ।

श्री भैरब वाहन गुल्म

राजा पृथ्वीवीरविक्रमको पालामा सन् १८८३ डिसेम्बर (वि.सं. १९४० पौष ७) मा यो गुल्म "म्युल ब्याट्री" को नामबाट खडा भएको हो।[८३] यस गुल्मको आदर्श वाक्य "सेवा अस्माकं धर्म" रहेको छ।

सन् १८८३-१८८४ (वि.सं. १९३९-१९४१) नेपाल-भोट विवाद हुँदा युद्ध हुने अबस्था देखिएकोले युद्धको लागि तयारी गर्ने क्रममा भारतबाट २००० खच्चड[८४] झिकाई १०१९ जवान संख्या कायम गरी यस "म्युल व्याट्री स्थापना गरिएको थियो। सन् १९५२ अप्रिल २७ (वि.सं. २००९ वैशाख १५) देखि २७५ जवान र ४०४ खच्चडको लागतमा यसको नाम परिवर्तन हुन गई ए.टि. गुल्म रहन गयो। सन् १९८६ अप्रिल १४ (वि.सं. २०४३ बैशाख १) मा यसलाई पशु परिवहन गुल्म नामाकरण गरियो। समयक्रमसँगै नेपाली सेनामा पनि तालिम प्राप्त कुकुरहरूको आबश्यकता महसुस गरी सन् १९९८ डिसेम्बर ६ (वि.सं. २०५५ मंसीर २०) को तत्कालीन श्री ५ को सरकारको निर्णयअनुसार ४० वटा तालिम प्राप्त कुकुरको "डग प्लाटुन" खडा भयो। सन् २००२ अगष्ट १५ (वि.सं. २०५९ श्रावण ३०) को तत्कालीन श्री ५ को सरकारको निर्णयअनुसार २२६ को संख्यामा श्री केनल कम्पनीको नामाकरण भएकोमा सन् २००३ अप्रिल २१ (वि.सं. २०६० वैशाख ८) मा तत्कालीन श्री ५ को सरकारको निर्णयअनुसार श्री भैरव वाहन गुल्मको स्थापना भयो। हाल यो गुल्म श्री पशु विकास तथा पशु चिकित्सा निर्देशनालयअन्तर्गत रहने गरी ठिमी गट्ठाघर, भक्तपुरमा तैनाथरत छ।

सन् १८८३-१८८४ (वि.सं. १९३९-१९४१) को नेपाल-भोट विवाद हुँदा भोटसँगको युद्धको तयारी गर्ने क्रममा यसलाई पनि सहभागी गराइएको थियो। सन् १९३९-१९४५ को द्धितीय विश्वयुद्धमा यसलाई पनि भारतको शान्ति-सुरक्षा कायम गर्ने कार्यमा तैनाथ गरिएको थियो।[८५]

सन् १९५७ (वि.सं. २०१४) मा यसले कान्ति राजपथ (टिकाभैरव-हेटौंडा मार्ग) सडक निर्माणमा भाग लिएको थियो।

यो गुल्म नेपाली सेनाको एक मात्र सैनिक कुकुर उत्पादन तथा तालिम दिने युनिटको रूपमा कार्य गर्दै आइरहेको छ।

यस श्री भैरव वाहन गुल्मको गुल्पतिको कार्यभार सेनानीहरू अर्जुनबहादुर सिंह, लवबहादुर खत्री, प्रविण थापा र विजय के.सी. ले सम्हाली सक्नुभएको छ। हाल यस गुल्मका गुल्मपति सेनानी विष्णु कुमार खड्का हुनुहुन्छ।

---

८३ श्री भैरव वाहन गुल्मका गुल्मपति सेनानी विष्णु कुमार खड्काले वि.सं. २०६४ चैत्र ५ मा तयार गरेको "श्री भैरव वाहन गुल्मको इतिहास", पृ. १।

८४ त्रि-रत्न मानन्धर, *नेपाल-भोट विवाद (वि.सं. १९३९-४१)*, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०४१, पृ. ३३।

८५ श्री भैरव वाहन गुल्मका गुल्मपति सेनानी विष्णु कुमार खड्काले वि.सं. २०६४ चैत्र ५ मा तयार गरेको "श्री भैरव वाहन गुल्मको इतिहास", पृ. १-३।

श्री सैनिक स्टड फार्म सेन्टर

नेपाली सेनालाई आवश्यक पर्ने घोडाहरू स्वदेशमा नै उत्पादन गर्ने उद्देश्यले सन् १९८४ (वि.सं. २०४१) मा यस स्टड फार्म सेन्टरको स्थापना भएको हो ।

नेपाली सेनालाई आवश्यक पर्ने घोडाहरू प्रारम्भदेखि नै विदेशी मुलुकबाट झिकाई आपूर्ति गर्ने प्रचलन भएकोमा विदेशबाट घोडाहरू आयात गर्दा परिवहनको कठिनाई, आर्थिक व्ययभार बढि लाग्ने तथा विदेशबाट आयात गरिएका घोडाहरू नेपालको हावापानीमा घुलमिल गर्न कठिनाई हुने भएकोले आवश्यक पर्ने घोडाहरू सस्तो र सुलभ तरिकाबाट स्वदेशमा नै उत्पादन गर्ने उद्देश्यले विभिन्न पूर्वाधारको निर्माण कार्य सञ्चालन गर्दै सन् १९८५ (वि.सं. २०४२) बाट घोडाहरूको प्रजनन कार्य सञ्चालन गरि बच्चा घोडालाई ३ वर्षसम्म हुर्काइ आपूर्ति गर्ने कार्य गरिएको छ । यसरी नेपाली सेनालाई चाहिने सबै हेभी, लाईट, राइडिङ्ग घोडाका साथै पोनी (स्थानीय घोडा) को प्रजनन गर्दा समयमै स्वदेशबाट घोडाहरू आपूर्ति गर्न सकिने, घोडासम्बन्धी अनुसन्धान कार्यको साथै सेनामा विभिन्न दर्जाका जवानहरूलाई पशुपालनसम्बन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान दिनको लागि पनि यस सेन्टरको स्थापना भएको हो । यस सेन्टरमा उत्पादन भएका बच्चा घोडा र घोडीलाई ३ वर्षसम्म हुर्काइ साधारण हर्स ह्याण्डलिङ्ग तालिम दिई बाँकी तालिम र कामको लागि किंग्स हाउस होल्ड क्याभलरीमा पठाइने गरिएको छ ।[८६]

---

८६ श्री सैनिक स्टड फार्म सेन्टरका प्राविधिक सेनानी डा. उदयबहादुर रिजालले वि.सं. २०६४ फाल्गुण १५ मा तयार गरेको "श्री सैनिक स्टड फार्म सेन्टरको इतिहास" ।

नेपाली सैनिक कल्याणकारी योजना निर्देशनालय

श्री नेपाली सैनिक कल्याणकारी योजना निर्देशनालय

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापक फौजको रूपमा सर्वप्रथम खटिएवापत प्राप्त व्यक्तिगत भत्ता र अन्य रकम समेतवाट तत्कालीन श्री ५ को सरकारको नियमानुसार भत्ता वितरण गरी र अन्य खर्च कट्टा गरी बाँकी भएको रकमबाट सन् १९७५ (वि.सं. २०३२) मा कल्याणकारी कोषको स्थापना भएको थियो । यसप्रकार शान्ति स्थापना कार्यमा नेपाली सेनाको सहभागिता भएपछि कोषको पनि स्थापना भई सोही समयदेखि नै सहभागी सैनिकहरूबाट कोषमा योगदान सुरू भएको देखिन्छ । सैनिक कल्याणकारी कार्यहरू व्यवस्थित एवम् सुचारू रूपले सञ्चालन गर्न सन् १९८५ मार्च १५ (वि.सं. २०५१ चैत्र १) मा श्री नेपाली सैनिक कल्याणकारी योजना निर्देशनालयको स्थापना भएको थियो ।

संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति स्थापना कार्यको निमित्त पहिलो नेपाली कन्टिनजेण्टको रूपमा श्री पुरानो गोरख गण मध्यपूर्वमा सन् १९७४ (वि.सं. २०३० चैत्र) मा खटिएको थियो । उक्त शान्ति कायम राख्ने कार्यमा भाग लिएवापत संयुक्त राष्ट्रसंघबाट प्राप्त रकम मध्ये खर्च कटाई बाँकी रहेको रू. १,२४,०१,४०५।७० लाई मुलधनको रूपमा जम्मा गरी त्यसबाट व्याज आम्दानीबाट सञ्चालन हुने गरी सन् १९७५ (वि.सं. २०३२) मा श्री शाही नेपाली सैनिक कोषको स्थापना गरिएको थियो । उक्त कोष व्यवस्थापन गर्नको लागि प्रधानसेनापतिको अध्यक्षतामा श्री शाही नेपाली सैनिक कल्याणकारी योजना व्यवस्थापक समिति २०३२ गठन गरिएको थियो भने सो कोष सञ्चालन गर्नको लागि बलाधिकृतको अध्यक्षतामा श्री शाही नेपाली सैनिक कल्याणकारी योजना सञ्चालक समिति २०३२ गठन भएको थियो । सो पश्चात् औषधी उपचार सेवा, प्रधानसेनापति शैक्षिक कोष, क्रियाकर्म आर्थिक अनुदान, स्वदेश र विदेशसम्बन्धी वीरेन्द्र ऐश्वर्य छात्रवृत्ति, किंग्स व्यानर प्रतियोगितामा पुरस्कार व्यवस्थापन र तत्पश्चात् भक्तपुरमा वीरेन्द्र सैनिक आवासीय महाविद्यालयको स्थापना, सुरूमा भीमफेदीमा सुपिङ्ग क्याम्पसको स्थापना, कानुनी सहायता रकम प्रदान व्यवस्थापन, बीमा योजना, सैनिक आवास योजना लगायत विभिन्न सैनिक कल्याणकारी कार्यहरू सञ्चालन गरिएका थिए ।

तत्पश्चात् सन् १९८५ (वि.सं. २०५१) मा श्री नेपाली सैनिक कल्याणकारी योजना निर्देशनालयको स्थापनापश्चात् सैनिक निवृतिभरण र बहालवाला सैनिकका लागि आवास अनुदानमा थप आर्थिक व्यवस्था, वीरेन्द्र ऐश्वर्य छात्रवृतिमा थप

व्यवस्था, वीरगति प्राप्त सैनिक परिवारलाई आवास सहयोग र दुर्घटना विमा व्यवस्था, नेपाली सेनाका सकल दर्जाहरूलाई ऋण प्रदान गर्ने व्यवस्था, बहालवाला र अवकास प्राप्त सैनिकका श्रीमान/श्रीमतीको गम्भिर प्रकृति रोगको लागि रू. ५/५ लाखसम्मको स्वास्थ्य विमा, पोखरा, धरान र सुर्खेतमा ज्ञानेन्द्र आवासीय विद्यालयको स्थापना, शान्ति सेनामा खटिई मिशन सस्टेनेन्स अलाउन्स (Mission Sustenance Allowance) प्राप्त गर्ने सैनिक पर्यवेक्षक सहित सकल दर्जाबाट कुल आर्जित रकमको ५ प्रतिशत कोषमा जम्मा गर्ने व्यवस्था, वीरेन्द्र अस्पतालमा भर्ना लिएका बहालवाला तथा भुतपूर्व सैनिकहरूको निमित निशुल्क डाइट दिने व्यवस्था जस्ता विभिन्न सैनिक कल्याणकारीसम्बन्धी कार्यहरू सञ्चालन गरिएका छन् । सैनिक ऐन २०६३ मा व्यवस्था भएअनुसार प्रधानसेनापतिको अध्यक्षतामा गठित सैनिक कल्याणकारी कोष सञ्चालन र व्यवस्थापन समितिबाट यस सैनिक कल्याणकारी कोषको सञ्चालन हुँदै आइरहेको छ । प्रधानमन्त्री कोषको संरक्षक र रक्षा मन्त्रालय हेर्ने मन्त्री कोषको सहसंरक्षक रहने व्यवस्था समेत गरिएको छ ।[८७]

यसरी श्री नेपाली सैनिक कल्याणकारी योजना निर्देशनालयले नेपाली सेनाको आफ्नै आन्तरिक श्रोत र साधन परिचालन गरी विभिन्न कल्याणकारी कार्यहरू सञ्चालन गरिरहेको छ ।

---

८७ श्री कल्याणकारी योजना निर्देशनालयका निमित निर्देशक प्रमुख सेनानी विष्णुबहादुर जि.सी. ले वि.सं. २०६४ चैत्र १४ मा तयार गरेको "श्री नेपाली सैनिक कल्याणकारी योजना निर्देशनालय", पृ. १-४ ।

आर्टिलरी निर्देशनालय अन्तर्गतका अङ्गहरू

श्री आर्टिलरी निर्देशनालय

राजदल नामले स्थापित एउटै मात्र गण भएको आर्टिलरी युनिटलाई समयानुकुल विस्तार गर्दै लैजाने क्रममा सन् १९८५ (वि.सं. २०४२) मा श्री आर्टिलरी निर्देशनालयको स्थापना भएको हो ।

यस निर्देशनालयको स्थापना हुनुभन्दा पहिले आर्टिलरी अङ्गको रूपमा रहेको एक मात्र युनिट श्री राजदल गण त्यसवखत श्री नं. ६ वाहिनी अड्डाअन्तर्गत रहेको थियो र उक्त वाहिनीको लोकेसन पनि यहि स्थानमा रहेको थियो । नेपाली सेनाको आर्टिलरी अङ्गलाई समयानुकूल सुदृढ गर्दै लैजानु पर्ने कुराको महसुस गरिएअनुरूप सन् १९९० जुन १५ (वि.सं. २०४७ आषाढ १) मा श्री नं १३ वाहिनी अड्डाको स्थापना गरियो र यस वाहिनीलाई राजदल गण हाताभित्र सारियो । सन् १९८६ अप्रिल १२ (वि.सं. २०४२ चैत्र ३०) वाट सन् १९९० डिसेम्वर २९ (वि.सं. २०४७ पौष १४) सम्म श्री आर्टिलरी निर्देशनालयको नामवाट जंगी अड्डामा स्थानान्तरण गरिएको थियो । सन् १९९० डिसेम्वर २९ (वि.सं. २०४७ पौष १४) बाट श्री नं. १३ वाहिनी अड्डाको रूपमा नामाकरण भई लगनखेल ललितपुरमा स्थानान्तरण भएको थियो भने सन् २००३ डिसेम्वर ४ (वि.सं. २०६० मंसीर १८) बाट हालसम्म पुनः श्री आर्टिलरी निर्देशनालयमा परिणत भई कार्यरत रहेको छ ।

हवाई सुरक्षातर्फ सन् १९८८ (वि.सं. २०४५) मा हवाई सुरक्षा गण स्थापना भएपछि सोही मितिवाट आर्टिलरी तालिम केन्द्रमा एअर डिफेन्स (ए.डि.) शाखा थप गरी सो सम्वन्धी तालिम पनि स्वदेशमा नै दिने व्यवस्था भएको थियो । सन् १९९७ अप्रिल १३ (वि.सं. २०५४ वैशाख १) बाट आर्टिलरी तालिम केन्द्रलाई आर्टिलरी तालिम महाशाखाको रूपमा नं. १३ वाहिनीमा गाभिएको थियो ।

सन् १९८५ (वि.सं. २०४२) मा नं. ३ अनाश्रित लाईट व्याट्रीको स्थापना भएको हो । समयको माग र आर्टिलरी पाइलटहरू बढाउँदै लैजाने नीतिअनुरूप पुनः सन् १९९० (वि.सं. २०४७) मा नं. २ र ७ व्याट्रीहरू, त्यसैगरी सन् १९९६ (वि.सं. २०५३) मा आएर नं. १, ४, ५, र ६ अनाश्रित लाईट व्याट्रीहरूका साथै सन् २००१ (वि.सं. २०५८) मा नं. ९ अनाश्रित लाईट व्याट्रीको स्थापना गरिएको थियो ।[८८]

यस निर्देशनालयको प्रत्यक्ष कमाण्डमा ३ वटा युनिटहरू राजदल, देवीदल र आर्टिलरी तालिम शिक्षालय रहेका छन् ।

---

८८ श्री आर्टिलरी निर्देशनालयले वि.सं. २०६४ श्रावण १० मा तयार गरेको "श्री आर्टिलरी निर्देशनालयको इतिहास", पृ. १ ।

श्री राजदल गण

राजा राजेन्द्र विक्रमको पालामा सन् १८४४ जुन (वि.सं. १९०१ आषाढ १२) मा यो गण श्री राजदल पल्टनको नामले खडा भएको हो। यस गणको आदर्श वाक्य "कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन" रहेको छ।

स्थापनाकालदेखि नै यसलाई तोपखानाको काम सुम्पिएको थियो। सन् १९५२ को सैनिक पुनर्गठन अगाडिसम्म यसको अलावा देवीदत्त र महिन्द्रदल पल्टनले पनि तोपखानाको कार्य गर्दथे। त्यस समयमा राजदल पल्टनले ३.७ हाउजरमा पनि तालिम गर्ने गरेको र देवीदत्त र महिन्द्रदल पल्टनहरूले मोहरी भरूवा तोपहरू मात्र चलाउने भएकोले पुनर्गठनपश्चात् यि दुई पल्टन पैदल फौजमा परिणत भए। सन् १९५२ को पुनर्गठनसम्म यस राजदल पल्टनले तोपखानाको काम गर्ने भएकोले यसका जवानहरूलाई राजदल गोलन्दर (गोल-अन्दाज) भनिन्थ्यो। सैनिक पुनर्गठनमा यो पल्टनलाई माउण्टेन व्याट्री (तोपखानाकै) को संज्ञा दिई नामाकरण गरियो र संख्या घटाई २६० जवान मात्र कायम गरियो। तत्कालीन शाही नेपाली सेनालाई समयानुकूल विस्तार गर्दै लैजाने क्रममा सन् १९६७ मार्च १७ (वि.सं. २०२३ चैत्र ४) मा यसलाई श्री राजदल गण नामाकरण गरियो।[८९]

यसले सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा केरूङ्मा खटिएर उक्त युद्धमा ठूलो बहादुरी प्रदर्शन गरेको थियो। सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोह दमन गर्न अङ्ग्रेजहरूको सहायताको लागि नेपाली पल्टनहरू भारतको लागि खटिंदा यो पनि लखनउमा खटिएर विद्रोह दमन कार्यमा ठूलो भूमिका खेलेको थियो। त्यतिमात्र नभएर सन् १९७४ मा भएको खम्पा निशस्त्रीकरण कार्यमा यस गणले महत्वपूर्ण भूमिका खेलेको थियो।

नेपालमा तोपको चलन राजदल, देवीदत्त र महिन्द्रदल पल्टन खडा हुनुभन्दा अगाडि भइसकेको थियो तापनि तोपखानाको कार्य गर्न छुट्टै पल्टन भने थिएन। त्यसैकारण आवश्यक परेका बेलामा तोप चलाउने कार्यको लागि यससम्बन्धी तालिम प्राप्त केही व्यक्तिहरू खटाउने गरिएको देखिन्छ। तत्कालीन शाही नेपाली सेनाको पुनर्गठन पश्चात् नेपालमा असरदार तोपखाना हतियारहरूको परिमाण धेरै नभएकोले अप्रेशनल प्रयोगको लागि एक माउण्टेन व्याट्री संख्याको टुकडी मात्र कायम गरिएको थियो। उत्सव तथा सलामी फायर गर्ने र प्रदर्शन फायरको लागि पुरानै मोहरी भरूवा तोपहरू चलाउने एक तोप्ची ग्रुप पनि यसै माउण्टेन व्याट्रीको सङ्गठनभित्र हुन्थ्यो। पछि समयको फेरबदलसँगै नेपाली सेनालाई विस्तार र आधुनिकीकरण गर्ने क्रममा आधुनिक विदेशी गन, मोर्टर तथा हाउजरहरू भारत र बेलायतबाट झिकाई तोपखानाको एक रेजिमेन्टको रूपमा यस राजदल गण खडा गरियो।[९०] हाल यस श्री राजदल गण श्री आर्टिलरी निर्देशनालयअन्तर्गत लगनखेल, ललितपुरमा तैनाथरत छ।

यस श्री राजदल गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू पशुपति शम्शेर ज.ब.रा., कुँवेर शम्शेर ज.ब.रा., जुठे गुरूङ, अर्जुन नरसिंह राणा, तप्तबहादुर मल्ल, अर्जुन नरसिंह राणा, हेमबहादुर सिंह, रघुचन्द्रबहादुर सिंह, सरोजराज शर्मा, प्रज्वल शम्शेर ज.ब.रा., गोविन्दबहादुर गुरूङ, दुर्गामान महर्जन, विजयचन्द्र राई, यामबहादुर थापा, दिलिप कार्की, नरेन्द्रबहादुर रावल, शिव कुमार पौडेल, ताजमानसिंह बस्न्यात, शरद गिरी, खड्ग बहादुर मल्ल र शैलेन्द्र शम्शेर थापाले सम्हाल्नु भएको थियो। हाल यस गणका गणपति प्रमुख सेनानी खड्गबहादुर मल्ल हुनुहुन्छ।

८९ श्री राजदल गणका गणपति प्रमुख सेनानी खड्गबहादुर मल्लले वि.सं. २०६४ चैत्र १५ मा तयार गरेको "राजदल गण र नेपालमा तोपखानाको विकास", पृ. १-२ र शरद गिरी, "श्री राजदल गणको सङ्क्षिप्त इतिहास", *सिपाही*, वर्ष ३४, वि.सं. २०५८, पृ. १५।

श्री देवीदल गण

राजा गीवार्णयुद्ध विक्रम शाहको पालामा सन् १८१४ (वि.सं. १८७१ आश्वीन १०) मा श्री देवीदल गण श्री देवीदल कम्पनीको नाममा खडा भएको हो। यस गणको आदर्श वाक्य "बलिदान सेनाको शान" रहेको छ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धपश्चात् यो खारेजीमा परेको थियो।[९१] यो सन् १९८७ अप्रिल १४ (वि.सं. २०४४ वैशाख १) मा अनाश्रित गुल्मको नामबाट पुनः खडा भएको थियो। सन् १९९० जुलाई १८ (वि.सं. २०४७ श्रावण ३) मा यसको श्री देवीदल गुल्म नामाकरण गरियो। तत्पश्चात् सन् २००३ मार्च २६ (वि.सं. २०५९ चैत्र १२) मा यो गुल्मबाट गणमा परिणत भयो।

९० *ऐजन*, पृ. १ र *ऐजन*, पृ. १५।

९१ शाही नेपाली जंगी अड्डा (प्र.), *शाही नेपाली सैनिक निशानको सङ्क्षिप्त इतिहास*, काठमाडौं: वि.सं. २०४७, पृ. २७२।

जोमसोम, बागलुङ्ग, नवलपरासी, बर्दिया, जुम्ला, बर्दिया हुँदै हाल यो गण ललितपुरमा तैनाथरत छ ।

सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले काँगडामा तैनाथ रही देशको रक्षाको लागि ठूलो भूमिका खेलेको थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले सशक्त रूपले भाग लिएको थियो ।

सन् १९९८ (वि.सं. २०५५) मा जुम्लामा नेकोन एयरको विमान दुर्घटना हुँदा यो गण विमान उद्धार कार्यमा संलग्न भएको थियो ।[९२]

श्री देवीदल गण गुल्मको रूपमा छँदा यसका गुल्मपतिको कार्यभार सेनानीहरू मणिन्द्र गुरूङ, इन्द्रबहादुर अधिकारी, शिव प्रकाश राई, हिराबहादुर थापा, विजय विक्रम पाण्डे, नरेशविक्रम सिंह, सुन्दर पुडासैनी, दिलीप विक्रम राणा, हरेन्द्र कुमार सिंह, धिरेन गुरूङ, अमिर बस्न्यात, अनन्त कार्की, हिरालाल जोशी र सूर्यप्रसाद खनालले सम्हाली सक्नु भएको छ । यस गणको गणपति प्रमुख सेनानीहरू इश्वर हमाल, रघु भण्डारी, राजु खड्का र हिरालाल जोशी हुनुहुन्थ्यो । हाल यस गणका गणपति प्रमुख सेनानी गोकुलप्रसाद दुरा हुनुहुन्छ ।

श्री पूर्वी पृतना आर्टिलरी गण

श्री पूर्वी पृतना आर्टिलरी गण ३ वटा अनाश्रित लाईट व्याट्रीहरू नं.२, नं.७ र नं.९ लाई समायोजन गरी सन् २००३ डिसेम्बर ३० (वि.सं. २०६० पौष १५) मा गठन गरिएको थियो ।

गण खडा भएको लामो समयसम्म उक्त व्याट्रीहरू एकै ठाउँमा एकिकृत हुन नसकि नं. ७ र नं. ९ व्याट्रीहरू क्रमशः मकवानपुरको कुलेखानी र धनुषाको भिमानमा तैनाथ रहेका छन् भने नं. २ व्याट्री र गण सन् २००५ फ्रेवअरी ७ (वि.सं. २०६१ माघ २५) मा राजविराजमा तैनाथ रहेको थियो । हाल यो सुनसरी जिल्लाको इनरूवामा तैनाथरत छ ।

९२ श्री देवीदल गणका गणपति प्रमुख सेनानी गोकुल प्रसाद दुराले वि.सं. २०६४ श्रावण १७ मा तयार गरेको "श्री देवीदल गणको सङ्क्षिप्त इतिहास", पृ. १-२ ।

नं. ७ लाईट व्याट्री नं. ७ बाहिनीअन्तर्गतका युनिटहरूलाई आर्टिलरी फायर सपोर्ट दिने उद्देश्यले सन् १९८९ डिसेम्वर २९ (वि.सं. २०४६ पौष १४) मा स्थापना भएको हो । स्थापनाकालदेखि दुई वर्षसम्म मकवानपुरको तौखेलमा तैनाथ रहेकोमा सन् १९९२ (वि.सं. २०४९ असार) मा इन्द्रसरोवर कुलेखानी ड्याम सुरक्षाको लागि तैनाथ रहेको र उक्त अनाश्रित व्याट्री सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) देखि श्री पूर्वी पृतना आर्टिलरी गणमा समायोजन भई हालसम्म सोही स्थानमा तैनाथ रहेको छ ।

नं. ९ लाईट व्याट्री नं. ९ बाहिनीअन्तर्गतका युनिटहरूलाई आर्टिलरी फायर सपोर्ट दिने उद्देश्यले सन् २००१ डिसेम्वर २९ (वि.सं. २०५८ पौष १४) मा राजदल गणभित्र स्थापना भएको र सन् २००३ अक्टोवर १८ (वि.सं. २०६० कार्तिक १) बाट उक्त व्याट्री धनुषाको भिमानमा तैनाथ रहेको थियो । उक्त लाईट व्याट्री सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) मा श्री पूर्वी पृतना आर्टिलरी गणमा समायोजन भई हालसम्म सोही स्थानमा नै तैनाथ रहेको छ ।[९३]

हाल यस गणका गणपति प्रमुख सेनानी भरतबहादुर खड्का हुनुहुन्छ ।

श्री पश्चिम पृतना आर्टिलरी गण

श्री पश्चिम पृतना हेडक्वाटर र श्री आर्टिलरी निर्देशनालयको अण्डर कमाण्डमा रही श्री पश्चिम पृतनाको जिम्मेवारी क्षेत्रको आन्तरिक र वाह्य सुरक्षा नीतिअनुरूप मद्दती फायर दिने उद्देश्यले धादिङको नं. ६ अनाश्रित लाईट व्याट्री र विजयपुरस्थित नं. ३ अनाश्रित लाईट व्याट्रीलाई समायोजन गरी श्री पश्चिम पृतना आर्टिलरी गणको स्थापना सन् १९७५ जुलाई ७ (वि.सं. २०३२ आषाढ २३) मा भएको हो । हाल यस गणको हेडक्वाटर व्याट्री, "ख" व्याट्री र "ग" व्याट्री तनहूँमा र "क" व्याट्री विजयपुरमा तैनाथ रहेको छ । सन् २००६ (वि.सं. २०६३ फाल्गुण) मा तत्कालीन नं. ६ अनाश्रित लाईट व्याट्री पश्चिम पृतना हेडक्वाटरअन्तर्गत तनहूँमा स्थानान्तरण भएको हो । यसैगरी नं. २२ र २३ वाहिनी अड्डामा पनि यस गणको सानो टुकडी रहेको छ ।

९३ श्री पूर्वी पृतना आर्टिलरी गणका गणपति प्रमुख सेनानी भरतबहादुर खड्काद्वारा वि.सं. २०६४ मंसीर १८ मा प्रेसित श्री पूर्वी पृतना आर्टिलरी गणको इतिहासबाट ।

सन् १९८६ डिसेम्वर २९ (वि.सं. २०४३ पौष १४) मा श्री नं. ३ अनाश्रित लाईट व्याट्री खडा भई सन् १९९० डिसेम्वर २९ (वि.सं. २०४७ पौष १४) मा अनाश्रित लाईट व्याट्रीको स्थापना भएको हो । उक्त व्याट्री सन् २००५ जुलाई ५ (वि.सं. २०६२ आषाढ २१) सम्म श्री नं. ३ वाहिनी अड्डाको हाताभित्र नै तैनाथ रहेको थियो ।

नेपाली सेनाको कम्ब्याट सपोर्टलाई बढी प्रभावकारी बनाउने प्रक्रियाअन्तर्गत आर्टिलरी अङ्गलाई असरदार रूपमा परिचालन गर्ने क्रममा श्री नं. ६ अनाश्रीत लाईट व्याट्री सन् १९९६ डिसेम्वर २९ (वि.सं. २०५३ पौष १४) मा खडा गरिएको हो । स्थापनाको सुरूका दिनहरूमा यो व्याट्री श्री आर्टिलरी निर्देशनालयको हाता भित्रै रहँदै आएको थियो । सन् २००० जुन १६ (वि.सं. २०५७ श्रावण २) मा यो व्याट्री धादिङमा खटियो । यस लाईट व्याट्रीको पेशागत कार्य आर्टिलरीसम्वन्धी सम्पूर्ण सहयोग नं. ६ वाहिनी अड्डालाई पुऱ्याउने भएतापनि परिस्थितिअनुसार पेशागत कार्यको साथै पदिक गुल्मको कार्यभार सम्हाल्दै धादिङ जिल्लाका १२ वटा गा.वि.स. हरूमा सुरक्षा व्यवस्था कायम गर्ने र पृथ्वीराजमार्ग जहरेदेखि मौवाखोला (३४ किलो मिटर) हाईवे सुचारू रूपले सञ्चालन गर्ने जिम्मेवारी वहन गरेको थियो ।[९४]

हाल यस श्री पश्चिम पृतना आर्टिलरी गणका गणपति प्रमुख सेनानी अनिल थापा हुनुहुन्छ ।

श्री आर्टिलरी तालिम शिक्षालय

यस श्री आर्टिलरी तालिम शिक्षालय श्री आर्टिलरी तालिम केन्द्रको नामवाट सन् १९८५ डिसेम्वर २९ (वि.सं. २०४२ पौष १४) मा १०० जनाको संख्यामा स्थापना भएको हो ।

तत्कालीन आर्टिलरी निर्देशनालयअन्तर्गत रही फिल्ड आर्टिलरीसम्वन्धी तालिमहरू सञ्चालन गर्दै आएकोमा सन् १९८८ (वि.सं. २०४५) मा यस

९४ श्री पश्चिम पृतना आर्टिलरी गणका गणपति प्रमुख सेनानी अनिल थापाले वि.सं. २०६४ मंसिर १४ मा तयार गरेको "श्री पश्चिम पृतना आर्टिलरी गणको इतिहास", पृ. १ ।

आर्टिलरी तालिम केन्द्रमा रहने गरी एअर डिफेन्स (ए.डि.) तालिम शाखा समेत थप भई फिल्डर ए.डि. सम्वन्धि दुवै तालिमहरू सञ्चालन गर्दै आएको थियो । सन् १९९७ अप्रिल १३ (वि.सं. २०५४ वेशाख १) वाट पुनः आर्टिलरी तालिम केन्द्रको नाम परिमार्जन गरी तत्कालीन श्री नं. १३ वाहिनी अड्डाको अङ्गको रूपमा आर्टिलरी तालिम महाशाखाको नाममा गाभियो । तत्पश्चात् सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) वाट तत्कालीन श्री नं. १३ वाहिनी अड्डालाई ४ अङ्ग (हवाई सुरक्षा निर्देशनालय, हवाई सुरक्षा तालिम शिक्षालय, आर्टिलरी निर्देशनालय, आर्टिलरी तालिम शिक्षालय) मा विभाजन गरिएको थियो । हाल यस शिक्षालय श्री आर्टिलरी निर्देशनालयको हाताभित्र रही काम सञ्चालन गर्दै आइरहेको छ । यस शिक्षालयलाई धनुषा जिल्लाको भिमानमा स्थानान्तरण गर्ने प्रस्तावित योजना छ ।

यस शिक्षालयले सन् २००३ डिसेम्वर २९ (वि.सं. २०६० पौष १४) सम्म फिल्ड, ए.डि. र इन्फेन्ट्री समेत तालिमहरू सञ्चालन गर्दै आएकोमा सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) वाट फिल्ड आर्टिलरीसम्वन्धी र आवश्यकता अनुसार पदिक अङ्गको तालिम साथै फिल्ड आर्टिलरी ट्रन्ट (FAT), ड्राईभिङ्ग एण्ड मेन्टिनेन्स तालिम समेत सञ्चालन गर्दै आएको छ । यसरी यस शिक्षालयले फिल्ड आर्टिलरीअन्तर्गत अङ्गका सकल दर्जाहरूलाई पेशासम्वन्धी तालिम दिई दक्ष गनर उत्पादन गर्ने तथा देशको परीस्थतिअनुरूप समेत कार्यहरू गर्ने गरेको छ ।[९५]

९५ श्री आर्टिलरी तालिम शिक्षालयका सेनानी दिप सिंहले वि.सं. २०६४ श्रावण ३ मा तयार गरेको "श्री आर्टिलरी तालिम शिक्षालयको ऐतिहासिक पृष्ठभूमि" ।

ईन्जिनियर निर्देशनालय अन्तर्गतका अङ्गहरू

श्री इन्जिनियर निर्देशनालय

नेपाली सेनाको इन्जिनियर्स तथा इन्जिनियर निर्देशनालयको इतिहास तथा स्थापनालाई केलाउँदा यसको उत्पति र विकासक्रम फिल्ड कम्पनी, श्री काली प्रसाद गण (इन्जिनियर्स) तथा श्री नं. १४ बाहिनी अड्डासँग गांसिएको पाइन्छ। सन् १९५२ को सेनाको पुनर्गठन पछि नेपाली सेनाको कम्व्याट इन्जिनियर्स पल्टन फिल्ड कम्पनी इन्जिनियर्सको रूपमा विजारोपण भएको हो । श्री काली प्रसाद पल्टन सन् १९५२ अप्रिल २५ (वि.सं. २००९ वैशाख १३) मा यो फिल्ड कम्पनीको रूपमा युद्धकार्यको लागि माईन लेइङ्ग गर्ने र नष्ट गर्ने, फिल्ड फोर्टिफिकेशन बनाउने तथा डेमोलिशन आदि गर्ने कार्यको लागि खडा भएको थियो । सन् १९५२ देखि नै भारतीय सेनाको लियाँजो ग्रुपबाट तालिम गराउने टोलीले यस फिल्ड कम्पनीको सबै दर्जालाई सर्वप्रथम इन्जिनियर्ससम्वन्धी तालिम दिइएको थियो । सन् १९६७ मार्च १७ (वि.सं. २०२३ चैत्र ४) मा यस फिल्ड कम्पनी श्री काली प्रसाद गण (इन्जिनियर्स) मा परिणत भएकोले श्री काली प्रसाद गण (इन्जिनियर्स) नेपाली सेनाको इन्जिनियर्सको अग्रगामीको रूपमा लिइन्छ ।

तत्कालीन शाही नेपाली सेनामा कम्व्याट इन्जिनियरसम्वन्धी हेर्ने छुट्टै निकायको विकास गर्ने नीतिअनुरूप सन् १९८६ (वि.सं. २०४३ जेष्ठ) मा इन्जिनियर निर्देशनालय खडा भएको थियो। यस इन्जिनियर निर्देशनालय अन्तर्गत श्री काली प्रसाद गण (इन्जिनियर्स), इन्जिनियर तालिम केन्द्र लगायत चरणवद्ध रूपमा हरेक पैदल बाहिनीमा इन्जिनियर्सको १/१ फिल्ड गुल्मको स्थापना गर्दै लैजाने नीति अनुरूप सन् १९८६ डिसेम्वर २९ (वि.सं. २०४३ पौष १४) मा नं. ३ बाहिनीको फिल्ड गुल्म दमौलीमा र सन् १९९० अप्रिल १४ (वि.सं. २०४७ वैशाख १) मा नं. २ फिल्ड गुल्म धरानमा स्थापना भएको थियो । इन्जिनियर्सको अझ विस्तार गर्ने योजना अनुरूप इन्जिनियर निर्देशनालय सन् १९९० जुन १५ (वि.सं. २०४७ आषाढ १) मा श्री नं. १४ बाहिनी अड्डा (इन्जिनियर बाहिनी) मा परिणत भयो। सन् १९९० (वि.सं. २०४७) मा नै कालीबक्स गण पैदल गणबाट इन्जिनियर गणमा परिवर्तन भएपछि यस श्री नं. १४ बाहिनीअन्तर्गत दुई इन्जिनियर गणहरू रहेको थियो । नेपाली सेनाको विस्तारीकरण र आधुनिकिकरण गर्ने क्रममा सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) मा श्री नं. १४ बाहिनी अड्डालाई पुनः इन्जिनियर निर्देशनालय नामाकरण गरियो ।

पृतना अवधारणाअनुरूप पृतना इन्जिनियर गणहरूको स्थापना गर्ने सिलसिलामा सन् २००३ डिसेम्वर ४ (वि.सं. २०६० मंसीर १८) मा पश्चिम पृतनाअन्तर्गत कालीभञ्जन गण (इन्जिनियर्स) को पोखरामा स्थापना भएको थियो। त्यस्तै सन् २००५ जनवरी १६ (वि.सं. २०६१ माघ ३) मा मध्य पश्चिम पृतनाअन्तर्गत श्री कालीशक्ति गण (इन्जिनियर्स) हेटौंडामा स्थापना भएको थियो। दैवीप्रकोपको समयमा तथा कम्व्याट इन्जिनियरिङ्गअन्तर्गत बृजिङ्ग सेवा प्रदान गर्ने उद्देश्यले सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) मा बृजिङ्ग महाशाखाको थानकोट, काठमाडौंमा स्थापना गरिएको हो । आई.ई.डि. तथा विष्फोटक पदार्थहरूसम्वन्धी अध्ययन, अनुसन्धान तथा व्यवस्थापन गर्ने उद्देश्यले विशेष युनिटको रूपमा सन् २००२ अगष्ट १५ (वि.सं. २०५९ श्रावण ३०) मा ई.ओ.डि. होल्डिङ्ग (Explosive Ordinance Disposal Holding) युनिटको स्थापना भएको थियो । त्यस्तै गरेर कम्व्याट इन्जिनियरिङ्गसम्बन्धी पेशागत तालिम सञ्चालन गर्ने उद्देश्यले सन् २००२ अगष्ट १५ (वि.सं. २०५९ श्रावण ३०) मा तत्कालीन इन्जिनियर तालिम केन्द्र इन्जिनियर तालिम शिक्षालयमा परिणत भएको थियो ।

नेपाली सेनाको कम्व्याट इन्जिनियरिङ्ग सपोर्ट पल्टनको रूपमा रहेको इन्जिनियर निर्देशनालयले विभिन्न कालखण्डमा राष्ट्र निर्माण र राष्ट्रिय सुरक्षामा देन दिनुको साथै कम्व्याट इन्जिनियरिङ्ग, दैवीप्रकोप तथा विकास निर्माण कार्यहरूमा महत्वपूर्ण भूमिका खेलेको छ। जसअन्तर्गत श्री काली प्रसाद गण (ईन्जिनियर्स) ले विभिन्न कालखण्डमा सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धदेखि लिएर सन् १९७४ को खम्पा निशस्त्रीकरण कार्यमा समेत महत्वपूर्ण भूमिका खेलेको थियो । त्यस्तै गरेर विकास निर्माण कार्यअन्तर्गत वेत्रावती-रसुवागढी घोडेटो बाटो, त्रिशुली-सोमदाङ सडक, कटारी-ओखलढुङ्गा सडक, बेनी-जोमसोम सडक, हिले-भोजपुर सडक, मुसिकोट-बुर्तिवाङ सडक, वेसीशहर-चामे सडक, कर्णाली राजमार्ग लगायत विभिन्न सडकहरूको निर्माण कार्यहरूमा यस निर्देशनालयको संलग्नता रहेको छ ।

दैवीप्रकोप उद्धार कार्यअन्तर्गत सन् १९८० (वि.सं. २०३७) को बाढीमा इन्द्रावती नदीको बांधलाई फुट्न नदिई बढि क्षति हुनबाट बचाउने कार्य गरेको, सन् १९८८ (वि.सं. २०४५ जेष्ठ) मा अविरल वर्षाका कारण मुस्ताङ जिल्लाको दामोदर कुण्डको वांध फुट्नबाट बचाउने कार्य गरेको र सन् १९९३ (वि.सं. २०५१) मा भैंसे, मलेखु, बेल्खु र महादेव वेशीमा पुलहरू पुर्णरूपले क्षति भएकोले

उक्त स्थानहरूमा बेलीबृजहरू निर्माण गरी सडक सुचारू गर्ने यसले महत्वपूर्ण भूमिका खेलेको थियो। संयुक्त राष्ट्रसंघीय मिशनमा खटिने प्रत्येक जसो नेपाली सेना डफ्फामा यस निर्देशनालयसँग सम्बन्धित व्यक्तिहरू खटिने गरेका छन् । सन् २००१ (वि.सं. २०५८) देखि कंगोमा एक इन्जिनियर गुल्म तैनाथ रहि विकास निर्माण, भत्के विग्रेका संरचनाहरूको पुन: निमार्ण तथा अन्य कम्व्याट इन्जिनियरिङ्ग कार्यहरू समेत गर्दै आएको छ। त्यस्तै गरेर यसले नेपाली सेनालाई आवश्यक इन्जिनियरिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ । यस अतिरिक्त यसले माईन एक्सन व्यवस्थापन र कार्यमा पनि महत्वपूर्ण भूमिका खेल्दै आएको छ।[९६]

श्री कालीबक्स गण (इन्जिनीयर्स)

श्री कालीवक्स गण (इन्जिनीयर्स) राजा पृथ्वीनारायण शाहबाट थालेको नेपालको एकीकरणको अभियानमा सन् १७६२ (वि.सं. १८१९ आश्विन ५) मा श्री कालीबक्स कम्पनीको नामबाट स्थापना भएको हो। राजा पृथ्वीनारायण शाहले आफ्नो इष्ट देवता कालीको नामबाट कालीबक्स कम्पनी खडा गरेको भनिन्छ।[९७] सन् १७६३ (वि.सं. १८१९) मा बंगालको नवाव मीरकासीमको फौजले मकवानपुर दरबार (गढी) मा हमला गर्न आउँदा, सो हमलालाई विफल पारि वैरीको करिव ५०० नाल राइफल र २ वटा तोप खोसिएका थिए। तिनै हतियारबाट १०० नाल राइफलको एक सय जनाको एउटा कम्पनी खडा गरिएको थियो । ती श्रीनाथ, वज्रवाणी, सवुज, पुरानो गोरख र कालीबक्स थिए । यो पश्चिम १ नम्बर नुवाकोटमा खडा गरिएको थियो र यसका अधिकृत जवानहरूलाई युद्धसम्वन्धी प्रशिक्षणको व्यवस्था पनि गरिएको थियो। यस गणको आर्दश वाक्य "हटी होइन डटी लड्छौं" रहेको छ ।

राणा प्रधानमन्त्री जंगबहादुरको समयताका श्री कालीबक्स कम्पनीमा गुरूङहरू मात्रै सम्मिलित गरिएको भनिन्छ।[९८] सन् १८४४ (वि.सं. १९०१) मा यो

९६ श्री इन्जिनियर निर्देशनालयका प्रमुख सेनानी कृष्ण मुरारी न्यौपानेले वि.सं. २०६४ चैत्र ५ मा तयार गरेको "इन्जिनियर निर्देशनालयको इतिहास", पृ. १-५ ।

९७ टेकबहादुर खत्री, *शाही नेपाली सेनाको इतिहास*, प्रकाशनस्थान अनुल्लिखित, श्रीमती शारदा कुमारी के.सी., वि.सं. २०४१, पृ. ३२ ।

९८ कृष्णकान्त अधिकारी, *नेपाल अण्डर जंगबहादुर १८४६-१८७७*, भोलम १, काठमाडौं : बुकु, सन् १९८४, पृ. १६३ ।

कम्पनीबाट पल्टनमा परिणत भएको देखिन्छ । सन् १९५२ मा भएको तत्कालीन नेपाली सेनाको पुनर्गठनमा यो खारेजमा परेको थियो । तत्कालीन नेपाली सेनाका नवगठित युनिटहरूलाई खारेजमा परेका पुराना पल्टनहरूका निशान प्रदान गरिने क्रममा भक्तपुरस्थित रिक्रुट ट्रेनिङ सेन्टरलाई सन् १९५८ अप्रिल १३ (वि.सं. २०१५ वैशाख १) मा राजा महेन्द्रले कालीबक्सको निशान प्रदान गरेका थिए । यो सन् १९७७ मार्च १७ (वि.सं. २०३३ चैत्र ४) देखि श्री कालीबक्स गण भई सोहीअनुरूप लेखिन थाल्यो भने सन् १९८१ डिसेम्वर २९ (वि.सं. २०३८ पौष १४) मा रिक्रुट ट्रेनिङ सेन्टर (सैन्य तालिम केन्द्र) बाट पदिक गणमा परिणत भयो [९९] नुवाकोट, भक्तपुर, त्रिशुली-सोमदाङ, कटारी-ओखलढुङ्गा, काठमाडौं हुँदै यो गण हाल धरानमा तैनाथ रहेको छ । हाल यो पूर्वी पृतना इटहरीको अण्डर कमाण्डमा र श्री नं. २ बाहिनीको अप्रेशनल कमाण्डअन्तर्गत कार्यरत छ । सन् १८४१ (वि.सं. १८९८) मा यसमा अफिसर जवानहरू गरी जम्मा ७५० भएको बुझिन्छ ।

कालीबक्स गणले सन् १७६७ (वि.सं. १८२४) मा अङ्ग्रेज इष्ट इण्डिया कम्पनीको क्याप्टेन किनलकको नेतृत्वमा आएको फौजलाई सिन्धुलीस्थित पौवागढीको लडाइँमा हराई ठूलो नाम कमाएको थियो । सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले अङ्ग्रेजी सेनासँग पर्साको युद्धक्षेत्रमा डटेर मुकाबिला गरेको थियो । यसले सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा भाग लिई केरूङको वाटो तिब्बती भू-भागहरू कब्जा गरेको थियो । सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा नेपालबाट अङ्ग्रेजहरूको सहायताको लागि गएको सेनामा यो पनि सम्मिलित भई लखनउमा विद्रोह दवाउने कार्यमा सक्रिय योगदान दिएको थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतवीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन फौजमध्ये पहिलो डिभिजनमा खटिएको थियो । यसले सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा फष्ट रैफल पल्टनको अर्धाङ्ग बनी अवोटावादमा तैनाथ रहेको थियो ।[१००] त्यस्तै गरेर सन् १९१७ मा उत्तर-पश्चिम सिमान्त प्रान्तअन्तर्गत बजिरिस्तानमा मसुद जातिहरूको विरूद्धमा गरिएको सैनिक अभियानलाई सफल

९९ श्री कालीबक्स गण (ई.) का सहायक सेनानी वीरेन्द्र पुनले वि.सं. २०६४ मंसिर ६ मा तयार गरेको "श्री कालीवक्स गण (ई.) को इतिहास", पृ. १ ।

१०० शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. २६, जनकबहादुर थापा, "श्री कालीवक्स गणको सङ्क्षिप्त परिचय", *सिपाही*, वर्ष १३, वि.सं. २०३७, पृ. ४२ र लेखक अनुल्लिखित, "श्री कालीवक्स गण (ई.) एक परिचय", *दी स्यापर्स जर्नल* (श्री इन्जिनियर्स निर्देशनालयको वार्षिक मुखपत्र), वि.सं. २०६४, पृ. २० ।

गर्नमा यसले महत्वपूर्ण भूमिका खेलेको थियो । सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धमा यो श्री श्रीनाथ पल्टनको अर्धाङ्ग बनी भारतमा शान्ति-सुरक्षा कायम गर्ने कार्यमा देहरादुनमा तैनाथ गरिएको थियो । सन् १९४८ मा भारत सरकारको अनुरोधमा नेपालबाट भारत खटिएका पल्टनहरूमा यसले श्री श्रीनाथ पल्टनको अर्धाङ्ग बनी भारतमा शान्ति-सुरक्षा कायम गर्ने कार्य गरेको थियो ।[१०१]

संयुक्त राष्ट्रसंघीय शान्ति सेनाको रूपमा यस गण सन् १९८९ (वि.सं. २०४५-२०४६) मा लेवनानमा खटिएर गएको थियो ।

यो गण सन् १९९१ (वि.सं. २०४८) मा त्रिशुली-सोमदाङ सडक र सन् १९९६ (वि.सं. २०५३) मा कटारी-ओखलढुङ्गा सडक निमार्ण कार्यमा तैनाथ भएको थियो । त्यस्तै यसले काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र सिनामंगल स्थित नेपाल आयल निगम डिपो जस्ता अति महत्वपूर्ण तथा संवेदनशील स्थानहरूको सुरक्षा प्रदान गरिसकेको छ ।

राजा पृथ्वीनारायण शाहले थालेको नेपाल राष्ट्रको एकीकरण अभियानसँगै यस गणको इतिहास गाँसिएको छ । लामो इतिहास एवं गौरवमय परम्परा कायम गर्दै आएको यस गणको आधुनिक नेपालको सैनिक इतिहासको निर्माणमा महत्वपूर्ण भूमिका रहेको छ ।

श्री कालीप्रसाद गण (इन्जिनियर्स)

राजा गीर्वाणयुद्ध विक्रम शाहको पालामा सन् १८०६ अप्रिल (वि.सं. १८६३ वैशाख १३) मा यो गण श्री कालीप्रसाद कम्पनीको नामले खडा भएको हो । यस गणको आदर्श वाक्य "सृष्टि संहार" रहेको छ ।

मुख्यत: गुरूङ जातिमात्र सम्मिलित गरेर श्री कालीप्रसाद गण खडा गरिएको भनिन्छ ।[१०२] सन् १९५२ (वि.सं. २००९) मा सेनाको पुनर्गठन हुँदा जंगी तथा शान्ति दुवै अवस्थामा गर्नुपर्ने निर्माणात्मक तथा ध्वंसात्मक कार्यहरू

१०१ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. २६ र थापा, पादटिप्पणी संख्या १००, पृ. ४२ ।

१०२ अधिकारी, पादटिप्पणी संख्या. ९८, पृ. १६३ ।

गराउनको लागि श्री कालीप्रसाद कम्पनीलाई श्री कालीप्रसाद फिल्ड कम्पनी नामाकरण गरी इन्जिनियर पल्टन बनाइयो । सन् १९६६ डिसेम्बर १६ (वि.सं. २०२३ पौष १) मा श्री काली प्रसाद फिल्ड कम्पनीको सङ्गठनमा वृद्धि गरी यस फिल्ड कम्पनीलाई इन्जिनियर्स रेजिमेन्टमा परिणत गरियो । तत्पश्चात् सन् १९६७ मार्च १७ (वि.सं. २०२३ चैत्र ४) मा यसलाई श्री कालीप्रसाद गण (इन्जिनियर्स) भनी नामाकरण गरियो ।

सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धको समयमा यो विभिन्न ठाउँमा तैनाथ रहेको थियो । यो सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा कुतीको लडाइँमा संलग्न थियो । सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा नेपालबाट अङ्ग्रेजहरूको सहायताको लागि गएको सेनामा यो पनि सम्मिलित भई लखनउमा विद्रोह दवाउने कार्यमा यसले भाग लिएको थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतवीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिव्वतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजनमध्ये दोस्रो डिभिजनमा सरिक गरिएको थियो । त्यस्तै सन् १९४८ मा भारत सरकारको अनुरोधमा सहायताको लागि नेपालवाट पठाइएको सेनामा यो त्यहाँ आन्तरिक शान्ति-सुरक्षा कायम राख्ने क्रममा हैदरावादमा तैनाथ गरिएको थियो ।[१०३]

सन् १९५८ (वि.सं. २०१४) मा कान्ति राजपथ (टिकाभैरव-हेटौडा मार्ग) निर्माण कार्यमा यसले प्रमुख भूमिका निभाएको थियो । तत्पश्चात् यो गण हिले-भोजपुर सडक, कटारी-ओखलढुङ्गा सडक, मुसिकोट-वुर्दिवाङ सडक र बेसिशहर -चामे सडक निर्माण कार्यहरूमा संलग्न रहेको थियो । यसवाहेक बेनी-जोमसोम सडक निर्माणमा पनि यसले आफ्नो संलग्नता जनाएको थियो ।[१०४]

सन् १९७४ (वि.सं. २०३१) को खम्पा निशस्त्रीकरण कार्यमा यसले पनि भाग लिएको थियो । यसले सन् १९८६ (वि.सं. २०४२) मा काठमाडौं उपत्यकामा श्रृङ्खलावद्ध रूपमा भएको बम विष्फोटनमा नपड्किएका बमहरूको सुरक्षित रूपमा डिष्पोज गरेको थियो । सन् १९५२ देखि १९९१ (वि.सं. २००९ देखि वि.सं. २०४८) सम्म अनवरत रूपमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा खटिई

१०३ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ५८, खत्री, पादटिप्पणी संख्या ९७, पृ. ४५ र लेखक अनुल्लिखित, "श्री कालीप्रसाद गण (ई.) एक परिचय", *दी स्यापर्स जर्नल*, वि.सं. २०६४, पृ. २१-२२ ।

१०४ श्री कालीप्रसाद गण (इन्जिनियर्स) का गणपति प्रमुख सेनानी प्रवल विष्टले वि.सं. २०६४ आषाढ ३२ मा तयार गरेको "श्री कालीप्रसाद गण (ई.) को सङ्क्षिप्त इतिहास", पृ. २ ।

सफलतापूर्वक विमानस्थल सुरक्षाको कार्य गरेको यस गण हाल पुनः गौचर काठमाडौंमा तैनाथरत छ ।

यस श्री कालीप्रसाद गण (ई) का गणपतिको कार्यभार प्रमुख सेनानीहरु ऋषि कुमार पाण्डे, हुमानसिंह बस्न्यात, केशव प्रसाद गिरी, गणेश प्रसाद मरहठा, धनबहादुर कुंवर, प्रतापसिंह मल्ल, दुर्गानाथ अर्याल, मनसुरा विक्रम शाह, कुलवहादुर खड्का, केशरबहादुर भण्डारी, चित्रबहादुर गुरुङ, ठाकुर सुब्बा, दिपक गुरुङ, महेन्द्रजंग सिजापति, विजेन्द्र गौतम, शेखरीसंह बस्नेत, राजु नेपाली, तारा विक्रम शाह, नरेश सुब्बा र प्रबल विष्टले सम्हाल्नु भएको थियो । हाल यस गणका गणपति प्रमुख सेनानी हेमन्त शर्मा हुनुहुन्छ ।

श्री कालीशक्ति गण (इन्जिनियर्स)

श्री कालीशक्ति गण (इन्जिनियर्स) तत्कालीन श्री ५ को सरकारको सन् २००५ जनवरी १६ (वि.सं. २०६१ माघ ३) को निर्णयबमोजिम श्री नं. ७ बाहिनी फिल्ड गुल्म र श्री नं. ९ बाहिनी फिल्ड गुल्म समायोजन तथा विभिन्न इन्जिनियर युनिटहरूबाट १/१ से.मु. सरूवा भई यो गण (इन्जिनियर्स) गठन गरिएको हो ।

इन्जिनियर निर्देशनालय रहेको गौचर व्यारेकबाट यसले सन् २००५ अक्टोवर २७ (वि.सं. २०६२ कार्तिक १०) बाट कार्य सञ्चालन गरेको थियो । यस गणलाई सन् २००६ जनवरी १ (वि.सं. २०६२ पौष १७) मा श्री कालीशक्ति गण (इन्जिनियर्स) भनि नामाकरण गरियो । काठमाडौं हुँदै हाल यो गण मध्य पृतना रहेको स्थान हेटौंडामा तैनाथरत छ ।

यो गण मध्य पृतनालाई कम्ब्याट इन्जिनियर सपोर्ट प्रदान गर्नको लागि खडा गरिएको हो । मध्य पृतनाअन्तर्गत रहेका बाहिनी, गण र गुल्महरूलाई कम्ब्याट सपोर्ट उपलब्ध गराउनु प्रमुख दायित्व भएकोले बाहिनी, गण र गुल्महरूमा तत्कालीन अवस्थामा इम्पोभाइज्ड एक्सप्लोसिभ डिभाइसेज (आई.ई.डि.) डिष्पोजल गर्ने साना-साना टुकडीहरू राखि कम्ब्याट सपोर्ट उपलब्ध गराएको थियो ।[१०५]

१०५ श्री कालीशक्ति गण (इन्जिनियर्स) का गणपति प्रमुख सेनानी विष्णु राउतले वि.सं. २०६४ चैत्र ४ मा तयार गरेको "श्री कालीशक्ति गण (इन्जिनियर्स) को इतिहास" र लेखक अनुल्लिखित, "श्री कालीशक्ति गण (ई.) एक परिचय", *दी स्यापर्स जर्नल*, वि.सं. २०६४, पृ. २५ ।

यस श्री कालीशक्ति गण (इन्जिनियर्स) को प्रथम गणपति प्रमुख सेनानी होमनाथ दवाडी हुनुहुन्थ्यो । हाल दोस्रो गणपतिको रूपमा प्रमुख सेनानी विष्णु राउत हुनुहुन्छ ।

श्री कालीभञ्जन गण (इन्जिनियर्स)

श्री पश्चिम पृतना अड्डालाई इन्जिनियरसम्बन्धी सपोर्ट दिनको लागि ई.ओ.डि. होल्डिङ्ग युनिट तथा तत्कालीन नं. ३ र ६ बाहिनी फिल्ड गुल्महरूबाट काजमा अधिकृत, पदिक र अन्य दर्जाहरू खटिई इन्जिनियरिङ्ग सम्बन्धी सपोर्ट कार्य गरी आएकोमा तत्कालीन श्री ५ को सरकारको सन् २००३ डिसेम्वर ४ (वि.सं. २०६० मंसीर १८) को निर्णयअनुसार श्री नं. १,२,३,६,७ र ९ फिल्ड गुल्महरूको संख्यालाई समायोजन गरी एक इन्जिनियर गण बनाई श्री कालीभञ्जन गण (इन्जिनियर्स) नामाकरण गरियो । यो गणको आदर्श वाक्य "ज्ञान सिप कर्म" रहेको छ ।

हाल पोखरामा कार्यरत यस गणले पश्चिम पृतना हेडक्वाटरअन्तर्गतका वाहिनी अड्डाहरू, गण र गुल्महरूलाई इन्जिनियरीरङ्ग सहयोग दिने क्रममा आई.ई.डी. टिम तयार गर्ने, इन्जिनियरिङ्गसम्बन्धी सल्लाहकारको रूपमा रहने, डिफेन्स तथा अब्सट्र्याकलसम्बन्धी निर्माण, सल्लाह र सुधार गर्ने, फेला परेका आई.ई.डी.हरूलाई निष्कृय पार्ने, जिम्मेवारी क्षेत्रमा आवश्यक पर्ने माईन र आई.ई.डी.हरू लगाउने आदि कार्यहरू गर्दै आइरहेको छ । हाल यस गण अन्तर्गत रहेको नं. १ फिल्ड गुल्म बुटवलमा, नं. २ फिल्ड गुल्म मर्स्याङ्गदी जलविद्युत आयोजना, मर्स्याङ्गदीमा र नं. ३ फिल्ड गुल्म काली गण्डकी "ए" जलविद्युत आयोजना, बेल्टारीमा सुरक्षा कार्यमा कार्यरत छन् ।[१०६]

यस श्री कालीभञ्जन गण (ई.) को प्रथम र दोस्रो गणपति प्रमुख सेनानी क्रमश: इश्वरकान्त मैनाली र दिपक कुमार बानिया हुनुहुन्थ्यो । हाल यस गणको तेस्रो गणपति प्रमुख सेनानी भगवान सिंह बुडाल हुनुहुन्छ ।

---

१०६ श्री कालीभञ्जन गण (इन्जिनियर्स) का गणपति प्रमुख सेनानी भगवान सिंह बुडालले वि.सं. २०६४ चैत्र ४ मा तयार गरेको "श्री कालीभञ्जन गण (ई.) को इतिहास", पृ. १ र ३-५ र लेखक अनुल्लिखित, "श्री काली भञ्जन गण (ई), एक परिचय", *दी स्यापर्स जर्नल,* वि.सं. २०६४, पृ. २४ ।

श्री कालीदल गण (इन्जिनियर्स)

राजा रणबहादुर शाहको पालामा सन् १७८५ जुलाई (वि.सं. १८४२ श्रावण ७) मा श्री कालीदल गण श्री कालीदल कम्पनीको नाममा खडा भएको हो । यस गणको आदर्श वाक्य "ज्यू-ज्यान देशलाई" भन्ने रहेको छ ।

सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्ध पछि यो कम्पनीलाई खारेज गरियो तर सन् १८८२ (वि.सं. १९३९) मा फेरि यो श्री कालीदल पल्टनको नामबाट खडा भयो । दोश्रो पटक खडा भएपछि यो काठमाडौं उपत्यकाका वन जंगलहरूको सुरक्षाको साथै अदालत र अड्डाखानाहरूमा मद्दतको लागि श्री छयासकामिनी पल्टनसँग रहेर काम गरेको थियो । सन् १९५२ को नेपाली सेनाको पुनर्गठनमा यो पुनः खारेजमा पऱ्यो । सन् १९७९ डिसेम्वर २४ (वि.सं. २०३६ पौष ९) मा यसलाई पुन: खडा गर्ने प्रस्ताव पास भएअनुसार सन् १९८० डिसेम्वर २८ (वि.सं. २०३७ पौष १४) मा अनाश्रित गुल्मको रूपमा भरतपुर व्यारेकमा खडा भयो । मध्य पश्चिम पृतना खडा हुने सिलसिलामा सन् २००२ जनवरी २७ (वि.सं. २०५८ माघ १४) मा तत्कालीन कालीदल गुल्म, बाग्लुङ, तत्कालीन नं. ४ फिल्ड गुल्म, नेपालगञ्ज र तत्कालीन नं. ५ फिल्ड गाभिएर श्री कालीदल गण (ई.) नामबाट यस गण नेपालगञ्जमा तैनाथ भयो । सन् २००२ (वि.सं. २०५९) मा यो श्री कालीदल गणको नाममा परिणत भयो ।[१०७] भरतपुर, गुल्मी, बाग्लुङ, मुस्ताङ्ग, पाल्पा, डोल्पा, पुनः बाग्लुङ्ग, नेपालगञ्ज हुँदै हाल यो गण सुर्खेतमा तैनाथरत छ ।

राष्ट्रिय एकीकरण अभियानमा यसले नेपाल एकीकरणको युद्धमा सशक्त भूमिका खेलेको थियो । सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले नालापानी र जैथकको रणक्षेत्रमा वीरतापूर्वक लडेको थियो ।[१०८]

यस कालीदल गण (ई.) को गणपतिको कार्यभार प्रमुख सेनानीहरू समिर शाही, सूर्यप्रसाद खनाल र कृष्ण मुरारी न्यौपानेले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी पंकज कार्की हुनुहुन्छ ।

---

१०७ श्री कालीदल गणले वि.सं. २०६४ मंसिर १६ मा तयार गरेको "श्री कालीदल गणको सङ्क्षिप्त इतिहास", पृ. २ ।

१०८ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १३६ र खत्री, पादटिप्पणी संख्या ९७, पृ. ११ ।

श्री इन्जिनियर तालिम शिक्षालय

श्री नं. १४ बाहिनी अड्डाअन्तर्गत सन् १९८६ (वि.सं. २०४३) मा इन्जिनियर तालिम केन्द्रको नामबाट गौचर व्यारेकमा स्थापना भएको यस शिक्षालय सन् १९९६ (वि.सं. २०५३) मा इन्जिनियर तालिम केन्द्रबाट नाम परिवर्तन भई श्री इन्जिनियर तालिम महाशाखा भएको थियो। सन् २००२ (वि.सं. २०५९) मा श्री इन्जिनियर तालिम महाशाखाबाट पुनः नाम परिवर्तन भई श्री इन्जिनियर तालिम शिक्षालय नामाकरण भएको थियो ।

स्थापनाकालदेखि नै दक्ष र कर्मठ शिक्षार्थीहरू उत्पादन गरी सिँगो नेपाली सैनिक संरचना र समस्त देशवासीहरूको विपतीको बेला विभिन्न रूपमा सहयोग पुऱ्याइरहेको यस शिक्षालयले सन् १९९३ (वि.सं. २०५०) मा देशले बाढी पहिरो जस्ता दैवीक विपत्ती भोगेको बेला आम जनताको लागि प्रयोग हुने पृथ्वी राजमार्गमा यातायात सुचारू गर्न मलेखु, वेल्खु तथा महादेववेशीमा बेलिवृजहरू निर्माण गरेको थियो । त्यसै गरी पहाडी जीवन शैलीको अप्ठ्यारो हटाउन सन् १९९६ (वि.सं. २०५३) मा यस शिक्षालयबाट उत्पादित शिक्षार्थीहरूको टोलीले जोमसोम इलाकामा झोलुङ्गे पुल पनि निर्माण गरेको थियो ।[१०९]

यस शिक्षालयले स्थापनाकालदेखि नै सेनाको लागि अति आवश्यक पर्ने कम्व्याट इन्जिनियर पेशा सम्बन्धी ट्रेड तथा इन्फेन्ट्रीसम्बन्धी तालिमहरू सञ्चालन गर्दै सेनामा दक्ष जनशक्ति उत्पादन गर्दै आइरहेको छ। यस इन्जिनियर तालिम शिक्षालय श्री इन्जिनियर निर्देशनालयअन्तर्गत रहि आफ्नो कार्य सञ्चालन गरिरहेको छ ।

श्री एक्सप्लोसिभ अर्डिनेन्स डिष्पोजल (ई.ओ.डि.) होल्डिङ्ग युनिट

नेपाली सेनाको एक अभिन्न अङ्गको रूपमा रहेर इन्जिनियर निर्देशनालयले विभिन्न युनिटहरूलाई पुऱ्याउने कम्व्याट इन्जिनियरिङ्ग सपोर्ट, विकास निर्माणसम्बन्धी काम, माईन तथा आई.ई.डि.हरू विच्छ्याउने साथै निष्कृय पार्ने काम र आवश्यकताअनुसार कम्व्याट इन्जिनियरिङ्ग तालिमहरू सञ्चालन गर्दै आएको छ । अन्तर्राष्ट्रिय जगतका साथै नेपालमा पनि आई.ई.डि.हरूको प्रयोग हुन थालेकोले त्यसलाई प्रतिरोध गर्ने क्षमता नेपाली सेनामा हुनुपर्ने आवश्यकता महसुस गरिएअनुरूप अन्तर्राष्ट्रिय जगतमा भएको आई.ई.डि. तथा विष्फोटक पदार्थ निष्कृय पार्ने प्राविधिको विकाससम्वन्धी अध्ययन अनुसन्धान गर्ने, त्यसलाई सुरीक्षत रूपमा निष्कृय पार्ने र त्यससम्वन्धी तालिमहरू सञ्चालन गर्ने उद्देश्यले सन् २००२ (वि.सं. २०५९ श्रावण) मा जम्मा १६४ जनाको संख्या कायम रहने गरी श्री ई.ओ.डि. होल्डिङ्ग युनिट (Explosive Ordinance Disposal Holding Unit) स्थापना भएको थियो। यस युनिटको आदर्श वाक्य "सुरक्षित निष्कृय" रहेको छ ।

आफ्नो स्थापनाकालसँगै यस युनिटलाई आवश्यक पर्ने अत्याधुनिक सर्च तथा डिष्पोजल इक्युपमेण्टहरू र सो सम्बन्धी तालिम मित्रराष्ट्र बेलायत सरकारबाट निरन्तर रूपमा प्राप्त हुँदै आएको छ। यस युनिटले विगतका अप्ठ्यारो समयमा सेनाका विभिन्न बाहिनी, गण, युनिट तथा व्यारेकहरूको पेरिमिटर सुरक्षार्थ माईन तथा आई.ई.डि. लगाउनको लागि स्थान विशेषका इन्जिनियर गण तथा फिल्ड कम्पनीहरूसँग प्रत्यक्ष सहभागी भई कार्य सम्पादन गरेको थियो । त्यसैगरी यसले विगतका समयमा विभिन्न ठाउँहरूमा राखिएका बम तथा आई.ई.डि. हरूलाई सुरक्षित निष्कृय पार्ने काम गरेको थियो । यसका साथै इन्जिनियरअन्तर्गतका र अल आर्मस (All Arms) का सैनिक व्यक्तिहरूलाई आई.ई.डि. सर्च तथा आई.ई.डि. सचेतनासम्वन्धी तालिमहरू सञ्चालन गर्दै आएको छ। यस युनिटले महत्वपूर्ण व्यक्तिहरूको भ्रमणमा विष्फोटक पदार्थ तथा आई.ई.डि. हरूबाट हुन सक्ने खतरा विरूद्ध सुरक्षा प्रदान गर्दै आएको छ। हाल देशको पाँच वटै विकास क्षेत्रअन्तर्गत विभिन्न १८ स्थानहरूमा यस युनिटमार्फतका रिमोट र सेमीरिमोट वम डिष्पोजल टिमहरू तैनाथ रहेका छन् । साथै यस युनिटले नेपाली सेनाको सुरक्षा वेशको पेरिमिटर भित्र विच्छ्याइएका माईन तथा आई.ई.डि. हरूलाई प्राथमिकताअनुसार सफाई गर्ने (Humanitarian De-mining) कार्य सञ्चालन गर्दै आएको छ।[११०] यस युनिटले श्री इन्जिनियर निर्देशनालय अन्तर्गत गौचर व्यारेकमा तैनाथरत रही सराहनीय कार्य गरिरहेको छ ।

१०९ श्री इन्जिनियर तालिम शिक्षालयका शिक्षाधिकृत प्रमुख सेनानी कृष्ण मुरारी न्यौपानेले वि.सं. २०६४ फाल्गुण २९ मा तयार गरेको "इन्जिनियर तालिम शिक्षालयको इतिहास"।

११० श्री ई.ओ.डि. होल्डिङ्ग युनिटका सेनानी कमल वानियाले वि.सं. २०६४ चैत्र १७ मा तयार गरेको "ई.ओ.डि. होल्डिङ्ग युनिटको इतिहास", पृ. १-२ ।

श्री बृजिङ्ग महाशाखा

सन् १९९३ (वि.सं. २०५०) मा ठूलो बाढी पहिरो आएको बेलामा बेलायत सरकारले नेपाललाई सहयोगको रूपमा बृटिश इन्जिनियरका ६० जना र तत्कालीन शाही नेपाली सेनाका ६० जना इन्जिनियर गरी जम्मा १२० फौजको सहयोगमा मलेखु, बेल्खु र महादेव वेशीमा ३ वटा बेलिवृज पुलहरूको निर्माण कार्य गरिएको थियो । सन् २००१ (वि.सं. २०५८) मा नेपाली सेना कै सहयोगमा लमजुङ जिल्लाको तुरतुरेमा पनि बेलिवृजको निर्माण गरिएको थियो । मलेखु, बेल्खु र महादेव वेशीमा बेलिवृजको निर्माण गरिएको आठौं वर्ष पछि सो स्थानहरूमा पक्की पुलहरू निर्माण गरियो र सो स्थानको बेलिवृजहरू निकाली सो बेलिवृजमध्येको मलेखु पुलको सामानहरू तत्कालीन श्री नं. १४ बाहिनी हाल श्री इन्जिनियर निर्देशनालयलाई हस्तान्तरण गरियो । यसरी नेपाली सेनाका इन्जिनियर सपोर्टअन्तर्गत बृजिङ्ग सपोर्ट दिने अभिप्रायअनुरूप यस बृजिङ्ग महाशाखाको स्थापना सन् २००३ डिसेम्बर ३० (वि.सं. २०६० पौष १५) मा श्री इन्जिनियर निर्देशनालयअन्तर्गत रहने गरी गौचर व्यारेक, एयरपोर्टमा १५५ जनाको संख्यामा खडा भएको हो । गौचर व्यारेक हुँदै हाल यो महाशाखा थानकोट व्यारेकमा कार्यरत छ ।

यस महाशाखाले नेपाल आयल निगमको थानकोटस्थित डिपोको सुरक्षार्थ डिउटी लिनुका अतिरिक्त नेपाली सेनाका सकल दर्जाहरूलाई बेलिवृजसम्बन्धी तालिम सञ्चालन गर्नुका साथै आपतकालिन समयमा विभिन्न स्थानहरूमा बेलिवृज समेत तयार गर्नुका साथै अन्य तालिमहरू पनि सञ्चालन गर्दै आइरहेको छ ।[१११]

---

१११ श्री बृजिङ्ग महाशाखाका प्रमुख प्रमुख सेनानी अनिश विक्रम शाहले वि.सं. २०६४ चैत्र १८ मा तयार गरेको "श्री बृजिङ्ग महाशाखा थानकोट व्यारेकको सङ्क्षिप्त इतिहास", पृ. १-२ ।

सिग्नल निर्देशनालय अन्तर्गतका अङ्गहरू

श्री गणेशदल गण

राजा राजेन्द्र विक्रमको पालामा सन् १८४६ फेब्रुअरी १४ (वि.सं. १९०२ फाल्गुण ५) मा यो श्री गणेशदल पल्टनको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "सर्वत्र सर्वज्ञ" रहेको छ ।

सन् १९५२ को नेपाली सेनाको पुनर्गठनमा यो खारेजमा पऱ्यो । सेनामा सिग्नल मिलापको आवश्यकता र महत्वलाई मध्यनजर राखी समयानुकूल सापेक्ष बनाउन सङ्गठनको आवश्यकता समेत महसुस भई सन् १९५२ मे १८ (वि.सं. २००९ जेष्ठ ५) मा २३७ जना संख्याको सिग्नल कम्पनी खडा गरियो । सिग्नलको महत्व र आवश्यकता बढ्दै गएको महसुस गरी सिग्नल कम्पनीमा ६४२ संख्या बनाई यसलाई श्री गणेशदल नामाकरण गरी सन् १९६७ मार्च १७ (वि.सं. २०२३ चैत्र ४) मा विधिवत रूपमा खडा भयो ।[११२]

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले तिब्बती फौजलाई ठाउँ-ठाउँमा घेरामा हालेको थियो । सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा अङ्ग्रेजहरूको सहयतार्थ यो पनि लखनउमा खटिएर विद्रोह दमन गर्न सफल भएको थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतबीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन फौजमध्ये पहिलो डिभिजनअन्तर्गत भुंगाको किल्ला रक्षार्थ खटिएको थियो । सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धमा यस पल्टनको एक सेनामुख (अफिसर १, हुद्दा ४ र ३८ सिपाही सम्मिलित) नेपालबाट सहायतार्थ भारत जाने नं. ८ बटालियनमा सम्मिलित थियो । सन् १९४८ मा हैदरावादमा गोलमाल हुँदा भारत सरकारको अनुरोधमा नेपालबाट खटिएर यो पल्टन पनि खटिई त्यहाँ शान्ति-सुरक्षा स्थापना गर्न सफल भएको थियो ।[११३]

सन् १९७४ मा गरिएको खम्पा निशस्त्रीकरण कारवाहीमा यसले पनि महत्वपूर्ण योगदान दिएको थियो । त्यस्तै गरेर सोही वर्ष नै ओखलढुङ्गामा भएको सैनिक कारवाहीमा यसको पनि संलग्नता थियो ।[११४]

---

११२ श्री गणेशदल गणका गणपति प्रमुख सेनानी सन्तोष वल्लभ पौड्यालले वि.सं. २०६४ श्रावण १ मा तयार गरेको "श्री गणेशदल गणको इतिहास", परिशिष्ट "क", पृ.२ र *श्री गणेशदल गणको इतिहास*, काठमाडौं : श्री गणेशदल गण, वि.सं. २०६४, पृ. १५-१८ ।

११३ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ७८, खत्री, पादटिप्पणी संख्या ९७, पृ. १२ र ४२ र *श्री गणेशदल गणको इतिहास*, पादटिप्पणी संख्या ११२, पृ. २०-२७ ।

११४ *श्री गणेशदलको इतिहास*, पादटिप्पणी संख्या ११२, पृ. २८-२९ र ३२-३३ ।

भक्तपुरदेखि नगरकोटसम्म बाटो निर्माण कार्यमा यो गण सम्मिलित थियो । नेपाली सेनामा सिग्नल मिलापसम्बन्धी महत्वपूर्ण भूमिका निर्वाह गर्ने माउ सिग्नल गणको रूपमा यो श्री गणेशदल गण कार्यरत छ ।

यस गणको पहिलो कमाण्डर कप्तान सनक खत्री थिए । हाल यस श्री गणेश दलका गणपति प्रमुख सेनानी सन्तोष बल्लभ पौड्याल हुनुहुन्छ ।

श्री सर्वज्ञदल गण

यस श्री सर्वज्ञदल गण सन् २००३ नोभेम्वर २४ (वि.सं. २०६० मंसिर ८) मा स्थापना भएको हो । यस गणको आदर्श वाक्य "राष्ट्र रक्षा मिलाप निरन्तर" रहेको छ ।

नेपाली सेनालाई समग्र राष्ट्रिय सुरक्षाको परीधिमा समयानुकूल तथा आधुनिकीकरण गर्दै लैजाने सन्दर्भमा पृतना अड्डाहरूको स्थापना भएको र यसै सिलसिलामा पूर्वी पृतना हेडक्वाटर क्याम्प सन् २००३ फ्रेब्रअरी १३ (वि.सं. २०५९ फाल्गुण १) मा सुनसरी जिल्लाको इटहरीमा स्थापना गरिएको हो । यस पूर्वी पृतनाअन्तर्गत एक सिग्नल गण स्थापना हुनु पर्ने व्यवस्थानुसार यो गण कम्ब्याट सपोर्ट युनिटको रूपमा सन् २००३ नोभेम्वर २४ (वि.सं. २०६० मंसिर ८) मा विधिवत रूपमा स्थापना भएतापनि यसको सन् २००४ जुन १७ (वि.सं. २०६१ आषाढ ३) मा श्री सर्वज्ञदल नामाकरण गरिएको थियो ।[११५]

हाल यस गणका गणपति प्रमुख सेनानी लालबहादुर गुरूङ हुनुहुन्छ ।

श्री सिद्धिदल गण

श्री सिद्धिदल गण सन् २००३ डिसेम्वर ४ (वि.सं. २०६० मंसिर १८) मा श्री पश्चिम पृतना सिग्नल गणको नाममा स्थापना भएको थियो । यस गणको आदर्श वाक्य "अविलम्ब र अटुट मिलाप" भन्ने रहेको छ ।

११५ श्री सर्वज्ञदल गणका निमित्त गणपति सेनानी विमलराज शर्माले वि.सं. २०६४ मंसीर १४ मा फ्याक्स नं. ९७७-२५५८६७२० बाट प्रेसित "श्री सर्वज्ञदल गणको इतिहास", पृ. १।

नेपाली सेनालाई समग्र राष्ट्रिय सुरक्षाको परीधिमा प्रतिरक्षा नीतिको सेरोफेरोमा समयानुकूल तथा आधुनिकीकरण गर्दै लैजाने सन्दर्भमा अख्तियार गरिएको कोर अवधारणाअनुरूप प्रत्येक विकास क्षेत्रहरूमा पृतना अड्डाहरू सृजना गर्ने सिलसिलामा पश्चिमाञ्चल विकास क्षेत्रको सुरक्षा जिम्मेवारी तोकिई श्री पश्चिम पृतनाअन्तर्गत सन् २००३ फ्रेवअरी १३ (वि.सं. २०५९ फाल्गुण १) मा फूलवारी व्यारेक कास्की पोखरामा तैनाथ रही आफ्नो कार्य सञ्चालन गरेको थियो । यस पृतना हेडक्वाटरअन्तर्गत सपोर्ट युनिटहरूको दरवन्दी पास भई लागु हुने क्रममा तत्कालीन श्री ५ को सरकार, मन्त्रिपरिषद्को सन् २००३ डिसेम्वर ४ (वि.सं. २०६० मंसीर १८) को निर्णयअनुसार पश्चिम पृतनाको लागि सिग्नल गणको दरवन्दी स्विकृत भई श्री पश्चिम पृतना सिग्नल गणको स्थापना भएको थियो । तत्कालीन श्री ५ को सरकारको सन् २००४ जुन १८ (वि.सं. २०६१ आषाढ ४) को निर्णयअनुसार यस पृतना सिग्नल गणको नामाकरण "श्री सिद्धिदल गण" भएको हो । फूलवारी व्यारेक पोखरा हुँदै यो गण हाल विजयपुर व्यारेक पोखरामा सिग्नल गणको रूपमा तैनाथरत छ ।

हालसम्म संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति सेनाको रूपमा नेपालबाट विदेशमा खटिएर गएका विभिन्न शान्ति सेना टोलीहरूमा सहभागी भई सिग्नल कार्यमा यस गणका अधिकृत, पदिक तथा अन्य दर्जाहरूले उत्कृष्ट कार्य सफलतापूर्वक सम्पन्न गरेका छन् ।

यस गण प्रकृती संरक्षणमा पोखरास्थित फेवातालको जलकुम्भी झार हटाउने, पोखरास्थित धार्मीक स्थलहरू भद्रकाली, विन्दवासिनी र फेवातालको सरसफाई र दैवी प्रकोपको समयमा पोखरामा विभिन्न उद्धार कार्यमा संलग्न भएको छ ।[११६]

यस श्री सिद्धिदल गणका प्रथम गणपति प्रमुख सेनानी नवजिव शम्शेर ज.ब.रा. हुनुहुन्थ्यो । हाल यस गणको दोस्रो गणपतिको रूपमा प्रमुख सेनानी विजय नरसिंह रायमाझी कार्यरत हुनुहुन्छ ।

११६ श्री सिद्धिदल गणका गणपति प्रमुख सेनानी विजय नरसिंह रायमाझीले वि.सं. २०६४ माघ १५ मा तयार गरेको "श्री सिद्धिदल गणको सङ्क्षिप्त इतिहास", पृ. १-३ र ६-७ ।

श्री विनायकदल गण

यस गणको स्थापनाको सन्दर्भमा सन् २००१ डिसेम्वर २९ (वि.सं. २०५८ पौष १४) मा भेरी अञ्चल, बाँके जिल्लास्थित तत्कालीन श्री पश्चिम पृतना हेडक्वाटरसँग रही सिग्नल केन्द्रको रूपमा स्थापना भई यस गणले सिग्नल मिलापसम्वन्धी आफ्नो कार्यको प्रारम्भ गरेको थियो । सो समयमा सिग्नल गणको आवश्यकतालाई महसुस गरी तत्कालीन मन्त्रिपरिक्षद्‌वाट निर्णय भएवमोजिम सन् २००२ अगष्ट १५ (वि.सं. २०५९ श्रावण ३०) मा नयाँ सिग्नल गणको नाममा नामाकरण हुन बाँकी भनी विधिवत् रूपमा यस गणको स्थापना भएको थियो । यस गणलाई सन् २००३ अक्टोवर १ (वि.सं. २०६० आश्वीन १४) मा श्री विनायकदल गण नामाकरण गरियो । यस गणको आदर्श वाक्य "संचार शक्ति संसार" रहेको छ ।

तत्कालीन नं. ३,४,५ र १९ सिग्नल गुल्मलाई समायोजन गरी ५४२ जनाको संख्यामा स्थापित यस गणलाई स्थापनाकाल ताका पश्चिमाञ्चलअन्तर्गत लुम्बिनी, गण्डकी र धौलागिरी अञ्चलका सबै जिल्लाहरू, मध्य पश्चिमाञ्चलअन्तर्गत भेरी, राप्ती र कर्णाली अञ्चलअन्तर्गतका सबै जिल्लाहरू र सुदूर पश्चिमाञ्चलअन्तर्गत सेती र महाकाली अञ्चलअन्तर्गतका सबै जिल्लाहरूमा सिग्नल मिलापसम्वन्धी जिम्मेवारी दिइएको थियो । सन् २००३ फ्रेवअरी १३ (वि.सं. २०५९ फाल्गुण १) मा नं. ३ सिग्नल गुल्मलाई यस गणबाट अलग गराई नं. ४,५ र १९ सिग्नल गुल्म रहने गरी जम्मा संख्या ४०३ कायम गर्नुका साथै यस गणको जिम्मेवारी मध्य पश्चिमाञ्चल विकास क्षेत्र र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र मात्र रहन गयो । सन् २००५ डिसेम्वर २८ (वि.सं. २०६२ पौष १३) मा नं. ५ सिग्नल गुल्म अलग गराई यस गणको जिम्मेवारी मध्य पश्चिमाञ्चल विकास क्षेत्र मात्र रहन गयो । हाल मध्य पश्चिम पृतनाअन्तर्गत सुर्खेतमा अवस्थित यस गणको सिग्नल मिलापसम्वन्धी जिम्मेवारी क्षेत्रहरू गण हेडक्वाटर सुर्खेत, नं. ४ सिग्नल गुल्म, नेपालगञ्ज, नं. १९ सिग्नल गुल्म, दाङ र नं. २४ सिग्नल गुल्म, जुम्ला रहेका छन् । उक्त क्षेत्रहरूमा पर्ने बाहिनी अड्डा तथा गण गुल्महरूमा यस गणले मिलाप गराउनुको साथै उक्त बाहिनी तथा गण/गुल्महरूलाई आवश्यक पर्ने सिग्नल मिलापका साधनहरू उपलव्ध गराउने, मरम्मत गर्ने र रेडियो सेटहरू प्रोगामिङ गर्ने कार्यहरू गर्नुका साथै सिग्नल अप्रेटर उत्पादनको लागि सिग्नलसम्वन्धी तालिमहरू समेत गराउँदै आएको छ ।[११७] यस श्री विनायकदल गण नेपाली सेनामा सञ्चार उपलव्ध गराउने श्री गणेशदल गण पछिको दोस्रो सिग्नल गणको रूपमा पनि चिनिन्छ ।

यस श्री विनायकदल गणको कमाण्ड गणपतिको रूपमा प्रमुख सेनानीहरू कृष्ण शम्शेर ज.व.रा., संजय थापा र प्रदिप कुमार श्रेष्ठले सम्हाली सक्नुभएको छ । हाल यस गणका का.मु. गणपति सेनानी धर्म प्रसाद कँडेल हुनुहुन्छ ।

११७ श्री विनायकदल गणका कायम मुकायम गणपति सेनानी धर्म प्रसाद कंडेलले वि.सं. २०६४ चैत्र ३ मा तयार गरेको "विनायकदल गणको इतिहास", पृ. १-३ ।

श्री सर्वेश्वर गण

श्री सर्वेश्वर गणको स्थापना सन् २००६ जनवरी २६ (वि.सं. २०६२ माघ १३) मा भएको हो । सर्वेश्वर शब्द सर्व र ईश्वर दुई शब्द मिलेर वनेको हो । सर्वको अर्थ सँस्कृतमा सबै र ईश्वर भनेको भगवान भएकोले सर्वेश्वर भन्ने शब्दले सम्पूर्ण जगतको मालिक वा ईश्वर भन्ने जनाउने हुँदा ब्रम्हा, विष्णु र महेश्वरको रूप पनि जनाउँछ अर्थात् हिन्दू सनातन परम्परामा रहेका ३३ कोटी देवताका पनि देवता भन्ने जनाउँछ । भगवान गणेशको सहस्र अर्थात १००८ नाममध्ये सर्वेश्वर पनि एक भएकोले भगवान शिवका पुत्र गणेशको नाम सर्वेश्वर भएबाट ब्रम्हा, विष्णु र महेश्वरको समेत प्रतिनिधित्व भन्ने जनाउँछ । यसरी यो गणको नामाकरण भएको बुझिन्छ । यस गणको आदर्श वाक्य "अविछिन्न मिलाप" रहेको छ ।

नेपाली सेनालाई समयानुकूल आधुनिकीकरण गर्दै लैजाने सन्दर्भमा पाँचै विकास क्षेत्रमा पृतना खडा गर्ने नीतिअनुसार सन् २००४ जुलाई ५ (वि.सं. २०६१ आषाढ २१) मा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम डोटीको राजपुरमा श्री सुदूर पश्चिम पृतना खडा भएको हो । तत्कालीन मन्त्रिपरिषद्को सन् २००५ जनवरी १६ (वि.सं. २०६१ माघ ३) को निर्णयअनुसार यस सुदूर पश्चिम पृतनाको लागि सिग्नल गणको दरवन्दी ३१५ स्विकृति भएकोमा सन् २००६ जनवरी २६ (वि.सं. २०६२ माघ १३) मा एक गुल्म (८८) थप भई अन्य सिग्नल गण सरह यस गणको दरवन्दी पनि ४०३ कायम भएको छ । सबै सिग्नल गणहरूको नाम भगवान् श्री गणेशको नामबाट राखिने सिग्नलको परम्पराअनुसार यस गणको नाम सन् २००५ डिसेम्वर २८ (वि.सं. २०६२ पौष १३) मा श्री सर्वेश्वर गण राखिएको हो ।

यस गणले सिग्नल निर्देशनालय र सिग्नल तालिम शिक्षालयसँग समन्वय कायम गरी दक्ष अप्रेटरसम्बन्धी तालिम सञ्चालन गर्दै आइरहेको छ । हाल यस

गणले श्री सुदूर पश्चिम पृतनाको जिम्मेवारी क्षेत्रमा पर्ने श्री नं. ५ बाहिनी अड्डामा श्री नं. ५ बाहिनी सिग्नल गुल्म तथा श्री नं. २५ बाहिनी अड्डामा श्री नं. २५ बाहिनी सिग्नल गुल्मको रूपमा आफ्नो जिम्मेवारी पूरा गर्दै आएको छ। यस गणले श्री सुदूर पश्चिम पृतनाअन्तर्गतका गण तथा गुल्महरूमा सिग्नलसम्बन्धी दक्ष अप्रेटरहरू उत्पादन गर्ने, सिग्नल मिलापमा सरसल्लाह तथा प्राविधिक सहयोग पनि पुऱ्याउने गरेको छ। यस गणले सन् २००६ नोभेम्वर १९ (वि.सं. २०६३ मंसिर ३) देखि श्री नं. ७ बाहिनी सिग्नल गुल्मको कार्यभार पनि सम्हाली आएको छ।[११८]

यस श्री सर्वेश्वर गणको पहिलो गणपति प्रमुख सेनानी अरूणकुमार पाल हुनुहुन्थ्यो। हाल यस गणको दोस्रो गणपति प्रमुख सेनानी रघुनाथ सिंह भाट हुनुहुन्छ।

श्री सिग्नल तालिम शिक्षालय

सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धको समयमा अङ्ग्रेजहरूको सहयोगार्थ नेपाली सेनाको फौज भारतमा गई करिव ८ वर्ष पछि मात्र नेपाल फर्केको थियो। सो अवधीमा नेपाली सेनाको केही सकल दर्जाहरूले भारतमा सिग्नल मिलापको लागि सिग्नल उपकरणहरू जसमा सिमाफोर, झण्डा, हेलियो र ल्याम्प सञ्चालन तथा प्रयोग गर्ने विधिसम्बन्धी तालिमहरू गरेर नेपाल फर्कने क्रममा उक्त उपकरणहरू पनि साथमा ल्याएका थिए। सेनामा सिग्नल मिलापको आवश्यकता र महत्वलाई समेत मध्यनजर राखी दोस्रो विश्वयुद्धबाट फर्किएका व्यक्तिहरूद्वारा त्यस समयमा हरेक पल्टनबाट अनिवार्य रूपमा १/१२ को संख्यामा विभिन्न दर्जाहरू झिकाएर ल्याई सिग्नलसम्वन्धी तालिम सञ्चालन गर्न सुरू गरिएको थियो। यसरी त्यसताका सिग्नलतर्फको तालिममा १ पाठ सिमाफोर र झण्डा तथा २ पाठ हेलियो र ल्याम्प गरी जम्मा ३ पाठ बुझाउनु पर्दथ्यो र उक्त ३ पाठ बुझाउनु पर्ने अवधी ३ वर्षको थियो।

सेनामा सिग्नल मिलापको महत्व र आवश्यकतालाई मध्यनजर राखी सिग्नललाई समयानुकूल सापेक्ष बनाउन सङ्गठनको आवश्यकता समेत महसुस गरी सन् १९५२ मे १८ (वि.सं. २००९ जेष्ठ ५) मा २३७ जनाको संख्याको सिग्नल कम्पनी खडा भएपश्चात् नेपाली सेनामा सिग्नलको इतिहास सुरू भएको देखिन्छ।

११८ श्री सर्वेश्वर गणले वि.सं. २०६४ माघ १८ मा मेसेज एफ.डि./६०२९-१८१४४९ बाट प्रेसित "श्री सर्वेश्वर गणको इतिहास", पृ. १-२ र ४।

सन् १९५२ मा नै वायरलेस रेडियो सेट प्राप्त भएपछि सिग्नल अप्रेटर वायरलेस तथा लाइन तालिम सुरू भएको बुझिन्छ। सिग्नल कम्पनी खडा भएपछि विराटनगर, पोखरा, जलेश्वर, हेटौंडा लगायतका देशका विभिन्न स्थानहरूमा रेडियो लिङ्कहरू सञ्चालन गरियो। रेडियो सेटहरूको संख्यामा वृद्धि गरिनुका साथै सोहीअनुरूप सिग्नलसम्बन्धी तालिमहरू पनि वृद्धि गरिन थालियो। यसरी सिग्नलको महत्व र आवश्यकता झनै बढदै गएको महसुस गरी सिग्नल कम्पनीमा ६४२ जना संख्या बनाई यसलाई श्री गणेशदल नामाकरण गरी सन् १९६७ मार्च १७ (वि.सं. २०२३ चैत्र ४) मा खडा गरिएको थियो।

नयाँ प्रविधि तथा उपकरणहरूको आगमनसँगै ति उपकरण सञ्चालनको लागि तालिमको आवश्यकता तथा तालिमहरूलाई व्यवस्थित गर्न तालिम संस्थाको आवश्यकता पनि महसुस गरियो। सोहीअनुरूप सन् १९८६ मार्च २७ (वि.सं. २०४२ चैत्र १४) मा श्री सिग्नल निर्देशनालय खडा गरी सोअन्तर्गत श्री गणेशदल गण तथा बाहिनी सिग्नल गुल्महरूको दरवन्दी लागु गरियो। सिग्नलको संख्या बढेको कारण र समयानुकूल सिग्नलको उपकरणहरूको प्रविधि पनि बढदै गएकोले सिग्नलमा दक्ष जनशक्ति तयार गर्न सिग्नल तालिमको लागि पनि छुट्टै सङ्गठनको आवश्यकता महसुस भएकोले सन् १९८६ मार्च २७ (वि.सं. २०४२ चैत्र १२) मा सिग्नल तालिम केन्द्रको स्थापना गरियो। सन् १९९७ जुन २९ (वि.सं. २०५४ आषाढ १५) मा श्री सिग्नल तालिम केन्द्र पनि खारेज भई सो संख्यालाई समायोजन गरी श्री नं. १५ बाहिनी अड्डाको संरचनाभित्रै प्रत्यक्ष निगरानीमा रहने गरी गाभियो र सिग्नल तालिम महाशाखाले सम्पूर्ण सिग्नल तालिम सञ्चालन गर्ने जिम्मेवारी पायो। संसार भरी सूचना तथा सञ्चार प्रणालीमा द्रुतगतीमा प्रगति भइरहेको कारणले गर्दा पनि सिग्नलमा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुँदा सो लाई महसुस गरी सन् २००२ अगष्ट १५ (वि.सं. २०५९ श्रावण ३०) मा श्री सिग्नल तालिम शिक्षालय स्थापना गरियो।

सिग्नल अप्रेटर रेडियो र लाईन तालिम सन् १९५२ मा सिग्नल गुल्म खडा भएदेखि हालसम्म लगातार रूपमा सञ्चालन भइआएको छ। त्यस क्रममा सिग्नल कम्पनीले सन् १९५२-१९६६ (वि.सं. २००९-२०२३) मा १४ वटा, श्री गणेशदल गणले १९६६-१९८५ (वि.सं. २०२३-२०४२) मा ४५ वटा, श्री सिग्नल तालिम केन्द्रले सन् १९८५-१९९७ (वि.सं. २०४२-२०५४) मा २० वटा, श्री १५ बाहिनीअन्तर्गत श्री सिग्नल तालिम महाशाखाले सन् १९९७ -२००२ (वि.सं. २०५४-२०५९) मा १२ वटा र श्री सिग्नल तालिम शिक्षालयले सन् २००२-२००७ (वि.सं. २०५९-२०६४) मा १९ वटा तालिमहरू सञ्चालन गरिसकेका छन्। सिग्नल उपकरणहरू प्राय सवै कम्प्युटराईज भइसकेकोले सिग्नलका सम्पूर्ण सकल दर्जाहरूलाई कम्प्युटरसम्वन्धी ज्ञान दिई दक्ष तथा सक्षम बनाउनु पर्ने अनिवार्य भइसकेको महसुस गरी यस

शिक्षालयमा कम्प्युटर ल्याब पनि तयार गरिसकिएको छ।[११९] हाल यो शिक्षालय श्री सिग्नल निर्देशनालयअन्तर्गत तोपखाना व्यारेक काठमाडौँमा अवस्थित छ।

श्री नं. २६ सिग्नल गुल्म

श्री राजदरबार सुरक्षा सिग्नल गुल्म श्री शाही रक्षक सिग्नल गुल्मको नाममा तत्कालीन मन्त्रिपरिषद्को निर्णयअनुसार सन् २००१ नोभेम्वर २९ (वि.सं. २०५८ मंसीर १४) मा स्थापना भएको हो।

श्री राजदरबार सुरक्षा सिग्नल गुल्म स्थापना हुनु अगाडि राजदरबार सञ्चार केन्द्रमा सन् १९८४ (वि.सं. २०४०) अघि श्री गणेशदल गणबाट केहीलाई रेडियो र लाइन मिलाप कार्यको लागि अप्रेटरहरू खटिने व्यवस्था भएको थियो। सन् १९९७ (वि.सं. २०५४) देखि तत्कालीन श्री शाही रक्षक बाहिनीको मिलापसम्बन्धी कार्य सम्पन्न गर्न श्री नं. १५ बाहिनी अड्डाबाट केही काजमा खटिई राजदरबार सञ्चार केन्द्रलाई मिलाप कार्य सुचारू रूपले सञ्चालन गर्ने व्यवस्था थियो। सन् २००२ अगष्ट १३ (वि.सं. २०५९ श्रावण २८) मा श्री प्रमुख सैनिक सचिवालयको आदेशअनुसार राजदरबार सञ्चार केन्द्रको जिम्मेवारी सिभिल प्रशासनबाट बुझबुझारथ गरी यो गुल्म कार्यरत रह्यो। सन् २००६ जुलाई (वि.सं. २०६३ असार १९) को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार नारायणहिटी राजदरबार भित्रका फर्मेशन, युनिट र सोसँग सम्वन्धित अड्गहरूको नाम परिवर्तन भई यस गुल्मको नाम श्री शाही रक्षक सिग्नल गुल्मबाट श्री राजदरबार सुरक्षा सिग्नल गुल्ममा परिवर्तन भएको हो।[१२०] हाल यसलाई श्री नं. २६ सिग्नल गुल्म नामाकरण गरिएको छ। यसपछि यो नं. २६ बाहिनी अड्डाअन्तर्गत रहेको छ।

श्री राजदरबार सुरक्षा सिग्नल गुल्मको तत्कालीन गुल्मपतिको कार्यभार सेनानीहरू शक्तिजंग बस्नेत, रामबहादुर शाह र मोहन चन्द्र गुरूङले सम्हाली सक्नुभएको छ। हाल यस गुल्मका गुल्मपति सेनानी अनुप शाह हुनुहुन्छ।

११९ श्री सिग्नल तालिम शिक्षालयका प्रमुख सेनानी अरूण कुमार पालले वि.सं. २०६४ चैत्र १७ मा तयार गरेको "श्री सिग्नल तालिम शिक्षालयको इतिहास", पृ. १-४।

१२० तत्कालीन श्री राजदरबार सुरक्षा सिग्नल गुल्मका गुल्मपति सेनानी अनुप शाहले वि.सं. २०६४ भाद्र ९ मा तयार गरेको "श्री राजदरबार सुरक्षा गुल्मको इतिहास", पृ. १-३।

सैनिक बन्दोबस्ती अड्डा अन्तर्गतका अड्गहरू

श्री आपूर्ति तथा परिवहन गण

श्री आपूर्ति तथा परिवहन गण नेपाली सेनामा मेकानिकल ट्रान्सपोर्ट से.मु.को रूपमा सन् १९५१ (वि.सं. २००८ मंसीर) मा स्थापना भएको थियो । यस गणको आदर्श वाक्य "जीऊ ज्यान अर्पी सेवा गर्ने प्रण" भन्ने रहेको छ । यस गणको मुख्य काम सवारी साधनको माध्यमबाट विभिन्न युनिटको सामान, सवारी लगायत अन्य भैपरी आउने कार्य सम्पन्न गर्नु र आपूर्तितर्फ उपत्यका भित्रका युनिटलाई चामल, चिया, दुध, विस्कुट र ड्राई राशन उपलब्ध गराउनु रहेको छ ।

३६ जनाको संख्यामा स्थापित यस मेकानिकल ट्रान्सपोर्ट से.मु. काठमाडौं सुन्धारामा अवस्थित थियो र ट्रान्सपोर्टको हकमा नं. ११४ को एकमात्र अमेरिकन जिप थियो । यसले आवश्यक परेमा लहरी र डज ट्रकहरू सिभिलसँग भाँडामा लिई कार्य सम्पादन गर्दथ्यो । सन् १९५५ (वि.सं. २०१२ जेष्ठ) मा यसलाई अमेरिकन डज तथा लहरीहरू थपियो । सन् १९५८ (वि.सं. २०१५) मा यो सुन्धाराबाट सप्लाई लाईन (हाल सैनिक अभिलेखालय) मा स्थानान्तरण गरियो । सन् १९५९ (वि.सं. २०१६) मा बेलायतबाट केही ल्याण्डरोभरहरू झिकाएर राखियो जुन सवारीतर्फको कार्य र रथीवृन्दहरूको निमित्त प्रयोगमा ल्याइन्थ्यो । सन् १९६५ सेप्टेम्वर १६ (वि.सं. २०२२ भाद्र ३१) मा यो मेकानिकल ट्रान्सपोर्ट (एम.टि.) ग्रुपमा परिणत भयो । त्यसवेला ५५ वटा अमेरिकन जिप र वान टन ट्रक थप गरियो ।

सन् १९७२ (वि.सं. २०२९) मा ७५ गोटा रीसयन जिप र २५ गोटा २.४ टन ट्रक गाडीहरू र सन् १९७४ (वि.सं. २०३१) मा २० वटा रीसयन भोल्गा जिपहरू थपिएको थियो । सन् १९७७ (वि.सं. २०३४) मा यस एम.टी. ग्रुप हालको स्थान थापाथलीमा स्थानान्तरण भई सन् १९८२ (वि.सं. २०३९) वाट जापानीज गाडीहरू निशान सुजुकी जिप पनि समावेश गरियो । सन् १९८६ अप्रिल १४ (वि.सं. २०४३ वैशाख १) मा यस एम.टी. ग्रुपलाई श्री यान्त्रिक परिवहन गणमा परिणत गरियो । मित्रराष्ट्रहरूवाट सन् १९८८, १९८९ र १९९० (वि.सं. २०४५, २०४६ र २०४७) मा २१४ वटा विभिन्न किसिमका सवारी साधनहरू प्राप्त भएको थियो । सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) मा श्री शाही नेपाली सैनिक केन्द्रिय भण्डार र श्री यान्त्रिक परिवहन गणलाई समायोजन गरि श्री आपूर्ति तथा परिवहन गणको नामले नामाकरण भयो । यो गणअन्तर्गत रहने

गरी विभिन्न पृतनाहरूमा पूर्वी पृतना, पश्चिम पृतना, मध्य पश्चिम पृतना, मध्य पृतना र सुदूर पश्चिम पृतनाहरूमा आपूर्ति तथा परिवहन गुल्महरू रहेका छन् ।

यस गणले Combat Service Support को रूपमा संलग्न भई कार्य गर्ने गरेको छ । परिवहनतर्फ तोकिएको समय र स्थानमा परिचालित फौजलाई पुऱ्याउन यातायात साधन उपलव्ध गराउनु, फौजलाई आवश्यक पर्ने सैनिक सामानहरू ढुवानी गर्नु, एम्वुलेन्स सेवा उपलव्ध गराउनु लगायतका कामहरू यस गणले गर्दछ । त्यस्तै आपूर्तितर्फ यसले नेपाली सेनालाई आवश्यक सामाग्री अन्तर्गत विभिन्न खाद्य सामाग्रीहरू भण्डारण र वितरण गर्ने र उपत्यका भित्रका युनिटहरूलाई चामल उपलव्ध गराउनु, नेपाली सेनालाई मट्टितेल उपलव्ध गराउनु रहेको छ । यस अतिरिक्त यस गणले आफ्नो जिम्मा रहेका सवारी साधनहरूको मर्मत गर्ने, मोटर र मोटरसाईकल ड्राईभर उत्पादन तथा त्यससम्वन्धी तालिम सञ्चालन गर्ने लगायत कार्य गर्दछ । हालसम्म यस गणबाट संयुक्त राष्ट्रसंघीय विभिन्न मिशनहरूमा शान्ति स्थापनार्थ कार्यको लागि २३७९ जनाले भाग लिइसकेका छन् ।[१२१]

यस श्री आपूर्ति तथा परिवहन गणको गणपतिको कार्यभार प्रमुख सेनानी निरञ्जन विक्रम राणाले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी आनन्द कुमार अधिकारी हुनुहुन्छ ।

श्री पिपा गोश्वारा कार्यालय

श्री पिपा गोश्वारा कार्यालय सन् १९०३ (वि.सं. १९६० वैशाख १) मा श्री पिपा गोश्वारा अड्डाको नामबाट स्थापना भएको थियो । सन् १९५३ (वि.सं. २०१०) मा सो नाम परिवर्तन भई श्री पिपा गोश्वारा कार्यालय हुन गएको थियो । स्थापनाकालमा १२ वटा कम्पनीमा आन्तरिक विभाजन गरी कार्य सञ्चालन गर्ने गरी ३७१२ को संख्यामा यो अड्डा खडा भएको थियो ।

१२१ श्री आपूर्ति तथा परिवहन गणका गणपति प्रमुख सेनानी आनन्द कुमार अधिकारीले वि.सं. २०६४ श्रावण १५ मा तयार गरेको "श्री आपूर्ति तथा परिवहन गणको सङ्क्षिप्त इतिहास", पृ. १-४ ।

यो कार्यालय स्थापना गर्नुको मुख्य उद्देश्य तत्कालीन नेपालको यातायात सुविधा नभएका स्थानहरूमा शासकहरूको सवारीको निमित्त आवश्यक क्याम्प खडा गर्ने, नेपाली सेनाको निमित्त बन्दोबस्तीका सामान तथा राशन ढुवानी गर्ने, दैवी तथा प्राकृतिक प्रकोपमा परेका व्यक्तिहरूको उद्धार कार्यमा बन्दोबस्तीसम्वन्धी कार्य गर्नु रहेको थियो । यस कार्यालय राणाकालीन समयमा स्थापना भई शासकहरूको दरबार निर्माण गर्ने कार्यमा सहयोग गर्ने गर्दथ्यो । यसका अतिरिक्त यसले धार्मिक परम्पराअनुसार विभिन्न समयमा मनाउने राष्ट्रिय चाडपर्वहरूका निमित्त आवश्यक पर्ने सामानहरू जुटाउने, तोकिएको स्थानमा पाल-सायर टाँग्ने, स्वदेशी तथा विदेशी राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूको आगमन र विदाई कार्यक्रमहरूमा बन्दोबस्ती सम्बन्धी कार्य गर्ने, राजदरबार तथा विशिष्ट व्यक्तिहरूको निवासस्थानहरूमा हुने पूजा-पाठ, विवाह, ब्रतवन्ध जस्ता कार्यमा आवश्यक पर्ने विभिन्न सरसामान जुटाउने, जग्गे तथा मण्डप बनाउने र नेपाली सेनाका विभिन्न विभागहरूमा निर्देशन बमोजिम स्थायी वा अस्थायी काजमा खटिएर तोकिएको कार्य गर्ने गर्दछ ।[१२२]

यो कार्यालय श्री राष्ट्रिय अभिलेखालयको भवन, बवरमहल, काठमाडौंमा स्थापना भएकोमा हाल यो श्री सैनिक बन्दोबस्ती अड्डाअन्तर्गत कालीकास्थान, काठमाडौंमा स्थानान्तरण भई कार्य सञ्चालन हुँदै आएको छ । पिपा प्रमुख सेनानी दर्जाको कार्यालय प्रमुखले यसको कमाण्ड गरिरहेको छ । चाख लाग्दो कुरा के छ भने युनिफर्म नलगाई सिभिल पोशाकमा कर्णेल मान पाउने नेपाली सेनाको अङ्ग यो मात्र रहेको छ ।

श्री सैनिक बन्दोबस्ती शिक्षालय

नेपाली सेनाको बन्दोबस्ती पक्षलाई सुदृढ, व्यवहारिक र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सजिलो होस भन्ने उद्देश्यले आवश्यकताअनुसार तालिम दिनको लागि सन् २००१ जुन १५ (वि.सं. २०५८ आषाढ १) मा श्री सैनिक बन्दोबस्ती शिक्षालयको स्थापना भएको हो । यस शिक्षालय छाउनीस्थित श्री

१२२ श्री पिपा गोश्वारा कार्यालयका हाकिम प्रमुख सेनानी वीरवहादुर तामाङले वि.सं. २०६५ वैशाख ५ मा तयार गरेको "पिपा गोश्वारा कार्यालय, कालीकास्थान", परिशिष्ट "क", पृ. १-२ ।

जंगी असवाव खाना व्यारेकको हाताभित्र रहेको छ । सुरूमा यस शिक्षालय श्री प्रवन्धरथी विभागअन्तर्गतको १६ बाहिनी अड्डामा रहेकोमा हाल प्रबन्धरथी विभागको श्री सैनिक बन्दोबस्ती अड्डाअन्तर्गत रहेको छ ।

श्री बलाधिकृत विभाग (सै.वि.) को तालिम निर्देशन अनुसार यस शिक्षालयले तालिमहरू सञ्चालन गर्ने गरेको छ । हालसम्म यस शिक्षालयले प्रबन्ध अधिकृत तालिम, प्रवन्ध अधिकृत तथा लेखा तालिम, पदिक विल्लादार प्रवन्ध तालिम, विल्लादार क्याडर ग्रेड १ र ग्रेड २ तालिम, लेखा तथा जिन्सी श्रेस्ता तालिम र स्टोर किपर तथा प्रबन्ध तालिम सञ्चालन गरिसकेको छ ।[१२३]

१२३ श्री सैनिक बन्दोबस्ती शिक्षालयका प्रमुख सेनानी ज्योतिन्द्रबहादुर खत्रीले वि.सं. २०६४ फाल्गुण १९ मा तयार गरेको "श्री सैनिक बन्दोवस्ती शिक्षालय"।

विद्युत तथा यान्त्रिक सेवा निर्देशनालय अन्तर्गतका अङ्गहरू

श्री विद्युत तथा यान्त्रिक सेवा निर्देशनालय

सन् १९५९ (वि.सं. २०१६) मा सैनिक कारखानाको नामले से.मु. को रूपमा खडा भएको उक्त कारखानामा निजामति कालिगढद्वारा सेनामा प्रचलित हतियारहरू मात्र मर्मत संभारको कामबाट सुरूवात भएको थियो । सन् १९६६ (वि.सं. २०२३) मा ४ जना अधिकृत र ६० जना अन्य दर्जाका गरी जम्मा ६४ जनाको दरवन्दी भएको श्री शाही सैनिक कारखाना नामाकरण भई तत्कालीन शाही नेपाली सेनाको हतियार निरीक्षण, मर्मत तथा संभारको जिम्मेवारी यथावत राखी हालको तोपखाना व्यारेकमा नै स्थापना भएको थियो । सन् १९७८ जनवरी २७ (वि.सं. २०३४ माघ १४) मा तत्कालीन श्री शाही नेपाली सैनिक कारखाना, श्री एम.टि. ग्रुप तथा श्री गणेशदल गणका क्रमशः हतियार, भेहिकल र सवारी साधनसम्बन्धी कार्यमा संलग्न प्राविधिकहरूलाई एकत्रित गरी ३८१ जनाको दरवन्दी भएको विद्युत तथा यान्त्रिक सेवा केन्द्र नामाकरण गरी हतियारको साथै सवारी साधन, सञ्चार उपकरण, मेकानिकल उपकरण र बायो मेडिकल उपकरणहरू समेत मर्मत संभार गर्ने कार्यको थालनी भयो ।

सन् १९८३ फ्रेवअरी २६ (वि.सं. २०३९ फाल्गुण १४) मा तत्कालीन शाही नेपाली सेनाको सञ्चार उपकरण, यातायातका साधन, हातहतियार, मेकानिकल तथा अप्टिकल उपकरणहरू, जेनेरेटर र बायो मेडिकल उपकरणको मर्मत संभार व्यवस्थापन कार्यको निमित्त ३९ जना दरवन्दी भएको श्री विद्युत तथा यान्त्रिक निर्देशनालयको स्थापना भयो । सो निर्देशनालय सन् १९८८ (वि.सं. २०४५) मा श्री विद्युत तथा यान्त्रिक महाशाखाको नामाकरण भई श्री नं. १६ बाहिनी अड्डाअन्तर्गत जगन्नाथदेवलमा स्थानान्तरण भयो । सन् १९९७ सेप्टेम्वर ७ (वि.स. २०५४ भाद्र २२) मा श्री नं. १६ बाहिनी अड्डा अन्तर्गत रहेको उक्त महाशाखा श्री नं. १७ बाहिनी अड्डा नामाकरण भई जम्मा ३२ जनाको दरवन्दीमा रहने गरी तोपखाना व्यारेकमा नै स्थानान्तरण भयो । तत्पश्चात् सन् २००३ डिसेम्बर २९ (वि.सं. २०६० पौष १४) मा उक्त श्री नं. १७ बाहिनी अड्डा श्री विद्युत तथा यान्त्रिक सेवा निर्देशनालय नामाकरण भई प्राविधिक सहायक रथी निर्देशक हुने गरी स्थापना भयो ।

यस निर्देशनालयअन्तर्गत हाल श्री विद्युत तथा यान्त्रिक सेवा केन्द्र, श्री विद्युत तथा यान्त्रिक शिक्षालय, ५ वटा विकास क्षेत्रमा ५ वटै पृतना कारखानाहरू

र १५ वटा वाहिनी कारखानाहरू कार्यरत छन् ।[१२४] हाल यस निर्देशनालय संभाररथी विभागअन्तर्गत रही आफ्नो जिम्मेवारी निरन्तर रूपमा बहन गर्दै आइरहेको छ ।

श्री विद्युत तथा यान्त्रिक सेवा केन्द्र

यो सेवा केन्द्र सन् १९५९ (वि.सं. २०१६) मा सैनिक कारखानाको नाममा खडा भएको थियो । यस सेवा केन्द्रको आदर्श वाक्य "ज्ञान नै बल" भन्ने रहेको छ ।

सुरूमा निजामती कालिगढ मात्र रहेको सो सैनिक कारखाना सन् १९६६ (वि.सं. २०२३) मा ४ जना अधिकृत सहित जम्मा ६४ जनाको दरवन्दी रही शाही सैनिक कारखानामा परिणत भई तत्कालीन शाही नेपाली सेनामा प्रचलनमा रहेका हतियारहरूको व्यवस्थित तरिकाले निरीक्षण, मर्मत तथा संभार कार्यको प्रारम्भ भएको थियो । नेपाली सेनाको आधुनिकीकरणको क्रमसँगै सन् १९७८ जनवरी २७ (वि.सं. २०३४ माघ १४) मा उक्त कारखाना विस्तार भई ३८१ जनाको विभिन्न दर्जाको दरवन्दीमा श्री विद्युत तथा यान्त्रिक सेवा केन्द्रको स्थापना भयो । यस केन्द्रले स्थापनापश्चात् नेपाली सेनामा प्रचलनमा रहेका उच्च प्रविधिका हातहतियारहरू, सञ्चार तथा अन्य ईलेक्ट्रोनिक उपकरणहरू, सवारी साधनहरू, अप्टिकल उपकरणहरू, वायोमेडिकल उपकरणहरू तथा अन्य विविध उपकरणहरूको मर्मत संभार कार्य गर्दै आएको छ । सन् १९८३ फ्रेवअरी २६ (वि.सं. २०३९ फाल्गुण १४) मा मर्मत तथा संभार कार्यको व्यवस्थापनको निमित्त विद्युत तथा यान्त्रिक निर्देशनालय स्थापना भएपछि सोही निर्देशनालयअन्तर्गत यस केन्द्रले कार्य गरेको थियो । उक्त निर्देशनालय सन् १९९० जुलाई १६ (वि.सं. २०४७ श्रावण १) मा श्री विद्युत तथा यान्त्रिक महाशाखा र सन् १९९७ (वि.सं. २०५४ आषाढ) मा श्री नं. १७ बाहिनी अड्डामा परिणत भई पुनः सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) बाट श्री विद्युत तथा यान्त्रिक सेवा निर्देशनालय नामाकरण भई हाल यस विद्युत तथा यान्त्रिक सेवा केन्द्रले यसै निर्देशनालयको मातहतमा रहि कार्य गर्दै आएको छ ।[१२५]

१२४ श्री विद्युत तथा यान्त्रिक सेवा निर्देशनालयका का.मु. निर्देशक प्राविधिक महासेनानी आदर्शनरसिंह राणाले वि.सं. २०६४ चैत्र ३ मा तयार गरेको "श्री विद्युत तथा यान्त्रिक सेवा निर्देशनालयको सङ्क्षिप्त इतिहास" ।

१२५ श्री विद्युत तथा यान्त्रिक सेवा केन्द्रका केन्द्रपति प्राविधिक प्रमुख सेनानी खगेश्वर अर्यालले वि.सं. २०६४ फाल्गुण १६ मा तयार गरेको "श्री विद्युत तथा यान्त्रिक सेवा केन्द्रको इतिहास" ।

श्री विद्युत तथा यान्त्रिक शिक्षालय

श्री विद्युत तथा यान्त्रिक शिक्षालय नेपाली सेनामा भएका र प्रचलनमा आउने हातहतियार, यातायातका साधन, सञ्चार साधन तथा अन्य विविध उपकरणहरूको सामूहिक मर्मत एवम् संभार कार्य गर्न नेपाली सेनाका विभिन्न केन्द्रिय कारखाना, पृतना कारखाना, बाहिनी कारखाना, गण र गुल्म कारखानाहरूलाई चाहिने योग्य प्राविधिक जनशक्ति तयार पार्न स्थापना गरिएको हो । विभिन्न ट्रेडहरूमा आवश्यक पर्ने प्राविधिक जनशक्ति तयार पार्न यस शिक्षालय सन् १९८७ डिसेम्वर २९ (वि.सं. २०४४ पौष १४) देखि सक्रिय रहँदै आएको छ । यस शिक्षालयको आदर्श वाक्य "ज्ञान नै बल" रहेको छ ।

सुरूमा ३७ जनाको दरवन्दीबाट यस शिक्षालयले विद्युत तथा यान्त्रिक सेवा केन्द्र तोपखाना व्यारेकमा आफ्नो कार्य सञ्चालन गरेको थियो । हाल भक्तपुरस्थित आफ्नै भवनमा कक्षा सञ्चालन गरिरहेको छ ।[१२६]

१२६ श्री विद्युत तथा यान्त्रिक शिक्षालयका शिक्षाधिकृत प्राविधिक प्रमुख सेनानी ज्ञानेन्द्रप्रसाद रिजालले वि.सं. २०६४ फाल्गुण २७ मा तयार गरेको "श्री विद्युत तथा यान्त्रिक शिक्षालय, खरिपाटी व्यारेक", परिशिष्ट "क" ।

हवाई सुरक्षा निर्देशनालय अन्तर्गतका अङ्गहरू

श्री हवाई सुरक्षा निर्देशनालय

श्री बलाधिकृत विभाग (व्य.यु.म.नि. को का.) योजना तथा नीति शाखाको सन् २००४ मार्च १५ (वि.सं. २०६० चैत्र २) को पत्रअनुसार सन् २००३ डिसेम्बर ४ (वि.सं. २०६० मंसीर १८) बाट लागु हुने गरी नं. १,३,५ र ७ हवाई सुरक्षा व्याट्रीहरूलाई समायोजन गरी ७०७ जनाको संख्यामा खडा भई यस निर्देशनालयअन्तर्गत रहने गरी हवाई सुरक्षा गण स्थापना भएको हो ।[१२७] अन्तराष्ट्रिय हवाई गतिविधिको वृद्धिको क्रमसँगै सेनाको आर्टिलरी अङ्गहरूलाई सुदृढिकरण गर्दै लैजाने क्रममा तत्कालीन नं. १३ बाहिनी अड्डालाई सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) मा एअर डिफेन्स (ए.डि.) अङ्गको रूपमा हवाई सुरक्षा निर्देशनालयको नामाकरण गर्ने निर्णय भएको थियो ।[१२८]

यस निर्देशनालयको कार्यालय छाउनी काठमाडौँमा अवस्थित छ । हाल यस श्री हवाई सुरक्षा निर्देशनालयअन्तर्गत जगदल गण, हवाई सुरक्षा गण अन्तर्गतका हवाई सुरक्षा व्याट्रीहरू र हवाई सुरक्षा तालिम शिक्षालय छन् ।

श्री जगदल गण

राजा सुरेन्द्र विक्रमको पालामा सन् १८४९ (वि.सं. १९०६) मा श्री जगदल गण श्री जगदल पल्टनको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "सदैव सर्वत्र सुरक्षा" रहेको छ ।

सन् १९५२ को तत्कालीन नेपाली सेनाको पुनर्गठनमा यो पल्टन खारेजीमा परेको थियो । नेपाली सेनालाई आधुनिकीकरण गर्ने सिलसिलामा आधुनिक युगको सशक्त Combat Support अङ्ग Air Defence Artillery को आवश्यकता महसुस स्वरूप मित्रराष्ट्र चीनबाट Air Defence सम्बन्धी हतियार उपकरण तथा सामाग्रीहरू सन् १९८८ (वि.सं. २०४५) मा प्राप्त भयो । सन् १९८८ जुलाई १६

---

१२७ श्री हवाई सुरक्षा निर्देशनालयका प्रमुख सेनानी अजय राईले वि.सं. २०६४ चैत्र ११ मा प्रेसित पत्रको आधारमा ।

१२८ श्री हवाई सुरक्षा तालिम शिक्षालयका कायम मुकायम शिक्षाधिकृत सेनानी सरोज कुमार कार्कीले वि.सं. २०६४ चैत्र ११ मा तयार गरेको "श्री हवाई सुरक्षा तालिम शिक्षालयको इतिहास" ।

(वि.सं. २०४५ श्रावण १) मा एक हवाई सुरक्षा गणको स्थापना भयो र सन् १९९१ मे ३१ (वि.सं. २०४८ जेष्ठ १७) मा यस गणलाई श्री जगदल गण नामाकरण गरियो ।[१२९] यो गण हाल काठमाडौं छाउनीमा तैनाथरत छ ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले पनि भाग लिएको थियो । सन् १८५७-१८५८ को भारतमा भएको सिपाही विद्रोह दमन गर्न नेपालबाट गएका पल्टनहरूमध्ये यो पनि थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतवीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन मध्ये पहिलो डिभिजनमा झुङ्गाको किल्ला रक्षार्थ खटिएको थियो । सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा नेपालबाट अङ्ग्रेजको सहायताको लागि भारत पठाएका पल्टनहरूमा शम्शेरदल पल्टनको अर्धाङ्ग बनेर यो भारतमा शान्ति सुरक्षा कायम राख्ने काममा तैनाथ रहेको थियो । सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धमा भारत सरकारको सहयोगार्थ यो पल्टन पनि भारतमा खटिइएको थियो ।[१३०]

नेपाली सेनाको सम्पूर्ण हवाई सुरक्षा अङ्गहरूको संस्थागत विकासको लागि यस गणले उल्लेख्य भूमिका खेलेको छ ।

यस श्री जगदल गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरु दमननरसिंह राणा, कल्याणकुमार रायमाझी, प्रदिप शम्शेर ज.ब.रा., राजेन्द्र क्षेत्री, पूर्णबहादुर सिलवाल, अरुण घले, प्रदिपकुमार अधिकारी र राजेश चन्दले सम्हाल्नु भएको थियो । हाल यस गणका गणपति प्रमुख सेनानी असिम थेवे हुनुहुन्छ ।

१२९ श्री जगदल गणका गणपति प्रमुख सेनानी असिम थेवेले वि.सं. २०६४ श्रावण ३ मा तयार गरेको "श्री जगदल गणको इतिहास", पृ. १ ।

१३० शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. २४६ र फत्तेबहादुर खड्का, "श्री जगदल गणको ऐतिहासिक झलक", *तोपखाना जर्नल*, वि.सं. २०५५, पृ. १९-२० ।

श्री हवाई सुरक्षा तालिम शिक्षालय

नेपाली सेनालाई समय, काल र परिस्थितिअनुसार परिस्कृत र परिमार्जित गर्दै लैजान सन् १९८८ (वि.सं. २०४५) मा हवाई प्रतिरक्षा हतियारहरूको आवश्यकता महसुस गरियो । तदअनुरूप श्री राजदल गणलगायतका सम्बन्धित क्षेत्रमा तालिममा दक्ष अधिकृत, पदिक र अन्य दर्जाहरू गरी २५ जनालाई छिमेकी मित्रराष्ट्र चीनमा पठाइयो । ४ महिनाको तालिम पछि चीनबाट हतियार तथा ईक्युप्मेन्ट झिकाई चिनियाँ प्राविधिक टिम र नेपाली सेनाका एअर डिफेन्स हतियार तालिम पूरा गरी फर्केको टिमको आपसी समन्वयद्वारा नेपालमा रिफ्रेसर तालिम सञ्चालन गर्नुका साथै हतियार तथा ईक्युप्मेन्टहरूको सफल फायरिङ्ग परीक्षणपश्चात् औपचारिक रूपमा नेपाल सरकारलाई हतियार हस्तान्तरण गरियो । ति हतियार ईक्युप्मेन्टहरूलाई चीनमा तालिम प्राप्त दक्ष अधिकृत, पदिक तथा अन्य दर्जाहरूको छुट्टै ट्रेनिङ्ग सेल खडा गरी उनीहरूलाई आर्टिलरी तालिम केन्द्र ललितपुरमा अट्याच राखी पछि त्यही केन्द्रमा अधिकृत, पदिक र अन्य दर्जा गरी जम्मा ४९ जनाको संख्या खडा गरी तालिम दिलाउने काम सुरू भएको थियो ।

सन् १९९० जुन १५ (वि.सं. २०४७ असार १) देखि फिल्ड आर्टिलरी र ए.डी. आर्टिलरीलाई संयुक्त रूपमा कमाण्ड गर्न नं. १३ बाहिनी अड्डा खडा गरियो । जसअन्तर्गत फिल्ड आर्टिलरीतर्फ राजदल गण र लाईट व्याट्रीहरू र ए.डी. आर्टिलरीअन्तर्गत जगदल गण र हवाई सुरक्षा व्याट्रीहरूलाई नीति निर्देशन दिने कामको थालनी भयो । उक्त दुवै आर्टिलरीहरूलाई समयअनुकूल तालिम दिलाई दक्ष जनशक्ति उत्पादन गर्न आर्टिलरी तालिम महाशाखाको स्थापना भई कार्य गर्न सुरू गरियो ।

अन्तर्राष्ट्रिय हवाई गतिविधिको वृद्धिको क्रमसँगै सेनाको आर्टिलरी अङ्गहरूलाई सुदृढिकरण गर्दै लैजाने क्रममा यि दुई फिल्ड आर्टिलरी र ए.डि. आर्टिलरीको फरक फरक उद्देश्य र कार्यक्षेत्र भएको महसुस गरी तत्कालीन नं. १३ बाहिनी अड्डालाई सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) मा ए.डि. अङ्गको रूपमा हवाई सुरक्षा निर्देशनालयको नामाकरण गर्ने निर्णय भयो । सोहि मिति अर्थात सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) मा आर्टिलरी तालिम महाशाखामा रहेको फिल्ड शाखा फिल्ड आर्टिलरी शिक्षालयको रूपमा रह्यो भने ए.डि. महाशाखा हवाई सुरक्षा तालिम शिक्षालयको नाममा नामाकरण भई हवाई सुरक्षा निर्देशनालयको छाउनीमा स्थानान्तरण हुँदा हवाई सुरक्षा तालिम शिक्षालयको

पनि आगमन भयो । हवाई सुरक्षा निर्देशनालयको नीति निर्देशनमा यस श्री हवाई सुरक्षा तालिम शिक्षालयले आफ्नो कार्य सम्पादन गर्दै आइरहेको छ ।[१३१]

श्री नं. ९ हवाई सुरक्षा ब्याट्री

श्री राजदरवार हवाई सुरक्षा ब्याट्रीको स्थापना सन् १९९० अप्रिल १४ (वि.सं. २०४७ वैशाख १) मा श्री शाही रक्षक पदिक हवाई सुरक्षा गुल्मको नाममा खडा भएको हो ।

नेपाली सेनालाई समयानुसार आधुनिकीकरण, सक्षम र सुदृढिकरण गर्दै लैजाने योजनाअनुसार हवाई सुरक्षा प्रतिरक्षा हतियार र उपकरणहरूको आवश्यकता महसुस गरी सन् १९८८ (वि.सं. २०४५) मा छिमेकी मित्रराष्ट्र चीनबाट ति हतियार तथा उपकरणहरू प्राप्त भएको थियो । यसै सिलसिलामा प्रत्येक पदिक बाहिनीहरूमा एक/एक हवाई सुरक्षा ब्याट्री तैनाथ गर्ने तत्कालीन श्री ५ को सरकारको निर्णयअनुसार यस ब्याट्रीको स्थापना भएको हो । सन् १९९६ अगष्ट ५ (वि.सं. २०५३ श्रावण २१) मा यसको श्री शाही रक्षक हवाई सुरक्षा ब्याट्री नामाकरण भएको थियो । मुलुकको राजनैतिक परिवर्तनअनुसार यस ब्याट्रीको नाम श्री राजदरबार हवाई सुरक्षा ब्याट्री रहन गयो । हाल यसको नाम श्री नं. ९ हवाई सुरक्षा ब्याट्री रहेको छ । यो ब्याट्री उपत्यका पृतनाअन्तर्गत कार्यरत छ । यस ब्याट्रीको मुख्य जिम्मेवारी राजदरबारको सुरक्षा एवम् वाह्य आक्रमण विरूद्ध हवाई सुरक्षा प्रदान गर्ने थियो ।[१३२]

श्री नं. २ हवाई सुरक्षा ब्याट्री

आधुनिक युद्धमा हवाई शक्तिले युद्धको निर्णायक नतिजा हासिल गर्न उल्लेखनिय कार्य गरेको हुन्छ । हवाई सुरक्षा अङ्गको मुख्य जिम्मेवारी

१३१ श्री हवाई सुरक्षा तालिम शिक्षालयका सेनानी सरोज कुमार कार्कीले वि.सं. २०६४ चैत्र ११ मा तयार गरेको "श्री हवाई सुरक्षा तालिम शिक्षालयको इतिहास" ।

१३२ तत्कालीन श्री राजदरवार हवाई सुरक्षा ब्याट्रीका ब्याट्रीपति सेनानी हिमाचलजंग शाहले वि.सं. २०६४ आश्विन ७ मा तयार गरेको "श्री राजदरवार हवाई सुरक्षा ब्याट्रीको इतिहास", पृ. १-२ ।

आक्रमणकारीको विमान तथा अन्य एरियल टार्गेट वर्वाद गर्नु वा उसलाई असरदार तवरमा जमिनी टार्गेटहरूमा हमला गर्नुवाट रोक्नु हो । जमिनमा रहेका महत्वपूर्ण स्थानहरूको भौतिक रूपले हवाई आक्रमण विरूद्ध सुरक्षा गर्न हवाई सुरक्षा अङ्गहरूको भूमिका रहन्छ । यसै तथ्यलाई हृदयङ्गम गर्दै सन् १९८८ (वि.सं. २०४५) मा नेपाली सेनाको दश वर्षे आधुनिकीकरण योजनामा हवाई सुरक्षा अङ्गलाई तत्कालीन शाही नेपाली सेनामा समावेश गर्ने योजनाअनुरूप नेपाली सेनामा हवाई सुरक्षा अङ्गहरूको प्रवेश भएको थियो । सोही अनुरूप हवाई सुरक्षा पल्टनहरूलाई हरेक पदिक बाहिनीको मद्दती हवाई सुरक्षा गुल्मको रूपमा स्थापना गर्दै लैजाने नीतिअनुसार श्री नं. २ हवाई सुरक्षा ब्याट्री सन् १९८८ डिसेम्वर २८ (वि.सं. २०४५ पौष १४) मा १४४ जनाको संख्यामा श्री नं. २ पदिक हवाई सुरक्षा गुल्मको नाममा सल्लेरी, धनकुटामा नं. २ बाहिनी हाताभित्र स्थापना भएको थियो । सन् १९९६ अगष्ट ५ (वि.सं. २०५३ श्रावण २१) बाट श्री नं. २ पदिक हवाई सुरक्षा गुल्मबाट श्री नं. २ हवाई सुरक्षा व्याट्री नामाकरण गरियो ।

यस ब्याट्रीको प्राथमिक काम श्री नं. २ बाहिनीको जिम्मेवारी क्षेत्रभित्र संवेदनशील स्थानहरूलाई संभावित हवाई हमलाबाट बचाउनु हो भने थप काम चाहिँ आन्तरिक सुरक्षामा भाग लिनु, दैवीक प्रकोप आदिमा मद्दत गर्नुको साथै बाहिनीको जगेडा फौजको रूपमा काम गर्नु रहेको छ । सन् २००२ (वि.सं. २०५९) मा तेह्रथुम जिल्लाको सदरमुकाम म्याग्लुङमा आगलागी हुँदा ठूलो क्षति हुनबाट जोगाउन यस ब्याट्रीले उल्लेखनीय कार्य गरेको थियो ।[१३३] हाल यो ब्याट्री श्री नं. २ बाहिनीअन्तर्गत हिलेमा तैनाथरत छ ।

श्री नं. ३ हवाई सुरक्षा ब्याट्री

श्री नं. ३ बाहिनी अड्डालाई हवाई प्रतिरक्षा प्रदान गर्ने कार्यको लागि सन् १९८८ डिसेम्वर २८ (वि.सं. २०४५ पौष १४) मा श्री नं. ३ पदिक हवाई सुरक्षा गुल्मको नाममा यस ब्याट्रीको स्थापना भएको हो । यस अघि छिमेकी मित्रराष्ट्र चीनबाट ल्याइएको १४.५ एम.एम. (टुवीन) ए.ए.एम.जी. टाईप १९५८ गन शिक्षक तालिम सर्वप्रथम श्री नं. ३ बाहिनी अड्डामा एकत्रित भएका केही

१३३ श्री नं. २ हवाई सुरक्षा ब्याट्रीले वि.सं. २०६४ चैत्र १० मा मेसेज एच.एस./४६४८-१००९०८ वाट प्रेसित "श्री नं. २ हवाई सुरक्षा ब्याट्रीको इतिहास", परिशिष्ट "क" ।

अधिकृत, पदिक र अन्य दर्जाहरू समावेश गरी सञ्चालन गरिएको थियो । सोही टोलीद्वारा आ-आफ्नो सम्वन्धित बाहिनी अड्डाहरूमा एकत्रित भएका अधिकृत, पदिक तथा अन्य दर्जाहरूलाई तालिम गराई हवाई सुरक्षा एकाईको सुरूवात गरिएको थियो । सन् १९९६ अगष्ट ९ (वि.सं. २०५३ श्रावण २५) मा श्री नं. ३ पदिक हवाई सुरक्षा गुल्मबाट नाम परिवर्तन भई श्री नं. ३ हवाई सुरक्षा व्याट्रीको नामाकरण भएको हो ।

स्थापनाकालदेखि नै यो व्याट्री श्री नं. ३ बाहिनी अड्डा, विजयपुर व्यारेकको हाताभित्र रहेको थियो । हाल श्री नं. ३ बाहिनी अड्डा स्थानान्तरण भई तनहूँ जिल्लामा तैनाथ भएकोले विजयपुर व्यारेकमा श्री पशिचम पृतना हेडक्वाटर तैनाथ भएको र यस व्याट्री समेत साविक कै स्थान विजयपुर व्यारेकमा रहेको हुँदा सन् २००८ फ्रेवअरी ७ (वि.सं. २०६४ माघ २४) बाट यो ब्याट्री श्री पशिचम पृतना हेडक्वाटरको मातहतमा रीह कार्य सञ्चालन गर्दै आइरहेको छ ।[१३४]

श्री नं. ४ हवाई सुरक्षा व्याट्री

यो व्याट्री सन् १९९१ अप्रिल २२ (वि.सं. २०४८ वैशाख ९) मा श्री नं.४ पदिक हवाई सुरक्षा गुल्मको नाममा स्थापना भएको हो ।

नेपाली सेनामा समयानुकूल आधुनिकीकरण गर्दै जाने अवधारणाअनुसार सन् १९८८ (वि.सं. २०४५) मा नेपाली सेनामा हवाई सुरक्षाको अङ्गको रूपमा छाउनीस्थित हवाई सुरक्षा गणको स्थापना भयो । त्यसपछि क्रमिक रूपमा पदिक वाहिनीका अण्डर कमाण्डमा रहने गरी पदिक हवाई सुरक्षा गुल्मको स्थापना हुने क्रममा यस हवाई सुरक्षा व्याट्रीको स्थापना सुर्खेतमा भएको हो । सन् १९९६ अगष्ट ९ (वि.सं. २०५३ श्रावण २५) मा यसको नामाकरण संशोधन भई श्री नं. ४ हवाई सुरक्षा व्याट्री हुन गएको हो । स्थापनाकालमा श्री नं. ४ वाहिनी अड्डाको अण्डर कमाण्डमा रहेको यो ब्याट्री हाल श्री मध्यपश्चिम पृतना हेडक्वाटरको अण्डर कमाण्डमा काम गर्दै आएको छ ।[१३५]

१३४ श्री नं. ३ हवाई सुरक्षा व्याट्रीका कायम मुकायम व्याट्रीपति सह-सेनानी सुरज थापाले वि.सं. २०६४ चैत्र ५ मा तयार गरेको "श्री नं. ३ हवाई सुरक्षा व्याट्रीको सङ्क्षिप्त इतिहास", पृ. १।

१३५ श्री नं. ४ हवाई सुरक्षा व्याट्रीले वि.सं. २०६४ श्रावण २९ मा मेसेज नं. डव्लु.डि./२६९५-३०१११५ वाट प्रेसित "श्री नं. ४ हवाई सुरक्षा व्याट्रीको सङ्क्षिप्त इतिहास" ।

श्री नं. ५ हवाई सुरक्षा व्याट्री

श्री नं. ५ हवाई सुरक्षा व्याट्री सन् १९९१ मे १६ (वि.सं. २०४८ जेष्ठ २) मा श्री नं. ५ पदिक हवाई सुरक्षा गुल्मको नामले खडा भएको हो ।

नेपाली सेनालाई समयानुकूल आधुनिकीकरण तथा दक्ष र सक्षम बनाउने क्रममा समय र परिस्थितीअनुरूप नेपालमा पनि हवाई प्रतिरक्षा फौजको आवश्यकता महसुस हुन गएकोले तत्कालीन श्री ५ को सरकारको सन् १९९१ अप्रिल २२ (वि.सं. २०४८ वैशाख ९) को निर्णयअनुसार विभिन्न दर्जाका संख्याको दरवन्दी श्रृजना गर्ने क्रममा यो खडा भएको हो । सुरूमा छिमेकी मित्रराष्ट्र चीनबाट हवाई सुरक्षा हतियारसम्बन्धी तालिम प्राप्त शिक्षकबाट पोखरामा प्रत्येक बाहिनीवाट खटिएका अधिकृत, पदिक र अन्य दर्जाका व्यक्तिहरूलाई शिक्षक तालिम दिइयो । उक्त तालिम गरेका अधिकृतहरूमार्फत आफ्ना बाहिनीहरूमा गएर सम्बन्धित व्यक्तिहरूलाई प्रशिक्षण दिईने क्रममा नं. ५ बाहिनी अड्डाअन्तर्गतका युनिटहरूबाट सम्बन्धित व्यक्तिहरूलाई एकिकृत गरी तालिम सम्पन्न गरी नं. ५ बाहिनी अड्डा राजपुर दिपायल डोटीमा नं. ५ पदिक हवाई सुरक्षा गुल्मको स्थापना भएको हो । हाल श्री नं. ५ हवाई सुरक्षा व्याट्रीको नाममा यो श्री नं. ५ बाहिनीअन्तर्गत दिपायलमा तैनाथरत छ ।[१३६]

श्री नं. ६ हवाई सुरक्षा व्याट्री

नेपाली सेनालाई आधुनिकिकरण गर्ने सिलसिलामा हवाई सुरक्षा अङ्ग समावेश गर्नुपर्ने अत्यन्त आवश्यकता महसुस गरिएकोले सन् १९८८ (वि.सं. २०४५) मा छिमेकी मित्रराष्ट्र चीन सरकारबाट प्राप्त १४.५ मि.मि. टुईन व्यारोलका १८ वटा गनहरू समावेश गरी अन्यत्र युनिटबाट ल्याइएका अधिकृत, पदिक तथा विल्लादारहरूलाई नं. ६ बाहिनीमा उक्त गनसम्बन्धी तालिम दिइयो । पुन: दोस्रो पटक सन् १९८९ (वि.सं. २०४६) मा तालिम चलाई उत्तिर्ण भएका शिक्षार्थीहरूबाट सन् १९९१ अप्रिल २२ (वि.सं. २०४८ वैशाख ९) मा पदिक गुल्म सरहको संख्यामा

१३६ श्री नं. ५ हवाई सुरक्षा व्याट्रीका का.मु. व्याट्रीपति सह-सेनानी दिपक बरूवालले वि.सं. २०६४ मंसीर १६ मा तयार गरेको "श्री नं. ५ हवाई सुरक्षा व्याट्रीको सङ्क्षिप्त इतिहास" ।

नं. ६ पदिक हवाई सुरक्षा गुल्म नाम राखियो । तत्पश्चात् संन् १९९६ अगष्ट ९ (वि.सं. २०५३ श्रावण २५) मा पदिक हवाई सुरक्षा गुल्मलाई पहिलेको संख्यामा केही संख्या घटाई २०९ को संख्यामा कायम हुने गरी नं. ६ हवाई सुरक्षा व्याट्री नामाकरण गरियो ।[१३७]

नं. ६ हवाई सुरक्षा व्याट्री सुरूदेखि नै धादिङ्गस्थित नं. ६ बाहिनीको पेरिमिटर भित्र छुट्टै युनिटको रूपमा रहँदै आएको छ ।

१३७ श्री नं. ६ हवाई सुरक्षा व्याट्रीका व्याट्रीपति सेनानी राजेन्द्रजंग थापाले वि.सं. २०६४ चैत्र ११ मा तयार गरेको "श्री नं. ६ ह.सु. व्याट्रीको इतिहास" ।

पृतना हेडक्वार्टरहरू

श्री मध्यपश्चिम पृतना हेडक्वाटर

देश-कालको संवेदनशील परिस्थिति र परिवर्तित सन्दर्भलाई मध्यनजर गरी राज्य संयन्त्रलाई स-शक्तिकरण, आधुनिकीकरण तथा विस्तार गर्दै लैजाने क्रममा नेपाली सेनाको सम्बन्धमा तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषदको सन् २००१ डिसेम्वर २९ (वि.सं. २०५८ पौष १४) को निर्णयअनुसार नेपालको सैन्य इतिहासमा पश्चिमी पृतनाको नामबाट पहिलो पृतनाको रूपमा नेपालगञ्जमा स्थापना भएको थियो । यस पृतनाको आदर्श वाक्य "सदैव समर्पित देश प्रति" भन्ने रहेको छ ।

स्थापनाकालमा मध्यपश्चिमाञ्चलका १५ जिल्ला र सुदूरपश्चिमाञ्चलका ९ जिल्ला गरी जम्मा २४ जिल्लाहरू पश्चिम पृतनाको जिम्मेवारी क्षेत्रअन्तर्गत रहेका थिए। नेपाली सेनाको सांगठनिक विकास र सुधार क्रममा सुदूर पश्चिमाञ्चल विकास क्षेत्र हेर्ने गरी छुट्टै सुदूर पश्चिम पृतना स्थापना भएपश्चात् मन्त्रिपरिषद्को सन् २००४ नोभेम्वर १६ (वि.सं. २०६१ मंसिर १) को निर्णयअनुसार पश्चिमी पृतनालाई मध्य पश्चिमाञ्चल विकास क्षेत्रलाई हेर्ने गरी मध्यपश्चिम पृतना नामाकरण भएको थियो । मध्यपश्चिम पृतना सन् २००५ अक्टोवर २३ (वि.सं. २०६२ कार्तिक ६) मा नेपालगञ्जबाट सुर्खेतमा स्थानान्तरण भएको थियो । हाल यो पृतनाअन्तर्गत नेपालगञ्जस्थित नं. ४ बाहिनी, दाङस्थित नं. १९ वाहिनी र जुम्लास्थित नं. २४ वाहिनी गरी ३ पदिक बाहिनी र सोअन्तर्गत रहेका १२ पदिक गण, ६ पदिक गुल्म, ४ डिभ सपोर्टिङ्ग युनिट (कालीदल गण (ई.), मध्य पश्चिम पृतना आर्टिलरी गण, विनायकदल गण र त्रि-चन्द्र मिलिटरी अस्पताल) र पृतना रिजर्भको रूपमा १ विशेष गुल्म कार्यरत रहेको छ ।

यस पृतनाले आफ्नो क्षेत्रभित्रका जनताको सुरक्षा गर्न अग्रसर भई १७ वटा विभिन्न प्राकृतिक तथा दैविक प्रकोपमा उद्धार तथा राहत कार्यहरू गरेका छन् । यसका अतिरिक्त यस पृतनाले विकास निर्माण निर्देशनालयको सुपरिवेक्षणमा पृतनाको जिम्मेवारी क्षेत्र भित्रका सल्यान-मुसिकोट सडक, कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला सडक) र छिन्चु-जाजरकोट सडक निर्माण कार्यमा सहयोग पुऱ्याउँदै आइरहेको छ । त्यस्तै गरेर यस पृतनाले विभिन्न जनहित कार्यहरूमा पनि आफ्नो संलग्नता जनाइरहेको छ ।[१३८]

---

१३८ श्री मध्यपश्चिम पृतना हेडक्वाटरका प्रमुख सेनानी सुरज गिरीले वि.सं. २०६४ माघ २२ मा तयार गरेको "मध्यपश्चिम पृतनाको सङ्क्षिप्त इतिहास", पृ. १-११ ।

यस श्री मध्य पश्चिम पृतना तत्कालीन पश्चिम पृतनाको रूपमा छँदा यसको पृतनापति उपरथीहरू सदीपबहादुर शाह, गोविन्दवहादुर गुरूङ, वालानन्द शर्मा, रूकमाङगद कटवाल र दिपक विक्रम राणा हुनुहुन्थ्यो । यस पृतनाको पहिलो र दोस्रो पृतनापति क्रमश: उपरथीहरू दिपक विक्रम राणा र छत्रमान सिंह गुरूङ हुनुहुन्थ्यो । हाल यस पृतनाको तेस्रो पृतनापति उपरथी अनन्तवहादुर थेवे हुनुहुन्छ ।

श्री पूर्वी पृतना हेडक्वाटर

श्री पूर्वी पृतना हेडक्वाटर तत्कालीन मन्त्रिपरिषद्को निर्णयअनुसार सन् २००३ जनवरी २९ (वि.सं. २०५९ माघ १५) मा सुनसरी जिल्लाको इटहरीमा स्थापना भएको हो । यसको आदर्श वाक्य "राष्ट्र रक्षा परम कर्तव्य" रहेको छ ।

देशको बदलिँदो परिस्थिति तथा आवश्यकतालाई महसुस गरी सैनिक सङ्गठन विस्तार गर्ने क्रममा सेनाको संख्या बढाउने, संख्याअनुसार पृतना खडा गर्ने नीतिअनुसार यस पृतनाले इटहरीमा रहेको रणभीम गण तथा पशुपति प्रसाद गणको श्रोत साधनसँग साझेदारी गरी आफ्नो कार्य सञ्चालन गर्न सुरू गरेको थियो । तत्पश्चात् यस हेडक्वाटरले नियमित रूपमा कार्य सम्पादन गर्दै आइरहेको छ । स्थापनाकालमा यस पृतना हेडक्वाटरको जिम्मेवारी क्षेत्र मेची, कोशी, सगरमाथा र जनकपुर गरी ४ अञ्चल र २४ वटा जिल्ला रहेको थियो । पृतनाको विस्तारसँगै मध्य पृतना हे.क्वा. हटौंडामा खडा भएपश्चात् जनकपुर अञ्चललाई यस पृतनाको जिम्मेवारी इलाकावाट मध्य पृतना हे.क्वा. हटौंडामा सारिएको हो । यसरी हाल ३ वटा अञ्चलमा ३ वटा वाहिनीहरू स्थापना भई कार्यरत छन् । जसअनुसार मेची अञ्चलको झापा जिल्ला चारआलीमा नं. २१ बाहिनी अड्डा, कोशी अञ्चल धनकुटा जिल्लाको हिलेमा नं. २ बाहिनी अड्डा र सगरमाथा अञ्चल उदयपुर जिल्लाको झुल्केमा नं. १८ बाहिनी अड्डा कार्यरत छन् ।[१३९]

यस श्री पूर्वी पृतनाको प्रथम र द्वितीय पृतनापतिको कार्यभार उपरथीहरू प्रदिप प्रताप मल्ल र ओमबहादुर पुनले सम्हाल्नु भएको थियो । हाल यस पृतनाको पृतनापति उपरथी पवनजंग थापा हुनुहुन्छ ।

१३९ श्री पूर्वी पृतना हेडक्वाटरका प्रमुख सेनानी गुणवहादुर थापाले वि.सं. २०६४ भाद्र ७ मा तयार गरेको "श्री पूर्वी पृतना हेडक्वाटरको सङ्क्षिप्त इतिहास", पृ. १ ।

श्री पश्चिम पृतना हेडक्वाटर

सेनालाई समयानुकूल आधुनिकीकरण र सुदृढ गर्दै लैजाने नीतिअनुसार "कोर" अवधारणामा विकास गर्ने लक्ष्यअनुरूप तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को सन् २००२ अगष्ट (वि.सं. २०५९ श्रावण ३०) को निर्णयअनुसार यस पृतना अड्डा तत्काल श्री मध्य पृतना अड्डाको नामले खडा गरिएको हो । यस पृतनाको आदर्श वाक्य "रक्षा नै धर्म" रहेको छ ।

यस पृतनाले पोखरामा सन् २००३ फ्रेवुअरी १३ (वि.सं. २०५९ फाल्गुण १) बाट आफ्नो कार्य सञ्चालन गरेको हो । तत्काल यस पृतनाको कार्यक्षेत्रमा नं. ३, ६ र ७ बाहिनीहरू तथा नारायणी, गण्डकी र लुम्बिनी अञ्चलका सवै र वागमती अञ्चलका रसुवा, नुवाकोट र धादिङ जिल्लाहरू पर्दथ्यो । तत्कालीन मन्त्रिपरिषद्को सन् २००४ जुलाई ५ (वि.सं. २०६१ आषाढ २१) को निर्णयले थप २ वटा पृतना र ५ वटा पदिक वाहिनीहरू खडा गर्ने स्विकृतीअनुरूप सन् २००४ नोभेम्वर १६ (वि.सं. २०६१ मंसीर १) बाट यस मध्य पृतनालाई श्री पश्चिम पृतना अड्डा नामाकरण गरियो ।[१४०] हाल यस पृतनाको कार्य क्षेत्रमा श्री नं. ३ वाहिनी (गण्डकी अञ्चल), श्री नं. २२ बाहिनी (लुम्विनी अञ्चल) र श्री नं. २३ वाहिनी (धवलागिरी अञ्चल) पर्दछन् ।

यस श्री पश्चिम पृतना हे.क्वा. को पृतनापतिको कार्यभार उपरथीहरू चित्रबहादुर गुरूङ, प्रकाशवहादुर बस्न्यात, अमर पन्त, सहायक रथीहरु छविलाल खड्का (का.मु.), दीलिप शम्शेर ज.व.रा. (का.मु.) ले सम्हाली सक्नुभएको छ । हाल यस पृतनाका पृतनापति उपरथी गौरव शम्शेर ज.व.रा. हुनुहुन्छ ।

उपत्यका पृतना हेडक्वाटर

देशको विषम परिस्थितिले गर्दा अधिराज्यको मुटुको रूपमा रहेको राजधानीमा शान्ति सुरक्षा कायम गर्न सुरक्षा फौजलाई सहि, सहज र समुचित रूपले परिचालन गर्ने केन्द्रीय निकायको आवश्यकता महसुस भई सन् २००३ मे १९ (वि.सं. २०६० जेष्ठ ५) मा यस श्री उपत्यका पृतना हेडक्वाटर श्री उपत्यका

१४० श्री पश्चिम पृतना अड्डाका महासेनानी भरत मल्लले वि.सं. २०६४ आश्विन १ मा तयार गरेको "श्री पश्चिम पृतना अड्डाको सङ्क्षिप्त इतिहास", पृ. १ ।

कमाण्डको कार्यालय नामबाट स्थापना गरिएको हो। यस पृतनाको आदर्श वाक्य "शान्ति सुरक्षा सर्वदा" रहेको छ।

तत्कालीन अवस्थामा उपत्यकामा शान्ति सुरक्षाको प्रत्याभूति दिने कार्यमा यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। पृतनाहरूको नामाकरणमा एकरूपता ल्याउने क्रममा सन् २००४ डिसेम्बर ३० (वि.सं. २०६० पौष १५) मा यस उपत्यका कमाण्ड कार्यालयको नाम परिवर्तन भई उपत्यका पृतना हेडक्वाटर रहन गयो। यस पृतनाको कार्यालय सिंहदरवार परिसरमा रहेको छ। यसले गृह मन्त्रालयको नेतृत्वमा सबै सुरक्षा अङ्ग लगायत संघ संस्थाहरू सहित उपत्यकामा हुन सक्ने दैवी प्रकोप उद्धार सम्बन्धी उपत्यकाको विभिन्न स्थानमा एकै साथ बहुआयामिक दोश्रो अभ्यास समेत सफलतापूर्वक सम्पन्न गरेको थियो।[१४१]

यस श्री उपत्यका पृतनाको पृतनापतिको कार्यभार उपरथीहरू दिलिप कार्की, दिपक विक्रम राणा र कुलबहादुर खड्काले सम्हाली सक्नुभएको छ। हाल यस पृतनाको पृतनापति उपरथी अनिलजंग थापा हुनुहुन्छ।

श्री मध्य पृतना हेडक्वाटर

नेपाली सेनाको सङ्गठनमा समयानुकूल सुधार परिमार्जन गरी आधुनिकीकरण गर्ने लक्ष्यका साथ सन् २००४ नोभेम्वर १६ (वि.सं. २०६१ मंसीर १) मा यस श्री मध्य पृतना हेडक्वाटरको स्थापना हेटौंडामा भएको हो। यस पृतनाको आदर्श वाक्य "अटल भक्ति देश प्रति" रहेको छ।

हेटौंडामा अवस्थित यस पृतनाको जिम्मेवारी क्षेत्र मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत बागमती अञ्चलका ३ वटा जिल्ला रसुवा, नुवाकोट र धादिङ, नारायणी र जनकपुर अञ्चल रहेको छ। यि स्थानहरूमा बागमती अञ्चलका ३ वटा जिल्लाहरूमा नं. ६ बाहिनी अड्डा बैरेनी, नारायणी अञ्चलमा नं. ७ बाहिनी अड्डा चनवन र जनकपुर अञ्चलमा नं. ९ बाहिनी अड्डा भकुण्डवेशीमा कार्यरत रहेका छन्।

१४१ श्री उपत्यका पृतना हेडक्वाटरका प्रमुख सेनानी अनिरूद्ध सिंह न.को. ले वि.सं. २०६४ चैत्र ३ मा तयार गरेको "उपत्यका पृतना हे.क्वा.को सङ्क्षिप्त इतिहास", पृ. १-२।

यो पृतना हेडक्वाटर जंगी अड्डाअन्तर्गत रहेका बाहिनीहरूलाई आन्तरिक सुरक्षा तथा बाह्य आक्रमणको परिस्थितिमा फौज परिचालन गर्ने र बन्दोबस्ती पक्षमा विभिन्न निर्देशनहरू तयार गरी आवश्यकताअनुसार बाहिनीहरूलाई निर्देशन गर्ने कार्य गर्दछ। आफ्नो अन्तर्गतमा रहेका बाहिनीहरूको अपरेशनल, बन्दोबस्ती तथा अन्य कमाण्ड कन्ट्रोल गर्नु यस पृतना हेडक्वाटरको प्रमुख दायित्व हो। यस पृतनाअन्तर्गत पर्शनल, इन्टेलिजेन्स, अपरेशन, बन्दोबस्ती, सिभिल अफियर्स, मानव अधिकार महाशाखा, पृतना स्थपति सेवा लगायतका ८ वटा विभिन्न शाखा र उप-शाखाहरू छन्।

यस पृतनाले राजधानी जोडने सबै स्ट्राटेजिक हाईवे सदैव खुला राख्न आवश्यकताअनुसार फौज परिचालन गरेको थियो। देशको राजधानी काठमाडौंलाई सुरीक्षत बनाउन आवश्यकताअनुसार उपत्यका पृतनासँग समन्वय गरी कार्य सञ्चालन गरेको थियो। त्यस्तै गरेर यसले काठमाडौंको आपूर्ति व्यवस्था सहज र सरल राख्नमा महत्वपूर्ण भूमिका खेलेको थियो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष सुरक्षामा यस पृतनाअन्तर्गतका फौजहरू लाङटाङ राष्ट्रिय निकुञ्ज, रसुवा, चितवन राष्ट्रिय निकुञ्ज, चितवन र पर्सा वन्यजन्तु आरक्ष, पर्सामा तैनाथरत छन्।

काठमाडौं उपत्यकाको लाईफ लाइनको रूपमा रहेको काठमाडौं-वीरगञ्ज राजमार्ग हरहमेशा खुल्ला राखि आपूर्ति व्यवस्था सहज गराउन यसले ठूलो भूमिका खेल्दै आएको छ। यसका अतिरिक्त यसले आफ्नो जिम्मेवारी क्षेत्रमा रहेका महत्वपूर्ण संरचनाहरूको सुरक्षा गर्नमा उल्लेखनीय भूमिका खेलेको छ। हालै सम्पन्न भएको संविधान सभा निर्वाचनमा आफ्नो क्षेत्रअन्तर्गत भंसार, विमानस्थल र महत्वपूर्ण सरकारी संरचनाहरूको सुरक्षा प्रदान गर्ने कार्यको जिम्मेवारी यसलाई सुम्पिएको थियो। त्यस्तै गरेर विस्तृत शान्ति सम्झौतामा उल्लेख भएअनुसार नेपाली सेनाका पोष्ट र जनसाधारणहरूमा वस्ती वरिपरि लगाइएको माईन र आई.ई.डि. हरू हटाउने कार्यमा पनि यस पृतनाले सहभागिता जनाएको छ।[१४२]

यस श्री मध्य पृतनाको पहिलो पृतनापति उपरथी ठाकुर सुव्वा हुनुहुन्थ्यो। यस पृतनाको दोस्रो पृतनापतिको रूपमा हाल उपरथी तोरण जंगबहादुर सिंह कार्यरत हुनुहुन्छ।

१४२ श्री मध्य पृतना हेडक्वाटरका प्रमुख सेनानी हिरावहादुर पाण्डेले वि.सं. २०६४ चैत्र ७ मा फ्याक्स नं. ०५७५२४२०३ बाट प्रेसित "श्री मध्य पृतना हे.क्वा. को सङ्क्षिप्त इतिहास", पृ. १-४।

श्री सुदूर पश्चिम पृतना हेडक्वाटर

तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को निर्णयबाट यस श्री सुदूर पश्चिम पृतना हेडक्वाटरको स्थापना सन् २००४ जुलाई ५ (वि.सं. २०६१ आषाढ २१) मा भएको हो । यस पृतनाको आदर्श वाक्य "भक्ति नै शक्ति" भन्ने रहेको छ ।

प्रारम्भमा यस पृतनाको अस्थायी कार्यालय त्रिभुवन आर्मी अफिसर्स क्लव, काठमाडौंमा स्थापना गरिएको थियो । तत्पश्चात् दिपायलमा हेडक्वाटर मुकाम गरी यस पृतनाले सेती अञ्चल (नं. ५ बाहिनी) र महाकाली अञ्चल (नं. २५ बाहिनी) समाविष्ट क्षेत्रको जिम्मेवारी लियो । यस पृतनाअन्तर्गत रहेको श्री नं. ५ बाहिनीअन्तर्गत बरख गण, ज्वालादल गण, भिमदल गण, शत्रुभञ्जन गुल्म, कुमारीदल गुल्म, दुर्गाभञ्जन गुल्म, देवीबक्स गुल्म, नं. ५ लाईट ब्याट्री, नं. ५ ह.सु. ब्याट्री, नं. ३ फिल्ड गुल्म, नं. ५ सिग्नल गुल्म, नं. ५ फि.ए. र नं. ५ सैन्य तालिम केन्द्र पर्दछन् । त्यस्तै यस पृतनाअन्तर्गत नं. २५ बाहिनी अड्डाअन्तर्गत शम्शेरदल गण, चण्डिदल गण, सिंहशार्दुल गुल्म र शम्शेर गुल्म रहेका छन् ।[१४३]

यस श्री सुदूर पश्चिम पृतनाको पृतनापतिको कार्यभार उपरथीहरू राजेन्द्र थापा, कुलबहादुर खड्का र अनिलजंग थापाले सम्हाली सक्नुभएको छ । हाल यस पृतनाको पृतनापति उपरथी नेपालभूषण चन्द हुनुहुन्छ ।

१४३ श्री सुदूर पश्चिम पृतना हेडक्वाटरले वि.सं. २०६४ फाल्गुण ६ मा मेसेज नं. एफ.डि./८३६२-०६१३१२ बाट प्रेसित "श्री सुदूर पश्चिम पृतना हेडक्वाटरको इतिहास" ।

बाहिनी अड्डाहरू

श्री नं. १ बाहिनी अड्डा

सन् १९५२ जुन १६ (वि.सं. २००९ आषाढ ३) मा श्री नं. १ बाहिनी अड्डाको स्थापना भएको हो । यस बाहिनीको आदर्श वाक्य "कुल्चेर मृत्युलाई नै अमर भएर बाँच्दछौं" भन्ने रहेको छ ।

यो बाहिनी स्थापना भएदेखि जगन्नाथ देवलमा रही सन् १९९० डिसेम्वर १३ (वि.सं. २०४७ मंसीर २७) मा महांकालस्थानमा स्थानान्तरण भयो । उक्त स्थानबाट पनि पुनः सन् १९९२ डिसेम्वर २२ (वि.सं. २०४९ पौष ७) मा बालाजुमा स्थानान्तरण भई हालसम्म त्यहीं तैनाथ रहेको छ ।

यस बाहिनीको जिम्मेवारी क्षेत्र पहिले पूरै मध्यमाञ्चल क्षेत्र पर्दथ्यो भने हाल आएर काठमाडौं र भक्तपुर जिल्ला मात्र पर्दछ ।[१४४]

यस श्री नं. १ बाहिनी अड्डाको बाहिनीपतिको कार्यभार सहायक रथीहरु क्षेत्र विक्रम राणा, पदमबहादुर शाह, विज्ञान शम्शेर ज.व.रा., भक्तनरसिंह राणा, दयाँबहादुर खाँण, गुण शम्शेर राणा, देव विक्रम राणा, शेरवहादुर सिंह, खड्गवहादुर सिंह, आदित्य शम्शेर ज.ब.रा., सिंहप्रताप शाह, कुवेर शम्शेर ज.व.रा., गंगावहादुर विष्ट, खेमराज शम्शेर ज.ब.रा., हरिहरवहादुर शाह, सत्चित शम्शेर ज.व.रा., प्रभु नरसिंह राणा, मृगेन्द्रवहादुर बस्न्यात, केशव प्रसाद गिरी, राजेन्द्र राणा, योगेन्द्र प्रतापजंग राणा, धरणीवहादुर कार्की, शिवराम खत्री, मोहनजंग थापा, चिनियाँबहादुर बस्न्यात, ठाकुर सुब्बा, मोहन चेमजुङ, पवनजंग थापा, नेत्रवहादुर थापा, रामकृष्ण अधिकारी, भिक्टर ज.ब.रा. र पवनवहादुर पाण्डेले सम्हाली सक्नुभएको छ । हाल यस बाहिनीको निमित्त बाहिनीपतिको कार्यभार महासेनानी हरिबहादुर बस्नेतले सम्हाल्नु भएको छ ।

नं. २ बाहिनी अड्डा

सन् १९५१ जुलाई २२ (वि.सं. २००८ श्रावण ७) मा श्री नं. २ वाहिनी अड्डा खडा भएको हो । यस वाहिनीको आदर्श वाक्य "आफू जलेर वत्ती अरूलाई उजिल्याउँछ" भन्ने रहेको छ ।

---

१४४ श्री नं. १ वाहिनी अड्डाका प्रमुख सेनानी सुरेन्द्र जि.सी. ले वि.सं. २०६४ श्रावण ५ मा प्रेसित "वाहिनीको इतिहास" ।

यस श्री नं. २ वाहिनी अड्डा खडा हुँदा श्री शम्सेरदल गण दाहिना र श्री जवरजंग गुल्म वायाँ भएर विराटनगर आई हिमालय जुट मिलमा तैनाथ भएको थियो । सुरुमा वाहिनी हेडक्वाटर जोगवनी जुट मिल्सको अतिथी गृह (गेष्ट हाउस) मा रहेको थियो । स्थापनाकालमा यस वाहिनीको जिम्मेवारी क्षेत्र हालको मेची, कोशी, सगरमाथा र जनकपुर अञ्चल तोकिएको थियो । पछि जनकपुर अञ्चलको पहाडी जिल्लाहरू नं. १ वाहिनीमा गाभिन गई तराई क्षेत्रमात्र यस वाहिनीको जिम्मेवारीमा रहन गयो । हाल पूर्वी पृतना हे.क्वा.अन्तर्गत रहेको यस वाहिनीको जिम्मेवारी क्षेत्र मेची, कोशी र सगरमाथा अञ्चल भएकोमा सन् २००३ मे २९ (वि.सं. २०६० जेष्ठ १५) वाट नं. १८ वाहिनी स्थापना भई सन् २००३ सेप्टेम्वर १८ (वि.सं. २०६० आश्विन १) वाट वाहिनी क्रियाशील भएपछि यस वाहिनीको जिम्मेवारी क्षेत्र मेची अञ्चल र कोशी अञ्चलको भोजपुर वाहेक ९ वटा जिल्लाहरू रहँदै आएकोमा सन् २००४ नोभेम्वर १६ (वि.सं. २०६१ मंसीर १) वाट मेची अञ्चलको इलाकामा नं. २१ वाहिनी अड्डा क्रियाशिल भएपश्चात् हाल यस वाहिनीको जिम्मेवारी क्षेत्रमा कोशी अञ्चलको ६ वटा जिल्लाहरू रहँदै आएको छ । जोगवनी, विराटनगर, धरान हुँदै हाल यो अड्डा धनकुटा हिलेमा रहेको छ ।

यस वाहिनीले सन् १९५७ (वि.सं. २०१४) मा पूर्वाञ्चलमा भएको भाषा आन्दोलन, मिल हड्ताल, स्कुल हड्ताल जस्ता अशान्तलाई नियन्त्रण गर्न अहम् जिम्मेवारी निर्वाह गरी शान्ति कायम राख्न ठूलो योगदान पुऱ्याएको थियो । सन् १९५७ (वि.सं. २०१४) मा विराटनगरको पुरानो विमानस्थल बनाउने कार्यमा श्रमदानको साथै हिले-भोजपुर सडक खण्डको २६ किलोमिटर र कटारी-ओखलढुङ्गा सडक खण्डको ४७ किलोमिटर सडक निर्माण कार्यमा यो वाहिनीको संलग्नता थियो । सन् १९७१ (वि.सं. २०३१) मा ओखलढुङ्गामा भएको सैनिक कारवाहीमा यस वाहिनी अड्डाको पनि संलग्नता थियो । यस अतिरिक्त यस वाहिनीले सन् १९८७ (वि.सं. २०४४) मा कोशी नदीमा आएको ठूलो वाढीवाट कोशी व्यारेजलाई बचाउने कार्य, सन् १९८८ (वि.सं. २०४५) को विनाशकारी भूकम्पवाट पीडित पूर्वाञ्चलको जनतालाई प्रभावकारी ढंगले उद्धार र राहत कार्यक्रम सञ्चालन, सन् २००३ (वि.सं. २०६० असार) मा आएको अविरल वर्षाका कारण कोशी राजमार्गको भेडेटार-मुलघाट सडक खण्डको लेउती खोलामा आएको वाढीका कारण ५०० मिटर सडक बगाएर हजारौं संख्यामा यात्रुहरू अलपत्र परिरहेको अवस्थामा खोलामा वाँध बाँधी खोलालाई अर्को दिशातर्फ फर्काइ सडक यातायात सुचारू रूपले सञ्चालन गर्नमा पनि महत्वपूर्ण योगदान पुऱ्याएको थियो ।[१४५]

१४५ श्री नं. २ वाहिनी अड्डाका सेनानी वृद्धिवहादुर गुरूङले वि.सं. २०६४ मंसिर १६ मा मेसेज नं. ४१६५-१११५१५ वाट प्रेसित "श्री नं. २ वाहिनी अड्डाको सङ्क्षिप्त इतिहास", पृ. १-२।

यस श्री नं. २ बाहिनी अड्डाको वाहिनीपतिको कार्यभार सहायक रथीहरू बलदेव शम्शेर ज.व.रा., हेमबहादुर गड्तौला, शेरवहादुर सिंह, दयावहादुर खाँण, पुण्यरत्न शाह, मिन शम्शेर ज.ब.रा., रवि शम्शेर ज.ब.रा., देवविक्रम राणा, शेर बहादुर सिंह, वीरेन्द्र प्रसाद शाह, गंगाबहादुर विष्ट, नृप शम्शेर ज.व.रा., कुवेर शम्शेर ज.ब.रा., हुमानसिंह बस्न्यात, नृत शम्शेर ज.ब.रा., गडुल शम्शेर ज.व.रा., सच्चित शम्शेर ज.ब.रा., राजेन्द्र थापा, केशरवहादुर गड्तौला, धर्मपाल वरसिंह थापा, रघुचन्द्रवहादुर सिंह, सरोजराज शर्मा, गोपालसिंह बोहरा, रुकमाङ्गद कटवाल, प्रदिप प्रताप बम मल्ल, अमर पन्त, प्रल्लादसिंह गुरूङ, यादवबहादुर रायमाझी, प्रदिप प्रताप बम मल्ल, अनन्तबहादुर थेवे, पवनवहादुर पाण्डे, पूर्णचन्द थापा र विजय कुमार शाहीले सम्हाली सक्नुभएको छ । हाल महासेनानी राज राणा यस बाहिनीको निमित्त बाहिनीपतिमा कार्यरत हुनुहुन्छ ।

श्री नं. ३ बाहिनी अड्डा

यस श्री नं. ३ बाहिनी अड्डाको स्थापना सन् १९५२ अक्टोवर २४ (वि.सं. २००९ कार्तिक ८) मा सुन्धारा, काठमाडौंमा भएको थियो । यस बाहिनीको आदर्श वाक्य "गर तपस्या बलिदान राख खुकुरीको शान" भन्ने रहेको छ ।

स्थापनाकालमा यस बाहिनीमा ५१ जना थिए । यस वाहिनी अड्डा काठमाडौं, बुटवल, पाल्पा, दाङ, भैरहवा, पुनः वुटवल, पुनः भैरहवा, पोखरा हुँदै हाल खैरेनीटार तनहूँमा अवस्थित छ ।[१४६] मुस्ताङ जिल्लामा भएको तिव्वती खम्पाहरूलाई निशस्त्र गर्ने कार्यमा यो वाहिनीले नेतृत्व गरेको थियो जसलाई इतिहासमा खम्पा काण्ड भनिन्छ ।

यस श्री नं. ३ बाहिनीको बाहिनीपतिको कार्यभार सहायक रथीहरू डयाजल जंग राणा, सुरेन्दबहादुर शाह, रवि शम्शेर ज.व.रा., पुण्य रत्न शाह, गुण शम्शेर ज.व.रा., दयांवहादुर खाँड, शेरबहादुर सिंह, दिलमान सिंह, नुरवहादुर थापा, कुवेर शम्शेर ज.व.रा., सिंहप्रताप शाह, हरिहरबहादुर शाह, अर्जुन नरसिंह राणा, टिका शम्शेर ज.ब.रा., गणेश प्रसाद महरा, हुमानसिंह वस्न्यात, रघुचन्द्रवहादुर

१४६ श्री नं. ३ वाहिनी अड्डाले वि.सं. २०६४ फाल्गुण १७ मा मेसेज नं. वि.सि./७६३२-१६१३५२ वाट प्रेसित "श्री नं. ३ वाहिनी अड्डाको इतिहास", परिशिष्ट "क"।

सिंह, मदनकृष्ण खरेल, योगेन्द्र प्रताप जंग राणा, चन्द्रवहादुर खत्री, दिगम्बर शम्शेर ज.ब.रा., प्रज्वल शम्शेर ज.ब.रा., तुलबहादुर थापा, भिक्ट्री राणा, दिलबहादुर कार्की, विप्लव गुरूङ, प्रकाशबहादुर बस्न्यात, दमन नरीसंह राणा, शिवराम प्रधान, रमेश विष्ट र महेश विक्रम कार्कीले सम्हाली सक्नुभएको छ । हाल यस वाहिनीका बाहिनीपति सहायक-रथी हेम खत्री हुनुहुन्छ ।

श्री नं. ४ बाहिनी अड्डा

नेपाली सेनामा बाहिनी अवधारणा लागु भएपश्चात् नेपाल अधिराज्यको पश्चिमी क्षेत्रमा ५ वटा अञ्चलहरू (भेरी, सेती, कर्णाली, महाकाली र राप्ती) आफ्नो जिम्मेवारी क्षेत्रभित्र रहने गरी सन् १९६२ सेप्टेम्वर १४ (वि.सं. २०१९ भाद्र १९) मा नेपालगञ्जस्थित बाहिनी रोड इलाकामा अवस्थित व्यारेकमा बाहिनी अड्डाको कार्य सञ्चालन गरिएको थियो। यसको सन् १९६६ जनवरी १९ (वि.सं. २०२२ माघ ६) मा विधिवत रूपमा नं. ४ बाहिनी अड्डा भनी नामाकरण गरियो। यस वाहिनी अड्डाको आदर्श वाक्य "कि गरी छाड्छ कि लडी मर्छ" रहेको छ ।

सन् १९८१ (वि.सं. २०३८) वाट सेती र महाकाली अञ्चलको जिम्मेवारी श्री नं. ५ बाहिनी अड्डामा हस्तान्तरण भई नं. ४ बाहिनीको जिम्मेवारी क्षेत्रअन्तर्गत ३ वटा अञ्चल भेरी, कर्णाली र राप्तीका १५ जिल्लाहरू रहेको थियो। सन् १९८८ (वि.सं. २०४५) मा नं. ४ वाहिनी अड्डा नेपालगञ्जबाट स्थानान्तरण भई सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगरमा तैनाथ भई कार्य सञ्चालन गरेको थियो । दाङ जिल्लामा नं. १९ वाहिनी अड्डा खडा भई कार्य सञ्चालन गरेपश्चात् सन् २००४ (वि.सं. २०६०) बाट नं. ४ वाहिनी अड्डाको जिम्मेवारी क्षेत्र कर्णाली र भेरी अञ्चलका जिल्लाहरू कायम भएको थियो। सन् २००४ नोभेम्वर १६ (वि.सं. २०६१ मंसीर १) बाट कर्णाली अञ्चलका जिल्लाहरू समावेश भई नं. २४ बाहिनी अड्डा जुम्लामा तैनाथ भई कार्य सञ्चालन गरेपश्चात् हाल नं. ४ बाहिनी अड्डाको जिम्मेवारी क्षेत्रमा भेरी अञ्चलको बांके, बर्दिया, सुर्खेत, दैलेख र जाजरकोट जिल्लाहरू कायम गरिएको छ । सन् २००५ अक्टोवर २० (वि.सं. २०६२ कार्तिक ३) मा सुर्खेतवाट नं. ४ बाहिनी अड्डा नेपालगञ्जमा स्थानान्तरण भई कार्य सञ्चालन गर्दै आएको छ ।

सन् १९७४ मा खम्पाहरूको विरूद्ध गरिएको सैनिक कारवाहीमा यस बाहिनीअन्तर्गतको एम्वुस टोलीको प्रतिकारबाट खम्पाका नेता वाङ्दीको मृत्यु भएको थियो ।

यस बाहनीले आफ्नो जिम्मेवारी क्षेत्रअन्तर्गतका महत्वपूर्ण संरचनाहरूको सुरक्षा कार्य, बर्दिया राष्ट्रिय निकुञ्जको सुरक्षा कार्य, छिन्चु-चौरजहारी सडक र सुर्खेत-जुम्ला सडक निर्माणमा सुरक्षा कार्य, वर्षाको याममा बांके जिल्लाको राप्ती नदी, डडुवाखोला किनारा तथा नेपालगञ्ज बजार इलाका र बर्दिया जिल्लाको बबई तथा भादा नदी किनारमा डुबानमा परेका बासिन्दाहरूलाई उद्धार कार्यहरूमा संलग्नता जनाएको छ ।[१४७]

श्री नं. ४ बाहिनी अड्डाको बाहिनीपतिको जिम्मेवारी सहायक-रथीहरू दिलमानसिंह थापा मगर, खड्गबहादुर सिंह, दिलमानसिंह थापा मगर, सिंह प्रताप शाह, पशुपति शम्शेर ज.व.रा., आदित्य शम्शेर ज.व.रा., भरत केशर सिंह, खेमराज शम्शेर ज.ब.रा., मृगेन्द्रबहादुर बस्नेत, लक्ष्मण चन्द्रवहादुर सिंह, योगेन्द्र प्रताप जंग राणा, कृष्णबहादुर गुरूङ, प्रज्वल्ल शम्शेर ज.ब.रा., शुसिल राज कार्की, छत्र विक्रम शाह, वसन्त कुमार क्षेत्री, लिलिजंग गुरूङ, चित्र वहादुर गुरूङ, दिलिप कुमार कार्की, ओमबहादुर पुन, बज्र गुरूङ, शरद कुमार न्यौपाने, अनिल जंग थापा र श्यामबहादुर था.म. ले सम्हाली सक्नुभएको छ । हाल यस बाहिनीको बाहिनीपति सहायक-रथी दिपक विक्रम पाण्डे हुनुहुन्छ ।

श्री नं. २६ बाहिनी अड्डा

नारायणहिटी राजदरबारको सुरक्षार्थ सन् १९५१ (वि.सं. २००७) बाट श्री कालीबहादुर गण र सन् १९५२ (वि.सं. २००९) बाट श्री गोरखबहादुर गण "रोयल गार्ड" को नामबाट तैनाथ भएको थियो । सन् १९८४ सेप्टेम्बर १६ (वि.सं. २०२१ आश्विन १) बाट "रोयल गार्ड" को बदलामा नेपालीकरण गरी "शाही रक्षक" भन्न थालिएको थियो । शाही रक्षक बाहिनीको स्थापना भने सन् १९७१ अप्रिल १४ (वि.सं. २०२८ वैशाख १) मा भएको थियो । स्थापनाकालदेखि नै राजाको शाही पार्श्ववती विभाग, प्रमुख सैनिक सचिवालय (राजदरवार सुरक्षा समन्वय

१४७ श्री नं. ४ वाहिनी अड्डाका प्रमुख सेनानी कृष्णवहादुर खत्रीले वि.सं. २०६४ चैत्र ४ मा तयार गरेको "श्री नं. ४ वाहिनी अड्डाको सङ्क्षिप्त इतिहास", पृ. १ र ५ ।

कार्यालय) र जंगी अड्डासँग समन्वय गरी यस बाहिनीले कार्य सम्पादन गर्दै आइरहेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को सन् २००६ जुलाई ३ (वि.सं. २०६३ आषाढ १९) को निर्णयअनुसार यस बाहिनीको नाम राजदरवार सुरक्षा बाहिनी राखियो। हाल यसको नाम नं. २६ बाहिनी अड्डा राखिएको छ। यस बाहिनीको आदर्श वाक्य "राष्ट्र भक्ति हाम्रो शक्ति" रहेको छ।

सन् १९७१ (वि.सं. २०२८) सम्म यस बाहिनीअन्तर्गत श्री कालीबहादुर गण र श्री गोरखबहादुर गण मात्र निरन्तर रूपमा तैनाथ रहेको थियो। सन् १९७२ अप्रिल १३ (वि.सं. २०२९ वैशाख १) बाट श्री कालीबहादुर गण र गोरखवहादुर गण ४/४ वर्षमा अदली वदली गर्ने गरी देशको विभिन्न जिल्लाहरूमा तैनाथ गर्ने र त्यसको बदलामा तत्कालीन शाही नेपाली जंगी अड्डाको नीतिअनुरूप सञ्चालन हुने किंग्स व्यानर प्रतियोगितामा ४ वर्षको उपलब्धिको औसत नतिजाअनुसार उच्च स्थानमा आउने गणलाई प्रोत्साहन स्वरूप राजदरवारमा ४/४ वर्ष सेवा गर्ने अवसर दिइने परम्परा रही आएको थियो। यस बाहिनीअन्तर्गत श्री बर्दवहादुर गण, श्री गोरखवहादुर गण, श्री राजदरवार सैनिक प्रहरी, श्री राजदरवार हवाई सुरक्षा व्याट्री र श्री राजदरवार सुरक्षा सिग्नल गुल्म तैनाथ छन्। नारायणहिटी दरवार, निर्मल निवास, नागार्जुन बंगला, गोकर्ण सम्भना सदन तथा नागार्जुन र गोकर्ण जंगलकोसमेत यथोचित सुरक्षा प्रदान गर्नु यस बाहिनीको प्रमुख जिम्मेवारी रहेको छ।[१४८]

यस बाहिनीको बाहिनीपतिको कार्यभार क्रमश: महासेनानीहरू ऋषिकुमार पाण्डे, हुमानसिंह बस्न्यात, केशरबहादुर गड्तौला, योगेन्द्र प्रतापजंग राणा, धरणीबहादुर कार्की, फत्तेवहादुर लिम्बु (सहायक-रथी समेतमा), सहायक-रथीहरू छत्र विक्रम शाह, शुशील राज कार्की, प्यारजंग थापा, गोविन्दवहादुर गुरूङ, गजेन्द्रवहादुर लिम्बु र भिम प्रसाद राईले सम्हाल्नु भएको थियो। हाल यस बाहिनीका वाहिनीपति सहायक-रथी श्यामबहादुर था.म. हुनुहुन्छ।

श्री नं. ५ बाहिनी अड्डा

श्री नं. ५ बाहिनी अड्डाको स्थापना सन् १९८२ अप्रिल १४ (वि.सं. २०३९ वैशाख १) मा भएको हो। यस वाहिनीको आदर्श वाक्य "गरौं कर्म राखौं शान" रहेको छ।

१४८ तत्कालीन श्री राजदरवार सुरक्षा बाहिनीका बाहिनीपति सहायक-रथी श्यामवहादुर था.म.ले वि.सं. २०६४ चैत्र १७ मा तयार गरेको "श्री राजदरवार सुरक्षा बाहिनीको इतिहास", पृ. १-२।

सन् १९८१ (वि.सं. २०३८) भन्दा अगाडि नेपाल अधिराज्यलाई ४ विकास क्षेत्रमा विभाजन गरिएको थियो। जसअनुसार सेती र महाकाली अञ्चललाई पनि तत्कालको पश्चिमाञ्चल विकास क्षेत्रमा राखिएको थियो। आर्थिक वर्ष सन् १९८१-१९८२ (वि.सं. २०३८-२०३९) को तत्कालीन राष्ट्रिय पञ्चायतको अधिवेशनको समुद्घाटन गर्दै राजा वीरेन्द्रले सेती र महाकाली अञ्चललाई समेटी सुदूर पश्चिमाञ्चल विकास क्षेत्र नामाकरण गरी सेती अञ्चल डोटी जिल्लाको दिपायललाई क्षेत्रिय सदरमुकाम बनाइयो। सुदूर पश्चिमाञ्चल विकासक्षेत्रको स्थापनासँगै उक्त विकासक्षेत्रभित्र रहेको सैनिक निकायहरूलाई कमाण्ड गर्ने गरी सन् १९८२ अप्रिल १४ (वि.सं. २०३९ वैशाख १) मा श्री नं. ५ वाहिनी अड्डाको स्थापना गरिएको हो। सो भन्दा अगाडि सेती र महाकाली अञ्चल भित्रका सैनिक निकायहरूलाई पनि श्री नं. ४ बाहिनी अड्डाअन्तर्गत राखिएको थियो।

शाही नेपाली सेनाका बाहिनीहरू देशका क्षेत्रीय सदरमुकाममा मात्र रहने अवधारणाअनुरूप तत्काल डोटीमा रहेको कालीजंग गुल्मले दिपायल राजापुरमा अस्थायी छाप्राहरू निर्माण गरी बाहिनीमा नियुक्त भएका सकल दर्जाहरूद्वारा सोही छाप्राहरूबाट कार्य थालनी गरेका थिए। सेनामा पृतना अवधारणा लागु भएपछि सुरूमा यो श्री नं. ५ वाहिनी हेडक्वाटर नेपालगञ्जस्थित पश्चिम पृतनाअन्तर्गत रही आफ्नो कार्य सम्पादन गर्दै आएको थियो। नेपाली सेनाको सङ्गठनात्मक सुदृढिकरणको क्रममा सन् २००४ नोभेम्वर १६ (वि.सं. २०६१ मंसीर १) मा सुदूर पश्चिम विकासक्षेत्रमा पनि सुदूर पश्चिम पृतना खडा भई उक्त पृतनाले कार्य सञ्चालन गरे पछि यस नं. ५ बाहिनीलाई सुदूर पश्चिम पृतनाअन्तर्गत रही यस बाहिनीको जिम्मेवारी क्षेत्रलाई सेती अञ्चलमा सिमित गरियो र महाकाली अञ्चलको जिम्मेवारी नयाँ खडा गरिएको नं. २५ वाहिनी अड्डालाई हस्तान्तरण गरियो।

देशको क्षेत्रीय सदरमुकाममा पृतना हेडक्वाटर र अञ्चल सदरमुकाममा बाहिनी हेडक्वाटर तैनाथ हुने नीतिअनुसार यस नं. ५ बाहिनी अड्डा सन् २००५ अप्रिल १४ (वि.सं. २०६२ वैशाख १) मा राजापुर, दिपायलबाट स्थान्तरण भई कैलाली जिल्लामा आफ्नो कार्यालय स्थापना गरि सेती अञ्चलको सुरक्षाको जिम्मेवारी लिदैं आएको छ।[१४९]

१४९ श्री नं. ५ वाहिनी अड्डाका प्रमुख सेनानी अर्जुन कुमार सापकोटाले वि.सं. २०६४ मंसिर ७ मा तयार गरेको "श्री नं. ५ वाहिनी अड्डाको इतिहास"।

यस श्री नं. ५ बाहिनीको बाहिनीपतिको कार्यभार सहायक-रथीहरू मृगेन्द्रवहादुर वस्न्यात, नरबहादुर बुढाथोकी, गडुल शम्शेर ज.ब.रा., धरणीबहादुर कार्की, शिवराम खत्री, मोहनजंग थापा, कुमार फुदोङ, चित्रवहादुर गुरूङ, लिलीजंग गुरूङ, मोहन चेमजोङ, किरण शम्शेर थापा, कुलबहादुर खड्का, दिलिप शम्शेर ज.ब.रा., गौरव शम्शेर ज.ब.रा., डम्बरीसंह गुरूङ, भिक्टर ज.ब.रा. र दिपक कुमार गुरूङले सम्हाली सक्नुभएको छ । हाल यस बाहिनीका बाहिनीपति सहायक-रथी सुरेन्द्रबहादुर कार्की हुनुहुन्छ ।

श्री नं. ६ बाहिनी अड्डा

श्री नं. ६ बाहिनी अड्डा सन् १९८१ डिसेम्वर २९ (वि.सं. २०३८ पौष १४) मा सपोर्टिङ्ग वाहिनीको रूपमा ललितपुरीस्थत राजदल गण लगनखेल व्यारेक हाताभित्र स्थापना भएको हो । यस बाहिनीको आदर्श वाक्य "शक्ति नै विजय श्रोत हो" रहेको छ ।

स्थापनाकालको ४ वर्षसम्म सपोर्टिङ्ग बाहिनीको रूपमा कार्यरत रहँदा काठमाडौं उपत्यकाभित्रका विभिन्न सपोर्टिङ्ग युनिटहरूको तालुक अड्डाको रूपमा यो रहेको थियो । सन् १९८५ डिसेम्वर २९ (वि.सं. २०४२ पौष १४) मा सपोर्टिङ्ग बाहिनीबाट पदिक बाहिनी (Infantry Brigade) मा परिणत भई सन् १९८६ डिसेम्वर २१ (वि.सं. २०४३ पौष ६) मा धादिङ जिल्लामा यसलाई स्थानान्तरण गरियो । सन् १९८५ देखि २000 (वि.सं. २०४२ देखि २०५७) सम्म यस बाहिनीको जिम्मेवारीअन्तर्गत ८ जिल्लाहरू धादिङ, रसुवा, नुवाकोट, चितवन, गोरखा, तनहुँ, लमजुङ र मनाङ रहेका थिए । सन् २००३ (वि.सं. २०६०) देखि यस बाहिनीको जिम्मेवारीअन्तर्गत ३ जिल्ला रसुवा, धादिङ र नुवाकोट कायम गरिएका छन् ।

सन् १९८९ (वि.सं. २०४६) र सन् २००५ (वि.सं. २०६२) मा जोगिमारामा भएको बस दुर्घटनाहरूमा यस बाहिनीले प्रशंसनीय उद्धार कार्य गरेको थियो । त्यस्तै सन् १९९३ (वि.सं. २०५०) मा वर्षायामको बाढीले पृथ्वी राजमार्गअन्तर्गत धादिङ जिल्लाको मलेखु, वेल्खु र महादेववेशीस्थित पुल भत्काउँदा वेली ब्रिज निर्माण एवम् उद्धार कार्यमा यो बाहिनीले सक्रिय रूपमा कार्य गरेको थियो ।[१५०]

१५० श्री नं. ६ वाहिनी अड्डाका वाहिनीपति सहायक-रथी प्रेम प्रकाश थापाले वि.सं. २०६४ मंसिर ११ मा तयार गरेको "श्री नं. ६ बाहिनी अड्डाको इतिहास", पृ. १-२ ।

यस बाहिनीको बाहिनीपतिको कार्यभार सहायक-रथीहरू केशरवहादुर गड्तौला, लक्ष्मण चन्द्रबहादुर सिंह, केशव प्रसाद गिरी, मदन कृष्ण खरेल, सरोजराज शर्मा, मदन कृष्ण खरेल, मेघबहादुर कार्की, मन्सुरा विक्रम शाह, सागर शम्शेर राणा, तिलकबहादुर कुवंर, छत्रमान सिंह गुरूङ, दिलिप रायमाझी, देवबहादुर घले, नेपाल भुषण चन्द र प्रदिप जंग थापाले सम्हाली सक्नुभएको छ । हाल यस बाहिनीको बाहिनीपति सहायक-रथी प्रेम प्रकाश थापा हुनुहुन्छ ।

श्री नं. ७ बाहिनी अड्डा

श्री नं. ७ बाहिनी अड्डा सन् १९८२ सेप्टेम्वर १ (वि.सं. २०३९ भाद्र १६) मा लजिष्टिक बृगेडको रूपमा काठमाडौं छाउनीमा खडा भएको हो । यस बाहिनीको आदर्श वाक्य "अडिग रहौं देश भक्तिमा" रहेको छ ।

खडा भएको ३ वर्ष ६ महिनासम्म लजिष्टिक बाहिनीको रूपमा कार्यरत रही सन् १९८६ अप्रिल १४ (वि.सं. २०४३ वैशाख १) मा यो पदिक वाहिनीमा परिणत भयो । तत्पश्चात् यस बाहिनी मकवानपुरमा स्थानान्तरण भई हालसम्म यही स्थानमा कार्यरत रहेको छ । यस बाहिनी अड्डाको विगतमा जिम्मेवारी क्षेत्र जनकपुर अञ्चलको पर्कौली र भिमान सम्म रहेकोमा हाल यस वाहिनीको जिम्मेवारी क्षेत्र नारायणी अञ्चलका ५ वटा जिल्ला बारा, पर्सा, मकवानपुर, रौतहट र चितवन पर्दछन् । हाल यो हेटौडास्थित मध्य पृतना हेडक्वाटरको अण्डर कमाण्डमा कार्य गर्दै आएको छ ।

सन् १९९३ (वि.सं. २०५०) मा यो बाहिनी मकवानपुर जिल्लामा भएको भिषण वाढी पहिरोवाट पिडित व्यक्तिहरूको उद्धार कार्य गर्नुका साथै उक्त वाढी पहिरोबाट प्रभावित भएको त्रिभुवन राजपथको सडक खण्डमा बाटो खुलाई सवारी साधन आवागमन गराउने कार्यमा संलग्न रहेको थियो ।[१५१]

यस श्री नं. ७ बाहिनीको बाहिनीपतिको कार्यभार सहायक-रथीहरू टिका शम्शेर ज.ब.रा., नारायण चन्द्र मल्ल, कृष्णनारायण सिंह थापा, फत्तेवहादुर लिम्बु, केदारबहादुर सिंह, दुर्गानाथ अर्याल, भुपेन्द्रवहादुर थापा, रत्नवहादुर

१५१ श्री नं. ७ बाहिनी अड्डाका सेनानी दिपक कुमार अधिकारीले वि.सं. २०६४ मंसिर ६ मा तयार गरेको "श्री नं. ७ वाहिनी अड्डाको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ. १-२ ।

गुरूङ, दिपक विक्रम राणा, केशरवहादुर भण्डारी, वज्र गुरूङ, ठाकुर सुब्बा, राजेन्द्र कुमार थापा, कल्याण कुमार रायमाझी र राजेन्द्र क्षेत्रीले सम्हाली सक्नुभएको छ । हाल यस वाहिनीका वाहिनीपति सहायक-रथी राजेन्द्र विक्रम शाह हुनुहुन्छ ।

श्री नं. ९ बाहिनी अड्डा

श्री नं. ९ वाहिनी अड्डाको स्थापना सन् १९९९ मे २६ (वि.सं. २०५६ जेष्ठ १२) मा भएको थियो । यस वाहिनी अड्डाको आदर्श वाक्य "पार्श्व प्रहार वैरी संहार" भन्ने रहेको छ ।

देशको आवश्यकताअनुसार स्थापित यस वाहिनी अड्डाको कार्य सञ्चालन प्रारम्भमा हिमालय व्यारेक, छाउनी, काठमाडौंवाट भएको थियो । तत्पश्चात् सन् २००१ नोभेम्वर २६ (वि.सं. २०५८ मंसीर ११) देखि काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल गा.वि.स.स्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र रहेको स्थानमा आई जनकपुर अञ्चलका ६ वटा जिल्ला र बागमती अञ्चलको काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्ला गरी जम्मा ८ वटा जिल्ला यस बाहिनी अड्डाको लागि जिम्मेवारी क्षेत्र तोकिएको थियो । त्यसवेलासम्म उक्त जिल्लाहरूको जिम्मेवारी नं. १ वाहिनी अड्डाको थियो । सन् २००२ डिसेम्वर २ (वि.सं. २०५९ मंसिर १६) वाट यस वाहिनीको कार्यालय काभ्रेपलाञ्चोकको भकुण्डेवेशीबाट कार्य सञ्चालन हुन थाल्यो ।

देशको राजधानीको विशेष सुरक्षा नाकाका रूपमा स्थापना गरिएको यस बाहिनी अड्डाले राजधानी लगायत काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, धनुषा, महोत्तरी र सर्लाही जिल्ला समेतमा रहेको यस बाहिनी अड्डाले कमाण्ड गर्ने युनिटले विभिन्न क्षेत्रमा रहेको भौतिक संरचनाको संरक्षण गर्दै आइरहेका छन् । नेपाल र तिब्बतलाई जोड्ने एकमात्र राजमार्ग अरनिको राजमार्ग समेत यस वाहिनी अड्डाको जिम्मेवारी क्षेत्रभित्र पर्दछ । यस बाहिनी अड्डाले अन्तर्राष्ट्रिय सिमा (उत्तर एवम् दक्षिण क्षेत्र समेत) सुरक्षामा पनि जिम्मा लिई कार्य सञ्चालन गर्दै आइरहेको छ ।[१५२]

१५२ श्री नं. ९ वाहिनी अड्डाका प्रमुख सेनानी सानु केदार थापाले वि.सं. २०६४ माघ १५ मा तयार गरेको "श्री नं. ९ वाहिनी अड्डा, भकुण्डेवेशी व्यारेक, काभ्रेपलाञ्चोक", पृ. १-२ ।

यस श्री नं. ९ बाहिनीको बाहिनीपतिको जिम्मेवारी सहायक-रथीहरू विष्णुबहादुर गुरूङ, रणध्वज लिम्वु, प्रदिप विक्रम राणा र गौरव शम्शेर ज.व.रा. ले पूरा गरी सक्नुभएको छ । हाल यस बाहिनीका वाहिनीपति सहायक-रथी यज्ञ विक्रम राणा हुनुहुन्छ ।

श्री नं. १० बाहिनी अड्डा

श्री नं. १० बाहिनी अड्डा सेनाको स्ट्राटेजिक रिजर्भ (Strategic Reserve) को रूपमा रहने गरी सन् १९९० जुलाई १ (वि.सं. २०४७ आषाढ १७) मा स्थापना भएको हो । यस बाहिनी अड्डाको आदर्श वाक्य "बज्र प्रहार शत्रु संहार" रहेको छ ।

यो बाहिनी युद्धकार्य महानिर्देशनालयको मातहतमा रही विशेष उद्देश्य प्राप्तिको लागि अन्तिम शक्ति (Last Resort) को रूपमा मात्र प्रयोग र परिचालन हुँदै आएको छ । सेनाको स्ट्राटेजिक रिजर्भको रूपमा रहेको हुँदा यसको कुनै निश्चित जिम्मेवारी क्षेत्र नतोकिएकोले यसले आवश्यक परेको अवस्थामा देशको कुनै पनि भागमा परिचालन हुन सक्दछ । स्थापनाकालताका यस वाहिनीअन्तर्गत श्री भैरवनाथ गण, श्री प्यारा तालिम शिक्षालय, तत्कालीन श्री भैरवनाथ "घ" गुल्म, तत्कालीन श्री भैरवनाथ "ङ" गुल्म र श्री स्काउटकार गुल्म रहेको थियो । हाल यस बाहिनी अड्डाअन्तर्गत श्री सिंहनाथ गण (कमाण्डो), श्री भैरवनाथ गण (एयरवोर्न), श्री महावीर गण (रेञ्जर), श्री युद्धभैरव गण (स्पेशल फोर्स), श्री युद्धकवज गण (मेकानाईज्ड) र श्री प्यारा तालिम शिक्षालय रहेका छन् ।[१५३]

सुरूमा यस बाहिनी खडा गरी महासेनानी चिनियांबहादुर वस्न्यातले का.मु. बाहिनीपतिको काम गर्नु भएको थियो । त्यसपछि बाहिनीपतिको कार्यभार सहायक-रथीहरू तुलाबहादुर थापा, प्यारजंग थापा, दिगम्वर शम्शेर ज.व.रा., सदिपबहादुर शाह, रूकमाङ्गद कटवाल, छत्रमान सिंह गुरूङ, विप्लव गुरूङ, तोरण जंगबहादुर सिंह र दिलिप शम्शेर ज.ब.रा. ले सम्हाली सक्नुभएको छ । हाल यस बाहिनीका बाहिनीपति सहायक-रथी विकास विक्रम शाह हुनुहुन्छ ।

१५३ श्री नं. १० वाहिनी अड्डाका वाहिनीपति सहायक-रथी विकास विक्रम शाहले वि.सं. २०६४ चैत्र ११ मा तयार गरेको "श्री नं. १० वाहिनी अड्डाको इतिहास" ।

श्री नं. १८ बाहिनी अड्डा

देशको तत्कालीन परिस्थिति र आवश्यकताअनुरूप नेपाली सेनालाई नेपाल राज्यभर असरदार रूपमा परिचालित गर्ने क्रममा तत्कालीन श्री ५ को सरकार, मन्त्रिपरिषद्वाट स्वीकृति भएअनुसार सन् २००२ अगष्ट १५ (वि.सं. २०५९ श्रावण ३०) मा श्री नं. १८ बाहिनी अड्डालाई सगरमाथा अञ्चलको उदयपुर जिल्लामा स्थापना गर्ने निर्णय भएको थियो । सुरूमा यो बाहिनी सिरहा जिल्लाको चोहर्वा व्यारेकमा स्थापित थियो । अञ्चल सदरमुकाममा अञ्चल कार्यालयहरू सार्ने तत्कालीन नीतिअनुसार पछि यो बाहिनी सगरमाथा अञ्चलको सदरमुकाम गाईघाटमा सरेको हो । यस बाहिनी अड्डाले सन् २००३ सेप्टेम्बर २८ (वि.सं. २०६० आश्विन ११) मा उदयपुर गाईघाटस्थित बोक्सेमा अप्रेशनल जिम्मेवारी सम्हालेको थियो र तत्पश्चात् सन् २००३ अक्टोबर ३ (वि.सं. २०६० आश्विन १६) मा बोक्सेबाट भुल्केमा तैनाथ भएको थियो । यस बाहिनी अड्डाको आदर्श वाक्य "वीरको लक्ष्य विजय प्रत्यक्ष" रहेको छ ।

यस बाहिनी अड्डाको जिम्मेवारी क्षेत्रअन्तर्गत सगरमाथा अञ्चलका ओखलढुङ्गा, खोटाङ, सोलुखुम्बु, सिरहा, सप्तरी र उदयपुर जिल्लाहरू पर्दछन् । यस बाहिनीअन्तर्गत ओखलढुंगा, खोटाङ, सिरहा, सप्तरी र उदयपुरमा गणहरू र सोलुखुम्वुमा २ वटा गुल्महरू कार्यरत रहेका छन् ।[१५४]

यस बाहिनीको प्रथम बाहिनीपति सहायक-रथी लोकबहादुर था.म. र दोस्रो बाहिनीपति सहायक-रथी केशवराज महत हुनुहुन्थ्यो । तेस्रो बाहिनीपतिको रूपमा हाल सहायक-रथी शिव कुमार पौडेल कार्यरत हुनुहुन्छ ।

श्री नं. १९ बाहिनी अड्डा

बदलिँदो परिस्थिती अनुसार सेनाको संख्यामा वृद्धि गर्नु पर्ने आवश्यकता महसुस गरी प्रत्येक अञ्चलमा बाहिनी अड्डा राख्ने योजना भएअनुसार तत्कालीन मन्त्रिपरिषद्को सन् २००३ डिसेम्वर ४ (वि.सं. २०६० मंसिर १८) को निर्णयानुसार

१५४ श्री नं. १८ बाहिनी अड्डाका प्रमुख सेनानी जंगवहादुर गुरूङले वि.सं. २०६४ चैत्र १२ मा फ्याक्स नं. १९४९-१२१३१९ बाट प्रेसित "श्री नं. १८ बाहिनी अड्डाको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ.१ ।

सन् २००३ डिसेम्वर ३० (वि.सं. २०६० पौष १५) बाट लागु हुने गरी राप्ती अञ्चलको सदरमुकाम तुल्सीपुरमा तैनाथ गर्ने गरी श्री नं. १९ बाहिनी अड्डा खडा गरिएको हो । यस बाहिनीको आदर्श वाक्य "शक्ति भक्ति पराक्रम" रहेको छ ।

स्थापनाकालमा यस बाहिनीको जिम्मेवारी क्षेत्र राप्ती अञ्चलका ५ जिल्लाहरू र कर्णाली अञ्चलको डोल्पा थियो । सन् २००४ (वि.सं. २०६१ मंसीर) बाट यस बाहिनीको जिम्मेवारी क्षेत्रमा परिवर्तन भई राप्ती अञ्चलका ५ जिल्लाहरू दाङ, प्युठान, रोल्पा, रूकुम र सल्यान कायम रह्यो । विगतको विषम परिस्थितीमा राप्ती अञ्चलमा स्थापनाकालदेखि नै तैनाथ रही देशमा शान्ति सुव्यवस्था र अमन चयन कायम गराउने नेपाली सेनाको काँधमा आएको गहन जिम्मेवारीलाई पुरा गर्न यस नं. १९ बाहिनी अड्डाले सुरूको दिनदेखि हालसम्म पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

सन् २००६ (वि.सं. २०६३) मा बर्दिया र नेपालगञ्जमा अविरल वर्षाको कारणले त्यहाँका जनताहरूको घर परिवार डुवानमा पर्दा यस बाहिनी अड्डाले सहयोग स्वरूप नगद प्रदान गरेको थियो । सन् २००७ (वि.सं. २०६४) को बाढी पहिरो पीडितलाई पनि यसले नगद सहयोग प्रदान गरेको थियो । त्यसैगरी यसले राप्ती अञ्चलमा बाढी पहिरो पीडितलाई रेडक्रसमार्फत राहतस्वरूप खाद्य साम्रगी प्रदान गरिएको थियो । सन् २००६ (वि.सं. २०६३ चैत्र) मा राप्ती अञ्चल अस्पताल निर्माण गर्न र सन् २००७ (वि.सं. २०६४ कार्तिक) मा घोराहीमा बाल हाडजोर्नी अस्पताल निर्माणको लागि यस बाहिनी अड्डाले आर्थिक सहयोग प्रदान गरेको थियो ।[१५५]

यस बाहिनीका प्रथम वाहिनीपति सहायक-रथी रामबहादुर गुरूङ र दोस्रो बाहिनीपति सहायक-रथी विकास विक्रम शाह हुनुहुन्थ्यो । हाल यस बाहिनीको तेस्रो बाहिनीपति सहायक-रथी बलदेवराज महत हुनुहुन्छ ।

श्री नं. २१ बाहिनी अड्डा

नेपाली सेनाको विस्तार गर्ने क्रममा प्रत्येक अञ्चलमा एउटा बाहिनी स्थापना गर्ने अवधारणा अनुरूप सन् २००४ नोभेम्वर १६ (वि.सं. २०६१ मंसीर १)

१५५ श्री नं. १९ वाहिनी अड्डाका सेनानी लिलाधर चौधरीले मिति अनुल्लिखितमा तयार गरेको "वाहिनी अड्डाको इतिहास", परिशिष्ट "क", पृ. १-४ ।

मा इलामको गढी थुम्का व्यारेकमा ६३ जनाको संख्यामा यस श्री नं. २१ बाहिनी अड्डा स्थापना भएको थियो । यस बाहिनीको आदर्श वाक्य "अदम्य साहस निश्चित विजय" रहेको छ ।

सन् २००५ जुलाई १४ (वि.सं. २०६२ आषाढ ३०) बाट यस बाहिनी अड्डा इलामबाट चारअली व्यारेक झापामा स्थानान्तरण भएको थियो । हाल यस बाहिनी अड्डाको कुल संख्या १७२ कायम भएको छ । यस बाहिनीको जिम्मेवारी क्षेत्र मेची अञ्चलका ४ वटा जिल्लाहरू झापा, इलाम, पाँचथर र ताप्लेजुङ रहेको छ । साथै यस बाहिनीअन्तर्गत झापा जिल्लामा श्री जब्बरजंग गण, इलाम जिल्लामा श्री भवानीदल गण, पांचथर जिल्लामा श्री बटुकदल गण र ताप्लेजुङ जिल्लामा श्री इन्द्रदल गुल्म गरी जम्मा ३ गण र १ गुल्म कार्यरत छन् ।[१५६]

यस बाहिनीको पहिलो बाहिनीपति सहायक-रथी कुमार बुढाथोकी हुनुहुन्थ्यो र हाल दोस्रो बाहिनीपतिको रूपमा सहायक-रथी उमेश कुमार भट्टराई हुनुहुन्छ ।

श्री नं. २२ बाहिनी अड्डा

नेपाली सेनालाई समयानुकुल सुदृढिकरण गरी कोर (चमु) अवधारणामा लैजाने नीतिअनुरूप तत्कालीन मन्त्रिपरिषद्को सन् २००४ जुलाई १५ (वि.सं. २०६१ आषाढ २१) को निर्णयअनुरूप मौजुदा पृतना र बाहिनीहरू बाहेक थप २ वटा पृतना र ५ वटा बाहिनीहरू खडा गर्ने निर्णयअनुसार यस बाहिनी लुम्बिनी बाहिनीको नामले लुम्बिनी अञ्चल रूपन्देही जिल्ला बुटवलमा तैनाथ रही सन् २००४ नोभेम्वर १६ (वि.सं. २०६१ मंसीर १) बाट पूर्ण रूपले आफ्नो कार्य सञ्चालन गरेको थियो । यस बाहिनीको आदर्श वाक्य "अदम्य साहस अखण्ड विजय" रहेको छ ।

सन् २००४ नोभेम्वर २२ (वि.सं. २०६१ मंसीर ७) को तत्कालीन मन्त्रिपरिषद्को निर्णयअनुसार यस बाहिनीलाई श्री नं. २२ बाहिनी अड्डा नामाकरण गरियो । यस बाहिनी पश्चिम पृतना हेडक्वाटरको मातहतमा रहेको

१५६ श्री नं. २१ बाहिनी अड्डाले मिति अनुल्लिखितमा मेसेज नं. डि.एस./१९०२-०२१०३२ बाट प्रेसित जानकारीको आधारमा ।

छ । यस बाहिनीको जिम्मेवारी इलाका लुम्बिनी अञ्चलका ६ जिल्लाहरू गुल्मी, पाल्पा, अर्घाखाँची, नवलपरासी, कपिलवस्तु र रूपन्देही पर्दछन् । यस अघि नवलपरासी जिल्ला नं. ७ बाहिनी र अन्य जिल्ला श्री नं. ३ बाहिनीको जिम्मेवारी क्षेत्रमा पर्दथ्यो ।[१५७]

यस श्री नं. २२ बाहिनी अड्डाको बाहिनीपतिको कार्यभार महासेनानी प्रेमप्रकाश थापा र सहायक रथी नरेन्द्र रावलले सम्हाली सक्नुभएको छ । हाल यस बाहिनीका बाहिनीपति सहायक रथी प्रदिप बहादुर सिंह हुनुहुन्छ ।

श्री नं. २४ बाहिनी अड्डा

श्री नं. २४ बाहिनी अड्डा सन् २००४ नोभेम्वर १६ (वि.सं. २०६१ मंसीर १) मा स्थापना भएको हो । यस बाहिनीको आदर्श वाक्य "कर्ममा गर्व गर्छु" भन्ने रहेको छ ।

यो बाहिनी कर्णाली अञ्चल जुम्ला जिल्लामा कार्यरत रहेको छ । यस बाहिनी अड्डा आफ्नो कार्य क्षेत्रभित्र पर्ने कर्णाली अञ्चलको कालिकोट-जुम्ला सडक निर्माणमा सक्रियतासाथ संलग्न थियो । फलस्वरुप यसले सन् २००७ अप्रिल १३ (वि.सं. २०६३ चैत्र ३०) मा सुर्खेतदेखि जुम्लाको सदरमुकाम खलंगासम्म ७८ किलोमिटर सडक निर्माण सम्पन्न गरी यातायात संचालन गराउनु महत्वपूर्ण कार्य गरेको छ ।[१५८]

यस बाहिनीको बाहिनीपतिको कार्यभार सहायक-रथीहरू राजु प्रताप के.सी. र भिक्टर ज.ब.रा.ले सम्हाली सक्नुभएको छ । हाल यस बाहिनीको बाहिनीपति सहायक-रथी रामकृष्ण अधिकारी हुनुहुन्छ ।

१५७ श्री नं. २२ बाहिनी अड्डाका प्रमुख सेनानी नरेश विक्रम सिंहले वि.सं. २०६४ श्रावण २९ मा तयार गरेको "श्री नं. २२ बाहिनी अड्डाको सङ्क्षिप्त इतिहास", पृ. १ ।

१५८ श्री नं. २४ बाहिनी अड्डाले मेसेज जे.एम./२४०२-१४१०१४ बाट प्रेसित "श्री नं. २४ बाहिनी अड्डाको इतिहास", पृ. १-२ ।

श्री नं. २५ बाहिनी अड्डा

नेपाली सेनाको विस्तार तथा नेपालको १४ वटै अञ्चलहरूमा बाहिनी स्थापना गर्ने नीतिअनुरूप श्री नं. २५ बाहिनीको सन् २००५ जुलाई ५ (वि.सं. २०६१ आषाढ २१) मा खडा भएको हो। यस बाहिनीको आदर्श वाक्य "महाकाली हाम्रो शक्ति" रहेको छ।

सुदूर पश्चिमाञ्चलको महाकाली अञ्चलका चारवटै जिल्लामा शान्ति सु-व्यवस्था कायम गर्ने उद्देश्यले स्थापना गरिएको यस बाहिनीको नाम "महाकाली बाहिनी" राखिएको र यसले सन् २००४ नोभेम्वर १६ (वि.सं. २०६१ मंसीर १) मा डडेल्धुराबाट कार्य आरम्भ गरेको थियो। यो बाहिनी सन् २००५ फेब्रुअरी २४ (वि.सं. २०६१ फाल्गुण १३) मा "महाकाली बाहिनी" को नामबाट "नं. २५ बाहिनी" मा नामाकरण भएको हो। डडेल्धुरा जिल्लाबाट स्थानान्तरण भई हाल यो बाहिनी कञ्चनपुर जिल्लामा आफ्नो जिम्मेवारी बहन गरिरहेको छ।

सन् २००५ (वि.सं. २०६२ असोज) मा महाकाली नदीमा आएको बाढीबाट चाँदनी गा.वि.स. र महेन्द्रनगर वडा नं. १३ का बाढी पिडित जनताहरूलाई उद्धार गर्न र राहत वितरण कार्यमा यस बाहिनीले महत्वपूर्ण भूमिका खेलेको थियो। त्यस बाहेक यस बाहिनी अड्डाले ६ वटा सैन्य आधार तालिमहरू सम्पन्न गरिसकेको छ।[१५९]

यस श्री नं. २५ बाहिनीको प्रथम बाहिनीपति सहायक-रथी दमनबहादुर घले हुनुहुन्थ्यो। हाल यस बाहिनीको दोस्रो बाहिनीपति सहायक-रथी हेमकर शम्शेर ज.ब.रा. हुनुहुन्छ।

१५९ श्री नं. २५ बाहिनी अड्डाका प्रमुख सेनानी पूर्ण ओलीले वि.सं. २०६४ मंसीर ९ मा तयार गरेको "श्री नं. २५ बाहिनी अड्डाको इतिहास", पृ. १-२।

गणहरू

श्री श्रीनाथ गण

राजा पृथ्वीनारायण शाहले आरम्भ गरेको एकीकरणको अभियानमा सन् १७६२ (वि.सं. १८१९ आश्विन ५) मा श्री श्रीनाथ कम्पनीको नामबाट यो गणको थालनी भएको हो । गोरखा दरवारस्थित इष्ट देवता गोरखनाथको नाममा श्री श्रीनाथ कम्पनी खडा गरिएको थियो । नेपाली सेनाको जेष्ठ पल्टनको रूपमा श्री गणेश भएको यो गणको आदर्श वाक्य "नेपाल गौरव" रहेको छ ।

वंगालका नवाव मीरकासीमको पराजित फौजबाट प्राप्त भएका करिव ५०० नाल बन्दुक र २ वटा तोपका सहायताले खडा गरेको ५ कम्पनी (श्रीनाथ, वज्रवाणी, सवुज, पुरानो गोरख, कालीबक्स) मध्ये यो पनि एक थियो ।[१६०] सर्वप्रथम यो श्री श्रीनाथ कम्पनी नुवाकोटमा खडा भएको थियो । आधुनिक नेपालको एकीकरणदेखि लिएर विभिन्न आरोह अवरोह पार गर्दै यो कम्पनी, श्री श्रीनाथ पल्टन (रेजिमेन्ट), श्री श्रीनाथ कम्पु हुँदै श्री श्रीनाथ गणको रूपमा रुपान्तरण भएको छ । हाल यो गण दाङमा तैनाथरत छ ।

नेपाल एकीकरणको क्रममा यसले बाईसी-चौबीसी राज्यहरूसँग लडी तिनीहरूलाई नेपाल अधिराज्यमा मिलाउने कार्यमा सफलता हासिल गरेको थियो । देशमा शान्ति सुरक्षा कायम गर्ने क्रममा यसले सन् १९६२ (वि.सं. २०१८) को बझाङ सैनिक कारवाही, सन् १९७१ (वि.सं. २०२८) मा भएको भुसाह काण्ड र सन् १९७४ (वि.सं. २०३१) को खम्पा निशस्त्रीकरण अभियानमा सक्रिय भूमिका खेलेको थियो ।[१६१]

सन् १७६७ मा अङ्ग्रेज क्याप्टेन किनलकले नेतृत्व गरेको इष्ट इण्डिया कम्पनीको सेनालाई पौवागढीको निर्णायक युद्धमा हराएर भगाउने गोरखाली सेनामा यसले महत्वपूर्ण भूमिका खेलेको थियो । सन् १७९१-१७९२ को नेपाल-तिब्बत युद्धमा तिब्बतको सहायताको लागि आएको चिनियाँ फौजको यसले चामे र धैवुङ वेत्रावतीमा वीरतापूर्वक सामना गरेको थियो । सन् १८१४-१८१६ मा अङ्ग्रेजसंगको युद्धमा यसले बुटवल क्षेत्रबाट लडाइँमा भाग लिएको थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा पनि यसले भाग लिएको थियो । त्यस्तै सन् १८५७ भारतीय सिपाही विद्रोहमा अङ्ग्रेज सरकारले सहायताको माग

१६० सोमध्वज विष्ट, *शाही सैनिक इतिहास* (सैनिक कारवाइ तथा युद्ध), प्रकाशन स्थान अनुल्लिखित, चौ.नारायणजंग शाह र नरेन्द्रमानसिंह बस्न्यात, वि.सं. २०२०, पृ. ३२-३४ ।

१६१ बस्न्यात, पादटिप्पणी संख्या १०, पृ.९८-१०४, १०५-१०८ र १०९-११० ।

गरेअनुसार नेपालबाट भारतको लखनाउमा पठाइएका पल्टनहरूमध्ये यो पनि सम्मिलित थियो। सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतबीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन फौजमध्ये दोस्रो डिभिजनमा खटिएको थियो। सन् १९१४-१९१८ प्रथम विश्वयुद्ध[१६२] र सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धमा यसलाई भारतको शान्ति-सुरक्षा कायम गर्ने कार्यमा तैनाथ गरिएको थियो। हैदरबादमा गोलमाल मच्चिँदा भारतमा शान्ति-सुरक्षा कायम गर्नको लागि भारत सरकारको अनुरोधमा सहायतार्थ नेपालबाट पठाएका पल्टनहरूमध्ये यो कलकत्तामा खटिएको थियो।[१६३]

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना गर्ने कार्यअन्तर्गत यो गण सन् १९८५ (वि.सं. २०४२) र सन् १९९२ (वि.सं. २०४८) मा लेबनान, सन् १९९५ (वि.सं. २०५२) मा पूर्वी युगोस्लाभिया र सन् २००४ (वि.सं. २०६१) मा कंगोमा तैनाथ रहेको थियो।

सन् १९५७-१९५९ (वि.सं. २०१४-२०१६) मा कान्तिपथ सडक निर्माण, सन् १९६२ (वि.सं. २०१८) मा बफाङ शरणार्थी क्याम्पको निर्माण र सन् १९८१ (वि.सं. २०३८) मा त्रिशुली-सोमदाङ्ग सडक निर्माणमा यो गणले ठूलो योगदान पर्‍याएको थियो।[१६४]

यस गणको कमाण्ड गणपतिहरू क्रमशः प्रमुख सेनानीहरू बलबहादुर खत्री, शैलेन्द्रबहादुर महत, वीरेन्द्र प्रसाद शाह, गुप्तबहादुर कार्की, कुँवर शम्शेर ज.ब.रा., पशुपति शम्शेर ज.ब.रा., रिद्धिजंग थापा, समुन्द्रबहादुर थापा, माधव शम्शेर ज.ब.रा., गोविन्द नरसिंह राणा, फत्तेबहादुर लिम्बु, मकरबहादुर कार्की, भिम प्रसाद राई, शिवराम प्रधान, शारदाजंग सिजापति, यज्ञ विक्रम राणा, विजय थापा, सनत कुमार बस्नेत, कमलेशबहादुर सिंह, शम्शेर ठकुराठी र सागरबहादुर के.सी.ले गरिसक्नु भएको छ। हाल यस गणका गणपति प्रमुख सेनानी जीतेन्द्रजंग कार्की हुनुहुन्छ।

---

१६२ "पहिलो विश्वयुद्धमा नेपालबाट १० पल्टन गयाको र त्यसमा ३ बृगेड बाँडिएको", वि.सं. १९७१, सन् १९१४, *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. १९८।

१६३ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. २२, खत्री, पादटिप्पणी संख्या ९७, पृ. १४, ३४-३७ र "दोश्रो विश्वयुद्धमा श्री जि.ओ.सि. र भारत काश्मिर हैदराबादमा खटि जाने जि.ओ.सि. हरूले श्री प.क.ज.लाई लेखिएको चिठ्ठीपत्रहरूको नक्कल फायल", वि.सं २००१, २००५ सन् १९४४, १९४८; *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. ९२।

१६४ श्री श्रीनाथ गणका सेनानी बसन्त कुमार खड्काले वि.सं. २०६४ आश्विन ४ मा मेसेज डि.एस.ए./१६१८-०६१२२८ बाट प्रेसित "श्री श्रीनाथ गणको इतिहास", पृ. २।

श्री बर्दबहादुर गण

श्री बर्दबहादुर गण राजा पृथ्वीनारायण शाहले थालेको नेपालको एकीकरणको अभियानमा सन् १७६२ (वि.सं. १८१९ आश्विन ९) मा श्री बर्जबाणी कम्पनीको नामबाट स्थापना भएको हो।[१६५] हालसम्म प्राप्त इतिहासमा कुनै पनि गण गुल्मको सुरूको नाम बदलिएको छैन। तर यस गणलाई "बर्जबाणी" बाट बर्दबहादुर किन बनाइयो ? यसको ऐतिहासिक आधार फेला पार्न सकिएको छैन। यद्यपि पछिका इतिहासमा लेखिएअनुसार बर्जबाणीको सट्टा यहाँ पनि बर्दबहादुर नै लेखिएको छ।

नुवाकोट विजयबाट प्रोत्साहित राजा पृथ्वीनारायण शाहले सन् १७६२ (वि.सं. १८१९) मा मीरकासीमको फौजसँग मकवानपुरगढीमा लडी वैरीहरूबाट खोसिएका करिब ५०० नाल राइफल र २ वटा तोपबाट सय नालको एक/एक कम्पनी खडा गरिएको कम्पनी श्रीनाथ, वज्रबाणी, सबुज, पुरानो गोरख र कालीबक्स मध्ये यो पनि एक थियो। यिनै ५ कम्पनीको सुरूवात नै नेपाली सैनिक इतिहासमा सैनिक सङ्गठनको महत्वपूर्ण सुरुवात मानिन्छ। गोरखा कालीकास्थान माझकोटबाट करिब १ किलोमिटर पूर्व उपल्लोकोटमा अवस्थित "बर्ज भैरव" बाट "बर्जबाणी" नामाकरण भएको मानिन्छ। गणको निशानमा सन् १८३८ (वि.सं. १८९५ वैशाख) मा "बर्ज बाणी" लेखिएको हुँदा बर्जबाणी, बर्दबाणी, बर्जबाणी भनी संशोधन गर्ने गरेको पाइन्छ। गठनकालदेखि सन् १९६७ मार्च १५ (वि.सं. २०२३ चैत्र २) सम्म बर्जबाणी, बर्ज बाणी, बर्दबाणी, ब्रजबहादुर, बर्जबहादुर, बर्जबहादुर विभिन्न नामबाट यस पल्टनको नामकरण भएको पाइएता पनि सन् १९६७ मार्च १७ (वि.सं. २०२३ चैत्र ४) बाट लिखित रूपमा "बर्दबहादुर" भनी संशोधन गर्न सुरू गरेको पाइन्छ।[१६६] यस गणको आदर्श वाक्य "त्याग नै तपस्या हो" रहेको छ।

सन् १८१२ (वि.सं. १८६९) मा यो कम्पनीबाट बर्दबाणी पल्टनमा परिणत भएको थियो। सन् १९५२ (वि.सं. २००९) को सैनिक पुनर्गठन र ब्यारेक सिष्टमको दौरान अरू पल्टनहरूसंगै यो पनि खारेजीमा परेको थियो। सन् १९६३ अक्टोबर २४ (वि.सं. २०२० कार्तिक ७) मा फष्ट बटालियन होम गार्डलाई राजा

---

१६५ शाही नेपाली जंगी अड्डा, (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३०।

१६६ श्री बर्दबहादुर गणका गणपति प्रमुख सेनानी सानुराम कटवालले वि.सं. २०६४ भाद्र ३१ मा तयार गरेको "श्री बर्दबहादुर गणको सङ्क्षिप्त इतिहास", पृ. १-२।

महेन्द्रले श्री वर्दवाणी कम्पनीको निशान प्रदान गरेका थिए । तत्पश्चात् सन् १९६७ मार्च १७ (वि.सं. २०२३ चैत्र ४) मा यो बर्दबहादुर गणमा परिणत भयो । महेन्द्र ब्यारेक, वानेश्वर, लामटाङ राष्ट्रिय निकुन्ज हुँदै हाल यो गण नारायणहिटी दरबारमा तैनाथ छ । सन् १८४१ (वि.सं. १८९८) मा यसमा अधिकृत लगायत जम्मा ५५६ जवान रहेको बुझिन्छ ।

यसले सन् १७६७ मा सिन्धुलीगढी भन्दा दक्षिण ढुङ्गेवास निरको पौवागढीमा अङ्ग्रेजसँग भएको युद्धमा भाग लिएको थियो । सन् १७६८ मा काठमाडौं विजय गर्न यसले महत्वपूर्ण भूमिका खेलेको थियो । सन् १७७०-१७७४ सम्म यसले पूर्वी नेपालको एकीकरण कार्यमा पनि सक्रिय भूमिका खेलेको थियो । त्यस्तै नेपालको एकीकरण अभियानमा भाग लिँदै राज्य सीमाको विस्तारको क्रममा यसले सन् १८०७ मा किल्ला-काँगडाको युद्धमा ठूलो रणकौशल देखाएको थियो ।[१६७]

सन् १८१४ -१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले सुजनपुर र बारागढीको युद्धमा वीरता प्रदर्शन गरेको थियो । सन् १८५५-१८५६ मा भएको नेपाल-तिब्बत युद्धमा यसले विशिष्ट वीरताको प्रदर्शन गरेको थियो । सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा नेपालबाट अङ्ग्रेजको सहायताको लागि गएको सेनामा यो पनि सम्मिलित भई लखनउमा विद्रोह दबाउने कार्यमा सम्मिलित थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतबीच युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन फौजमध्ये पहिलो डिभिजनमा खटिएको थियो ।

सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यो कालीबहादुर पल्टनमा सम्मिलित भई भारतको शान्ति-सुरक्षाका लागि देहरादुनमा संलग्न रहेको थियो ।[१६८] त्यस्तै सन् १९३९-१९४५ को द्वितीय विश्वयुद्धमा यसले कालीबहादुर पल्टनको अर्धाङ्ग बनी आसाम-बर्माको युद्धमा भाग लिएको थियो । सन् १९४८ मा भारत सरकारको अनुरोधमा सहायताको लागि नेपालबाट पठाएको सेनामा त्यहाँ आन्तरिक शान्ति-सुरक्षा कायम गर्ने क्रममा कालीबहादुर पल्टनसँग सम्मिलित भई यो भारतको रामगढमा तैनाथ थियो ।

---

१६७ शाही नेपाली जंगी अड्डा (प्र.), पाददिप्पणी संख्या ९१, पृ. ३० र सिंहप्रताप शाह, "श्री वर्दबहादुर गणको सङ्क्षिप्त इतिहास", *सिपाही,* वि.सं. २०२६, पृ. २ ।

१६८ "पहिलो विश्वयुद्धमा नेपालबाट भारत खट्टि जाने फौजको अफिसरदेखि जवानसम्मको राशन स्केल र नेपाल कन्टिजेन्सले नेपालमा लेखापढीको नक्कल किताव", वि.सं. १९७१, १९७६; सन् १९१४, १९१९; *जंगी अड्डा,* अभिलेख शाखा, भाग २, सि.नं. २०९ ।

राष्ट्रसंघीय शान्ति सेनाको रूपमा यस गण सन् १९७८ र १९९० मा लेवनानमा र सन् २००२ मा सेरालियोनमा तैनाथ भएको थियो ।

सन् १९९० (वि.सं. २०४७ भाद्र) मा मकवानपुरको कर्रा र लहरे खोलामा आएको वाढीमा उद्धार कार्यमा यो संलग्न थियो ।

हाल यस गणका गणपति प्रमुख सेनानी सानुराम कटवाल हुनुहुन्छ ।

श्री सवुज गण

राजा पृथ्वीनारायण शाहको एकीकरण अभियानका क्रममा सन् १७६२ (वि.सं. १८१९ आश्विन ९) मा यो गण श्री सवुज कम्पनीको नामवाट गठन भएको हो । यो गणको नाम सवुज शव्दको अर्थ बुद्धि र विवेकले काम गर्ने, परिपक्क र सानो इशारामा कुरा वुझेर काम गर्न सक्ने भन्ने वुझिन्छ । यस गणको आदर्श वाक्य "गरे काम असम्भव के छ र" रहेको छ ।

राजा पृथ्वीनारायण शाहले विशेष गरी सन् १७६२ (वि.सं. १८१९) पछि एकीकरण अभियानको निमित्त गोरखा राज्यमा सैनिक सङ्गठनको सुरूवात गरी स्थायी सेना खडा गर्ने नयाँ परिपाटी वसालेका थिए । मकवानपुरगढीमा आक्रमण गर्न आउने बंगाली फौजलाई गोरखाली फौजले हराई तिनीहरूवाट करिव ५०० नाल हतियार र २ वटा तोप समेत खोसेका थिए । तिनै हतियारवाट एकसय नालको एक कम्पनी बनाई पृथ्वीनारायण शाहले ५ वटा कम्पनीहरू खडा गरेका थिए । ती कम्पनीहरू मध्ये सन् १७६२ (वि.सं. १८१९ आश्विन ५) मा श्रीनाथ तथा कालीवक्स र सन् १७६२ (वि.सं. १८१९ आश्विन ९) मा श्री वर्दवाणी कम्पनीको गठन गरियो । श्री सवुज कम्पनी पनि श्री वर्दवाणी कम्पनी गठन भएकै दिन गठन गरिएको हो । तर गणहरूको मर्यादा क्रममा श्री सवुज गणलाई वर्दवाणी पछि अर्थात् चौथोमा राखिएको पाइन्छ ।

श्री सवुज कम्पनी सन् १८१२ (वि.सं. १८६९) मा श्री सवुज पल्टनको रूपमा र सन् १८६६ (वि.सं. १९२३) मा दर्माहा पल्टनको रूपमा पुनर्गठन गरिएको थियो । यो पल्टन सन् १९५२ को सैनिक पुनर्गठनमा खारेजमा परेको थियो । सन् १९५३ (वि.सं. २०१०) मा सवुज पल्टनवाट ११० जना झिकुवा गरी नं. १ हिमाल

राइफल कम्पनी खडा गरियो । तत्पश्चात् सन् १९५८ (वि.स. २०१५) मा श्री सवुज मिलिसिया कम्पनीको रूपमा र सन् १९६३ डिसेम्वर २८ (वि.सं. २०२० पौष १३) मा श्री सवुज गुल्मको रूपमा परिणत भएको थियो । अन्ततगोत्वा सन् १९८१ जुलाई १६ (वि.सं. २०३८ श्रावण १) मा श्री सवुज गुल्म र शाही चितवन राष्ट्रिय निकुञ्ज सुरक्षा टोलीलाई गाभि पदिक गणमा परिणत गरियो ।[१६९] काठमाडौं, पाल्पा, गुल्मी, काठमाडौं, रूपन्देही, काठमाडौं, चितवन हुँदै यो गण हाल सल्यानमा तैनाथरत छ ।

यस गणले भाग लिएको महत्वपूर्ण युद्ध अभियानहरूमा सन् १७६२ (वि.सं १८१९ आश्विन २२) मा कविलासपुर, कार्तिक १० मा धुलिखेल, सन् १७६३ (वि.सं. १८२० भाद्र २) मा पांगा र चोभार, कार्तिक ११ मा पनौती र खड्पु, कार्तिक १४ मा वनेपा, साँगा, रानीकोट र नाला, कार्तिक २० मा फर्पिङ र विसङखु, सन् १७६४ (वि.सं. १८२१) मा चिहानडाँडा, सन् १७६५ (वि.सं. १८२२ जेष्ठ १) मा लुतिकोट आदि स्थान हुँदै सन् १७६५ (वि.सं. १८२२) को कीर्तिपुर विजय अभियानमा भाग लिएको थियो । सन् १७६८ (वि.सं. १८२५ भाद्र) मा काठमाडौं र सन् १७६८ (वि.सं. १८२५ पौष) मा पाटन र सन् १७६९ (वि.सं. १८२६ कार्तिक) मा भक्तपुरमाथि आक्रमण गरी विजय प्राप्त गर्ने फौजमा यस गणको संलग्नता थियो ।

एकीकरणको क्रममा काठमाडौं उपत्यकाको विजयपश्चात् पूर्वी र पश्चिमी तराईलाई नेपाल अधिराज्यमा सम्मिलित गराउन श्री सवुज कम्पनी सन् १७७०-१७७६ (वि.सं. १८२७-१८३३) सम्म तराई क्षेत्रमा कार्यरत रह्यो । सन् १७८५ (वि.सं. १८४२) को कास्की, नुवाकोट र प्युठान विजय अभियानमा पनि यसले योगदान पुऱ्याएको थियो ।[१७०] सन् १८०६ (वि.सं. १८६३) मा तारागढी र काँगडाको युद्धमा यसले आफ्नो वहादुरी प्रर्दशन गरेको थियो ।

यसले सन् वि.सं. १७६७ (वि.सं. १८२४) मा अङ्ग्रेज इष्ट इण्डिया कम्पनीसँग पौवागढीको लडाइँमा कप्तान किनलकले नेतृत्व गरेको अङ्ग्रेज फौजलाई हराएको थियो । सन् १७८८-१७९२ (वि.सं. १८४५-१८४९) मा तिव्वतको साथै नेपाल-तिव्वत युद्धमा तिव्वतको सहायतार्थ आएको चिनियाँ फौजसँग यसले मुकाविला गरेको थियो । सन् १८१४-१८१६ (वि.सं. १८७१-१८७३) को नेपाल-अङ्ग्रेज युद्धमा यसले वुटवलको जितगढीमा कर्नेल उजिरसिंह थापाको कमाण्डमा बहादुरीपूर्वक लडी विजय प्राप्त गरेको थियो ।[१७१] यसैगरी यसले सन् १८५५-१८५६ (वि.सं. १९११-१९१२) को नेपाल-तिव्वत युद्धताका कुति क्षेत्रमा भएको युद्धमा वहादुरीपूर्वक विजय प्राप्त गरेको थियो । सन् १८५७ (वि.सं. १९१४-१९१५) को भारतीय सिपाही विद्रोह दवाउन अङ्ग्रेज सरकारको सहायतार्थ लखनउमा पठाइएका नेपाली फौजमा यो पनि संलग्न थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिव्वतवीच मनोमालिन्य वढेर युद्ध हुन लागेको वखत यो तिव्वतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन मध्ये दोस्रो डिभिजनमा सरिक गरिएको थियो । सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यसलाई भारतको देहरादुनमा तैनाथ गरिएको थियो । सन् १९१८ (वि.सं. १९७५) मा अङ्ग्रेज-अफगान युद्धको लागि यसलाई कावुलमा लड्न तम्तयार गराएर राखिएको थियो ।

संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति सेनाको रूपमा यस गणले सन् १९८७ (वि.सं. २०४४), सन् १९९३ (वि.सं. २०५०), सन् १९९६ (वि.सं. २०५३) मा लेवनान र सन् २००५ (वि.सं. २०६२) मा हाईटीमा भाग लिई उत्कृष्ट कार्य गरेको थियो ।

यस श्री सवुज गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू भिक्ट्री राणा, प्रवल शम्शेर ज.ब.रा., बालानन्द शर्मा, तिलकबहादुर कुंवर, सिंहवहादुर गुरूङ, विष्णुबहादुर गुरूङ, उदवबहादुर के.सी., बैकुण्ठ काफ्ले, आमोदनरीसंह राणा, टिकाराम भट्ट, सुवर्णवहादुर महत, गणेशबहादुर कार्की, दिलिपवहादुर विष्ट र निरमानसिंह गुरूङले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी टुकवहादुर मल्ल हुनुहुन्छ ।

श्री पुरानो गोरख गण

पृथ्वीनारायण शाहले थालेको एकीकरण अभियानका क्रममा सन् १७६३ (वि.सं. १८१९ फाल्गुण १०) मा यो गण श्री गोरख कम्पनीको नामवाट गठन गरिएको हो । बंगालका नवाव मीरकासीमको फौजले मकवानपुरगढीमा हमला

१६९ श्री सवुज गणका गणपति प्रमुख सेनानी निरमानसिंह गुरूङले वि.सं. २०६४ मंसिर ५ मा तयार गरेको "श्री सवुज गणको सङ्क्षिप्त इतिहास" र विजितराज रेग्मी, *सवुज* (श्री सवुज गण अतितदेखि वर्तमानसम्म), प्रकाशन स्थान अनुल्लिखित, श्री सवुज गण, वि.सं. २०५५, पृ. ४, १९-२३ र ५४-५५ ।

१७० दिनेशराज पन्त, "अप्रकाशित ६ वटा ऐतिहासिक पत्रहरू", *पूर्णिमा,* वर्ष ५, अंक ४, वि.सं. २०३५ (माघ-फाल्गुन-चैत्र), पृ. ३२४ ।

१७१ भवेश्वर पंगेनी, *पाल्पा गौंडा प्रशासनका दुई दशक* (वि.सं. १८६१-१८८१), काठमाडौं: श्रद्धा स्रष्टा प्रकाशन, वि.सं. २०६५, पृ. १२१-१४४ ।

गर्न आएपछि गोरखाली सेनामा ती वैरीहरूको ढाड भाँची करिव ५०० नाल हतियार र २ वटा तोप खोसे । तिनै हतियारवाट १०० नालको १ कम्पनी खडा गरी जम्मा ५ कम्पनी स्थापना गरिए । तीमध्ये यो गण (त्यसबेला कम्पनी) पनि एक थियो । सन् १७८५ (वि.सं. १८४२ पौष १६) मा खडा गरिएको अर्को नयाँ कम्पनीको नाम पनि "गोरख" नै जुरेकोले यसलाई पुरानो गोरख भन्ने नाम दिइएको थियो । गोरखाको गोरखनाथ वावाको स्मृती स्वरूप यसको नामाकरण गरिएको बुझिन्छ । यस गणको आदर्श वाक्य "जननी जन्म भूमिश्च स्वर्गादपी गरियसी" रहेको छ ।

नेपाल-अङ्ग्रेज युद्धपश्चात् अङ्ग्रेजहरूले नेपालीहरूलाई आफ्नो फौजमा अनौपचारिक रूपले नेपालबाट लगेर भर्ना गर्न थाले । तीमध्ये पनि राई, लिम्बु, गुरूङ, मगर जस्ता जातलाई छानेर लान थाले । त्यसवेलासम्म नेपाल सरकारले वृटिश इण्डियन आर्मी (British Indian Army) मा नेपाली भर्ना गर्न औपचारिक स्विकृती दिएको थिएन् । यसर्थ, नेपालको भन्दा बढि तलव दिएर अवैध रूपले वृटिशहरूले नेपालीहरूलाई सेनामा भर्ना गर्न थालेकोले र राई, लिम्वु, गुरूङ, मगरहरू बढि विदेशीन थालेको हुँदा त्यस क्रमलाई रोक्नलाई समेत तत्कालीन सरकारले जातिय पल्टन खडा गरेको थियो । जस्तो भैरवनाथ गण राई, लिम्वुको पल्टन, पुरानो गोरख मगरहरूको पल्टन, भवानीदल मगरहरूको पल्टन वनाइएको थियो । कतिपय गणहरूले हाल आएर आ-आफ्नो इतिहास लेख्दा वडामहाराजा पृथ्वीनारायण शाहले जातिय कम्पनी खडा गरेको, बहादुर भन्ने टाइटल दिएको जस्ता विवरण पनि पाइन्छ । ती कुराहरू तथ्यपरक छैनन् । सन् १९५२ को नेपाली सेनाको पुनर्गठनपश्चात् यस श्री पुरानो गोरख पल्टनलाई गणमा परिणत गरिएको थियो । त्यसवेला श्री बर्दवहादुर पल्टन खारेजीमा परेकोले उक्त पल्टनका केही जवानहरू यस श्री पुरानो गोरख गणमा गाभिएका थिए ।[१७२] जोगवनी, जलेश्वर, विराटनगर, काठमाडौं, नेपालगञ्ज, काठमाडौं, झापा, काठमाडौं, चितवन, पोखरा, मकवानपुर, काठमाडौं हुँदै हाल यो गण चितवन कसरास्थित चितवन राष्ट्रिय निकुञ्जमा तैनाथरत छ ।

यसले काठमाडौं उपत्यकाको विजय अभियान, पश्चिम अभियान, वाइसी चौवीसी राज्य अभियान, कुमाउं, अलमोडा र गढवालको लडाइँ र काँगडा क्षेत्र लडाइमा आफ्नो वीरता र रणकौशलताको प्रदर्शन गरेको थियो ।

---

१७२ श्री पूरानो गोरख गणका गणपति प्रमुख सेनानी लववहादुर खत्रीले वि.सं. २०६४ चैत्र ५ मा तयार गरेको "श्री पूरानो गोरख गणको सङ्क्षिप्त इतिहास", पृ. १ र ३ ।

यसले सन् १७६७ (वि.सं. १८२४) मा अङ्ग्रेज इष्ट इण्डिया कम्पनीको सेनासित लडिएको पौवागढीको युद्धमा भाग लिएको थियो । सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले अन्य पल्टन श्री बरख, श्री कालीदल र श्री शार्दुलजंगसँग मिली जैथक र देउथलको लडाइँमा भाग लिई आफ्नो वहादुरी प्रदर्शन गरेको थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले केरूङमा आफ्नो पराक्रम देखाएको थियो । सन् १८५७-१८५८ मा भारतमा भएको सिपाही विद्रोहमा वृटिश सरकारको सहायताको लागि नेपाल सरकारबाट मद्दतको निम्ति फौज जाँदा यो पनि खटिई लखनऊमा विद्रोह शान्त गर्ने कार्य गरेको थियो । सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यो भारतमा अमनचैन कायम राख्न नेपालबाट गएको सेनामा सम्मिलित भई अवोटावादमा तैनाथरत थियो ।[१७३] त्यस्तै सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धमा यो भारत सरकारको सहायताको लागि भारतको विभिन्न ठाउँहरूमा शान्ति सुरक्षा बनाउने काममा संलग्न रहेको थियो । सन् १९४८ मा हैदरवादमा गडवडी हुँदा भारत सरकारको सहायतार्थ शान्ति सुरक्षा कायम गर्ने कार्यमा यो भारतमा खटिएको थियो ।[१७४]

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापनार्थ यस गणले सन् १९७४ (वि.सं. २०३०) मा मध्यपूर्वमा, सन् १९८९ (वि.सं. २०४६), सन् १९९४ (वि.सं. २०५०) र सन् १९९८ (वि.सं. २०५५) मा लेवनानमा र सन् २००४ (वि.सं. २०६१) मा कंगोमा रही आफ्नो जिम्मेवारी पुरा गरेको थियो । यसका अतिरिक्त अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा पूर्वी युगोस्लाभियाको क्रोएसिया, सोमालिया, इराक-कुवेत पर्यवेक्षक मिशन, पूर्वी टिमोर, हाइटी, कंगो, सुडान, वुरूण्डी आदि स्थानहरूमा यस गणका सकल दर्जाहरूले विभिन्न गणसँग सहभागी भई उत्कृष्ट कार्य सम्पादन गरेका छन् ।

---

१७३ "पैलो विश्वयुद्धमा वृटिश सहायतामा खट्टि गयाका नेपाली कन्टिजेन्सको नफ्री र भत्ता पाएका, पेन्सन पाएका, मरेका घाइते भएका पक्रेका समेत लखिएको नक्कल", वि.सं. १९७१; सन् १९१४, *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. १९२ ।

१७४ श्री पूरानो गोरख गणका गणपति प्रमुख सेनानी लववहादुर खत्रीले वि.सं. २०६४ चैत्र ५ मा तयार गरेको "श्री पूरानो गोरख गणको सङ्क्षिप्त इतिहास", पृ. ४-६, शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३८, खत्री, पादटिप्पणी संख्या ९७, पृ. ४३-४४, वासुदेव नेपाल, "श्री पूरानो गोरख गण (शा.र.) अतितदेखि वर्तमानसम्म", *सिपाही*, वर्ष ३४, वि.सं. २०५८, पृ. ७८ र "दोश्रो विश्वयुद्धमा श्री जि.ओ.सि. र भारत काश्मिर हैदरावादमा खटि जाने जि.ओ.सि. हरूले श्री प.क.ज.लाई लेखिएको चिठ्ठीपत्रहरूको नक्कल फायल", वि.सं. २००१, २००५; सन् १९४४, १९४८; *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. ९२ ।

यसले चितवन राष्ट्रिय निकुञ्ज, कसरामा संरक्षण र सम्वर्द्धनमा गरेको उल्लेखनिय कार्यहरूको कदरस्वरूप सन् २००४ (वि.सं. २०६१) मा डब्लु.डब्लु.एफ. वाट अब्राहम कनजरभेशन अवार्ड प्राप्त गरेको थियो ।

यस श्री पुरानो गोरख गणको कमाण्ड गणपतिहरू वीर योद्धा कप्तान वलभद्र कुँवर, कर्णेल धिर शम्शेर ज.ब.रा., लेफ्टिनेन्ट कर्णेलहरू इन्द्र शम्शेर ज.ब.रा., तोत्र शम्शेर ज.ब.रा., सुरेन्द्रबहादुर बस्न्यात, वलराम शम्शेर ज.ब.रा., हेमबहादुर गड्तौला, पदमबहादुर शाह, बलराम शम्शेर ज.व.रा., विरबहादुर कार्की, योधराज शम्शेर ज.ब.रा., कुलबहादुर बस्न्यात, विष्णुबहादुर पाण्डे, प्रमुख सेनानीहरू अदित्य शम्शेर ज.ब.रा., हेमबहादुर बस्न्यात, जयप्रताप राणा, हरि विक्रम खत्री, गरूड शम्शेर ज.ब.रा., नरदेवानन्द वैद्य, गजेन्द्र विक्रम राणा, डोनस ग्राण्डन, दिलबहादुर कार्की, पुरेन्द्र शम्शेर ज.व.रा., लिली जंग गुरूङ, मन्सुरा विक्रम शाह, गिर्वाण विक्रम शाह, गौरव शम्शेर ज.व.रा., अनन्तबहादुर थेवे, कुमार के.सी., उमेश कुमार भट्टराई, विजय मोक्तान, प्रभुराम शर्मा र अजित थापाले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी लवबहादुर खत्री हुनुहुन्छ ।

श्री श्रीजंग गण

राजा रणबहादुरको पालामा सन् १७८५ अप्रिल (वि.सं. १८४२ वैशाख १) मा श्री श्रीजंग गण श्री श्रीजंग कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "नेपाल ईश्वर गौरव" रहेको छ ।

सन् १९६७ अप्रिल १४ (वि.सं. २०२४ वैशाख १) मा यो एउटा अनाश्रित गुल्मको रूपमा खडा भएको देखिन्छ । तत्पश्चात् सन् १९९८ अप्रिल १४ (वि.सं. २०५५ वैशाख १) मा यो गुल्मबाट गणमा परिणत भएको हो ।[१७५] ताप्लेजुङ, पाँचथर, सिराहा, पाँचथर, सोलुखुम्बु, सप्तरी, दोलखा हुँदै यो गण हाल काठमाडौंको सिहंदरवारमा तैनाथरत रहेको छ ।

१७५ श्री श्रीजंग गणका गणपति प्रमुख सेनानी मन बस्नेतले वि.सं. २०६४ मंसिर १ मा तयार गरेको "श्री श्रीजंग गणको इतिहास", पृ. १-२ ।

सन् १७८५ (वि.सं. १८४२) मा यसले राष्ट्रिय एकीकरणको अभियानमा पल्लो नगरकोट तथा प्युठानमाथि विजय प्राप्त गरेको थियो ।[१७६] सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यो नेपालको पूर्वी क्षेत्र विजयपुरमा तम्तयार भएर रहेको थियो । त्यस्तै १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले ओलाङ्चुङगोला मोहोडाबाट बढेको थियो ।

हाल यस श्री श्रीजंग गणका गणपति प्रमुख सेनानी मन बस्नेत हुनुहुन्छ ।

श्री रणभीम गण

राजा रणबहादुर शाहको पालामा सन् १७८५ अप्रिल (वि.सं. १८४२ बैशाख १) मा यो गण श्री रणभीम कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "वीर हौ भीम झैं" भन्ने रहेको छ ।

पछि खारेजमा परे पनि सन् १९०५ अप्रिल (वि.सं. १९६२ वैशाख १) मा पुर्नस्थापना भई सन् १९१९ (वि.सं. १९७६) मा श्री कालीजंग कम्पनीलाई यही श्री रणभीम कम्पनीमा गाभिएको थियो । सन् १९५२ (वि.सं. २००९) को तत्कालीन नेपाली सेनाको पुनर्गठनमा यो खारेजमा परेको थियो । सन् १९७९ जनवरी ६ (वि.सं. २०३६ पौष २२) मा आएर यसलाई पुनः खडा गरी श्री रणभीम गुल्म नामाकरण गरियो । तत्पश्चात् सन् २००१ जुन १५ (वि.सं. २०५८ आषाढ १) मा यो श्री रणभीम गणमा परिणत भयो । ललितपुर, बाजुरा, कञ्चनपुर, सुनसरी हुँदै यो गण हाल ओखलढुङ्गामा तैनाथरत छ ।

सन् १७८८-१७९२ (वि.सं. १८४५-१८४९) को नेपाल-तिब्बत युद्धमा यसले वीरतापूर्वक लडी चिनियाँ फौजसित पनि सामना गरेको थियो । सन् १८०६ (वि.सं. १८६३) मा यसले बहादुरीका साथ किल्ला काँगडामा आक्रमण गरेको थियो ।[१७७]

१७६ पन्त, पादटिप्पणी संख्या १७०, पृ. ३२४-३२५ ।

१७७ श्री रणभीम गणले वि.सं. २०६४ फाल्गुण १ मा मेसेज नं. डि.एस./३४४०-१०११५० वाट प्रेसित "श्री रणभीम गणको इतिहास" र विजय कुमार मानन्धर, *ए कम्प्रिहेन्सिभ हिस्ट्री अफ नेपाल-चाइना रिलेसन्स अप टु १९५५ ए.डी.,* भोलम १, न्यू दिल्ली: एड्रीयट पब्लिसर्स, सन् २००४, पृ. १०६ ।

यस श्री रणभीम गण गुल्मको रूपमा रहँदा यसको गुल्मपतिको कार्यभार सेनानीहरू दुर्गामान अधिकारी, तारावहादुर थापा, भरतवहादुर रायमाझी, टुलबहादुर गुरूङ, भिक्टरजंग राणा, मोहनप्रताप सिंह कार्की, सुर्यबहादुर चन्द, अमिर विष्ट, बमबहादुर सापकोटा, कान्तिराज लामा र हेमकुमार गिरीले सम्हाल्नु भएको थियो। यस गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू गिरी प्रसाद काला, भरत मल्ल, अनन्त कार्की, योगराज शर्मा र पदमबहादुर सिंहले सम्हाली सक्नुभएको छ। हाल यस गणको गणपति प्रमुख सेनानी सन्तोषजंग ठाकुर हुनुहुन्छ।

श्री देवीदत्त गण

राजा रणवहादुर शाहको पालामा सन १७८५ (वि.सं. १८४२ बैशाख १४) मा यो गण श्री देवीदत्त कम्पनीको नाममा खडा भएको हो। यस गणको आदर्श वाक्य "सेवा नै विजय हो" भन्ने रहेको छ।

सन् १९५२ को सैनिक पुनर्गठन अगाडि यसले तोपखानाको काम गर्दथ्यो। सन् १९५२ मा व्यारेक प्रथा सुरू भएपछि सन् १९५३ (वि.सं. २०१०) मा यो काठमाडौं वानेश्वरस्थित महेन्द्र ब्यारेकमा तैनाथ भयो।[१७८] यो सन् १९७२-१९७४ (वि.सं. २०२९-२०३१) र सन् १९८३-१९८६ (वि.सं. २०४०-२०४३) सम्मको शाही रक्षकको रूपमा राजदरबारमा तैनाथ रहेको थियो। काठमाडौं, मकवानपुर, ललितपुर, सुनसरी, रसुवा, पुनः मकवानपुर, सल्यान, नेपालगंज हुँदै यो गण हाल कास्कीमा तैनाथरत छ।

सन् १७८५ (वि.सं. १८४२) देखि वाइसी-चौवीसी राज्यहरूलाई नेपाल अधिराज्यमा मिलाउने कार्य पछि यसले गढवाल विजयमा बहादुरीसाथ लडेर ठूलो नाम कमाएको थियो। सन् १८०६-१८०९ (वि.सं. १८६३-१८६६) मा किल्ला-काँगडाको लडाइँमा पनि यो सरिक थियो।

सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले विभिन्न ठाउँमा अङ्ग्रेज इष्ट इण्डिया कम्पनीको फौजसँग लडेको थियो। सन् १८५५-१८५६ को नेपाल-तिव्वत युद्धमा केरूङमा यसले लडेको थियो। सन् १८५७-१८५८ को

१७८ श्री देवीदत्त गणका प्रमुख सेनानी प्रताप गुरूङले वि.सं. २०६४ माघ ३ मा तयार गरेको "श्री देवीदत्त गण फूलवारी व्यारेक, पोखरा गण इतिहास", पृ. १।

भारतीय सिपाही विद्रोह दमन गर्न नन्दावक्स गण लेफ्ट हाल्फ र यो गण राइट हाल्फ भै लडेका थिए। कप्तान गम्भीरसिंह रायमाझीले देवीदत्तको कमाण्ड गरेका थिए। उक्त सिपाही विद्रोह दमन गर्ने क्रममा उनले ठूलो बहादुरी देखाएवापत "बहादुर" को टाइटल त्यही युद्धमा पाएका थिए।[१७९] सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिव्बतवीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन फौजमध्ये पहिलो डिभिजनमा खटिएको थियो। यसले सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा अवोटावादमा र सन् १९३९-१९४५ को द्वितीय विश्वयुद्धमा भारतका बिभिन्न ठाउँहरूमा खटिएर त्यहाँ शान्ति सुरक्षाको कार्यभार सम्हालेको थियो। दुवै विश्वयुद्धमा यसले श्री नन्दावक्स गणको अर्धाङ्ग बनी कार्य गरेको थियो। सन् १९४८ मा भारत सरकारको अनुरोधमा सहायताको लागि नेपालबाट पठाएको सेनामा यो त्यहाँ आन्तरिक शान्ति सुरक्षा कायम राख्ने क्रममा श्री पुरानो गोरख गणको अर्धाङ्ग बनी रामगढमा तैनाथ गरिएको थियो।[१८०]

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना कार्यको लागि यो गण सन् १९८१ (वि.सं. २०३८ जेष्ठ), सन् १९८८ (वि.सं. २०४४ फाल्गुण) र सन् २००७ (वि.सं. २०६४ मंसीर) मा लेबनानमा खटिएर गएको थियो। त्यस्तै संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति सेनाका रूपमा यो सन् १९९३ (वि.सं. २०५० मंसीर) मा युगोस्लाभियामा र सन् २००१ (वि.सं. २०५८ आश्विन) मा सेरालियोनमा तैनाथरत रहेको थियो।

यो गण सन् १९५४ (वि.सं. २०११) मा भीमफेदीमा बाटो निर्माण कार्य तथा भीषण बाढी आएको समयमा उद्धार कार्यमा संलग्न थियो। सन् १९५७ (वि.सं. २०१४) मा कान्ति राजपथ (टिकाभैरव-हेटौडा मार्ग) निर्माण कार्य, सन् १९८० (वि.सं. २०३७) मा बाढी नियन्त्रण तथा उद्धार कार्य र सोही बर्षमा सुनसरीको चतरादेखि वराह क्षेत्रसम्म जाने बाटो निर्माण कार्य, सन् १९८७ (वि.सं. २०४४) मा सोमदाङ-गणेश हिमाल सडक निर्माण कार्यमा यो गणले

१७९ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ४२, खत्री, टिप्पणी नं. ९७, पृ. ३९-४० र पदम जंगवहादुर राणा, *लाइफ अफ महाराजा सर जंगबहादुर अफ नेपाल*, काठमाडौं : रत्न पुस्तक भण्डार, सन् १९८०, पृ. २०२।

१८० शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ४२, खत्री, पादटिप्पणी संख्या ९७, पृ. ३९-४०, सिंहप्रताप शाह, "श्री देवीदत्त गणको सङ्क्षिप्त इतिहास", *सिपाही*, वि.सं. २०२६, पृ. ७ र नरबहादुर कार्की, *देवी स्मरण* (श्री देवीदत्त गण विगतदेखि वर्तमानसम्म), पोखरा : श्री देवीदत्त गण, वि.सं. २०६४, पृ. २४-४०।

महत्वपूर्ण भूमिका खेलेको थियो । त्यस्तै सन् १९९३ (वि.सं. २०५०) मा मकवानपुर र यसको आसपासका जिल्लाहरूमा बाढीमा परेकाहरूको उद्धार कार्य, सन् १९९७ (वि.सं. २०५४) मा सल्यान-मुसिकोट सडक निर्माण कार्य, सन् २००२ (वि.सं. २०५९) मा कसरामा बाढी नियन्त्रण तथा उद्धार कार्य, सन् २००४ (वि.सं. २०६१) मा मकवानपुर जिल्ला, गढी गा.बि.स. को सुकुमटारमा बाढी उद्धार कार्य, सन् २००५ (वि.सं. २०६२) मा पोखरास्थित मणिपाल अस्पतालको छत खसेकोमा उद्धार कार्य र सन् २००६ (वि.सं. २०६३ आषाढ) मा कास्की जिल्लाको दानसिंह गा.वि.स.मा पर्ने नेपाने उल्लेरीमा बाढी पहिरो नियन्त्रण र उद्धार कार्यमा समेत यो गणको संलग्नता थियो । यसै गरी वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण गर्न यो गण लिपीकोट ब्यारेक टोखा र चितवन राष्ट्रिय निकुञ्ज कसरामा तैनाथ भई महत्वपूर्ण भूमिका खेलेको थियो ।[१८१]

उल्लेख्य कुरा यो छ कि नेपाली सेनाका अधिकृत, पदिक तथा जवानहरूलाई यसै गणको निशानमुनि शपथ खुवाइन्छ। यसको निशानलाई नगररक्षक मानिएकाले राजधानी बाहिर लैजान हुन्न भन्ने मान्यताअनुसार यसको निशान काठमाडौं सहर बाहिर लगिदैन् । यो परम्परा अद्यापि कायमै छ ।

यस श्री देवीदत्त गणमा हालसम्म २७ जना गणपतिहरूले आफ्नो जिम्मेवारी निर्वाह गरिसक्नु भएको छ। यस गणको प्रथम गणपति प्रमुख सेनानी समन विक्रम राणा हुनुहुन्थ्यो । हाल यस गणका गणपति प्रमुख सेनानी प्रताप गुरूङ हुनुहुन्छ ।

श्री नयाँ श्रीनाथ गण

श्री नयाँ श्रीनाथ गण राजा रणबहादुर शाहको पालामा सन् १७८५ जुलाई (वि.सं. १८४२ श्रावण ७) मा श्री नयाँ श्रीनाथ कम्पनीको नामबाट स्थापना भएको हो । यस गणको आदर्श वाक्य "जिउँदै मऱ्यो त्यो जसले बिर्सियो देशको माटो" रहेको छ ।

सन् १९६४ (वि.सं. २०२१) देखि यो तत्कालीन शाही नेपाली सेनाको अनाश्रित गुल्मको रूपमा कार्यरत रहेको थियो ।[१८२] तत्पश्चात् यो सन् २००२

१८१ श्री देवीदत्त गणका प्रमुख सेनानी प्रताप गुरूङले वि.सं. २०६४ माघ ३ मा तयार गरेको "श्री देवीदत्त गण फूलबारी ब्यारेक, पोखरा गण इतिहास", पृ. २-३ ।

१८२ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १४० ।

जनवरी २५ (वि.सं. २०५८ माघ १२) मा श्री नयाँ श्रीनाथ गणमा परिणत भयो । इलाम, सिरहा, धनकुटा, ओखलढुङ्गा, सोलुखुम्बु, पाँचथर, इलाम, भक्तपुर हुँदै यो गण हाल सिन्धुपाल्चोकमा तैनाथ रहेको छ । सन् १८४१ (वि.सं. १८९८) मा यसमा २१९ को जवान संख्या थियो भन्ने बुझिन्छ ।

नेपाल राज्यको एकीकरण अभियानमा सन् १७८५ (वि.सं. १८४२) को पाल्पासँगको युद्धमा र सन् १७८७ (वि.सं. १८४४) मा प्युठानसँगको युद्धमा यसले सक्रिय रूपमा भाग लिएको थियो । सन् १८०६-१८०९ (वि.सं. १८६३-१८६६) मा गढवाल र काँगडाको युद्धमा यसले श्रीनाथ, बज्रबाहिनी र रणभीम कम्पनीका साथ संयुक्त रूपमा लडेको थियो । एकीकरणका क्रममा पूर्वी नेपाल कब्जा गर्ने फौजहरूमध्ये यसले केहरसिंहको कमाण्डमा रहि कार्य गरेको थियो ।

सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यो पूर्वी नेपालको सीमाको सुरक्षार्थ खटिएको थियो । यसले सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा ओलाङ्चुङगोला (खार्ता) मोहडाबाट हमला गर्न अगाडि बढेको थियो ।

सन् १९७८ (वि.सं. २०३५) देखि हालसम्म यसले संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति सेनाको रूपमा युद्धग्रस्त र गृहयुद्धले तहसनहस भएका देशहरू लेवनान, युगोस्लाभिया, हाइटी, कंगो, शेरालियोन र बुरूण्डी आदि देशहरूमा शान्ति स्थापना गर्ने कार्यमा सक्रिय योगदान दिएको छ ।

सन् १९९१-१९९४ (वि.सं. २०४८-२०५१) सम्म राष्ट्रिय निकुञ्ज पालोअन्तर्गत सगरमाथा राष्ट्रिय निकुञ्ज नाम्चेमा रही कस्तुरी चोरी शिकारीहरूलाई ठूलो संख्यामा पक्री निकुञ्ज कार्यालयबाट पुरस्कृत समेत भएको थियो । यसले सन् १९८८ (वि.सं. २०४५) को भूकम्प पीडितहरू, सन् २००१ (वि.सं. २०५८) मा इलामको पशुपतिनगर र इलाम बजारमा भएको भीषण आगलागीहरू र समय समयमा हुने बाढी पीडितहरूलाई उद्धार गरी महत्वपूर्ण सहयोग पुऱ्याएको थियो ।

हाल यस गणले सुनकोशी जलविद्युत योजना, मेलम्ची खानेपानी आयोजना, इन्द्रावती तेस्रो जलविद्युत आयोजना र चौताराको दुरसञ्चार टावरको सुरक्षा गर्दै आएको छ । सन् २००३-२००४ (वि.सं. २०६०-२०६१) मा यस गणले तातोपानी भन्सार डियुटीमा खटिई राजशव चुहावट रोक्न उल्लेख्य योगदान पुऱ्याएको थियो ।[१८३]

१८३ श्री नयाँ श्रीनाथ गणका गणपति प्रमुख सेनानी अनिल भट्टराईले वि.सं. २०६४ श्रावण ६ मा तयार गरेको "श्री नयाँ श्रीनाथ गणको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ. १-३ ।

यस श्री नयाँ श्रीनाथ गण गुल्मको रूपमा रहँदा यसको कमाण्ड गुल्मपतिको रूपमा सह-सेनानी हर्कबहादुर राई, उप सेनानीहरू डम्बरबहादुर कार्की, जगतबहादुर कार्की, सह-सेनानी फत्तेबहादुर बस्न्यात, सेनानीहरू नरबहादुर बस्न्यात, छत्रबहादुर ज.ब.रा., सह-सेनानी मानबहादुर कार्की, सेनानीहरू मोहनसिंह महत, छत्रबहादुर खत्री, उप सेनानी नविनसिंह राणा, सेनानीहरू भगिरथ नरीसंह राणा, भगिरथ विक्रम राणा, रूद्र बहादुर गुरूङ, मधुसुदन सापकोटा, दिलिप शम्शेर ज.ब.रा., हिक्मतबहादुर चन्द, बलवहादुर राउत, भुपेन्द्रवहादुर कार्की, पदम विलास कार्की, धिरबहादुर गुरूङ, अर्जुनबहादुर पाण्डे, हिमालय थापा, टुकवहादुर मल्ल, गंगावहादुर मुकारूङ राई र दिपक घले गुरूङले सम्हाली सक्नुभएको छ । यस गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू प्रकाश सिंह बोगटी, पदम कुमार आङबो र याम प्रसाद ढकालले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी अनिल भट्टराई हुनुहुन्छ ।

श्री दुर्गाबक्स गण

राजा रणबहादुर शाहको पालामा सन् १७८६ (वि.सं. १८४३ भाद्र १५) मा श्री दुर्गाबक्स गण श्री दुर्गाबक्स कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "माता शक्ति देउ गर्न देश भक्ति" रहेको छ ।

सन् १९७८ जुन २७ (वि.सं. २०३५ आषाढ १३) मा श्री पशुपति प्रसाद गणवाट अनाश्रित गुल्मको रूपमा छुट्टिई १६० को दरवन्दीमा श्री दुर्गाबक्स गुल्म खडा भएको थियो । तत्पश्चात् यो सन् २००२ जनवरी २७ (वि.सं. २०५८ माघ १४) मा गुल्मबाट गणमा परिणत भएको थियो ।[१८४] नवलपरासी, बुटवल, मुस्ताङ, कपिलबस्तु, बर्दिया, पुनः नवलपरासी, रोल्पा हुँदै यो गण हाल रसुवामा तैनाथरत छ ।

राष्ट्रिय एकीकरणको अभियानमा यसले सक्रिय भूमिका खेलेको थियो । सन् १८४८ (वि.सं. १९०५) मा यसलाई कुमारी चोक अड्डाको सुरक्षाको जिम्मेवारी दिइएको थियो । सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यो नेपालको सुदूर पश्चिम सीमाक्षेत्र तथा बारागढीमा तैनाथ रहेको थियो । सन् १८५५-१८५६ को

१८४ श्री दुर्गाबक्स गणका गणपति प्रमुख सेनानी शशी सुन्दर विष्टले वि.सं. २०६४ श्रावण १५ मा तयार गरेको "श्री दुर्गाबक्स गणको इतिहास", पृ. २ र ५ ।

नेपाल-भोट युद्धमा यसले केरूङको रणक्षेत्रमा तिब्बतीहरूलाई परास्त गरेको थियो ।[१८५]

यसले सन् १९८२ (वि.सं. २०३९) मा पृथ्वी राजमार्गको मुग्लीन-नारायणगढ सडक खण्डमा बस दुर्घटनामा परेकाहरूलाई उद्धार कार्य गरेको थियो ।

यस गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू धिरेन गुरूङ, नरेशचन्द्र भट्टराई र महेन्द्रजंग लामिछानेले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी शशी सुन्दर विष्ट हुनुहुन्छ ।

श्री नयाँ गोरख गण

राजा रणबहादुर शाहको पालामा सन् १७८५ डिसेम्वर (वि.सं. १८४२ पौष १६) मा यो गण श्री नयाँ गोरख कम्पनीको नामबाट खडा भएको हो । यसको नामाकरण गर्नलाई नाम जुराउंदा गोरख भन्ने नाम नै जुरेकोले यसलाई नयाँ गोरख भन्ने नाम दिएर सन् १७६३ (वि.सं. १८१९) मा भएको गोरख कम्पनीलाई पुरानो गोरख भन्ने नामाकरण गरियो । यस गणको आर्दश वाक्य "सदा हिमाल झैं देशप्रति सेवामा अटल" भन्ने रहेको छ ।

सन् १९५२ को तत्कालीन नेपाली सेनाको पुनर्गठनमा यो खारेजमा पर्‍यो । यो सन् १९६५ जनवरी १३ (वि.सं. २०२१ पौष ३०) मा पहरा गणको नाममा स्थापना भयो । तत्पश्चात् सन् १९७९ सेप्टेम्वर २८ (वि.सं. २०३६ आश्विन १२) मा यस गणको श्री नयाँ गोरख गण नामाकरण भयो । सिन्धुपाल्चोक, ओखलढुङ्गा, भोजपुर, गोरखा, धुन्चे हुँदै हाल यो गण रोल्पामा तैनाथरत छ ।

यसले नेपालको एकीकरणको सिलसिलामा पश्चिमतिरको विजय अभियानमा भाग लिँदै गढवालको विजयपछि काँगडाको फौजसँग युद्ध गरेर विजय प्राप्त गरेको थियो ।[१८६]

१८५ *ऐजन*, पृ.२, शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १५६ र खत्री, पादटिप्पणी संख्या ९७, पृ. ५४-५५ ।

१८६ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ४६ र इन्द्रबहादुर राउत, "श्री नयाँ गोरख गणको इतिहास", *सिपाही*, वर्ष १२, वि.सं. २०३६, पृ. ४६ ।

यो सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा अङ्ग्रेज इष्ट इण्डिया कम्पनीको सेना विरूद्ध मकवानपुरमा डटेको थियो। सन् १८५५-१८५६ को नेपाल-तिव्वत युद्धमा भाग लिएर लामावगरको युद्धमा तिब्वतीलाई पराजित गरी आफ्नो बहादुरीपना देखाएको थियो। यसले सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोह दमन गर्न लखनउमा खटिएर भाग लिएको थियो। सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतवीच मनोमालिन्य वढेर युद्ध हुन लागेको वखत यो तिव्वतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजनमध्ये पहिलो डिभिजनमा सरिक भएको थियो। सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा भारतको शान्ति सुरक्षाको लागि भारत गएको पल्टनहरूमा यो पनि सम्मिलित भई श्री महिन्द्रदल पल्टनको अर्धाङ्ग वनेर देहरादुनमा तैनाथ थियो।

त्यस्तै सन् १९१७ मा उत्तर पश्चिम सिमान्त प्रान्तअर्न्तगत वजिरीस्तानमा मसुद जातिहरूको विरूद्धमा भएको सैनिक अभियानलाई सफल गर्नमा यसले पनि महत्वपूर्ण भूमिका खेलको थियो।[१८७] सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धमा श्री महिन्द्रदलको अर्धाङ्ग वनेर यो भारतमा शान्ति सुरक्षार्थ खटिएको थियो। यसै क्रममा यसले आसाम-वर्माको युद्धमा पनि भाग लिएको थियो। यो सन् १९४८ मा हैदरावादमा गडवडी हुँदा भारत सरकारको सहायताको लागि शान्ति सुरक्षा कायम गर्ने कार्यमा महेन्द्रदलको अर्धाङ्ग वनि कलकत्ता अलिपुरमा खटिएको थियो।[१८८]

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति सेनाको रूपमा यस गणले सन् १९९० (वि.सं. २०४६) र सन् १९९६ (वि.सं. २०५३) मा लेवनान र सन् १९९३ (वि.सं. २०५०) मा सोमालिया र सन् २००५ (वि.सं. २०६२) मा कंगोमा सहभागी भई तोकिएको जिम्मेवारी पुरा गरेको थियो।

सन् १९८७ (वि.सं. २०४४) मा अरीनको राजमार्ग क्षतिग्रस्त हुँदा तोकिएको छोटो अवधिमा नै यसले ११ कि.मि. पुनः निर्माण गरेको थियो। त्यस्तै सन् १९९९ (वि.सं. २०५६) मा कटारी-ओखलढुङ्गा र हिले-भोजपुर सडक निर्माणमा पनि यो गणको संलग्नता थियो।[१८९] यो गण नेपाली सेनाका गणहरूको जेष्ठताका क्रममा सातौं स्थानमा पर्दछ।

हाल यस गणका गणपति सेनानी आनन्दसिंह भाट हुनुहुन्छ।

१८७ "पहिलो विश्वयुद्धमा नेपालबाट भारत खट्टि जाने फौजको अफिसरदेखि जवानसम्मको राशन स्केल र नेपाल कन्टिजेन्सले नेपालमा लेखापढीको नक्कल किताव", वि.सं. १९७१, १९७६; सन् १९१४, १९१९; *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. २०९।

१८८ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ४६, खत्री, पादटिप्पणीं संख्या ९७, पृ. ३२-३३ र राउत, पादटिप्पणी संख्या १८६, पृ. ४६-४८।

१८९ श्री नयाँ गोरख गणका निमित्त गणपति सेनानी इमनाथ ढकालले वि.सं. २०६४ फाल्गुण ६ मा तयार गरेको "श्री नयाँ गोरख गणको इतिहास", परिशिष्ट "क", पृ. २।

श्री बरख गण

राजा रणबहादुर शाहको पालामा सन् १७८६ जनवरी (वि.सं. १८४२ माघ १७) मा यो गण श्री बरख कम्पनीको नामबाट खडा भएको हो। यस गणको आदर्श वाक्य "जय शिव शंकरम्" रहेको छ।

सन् १९५२ को पुनर्गठनमा यो पल्टन खारेजमा परेको थियो। सन् १९६३ (वि.सं. २०२०) मा यो पुनः श्री बरख गुल्मको नामले एक अनाश्रित गुल्मको रूपमा खडा भयो। तत्पश्चात् सन् २००२ फ्रेवअरी १ (वि.सं. २०५८ माघ १९) मा यो एक अनाश्रित गुल्मबाट श्री बरख गणमा परिणत भयो।[१९०] बुटवल, पाल्पा, गोरखा, रामेछाप, पर्सा, जोमसोम, बर्दिया, दाङ हुँदै हाल यो गण कैलाली जिल्लामा तैनाथरत छ।

राष्ट्रिय एकीकरणको अभियानमा यसले कुमाउँ र गढवालमा विजय हासिल गरेको थियो।

सन् १७८८ को नेपाल-तिब्बत युद्धमा यसले वीरतापूर्वक भाग लिएको थियो। सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले नालापानीमा वीरता प्रदर्शन गर्नुका साथै जैथकको युद्धमा बहादुरीका साथ लडेको थियो। सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यो मुस्ताङमा तैनाथ रहेको थियो। सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा अङ्ग्रेजहरूको सहायतार्थ यो पनि लखनउमा खटिएर विदोह दमन गर्न सफल भएको थियो। सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यो भारतको शान्ति सुरक्षा कार्यमा संलग्न भई देहरादुनमा रहेको थियो।[१९१]

संयुक्त राष्ट्रसंघीय शान्ति सेनाको रूपमा यस गण सन् २००७ (वि.सं. २०६३) मा हाइटीमा खटिएर आफ्नो जिम्मेवारी पुरा गरेको थियो।

हाल यस श्री बरख गणको गणपति प्रमुख सेनानी शंकरबहादुर पण्डित हुनुहुन्छ।

१९० श्री बरख गणले वि.सं. २०६४ चैत्र ५ मा मेसेज नं. १४०३-०४१६५२ बाट प्रेसित "श्री बरख गणको इतिहास"।

१९१ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १४८, खत्री, पादटिप्पणी संख्या ९७, पृ. ५७ र शिवप्रसाद शर्मा, तुलसीराम वैद्य र त्रिरत्न मानन्धर (सं.), *नेपालको सैनिक इतिहास*, काठमाडौं: शाही नेपाली जंगी अड्डा, वि.सं. २०४९, पृ. २९०।

श्री भवानीबक्स गण

राजा रणबहादुर शाहको पालामा सन् १७८४ सेप्टेम्बर (वि.सं. १८४१ आश्विन १) मा यो गण श्री भवानीबक्स कम्पनीको नामबाट सल्यान जिल्लाको खैरावाङमा स्थापना गरिएको हो । उक्त खैरावाङ भन्ने स्थानमा भवानेश्वरी भगवतीको मन्दिर भएको हुँदा यसको नाम श्री भवानीबक्स राखिएको भन्ने बुझिन्छ । यस गणको आदर्श वाक्य "ज्युनु पर्छ देशको लागि" भन्ने रहेको छ ।

सन् १९६३ (वि.सं. २०२०) मा यो मिलिसियाबाट हिमाली गुल्म भई एक अनाश्रित गुल्मको रूपमा कार्यरत थियो । विभिन्न गुल्महरूलाई गणमा परिवर्तन गर्ने सिलसिलामा यो सन् १९९९ अप्रिल १४ (वि.सं. २०५६ वैशाख १) मा गुल्मबाट श्री भवानीबक्स गणमा परिणत भएको हो । प्युठान, दाङ, पुनः प्युठान, बर्दिया, पुनः दाङ, पुनः प्युठान, डोल्पा, पुनः दाङ, नगरकोट, भरतपुर हुँदै यो गण हाल श्री नं. ४ बाहिनीअन्तर्गत दैलेखमा तैनाथरत छ ।

यसले नेपालको राष्ट्रिय एकीकरणमा सक्रिय भूमिका खेलेको थियो । त्यही क्रममा सन् १८०६ (वि.सं. १८६३) को काँगडाको आक्रमणमा यो सम्मिलित थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले बहादुरीका साथ भाग लिएको थियो । उक्त युद्धमा यसले भोटबाट एक तोप कब्जा गरेर ल्याएको थियो ।[१९२] सो तोप हालसम्म पनि सल्यानमा सुरीक्षत रहेको छ ।

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति सेनाको रूपमा यस गणले सन् २००४ (वि.सं. २०६१) मा हाइटीमा खटिएर आफ्नो जिम्मेवारी पुरा गरेको थियो ।

यस श्री भवानीबक्स गण गुल्मको रूपमा रहँदा यस गुल्मको गुल्मपतिको कार्यभार उप सेनानीहरू ललित बहादुर कार्की, डम्बरबहादुर हमाल, टेक प्रसाद राना, भोगेन्द्रबहादुर खत्री, सह-सेनानीहरू प्रज्वल्ल शम्शेर ज.ब.रा., चिनियाँबहादुर बस्नेत, राम प्रताप था.म., भगिरथ विक्रम राणा, कटकबहादुर खत्री, चित्रबहादुर थापा, सेनानीहरू रमेश कुमार जोशी, नगेन्द्रबहादुर बस्नेत, भिम प्रसाद राई, नविन कुमार श्रेष्ठ, उदिपबहादुर गुरूङ, दिलिप रायमाझी, हिराबहादुर थापा, महेन्द्रबहादुर रायमाझी, बोनीबहादुर विष्ट, धनिराज कार्की, अरूण घले, केशर बहादुर कार्की, कृष्णबहादुर गुरूङ र बुद्धिजंग पाण्डेले सम्हाल्नु भएको थियो । यस गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू विजय कुमार शाही, गंगाबहादुर गुरूङ, नैनराज दाहाल, सुभबहादुर था.म. र हेमराज के.सी.ले सम्हाल्नु भएको थियो । हाल यस गणका गणपति प्रमुख सेनानी मदन कुमार के.सी. हुनुहुन्छ ।

१९२ श्री भवानीबक्स गणका सह-सेनानी रामसिंह बोहोराले वि.सं. २०६४ फाल्गुण २५ मा तयार गरेको "श्री भवानीबक्स गणको सङ्क्षिप्त इतिहास" ।

श्री ज्वालादल गण

राजा रणबहादुर शाहको पालामा सन् १७८५ अप्रिल (वि.सं. १८४२ वैशाख ८) मा श्री ज्वालादल गण श्री ज्वालादल कम्पनीको नामबाट खडा भएको हो । दैलेख जिल्लाको दुल्लु भन्ने एक धार्मिक स्थलबाट ज्वाला भगवतीको उत्पत्ति भएकोले यस गणलाई ज्वालादल गणको नामाकरण भएको भन्ने बुझिन्छ । यस गणको आदर्श वाक्य "सेवा नै धर्म हो" रहेको छ ।

सन् १९६३ (वि.सं. २०२०) मा यो मिलिसियाबाट हिमाली गुल्ममा परिणत भई श्री ज्वालादल गुल्मको नामले तत्कालीन शाही नेपाली सेनाको अनाश्रित गुल्मको रूपमा रहन थाल्यो । तत्पश्चात् यो सन् २००२ नोभेम्बर ८ (वि.सं. २०५९ कार्तिक २२) मा गुल्मबाट गणमा परिणत भयो ।[१९३] दुल्लु, दैलेख, हुम्ला, सुर्खेत, डंडेलधुरा, बैतडी, डोटी, बझाङ, कञ्चनपुर, बाजुरा हुँदै हाल यो गण अछाममा तैनाथरत छ ।

यसले राष्ट्रिय एकीकरणको अभियानमा सक्रिय भूमिका निर्वाह गर्दै गढवाल, हुण्डुर, पन्थजडा, बाह्र-ठकुराई र काँगडामा भएको युद्धमा बहादुरीका साथ लडेको थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसलाई हुम्ला क्षेत्रमा तैनाथ गरिएको थियो ।[१९४]

यस श्री ज्वालादल गण गुल्मको रूपमा रहँदा यसको गुल्मपति सह-सेनानीहरू कृष्णबहादुर चन्द, दिलबहादुर कार्की, सेनानी नरसिंह थापा, उप सेनानी भोजेन्द्र कुमार कार्की, सह-सेनानी श्याम घिमिरे, उप सेनानी देवबहादुर विष्ट, सेनानीहरू लालबहादुर थापा, नरेश कुमार विष्ट, कुवेरलाल श्रेष्ठ, सिंहबहादुर गुरूङ, नेत्रप्रताप राणा, दमनबहादुर घले, इन्द्रबहादुर खड्का, रमेशबहादुर शाही, हेमलाल पुन, गणेश खत्री, मिनबहादुर थापा, ज्योतिन्द्रबहादुर खत्री र जर्नादन शाह हुनुहुन्थ्यो । यस गणको पहिलो, दोस्रो र तेस्रो गणपतिहरू क्रमशः प्रमुख सेनानीहरू हरिबहादुर बस्नेत, शशिचन्द्रबहादुर सिंह र शुशील कुमार वि.सि. हुनुहुन्थ्यो । हाल यस गणका गणपति प्रमुख सेनानी इन्द्रबहादुर खड्का हुनुहुन्छ ।

१९३ श्री ज्वालादल गणका गणपति प्रमुख सेनानी इन्द्रबहादुर खड्काले वि.सं. २०६४ माघ १३ मा तयार गरेको "श्री ज्वालादल गणको इतिहास", पृ. २-३ ।

१९४ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १२०, खत्री, पादटिप्पणी संख्या ९७, पृ. ५९-६० र देवबहादुर थापा क्षेत्री, "श्री ज्वालादल गुल्म", *सिपाही*, वर्ष ७, वि.सं. २०३१, पृ.७३-७४ ।

श्री भैरवीदल गण

राजा रणबहादुर शाहको पालामा सन् १७८५ (वि.सं. १८४२ वैशाख २३) मा यो गण श्री भैरवीदल कम्पनीको नामबाट खडा भएको हो। यस गणको आदर्श वाक्य "त्याग नै सेवा हो" रहेको छ।

सन् १८७९ (वि.सं. १९३६) देखि यो मिलिसिया कम्पनीको रूपमा कार्यरत थियो। सन् १९६४ जनवरी १५ (वि.सं. २०२० माघ ३) देखि यो एक अनाश्रित गुल्मको रूपमा तैनाथ रहेको थियो।[१९५] तत्पश्चात् सन् १९९० जुलाई १८ (वि.सं. २०४७ श्रावण ३) मा यस गुल्मको १२२ को संख्यामा लाङटाङ राष्टिय निकुञ्ज सुरक्षा गणको टोली मिलाएर श्री भैरवीदल गणको रूपमा स्थापना भएको थियो। रसुवा, चितवन, भक्तपुर, काठमाडौं, पोखरा हुँदै यो गण हाल रूकुममा तैनाथरत छ।

सन् १७९१-१७९२ (वि.सं. १८४८-१८४९) को नेपाल-भोट-चीन युद्धमा यसले वीरतापूर्वक भाग लिएको थियो।

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति सेनाको रूपमा यस गणले सन् १९९२ (वि.सं. २०४९) र सन् १९९९ (वि.सं. २०५५) मा लेवनान, सन् १९९५ (वि.सं. २०५१) मा हाइटी र सन् २००६ (वि.सं. २०६२) मा कंगोमा खटिएर आफ्नो जिम्मेवारी पूरा गरेको थियो।

यसले सन् १९९२ अप्रिल १४ (वि.सं. २०४९ वैशाख २) मा नवलपरासी जिल्लास्थित भृकुटी कागज कारखानामा लागेको आगो निभाउने कार्य सफलतापूर्वक सम्पन्न गरेको थियो। त्यस्तै गरेर सन् १९९३ (वि.सं. २०५०) मा तनहूँ जिल्लाको चुले घोप्टेभीरमा भएको एभरेष्ट एयर विमान दुर्घटना र दासढुङ्गामा भएको जीप दुर्घटनामा यस गणले उद्धार कार्य गरेको थियो।[१९६]

यस श्री भैरवीदल गणका गणपति प्रमुख सेनानीहरू शरद कुमार न्यौपाने, ज्ञानेन्द्रजंग थापा, केशवराज शर्मा, आदित्यबहादुर शाह, नारायण राज पाण्डे, गणेशबहादुर भण्डारी, झंकरबहादुर कडायत र विष्णु प्रसाद चापागाई हुनुहुन्थ्यो। हाल यस गणका गणपति प्रमुख सेनानी नवल शाह हुनुहुन्छ।

१९५ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १२४।

१९६ श्री भैरवीदल गणका गणपति प्रमुख सेनानी नवल शाहले वि.सं. २०६४ फाल्गुण २८ मा तयार गरेको "श्री भैरवीदल गणको इतिहास", पृ. २।

श्री तारादल गण

राजा रणबहादुर शाहको पालामा सन् १७८५ (वि.सं. १८४२ आषाढ ११) मा श्री तारादल गण श्री तारादल कम्पनीको नामबाट खडा भएको हो। यस गणको आदर्श वाक्य "स्वर्ग भन्दा ठूलो देश" भन्ने रहेको छ।

सन् १९५२ को पुनर्गठन पछि सन् १९५४ (वि.सं. २०११) मा नं. ५ हिमाल राइफल कम्पनी नामाकरण भएको थियो। सन् १९६९ (वि.सं. २०२६) मा यसको पुनः श्री तारादल गुल्म नामाकरण भयो।[१९७] तत्पश्चात् सन् २००२ अगष्ट १५ (वि.सं. २०५९ श्रावण ३०) मा यो श्री तारादल गुल्मबाट श्री तारादल गणमा परिणत भयो। प्युठान, काठमाडौं, इलाम, सिन्धुपालचोक, काभ्रेपलाञ्चोक, धादिङ, पुनः काभ्रेपलाञ्चोक, मकवानपुर, महोत्तरी, पर्सा हुँदै यो गण हाल नुवाकोटमा तैनाथरत छ।

राष्ट्रिय एकीकरण अभियानको क्रममा यसले सन् १८०६-१८०९ को काँगडाको युद्धमा बहादुरी साथ लडेको थियो। सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा पनि यसले सक्रिय रूपले हुम्लामा भाग लिएको थियो।

यस गण सन् १९५८ मा कान्ति राजपथ (टिकाभैरव-हेटौंडा मार्ग) निर्माण कार्यमा सहभागी भएको थियो। सन् १९८१ (वि.सं. २०३८ आषाढ) मा भएको अविरल वर्षाले पूर्व १ नं. कोदारी र झिरपुरमा बाढी पिडितहरूलाई यस गणले सक्रियपूर्वक उद्धारकार्य गरेको थियो।

सन् १९८४ (वि.सं. २०४१ भाद्र) मा भएको अविरल वर्षाले मलेखुका बाढी पीडितहरूलाई यस गणले उद्धार गरेको थियो। सन् १९९३ (वि.सं. २०५० श्रावण) मा भैसें नामटार क्षेत्रमा अविरल वर्षाले भएको बाढी पिडित उद्धार कार्यमा यो गण सक्रिय रूपले सहभागी भएको थियो।[१९८]

यस श्री तारादल गण गुल्म छँदा यसको गुल्मपतिको कार्यभार सेनानीहरु राजबहादुर अ.क्षे., युद्ध विक्रम शाह, दिवाकर शम्शेर ज.ब.रा., युद्धबहादुर विष्ट, गिरीधर विक्रम राणा, पुरेन्द्र शम्शेर ज.ब.रा., सह सेनानी सुरज शम्शेर ज.ब.रा., सेनानी डिल्ली विक्रम राणा, सह सेनानीहरु ठाकुर सुब्बा, दमनसिंह बस्नेत, सेनानीहरु प्रल्लाद सिंह गुरुङ, गौरव शम्शेर ज.ब.रा., प्रदिपजंग थापा, सानु केदार

१९७ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १२८।

१९८ श्री तारादल गणका गणपति प्रमुख सेनानी रामचन्द्र खनालले वि.सं. २०६४ श्रावण १५ मा तयार गरेको "श्री तारादल गणको इतिहास", पृ. १-५।

था.म., दिलिप बहादुर विष्ट, पूर्णवहादुर गुरुङ, दिपक कार्की, प्रदिप अधिकारी, इश्वरकान्त मैनाली र राजु खड्काले सम्हाल्नु भएको थियो । यस गणको गणपति प्रमुख सेनानीहरु क्रमशः रविन्द्र दास श्रेष्ठ, प्रदिप जंग के.सी. र रामचन्द्र खनाल हुनुहुन्थ्यो । हाल यस गणका गणपति प्रमुख सेनानी गणेश खत्री हुनुहुन्छ ।

श्री बटुकदल गण

राजा रणबहादुर शाहको पालामा सन् १७८५ जुलाई (वि.सं. १८४२ आषाढ ३०) मा श्री बटुकदल गण श्री बटुकदल कम्पनीको नामबाट खडा भएको हो । मकवानपुर जिल्लाको चिसापानी गढीभित्र रहेको वटुक भैरवको आरधना गरी सोही भैरवको नामबाट चिसापानी गढीमै यो कम्पनीको रूपमा खडा भएको थियो ।[१९९] यस गणको आदर्श वाक्य "धैर्यता नै वीरत्व हो" रहेको छ ।

सन् १९५२ को नेपाली सेना पुनर्गठन हुने सिलसिलामा सवुज गुल्म र वरख गुल्महरू मिलाएर ११० जनाको संख्यामा यो हिमालय राइफल कम्पनीको नामबाट एक छुट्टै अनाश्रित गुल्म सन् १९६९ जनवरी ३० (वि.सं. २०२५ माघ १७) मा पुनः बटुकदल गुल्म भनि नामाकरण भयो । तत्पश्चात् सन् २००२ नोभेम्वर ८ (वि.सं. २०५९ कार्तिक २२) मा यो गुल्मबाट गणमा परिणत भयो । मकवानपुर, भैरहवा, भरतपुर, झापा, महोत्तरी, भक्तपुर, पर्सा, ताप्लेजुङ, सुनसरी, इलाम, पाँचथर, झापा हुँदै हाल यो गण पाँचथरमा तैनाथरत छ । सन् १८४१ (वि.सं. १८९८) मा यसमा अफिसर २ र अरू समेत गरी जम्मा २६७ जवानहरू भएको बुझिन्छ ।

सन् २००३ (वि.सं. २०६० असार) मा अविरल वर्षाका कारण झापा जिल्लाका विभिन्न स्थानहरूमा बाढी आउँदा बाढी-पीडितहरूलाई यस गणले ठूलो उद्धार कार्य गरेको थियो । हाल यो गण फिदिम, पाँचथरमा विभिन्न शिक्षा, स्वास्थ्यसम्बन्धी जनहित कार्यहरूमा संलग्न हुँदै आएको छ ।[२००]

यस श्री बटुकदल गण तत्कालीन गुल्म हुँदा यसको कमाण्ड गुल्मपतिको रूपमा सेनानीहरू हुमानसिंह बस्न्यात, हेमबहादुर सिंह, रूकुमबहादुर कार्की, डिल्ली विक्रम राणा, देवेन्द्रबहादुर बस्नेत, गिरीधर विक्रम राणा, गोविन्दबहादुर

१९९ प्रेमसिंह बस्न्यात, *नेपलीज फोटर्स एण्ड दि रोयल नेपलीज आर्मी इन फोर्ट व्याटल्स,* ललितपुर : साझा प्रकाशन, सन् २००५, पृ. १२६ ।

२०० श्री वटुकदल गणका गणपति प्रमुख सेनानी विजय थापाले वि.सं. २०६४ फाल्गुण २६ मा तयार गरेको "श्री बटुकदल गणको इतिहास", पृ. १ र ३-४ ।

गुरूङ, विजय बहादुर बु.क्षे., भागिरथ विक्रम राणा, पुष्कर बस्नेत, पदमबहादुर के.सी., निरञ्जन विक्रम राणा, नर प्रसाद गुरूङ, विष्णु प्रसाद जि.सी., राजेन्द्र सिल्वाल, राजु बस्न्यात, भगवान खत्री, शैलेन्द्र कुमार श्रेष्ठ, प्रदिप कुमार अधिकारी र रोमनाथ शर्मा ढुंगानाले गरी सक्नुभएको छ । यस गणको प्रथम र द्वितीय गणपति क्रमशः प्रमुख सेनानी धुव्र कुमार शाह र टेकबहादुर सिंह हुनुहुन्थ्यो । हाल यस गणको तेस्रो गणपति प्रमुख सेनानी विजय थापा हुनुहुन्छ ।

श्री भवानीदल गण

राजा रणबहादुरको पालामा सन् १७८५ (वि.सं. १८४२ भाद्र १३) मा यो गण श्री भवानीदल कम्पनीको नामबाट खडा भएको हो ।[२०१] यस गणको आदर्श वाक्य "म मरे पनि मेरो देश बाँची रहोस्" रहेको छ ।

सन् १९५२ को पुनर्गठनपश्चात् यसलाई नं. २ हिमाल राइफल कम्पनी भनियो । सन् १९६८ (वि.सं. २०२५) मा यसको श्री भवानीदल गुल्म नामाकरण गरियो । तत्पश्चात् सन् २००२ नोभेम्बर ८ (वि.सं. २०५९ कार्तिक २२) मा यो अनाश्रित गुल्मबाट श्री भवानीदल गणमा परिणत भयो । सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धपछि तत्कालीन पाल्पाका तैनाथवाला कर्णेल उजिरसिंह थापाले यस कम्पनीमा मगर जातिका सिपाहीहरू मात्र भर्ना हुन पाउने परम्परा बसालेको हुँदा करिव १३५ वर्षसम्म अधिकृत बाहेक अन्य सबै दर्जाहरू मगर जाति मात्र रहेका थिए तर सन् १९५२ को पुनर्गठनपछि यो परम्परामा परिवर्तन गरियो ।[२०२] पाल्पा, पोखरा, जोमसोम, नगरकोट, झापा, जलेश्वर, राजविराज, ओखलढुङ्गा, धनकुटा, पुनः राजविराज, सोलुखुम्बु, सिराहा, दिक्तेल, सुनसरी हुँदै हाल यो गण इलाममा तैनाथरत छ ।

२०१ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १४४ । तर अर्को श्रोतअनुसार शाही नेपाली जंगी अड्डामा रहेको अभिलेख एवम् गुल्मको पुराना हस्तलिखित अभिलेखहरूको आधारमा यस गणको स्थापना सन् १७६९ (वि.सं. १८४६ माघ महिना वसन्त पञ्चमीको दिन) भएको देखिन्छ । हेर्नुहोस्, प्रेमसिंह बस्न्यात, *शाही नेपाली सेनाको भवानीदल गुल्म,* काठमाडौं : सोनी बस्न्यात र हनी बस्न्यात, वि.सं. २०५५, पृ. २२ र श्री भवानीदल गणका गणपति प्रमुख सेनानी प्रयोगजंगबहादुर राणाले वि.सं. २०६४ चैत्र ११ गते तयार गरेको "श्री भवानीदल गण, गढीथुम्का व्यारेक, इलाम, विस्तृत इतिहास", पृ. १ ।

२०२ बस्न्यात, पादटिप्पणी संख्या २०१, पृ. २५ ।

नेपालको एकीकरण अभियानमा यसले पूर्वतिर श्री सवुज कम्पनीको साथ सिक्किमबाट दार्जिलिङ समेत सर गरेको थियो । सन् १७८५ मा यो श्री सवुज कम्पनीका साथ पश्चिमतिर चौवीसी राज्यहरू रीसङ, घिरिङ आदि सर गरी पाल्पा राज्यको सीमामा किल्ला बाँधी बसेको थियो । यस बाहेक सन् १७८६ मा प्युठान तथा दाङ, सन् १७८९ मा दैलेख तथा दुल्लु र सन् १७९० मा अछाम तथा डोटी क्षेत्रहरू विजय गर्ने कार्यमा यसले भाग लिएको थियो । सन् १८०६ मा पाल्पा राज्यको एकीकरण पछि यो स्युराज इलाकामा तैनाथ रह्यो । त्यसपछि पल्टनको रूपमा यो पाल्पामा सवुज, बरख र इन्द्रध्वज कम्पनीहरूसँगै रहेको थियो । सन् १८८७ (वि.सं. १९४४) मा नेपालको पश्चिमी भेगको नुवाकोट (पाल्पानिर), गोठादी, रूद्रपुरगढी, पत्थरकोट, भालुवाङ आदि स्थानहरूमा कार्यरत रह्यो । सन् १८९६ (वि.सं. १९५३) मा यसले पाल्पा, बुटवल, भैरहवा इलाकाको नापीको काममा समेत भाग लिएको थियो ।[२०३]

सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा कर्णेल उजीरसिंह थापाको नेतृत्वमा जितगढी र नुवाकोटगढीबाट लडेको प्रतिरक्षात्मक लडाइँमा यस श्री भवानीदल कम्पनीले पनि भाग लिएको थियो । यसले सन् १९८८ (वि.सं. २०४५) मा गएको विनाशकारी भूकम्पको समयमा धनकुटा नगर क्षेत्रमा विभिन्न राहत तथा उद्धार कार्यहरू गरेको थियो ।[२०४]

यस श्री भवानीदलको गुल्मपतिको कार्यभार वडाकाजी अमरसिंह थापा, जनरल बख्तवारसिंह थापा, कर्णेल उजिरसिंह थापा, सरदार तिल विक्रम थापा, कर्णेल रामदल पाण्डे, कर्णेल ललित विक्रम राणा, कर्णेल कृष्णबहादुर कुंवर, कर्णेल तेजबहादुर राणा, कमाण्डर-इन-चीफ बद्रि नरसिंह राणा, कमाण्डर-इन-चीफ खड्ग शम्शेर राणा, जनरल वीर शम्शेर राणा, जनरल पुण्य शम्शेर राणा, कर्णेल समर शम्शेर राणा, मेजर जनरल शेर शम्शेर राणा, मेजर जनरल यदु (ज्यदु) शम्शेर राणा, मेजर जनरल प्रताप शम्शेर राणा, फिल्ड मार्शल र कमाण्डर -इन-चीफ रूद्र शम्शेर राणा र जनरल प्रचण्ड शम्शेर राणाले सम्हाली सक्नुभएको छ । त्यस्तै गरेर यसको गुल्मपतिको कार्यभार क्रमश सेनानीहरू पूर्णबहादुर शाह, गजध्वज हमाल, कटकबहादुर कार्की, छत्र शम्शेर राणा, अगम शम्शेर राणा, फडिन्द्रबहादुर खत्री, कर्णविक्रम थापा, धन विक्रम राणा, हस्तबहादुर बस्न्यात, अम्बिका प्रसाद शर्मा, रोहित विक्रम राणा, राम प्रसाद थापा, प्रदिप जंग राणा, जुद्ध विक्रम राणा, ललित बहादुर बुढाथोकी मगर, शेरबहादुर खत्री, दमन विक्रम राणा,

२०३ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १४४ ।

२०४ श्री भवानीदल गणका गणपति प्रमुख सेनानी प्रयोग जंगबहादुर राणाले वि.सं. २०६४ चैत्र ११ गते तयार गरेको "श्री भवानीदल गण, गढीथुम्का व्यारेक, इलाम, विस्तृत इतिहास", पृ. ६ ।

कुमार के.सी., पदमबहादुर के.सी., भुपेन्द्रबहादुर कार्की, बलबहादुर राउत, ध्रुवराज थापा, उदयचन्द्र अधिकारी, दिपक खड्का, मुकुन्दबहादुर थापा, प्रेमसिंह बस्न्यात, झंकरबहादुर कठायत र जितबहादुर गुरूङले पनि सम्हाल्नु भएको थियो । यो गण सिराहाको चौहर्वा ब्यारेकमा गुल्मको रुपमा कार्यरत छँदा तत्कालीन गुल्मपति सेनानी प्रेमसिंह बस्न्यातले *शाही नेपाली सेनाको भवानीदल गुल्म* नामक इतिहास आफैंले लेखी प्रकाशन गर्ने काम भएको थियो भने भवानीपार्क नाम राखेर मूल ढोकामा रमणीय पार्कको निर्माणसमेत भएको थियो । यस गणको प्रथम गणपति प्रमुख सेनानी अश्मिन कुमार थापा र दोस्रो गणपति प्रमुख सेनानी सुदर्शन विक्रम राणा हुनुहुन्थ्यो भने तेस्रो गणपतिको रूपमा हाल प्रयोग जंगबहादुर राणा कार्यरत हुनुहुन्छ ।

श्री रण शार्दुल गण

राजा रणबहादुरको पालामा सन् १७८५ अक्टोवर (वि.सं. १८४२ आश्विन ८) मा यो गण श्री रण शार्दुल कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "वीरता बलिदान" रहेको छ ।

सन् १९५२ को पुनर्गठन पछि यो खारेज गरियो ।[२०५] तत्कालीन शाही नेपाली सेनाको आधुनिकीकरणको क्रममा संख्या विस्तार प्रक्रियाअन्तर्गत यो सन् १९७८ अप्रिल १२ (वि.सं. २०३४ चैत्र ३०) मा रण शार्दुल गुल्मको नामले पोखरामा पुनः स्थापना गरियो । तत्पश्चात् सन् २००२ अगष्ट १५ (वि.सं. २०५९ श्रावण ३०) मा यो गणमा परिणत भयो । पोखरा, जोमसोम, त्रिवेणी, पाल्पा, पुनः त्रिवेणी, बागलुङ, जोमसोम, रूकुम, पुनः पाल्पा हुँदै हाल यो गण बुटवलमा तैनाथरत छ ।[२०६] राष्ट्रिय एकीकरण अभियानमा यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

यस श्री रण शार्दुल गण गुल्म छँदा यसको गुल्मपतिको जिम्मेवारी सेनानीहरू चित्रबहादुर गुरूङ, बसन्त कुमार क्षेत्री, शरद कुमार न्यौपाने, उपेन्द्र अधिकारी, रीव विक्रम थापा, प्रकाश के.सी., महेश कुमार विष्ट, रूद्रबहादुर राउत, गोविन्दबहादुर बस्नेत, अनिष विक्रम शाह, प्रमोद कार्की, निलबहादुर गुरूङ, शैलेशसिंह ठकुरी, विष्णु रूद्र शर्मा, धर्मबहादुर बानिया, शिवराम खरेल र निरज पौडेलले पुरा गर्नु भएको थियो । यस गणको प्रथम र दोस्रो गणपति क्रमशः प्रमुख सेनानी अमिर बस्न्यात र विनोद पाण्डे हुनुहुन्थ्यो । हाल यस गणका तेस्रो गणपति प्रमुख सेनानी सम्पत कुमार अर्याल हुनुहुन्छ ।

२०५ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १५४ ।

२०६ श्री रण शार्दुल गणका गणपति प्रमुख सेनानी सम्पतकुमार अर्यालले वि.सं. २०६४ श्रावण १३ मा तयार गरेको "श्री रण शार्दुल गणको इतिहास", परिशिष्ट "क", पृ. १-२ ।

श्री सिंहनाथ गण

राजा रणबहादुरको पालामा सन् १७८६ मार्च (वि.सं. १८४२ फाल्गुण २५) मा यो गण श्री सिंहनाथ पल्टनको नामबाट खडा भएको हो। त्यसवेला श्री सिंहनाथ कम्पनी थलारो, बाजुराको सुरक्षा गर्नको लागि स्थापना गरिएको हुँदा उक्त इलाकाका प्रसिद्ध देवताहरूमध्ये कर्णाली अञ्चलको जुम्ला जिल्लामा पर्ने रासकोट, दरासिउना गाउँको पूर्वपट्टि डाँडोमा अवस्थित प्रसिद्ध मन्दिर श्री सिंहनाथजीको नामबाट यस कम्पनीको नाम राखिएको भन्ने भनाई छ।[२०७] जनरल भीमसेन थापा शक्तिमा आएपछि उनले कर्नेल, जर्नेल र कमाण्डर-इन-चीफको दर्जा श्रृजना गरे। त्यसै गरी सन् १८७६ (वि.सं. १८१९) मा स्थापित कम्पनी तहको सैनिक संरचनालाई बढाएर (अपग्रेड) पल्टन (रेजिमेन्ट सरह) र कम्पु (बाहिनी सरह) बनाए। कम्पुलाई जर्नेल र पल्टनलाई कर्नेलले कमाण्ड गर्ने व्यवस्था भयो। त्यही सिलसिलामा आफ्ना भतिजा कर्नेल (पछि जनरल) माथवरसिंह थापाको कमाण्डमा यो पल्टन गोरखामा खडा गरिएको थियो। पहिलो अफिसर कमाण्डिङ्ग पनि माथवरसिंह थापा नै थिए। यसर्थ जुम्ला इलाकामा खडा भएको तथ्य पुनः विचार गर्नुपर्ने देखिन्छ। यस गणको आदर्श वाक्य "साहस नै सफलता हो" रहेको छ।

सन् १९५२ को पुनर्गठनमा यो खारेजमा परेको थियो। पुर्नस्थापनाको क्रममा श्री सिंहनाथ नं. ३ होमगार्ड भई नं. ३ बाहिनीअन्तर्गत भैरहवादेखि कञ्चनपुरसम्मका क्षेत्रहरूमा शान्ति सुरक्षार्थ खटिएको थियो। यसै क्रममा सन् १९६३ (वि.सं. २०२०) मा यसलाई श्री सिंहनाथ गण नामाकरण गरियो। यो सन् २००६ नोभेम्बर २८ (वि.सं. २०६३ मंसीर १२) मा आर्मी स्ट्रेयाटेजिक रिजर्भको रूपमा श्री नं. १० बाहिनीअन्तर्गत सम्मिलित भएको छ। काठमाडौं, भैरहवा, पुनः काठमाडौं, भक्तपुर, इटहरी, पुनः काठमाडौं, पोखरा, झापा, पुनः भक्तपुर हुँदै हाल यो गण शिवपुरी, काठमाडौंमा तैनाथरत छ।

नेपाल राष्ट्रको एकीकरणको सिलसिलामा सन् १८०६-१८०९ (वि.सं. १८६३-१८६६) को पश्चिम विजय अभियानअन्तर्गत काजी अमरसिंह थापा र भक्ति थापाको नेतृत्वमा यसले काँगडाका राजा संसारचन्द पंजावकेशरी रणजित सिंहको सेनासँग डटेर मुकावला गरेको थियो।[२०८]

२०७ श्री सिंहनाथ गणका निमित्त गणपति सेनानी भेषबहादुर के.सी. ले वि.सं. २०६४ चैत्र १३ मा तयार गरेको "श्री सिंहनाथ गणको सङ्क्षिप्त इतिहास", पृ. ३।

२०८ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ५० र महेशराज पन्त, "वीर भक्ति थापा", *पूर्णिमा*, वर्ष ५, अंक १, वि.सं. २०३५, पृ. ५२।

सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले वीर भक्ति थापाको नेतृत्वमा जैथकको युद्धमा अङ्ग्रेजको फौजसँग मुकाविला गरेको थियो। सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले तिब्बती फौजहरूसँग बहादुरीका साथ लडेको थियो। सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा नेपालबाट अङ्ग्रेजहरूको सहायताको लागि गएको सेनामा यो पनि सम्मिलित भई विद्रोह दवाउने कार्यमा यसले भाग लिएको थियो। सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यसले तत्कालीन भारतको उत्तर-पश्चिम सीमान्त प्रदेशमा अफगानिस्तानबाट उत्प्रेरित विद्रोही मसुदहरूलाई नियन्त्रण गर्ने कार्यमा शेर गणको अर्धाङ्ग बनेर भाग लिएको थियो। सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धमा शेर गणको अर्धाङ्ग बनेर यसले आसाम-बर्माको लडाइँमा लडेको थियो। सन् १९४८ मा हैदरावादमा गडवडी हुँदा भारत सरकारको सहायताको लागि शान्ति सुरक्षा कायम गर्ने कार्यमा यो शेर गणको अर्धाङ्ग बनेर भारतमा गएको थियो।[२०९]

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना गर्ने कार्यअन्तर्गत यस गण सन् १९८६ (वि.सं. २०४३), सन् १९९६ (वि.सं. २०५२) र सन् १९९९ (वि.सं. २०५६) मा लेवनानमा र सन् २००६ (वि.सं. २०६२) मा बुरूण्डीमा तैनाथ रहेको थियो।

सन् १९३४ (वि.सं. १९९०) को महाभूकम्पले काठमाडौं उपत्यकामा पुऱ्याएको क्षतिमा यसले उद्धार कार्य गरेको थियो।[२१०]

यस श्री सिंहनाथ गणको गणपति कार्यभार प्रमुख सेनानीहरू हनुमानसिंह बस्न्यात, जंगप्रताप राणा, राजेन्द्र राणा, लक्ष्मण चन्द्रबहादुर सिंह, नगेन्द्रबहादुर बस्न्यात, भगिरथ नरसिंह राणा, प्यारजंग थापा, किरण शम्शेर थापा, निरञ्जन पाल ठकुरी, रणध्वज लिम्बु, केशवराज महत, राजेन्द्र कुमार खड्का, बलदेवराज महत, सुरेश शर्मा, देवेन्द्र बहादुर मेधासी, कुवेर थापा र प्रेमध्वज अधिकारीले सम्हाल्नु भएको थियो। हाल यस गणका गणपति प्रमुख सेनानी भिमबहादुर शाह हुनुहुन्छ।

२०९ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ५०, खत्री, पादटिप्पणी संख्या ९७, पृ. ४५-४६, हनुमानसिंह बस्न्यात, *श्री सिंहनाथ गणको इतिहास*, (पहिलो फूल), बुटवल : श्री सिंहनाथ गण, वि.सं. २०२६, पृ. ८-२८, लक्ष्मण वी. हमाल, *मिलिटरी हिष्ट्रि अफ नेपाल*, काठमाडौं : शारदा पुस्तक मन्दिर, सन् १९९५, पृ. २५३ र गंगाराज मुकारूङ राई (सं.), *सिंह दर्पण* (विगतदेखि वर्तमानसम्म), काठमाडौं : श्री सिंहनाथ गण, वि.सं. २०५९, पृ. १५-३५।

२१० श्री सिंहनाथ गणका निमित्त गणपति सेनानी भेषबहादुर के.सी. ले वि.सं. २०६४ चैत्र १३ मा तयार गरेको "श्री सिंहनाथ गणको सङ्क्षिप्त इतिहास", पृ. २-४।

श्री भैरव गण

श्री भैरव गण राजा रणबहादुर शाहको पालामा सन् १७८५ (वि.सं. १८४२) मा श्री भैरव कम्पनीको नामबाट स्थापना भएको हो। यस गणको आदर्श वाक्य "देश रक्षा संकल्प" रहेको छ।

सन् १७७७ नोभेम्बर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भई पछि खारेजमा परेको र निशान समेत नपाइएको १८ वटा कम्पनीहरूमध्ये यो पनि एक थियो। तत्पश्चात् यो सन् १९९८ अप्रिल १४ (वि.सं. २०५५ वैशाख १) मा श्री भैरव गुल्म नामाकरण भई काठमाडौंको थानकोटमा श्री नं. १ बाहिनी अड्डाअन्तर्गत अनाश्रित गुल्मको रूपमा स्थापना भएको थियो। सन् २००६ मे २६ (वि.सं. २०६३ जेष्ठ १२) मा यो गुल्मबाट श्री भैरव गणमा परिणत भएको थियो। काठमाडौं, कालिकोट हुँदै हाल यो गण सुर्खेतमा तैनाथरत छ।[२११]

यो गण श्री भैरव गुल्मको रूपमा रहँदा यसको गुल्मपतिको कार्यभार क्रमशः सेनानीहरू प्रभुराम शर्मा, शेखर प्रसाद नेपाल, विष्णु प्रसाद चापागाई, शंकर बहादुर पण्डित, अनिल कुमार भट्टराई र मनोज कुमार सिलवालले सम्हाली सक्नुभएको छ। यो गणका प्रथम गणपति प्रमुख सेनानी शम्भु राज ढुंगाना हाल कार्यरत हुनुहुन्छ।

श्री रणशेर गण

श्री रणशेर गण राजा रणबहादुर शाहको पालामा सन् १७८८ जुन (वि.सं. १८४५ आषाढ ८) मा श्री रणशेर कम्पनीको नामबाट खडा भएको हो। यस गणको आदर्श वाक्य "गरौं सेवा शेर भई" भन्ने रहेको छ।

सन् १९५२ (वि.सं. २००९) मा भएको पुनर्गठनमा यो खारेजीमा परेको थियो। राजा वीरेन्द्रको पालामा सन् १९८१ जनवरी २ (वि.सं. २०३७ पौष १९) मा पर्सा जिल्लाको वीरगञ्जमा यो पुनः श्री रणशेर गुल्मको नामबाट पुनर्स्थापना भयो।[२१२] यो सन् २००३ डिसेम्बर ५ (वि.सं. २०६० मंसिर १९) मा श्री रणशेर गणमा परिणत भयो। विरगञ्ज, खरिपाटी, नगरकोट, रामेछाप, भैसे ब्यारेक हुदै यो गण हाल बर्दिया राष्ट्रिय निकुञ्जमा तैनाथ रहेको छ।[२१३]

सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले भाग लिएको थियो।

यस गण श्री रणशेर गुल्मको रूपमा रहँदा यसका पहिलो गुल्मपति सेनानी विनोदसिंह विष्ट हुनुहुन्थ्यो। तत्पश्चात् सेनानीहरू निरञ्जन विक्रम राणा, आदित्यबहादुर शाह, जगदिश चन्द्र पोखेल, कुलबहादुर बोगटी, आशिमन कुमार थापा, ऋषभदेव भट्टराई, सागरबहादुर के.सी., सानु तामाङ, आनसिंह विष्टले गुल्मपतिको कार्यभार सम्हाल्नु भएको थियो। यस गणको पहिलो गणपतिको रूपमा प्रमुख सेनानी अशोक राज सिग्देलले कार्यभार सम्हाल्नु भएको थियो। हाल यस श्री रणशेर गणका गणपति प्रमुख सेनानी समिर सिंह हुनुहन्छ।

श्री रणबम गण

राजा रणबहादुर शाहको पालामा सन् १७९० (वि.सं. १८४७) मा यो गण श्री रणबम कम्पनीको नामबाट खडा भएको हो। यस गणको आदर्श वाक्य "झुक्दैन रणबम रणभूमिमा" रहेको छ।

सन् १७७७ नोभेम्वर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र खडा भई पछि खारेजमा परेको, निशान समेत नपाइएका १८ वटा कम्पनीहरू मध्ये यो पनि एक थियो। तत्कालीन शाही नेपाली सेनालाई समयानुकूल विकास र विस्तार गर्ने क्रममा तत्कालीन श्री ५ को सरकारको सन् २००२ जनवरी २५ (वि.सं. २०५८ माघ १२) को निर्णयअनुसार श्री बज्रदल गुल्म र अन्यत्रबाट संख्या सरूवा गरी श्री रणबम गुल्म नामाकरण गरी पुनः स्थापना भएको हो। तत्पश्चात् सन् २००६ मे २६ (वि.सं. २०६३ जेष्ठ १२) को मन्त्रिपरिषद्को निर्णयअनुसार यो गुल्मबाट श्री रणबम गणमा परिणत भएको हो।[२१४] कास्की हुँदै हाल यो गण पश्चिम पृतनाअन्तर्गत पाल्पामा तैनाथरत छ।

---

२११ श्री भैरव गणका गणपति प्रमुख सेनानी शम्भुराज ढुंगानाले वि.सं. २०६५ वैशाख २३ मा तयार गरेको "श्री भैरव गणको इतिहास", पृ. १-३।

२१२ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. २७७।

२१३ श्री रणशेर गणका गणपति प्रमुख सेनानी समिर सिंहले वि.सं. २०६४ मंसीर २५ मा तयार गरेको "श्री रणशेर गणको इतिहास", पृ. १ र ५-६।

२१४ श्री रणबम गणले वि.सं. २०६४ चैत्र २ मा मेसेज पि.वि./२९२५-०११७०५ बाट प्रेसित "श्री रणबम गणको इतिहास", परिशिष्ट "क", पृ. २-३।

यस श्री रणबम गण गुल्म छँदा यसको गुल्मपतिको कार्यभार सेनानीहरु राजेन्द्र जंग खत्री, रविन्द्र के.सी. र पुष्प वलीले सम्हाल्नु भएको थियो । यस गणको प्रथम गणपति प्रमुख सेनानी भुपेन्द्र खड्का हुनुहुन्थ्यो । हाल यस गणको दोस्रो गणपतिको रुपमा प्रमुख सेनानी गोपाल थापा कार्यरत हुनुहुन्छ ।

श्री जबरजंग गण

राजा रणबहादुर शाहको पालामा सन् १७९१ (वि.सं. १८४८ जेष्ठ ५) मा श्री जबरजंग गण श्री जबरजंग कम्पनीको नामबाट स्थापना भएको हो । यस गणको आदर्श वाक्य "दृढता र विजय" भन्ने रहेको छ ।

सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्ध पछि यो कम्पनी खारेजमा पर्‍यो र सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यो फेरी खडा गरियो तर सो युद्धपश्चात् यो पुन: खारेजी गरियो । सन् १८६६ (वि.सं. १९२३) मा यसको पुन: स्थापना भयो । सन् १९५२ को पुनर्गठनमा यो फेरी खारेजीमा पर्‍यो ।[२१५] सन् १९८२ मे १९ (वि.सं. २०३९ जेष्ठ ५) मा अनाश्रित गुल्मको रूपमा सुनसरी जिल्लाको कुसाहास्थित कोशीटप्पुमा यो श्री जबरजंग गुल्म नामाकरण भई पुन: खडा भयो । तत्पश्चात् सन् २००३ डिसेम्वर ५ (वि.सं. २०६० मंसिर १९) मा यो अनाश्रित गुल्मबाट श्री जबरजंग गणमा परिणत भयो ।[२१६] सुनसरी, झापा, सप्तरी, भोजपुर, पुन: सुनसरी, ताप्लेजुङ हुँदै यो गण हाल झापामा तैनाथ रहेको छ ।

राष्ट्रिय एकीकरणको अभियानमा यसले सशक्त रूपमा भाग लिँदै सन् १८०७-१८०९ को काँगडाको युद्धमा वीरतापूर्वक लडेको थियो । सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा पनि यसले भाग लिएको थियो । त्यस्तै यसले सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा भाग लिएको थियो । सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यो भारतमा अमनचैन कायम राख्न नेपालबाट गएको सेनामा सम्मिलित थियो ।[२१७] सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतवीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ

२१५ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १६२ ।

२१६ श्री जबरजंग गणका गणपति प्रमुख सेनानी कोषराज घिमिरेले वि.सं. २०६४ मंसिर २० मा तयार गरेको "श्री जबरजंग गणको सङ्क्षिप्त इतिहास", पृ. १ ।

२१७ "पहिलो विश्वयुद्धमा नेपालबाट भारत खट्टि जाने फौजको अफिसरदेखि जवानसम्मको राशन स्केल र नेपाल कन्टिजेन्सले नेपालमा लेखापढीको नक्कल किताव", वि.सं. १९७१, १९७६; सन् १९१४, १९१९; *जंगी अड्डा,* अभिलेख शाखा, भाग २, सि.नं. २०९ ।

दुई डिभिजन फौजमध्ये पहिलो डिभिजनमा खटिएको थियो । सन् १९३९-१९४५ को द्वितीय विश्वयुद्धमा बृटिश सरकारको सहायताको लागि नेपालबाट गएको सेनामा यो श्री शम्शेरदल पल्टनको अर्धाङ्ग बनेर नौसेरामा शान्ति-सुरक्षाको कार्यमा तैनाथ थियो । सन् १९४८ मा भारत सरकारको अनुरोधमा सहायताको लागि नेपालबाट पठाइएको सेनामा यो त्यहाँ आन्तरिक शान्ति-सुरक्षा कायम राख्ने क्रममा हैदरावादमा तैनाथ गरिएको थियो ।

विभिन्न स्थानमा तैनाथ हुँदा यस गणले दैवी प्रकोप, बाढी पहिरो, आगजनी तथा शान्ति सुरक्षाको कार्यमा दृढतापूर्वक कार्य सफल गरेको छ ।

यस गण तत्कालीन गुल्म छँदा यसको कमाण्ड गुल्मपतिको रूपमा सेनानीहरू गजबसिंह राई, केदारनाथ दुलाल, नरबहादुर राउत, जनकराज थापा, विजयध्वज कार्की, गोपालबहादुर थापा, सुवर्णबहादुर महत, गणेशबहादुर कार्की, पदम कुमार आङ्वो र प्रकाश अर्यालले गरी सक्नुभएको छ । यस गणको प्रथम र दोस्रो गणपति क्रमश: प्रमुख सेनानीहरू सुरेश कुमार कार्की र शरद ढकाल हुनुहुन्थ्यो । हाल यस गणको तेस्रो गणपति प्रमुख सेनानी कोषराज घिमिरे हुनुहुन्छ ।

श्री गोरख बक्स गण

श्री गोरख बक्स गण राजा रणबहादुर शाहको राज्यकालमा सन् १७९२ जनवरी (वि.सं. १८४८ माघ ९) मा श्री गोरखबक्स कम्पनीको नामबाट नेपाल-तिब्बत-चीन युद्धको लागि खडा गरिएको थियो ।[२१८] स्थापनाको समयमा ८५ जनाको संख्यामा स्थापना भएको थियो ।[२१९] यस गणको आदर्श वाक्य "सेवा नै तपस्या हो" रहेको छ ।

सन् १९६३ (वि.सं. २०२०) मा यो मिलिसियाबाट नेपाली सेनाको एक अनाश्रित गुल्ममा परिणत भयो । तत्पश्चात् यो सन् २००३ डिसेम्वर ५ (वि.सं. २०६० मंसिर १९) मा श्री गोरख बक्स गणमा परिणत हुन गयो ।[२२०] उदयपुर,

२१८ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १६६ ।

२१९ वद्रीप्रसाद पाण्डे, "श्री गोरख बक्स गुल्मको सङ्क्षिप्त इतिहास", *सिपाही,* वर्ष १२, वि.सं. २०३६, पृ. ४९ ।

२२० श्री गोरखवक्स गणका गणपति प्रमुख सेनानी रवी थापाले वि.सं. २०६४ माघ १० मा तयार गरेको "श्री गोरखवक्स गणको स्थापना र ऐतिहासिक पृष्ठभूमि", पृ. १-२ ।

पाँचथर, ताप्लेजुङ, सप्तरी, झापा, खोटाङ, सुनसरी, भोजपुर हुँदै यो गण हाल महोत्तरी जिल्लामा तैनाथ रहेको छ । सन् १८१३ (वि.सं. १८७०) मा यसलाई हाकिम सरदार श्री बलभद्र ठकुरीको सक्रियतामा गढी रक्षार्थ उदयपुरगढी, उदयपुरमा तैनाथ गरिएको थियो । सन् १८४१ (वि.सं. १८९८) मा यसमा अफिसर १ समेत २९५ जना थियो भन्ने बुझिन्छ । हाल महोत्तरी जिल्लामा तैनाथरत यस गणलाई धनुषा जिल्लाको आन्तरिक सुरक्षाको जिम्मेवारी दिइएको छ ।

यसले सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा मकवानपुर मोहोडा (फ्रन्ट) मा अन्य पल्टनसँगै युद्ध लडेको थियो भने सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा खार्ता मोहोडा (फ्रन्ट) बाट युद्ध लड्न अघि बढेको थियो ।

यस श्री गोरखबक्स गण गुल्म हुँदा यसको गुल्मपतिको कार्यभार उप-सेनानीहरू अक्कलबहादुर खत्री, सिंहवीर राउत, चिरीञ्जवी खत्री, सह-सेनानी तिलकबहादुर थापा, सेनानीहरू कर्णबहादुर रायमाझी, केशव प्रसाद गिरी, उदयबहादुर कुँवर, सागर शम्शेर ज.ब.रा., प्रदिप शम्शेर ज.ब.रा., बज्र गुरूङ, मोहनकृष्ण के.सी., टपबहादुर खत्री, छत्रमानसिंह गुरूङ, नेत्रबहादुर थापा, दिपक विक्रम पाण्डे, हेमन्त कुंवर, राजेन्द्र कुमार खड्का, पदमबहादुर थापा, इन्द्रबहादुर राई, रामजी घिमिरे, अर्जुनबहादुर कार्की, इश्वर हमाल, नवीन बस्नेत र केदार के.सी.ले सम्हाल्नु भएको थियो । यस गणको प्रथम र द्वितीय गणपतिहरू क्रमशः प्रमुख सेनानीहरू निर्मल कुमार थापा र विष्णु जि.सी. हुनुहुन्थ्यो । हाल तेश्रो गणपतिको रूपमा प्रमुख सेनानी रवि थापा कार्यरत हुनुहुन्छ ।

श्री इन्द्रबक्स गण

राजा रणबहादुर शाहको पालामा सन् १७९१ (वि.सं. १८४८) मा यो गण श्री इन्द्रबक्स कम्पनीको नाममा खडा भएको हो । यस गणको आदर्श वाक्य "पूर्खाको नाम वीरको शान" भन्ने रहेको छ ।

बडाकाजी अमरीसंह थापाले डोटी सिलगढीमा खडा गरेको थप नयाँ पल्टनहरूमध्ये वि.सं. १८४८ को वसन्त पञ्चमीको दिन धार्मिक वैद्धिक विधिपूर्वक यसलाई श्री इन्द्रबक्स कम्पनी नामाकरण गरी स्थापना गरेका थिए । सन् १७७७ नोभेम्बर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भएपछि खारेजमा

परेका र निशान समेत नपाएकामध्ये यो पनि थियो ।[२२१] राष्ट्रिय सुरक्षा अवधारणाअनुरूप नेपाल आयल निगम, बहुउद्देश्य प्लाष्टिक उद्योग कार्यालय आदिलाई सुरक्षार्थ सन् २००१ जनवरी २५ (वि.सं. २०५७ माघ १२) मा १९६ को टोलीलाई सुरक्षा गुल्म नामाकरण गरी मकवानपुरमा एकत्रित गरिएको थियो । उक्त सुरक्षा गुल्मलाई सन् २००१ जुन १४ (वि.सं. २०५८ जेष्ठ ३२) मा श्री नं. २ सुरक्षा गुल्म नामाकरण गरियो । तत्पश्चात् यसलाई सन् २००२ सेप्टेम्वर २५ (वि.सं. २०५९ आश्विन ९) मा श्री इन्द्रबक्स गुल्म भनी नामारकरण गरियो । सन् २००६ मे २६ (वि.सं. २०६३ जेष्ठ १२) मा आएर यो श्री इन्द्रबक्स गणमा परिणत भयो । यो गण हाल मकवानपुरमा तैनाथरत छ ।

यो सन् १७९१ (वि.सं. १८४८) पछि नेपालको राष्ट्रिय एकीकरण अभियानमा कुमाउँ गढवाल, अलमोडा हुँदै काँगडासम्म पुगेको थियो । त्यस्तैगरेर सन् १७९२ को नेपाल-तिब्बत-चीन युद्धमा बेत्रावतीमा बहादुरीपूर्वक लडेको थियो ।[२२२]

सन् २००२ (वि.सं. २०५९ असार) र सन् २००३ (वि.सं. २०६० श्रावण) मा भएको भिषण बर्षाका कारण मकवानपुर र चितवन जिल्लाको सिमानामा पर्ने लोथर खोलामा आएको बाढीबाट प्रभावित लोथर, सुनाचुरी र बिजौना गाउँका स्थानीय बासिन्दाहरूलाई यस गणले उद्धार कार्य गरेको थियो । सन् २००७ (वि.सं. २०६४) मा स्थानिय प्रशासन र जनताको अनुरोधमा लोथर खोला तटबन्द निर्माण गर्ने कार्यमा यस गणले ठूलो योगदान पुऱ्याएको थियो ।

यस श्री इन्द्रबक्स पल्टनको प्रथम कमाण्ड काजी धौकलसिंह बस्न्यातले गरेका थिए । यस गण सुरक्षा गुल्मको रूपमा रहँदा सेनानीहरू उत्तम रूपाखेती, जनार्दनबहादुर शाह र अनिल कुमार कार्कीले गुल्मपतिको कार्यभार सम्हाल्नु भएको थियो भने यो गण गुल्मको रूपमा रहँदा सेनानीहरू अनिल कुमार कार्की, शिवशरण थापा, विनोद खड्का र श्यामहरी खत्रीले गुल्मपतिको कार्यभार सम्हाल्नु भएको थियो । यस इन्द्रबक्स गणका पहिलो गणपति प्रमुख सेनानी विश्वराज थापा हुनुहुन्थ्यो भने दोस्रो गणपतिको रूपमा हाल प्रमुख सेनानी दिपक कार्की हुनुहुन्छ ।

---

२२१ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ.३२३-३२५ ।

२२२ श्री इन्द्रबक्स गणका गणपति प्रमुख सेनानी दिपक कार्कीले वि.सं. २०६४ मंसिर १० मा तयार गरेको "श्री इन्द्रबक्स गणको सङ्क्षिप्त इतिहास", पृ. १-२ ।

श्री सिद्धिबक्स गण

राजा रणबहादुरको पालामा सन् १७९१ (वि.सं. १८४८) मा श्री सिद्धिबक्स गण श्री सिद्धिबक्स कम्पनी नामबाट खडा भएको हो । सिद्धिबक्सको शाब्दिक अर्थ "सिद्धि" अर्थात सत्यता र "बक्स" अर्थात प्राप्त गरेको भन्ने भएता पनि विस्तृतमा "सत्यताको सधैं विजय हुने शक्ति प्राप्त भएको" भन्ने जनाउँछ । साथै अणिमादी नाम गरेका अष्ट सिद्धिहरू: अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ती, प्रकाम्यती, उसित्वा र वासित्वाहरू स्वतन्त्र र छाडा नहुन् भनी ब्रम्हाजीले गणेशजीको भार्या (श्रीमती) को रूपमा रहनु भन्ने आदेश दिएको कुरा हिन्दु पौराणिक कथाहरूमा उल्लेख भएको पाइन्छ । अत: "सिद्धि" गणेशजीको श्रीमतीको रूपमा स्विकारिएको पनि स्पष्ट हुन आउँदछ । यस गणको आदर्श वाक्य "सिद्धि सर्व सुनिश्चय" रहेको छ ।

सन् १७७७ नोभेम्वर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र खडा भएपछि खारेजमा परेका र निशान समेत नपाएका कम्पनीमध्ये यो पनि एक थियो ।[२२३] समयानुकूल गण गुल्महरू पुनः खडा हुने क्रममा यो गण सन् २००० डिसेम्वर २९ (वि.सं. २०५७ पौष १४) मा श्री नं. १ अनाश्रित गुल्मको नाममा नामाकरण भई खडा भएको थियो । सोही श्री नं. १ अनाश्रित गुल्मको सन् २००१ जुन १३ (वि.सं. २०५८ जेष्ठ ३१) मा श्री नं. १ सुरक्षा गुल्मको नाममा नामाकरण भएको थियो । सन् २००२ सेप्टेम्वर २५ (वि.सं. २०५९ आश्वीन ९) मा यसलाई सिद्धिबक्स गुल्म नामाकरण गरियो । तत्पश्चात् सन् २००६ जुलाई ३१ (वि.सं. २०६३ श्रावण १५) मा यो गणमा परिणत भयो । सुर्खेत हुँदै यो गण हाल बर्दियामा तैनाथरत छ ।

सन् २००६ (वि.सं. २०६३ भाद्र) मा बर्दिया जिल्लामा आएको बाढीले प्रभावित स्थानिय जनताहरूको उद्धार कार्य र राहत वितरणमा यस गणले ठूलो भूमिका निर्वाह गरेको थियो ।[२२४] यो गण बर्दिया जिल्लामा जनहित कार्यहरूमा पनि प्रत्यक्ष रूपमा सहभागिता जनाउँदै आइरहेको छ ।

हाल यस श्री सिद्धिबक्स गणका गणपति प्रमुख सेनानी अनन्त कुमार बस्नेत हुनुहुन्छ ।

---

२२३ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ.३२३-३२४ ।
२२४ श्री सिद्धिबक्स गणका गणपति प्रमुख सेनानी अनन्त कुमार बस्नेतले वि.सं. २०६४ श्रावण १४ मा तयार गरेको "श्री सिद्धिबक्स गणको सङ्क्षिप्त इतिहास", पृ. १-२ ।

श्री भगवतीदल गण

राजा रणबहादुर शाहको पालामा सन् १७९३ (वि.सं. १८५०) मा यो गण श्री भगवतीदल कम्पनीको नाममा खडा भएको हो । यस गणको आदर्श वाक्य "सेवामा कर्मवीर" रहेको छ ।

सन् १७७७ नोभेम्वर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भएपछि खारेजमा परेको र निशान समेत नपाएको मध्ये यो पनि थियो ।[२२५] देशको वदलिदो परिस्थिति र आवश्यकताअनुसार तत्कालीन श्री ५ को सरकारको निर्णयअनुसार यो सन् २००२ जनवरी २५ (वि.सं. २०५८ माघ १२) मा श्री भगवतीदल गुल्मको नामले पुनः खडा भएको थियो । श्री फष्ट रैफल गणवाट पदिक तथा अन्य दर्जा गरी १०८ को संख्यावाट विधिवत् रूपवाट सन् २००३ अगष्ट १८ (वि.सं. २०६० भाद्र १) मा खडा भएको थियो । तत्पश्चात् सन् २००६ मे २६ (वि.सं. २०६३ जेष्ठ १२) मा यो गुल्मवाट श्री भगवतीदल गणमा परिणत भयो ।[२२६] हाल यो गण धादिङ जिल्ला र पृथ्वीराजमार्गको सुरक्षाको निमित्त तैनाथरत छ ।

हाल यस गणका गणपति प्रमुख सेनानी कृष्णदेव भट्ट हुनुहुन्छ ।

श्री चन्दननाथ गण

राजा रणबहादुर शाहको पालामा सन् १७९९ जनवरी (वि.सं. १८५५ पौष २३) मा यो गण श्री चन्दननाथ कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "देखाउ वीर भक्ति लिएर शिवशक्ति" भन्ने रहेको छ ।

सन् १९५२ (वि.सं. २००९) को पुनर्गठनपछि यो मिलिसिया कम्पनीको रूपमा कार्यरत रही सन् १९६७ (वि.सं. २०२४) मा यो तत्कालीन शाही सेनाको एउटा अनाश्रित गुल्मको रूपमा तैनाथ रहँदै आएको थियो ।[२२७] तत्पश्चात् सन् २००४ अगष्ट २ (वि.सं. २०६१ श्रावण १८) मा यो गुल्मबाट श्री चन्दननाथ गणमा

---

२२५ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ.३२३-३२५ ।
२२६ श्री भगवतीदल गणले वि.सं. २०६४ श्रावण ८ मा मेसेज नं. डि.वि./८२८-०८१८२८ बाट प्रेसित "भगवतीदल गणको इतिहास" ।
२२७ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १६८ ।

परिणत भयो । जुम्ला, बर्दिया, सुर्खेत, मुगु, कपिलवस्तु, डोल्पा हुँदै हाल यो गण जुम्लामा तैनाथरत छ ।

यसले राष्ट्रिय एकीकरणको अभियानमा सक्रिय रूपले भाग लिएको थियो । सन् १९५१ (वि.सं. २००७) मा शेर सिंहको कमाण्डमा कर्णाली क्षेत्र लुट्न आएका विद्रोहीहरू करिव १०० जनालाई तितरवितर पारी विद्रोही कमाण्डर शेर सिंहलाई पक्रन यो सफल भएको थियो ।[२२८] उल्लेख्य कुरा के देखिन्छ भने शेर सिंह को थिए र क्रियाकलाप के थियो भन्ने विस्तृत जानकारी प्रकाशमा आएको पाइँदैन । सन् १९७४ (वि.सं. २०३१) मा खम्पा निःशस्त्रीकरण कार्यमा यसले पनि सक्रिय रूपमा भाग लिएको थियो ।

सन् १८१० (वि.सं. १८६७) मा यसले पन्थजंडामा बाह्र ठकुराईसँग भएको युद्धमा अन्य फौजसँग बहादुरीसाथ लडी विजय प्राप्त गरेको थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यो जुम्ला क्षेत्रमा तैनाथ गरिएको थियो ।[२२९]

सन् १९८० (वि.सं. २०३६) मा जनमत सङ्ग्रह हुँदा यो कर्णाली अञ्चलमा तैनाथ थियो ।[२३०]

हाल यस श्री चन्दननाथ गणका गणपति प्रमुख सेनानी प्रमोद कार्की हुनुहुन्छ ।

श्री शिवदल गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०४ मे (वि.सं. १८६१ वैशाख २९) मा श्री शिवदल गण श्री शिवदल कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "होडबाजी चलोस् हाम्रो शिव संकल्प सत्यम्" रहेको छ ।

२२८ श्री चन्दननाथ गणका गणपति प्रमुख सेनानी प्रमोद कार्कीले वि.सं. २०६४ माघ १८ मा तयार गरेको "श्री चन्दननाथ गणको सङ्क्षिप्त इतिहास", पृ. १ ।

२२९ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १६८, खत्री, पादटिप्पणी संख्या ९७, पृ. ६०-६१ र मोहन प्रसाद खनाल, *नेपालमा भोट-युद्धको तयारी*, काठमाडौं : मोहन प्रसाद खनाल, वि.सं. २०२६, पृ. २२ ।

२३० श्री चन्दननाथ गणका गणपति प्रमुख सेनानी प्रमोद कार्कीले वि.सं. २०६४ माघ १८ मा तयार गरेको "श्री चन्दननाथ गणको सङ्क्षिप्त इतिहास", पृ. २ ।

सन् १९६४ जनवरी १५ (वि.सं. २०२० माघ १) मा यो मिलिसियाबाट तत्कालीन शाही नेपाली सेनाको एक अनाश्रित गुल्मको रूपमा खडा भएको हो ।[२३१] यो सन् २००४ जुलाई २३ (वि.सं. २०६१ श्रावण ८) मा गुल्मबाट गणमा परिणत भयो । रामेछाप, चौतारा, त्रिशुली, कुलेखानी, महोत्तरी, गोरखा, मुस्ताङ, बर्दिया, गुल्मी हुँदै हाल यो गण कपिलबस्तुमा तैनाथरत छ ।

सन् १९७४ (वि.सं. २०३१) मा भएको ओखलढुङ्गा काण्डमा इन्द्रध्वज गुल्मले ओखलढुङ्गाबाट लखेटिएका विद्रोहीहरूलाई ब्लकिङ गर्ने कार्यमा यो गण संलग्न रहेको थियो । सन् २००० (वि.सं. २०५७) मा शाही बर्दिया राष्ट्रिय निकुञ्जमा कार्यरत रहँदा यसले प्रशंसनीय कार्य गरेको कारण अब्राहम कन्जरभेशन अवार्ड २००० प्राप्त गरेको थियो ।[२३२]

यस श्री शिवदल गण गुल्म छँदा यसको गुल्मपतिको कार्यभार उप सेनानीहरू टेकबहादुर थापा, गजेन्द्रबहादुर बस्न्यात, भैरवबहादुर खत्री, डम्वर बहादुर थापा, भिमबहादुर गुरूङ, सेनानीहरू मानबहादुर शाह, कृष्णबहादुर थापा, उप सेनानी तिलकबहादुर थापा, सेनानीहरू नविन नरसिंह राणा, मानध्वज बुढामगर, प्रल्लाद सिंह गुरूङ, श्याम सुन्दर घिमिरे, शिशिर चन्द्र शाह, मुकुन्दबहादुर था.म., प्रदिप विक्रम राणा, मणिन्द्र गुरूङ, भोला विक्रम हमाल, विनोज बस्न्यात, शम्शेर ठकुराठी, गंगाबहादुर गुरूङ, पूर्णबहादुर था.म., उमेश सिजापति, बाबुकृष्ण कार्की, जसवन्त शम्शेर ज.ब.रा., धनबहादुर था.म. र प्रकाश पोखरेलले सम्हाल्नु भएको थियो । यस श्री शिवदल गणको प्रथम र द्वितीय गणपति क्रमशः प्रमुख सेनानीहरू कुमार लामा र बाबुराम श्रेष्ठ हुनुहुन्थ्यो । हाल यस गणको गणपति प्रमुख सेनानी गणेश कुमार श्रेष्ठ हुनुहुन्छ ।

श्री रणसिंहदल गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०४ अगष्ट (वि.सं. १८६१ भाद्र १) मा यो गण श्री रणसिंहदल कम्पनीको नामबाट खडा भएको थियो ।

२३१ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १८० ।

२३२ श्री शिवदल गणका गणपति प्रमुख सेनानी गणेश कुमार श्रेष्ठले वि.सं. २०६४ माघ २९ मा तयार गरेको "श्री शिवदल गणको इतिहास" ।

"रणसिंहदल" नामाकरण गर्नुको अर्थ सबै सबल, सक्षम र पुरूषार्थी जवानहरू संगठित गरी रणसिंह अर्थात रण-युद्धभूमि र सिंह-ख्याती कमाउन सक्ने पल्टन भन्ने बुझिन्छ। यस गणको आदर्श वाक्य "बढाउनु नेपालीको शान" रहेको छ।

श्री रणसिंहदल कम्पनी सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धपश्चात् खारेजीमा परेको देखिन्छ। सन् १९७९ डिसेम्वर २९ (वि.सं. २०३६ पौष १४) मा वन्य जन्तु आरक्ष कोशी टप्पुको नाममा स्थापना भएको गुल्मलाई पुनः श्री रणसिंहदल गुल्म नामाकरण गरियो। तत्पश्चात् सन् २००३ अक्टोवर २० (वि.सं. २०६० कार्तिक ३) मा यो गुल्मबाट श्री रणसिहंदल गणमा परिणत भयो।[२३३] इलाम, सुनसरी, भोजपुर, धनकुटा, सिरहा, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, सप्तरी हुँदै यो गण हाल सिरहामा तैनाथरत छ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा भागलिई यसले बहादुरीका साथ लडाइँ लडी वीरता प्रदर्शन गरेको थियो।

संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति सेनाका रूपमा यो गण क्यारेवियन राष्ट्र हाइटीमा सन् २००६ (वि.सं. २०६३ श्रावण) मा खटिएर सफलतापूर्वक आफ्नो जिम्मेवारी निभाएको थियो।

सन् १९८६-१९८८ (वि.सं. २०४३ मंसीर-वि.सं. २०४५ पौष) मा कोशी टप्पु वन्यजन्तु आरक्ष, सुनसरीमा तैनाथ हुँदा यसले कोशी बाँध नियन्त्रण कार्यमा संलग्न रही प्रशसनीय कार्य गरेको थियो। साथै सुनसरी जिल्लाका विभिन्न गाउँ तथा वस्तीहरूलाई डुवान र नदी कटानबाट जोगाउन ठूलो सहयोग प्रदान गरेको थियो। त्यसैगरेर सन् १९८८ (वि.सं. २०४५) को भूकम्पमा पूर्वी नेपालका विभिन्न ठाउँहरूमा उद्धार कार्यमा संलग्न रही उक्त स्थानका जनताहरूलाई विभिन्न राहतका कार्यक्रम पुऱ्याउन यसले ठूलो सहयोग गरेको थियो। सन् १९९९ (वि.सं. २०५५ चैत्र) मा सोलुखुम्बु जिल्लाको क्वाङदे हिमालको पश्चिमपट्टिको भिरमा दुर्घटनाग्रस्त भएको पिलाटस पोर्टरस हवाईजहाजको उद्धार कार्य गरेको थियो।[२३४]

२३३ श्री रणसिंहदल गणका गणपति प्रमुख सेनानी ज्ञानेन्द्रवहादुर सापकोटाको अध्यक्षतामा गठित इतिहास कार्य टोलीले वि.सं. २०६४ फाल्गुण १५ मा तयार गरेको "श्री रणसिंहदल गण इतिहास", पृ. १-२।

२३४ *ऐजन*, पृ. १३, १५-१७ र ३३।

यस श्री रणसिंहदल गण गुल्मको रूपमा रहँदा यसको गुल्मपतिको कार्यभार सेनानीहरू हेमन्त शम्शेर ज.ब.रा., सनथ कुमार जोशी, पुरूषोतम थापा, थिर बहादुर खत्री, नरबहादुर राउत, सह-सेनानी नन्दलाल श्रेष्ठ, सेनानीहरू हरिभक्त खड्का, भुपेन्द्रबहादुर कार्की, रामकृष्ण अ.क्षे., बलदेव महत, विजय थापा, धुव्रबहादुर बोगटी, नेत्रबहादुर खड्का, पारकर शम्शेर राणा, सुरेन्द्रबहादुर सिजापति, कृष्ण मुरारी न्यौपाने र ज्ञानेन्द्रबहादुर सापकोटाले सम्हाल्नु भएको थियो। यस गणको पहिलो गणपति प्रमुख सेनानी भरत प्रसाद पाठक हुनुहुन्थ्यो भने दोस्रो गणपतिको रूपमा हाल प्रमुख सेनानी ज्ञानेन्द्रबहादुर सापकोटा कार्यरत हुनुहुन्छ।

श्री वीरदल गण

राजा गीर्वाणयुद्ध विक्रमको शासनकालमा सन् १८०४ अक्टोबर (वि.सं. १८६१ आश्विन २९) मा यो श्री वीरदल कम्पनीको नामबाट खडा भएको हो। यस गणको आदर्श वाक्य "बलिदान नै वीरता हो" भन्ने रहेको छ।

यो सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धपछि खारेजमा परेको थियो। सन् १९४५ (वि.सं. २००२) मा श्री दोस्रो रैफल पल्टन मासेर त्यसलाई श्री वीरदलको नाम दिइयो। सन् १९५२ को नेपाली सेनाको पुनर्गठनमा यो पुनः खारेजमा पऱ्यो। सन् १९८२ मार्च २४ (वि.सं. २०३८ चैत्र ११) मा यो फेरी श्री वीरदल गुल्मको नामले एउटा अनाश्रित गुल्मको रूपमा खडा भयो।[२३५] अन्ततः सन् २००४ जुलाई २३ (वि.सं. २०६१ श्रावण ८) मा यो गणमा परिणत भयो। झापा, कोशीटप्पु, इलाम, सिराहा, रसुवा, धादिङ, जाजरकोट, मकवानपुर हुँदै हाल यो गण वाग्लुङमा तैनाथ रहेको छ।

संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति सेनाको रूपमा यो सन् २००२ (वि.सं. २०५८ चैत्र) मा पूर्वी टिमोरमा शान्ति स्थापनार्थ तैनाथ रही प्रशंसनीय कार्य गरेको थियो।[२३६]

यसले सन् १९८६ (वि.सं. २०४३ श्रावण) मा सप्तकोशीको बाँध फुट्न गई सुनसरी, विराटनगर, इटहरी, इनरूवा इलाकामा ठूलो हानी पुग्नबाट रोकथाम गरी ठूलो उद्धार कार्य सम्पन्न गरेको थियो। सन् १९८८ (वि.सं. २०४५) मा ठूलो

२३५ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १८८।

२३६ श्री वीरदल गणका गणपति प्रमुख सेनानी अनिल कुमार कार्कीले वि.सं. २०६४ मंसिर ११ मा तयार गरेको "श्री वीरदल गणको इतिहास", पृ. १-३।

भूकम्प जाँदा इलाम जिल्लाको विभिन्न स्थानहरूमा यसले उद्धार कार्य सञ्चालन गरेको थियो। सन् २००७ (वि.सं. २०६४ असार) मा बाग्लुङ्ग जिल्लाको ग्वालीचौर गा.वि.स. र जलजला गा.वि.स. मा गएको पहिरो पिडितको उद्धारको लागि यो गण खटिई उद्धार कार्य गरेको थियो।

यस गण गुल्म हुँदा यसको कमाण्ड गुल्मपतिहरू क्रमशः सेनानीहरू टेकबहादुर बुढाथोकी, शिवराम प्रधान, उपेन्द्रराज पौडेल, दुर्गाबहादुर थापा, आमोद नरीसंह राणा, महेन्द्रबहादुर गुरूङ, मानिक कुमार लामा, गणेशबहादुर भण्डारी, अशोकराज सिग्देल क्षेत्री, दामोदर थापा, निरन्जन कुमार श्रेष्ठ र विनोद खड्काले गरिसक्नु भएको छ। यस गणका प्रथम गणपति प्रमुख सेनानी निरन्जन कुमार श्रेष्ठ हुनुहुन्छ भने दोस्रो गणपति प्रमुख सेनानी अनिल कुमार कार्की हाल कार्यरत हुनुहुन्छ।

श्री कालीजंग गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०५ जनवरी (वि.सं. १८६१) मा यो गण श्री कालीजंग कम्पनीको नामबाट खडा भएको हो। यस गणको आदर्श वाक्य "लत्रेन यो कहिल्यै जंगी निशान हाम्रो" रहेको छ।

सन् १९६६ जनवरी १४ (वि.सं. २०२२ माघ १) मा यसको श्री कालीजंग गुल्म नामाकरण गरियो। तत्पश्चात् सन् २००४ जुलाई २३ (वि.सं. २०६१ श्रावण ८) मा यो गुल्मबाट श्री कालीजंग गणमा परिणत भयो।[२३७] डोटी, महेन्द्रनगर, दार्चुला, बाजुरा, डडेलधुरा, कञ्चनपुर, बझाङ हुँदै हाल यो गण वीरगञ्ज, पर्सामा तैनाथरत छ।

सन् १८१० (वि.सं. १८६७) मा पन्थजडामा बाह्र-ठकुराईसँग भएको युद्धमा यसले भाग लिएको थियो। सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धको समय हुम्ला क्षेत्रमा यसलाई युद्धको सामना गर्न खटाइएको थियो। सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोह दमन गर्न नेपालबाट अङ्ग्रेजहरूका सहायताको लागि भारत पठाइएको सेनामा यसले पनि भाग लिएको थियो।[२३८]

२३७ श्री कालीजंग गणका सह-सेनानी मेघबहादुर गुरूङले वि.सं. २०६४ चैत्र ५ मा तयार गरेको "श्री कालीजंग गणको इतिहास"।

२३८ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १९२ र खत्री, पादटिप्पणी संख्या ९७, पृ. ६०।

श्री नरसिंहदल गण

श्री नरसिंहदल गण राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०५ जनवरी (वि.सं. १८६१ माघ १०) मा श्री नरसिंहदल कम्पनीको नामबाट स्थापना भएको हो। यस गणको आदर्श वाक्य "नहट बाँच नरसिंह भई" रहेको छ।

सन् १९५२ मा भएको तत्कालीन नेपाली सेनाको पुनर्गठन गर्ने क्रममा यो खारेज भएको थियो। सन् १९८२ जनवरी २३ (वि.सं. २०३८ माघ १०) मा पुनः गुल्मको रूपमा खडा गरी श्री नरसिंहदल गुल्म नामाकरण हुनुभन्दाअगाडि तत्कालीन शाही शुक्ला फाँट वन्यजन्तु आरक्ष सुरक्षा टोलीको रूपमा ४९ जनाको संख्यामा यो सन् १९७५ (वि.सं. २०३२) मा खडा भएको थियो। विभिन्न गुल्महरूलाई गणमा परिणत गर्ने क्रममा सन् २००४ जुलाई २३ (वि.सं. २०६१ श्रावण ८) मा यो श्री नरसिंहदल गणमा परिणत भयो।[२३९] शुक्लाफाँट, दार्चुला, महेन्द्रनगर, बझाङ, डडेलधुरा, सल्यान, खप्तड हुँदै यो गण हाल जाजरकोटमा तैनाथ रहेको छ। सन् १८५९ (वि.सं. १९१६) मा यसमा अधिकृत, निम्नअधिकृत र जवानहरू गरी जम्मा ८५७ थियो भन्ने बुझिन्छ।

सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा नेपालबाट अङ्ग्रेजहरूको सहायताको लागि गएको सेनामा यो पनि सम्मिलित भई लखनाउमा विद्रोह दवाउने कार्यमा यसले भाग लिएको थियो। सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतवीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन फौजमध्ये दोस्रो डिभिजनमा खटिएको थियो। सन् १९४८ मा हिन्दु र मुस्लिमको दङ्गा बढि भारत सरकारको अनुरोधमा सहायताको लागि नेपालबाट पठाइएको सेनामा यो त्यहाँ आन्तरिक शान्ति-सुरक्षा कायम राख्ने क्रममा हैदरावादमा तैनाथ गरिएको थियो।[२४०]

सन् १९५०-१९५१ (वि.सं.२००७) अघिसम्म यसले सैनिक हुलाक चलाउँथ्यो।

२३९ श्री नरसिंहदल गणका गणपति प्रमुख सेनानी रविराज कार्कीले वि.सं. २०६४ मंसीर ५ मा तयार गरेको "श्री नरसिंहदल गणको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ. १।

२४० शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १९६ र खत्री, पादटिप्पणी संख्या ९७, पृ. १५।

यस गणलाई गुल्म हुँदा यसको कमाण्ड गुल्मपतिहरू क्रमशः सेनानीहरू कुलबहादुर अधिकारी, लिलाबहादुर खड्का, खड्कबहादुर खत्री, पूर्णबहादुर ओली, पर्शुराम कार्की, ज्ञानहरी श्रेष्ठ, लालबहादुर गुरूङ, गणेशबहादुर पाल, ध्रुवराज खत्री, विज्ञानदेव पाण्डे, संजोग शम्शेर ज.ब.रा. र रविराज कार्कीले गरिसक्नु भएको छ। यस श्री नरसिंहदल गणका पहिलो गणपति प्रमुख सेनानी विजयध्वज कार्की हुनुहुन्थ्यो । हाल यस गणका गणपति प्रमुख सेनानी रविराज कार्की हुनुहुन्छ ।

श्री अह्विदमन गण

राजा गीर्वाणयुद्ध विक्रम शाहको पालामा सन् १८०५ फेब्रुअरी (वि.सं. १८६१ फाल्गुण ३) मा यस श्री अह्विदमन गण श्री अह्विदमन कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "यतो धर्म स्ततो जय" रहेको छ ।

सन् १८०५ मा बाइसे राज्य वैतडीको राजा झुली चन्दको किल्लामा हमला गर्ने र अधिपत्य जमाउने गोरखाली फौज श्री श्रीनाथ गण थियो । त्यसैवाट किल्लाको सुरक्षार्थ बसेको फौजहरूलाई नै पछि "श्री अह्विदमन कम्पनी" भनी नामाकरण गरियो । सन् १९५२ को तत्कालीन नेपाली सेनाको पुनर्गठन पश्चात् श्री अह्विदमन कम्पनी मिलिसिया कम्पनीमा परिणत भई स्थानीय बडाहाकिमको मातहतमा रहेको थियो । सन् १९६८ (वि.सं. २०२५) मा यो मिलिसियाबाट एक अनाश्रित गुल्ममा परिणत भयो । तत्पश्चात् यो सन् २००४ जुलाई २३ (वि.सं. २०६१ श्रावण ८) मा गुल्मबाट गणमा परिणत भयो ।[२४१]

नेपाल एकीकरणको सिलसिलामा यसले सन् १८१० मा पन्थजडामा बाह्र ठकुराईसँगको युद्धमा सामना गरी विजय हासिल गरेको थियो । सन् १९७४ मा गरिएको खम्पा निःशस्त्रीकरण गर्ने कार्यको सिलसिलामा खम्पाका नाईके गे-वाङदीलाई एम्बुस थापी मार्ने कार्यमा यस गणले प्रमुख भूमिका खेलेको थियो ।[२४२]

---

२४१ श्री अह्विदमन गणका गणपति प्रमुख सेनानी सागरबहादुर थापाले वि.सं. २०६४ श्रावण ११ मा तयार गरेको "श्री अह्विदमन गणको सङ्क्षिप्त इतिहास", पृ. १ ।

२४२ प्रेमसिंह बस्न्यात, *नेपालीज् आर्मी इन तिब्बतन खम्पा डिसआर्मिङ्ग मिसन*, काठमाडौं : सर्वोच्चमानसिंह बस्न्यात, सन् २००७, पृ. ७-१७ ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले शत्रुहरू माथि विजय प्राप्त गरेको थियो । वैतडी खलंगा गढी व्यारेकमा भएका दुई तोपमध्ये ठूलो तोप यस गणले सो युद्धबाट जितेर ल्याएको हो ।

यस श्री अह्विदमन गणका प्रथम गणपति प्रमुख सेनानी जितबहादुर गुरूङ हुनुहुन्थ्यो र दोस्रो गणपतिको रूपमा प्रमुख सेनानी सागरबहादुर थापा कार्यरत हुनुहुन्थ्यो । हाल यस गणका गणपति प्रमुख सेनानी कृष्णमान श्रेष्ठ कार्यरत हुनुहुन्छ ।

श्री इन्द्रध्वज गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०४ (वि.सं. १८६१) मा श्री इन्द्रध्वज गण श्री इन्द्रध्वज कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "केही नगरी बाँकी जीवन बिताउनु मर्नु भन्दा हजार खण्ड दुःख हो" भन्ने रहेको छ ।

सन् १९५२ को नेपाली सेनाको पुनर्गठनपछि यो विघटन भयो । सन् १९६२ (वि.सं. २०१८) मा यो नं. ६ हिमाली राइफल कम्पनीको नामबाट स्थापना भएको थियो । तत्पश्चात् सन् १९६९ जनवरी ३० (वि.सं. २०२५ माघ १७) मा यसलाई श्री इन्द्रध्वज गुल्म नामाकरण गरियो ।[२४३] सन् २००३ मार्च २६ (वि.सं. २०५९ चैत्र १२) मा यो गुल्मबाट गणमा रूपान्तरण भयो । पाल्पा, धनकुटा, भक्तपुर, पोखरा, ताप्लेजुङ, पुनः भक्तपुर, ओखलढुङ्गा, भोजपुर, सुनसरी, पुनः ताप्लेजुङ, पुनः ओखलढुङ्गा, सोलुखुम्बु, सिराहा हुँदै यो गण हाल खोटाङमा तैनाथरत छ ।

नेपाल राज्य विस्तारको क्रममा काँगडाको युद्धमा यसले भाग लिएको थियो । सन् १९७४ मा गरिएको खम्पा निशस्त्रीकरण कारवाहीमा तत्काल पोखरामा तैनाथ यस गुल्म पनि संलग्न थियो । सन् १९७४ (वि.सं. २०३१) मा नै ओखलढुङ्गामा भएको सैनिक कारवाहीको क्रममा क्याप्टेन यज्ञबहादुर र उनको टोलीलाई पक्राउ गर्ने श्री इन्द्रध्वज गुल्म र श्री श्रीजंग गुल्मको संयुक्त रूप "तालिम गण" नामाकरण गरी ताप्लेजुङमा तैनाथ रहेको थियो ।

---

२४३ शाही नेपाली जंगी अड्डा (प्र.), टिप्पणी नं. ९१, पृ. १७६ र ताराध्वज पाण्डे, "२०५५ सालको किंग्स् ब्यानर गुल्मस्तर प्रतियोगितामा प्रथम श्री इन्द्रध्वज गुल्मको इतिहास", *सिपाही*, वर्ष ३२, वि.सं. २०५६, पृ. ४ ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले केरूङ क्षेत्रमा बहादुरीका साथ भाग लिएको थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतवीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजनमध्ये दोस्रो डिभिजनमा कुतीको रक्षार्थ खटिएको थियो ।[२४४]

संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति सेनाको रूपमा यसले UNTATE मिशनअन्तर्गत पूर्वी टिमोरमा शान्ति स्थापना कार्यमा उत्कृष्ट योगदान पुऱ्याएको थियो । त्यस्तैगरेर संयुक्त राष्ट्रसंघअन्तर्गत सन् २००७ (वि.सं. २०६४) मा ४२ औं डफ्फामा लेवनानमा शान्ति स्थापनार्थ यस गण खटिएको थियो ।

यसले खोटाङ जिल्लामा निर्माणाधीन मनमाया राई खानीडाडा विमानस्थलको निर्माण कार्यमा विभिन्न समयमा ढुङ्गाहरू विष्फोटन गराई सहयोग प्रदान गरेको छ ।[२४५]

यस श्री इन्द्रध्वज गण गुल्म रहँदा यसको कमाण्ड गुल्मपतिहरू क्रमशः सेनानीहरू दयाराम उपाध्याय, केशवबहादुर गड्तौला, गणेश प्रसाद महरा, धनविक्रम राणा, निरञ्जन पाल, कृष्णबहादुर खड्का, एकनाथ उपाध्याय, पुरूषोतम शर्मा, ज्ञानबहादुर खत्री, धुव्रकुमार गुरूङ, निलबहादुर रावल, अशोक कुमार विष्ट, रविन्द्र क्षेत्री, कर्णबहादुर थापा, बलदेव शम्शेर थापा, दिपक प्रसाद भारती, मुकुन्द थापा, ताराध्वज पाण्डे, सिताराम खड्का र अनन्त कुमार बस्नेतले सम्हाल्नु भएको थियो । यस गणको प्रथम गणपति प्रमुख सेनानी बाबुकृष्ण कार्की र दोस्रो गणपति प्रमुख सेनानी रमेश था.म. हुनुहुन्थ्यो । हाल यस गणको तेस्रो गणपतिको रूपमा प्रमुख सेनानी सुनिल श्रेष्ठ कार्यरत हुनुहुन्छ ।

श्री शेर गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०६ जनवरी (वि.सं. १८६२ पौष २६) मा यो गण श्री शेर कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "सेवा गर्नु सिंह भई" भन्ने रहेको छ ।

---

२४४ मानन्धर, पादटिप्पणी संख्या ८४, पृ. ३२ ।

२४५ श्री इन्द्रध्वज गणका गणपति प्रमुख सेनानी सुनिल श्रेष्ठले वि.सं. २०६४ मंसिर १७ मा तयार गरेको "श्री इन्द्रध्वज गण "१८६१" गण इतिहास", पृ. १ र ३-४ ।

श्री शेर कम्पनी सन् १८१२ (वि.सं. १८६९) मा पल्टनको रूपमा परिणत भयो । सन् १९५२ को नेपाली सेनाको व्यापक पुनर्गठनको क्रममा शेर बटालियन भन्ने नाम कायम रह्यो । भक्तपुर, विराटनगर, ललितपुर, काठमाडौं, चितवन, पोखरा, पुनः काठमाडौं, धनगढी, पुनः चितवन, पुनः काठमाडौं हुँदै हाल यो गण दोलखामा तैनाथरत छ ।

सन् १८०६ (वि.सं. १८६३) मा काँगडाको राजासँगको लडाइँमा यसले काँगडा किल्लामाथि हमला गरेको थियो ।[२४६] सन् १९५०-१९५१ (वि.सं. २००७) को क्रान्तिमा यस शेर पल्टनले देशको विभिन्न भागमा सञ्चालित आन्दोलनमा शान्ति सुरक्षा कायम गर्न उल्लेखनिय भूमिका निर्वाह गरेको थियो । सन् १९५२ जनवरी २२ (वि.सं. २००८ माघ ८) को डा. के.आई. सिंहको सिंहदरवार काण्डका क्रममा विद्रोहीहरूले कब्जा गरेको ठिमी गद्दाघरलाई फिर्ता लिन सफल यस पल्टनले ती विद्रोहीहरूको विद्रोह दमन गरी उनीहरूलाई पक्राउ समेत गरेको थियो ।[२४७]

यसले सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा डटेर देउथलको लडाइँमा भाग लिएको थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले कुतीको लडाइँमा ठूलो वीरता प्रदर्शन गरेको थियो । सन् १८५७-१८५८ को भारतीय विद्रोहमा अङ्ग्रेजहरूको सहायतार्थ लखनउमा विद्रोह दमन गर्ने क्रममा यसले राम्रो काम गरेको थियो ।

सन् १८८३-१८८४ (वि.सं. १९३९-१९४१) मा नेपाल-भोट विवाद हुँदा युद्धको लागि तयारी गर्ने क्रममा शेर पल्टन लगायत अरू तीन पल्टनलाई कुती किल्लाको रक्षार्थ तैनाथ हुन निर्देशन दिइएकोमा[२४८] पछि युद्ध भएन् । सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा अङ्ग्रेजहरूको सहायतार्थ यस शेर पल्टन काकुलमा तैनाथ गरिएको थियो ।[२४९] सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धमा यस पल्टनलाई

---

२४६ सुधिर गोदार थापा (प्रमुख सम्पादक), *बहादुर शेर*, प्रकाशन स्थान अनुल्लिखित, श्री शेर गण, वि.सं. २०५८, पृ. ३५ र लेखक अनुल्लिखित, "श्री शेर गणको सङ्क्षिप्त इतिहास", *सिपाही*, वि.सं. २०२७ जेष्ठ, पृ. २ ।

२४७ थापा, पादटिप्पणी संख्या २४६, पृ. ३३ ।

२४८ मानन्धर, पादटिप्पणी संख्या ८४, पृ. ३२ ।

२४९ शर्मा, वैद्य र मानन्धर (सं.), पादटिप्पणी संख्या १९१, पृ. २९० र "पहिलो विश्वयुद्धमा नेपालवाट भारत खट्टि जाने फौजको अफिसरदेखि जवानसम्मको राशन स्केल र नेपाल कन्टिजेन्सले नेपालमा लेखापढीको नक्कल किताव", वि.सं. १९७१, १९७६; सन् १९१४, १९१९; *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. २०९ ।

आसाम-बर्मा सीमान्त क्षेत्रमा तैनाथ गरिएको थियो जहाँ यसले जापानी फौजको डटेर मुकाबिला गर्दै आफ्नो वीरता देखाउँदै जापानको भारत विजय गर्ने योजना विफल पारेको थियो । त्यसबेला जापानसँगको युद्धमा ठूलो बहादुरी देखाएवापत यस पल्टनका सुवेदार शैलेन्द्रबहादुर महतले बृटिश सरकारकोतर्फबाट मिलिटरी क्रस (M.C.) तक्मा प्राप्त गरेका थिए ।[२५०] सन् १९४८ मा भारत सरकारको अनुरोधमा हैदरावादमा कारवाही गर्नुको लागि भारतको सहायतार्थ पठाइएका पल्टनमध्ये यो पनि थियो ।

संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति सेनाको रूपमा यो गण सन् १९८३ (वि.सं. २०३९) र सन् १९९४ (वि.सं. २०५१) मा लेवनान, सन् १९९२ (वि.सं. २०४९) मा युगोस्लाभिया र सन् २००३ (वि.सं. २०६०) मा सेरालियोनमा खटिएर सफलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गरेको थियो ।[२५१]

सन् १९५७ (वि.सं. २०१४) मा यो गण कान्ती राजपथ (टिकाभैरव-हेटौडा मार्ग) बनाउने कार्यमा संलग्न रहेको थियो ।[२५२]

यस श्री शेर गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू छत्रबहादुर थापा, पुष्परत्न शाह, जुठे गुरूङ, चक्रबहादुर गुरूङ, शम्भु शम्शेर ज.ब.रा., फलिन्द्र बहादुर खत्री, तेज बहादुर खत्री, भृगुविक्रम राणा, अम्बिका प्रसाद शर्मा, सुवर्णजंग राणा, मदनकृष्ण खरेल, गुलावसिंह था.म., धरणीबहादुर कार्की, दुर्गानाथ अर्याल, शुशीलराज कार्की, रत्न बहादुर गुरूङ, दिलिप शम्शेर ज.ब.रा., मदनजंग सिजापति, प्रदिपजंग थापा, रोहित देउजा, सुरेन्द्रबहादुर अधिकारी, सुन्दर पुडासैनी, दिलिप विक्रम राणा, कर्मेन्द्र विक्रम लिम्बु र रामकृष्ण थापाले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी प्रकाश आचार्य हुनुहुन्छ ।

---

२५० शर्मा, वैद्य र मानन्धर (सं.), पादटिप्पणी संख्या १९१, पृ. ३०५-३०६, थापा (सं.), पादटिप्पणी संख्या २४६, पृ. २५-२७, लेखक अनुल्लिखित, पादटिप्पणी संख्या २४६, पृ. ३, इश्वरी प्रसाद, *दी लाईफ एण्ड टाइम्स अफ महाराजा जुद्ध शम्शेर जंगबहादुर राणा अफ नेपाल*, दिल्ली : आशिष पब्लिसिङ्ग हाउस, सन् १९७५, पृ. ३०१ र ३०७, वस्न्यात, पादटिप्पणी संख्या १०, पृ. १३४-१३५ र "विश्वयुद्धमा दोश्रो पटक खट्टिजाने श्री जि.ओ.सी. मेजर जनरल कृष्ण शम्शेर ज्यूले श्री शेर पल्टनले उहिमा लडाइँ लडी वहादुर गरेको र महि. पल्टनले समेत लडाइँमा राम्रो काम गरेवापत कदर हुन र सु. शैलेन्द्र महतले एम.सी. वहादुर पाएको वारे यथार्थ हालखवर श्री ३ जुद्ध शम्शेर ज्यूमा जाहेर गरी पठाएको विन्ती पत्रको नक्कल किताव", वि.सं. २००१; सन् १९४४, *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. ८८ ।

२५१ श्री शेर गणका गणपति प्रमुख सेनानी प्रकाश आचार्यले वि.सं. २०६४ माघ ११ मा तयार गरेको "श्री शेर गणको सङ्क्षिप्त इतिहास", पृ. २ ।

२५२ थापा (सं.), पादटिप्पणी संख्या २४६, पृ. ५६ ।

श्री युद्धभैरव गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा यस गण श्री युद्धभैरव कम्पनीको नाममा खडा भएको हो । यस गणको आदर्श वाक्य "अभयभेव विजये" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्वर (वि.सं. १८५५-१८७३) भित्र विभिन्न समयमा खडा भई खारेजमा परि निशान तथा मिति नभएको कम्पनीहरूमध्ये यो पनि एक थियो । नेपाली सेनालाई समय परिस्थितिअनुसार आधुनिकीकरण गर्दै लैजाने नीतिअनुरूप वेलायतको चार सदस्यीय स्पेशल एयर सर्भिस (SAS) तालिम टोलीले स्वदेशमा सन् १९८३ (वि.सं. २०४० वैशाख) मा पाँच हप्ताको आर्मलेट र अति विशिष्ट व्यक्तिहरू (भि.भि.आई.पि.) को सुरक्षा तालिम सञ्चालन गरेको थियो । उक्त बृटिश तालिम टोलीको सल्लाह र सुझावअनुसार सन् १९८४ (वि.सं. २०४१ जेष्ठ) मा दोस्रो SAS तालिम टोली आएर छनोट फेज र कम्ब्याट आधार तालिम सञ्चालन गर्‍यो । नगरकोट र सूर्यविनायकमा करिव एक वर्ष लामो छनोट र कम्ब्याट वेशिक र कन्सोलिडेशन तालिम पुरा गरे पछि सन् १९८६ (वि.सं. २०४३ वैशाख) मा विशेष हतियार र इक्विपमेण्टले सुसज्जित १२१ जनाको संख्याको विशेष कम्पनी स्थापना गरियो र यसलाई श्री भैरवनाथ गणको चौथौं गुल्मको रूपमा गुल्म विस्तार गरेर विशेष भत्ता पाउने गरी श्री भैरवनाथ "घ" गुल्म नामाकरण गरियो । तर यस गुल्मको कमाण्ड कन्ट्रोल अनाश्रित रूपले चलेको थियो ।

सूर्यविनायकमा अस्थायी बसोवास गर्दै आएको उक्त गुल्मलाई सन् १९८६ (वि.सं. २०४३ आषाढ) मा शिवपुरीमा स्थानान्तरण गरियो । तेस्रो SAS टिमद्वारा स्तर जाँच गरेर विशेषीकरण तालिम दिने काम भयो । गुल्मलाई समयानुकूल सशक्त र प्रभावकारी वनाउने उद्देश्यले संरचनागत परिवर्तन गर्दै सन् १९९० (वि.सं. २०४७) मा १२१ वाट २१८, सन् १९९६ (वि.सं. २०५३) मा २१८ वाट २८४ र सन् २००२ (वि.सं. २०५९) मा २८४ वाट ३२७ निर्धारण भएको थियो । सन् २००२ डिसेम्वर १८ (वि.सं. २०५९ पौष ३) को मन्त्रिपरिषद्को निर्णयअनुसार श्री भैरवनाथ "घ" गुल्मको नाम परिवर्तन गरी श्री युद्धभैरव गुल्म नामाकरण गरियो ।

विश्वव्यापी रूपमा वढ्दै गएको आतंकवादवाट नेपाललाई पर्न सक्ने दुरगामी असरको मध्यनजर गर्दै काउण्टर टेरोरिष्ट फोर्सको स्थापना गर्न अपरिहार्य

भएको महसुस भएपछि सन् १९८९ (वि.सं. २०४५ माघ) मा मित्रराष्ट्र इजरायलवाट चार सदस्यीय प्रशिक्षक टोली आवश्यक हातहतियार र इक्युपमेण्ट साथ नेपाल आई नेपाली सेनाको टुकडीलाई काउण्टर टेरोरिष्ट तालिमको प्रशिक्षण दिएको थियो। उक्त इजरायली प्रशिक्षक टोलीले सिलसिलेवार संख्या (सि.सं.) १ र सि.सं. २ काउण्टर टेरोरिष्ट आधार तालिम लगातार सञ्चालन गऱ्यो। सन् १९९० (वि.सं. २०४६) मा ५ जना अधिकृतहरूको टिम ३ हप्ते काउण्टर टेरोरिष्ट अट्याचमेण्ट तालिमको लागि इजरायल गएको थियो। यसको लगतै इजरायलवाट पुनः तीन इजरायली प्रशिक्षक आई काउण्टर हाईज्याकिङ्ग एड्भान्स तालिमको प्रशिक्षण दिए। तत्पश्चात् आधुनिक हातहतियार र इक्वीपमेण्टले सु-सज्जित विशेष तालिम प्राप्त फौजको एउटा कम्पनी खडा गरियो। काउण्टर टेरोरिष्ट रोलको उक्त कम्पनीलाई श्री भैरवनाथ "ङ" गुल्मको नामवाट सन् १९९० (वि.सं. २०४७ वैशाख) मा स्थापना गरियो। यो गुल्म पनि भैरवनाथ गणको ५ औं गुल्मको रूपमा विस्तार गरी भैरवनाथ "ङ" गुल्म नामाकरण भएको थियो। यसको कमाण्ड कन्ट्रोल पनि अनाश्रित रूपले गरिएको थियो।

एक वर्ष लामो विशेषीकरण र कन्सोलिडेसन तालिम प्राप्त गरेपछि उक्त गुल्मले थप काउण्टर टेरोरिष्ट वेशिक तालिमहरू सञ्चालन गर्दै गएपछि १५२ को संख्यालाई सन् १९९६ (वि.सं. २०५३) मा २८५ र सन् २००२ (वि.सं. २०५९) मा ३४१ पुऱ्याउने काम भएको थियो। प्रारम्भमा काउण्टर टेरोरिष्ट वेशिक तालिम गर्दै आएको उक्त गुल्मले आफ्नो तालिम शिविर र गुल्म लोकेशन नगरकोटमा वनाउँदै आएकोमा राजधानीको संवेदनशीलता र सिटी फौजको जिम्मेवारी निर्वाह गर्न उक्त गुल्मलाई सन् १९९३ (वि.सं. २०४९ चैत्र) मा महाराजगञ्जस्थित लक्ष्मी निवासमा स्थानान्तरण गरियो।

विशेष फौजको पहिचान र हैसियत पाएका श्री युद्धभैरव गुल्म (पूर्व भैरवनाथ "घ" गुल्म) र श्री भैरवनाथ "ङ" गुल्मले छुट्टाछुट्टै लोकेशनमा रही आ-आफ्नो दक्षता अनुसारको वेशिक विशेषीकरण तालिम र जिम्मेवारी निर्वाह गर्दै आएकोमा एकलाई अर्कोको रिजर्भ फौज वनाउने अवधारणा अनुरूप संयुक्त तालिम (Cross Training) दिने नीति अवलम्वन गरियो। तद्अनुसार दुवै गुल्मको कार्य क्षमता वढाउँदै काममा दोहोरोपना हटाएर कमाण्ड कन्ट्रोललाई सरलीकरण गर्नको लागि दुई गुल्मलाई समायोजन गरी सन् २००३ डिसेम्वर ४ (वि.सं २०६० मंसीर १८) मा श्री युद्धभैरवको नामवाट स्पेशल फोर्सेस गणको स्थापना गरियो।[२५३] हाल यो गण काठमाडौंमा तैनाथरत छ।

स्वदेश र विदेशमा सफलतापूर्वक स्पेशल फोर्सेस तालिम उत्तिर्ण गर्ने सकल दर्जालाई Specical Forces Tab प्रदान गर्ने र Tab प्राप्त सकल दर्जा स्वतः स्पेशल फोर्सेसको सदस्य हुने नीतिगत व्यवस्था छ। यसरी यस गण स्थापनाकालदेखि एक विशेष फौजको रूपमा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ।

यस श्री युद्धभैरव गणको गणपतिको कार्यभार महासेनानीहरू हरिबहादुर बस्नेत र देवकुमार सुवेदीले सम्हाली सक्नुभएको छ। हाल यस गणका गणपति महासेनानी कर्मेन्द्र विक्रम लिम्बु हुनुहुन्छ।

श्री बज्रदल गण

राजा गीर्वाणयुद्ध विक्रम शाहको पालामा यो गण श्री बज्रदल कम्पनीको नाममा खडा भएको थियो। यस गणको आदर्श वाक्य "बज्र झैं बैरी माथि" भन्ने रहेको छ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र विभिन्न समयमा खडा भई खारेजमा परि निशान तथा मिति नभएका १८ वटा कम्पनीहरूमध्ये यो पनि एक थियो।[२५४] त्यसपश्चात् नेपाली सेनाको सांगठनिक संरचनालाई आधुनिकीकरण गर्ने योजनाअनुरूप यो सन् १९८७ डिसेम्वर २९ (वि.सं. २०४४ पौष १४) मा १०९ जनाको दरवन्दी कायम गरी राष्ट्रिय निकुञ्ज सुरक्षा टोलीको रूपमा शाही बर्दिया राष्ट्रिय निकुञ्जमा पुनः खडा भएको थियो। सन् १९८८ (वि.सं. २०४५) मा यसको श्री अनाश्रीत गुल्मको रूपमा नामाकरण भई सन् १९९० जुलाई १८ (वि.सं. २०४७ श्रावण ३) मा यो पुनः श्री बज्रदल गुल्मको नाममा रूपान्तरित भएको थियो। तत्पश्चात सन् २००६ मे २६ (वि.सं. २०६३ जेष्ठ १२) मा यो गुल्मबाट श्री बज्रदल गणमा परिणत भयो। बर्दिया, जुम्ला, डोल्पा, पाल्पा, रूकुम, पुनः बर्दिया हुँदै यो गण हाल म्याग्दीमा तैनाथरत छ।

---

२५३ श्री युद्धभैरव गणका गणपति महासेनानी कर्मेन्द्र विक्रम लिम्वुले वि.सं. २०६४ श्रावण २५ मा तयार गरेको "श्री युद्धभैरव गणको सङ्क्षिप्त इतिहास", पृ. १।

२५४ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७।

सन् १९९५ (वि.सं. २०५२) मा डोल्पामा तैनाथ रहँदा यसले आफ्नै साधन र श्रोतद्वारा भेरी नदीमा टुइन्न पुल निर्माण गरी सर्वसाधारणलाई आवत जावत गर्न धेरै सजिलो पारेको थियो ।

सन् २००७ (वि.सं. २०६४ वैशाख) मा परेको अविरल वर्षाका कारण बेनी बजारको केही क्षेत्रका घर डुवानमा परेकोमा यस गणले उद्धार गरी ठूलो धनजन क्षति हुनबाट जोगाएको थियो । नेपाली सेनाको उच्च प्राथमिकतामा रहेको बेनी-जोमसोम सडक निर्माण कार्यअन्तर्गत विभिन्न सडक खण्डको ब्लाष्टिङ्ग कार्यमा यस गणले सहयोग गरेको थियो ।[२५५]

यस श्री बज्रदल गण तत्कालीन गुल्म छँदा यसको गुल्मपतिको कार्यभार सेनानीहरू उमेश कुमार भट्टराई, राजेन्द्रबहादुर शाह, दिपक कुमार गुरूङ, प्रदिपबहादुर शाह, किशोरजंग थापा, विजय कुमार शाही, जनार्दन बस्न्यात, गंगाबहादुर खड्का, विनित विक्रम शाह, सुरेश कुमार कार्की, पदम सिंह ठकुरी, सहदेव खड्का र प्रकाश चन्दले सम्हाल्नु भएको थियो । यस गणको प्रथम गणपति प्रमुख सेनानी नवजिवन महरा हुनुहुन्थ्यो । हाल यस गणको दोस्रो गणपति प्रमुख सेनानी रामचन्द्र बोगटी हुनुहुन्छ ।

श्री अर्जुनवाण गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०६ (वि.सं. १८६३) मा श्री अर्जुनवाण गण श्री अर्जुनवाण कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "शक्ति प्रहार शत्रु विनाश" भन्ने रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) सम्म खडा भएपछि विभिन्न समयमा खारेजीमा परेका विभिन्न पल्टनहरू जस्तै यो पनि खारेजीमा परेको थियो । देशको बदलिँदो परिस्थिति तथा आवश्यकतालाई महसुस गरी सैनिक सङ्गठन विस्तार गर्ने क्रममा सेनाको संख्या बढाउने र संख्याअनुसार पृतना, बाहिनी, गण र गुल्म खडा गर्ने नीतिअनुसार सन् २००३ मार्च २७ (वि.सं. २०५९ चैत्र १३) मा श्री पशुपतिप्रसाद गणबाट एक गुल्म श्री अर्जुनवाण गुल्म

२५५ श्री वज्रदल गणका गणपति प्रमुख सेनानी रामचन्द्र बोगटीले वि.सं. २०६४ फाल्गुण ९ मा तयार गरेको "श्री बज्रदल गणको इतिहास", पृ. १-३ ।

नामाकरण भई श्री पशुपतिप्रसाद गणबाट १०८ जना र अन्यत्र युनिटका सहित २३५ को संख्याको गुल्म खडा भई सन् २००३ नोभेम्बर १७ (वि.सं. २०६० मंसिर १) मा सर्लाही जिल्लामा एकत्रित भयो । तत्पश्चात् यो गुल्म सन् २००६ मे २७ (वि.सं. २०६३ जेष्ठ १२) मा गणमा परिणत भयो ।[२५६]

हाल सर्लाही जिल्लामा कार्यरत यस गणले उक्त जिल्लाका विभिन्न शिक्षा, स्वास्थ्य आदि जनहित कार्यहरूमा संलग्न रहेको छ ।

यस श्री अर्जुनबाण गण तत्कालीन गुल्म छँदा यसको गुल्मपतिको कार्यभार सेनानीहरू कमलप्रसाद पोखरेल र विष्णु राउतले सम्हाल्नु भएको थियो । यस गणको प्रथम गणपतिको रूपमा हाल प्रमुख सेनानी कृष्णप्रसाद सापकोटा कार्यरत हुनुहुन्छ ।

श्री भीमदल गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०६ (वि.सं. १८६३) मा यो गण श्री भीमदल कम्पनीको नामबाट स्थापना भएको हो । यस गणको आदर्श वाक्य "सेवा भक्ति पराक्रम" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका, निशान समेत नपाइएका ३९ वटा कम्पनीहरूमध्ये यो पनि एक थियो । देशको बदलिँदो परिस्थिति र आवश्यकताअनुसार तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार यो सन् २००४ जुलाई २३ (वि.सं. २०६१ श्रावण ८) मा श्री भीमदल गुल्मको नामले पुनः खडा भएको थियो । तत्पश्चात् नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार सन् २००६ मे २६ (वि.सं. २०६३ जेष्ठ १२) बाट यो गुल्मबाट श्री भीमदल गणमा परिणत भयो ।[२५७] नेपालगञ्ज, दिपायल हुँदै हाल यो गण श्री नं. ५ बाहिनी अड्डाअन्तर्गत डोटीमा तैनाथरत छ ।

हाल यस श्री भीमदल गणका गणपति प्रमुख सेनानी कुमारबाबु थापा हुनुहुन्छ ।

२५६ श्री अर्जुन वाण गणका सेनानी भुवनसिंह भट्टराईले वि.सं. २०६४ पौष १३ मा तयार गरेको "श्री अर्जुनवाण गणको इतिहास", पृ. १ ।

२५७ श्री भीमदल गणका गणपति प्रमुख सेनानी कुमार वाबु थापाले वि.सं. २०६४ चैत्र ४ मा फ्याक्स नं. ४४२०१०० बाट प्रेसित "श्री भीमदल गणको सङ्क्षिप्त इतिहास" ।

श्री कृष्णदल गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०६ (वि.सं. १८६३) मा यो गण श्री कृष्णदल कम्पनीको नामबाट खडा भएको हो ।[२५८] यस गणको आदर्श वाक्य "कृष्ण भक्ति हाम्रो शक्ति" रहेको छ ।

यो पल्टन सन् १८१६ (वि.सं. १८७३) मा खारेजीमा परेको थियो । नेपाली सेनाको विकास र विस्तारको क्रममा विभिन्न फर्मेशन तथा युनिटहरू खडा गर्ने क्रममा सन् २००४ मे २८ (वि.सं. २०६१ जेष्ठ १५) मा अनाश्रित गुल्मको रूपमा श्री कृष्णदल गुल्मको नाममा श्री सिहंनाथ गणबाट १०८ जनाको संख्यामा सन् २००४ (वि.सं. २०६१ श्रावण) मा नगरकोटमा एकत्रित भएको थियो । तत्पश्चात् यो सन् २००६ मे २६ (वि.सं. २०६३ जेष्ठ १२) मा गणमा परिणत भयो ।[२५९] नगरकोट हुँदै हाल यो गण धनकुटामा तैनाथरत छ ।

यस गणका प्रथम गणपति प्रमुख सेनानी चन्द्रप्रकाश राजवंशी हुनुहुन्थ्यो र हाल यस गणका गणपति प्रमुख सेनानी टेकजंग धमला हुनुहुन्छ ।

श्री नयाँ सबुज गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०७ (वि.सं. १८६३) मा नेपाल एकीकरणको समयमा यो श्री नयाँ सबुज कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "मेरो स्वर्ग मेरो नेपाल" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) सम्म खडा भएपछि विभिन्न समयमा खारेजीमा परेका विभिन्न पल्टनहरू जस्तै यो पनि खारेजीमा परेको थियो ।[२६०] देशको बदलिँदो परिस्थिति तथा आवश्यकता महसुस गरी सैनिक सङ्गठन विस्तार गर्ने क्रममा यसलाई श्री नयाँ सबुज गण नामाकरण

२५८ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।

२५९ श्री कृष्णदल गणका गणपति प्रमुख सेनानी टेकजंग धमलाले वि.सं. २०६४ पौष ३ मा मेसेज नं. डि.एस./१०७९-०९१२३९ बाट प्रेसित "श्री कृष्णदल गणको इतिहास", परिशिष्ट "क", पृ.३ ।

२६० शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।

गरी सन् २००६ जुन ११ (वि.सं. २०६३ जेष्ठ २८) मा पुन: स्थापना गरियो । हाल यो गण जलेश्वरमा तैनाथरत छ ।

नेपाल राज्य विस्तारको क्रममा यसले गढवाल विजय गर्नमा ठूलो भूमिका खेलेको थियो । त्यस्तै यसले काँगडाको युद्धमा पनि भाग लिएको थियो । सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले मलाउँको युद्धमा अङ्ग्रेजहरूको सेनासित मुकाबला गरी ठूलो बहादुरी देखाएको थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा पनि यसले सक्रिय भाग लिएको थियो । सन् १८५७-१८५८ मा बृटिश भारतमा भएको सिपाही विद्रोहमा लखनउमा गई यसले त्यहाँ शान्ति स्थापना गर्न ठूलो योगदान दिएको थियो ।[२६१]

यस श्री नयाँ सबुज कम्पनी (हाल नयाँ सबुज गण) का पहिलो कमाण्डर बडाकाजी अमरसिंह थापा थिए । हाल यस श्री नयाँ सबुज गणका गणपति प्रमुख सेनानी उत्तम रूपाखेती हुनुहुन्छ ।

श्री नन्दाबक्स गण

राजा गीवार्णयुद्ध विक्रम शाहको पालामा सन् १८०६ (वि.सं. १८६३ श्रावण ३) मा यो गण श्री नन्दाबक्स कम्पनीको नाममा खडा भएको हो । यमुना नदीको पवित्र किनारमा कुमाउँमा रहेको नन्दा देवीको नाममा (हिन्दु धर्मअनुसार देवी देवता जगाई) यस कम्पनीको नामाकरण गरिएको हो । यस गणको आदर्श वाक्य "राख्छौं देशको शान कहिले नझुकी" भन्ने रहेको छ ।

नेपाल एकीकरण अभियानको क्रममा नेपाली सेनाले कुमाउँ र गढवाल जितेपछि यमुना नदी तरेर सो भन्दा पश्चिम हमला सुरू गर्नु भन्दा अगाडि यस नन्दाबक्स कम्पनी लगायत दुर्गाभञ्जन, बज्रदल, केवलजंग, चण्डिदल र भीमकाली कम्पनी एकै दिनमा खडा गरिएको थियो । सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र विभिन्न समयमा खडा भई खारेजमा परेका कम्पनीहरूमध्ये श्री नन्दाबक्स कम्पनी पनि एक हो ।[२६२] सन् १९९० जुलाई १८ (वि.सं. २०४७ श्रावण ३) मा पुन: श्री नन्दाबक्स गुल्मको रूपमा खडा भयो । तत्पश्चात् सन्

२६१ श्री नयाँ सबुज गणका गणपति प्रमुख सेनानी उत्तम रूपाखेतीले वि.सं. २०६४ मंसीर १५ मा तयार गरेको "श्री नयाँ सवुज गणको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ.१ ।

२६२ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।

२००५ अगष्ट ३ (वि.सं. २०६२ श्रावण १९) मा यो गुल्मबाट श्री नन्दाबक्स गणमा परिणत भयो । सोलुखुम्बु, ओखलढुङ्गा, ताप्लेजुङ, सुनसरी, राजविराज, दिक्तेल हुँदै हाल यो गण गाईघाट, उदयपुरमा तैनाथरत छ ।

यसले काँगडाको युद्धमा वीरतापूर्वक लडेको थियो । सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा यसले जैथकको युद्धमा अङ्ग्रेजहरूको विरूद्ध लडाइँ लडेको थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले भाग लिएको थियो । सन् १८५७-१८५८ को भारतीय विद्रोहमा नेपालबाट अङ्ग्रेजहरूको सहायताको लागि गएको सेनामा यो पनि देवीदत्त रेजिमेन्टको लेफटहाफ भएर लखनउमा विद्रोह दवाउने कार्यमा भाग लिएको थियो । यसैगरी सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा बृटिश सरकारको सहयोगका लागि यो र रामदल पल्टनका जवानहरू मिलाई ४५० को संख्यामा भारतको काकुलमा खटिएको थियो । सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धमा यो देवीदत्त रेजिमेन्टको लेफटहाफ भई भारतको नौसेरामा तैनाथ थियो ।[२६३]

यस नन्दबक्सको पहिलो कम्पनी कमाण्डर (गुल्मपति) बडाकाजी अमरसिंह थापा थिए । यस गण तत्कालीन गुल्म छँदा यसको कमाण्ड गुल्मपतिको रूपमा सेनानीहरू सुरेन्द्र कार्की, विनोद श्रेष्ठ, विजय नरसिंह रायमाझी, सुरेन्द्र कुमार पोखरेल, कुवेर थापा, विश्वनाथ घिमिरे, इन्द्रबहादुर गुरूङ, पंकज कार्की र चन्द्र प्रकाश राजवंशीले गर्नु भएको थियो । यस गणको पहिलो गणपति प्रमुख सेनानी डा. प्रेमसिंह बस्न्यात, पि.एच.डि. हुन् । हाल यस गणका गणपति प्रमुख सेनानी विष्णुराम गुरूङ हुनुहुन्छ ।

श्री चण्डीदल गण

यो गण राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०६ (वि.सं. १८६३) मा श्री चण्डीदल कम्पनीको नाममा खडा भएको हो । काजी अमरसिंह थापाको नेतृत्वमा गढवाल र कुमाउँ क्षेत्रमा युद्ध गर्न जानको लागि विभिन्न फौजहरू पठाउने क्रममा यो कम्पनी स्थापना भएको थियो ।[२६४] यस गणको आदर्श वाक्य "निरन्तर प्रयास नै सफलता" रहेको छ ।

२६४ श्री चण्डीदल गणका गणपति प्रमुख सेनानी इन्द्रवहादुर गुरूङले वि.सं. २०६४ मंसिर १८ मा तयार गरेको "श्री चण्डीदल गणको इतिहास", परिशिष्ट "क", पृ. १ ।

२६३ श्री नन्दावक्स गणका गणपति प्रमुख सेनानी विष्णुराम गुरूङले वि.सं. २०६४ आश्विन २१ मा तयार गरेको "श्री नन्दावक्स गणको इतिहास", परिशिष्ट "क",पृ. १-२ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) सम्म खडा भएपछि विभिन्न समयमा खारेजीमा परेका विभिन्न पल्टनहरू जस्तै यो पनि खारेजीमा परेको थियो ।[२६५] निकै लामो समयको अन्तराल पछि सन् १९८५ अगष्ट २५ (वि.सं. २०२२ भाद्र ९) मा जंगी अड्डाले काठमाडौंको छाउनीस्थित श्री पुरानो गोरख गणमा रहने गरी विभिन्न गण गुल्मबाट अधिकृत, पदिक र अन्य दर्जा झिकाई एक नयाँ अनाश्रित गुल्म खडा गर्ने उद्देश्यले ६७ जनाको फौजको व्यवस्था गरिएको थियो र सुरूमा उक्त फौजलाई खप्तड राष्ट्रिय निकुञ्ज सुरक्षा टोलीको रूपमा खप्तडमा तैनाथ गरिएको थियो । तत्पश्चात् सन् १९९० जुलाई १८ (वि.सं. २०४७ श्रावण ३) मा यसलाई श्री चण्डीदल गुल्म नामाकरण गरेर पुनर्स्थापना गरियो । सन् २००५ अगष्ट ३ (वि.सं. २०६२ श्रावण १९) मा यो गणमा परिणत भयो । यो दार्चुला, बाजुरा, कञ्चनपुर, बझाङ हुँदै हाल पुनः कन्चनपुरमा तैनाथ रहेको छ ।

नेपाल राज्य विस्तारको क्रममा काँगडाको युद्धमा खटिएका १२ कम्पनीमध्ये श्री चण्डीदल कम्पनी पनि एक थियो । उक्त युद्धपश्चात् यसले गढवाल र कुमाउँ क्षेत्रमा पनि लडेको थियो ।[२६६]

सन् २००१ (वि.सं. २०५८) मा शुक्लाफाँट वन्यजन्तु आरक्ष, कञ्चनपुरको विस्तारित क्षेत्रभित्र बसोबास गरी रहेका स्थानीय बासिन्दाहरूलाई आरक्ष कार्यालय र तत्कालीन यस गुल्मको सक्रियतामा खाली गराई आरक्ष संरक्षणमा प्रशंसनीय कार्य गरेवापत विश्व वन्यजन्तु कोषबाट प्रसिद्ध "अब्राहम" पुरस्कारबाट यो गुल्म पुरस्कृत भएको थियो ।

यो गण गुल्म हुँदा गुल्मपतिहरू क्रमशः सेनानीहरू प्रेमबहादुर खत्री, ध्रुव कुमार श्रेष्ठ, रोमियोजंग राणा, शिव कुमार पुन, प्रल्हाद थापा, रघुनाथ सिंहभाट, अनुपजंग थापा, कुमार सिंह तामाङ, रामचन्द्र जोशी, तारा विक्रम शाह, शशिचन्द्रबहादुर सिंह, बालकृष्ण कार्की, रामचन्द्र खनाल, टेकबहादुर चन्द र गणेश कुमार श्रेष्ठ हुनुहुन्थ्यो । यस श्री चण्डीदल गणका प्रथम र दोस्रो गणपति क्रमशः प्रमुख सेनानीहरू चन्द्रबहादुर पुन र इन्द्रबहादुर गुरूङ हुनुहुन्थ्यो भने तेस्रो गणपतिको रुपमा हाल प्रमुख सेनानी चोकबहादुर ढकाल कार्यरत हुनुहुन्छ ।

२६५ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।

२६६ श्री चण्डीदल गणका गणपति प्रमुख सेनानी इन्द्रवहादुर गुरूङले वि.सं. २०६४ मंसिर १८ मा तयार गरेको "श्री चण्डीदल गणको इतिहास", परिशिष्ट "क", पृ. १-२ ।

श्री भैरवनाथ गण

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८१० अगष्ट (वि.सं. १८६७ भाद्र १२) मा यो गण श्री भैरवनाथ कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "त्याग नै तृप्ति हो" रहेको छ । नेपाल-अङ्ग्रेज युद्धपछि नेपालबाट गुरूङ, मगर, राई, लिम्बु आदि जातिहरूलाई प्रलोभन दिएर अङ्ग्रेजहरूले उनीहरूको भारतस्थित सेनामा बढि मात्रामा भर्ना गर्न थाले । पूर्वी क्षेत्रका राई लिम्बुहरू बढि मात्रामा विदेशी फौजमा जान थालेकोले सो क्रमलाई रोक्नको लागि नेपाली सेनामा विशेष सुविधा दिएर यस भैरवनाथ गणलाई राई, लिम्बु मात्र भर्ना गरिने गरी पुनः संरचना गरियो । तसर्थ यसलाई सन् १९५२ (वि.सं. २००९) अगाडिसम्म पनि राई लिम्बुको पल्टन भनिन्थ्यो । यो बढो सुरो र बलिया जवान भएको पल्टन थियो ।[२६७]

जंगबहादुरको समयमा श्री भैरवनाथ कम्पनीमा राई र लिम्बुमात्र सम्मिलित गराइएको भनिन्छ ।[२६८] सन् १९५२ को सैनिक पुनर्गठनमा यो खारेजीमा परेको थियो । सन् १९६६ मार्च २१ (वि.सं. २०२२ चैत्र ८) मा श्री प्यारा राइफल गुल्मको नाममा स्थापना भएको थियो । ११५ जनाको संख्यामा स्थापित यस प्यारा राइफल गुल्मका १५ जनालाई इजरायलले प्यारासम्बन्धी तालिम दिएको थियो र थप १०० जनालाई उक्त तालिम प्राप्त १५ जनाले प्यारा जम्पसम्बन्धी तालिम दिएका थिए । सन् १९७० अगष्ट २८ (वि.सं. २०२७ मंसीर १२) मा यस प्यारा राइफल गुल्म प्यारा गणमा परिणत भयो । तत्पश्चात् सन् १९७५ मार्च ११ (वि.सं. २०३१ फाल्गुण २७) मा यसलाई श्री भैरवनाथ गण नामाकरण गरियो ।[२६९] भैरवनाथ "घ" गुल्म र भैरवनाथ "ङ" गुल्म यसै गणको झण्डामुनि खडा भएका थिए । पछि उक्त दुवै गुल्म युद्धभैरव गणमा परिणत भएका थिए ।

सन् १९७४ मा गरिएको खम्पा निःशस्त्रीकरण कार्यमा यस गणले सक्रिय रूपमा भाग लिएको थियो ।

यसले सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा विभिन्न ठाउँमा लडेको थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले केरूङको लडाइँमा भाग लिएको थियो । सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा

२६७ श्री भैरवनाथ गणमा भएको हस्तलिखित पूरानो रेकर्ड अनुसार ।

२६८ अधिकारी, पादटिप्पणी संख्या ९८, पृ. २५ ।

२६९ श्री भैरवनाथ गणका गणपति प्रमुख सेनानी रामकृष्ण थापाले वि.सं. २०६४ चैत्र १२ मा तयार गरेको "श्री भैरवनाथ गणको सङ्क्षिप्त इतिहास", पृ. १ ।

नेपालबाट अङ्ग्रेजहरूको सहायताको लागि गएको सेनामा यो पनि सम्मिलित भई विद्रोह दवाउने कार्यमा सक्रिय भूमिका खेलेको थियो । सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यो भारतमा शान्ति सुरक्षा कायम गर्ने क्रममा अवोटावादमा तैनाथ रहेको थियो । सन् १९१९ को तेस्रो अफगान युद्धमा यो नौसेरामा कार्यरत थियो ।[२७०] सन् १९३९-१९४५ को दोस्रो विश्वयुद्धमा यो भारतमा शान्ति सुरक्षा कायम गर्ने कार्यमा तैनाथ रहेको थियो । सन् १९४८ मा हैदरवादमा गडवडी हुँदा भारत सरकारको सहायताको लागि शान्ति सुरक्षा कायम गर्ने कार्यमा यो कलकतामा खटिएको थियो ।

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापनार्थ यस गणले सन् २००० (वि.सं. २०५७) मा लेवनानमा र सन् २००४ (वि.सं. २०६१) मा बुरूण्डीमा तैनाथ रहेको थियो ।

हाल यो गण श्री नं. १० बाहिनी अड्डाअन्तर्गत काठमाडौंमा तैनाथरत छ ।

यो श्री भैरवनाथ गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू एडमन शम्शेर ज.ब.रा., मोहनसिंह महत, केशरबहादुर गड्तौला, कृष्णबहादुर गुरूङ, तुलाबहादुर थापा, चिनियाँबहादुर बस्न्यात, विप्लव गुरूङ, तोरण जंगबहादुर सिंह, खदिनबहादुर शाह, रविविक्रम थापा, रामबहादुर गुरूङ, चन्द्रबहादुर गुरूङ, विकास विक्रम शाह, रामबहादुर गुरूङ, ज्ञानेन्द्रजंग रायमाझी, राजु बस्न्यात, प्रेम शाही र राजेन्द्रजंग खत्रीले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी रामकृष्ण थापा हुनुहुन्छ ।

२७० शर्मा, वैद्य र मानन्धर (सं.), पादटिप्पणी संख्या १९१, पृ. २९७-२९९ र "दोश्रो विश्वयुद्धमा श्री जि.ओ.सि. र भारत काश्मिर हैदरावादमा खटि जाने जि.ओ.सि. हरूले श्री प.क.ज.लाई लेखिएको चिठ्ठीपत्रहरूको नक्कल फायल", वि.सं. २००१, २००५; सन् १९४४, १९४८; *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. ९२ ।

श्री रिपुमर्दन गण

श्री रिपुमर्दन गण राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८१० (वि.सं. १८६७) मा श्री रिपुमर्दन कम्पनीको नामबाट खडा भएको हो । रिपु अर्थात शत्रु, मर्दन अर्थात् विनाश समग्रमा शत्रुलाई विनाश गर्न सक्षम रहेको भन्ने शाब्दिक अर्थमा यसको नामाकरण गरिएको देखिन्छ । यस गणको आदर्श वाक्य "शक्ति किराँतेश्वरको" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्वर भित्र खडा भई पछि खारेजमा परेका, निशान समेत नपाइएका ३९ कम्पनीहरूमध्ये यो पनि एक थियो । सन् २००६ जुन ११ (वि.सं. २०६३ जेष्ठ २८) को तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार यसलाई श्री रिपुमर्दन गण नामाकरण गरी पुनस्थापना गरिएको थियो ।[२७१] विशेषत: किराँत मुलका जनजातिहरूलाई समावेश गरी यो गण खडा गरिएको छ । हाल यो गण श्री नं. २ बाहिनी अड्डाअन्तर्गत हिले, धनकुटामा तैनाथरत छ ।

यस गणको पहिलो गणपति प्रमुख सेनानी सरोज खनाल हुनुहुन्थ्यो भने हाल प्रमुख सेनानी नरेन्द्रबहादुर चन्द हुनुहुन्छ ।

श्री सूर्यदल गण

श्री सूर्यदल गण राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८१५ जुन (वि.सं. १८७२ आषाढ ९) मा श्री सूर्यदल कम्पनीको नामबाट स्थापना भएको हो । यस गणको आदर्श वाक्य "कीर्ति प्रकाश फैलिरहोस्" रहेको छ ।

सन् १९५२ को पुनर्गठनमा यो खारेजीमा परेको थियो । सन् १९८२ (वि.सं. २०३९) मा यो श्री सूर्यदल गुल्मको नामले एक अनाश्रित गुल्ममा परिणत भयो ।[२७२] तत्पश्चात् यो सन् २००६ मे २६ (वि.सं. २०६३ जेष्ठ १२) मा श्री सूर्यदल गणमा परिणत हुन गयो । रूपन्देही, कपिलबस्तु, मुस्ताङ, बर्दिया, प्युठान, मुगु, कञ्चनपुर

२७१ श्री रिपुमर्दन गणका सह-सेनानी हेमराज विष्टले वि.सं. २०६५ वैशाख ३० मा तयार गरेको "श्री रिपुमर्दन गणको इतिहास" ।

२७२ शाही नेपाली जंगी अड्डा (प्र.) पादटिप्पणी संख्या ९१, पृ. २०४ ।

हुँदै यो गण हाल भक्तपुरमा तैनाथ रहेको छ ।[२७३] सन् १८५९ (वि.सं. १९१६) मा यसमा अफिसर र जवानहरू जम्मा ७६७ थियो भन्ने बुझिन्छ ।

सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा नेपालबाट अङ्ग्रेजहरूको सहायताको लागि गएको सेनामा यो पनि सम्मिलित भई विद्रोह दबाउने कार्यमा भाग लिएको थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतबीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन फौजमध्ये दोस्रो डिभिजनमा खटिएको थियो । सन् १९३९-१९४५ को द्वितीय विश्वयुद्धमा यो श्री भैरवनाथ पल्टनको अर्धाङ्ग बनी नेपालबाट भारतको सुरक्षाको लागि गएको सेनामा सम्मिलित भई भारतमा शान्ति सुरक्षा कायम राख्ने क्रममा देहरादुनमा तैनाथ रहेको थियो । सन् १९४८ मा भारत सरकारको अनुरोधमा सहायताको लागि नेपालबाट पठाइएको सेनामा यो यसपालि पनि श्री भैरवनाथ पल्टनको अर्धाङ्ग बनेर त्यहाँ आन्तरिक शान्ति सुरक्षा कायम राख्ने क्रममा राँचीमा तैनाथ रहेको थियो ।[२७४]

सन् १९५२ को शाही नेपाली सेनाको पुनर्गठन अघि यसले नापीको काम गरेको थियो ।

यो गण श्री सूर्यदल गुल्मको रूपमा रहँदा यसको कमाण्ड गुल्मपतिहरू क्रमश: सेनानीहरू भक्तबहादुर राउत, केशवराज महत, धनबहादुर मल्ल, कुमार बुढाथोकी, तेजमानसिंह बस्नेत, ताराबहादुर कार्की, अर्जुन कुमार सापकोटा, शंकर कार्की, राकेश श्रेष्ठ, निरमान सिंह गुरूङ, रामकृष्ण थापा, सुरेन्द्र सिंह रावल, राजिव शाह र रामचन्द्र बोगटीले गरिसक्नु भएको छ । हाल यस श्री सूर्यदल गणका प्रथम गणपतिको रूपमा प्रमुख सेनानी सुरेन्द्र सिंह रावल हुनुहुन्छ ।

श्री नारायणदल गण

श्री नारायणदल गण राजा राजेन्द्र विक्रमको राज्यकालमा सन् १८३७ मार्च (वि.सं. १८९३ फाल्गुण १७) मा श्री नारायणदल पल्टनको नामबाट स्थापना

२७३ श्री सूर्यदल गणका गणपति प्रमुख सेनानी सुरेन्द्र सिंह रावलले वि.सं. २०६४ श्रावण ५ मा तयार गरेको "श्री सूर्यदल गणको इतिहास", परिशिष्ट "क", पृ. २ ।

२७४ खत्री, पम्दटिप्पणी संख्या ९७, पृ. १४ र शाही नेपाली जंगी अड्डा (प्र.) पादटिप्पणी संख्या ९१, पृ. २०४ ।

भएको हो । यस गणको आदर्श वाक्य "गर्नु रक्षा देशको भई वीर पराक्रमी सन्तती" रहेको छ ।

सन् १९५२ (वि.सं. २००९) को पुनर्गठनपश्चात् यसलाई नं. ७ (हिरा) हिमाल राइफल कम्पनी भनिन्थ्यो । सन् १९६९ फेब्रुअरी २८ (वि.सं. २०२५ फाल्गुण १७) मा यसको पुनः श्री नारायणदल गुल्म नामाकरण भयो । तत्पश्चात् यो सन् २००५ अगष्ट ३ (वि.सं. २०६२ श्रावण १९) मा श्री नारायणदल गणमा परिणत हुन गयो ।[२७५] यो गण नवलपरासी, बुटवल, भक्तपुर, मुस्ताङ, नुवाकोट, रामेछाप, गोरखा, महोत्तरी, मकवानपुर हुँदै हाल रामेछापमा तैनाथ रहेको छ । सन् १८४५ (वि.सं. १९०२) मा यसलाई पौवागढी, सिन्धुलीमा तैनाथ गरिएको थियो । एक श्रोतअनुसार सन् १८४१ (वि.सं. १८९८) मा यसमा अफिसर ३ र अरू समेत गरी जम्मा ४३१ जवान रहेको थियो ।

यसले सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा ओलाङचुङगोलाको रणक्षेत्रमा ठूलो बहादुरी देखाएको थियो । सन् १९७४ मा खम्पा निःशस्त्रीकरण कार्यमा यसले भाग लिएको थियो ।[२७६]

यस गणले सन् २००१ (वि.सं. २०५७) मा संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना कार्य गर्नको लागि पूर्वी टिमोरमा नेपलीज बटालियन (नेप व्याट) तेश्रो डफ्फामा सम्मिलित भई अति सन्तोषजनक रूपमा कार्य सम्पादन गरेको थियो ।

सन् १९९३ (वि.सं. २०५०) मा सर्लाही जिल्लाको बाग्मती नदीमा आएको विनाशकारी बाढीबाट पिडित बासिन्दाहरूलाई यस गणले ठूलो उद्धार कार्य गरेको थियो । त्यस्तै सन् १९९७ (वि.सं. २०५४) मा मकवानपुर जिल्लाको कालिटार भन्ने गाउँमा ठूलो आगलागीमा र सन् २००१ अगष्ट (वि.सं. २०५८ भाद्र) मा रामेछाप जिल्लाको विकट बाम्ती भण्डारा गा.वि.स.-१ मा भएको बाढी पहिरोमा यस गणले उद्धार कार्य गरेको थियो । सन् १९९९ (वि.सं. २०५६) देखी रामेछाप जिल्लामा तैनाथ भई यस गणले दोरम्बा, रामेछाप र मन्थली इलाकामा स्कुल, बाटो, मन्दिर निर्माण तथा मर्मत कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

२७५ श्री नारायणदल गणका गणपति प्रमुख सेनानी आशबहादुर तामाङले वि.सं. २०६४ माघ १० मा तयार गरेको "श्री नारायणदल गणको सङ्क्षिप्त इतिहास", पृ. २ ।

२७६ शाही नेपाली जंगी अड्डा (प्र.) पादटिप्पणी संख्या ९१, पृ. २०८, बस्त्यात, पादटिप्पणी संख्या १०, पृ. ९८; बस्त्यात, पादटिप्पणी संख्या २४२, पृ. ८ र शम्भुराज ढुंगाना, "श्री नारायणदल गुल्मको इतिहास", *सिपाही,* वर्ष ३४, वि.सं. २०५८, पृ. १७ ।

यस श्री नारायणदल गण गुल्म छँदा यसको गुल्मपतिको कार्यभार उप सेनानी नरबहादुर मगर, सेनानीहरु भिम विक्रम राणा, फत्तेबहादुर शाह, मानबहादुर शाह, धर्म विक्रम शाह, केशरबहादुर खत्री, डिलबहादुर विष्ट, सह सेनानी गजेन्द्र विक्रम राणा, सेनानीहरु भिम विक्रम राणा, रिद्धिजंग थापा, धनबहादुर कुंवर, लोक शम्शेर राणा, कालुसिंह गुरुङ, सम्बरबहादुर विष्ट, देवेन्द्रबहादुर शाह, कृष्ण विक्रम राणा, बद्रीदास कर्मचार्य, कुण्डल विक्रम राणा, लोकबहादुर थापा, माधव प्रसाद शाह, सह सेनानीहरु दिप विक्रम राणा, सूवर्णबहादुर थापा, सेनानीहरु चित्रबहादुर थापा, लंका प्रसाद लिम्बु, नरबहादुर राउत, पूर्णबहादुर लामा, अन्तसिंह गुरुङ, टिकाराम भट्ट, ख्यामबहादुर थापा, नारायणबहादुर कार्की, भाइकृष्ण खत्री, शम्भु ढुंगाना, राममणि पोखरेल, ललित कुंवर र मदन कुमार के.सी.ले सम्हाली सक्नुभएको छ । यस गणको पहिलो र दोस्रो गणपति सेनानीहरू क्रमशः मदनकुमार के.सी. र सुरजबाबा सुनवार हुनुहुन्थ्यो । हाल यस गणका गणपति प्रमुख सेनानी आशबहादुर तामाङ हुनुहुन्छ ।

श्री शम्शेरदल गण

श्री शम्शेरदल गण राजा राजेन्द्र विक्रम शाहको पालामा सन् १८४४ जुन (वि.सं. १९०१ असार १२) मा श्री शम्शेरदल पल्टनको नामबाट स्थापना भएको हो । यस गणको आदर्श वाक्य "कर्म नै धर्म हो" रहेको छ ।

यो पल्टन खडा गर्नको लागि पुरानो गोरख, देवीदत्त, कालीबहादुर, बर्दबहादुर, सिंहनाथ, काली प्रसाद, नयाँ गोरख समेत गरी सात पल्टनबाट ४०/४० जनाको संख्या झिकी जम्मा २८० जना र अन्य जवान थप गरी ५०० को संख्यामा खडा भएको थियो । छाउनी, त्रिशुली, विराटनगर, सुपारेटार, नेपालगञ्ज, सिंहदरवार, पोखरा, कसरा, राजदरवार, सूर्यविनायक, रसुवा हुँदै यो गण हाल डडेलधुरामा तैनाथ रहेको छ ।[२७७]

यो सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा ओलाङचुङगोलाबाट लडाइँ लड्न अघि बढेको थियो । सन् १८५७-१८५८ मा भारतमा भएको सिपाही

२७७ श्री शम्शेरदल गणका गणपति प्रमुख सेनानी उदय कार्कीले वि.सं. २०६४ आश्विन ३ मा तयार गरेको "श्री शम्शेरदल गणको सङ्क्षिप्त इतिहास", पृ. २ र बुद्धकार्य, "२०५५ सालको किंग्स व्यानर गणस्तर प्रतियोगितामा प्रथम श्री शम्शेरदल गणको इतिहास", *सिपाही,* वर्ष ३२, वि.सं. २०५६, पृ. २ ।

विद्रोहमा वृटिश सरकारको सहायताको लागि नेपाल सरकारबाट मद्दतको निम्ति फौज जाँदा यो पनि खटिई लखनउमा विद्रोह शान्त गर्ने कार्य गरेको थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतवीच मनोमालिन्य बढेर युद्ध हुन लागेको बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन फौज मध्ये दोस्रो डिभिजनमा कुतीको रक्षार्थ खटिएको थियो । सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यो भारतमा अमनचैन कायम राख्न नेपालबाट गएको सेनामा सम्मिलित थियो ।[२७८] सन् १९३९-१९४५ को द्वितीय विश्वयुद्धमा यो तत्कालीन भारतको उत्तर-पश्चिम सीमान्त प्रदेशमा सुरक्षाको लागि खटिएको थियो । सन् १९४८ मा हैदरावादमा गडबडी हुँदा भारत सरकारको सहायताको लागि शान्ति सुरक्षा कायम गर्ने कार्यमा यो पनि खटिएको थियो ।[२७९]

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापनार्थ यस गणले सन् १९८७ (वि.सं. २०४३) मा लेवनानमा, सन् १९८३ (वि.सं. २०५०) मा पूर्वी युगोस्लाभियामा, सन् २००० (वि.सं. २०५६) मा लेवनानमा र सन् २००६ (वि.सं. २०६३) मा कंगोमा तैनाथ रहेको थियो ।

सन् १९७१ अप्रिल १४ (वि.सं. २०२८ वैशाख १) मा हेटौडाको टिम्बर कर्पोरेशन अफ नेपाल (टि.सि.एन.) मा भएको आगलागी, सन् १९७१ मे २८ (वि.सं. २०२८ वैशाख २८) मा विराटनगर रघुपती जुट मिल्स र सन् १९७२ जनवरी १३ (वि.सं. २०२८ पौष २९) मा विराटनगरको चाँद मिलमा भीषण आगलागी हुँदा आफ्नो ज्यानकै पर्वाह नगरी यस गणका जवानहरूले ठूलो धनजनको रक्षा गर्न सफल भएका थिए । सन् १९८६ अगष्ट २ (वि.सं. २०४३ श्रावण १८) मा भीषण वर्षाका कारण दोलालघाट अवस्थित पुललाई क्षति हुनबाट जोगाएको थियो ।

---

२७८ "पैलो विश्वयुद्धमा वृटिश सहायतामा खट्टि गयाका नेपाली कन्टिजेन्सको नफ्री र भत्ता पाएका, पेन्सन पाएका, मरेका घाइते भएका पक्रेका समेत लेखिएको नक्कल", वि.सं. १९७१; सन् १९१४, *जंगी अड्डा,* अभिलेख शाखा, भाग २, सि.नं. १९२ र "पहिलो विश्वयुद्धमा नेपालवाट १० पल्टन गयाको र त्यसमा ३ वृगेड बाँडिएको", वि.सं. १९७१; सन् १९१४, *जंगी अड्डा,* अभिलेख शाखा, भाग २, सि.नं. १९८ ।

२७९ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ६६, खत्री, पादटिप्पणी संख्या ९७, पृ. ४६-४७, कार्य, पादटिप्पणी संख्या २७८, पृ. १-२, बुद्धिबहादुर गुरूङ, "श्री शम्शेरदल गणको सङ्क्षिप्त इतिहास", *सिपाही,* वर्ष ५, वि.सं. २०२९, पृ. ६३-६४ र "दोश्रो विश्वयुद्धमा श्री जि.ओ.सि. र भारत काश्मिर हैदरावादमा खटि जाने जि.ओ.सि.हरूले श्री प.क.ज.लाई लेखिएको चिठ्ठीपत्रहरूको नक्कल फायल", वि.सं. २००१, २००५; सन् १९४४, १९४८; *जंगी अड्डा,* अभिलेख शाखा, भाग २, सि.नं. ९२ ।

यस श्री शम्शेरदल गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू समर शम्शेर ज.ब.रा., उत्तम विक्रम राणा, हेमबहादुर गड्तौला, पवित्रबहादुर ज.ब.रा., शम्शेरबहादुर मल्ल, टेकजंग राणा, खड्गबहादुर सिंह, दुर्गाबहादुर खत्री, मेहर शम्शेर ज.ब.रा., कटकबहादुर कार्की, गंगाबहादुर विष्ट, कुंवर शम्शेर ज.ब.रा., मृगेन्द्रबहादुर बस्न्यात, धन विक्रम राणा, केशरबहादुर कार्की, सरोजराज शर्मा, युद्धविक्रम राणा, मन्सुरा विक्रम राणा, पुरूषोतम थापा, राजेन्द्रबहादुर लिम्बु, छत्रमान सिंह गुरूङ, नेत्रबहादुर थापा, रमेश विष्ट, राज राणा, अनुजबहादुर बस्न्यात, दामोदर थापा, सिताराम खड्का र विज्ञानदेव पाण्डेले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी उदय कार्की हुनुहुन्छ ।

श्री महिन्द्रदल गण

राजा राजेन्द्र विक्रमको पालामा सन् १८४५ जनवरी (वि.सं. १९०१ माघ १) मा यो श्री महिन्द्रदल कम्पनीको नामले खडा भएको हो । यस गणको आदर्श वाक्य "भागी ज्युँदो हुनु भन्दा लडी मर्नु स्वधर्म हो" रहेको छ ।

तत्कालीन प्रधानमन्त्री माथवरसिंह थापाले खडा गरेका ५ पल्टन (राजदल, महिन्द्रदल, काली प्रसाद, सर्वध्वज र रणप्रिय दल) मध्ये यो महिन्द्रदल पनि एक हो ।[२८०] यसलाई राणाकालको सुरूवातदेखि नै तोपखानाको गोलीगट्ठा, हातहतियार आदिको रेखदेख गर्न दिइएको थियो । सन् १९५२ को सैनिक पुनर्गठनअगाडि श्री महिन्द्रदल पल्टनको रूपमा रहेको यो सैनिक पुनर्गठनपश्चात् श्री महिन्द्रदल बटालियनको रूपमा देखापऱ्यो । सुर्खेत, इटहरी, मकवानपुर हुँदै हाल यो गण गोरखामा तैनाथरत छ ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले ठूलो बहादुरी देखाएको थियो । सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा नेपालबाट अङ्ग्रेजहरूको सहायताको लागि यो पनि लखनउमा विद्रोह दवाउने कार्यमा खटिएको थियो । सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यो भारतको शान्ति सुरक्षा कार्यमा संलग्न भई देहरादुनमा रहेको थियो । त्यस्तैगरेर सन् १९१७ मा उत्तर-पश्चिम सीमान्त प्रान्तअन्तर्गत वजिरिस्तानमा मसुद जातिहरूको विरूद्ध गरिएको सैनिक

---

२८० विष्ट, पादटिप्पणी संख्या १६०, पृ. ११६ ।

अभियानलाई सफल गर्नमा यसले प्रमुख भूमिका खेलेको थियो ।[२८१] सन् १९३९-१९४५ को दोश्रो विश्वयुद्धमा यसले आसाम-वर्माको युद्धमा जापानी फौजहरूको विरूद्धको लडाइँमा ठूलो बहादुरी देखाएको थियो ।[२८२] त्यसबेला जापानसँगको युद्धमा ठूलो बहादुरी देखाएवापत महिन्द्रदल पल्टनका जगतबहादुर खत्री, गुप्तबहादुर गुरूङ, बलबहादुर सिलवाल र दयाबहादुर खाँडले बृटिश सरकारकोतर्फबाट मिलिटरी क्रस (M.C.) तक्मा प्राप्त गरेका थिए ।[२८३] जापानको भारत विजय गर्ने योजना विफल पार्नमा यसले ठूलो भुमिका खेलेको थियो ।

सन् १९४५ जनवरी १९ मा सुप्रिम एलाईड कमाण्डर लर्ड माउन्ट वेटनले वर्मा निरिक्षण गरी सकेपछि यसको वीरताको कदर गर्दै "वेल डन" महिन्द्रदल भनि सम्बोधन गरेका थिए ।[२८४] यस गणलाई दोस्रो विश्वयुद्धमा बेलायत सरकारको प्रतिनिधि गभर्नर जनरल लर्ड माउन्ट वेटनले "दि फेमस" टाइटल दिएको थियो भन्ने किंवदन्तिबाट नामको अगाडि आधिकारिक रूपले नै दि फेमस लेखेको पाइन्छ । त्यस विषयमा दोस्रो विश्वयुद्धसम्बन्धी सम्पूर्ण चिठ्ठी पत्रहरू (सैनिक पुस्तकालय र परराष्ट्र मन्त्रालयको जैसी कोठामा रहेको समेत) केलाउँदा कहीँ कतैबाट पुष्टि भएन । त्यसबेला श्री ३ जुद्धको आदेश र स्विकृती विना एउटा सिपाहीलाई युद्धमैदानमा लान्स कर्पोरल दिन पनि सक्दैन्थे । यसर्थ, आधिकारीक पत्राचार विना र श्री ३ को स्विकृती नभई युद्धमा खटिएका शेर, कालीबहादुर र महेन्द्रदल गण मध्ये यस पल्टनलाई दि फेमसको टाइटल दिने कुरो कुटनैतिक मर्यादा विपरित हुने देखिन्छ । सो बारेमा त्यसबखत गण कमाण्ड गर्ने स्व. उपरथी क्षेत्रविक्रम राणासँग डा. प्रेमसिंह बस्न्यातले मिति वि.सं. २०५३

२८१ प्रेम आर. उप्रेती, *नेपाल: ए स्मल नेशन इन दि भोरटेक्स अफ इन्टरनेशनल कन्फ्लीक्टस*, काठमाडौं : पुगो मी, सन् १९८४, पृ. ६६-७२, शर्मा, वैद्य र मानन्धर (सं.), टिप्पणी संख्या १९१, पृ. २९२-२९७, "पहिलो विश्वयुद्धमा नेपालवाट भारत खट्टि जाने फौजको अफिसरदेखि जवानसम्मको राशन स्केल र नेपाल कन्टिजेन्सले नेपालमा लेखापढीको नक्कल किताव", वि.सं. १९७१, १९७६; सन् १९१४, १९१९; *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. २०९ र "पैलो विश्वयुद्धमा वृटिश सहायतामा खट्टि गायाका नेपाली कन्टिजेन्सको नफ्री र भत्ता पाएका, पेन्सन पाएका, मरेका घाइते भएका पक्रेका समेत लेखिएको नक्कल", वि.सं. १९७१; सन् १९१४, *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. १९२ ।

२८२ शर्मा, वैद्य र मानन्धर (सं.), पादटिप्पणी संख्या १९१, पृ. ३०५-३०६ र इश्वरी प्रसाद, पादटिप्पणी संख्या २५०, पृ. ३०१-३०४ ।

२८३ वस्न्यात, पादटिप्पणी संख्या १०, पृ. १२२-१२३, १५०-१५१ र १५२-१५६ ।

२८४ श्री महिन्द्रदल गणका गणपति प्रमुख सेनानी सुवर्ण कुमार खड्काले वि.सं. २०६४ मंसिर २६ मा तयार गरेको "श्री महिन्द्रदल गणको सङ्क्षिप्त इतिहास", पृ. २ ।

असोज १७ (सन् १९९६ अक्टोबर ३) मा अन्तरक्रिया गर्दा समेत वहाँले आधिकारिक पत्र पाएको होइन मौखिक भनिएको भन्नुभयो भने पछि पुन: सोध्दा अंग्रेज जनरलवाट व्यक्तिगत रूपले DO (Demi Official) Letter पाएको बताउनु भयो । त्यही कुरालाई मनन गरी प्रधान सेनापति किरण शम्सेरको मौखिक सहमतिवाट दि फेमस भनि लेख्न थालिएको समेत प्रष्ट पारेका थिए । किरण शम्सेर पनि महेन्द्रदल गणका गणपति थिए । व्यक्ति वा पल्टनले पाउने मान, सम्मान, टाइटल जस्ता कुराहरू अङ्ग्रेज र नेपाल सरकारको सहमती विना राणाकालमा सम्भव नै थिएन । वि.सं. २०४९ मा शाही नेपाली जंगी अड्डाले प्रकाशन गरेको *नेपालको सैनिक इतिहास* मा यस गणलाई दि फेमस टाइटल दिएको बारे उल्लेख छैन ।[२८५] साथै सो दि फेमस टाइटल पाएको कागजपत्र खोज्दा जंगी अड्डामा नभएको र महेन्द्रदल गणमा माग गर्दा आधिकारीक अभिलेख नभएको भन्ने पत्र प्राप्त भएकोले[२८६] समेत गर्दा किंवदन्तीको भरमा सो टाइटल दिइएको हो भनि यहाँ लेखिएको छैन् । सन् १९४८ मा हैदरावादमा गडवडी हुँदा भारत सरकारको सहायताको लागि शान्ति सुरक्षा कायम गर्ने कार्यमा यो पनि खटिएको थियो ।[२८७]

सन् १९८८ (वि.सं. २०४५), सन् १९९२ (वि.सं. २०४९), सन् १९९५ (वि.सं. २०५२) मा लेवनानमा र सन् २००४ (वि.सं. २०६१) मा बुरूण्डीमा संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापनाको लागि यस गण तैनाथ भएको थियो ।

सन् १९८७ (वि.सं. २०४४ असार) मा कोशी नदीमा आएको बाढीबाट क्षति पुऱ्याएको समयमा कोशीको बाँध बाँधी नदीको कटान रोक्ने काम यस गणले गरेको थियो । सन् १९८८ (वि.सं. २०४५ भाद्र) मा ठूलो भूकम्प आई धरान बजारमा ठूलो क्षति भएकोमा त्यस क्षतिग्रस्त क्षेत्रमा गई ठूला उद्धार कार्य यस गणले गरेको थियो । त्यस्तै गरेर सन् १९९२ (वि.सं. २०४९ श्रावण) मा नुवाकोट जिल्लाको घ्याङफेदी गा.वि.स.अन्तर्गत तालुकाशीर घोप्टेभीर नामक अनकन्टार पहाडमा थाई एयर बस (जेट विमान) दुर्घटनाग्रस्त हुँदा यस गणले ठूलो उद्धारकार्य गरेको थियो ।

२८५ शर्मा, वैद्य र मानन्धर (सं.), पादटिप्पणी संख्या १९१, पृ. ३०६ ।

२८६ श्री महिन्द्रदल गणले वि.सं. २०६४ पौष ६ मा सैनिक सङ्ग्रहालयलाई प्रेसित मेसेज नं. ४२८४-०६१३१४ को आधारमा ।

२८७ "दोश्रो विश्वयुद्धमा श्री जि.ओ.सि. र भारत काश्मिर हैदरावादमा खटि जाने जि.ओ.सि. हरूले श्री प.क.ज.लाई लेखिएको चिठ्ठीपत्रहरूको नक्कल फायल", वि.सं. २००१, २००५; सन् १९४४, १९४८; *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं.९२ ।

यस श्री महिन्द्रदल गणका गणपतिको कार्यभार प्रमुख सेनानीहरू बखतजंग कुंवर, प्रतापजंग राणा, डम्बर शम्शेर थापा, किरण शम्शेर ज.ब.रा., क्षेत्र विक्रम राणा, योग विक्रम थापा, योग विक्रम राणा, गुप्त बहादुर गुरूङ, गुण शम्शेर ज.ब.रा., तपेन्द्र बहादुर शाह, नृप शम्शेर ज.ब.रा., कुवेर शम्शेर ज.ब.रा., गंगाबहादुर विष्ट, बोधेन्द्रबहादुर रायमाझी, टेकबहादुर गुरूङ, एडवन शम्शेर ज.ब.रा., योगेन्द्र प्रतापजंग राणा, योगेन्द्रजंग थापा, रोहित विक्रम राणा, दिगम्बर शम्शेर ज.ब.रा., लिला विक्रम शाह, प्रदिप प्रतापबम मल्ल, प्रकाश बस्न्यात, उज्वल विक्रम राणा, राजेन्द्र कुमार थापा, प्रदिप विक्रम राणा, दिपक विक्रम पाण्डे, कृष्णबहादुर विष्ट, देव कुमार सुवेदी, प्रकाश कुमार के.सी., सुवर्णबहादुर शाह र भाईकृष्ण खत्रीले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी सुवर्ण कुमार खड्का हुनुहुन्छ ।

श्री नेपाल क्याभलरी

यस श्री किंग्स हाउस होल्ड क्याभलरी राजा सुरेन्द्र विक्रम शाहको पालामा सन् १८४९ नोभेम्बर (वि.सं. १९०६ मंसिर ७) मा घोडचढी सैनिकहरूको एक दल रिसल्ला भन्ने नामबाट काठमाडौंको भुगोलपार्कस्थित हाल नेपाल बैंक लिमिटेड रहेको स्थानमा बसन्तपुर तबेला भनिने ठाउँमा खडा भएको हो । यस रिसल्लाले सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा समेत बहादुरीका साथ लडेको थियो । राणा प्रधानमन्त्री रणोद्दिप सिंहको पालामा उक्त पल्टन डिल्लीबजार कालिकास्थान नजिकै हालको पिपा गोश्वारा राखेको ठाउँमा स्थानान्तरण गरिएको थियो । पछि सिंहदरवारको ठिक अगाडि हाल ट्राफिक प्रधान कार्यालय रहेको हाताभित्र रिसल्ला पल्टन राख्ने गरियो । यो ठाउँलाई अद्यापि बग्गीखाना भनिन्छ । प्रधानमन्त्री जुद्ध शम्शेरको पालामा हाल यस क्याभलरी रहेको स्थान सिंहदरवारमा रिसल्ला पल्टन राखिएको थियो । सन् १९५२ को पुनर्गठनपश्चात् रिसल्ला अश्वखाना र रिसल्ला कालिगढ मिउल माउण्टेन व्याट्री र ए.टी. छुट्टिई श्री किंग्स हाउस होल्ड क्याभलरी नामाकरण भै हालको स्थानमा एकत्रित भयो ।[२८८] हाल यस किंग्स हाउस होल्ड क्याभलरीको नाम परिवर्तन गरी नेपाल क्याभलरी नामाकरण गरिएको छ । यस क्याभलरीको आदर्श वाक्य "वेग भक्ति सेवा" रहेको छ ।

२८८ तत्कालीन श्री किंग्स हाउस होल्ड क्याभलरीका सि.ओ. प्रमुख सेनानी बालचन्द्र रानभाटले वि.सं. २०६४ आश्विन १ मा तयार गरेको "श्री किंग्स हाउस होल्ड क्याभलरीको सङ्क्षिप्त इतिहास", उत्तम वोगटी, "श्री किंग्स हाउस होल्ड क्याभलरी र घोडचढीको सुरूवात", *सिपाही*, वर्ष ३३, वि.सं. २०५७, पृ. १०४ र *श्री किंग्स हाउस होल्ड क्याभलरी*, काठमाडौं : श्री किंग्स हाउस होल्ड क्याभलरी, वि.सं. २०६३, पृ. २९ ।

यसरी क्याभलरीको इतिहास हेर्दा नेपाली अश्वसेना एक प्रकारले पार्श्व सेना थियो । त्यसैले यो सेना श्री ५ महाराजधिराज र श्री ३ महाराजको समिपमा नै राखिएको देखिन्छ । हाल यस क्याभलरीको विभिन्न राजकीय समारोहका साथै सैनिक समारोह तथा उत्सवहरूमा उल्लेखनीय भूमिका निभाउँदै आफ्नो परम्परालाई कायम गर्दै आइरहेको छ ।

श्री फष्ट रैफल गण

राजा सुरेन्द्र विक्रमको पालामा सन् १८५० (वि.सं. १९०६ चैत्र १०) मा यो गण श्री रैफल पल्टनको नाममा खडा भएको हो । यस गणको आदर्श वाक्य "बाँच्न लायक उही छ जो मर्नलाई सधै तयार रहन्छ" भन्ने रहेको छ ।

जंगबहादुरको बेलायत भ्रमणको अवसरमा त्यहाँको विशेष गार्डको निरिक्षण गरी फर्केपछि बेलायत कै सरह एक विशेष गार्ड खडा गर्ने इच्छा भएअनुसार विभिन्न १६ वटा पल्टनहरूबाट अग्ला कदका लायक अमल्दार र हुद्दाहरूको छनोट गरी ३०० जनाको संख्यामा स्थापना गरिएको थियो । सन् १९३६ अप्रिल १३ (वि.सं. १९९३ वैशाख १) मा यसको संख्या ७०२ कायम भयो जसमध्ये २५० को संख्या छनोट गरी पार्श्ववर्ती पल्टन नामाकरण गरी बानेश्वर व्यारेकमा तैनाथ गरिएको थियो । यो सुरूदेखि नै हजुरीया गार्डको कार्य गर्दै आएको थियो ।[२८९] सन् १९५२ मा नेपाली सेनाको पुनर्गठनपछि यो नेपाली सेनाको एउटा पदिक गणको रूपमा रहेको छ र प्रथम विश्वयुद्धमा सहायताको लागि नेपाली सेना भारतमा पठाउँदा त्यहाँ गएको अर्को एक पल्टनको नाम दोस्रो रैफल भएबाट यसलाई त्यहाँ फष्ट रैफल सम्बोधन गरिएकोले यसको त्यही नामाकरण भयो ।[२९०] पुरानो चलनमा यसलाई रिफेल पल्टन पनि भनिन्थ्यो । राइफलबाट अपभ्रंस भै रिफेल भएको हो ।

सन् १९७४ मा गरिएको खम्पा निशस्त्रीकरण कारवाहीमा यसले पनि महत्वपूर्ण योगदान दिएको थियो ।

२८९ श्री फष्ट रैफल गणका सेनानी हरिविक्रम ए.सी.ले वि.सं. २०६४ भाद्र ३१ मा फ्याक्स नं. ०५६५२०२२२ वाट प्रेसित "श्री फष्ट रैफल गणको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ. १ ।

२९० शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ८६ ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले केरूङमा ठूलो बहादुरी देखाएको थियो । यसले सन् १८५७-१८५८ को भारतीय सिपाही विद्रोहमा लखनउमा गई उक्त विद्रोह दमन गरेर शान्ति स्थापना गर्न अङ्ग्रेजलाई सहायता गरेको थियो । सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यो तत्कालीन भारतको उत्तर-पश्चिम सीमान्त प्रदेशमा रहेको थियो र सन् १९१७ मा अवोटावादमा विद्रोही मसुदहरूको दमन गरी तिनीहरूको आतंक हटाउने काममा यसले सफलता हासिल गरेको थियो ।[२९१] यस कार्यमा उच्चतम बहादुरीता देखाएवापत उक्त गणका सुवेदार चन्द्रबहादुर कार्कीले १६ जुन १९१७ मा मिलिटरी क्रस् (एम.सी.) पाएका थिए । सुवेदार चन्द्रबहादुर कार्की एम.सी. पाउने नेपालीमा पहिलो व्यक्ति हुन् ।

यसले संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना गर्ने कार्यको लागि सन् १९७९ (वि.सं. २०३६) मा लेवनानमा, सन् १९९२ (वि.सं. २०४९) मा पूर्वी युगोस्लाभिया, सन् १९९५ (वि.सं. २०५२) मा हाइटीमा र सन् २००३ (वि.सं. २०६०) मा कंगोमा खटिएर अन्तर्राष्ट्रिय क्षेत्रमा समेत सफलतापूर्वक कर्तव्य निभाएको थियो ।

सन् १९७६-१९७९ (वि.सं. २०३२-२०३५) सम्म यो नारायणहिटी राजदरबारमा शाही रक्षकको रूपमा रहेको थियो ।

यस श्री फष्ट रैफल गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरु मानबहादुर घले, मिनबहादुर गुरुङ, पुण्यनरसिंह राणा, मिन शम्शेर राणा, कटकबहादुर कार्की, नुरबहादुर था.म., पवन शम्शेर ज.ब.रा., मेहर शम्शेर ज.ब.रा., बलबहादुर कार्की, नरबहादुर बस्नेत, लक्ष्मणचन्द्र बहादुर सिंह, नारायणचन्द्र मल्ल, छत्रविक्रम शाह, तुलसी बहादुर अधिकारी, जनकबहादुर

२९१ श्री फष्ट रैफल गणका सेनानी हरि विक्रम ए.सी.ले वि.सं. २०६४ भाद्र ३१ मा फ्याक्स नं. ०५६५२०२२२ बाट प्रेसित "श्री फष्ट रैफल गणको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ. १; सिंहप्रताप शाह, "श्री फष्ट रैफल गणको सङ्क्षिप्त इतिहास", *सिपाही,* वि.सं. २०२६, पृ. ५; उप्रेती, पादटिप्पणी संख्या २८१, पृ. ६६-७२; शर्मा, वैद्य र मानन्धर (सं.), टिप्पणी संख्या १९१, पृ. २९२-२९७; "पैलो विश्वयुद्धमा वृटिश सहायतामा खट्टि गयाका नेपाली कन्टिजेन्सको नफ्री र भत्ता पाएका, पेन्सन पाएका, मरेका घाइते भएका पक्रेका समेत लेखिएको नक्कल", वि.सं. १९७१; सन् १९१४, *जंगी अड्डा,* अभिलेख शाखा, भाग २, सि.नं. १९२ र "पहिलो विश्वयुद्धमा नेपालबाट भारत खट्टि जाने फौजको अफिसरदेखि जवानसम्मको राशन स्केल र नेपाल कन्टिजेन्सले नेपालमा लेखापढीको नक्कल किताव", वि.सं. १९७१, १९७६; सन् १९१४, १९१९; *जंगी अड्डा,* अभिलेख शाखा, भाग २, सि.नं. २०९ ।

सिलवाल, लालबहादुर चन्द, नरबहादुर गुरुङ, डम्बर सिंह गुरुङ, हेमकर शम्शेर ज.ब.रा., रामकृष्ण अधिकारी, प्रेमप्रकाश थापा, धर्मबहादुर बानिया, रमेशराज महत र सन्तोष ढकालले सम्हालिसक्नु भएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी शिवशंकर गुरुङ हुनुहुन्छ ।

श्री रूद्रध्वज गण

श्री रूद्रध्वज गण राजा सुरेन्द्र विक्रम शाहको राज्यकालमा सन् १८५३ जुन (वि.सं. १९१० जेष्ठ १०) मा श्री रूद्रध्वज पल्टनको नामबाट खडा भएको हो । यस गणको आर्दश वाक्य "वीरता नै हो हतियार" रहेको छ ।

मुख्यतः गुरूङ जाति सम्मिलित श्री रूद्रध्वज पल्टन खडा गरिएको भनिन्छ ।[२९२] यो सन् १८८० (वि.सं. १९३७) मा खारेजीमा परेको थियो । पछि सन् १९७९ डिसेम्वर १७ (वि.सं. २०३६ पौष २) मा पुनः श्री रूद्रध्वज गुल्मको नाममा यसको स्थापना भयो । पुनः स्थापना हुँदा यसमा श्री महिन्द्रदल गण, श्री शम्शेर दल गण र तत्कालीन श्री ज्वालादल गुल्मका जवानहरू बढी मात्रामा थिए । सन् २००५ अगाष्ट ३ (वि.सं. २०६२ श्रावण १९) मा यो गणमा परिणत हुन गयो ।[२९३] सुर्खेत, जुम्ला, बर्दिया, कपिलबस्तु, गुल्मी, पर्सा हुँदै हाल यो गण काभ्रेपलाञ्चोकमा तैनाथ रहेको छ ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले भाग लिई बहादुरी प्रदर्शन गरेको थियो । उक्त लडाईंमा यस युनिटका ६०१ जवानले भाग लिएका थिए ।[२९४]

यस श्री रूद्रध्वज गण गुल्मको रूपमा रहँदा गुल्मपतिको कार्यभार सेनानीहरू उद्धवबहादुर के.सी., प्रदिप कुमार कार्की, कृष्णभक्त माटाङगुलु, विकास विक्रम शाह, विनोदजंग राणा, राधाकृष्ण था.म., उज्वल नरसिंह राणा, रामकृष्ण

२९२ अधिकारी, पादटिप्पणी संख्या ९८, पृ. १६३ ।
२९३ श्री रूद्रध्वज गणका गणपति प्रमुख सेनानी सुदर्शन सिलवालले वि.सं. २०६४ मंसिर ५ मा तयार गरेको "श्री रूद्रध्वज गणको इतिहास", पृ. १ ।
२९४ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. २७९, खत्री, पादटिप्पणी संख्या ९७, पृ. ७१ र प्रदीप कुमार कार्की, "श्री रूद्रध्वज गुल्मको चिनारी", *सिपाही,* वर्ष १९, वि.सं. २०४३, पृ. १३५ ।

अधिकारी, अशोक कुमार थापा, सुरेश शर्मा, शैलेन्द्र शम्शेर थापा, योगराज शर्मा, वमबहादुर मल्ल र लोकबहादुर ढकालले सम्हाल्नु भएको थियो । यस गणको प्रथम गणपति प्रमुख सेनानी विनोदजंग राणा हुनुहुन्थ्यो । हाल यस गणका गणपति प्रमुख सेनानी सुदर्शन सिलवाल हुनुहुन्छ ।

श्री कालीध्वज गण

राजा सुरेन्द्र विक्रमको पालामा सन् १८५३ सेप्टेम्वर (वि.सं. १९१० भाद्र २९) मा यो गण श्री कालीध्वज कम्पनीको नामवाट खडा भएको हो । यस गणको आदर्श वाक्य "राष्ट्र प्राण भन्दा प्यारो छ" भन्ने रहेको छ ।

यसको स्थापना रामेछाप जिल्लामा भएको थियो । तत्कालीन समयमा विभिन्न पल्टन खारेजी हुने र फेरि पुनर्गठन हुने क्रममा यो पनि सन् १९२१ (वि.सं. १९७८) मा खारेजीमा परेको थियो । पछि पुनर्गठनको सिलसिलामा नं. ३ हिमाली राइफल कम्पनीको नाममा सन् १९५२ सेप्टेम्वर १६ (वि.सं. २००९ आश्विन १) मा पुनः स्थापित भई सिंहदरवार काठमाडौंमा तैनाथ भयो । सन् १९६९ सेप्टेम्वर १४ (वि.सं. २०२६ भाद्र २९) मा यो श्री कालीध्वज गुल्मको नाममा पुनर्स्थापित भयो । तत्पश्चात् सन् २००४ जुलाई २३ (वि.सं. २०६१ श्रावण ८) मा यो गुल्मवाट श्री कालीध्वज गणमा परिणत भयो ।[२९५] रामेछाप, काठमाडौं, पाँचथर, खोटाङ, सिराहा, पुनः पाँचथर हुँदै यो गण हाल भोजपुरमा तैनाथरत छ ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले सक्रिय रूपले भाग लिएको थियो ।

यो गण सन् १९८८ (वि.सं. २०४५ भाद्र) मा पाँचथर जिल्लाको फिदिममा आएको भूकम्पको उद्धार कार्यमा खटिएको थियो भने सन् १९८८ (वि.सं. २०४५) मा सिराहा जिल्लामा वाढी पिडितको सहयोग र उद्धार कार्यमा संलग्न रहेको थियो । त्यस्तै गरेर सन् २००३ (वि.सं. २०६०) मा फिदिम वजारमा र सन् २००५ (वि.सं. २०६२) मा भोजपुर पेयापानीमा भएको आगलागी नियन्त्रण एवम् सहयोग र उद्धार

२९५ श्री कालीध्वज गणका गणपति प्रमुख सेनानी सुशिल कुमार भण्डारीले वि.सं. २०६४ माघ २२ मा तयार गरेको "श्री कालीध्वज गणको इतिहास", पृ. १ ।

कार्यमा यो संलग्न रहेको थियो । सन् १९९९ (वि.सं. २०५६) मा खोटाङ जिल्लाको विद्युतीकरणलाई यसले सहायोग पुऱ्याएको थियो । त्यस्तै गरेर सन् २००२ (वि.सं. २०५९) मा सिरहामा तैनाथरत हुँदा यसले त्यहाँ १० शैयाको जयकाली सर्प दंश अस्पताल निर्माण एवम् सञ्चालन गरी हजारौं जनताको सेवामा संलग्न भई स्थानीय व्यक्तिको ज्यान जोगाउन मद्दत गरेको थियो । भोजपुर जिल्लामा शिक्षा, स्वास्थ्य र विकास निर्माणको कार्यमा यसले सहयोग पुऱ्याएको थियो ।[२९६]

यस श्री कालीध्वज गण गुल्म छँदा यसको गुल्मपतिको कार्यभार सेनानीहरू फत्तेविक्रम राणा, अगम शम्शेर राणा, सह सेनानीहरू जगतबहादुर राणा, ज्योती शम्शेर राणा, सेनानीहरू कृष्णबहादुर पाण्डे, महेन्द्र विक्रम राणा, कुवेर शम्शेर राणा, रत्नबहादुर न.को., चन्द्रबहादुर राई, रत्नबहादुर न.को., कृष्णप्रसाद उपाध्याय, कुण्डल विक्रम राणा, मेघेन्द्रबहादुर महत, सिंहराज उपाध्याय, तेज प्रताप कार्की, प्रताप मल्ल, मदनबहादुर खड्का, डोरबहादुर थापा, रूकमाङ्गद कटवाल, प्रदिप प्रताप बम मल्ल, दिलिप कार्की, भोला विक्रम हमाल, धिरेन्द्रबहादुर बस्न्यात, किशोरजंग थापा, श्यामबहादुर थापा, सुदिप कुमार शर्मा, हेमकर शम्शेर ज.ब.रा., सुरेन्द्रसिंह थापा, मदनबहादुर खत्री, भगवानसिंह वुडाल, सुरेश राज थापा, शुदर्शन कुमार सिंह बोगटी, नारायणबहादुर रायमाझी र हर्कबहादुर शाहीले सम्हाल्नु भएको थियो । यस गणको गणपति प्रमुख सेनानीहरू संजयसिंह भण्डारी, नविन बस्न्यात र सुशील कुमार भण्डारीले हुनुहुन्थ्यो । हाल यस गणका गणपति प्रमुख सेनानी नारायणबहादुर रायमाझी हुनुहुन्छ ।

श्री बिष्णुदल गण

राजा सुरेन्द्र बिक्रम शाहको पालामा सन् १८५४ मे (वि.सं. १९११ जेष्ठ ३०) मा यो गण श्री बिष्णुदल कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "विजय नै वीरता हो" भन्ने रहेको छ ।

सन् १९६४ (वि.सं. २०२१) देखि यो मिलिसियाबाट नेपाली सेनाको अङ्ग भई श्री बिष्णुदल गुल्मको नामले कार्यरत थियो । तत्पश्चात् सन् २००५ अगष्ट ३ (वि.सं. २०६२ श्रावण १९) मा यो श्री बिष्णुदल गुल्मबाट श्री बिष्णुदल गणमा

२९६ *ऐजन*, पृ.२ ।

परिणत भयो ।[२९७] ओखलढुङ्गा, भक्तपुर, महोत्तरी, मकवानपुर सिन्धुपलाञ्चोक, पर्सा, पुनः महोत्तरी, भोजपुर हुँदै हाल यो गण सुनसरी जिल्लामा तैनाथरत छ ।

सन् १९७४ (वि.सं. २०३१) मा ओखलढुङ्गामा भएको सैनिक कारवाहीमा यो गण (तत्कालीन गुल्म) ले प्रमुख भूमिका निभाएको थियो ।

श्री विष्णुदल गण गुल्म छँदा गुल्मपतिको कार्यभार सह-सेनानी मानबहादुर राई, उप-सेनानी हेमवहादुर शाही, सह-सेनानीहरू बाल कुमार खत्री, दुर्गाबहादुर खत्री, इन्द्रबहादुर सिजापति, सेनानीहरू जिवन देवान, नरबहादुर गुरुङ, डिल्लीविक्रम राणा, पूर्णप्रसाद पन्त, विष्णुबहादुर गुरुङ, भरतमान रन्जितकार, यज्ञबहादुर रजौरे, हेमेन्द्रध्वज खड्का, मोहनबहादुर खत्री, रामकृष्ण अधिकारी, लिलाबहादुर कार्की, हंश शम्शेर ज.ब.रा., अक्कलबहादुर चन्द, महेन्द्रबहादुर रायमाझी, जिवन कुमार गौतम, श्यामबहादुर थापा, जंगबहादुर गुरुङ, गोकुल भण्डारी, सञ्चय थापा, हरि बहादुर बस्न्यात र कृष्णराज आचार्यले सम्हाली सक्नुभएको छ । यस गणको प्रथम गणपति प्रमुख सेनानी सानु तामाङ हुनुहन्थ्यो । हाल यस गणको दोस्रो गणपतिको रुपमा प्रमुख सेनानी पारस बस्न्यात कार्यरत हुनुहुन्छ ।

श्री गोरखनाथ गण

श्री गोरखनाथ गण राजा सुरेन्द्र विक्रमको पालामा सन् १८५४ (वि.सं. १९११) मा श्री गोरखनाथ पल्टन भन्ने नामबाट स्थापना भएको हो । यस गणको आदर्श वाक्य "सत्यको शक्तिले सेवा गरौं भक्तिले" भन्ने रहेको छ ।

सन् १९५२ को पुनर्गठनमा यो खारेजीमा पर्‍यो । सन् १९८४ (वि.सं. २०४१) मा श्री गोरखनाथ गुल्मको नामले पुनस्थापना भई शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्षका सुरक्षार्थ शिवपुरीमा तैनाथ भएको थियो । तत्पश्चात् सन् १९८४ नोभेम्बर १६ (वि.सं. २०४१ मंसीर १) मा यो गुल्मबाट गणमा परिणत भयो ।[२९८] ललितपुर, चितवन, झापा, हेटौंडा, काठमाडौं हुँदै हाल यो गण अल्ले, काठमाडौंमा तैनाथरत छ ।

२९७ श्री विष्णुदल गणवाट वि.सं. २०६४ फाल्गुण १० मा मेसेज नं. १२२७-१०१३२७ वाट प्रेसित "श्री विष्णुदलको इतिहास"।

२९८ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ९०, भरतवहादुर रायमाझी, "श्री गोरखनाथ गणको इतिहास", *सिपाही*, वर्ष २४, वि.सं. २०४८, पृ. ३०, राणा, पादटिप्पणी नं. १७९, पृ. २०३ र फ्रान्सिस टुकर, गोरखा : *दी स्टोरी अफ दी गुर्खाज अफ नेपाल*, लण्डन : कन्स्टेवल एण्ड कम्पनी लिमिटेड, सन् १९५७, पृ. १५६ ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा यसले भाग लिएको थियो । सन् १८५७-१८५८ को भारतमा भएको सिपाही विद्रोह दमन गर्ने कार्यमा संलग्न भई तत्कालीन बृटिश भारत सरकारलाई सघाएको थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतवीच मनोमालिन्य बढेर युद्ध हुन लागेको वखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजन फौजमध्ये पहिलो डिभिजनमा खटिएको थियो ।[२९९] सन् १९४८ मा भारतको हैदरावाद एक्सनको समय भारतको सहायताको लागि नेपालबाट गएका पल्टनहरूमध्ये यो पनि एक थियो ।

सन् १९४८ देखि १९५२ (वि.सं. २००५ देखि २००९) सम्म यसले ललितपुर जिल्लामा तत्कालीन पाटन बृगेडअन्तर्गत रहँदा ढुङ्गा झिक्ने र कुद्ने काम पनि गर्थ्यो ।[३००]

संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति सेनाको रूपमा यस गणले सन् १९९० (वि.सं. २०४७) र सन् १९९७ (वि.सं. २०५४) मा लेवनानमा र सन् १९९४ (वि.सं. २०५१) मा सोमालिया र सन् २००५ (वि.सं. २०६२) मा बुरूण्डीमा खटिई गएको थियो ।

यस श्री गोरखनाथ गण गुल्मको रूपमा रहँदा गुल्मपतिको कार्यभार सेनानीहरू नेपाल भूषण चन्द, विकास विक्रम राणा, पुर्ण प्रसाद पन्त, कर्णवहादुर थापा र बाबुराम खड्काले सम्हाल्नु भएको थियो । यस गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू भरतबहादुर रायमाझी, बज्र गुरूङ, श्यामबहादुर था.म., महेश विक्रम कार्की, नविन कुमार श्रेष्ठ, अजितसिंह ठकुरी, रामकृष्ण अधिकारी, ज्योतिन्द्रबहादुर खत्री र गोविन्दबहादुर बस्नेतले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी राजीव शाह हुनुहुन्छ ।

श्री कालीबहादुर गण

राजा सुरेन्द्रको पालामा सन् १८५५ डिसेम्बर (वि.सं. १९१२ मंसिर १६) मा यो गण श्री कालीबहादुर पल्टनको नाममा खडा भएको हो । यो गणको आदर्श वाक्य "राख्छौं देश नरेशको शान दिई रगतको बलिदान" रहेको छ ।

२९९ मानन्धर, पादटिप्पणी संख्या ८४, पृ. ३२ ।

३०० श्री गोरखनाथ गणका सह-सेनानी प्रकाश कुमार कुंवरले वि.सं. २०६४ श्रावण ५ मा तयार गरेको "श्री गोरखनाथ गणको सङ्क्षिप्त इतिहास", पृ. १-३ ।

सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा श्री कालीबक्स गणमा सम्मिलित गुरूङ जातिले देखाएको वीरताको कदर स्वरूप राजा सुरेन्द्रले लेटर कम्पनी भन्ने पल्टन खारेजी गरी कालीबक्सको संख्या मिसाई उक्त लेटर कम्पनीको नाम, निशान र खड्ग समेत दिएर श्री कालीबहादुर गणको नामाकरण गरी गठन गरिएको थियो ।[३०१] स्थापना भएदेखि फष्ट रैफलसँगै यो पल्टन पनि राणा प्रधानमन्त्रीको अंगरक्षकको रूपमा रहेको थियो । सन् १९५१ (वि.सं. २००७) मा यो राजदरबारको सुरक्षाको लागि खटियो । प्रथम विश्वयुद्धमा यस गणलाई लेफ्टिनेन्ट कर्णेल चित्रबहादुर गुरूङले कमाण्ड गरेका थिए । त्यसबेलामा पनि यस पल्टनको जातिय आँकडा गुरूङहरूको बढि थियो । राई, लिम्बु, मगरको जातिय पल्टन खडा भइसकेको अवस्थामा गुरूङको पनि जातिय पल्टन बनाउन ले.क. चित्रबहादुर गुरूङले तत्कालीन श्री ३ महाराजलाई बक्साएर कालीबहादुर गणमा गुरूङ मात्र भर्ना गर्ने परम्परा बसालेका थिए ।[३०२] सन् १९७२ (वि.सं. २०२९) मा श्री कालीबहादुर गण र श्री गोरखबहादुर गणमध्ये एक गण राजदरबारमा पहिले तीन-तीन बर्ष र पछि चार-चार बर्ष तैनाथ रहने नियमानुसार यो गण र गोरखबहादुर गण क्रमैले राजदरबारमा तैनाथरत रहेको थियो । नेपाली सेनामा अन्य गण सरह तालिमको लागि बाहिर रहने नीतिअनुरूप यो गण मोरङ, मकवानपुर, झापा, सुनसरी, हुँदै हाल पुनः मकवानपुरमा तैनाथ छ ।

सन् १८५७-१८५८ को भारतीय विद्रोहमा नेपालबाट अङ्ग्रेजहरूको सहायताको लागि गएको सेनामा यो पनि सम्मिलित भई विद्रोह दबाउने कार्यमा भाग लिएको थियो । सन् १८८३ (वि.सं. १९४०) मा नेपाल-तिब्बतबीच सम्भाव्य युद्धका बखत यो तिब्बतमाथि आक्रमण गर्न तैनाथ दुई डिभिजनमध्ये दोस्रो डिभिजनमा सरिक गरिएको थियो । सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा यो भारतको देहरादुनमा तैनाथ रहेको थियो ।[३०३] सन् १९१७ मा उत्तर पश्चिम सिमान्त प्रान्तअन्तर्गत बजिरीस्तानमा मसुद जातिहरूको बिरूद्धमा भएको सैनिक अभियानलाई सफल गर्नमा यसले महत्वपूर्ण भूमिका खेलेको थियो ।

३०१ श्री कालीबहादुर गणका गणपति प्रमुख सेनानी माधव थापाले वि.सं. २०६४ माघ ९ मा तयार गरेको "श्री कालीबहादुर गणको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ. १ र जगमान गुरूङ, *नेपालको एकीकरणमा गुरूङहरूको भूमिका*, पोखरा : श्री बौद्ध अर्घौं सदन, वि.सं. २०४१, पृ. २१ ।

३०२ वस्न्यात, पादटिप्पणी संख्या १०, पृ. १५२ ।

३०३ "पहिलो विश्वयुद्धमा नेपालबाट १० पल्टन गयाको र त्यसमा ३ वृगेड बाँडिएको", वि.सं. १९७१; सन् १९१४, *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. १९८ ।

सन् १९३९-१९४५ को द्वितीय विश्वयुद्धमा यसले आसाम-बर्माको युद्धमा बहादुरीका साथ भाग लिएको थियो । लडाइँको क्रममा यो एक हप्ता जति शत्रु जापानीहरूको घेरामा पनि परेको थियो तर पछि सो घेराबाट पछाडि हटेर अर्को मजबुद डिफेन्स पोजिसन बनाई बडो कुशलतापूर्वक मणिपुर आइपुगेको थियो ।[३०४] आसाम-बर्माको युद्धमा बहादुरी देखाएबापत यसका दुईजना जवानहरू चुत्रबहादुर थापा र होमबहादुर गुरूङले बृटिश सरकारबाट एम.सि. (मिलीटरी क्रस) बाट विभूषित गरिएका थिए ।[३०५] सन् १९४८ को भारतको हैदरावाद समस्या समाधान गर्न भारत सरकारको अनुरोधमा नेपालबाट गएको सेनामा यो पनि थियो ।[३०६]

संयुक्त राष्ट्रसंघीय शान्ति सेनाको रूपमा यो गण सन् १९८१ (वि.सं. २०३८), सन् १९९० (वि.सं. २०४६) र सन् १९९७ (वि.सं. २०५४) मा लेबनानमा र सन् २००५ (वि.सं. २०६२) मा हाइटीमा खटिएर गएको थियो ।

यो गणको विशेषता यो छ कि यस गणमा केवल गुरूङ जातिका युवकहरूलाई मात्र भर्ना लिइने सुरूदेखिको परम्परा अद्यापि कायमै छ ।

यस श्री कालीबहादुर गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू हस्तवीर गुरूङ, नयनसिंह गुरूङ, डिल्ली शम्सेर थापा, डम्बर शम्सेर ज.व.रा., चित्रबहादुर गुरूङ, सर्वध्वज गुरूङ, खड्गबहादुर घले, निर शम्शेर ज.ब.रा., बलबहादुर गुरूङ, बलदेव शम्शेर ज.ब.रा., गिरीराज घले, विज्ञान शम्शेर ज.व.रा., पर्तबहादुर गुरूङ, धनबहादुर गुरूङ, दयाबहादुर खाँण, जुठे गुरूङ, जुद्धबहादुर थापा, शेर विक्रम राणा, अम्बिका प्रसाद शर्मा, बोधेन्द्रबहादुर रायमाझी, नर बहादुर बुढाथोकी, भुवनजंग शाह, शंकर विक्रम शाह, कुलबहादुर खड्का, नरेश विक्रम सिजापति, छविलाल खड्का, हेमन्तध्वज खड्का, रमीन्द्र क्षत्री, सुरेन्द्रबहादुर कार्की, दिपक कार्की, भिमध्वज खड्का र सुरेश कुमार बानियाले सम्हालिसक्नु भएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी माधव थापा हुनुहुन्छ ।

३०४ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ९४, खत्री, पादटिप्पणी संख्या ९७, पृ. ३९, प्रद्युन्न कट्टेल, "श्री कालीवहादुर गण (सङ्क्षिप्त परिचय)", *सिपाही*, वर्ष ११, वि.सं. २०३५, पृ. ४३ र इश्वरी प्रसाद, पादटिप्पणी संख्या २५०, पृ. ३०१ र ३०७ ।

३०५ श्री कालीबहादुर गणका गणपति प्रमुख सेनानी माधव थापाले वि.सं. २०६४ माघ ९ मा तयार गरेको "श्री कालीवहादुर गणको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ. ३ र कट्टेल, पादटिप्पणी संख्या ३०४, पृ. ४३ ।

३०६ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ९४ र "दोश्रो विश्वयुद्धमा श्री जि.ओ.सि. र भारत काश्मिर हैदरावादमा खटिजाने जि.ओ.सि. हरूले श्री प.क.ज. लाई लेखिएको चिठ्ठीपत्रहरूको नक्कल फायल", वि.सं. २००१, २००५; सन् १९४४, १९४८; *जंगी अड्डा*, अभिलेख शाखा, भाग २, सि.नं. ९२ ।

श्री गरूडदल गण

राजा सुरेन्द्र विक्रमको पालामा सन् १८७९ सेप्टेम्बर (वि.सं. १९३६ आश्विन ६) मा यो गण श्री गरूडदल कम्पनीको नामबाट स्थापना भएको हो ।[३०७] यस गणको आदर्श वाक्य "देश नरेशको निमित्त देह त्याग्नु नै धर्म हो" भन्ने रहेको छ ।

भोजपुरमा स्थापना गरिएको यो गण तत्कालीन समयमा पूर्व ३ नं. खोटाङ, पूर्व ४ नं. भोजपुरको दिङला र भोजपुरको सदरमुकाम गरी ३ ठाउँ बाँडेर बसेको थियो । सन् १९६३ (वि.सं. २०२० वैशाख) मा पुनर्गठन भई अधिकृत १, अन्य दर्जा १२७ गरी जम्मा १२८ को संख्यामा यो मिलिसिया कम्पनीको रूपमा परिणत भयो । सन् १९७२ (वि.सं. २०२८) मा गरूडदल मिलिसिया कम्पनीलाई श्री गरूडदल गुल्म नामाकरण गरियो । सन् २००५ (वि.सं. २०६२) मा यो गणमा परिणत भयो । यो भोजपुर, सप्तरी, ताप्लेजुङ, पर्सा, धादिङ, रसुवा, गोरखा हुँदै हाल लमजुङमा तैनाथरत छ ।[३०८]

श्री गरूडदल गण गुल्मको रूपमा रहँदा यसको गुल्मपतिको कार्यभार उप सेनानीहरू शेरबहादुर खत्री, प्रभुजंग गुरूङ, इन्द्रबहादुर सिजापति, ज्ञानबहादुर खत्री, सेनानीहरू भगिरथ विक्रम राणा, मानबहादुर कार्की, ढलकबहादुर हमाल, भुपेन्द्रबहादुर थापा, दमन नरसिंह राणा, देवबहादुर घले, जगबहादुर गुरूङ, प्रदिप शम्शेर ज.ब.रा., यमबहादुर थापा, निरञ्जन विक्रम राणा, रामकृष्ण अधिकारी, निरञ्जन विक्रम राणा, निलबहादुर रावल, केशवबहादुर खत्री, अशोक नरसिंह राणा, यज्ञ विक्रम राणा, पदम सिंह खत्री, मधुकर धामी, हिमांशु खड्का, शम्भुराज ढुंगाना र प्रकाश देउजाले सम्हाल्नु भएको थियो । यस गणको प्रथम गणपति प्रमुख सेनानी प्रकाश पोखरेल हुनुहुन्थ्यो । हाल यस गणको दोस्रो गणपतिको रूपमा प्रमुख सेनानी विनोद कुमार अधिकारी हुनुहुन्छ ।

३०७ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. २२० ।

३०८ श्री गरूडदल गणका गणपति प्रमुख सेनानी विनोद कुमार अधिकारीले वि.सं. २०६४ मंसिर २३ मा तयार गरेको "श्री गरूडदल गणको इतिहास", पृ. १ ।

श्री गोरखदल गण

राजा सुरेन्द्रको पालामा सन् १८८० जनवरी (वि.सं. १९३६ पौष २२) मा श्री गोरखदल गण श्री गोरखदल कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "वीर नै अमर हुन्छ" भन्ने रहेको छ ।

सन् १९५२ (वि.सं. २००९) को तत्कालीन नेपाली सेनाको पुर्नगठनपछि यो खारेजीमा परेको थियो । तत्पश्चात् सन् १९८० मे २५ (वि.सं. २०३७ जेष्ठ १२) मा यो अनाश्रित गुल्मका रूपमा खडा भई श्री गोरखदल गुल्मको नामबाट कार्यरत रही आएको थियो । सन् २००६ मे २६ (वि.सं. २०६३ जेष्ठ १२) मा यो गुल्मबाट श्री गोरखदल गणमा परिणत भयो ।[३०९] बाजुरा, कञ्चनपुर हुँदै यो गण हाल अर्घाखाँचीमा तैनाथरत छ ।

श्री गोरखदल गण गुल्मको रूपमा रहँदा यस गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू विजय चन्द्र राई, शारदाजंग सिजापति, छविलाल खड्का, धनबहादुर बस्नेत, कल्याण कुमार रायमाभ्की, थिरबहादुर खत्री, कमल महत, राधाकृष्ण था.म., किरणबहादुर थापा, गोकुल प्रसाद दुरा, कृष्णबहादुर अधिकारी, रमेशराज महत, निर्मल कुमार थापा, केदार कुमार भुजेल, बलराम श्रेष्ठ, याम प्रसाद ढकाल, हेमराज के.सी. र रामचन्द्र के.सी. ले सम्हाल्नु भएको थियो । हाल यस गणका प्रथम गणपतिको रूपमा प्रमुख सेनानी कमल थापा कार्यरत हुनुहुन्छ ।

श्री खड्गदल गण

राजा सुरेन्द्र विक्रम शाहको पालामा सन् १८८० जुन (वि.सं. १९३७ जेष्ठ ३०) मा यो गण श्री खड्गदल कम्पनीको नामबाट खडा भएको हो । यस गणको आदर्श वाक्य "हौं वीर पराक्रमी" भन्ने रहेको छ ।

सन् १९५२ को पुनर्गठनपछि सन् १९६७ जनवरी ३० (वि.सं. २०२३ माघ १७) मा यसको श्री खड्गदल गुल्म नामाकरण भयो । सन् २००६ अगष्ट ४ (वि.सं. २०६२ श्रावण १९) मा आएर यो श्री खड्गदल गुल्मबाट श्री खड्गदल गणमा

३०९ श्री गोरखदल गणका गणपति प्रमुख सेनानी कमल थापाले वि.सं. २०६४ चैत्र ११ मा तयार गरेको "श्री गोरखदल गणको इतिहास" ।

परिणत भयो ।[३१०] तनहुँ, डडेलधुरा, सल्यान, दाङ, प्युठान, जुम्ला, सुर्खेत, बर्दिया, जोमसोम, गोरखा, रसुवा, नेपालगञ्ज, बाग्लुङ, म्याग्दी हुँदै यो गण हाल नेपालगञ्जमा तैनाथरत छ ।

श्री खड्गदल गण गुल्म रहँदा यसको कमाण्ड गुल्मपतिको रूपमा उप सेनानीहरू भिमबहादुर थापामगर, कमलबहादुर विष्ट, सह-सेनानीहरू दिगम्वर शम्शेर ज.ब.रा., दिलबहादुर खत्री, बाल कुमार खत्री, बाबुराम खड्का, सेनानीहरू मिनबहादुर शाह, कृष्णबहादुर खड्का, अम्मरबहादुर बस्नेत, प्यारजंग थापा, मदनजंग सिजापति, महेन्द्रभक्त विष्ट, दिवश नरसिंह रायमाझी, रोहित देउजा, भरत मल्ल, सुदर्शनबहादुर खड्का, यादवध्वज देउजा, धुव्र कुमार शाह, रमेश चन्द्र न्यौपाने, प्रेमध्वज अधिकारी र अनिलसिंह विष्टले गरिसक्नु भएको छ। यस गणका प्रथम गणपति प्रमुख सेनानी हिमालय विक्रम खत्री हुनुहुन्थ्यो । हाल यस गणको दोस्रो गणपति प्रमुख सेनानी अनिल कुमार घाण्डे गुरूङ हुनुहुन्छ ।

श्री चण्डी प्रसाद गण

श्री चण्डी प्रसाद गण राजा सुरेन्द्र विक्रमको पालामा सन् १८८० सेप्टेम्बर (वि.सं. १९३७ आश्विन १) मा श्री चण्डी प्रसाद कम्पनीको नामबाट स्थापना भएको हो । स्याङजा जिल्लामा रहेको चण्डी भगवतीको नामबाट यसको नामाकरण गरिएको हो ।[३११] यस गणको आर्दश वाक्य "पवित्र सेवा नै सफलताको मार्ग हो" भन्ने रहेको छ ।

यो स्याङजा जिल्लामा मिलिसियाको रूपमा तैनाथ थियो । मिलिसियाको रूपमा रहँदा यो स्थानीय प्रशासक बडा हाकिमको मातहतमा रहन्थ्यो । सन् १९५२ मा प्रथम पटक पुनर्गठन भई बडा हाकिमका मातहतबाट हटी नेपाली सेनाअन्तर्गत गुल्मको रूपमा रहेको थियो । सन् १९६३ (वि.सं. २०२०) मा दोस्रो पटक पुनर्गठन भई १२८ को संख्यामा परिणत भयो । सन् १९६८ (वि.सं. २०२५) मा यो हिमाल गुल्म भई सन् १९७३ (वि.सं. २०३०) देखि श्री चण्डी प्रसाद गुल्मको नामबाट कार्यरत रह्यो । यो सन् २००५ मार्च २२ (वि.सं. २०६१ चैत्र ९) मा श्री चण्डी प्रसाद गणमा परिणत भयो । स्याङजा, नुवाकोट, वाग्लुङ, पाल्पा, नवलपरासी, गुल्मी, कपिलवस्तु, मुगु हुँदै हाल यो गण प्युठानमा तैनाथ रहेको छ ।

यसले सन् १९७४ मा धौलागिरी अञ्चलको मुस्ताङमा भएको तिब्बती खम्पाहरूलाई निशस्त्रीकरण गर्ने कार्यमा खटि सो कार्य पूरा गरेको थियो ।

सन् १९३४ (वि.सं. १९९०) को भूकम्पमा यसले भुकम्प पीडितको उद्धारमा ठूलो सहयोग पुऱ्याउनुका साथै गोश्वाराको चिठ्ठी आदान प्रदानमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । सन् १९५९ (वि.सं. २०१६) र सन् १९९४ (वि.सं. २०५१) मा यसले देवीदत्त पल्टनसँग मिली नेपाल-चीन सिमाना निरीक्षण कार्यमा भाग लिएको थियो ।[३१२]

यस श्री चण्डी प्रसाद गण गुल्म छँदा यसको गुल्मपतिको कार्यभार उप सेनानीहरू उदयबहादुर खड्का, दलबहादुर शाह, कर्णबहादुर रायमाझी, एकनाथ शर्मा, सह-सेनानीहरू हर्कजंग कार्की, कोमलबहादुर विष्ट, केदारबहादुर कार्की, सेनानीहरू तुलसीबहादुर अधिकारी, बसन्तबहादुर गुरुङ, कृष्ण विक्रम पाण्डे, इन्द्रबहादुर कुंवर, बाबुराम खड्का, धनबहादुर मल्ल, जितेन्द्रजंग थापा, रणध्वज लिम्बु, महेन्द्रबहादुर रायमाझी, खड्गबहादुर राई, कृष्णबहादुर विष्ट, हेमन्तराज कुंवर, रोशनबहादुर राउत, प्रकाशकुमार के.सी., केर्मेन्द्र विक्रम लिम्बु, सुरेन्द्र जि.सी., सूर्यबहादुर था.म., प्रदिपजंग के.सी. र आशबहादुर तामाङले सम्हाल्नु भएको थियो । यस गणको प्रथम र दोस्रो गणपति क्रमशः प्रमुख सेनानीहरू सुरेन्द्र जि.सि. र प्रचण्ड चन्द हुनुहुन्थ्यो । हाल यस गणको तेस्रो गणपतिको रुपमा प्रमुख सेनानी टेकबहादुर चन्द हुनुहुन्छ ।

श्री भैरव प्रसाद गण

राजा सुरेन्द्रको पालामा सन् १८८१ जनवरी (वि.सं. १९३७ पौष २७) मा यस श्री भैरव प्रसाद गण श्री भैरव प्रसाद कम्पनीको नामले मिलिसियाको रूपमा हालको गोरखा जिल्लाको पोखरीथोक भन्ने स्थानमा स्थापना भएको थियो । यस गणको आदर्श वाक्य "सेवामा अटल रही राख भैरवको शान" रहेको छ ।

३१० श्री खड्गदल गणका सह-सेनानी प्रतिकसिंह राठौरले वि.सं. २०६४ फाल्गुण ५ मा तयार गरेको "श्री खड्गदल गणको इतिहास", पृ. १ ।

३११ श्री चण्डी प्रसाद गणका गणपति प्रमुख सेनानी प्रचण्ड चन्दले वि.सं. २०६४ श्रावण १५ मा फ्याक्स नं. ००९७७८६२००४७ बाट प्रेसित "श्री चण्डी प्रसाद गणको इतिहास", पृ. १ ।

३१२ *ऐजन*, पृ. २ ।

स्थापनाकालमा यसलाई होम गार्डको रूपमा कार्य गर्ने जिम्मेवारी तोकिएको थियो । त्यसको केही समयपछि पाले कम्पनीमा परिणत गरी यसलाई सोही कार्य गर्न खटाइएको थियो । गोरखामा नै कार्यरत रहँदा सन् १९६४ जनवरी १५ (वि.सं. २०२० माघ १) मा यो मिलिसियाबाट श्री भैरव प्रसाद गुल्ममा परिणत भएको थियो । तत्पश्चात् सन् २००५ जुलाई ७ (वि.सं. २०६२ आषाढ २३) मा यो गुल्मबाट श्री भैरव प्रसाद गणमा परिणत भयो । यो गोरखा जिल्लामा १०१ वर्षसम्म तैनाथ रहेको थियो । तत्पश्चात् यो वाग्लुङ, गुल्मी, पाल्पा, मुस्ताङ, पुनः बाग्लुङ, डोल्पा, कपिलवस्तु हुँदै हाल यो गण गुल्मी जिल्लाको तम्घासमा तैनाथरत छ ।

यसले आफू तैनाथरत हुँदा गुल्मी जिल्लामा पहिरोमा परेका व्यक्तिहरूलाई उद्धार गरेको र उपल्लो तम्घासमा आगलागी हुँदा आवश्यक उद्धार कार्य, पाल्पा जिल्लाको श्रीनगर तथा कालडाँडामा भएको आगलागी नियन्त्रण गरेको, बाग्लुङ जिल्लाको काठे खोलामा आएको पहिरोमा परेका घरहरू तथा मानिसहरूको उद्धार लगायतका कार्यहरू समेत गरेको थियो ।[३१३]

यो गण गुल्मको रूपमा रहँदा यसको गुल्मपतिको कार्यभार उप-सेनानीहरू नरबहादुर खड्का, हस्तबहादुर सिंह, सह-सेनानी मानबहादुर राई, सेनानीहरू मोहनबहादुर बस्न्यात, बाल कुमार खत्री, जगतबहादुर कार्की, ज्योती शम्शेर ज.ब.रा., कृष्ण विक्रम शाह, यादबबहादुर रायमाझी, पूर्ण पन्त, तिलकबहादुर बुढाथोकी, इन्द्रबहादुर पुन, मधुसुधन कार्की, सह-सेनानी राजकुमार था.म., सेनानीहरू दिलिप स्वाँर, बबी खत्री, भरतबहादुर खड्का, दिपकसिंह बस्न्यात, रामबहादुर कार्की, दिपक कुमार अधिकारी, भरत प्रसाद पाठक, राजु प्रसाद पाण्डे, आनन्दसिंह भाट र दिपक कार्कीले सम्हाल्नु भएको थियो । यस गणको प्रथम र दोस्रो गणपति क्रमशः प्रमुख सेनानीहरू भरतबहादुर खड्का र राजु प्रसाद पाण्डे हुनुहुन्थ्यो । हाल यस गणका तेस्रो गणपतिको रूपमा प्रमुख सेनानी उपेन्द्रजंग कुंवर कार्यरत हुनुहुन्छ ।

---

३१३ श्री भैरव प्रसाद गणका गणपति प्रमुख सेनानी राजु प्रसाद पाण्डेले वि.सं. २०६४ चैत्र ५ मा तयार गरेको "श्री भैरव प्रसाद गणको इतिहास", परिशिष्ट "क", पृ. १-२, शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. २३२ र लेखक अनुल्लिखित, "श्री भैरव प्रसाद गुल्म", *सिपाही,* वर्ष ५, वि.सं. २०२९, पृ. ६५-६६ ।

श्री पशुपतिप्रसाद गण

राजा त्रिभुवनको पालामा सन् १९१४ अप्रिल ११ (वि.सं. १९७० चैत्र २९) मा यो गण श्री पशुपतिप्रसाद पल्टनको नामले खडा भएको हो । यस गणको आदर्श वाक्य "वीरता धर्म कर्म हो" रहेको छ ।

सन् १८४९ (वि.सं. १९०६) मा जगदलको नाममा खडा भएको यो गण पछि सन् १९१४ (वि.सं. १९७०) मा छुट्टिई पशुपतिप्रसाद पल्टनको नाममा खडा भएको हो ।[३१४] सन् १९५२ को पुनर्गठनमा यो पल्टन खारेजीमा पर्‍यो । सन् १९६२ (वि.सं. २०१९) मा खडा भएको नं. २ होम गार्डको श्री पशुपति प्रसाद गण नामाकरण भई सन् १९६७ मार्च १७ (वि.सं. २०२३ चैत्र ४) मा पुनर्स्थापना गरियो । राजविराज, चितवन, मकवानपुर, सिंहदरवार काठमाडौं, भैरहवा, वुटवल, हनुमानढोका, काठमाडौं, धनगढी, पुनः सिंहदरवार, शिवपुरी, भरतपुर, इटहरी हुँदै हाल यो गण सिन्धुली जिल्लामा तैनाथरत छ ।

सन् १९१४-१९१८ को प्रथम विश्वयुद्धमा बृटिश सरकारको अनुरोधमा सहायतार्थ पठाएको नेपाली सेनामा यो सम्मिलित भई तत्कालीन भारतको उत्तर पश्चिम सिमान्त प्रदेशमा खटिई अवोटावादमा तैनाथ रही त्यहाँ अमनचैन कायम राख्ने कार्य गरेको थियो ।[३१५] सन् १९१९ (वि.सं. १९७६) मा भएको तेस्रो अफगान युद्धमा बृटिश सरकारको अनुरोधमा यो अफगानस्तानमा खटिएर नौसेरा भन्ने ठाउँमा लडाइँ लडेको थियो । स्वदेशमा मेशिनगनको कार्यमा संलग्न रहेको यो पल्टनवाट सन् १९३९-१९४५ को द्वितीय विश्वयुद्धमा नेपालवाट बृटिश सरकारको सहायताको लागि पठाइएका पल्टनहरूका मेशिनगन प्लाटुनको रूपमा एक/एक प्लाटुन झिकुवा गरी पठाइएको थियो ।[३१६]

---

३१४ श्री पशुपति प्रसाद गणले वि.स. २०६४ श्रावण ११ मा मेसेज नं. ३६६-१०१४३६ वाट प्रेसित "श्री पशुपतिप्रसाद गणको इतिहास", परिशिष्ट "क", पृ. १ ।

३१५ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ९८, सिंहप्रताप शाह, "श्री पशुपतिप्रसाद गणको सङ्क्षिप्त इतिहास", *सिपाही,* वि.सं. २०२६, पृ. ९, उप्रेती, पादटिप्पणी संख्या २८१, पृ. १६९-१८०, विष्ट, पादटिप्पणी संख्या १६०, पृ. १५७ र शर्मा, वैद्य र मानन्धर (सं.), पादटिप्पणी संख्या १९१, पृ. २९७-२९९, "पैलो विश्वयुद्धमा वृटिश सहायतामा खट्टि गयाका नेपाली कन्टिजेन्सको नफ्री र भत्ता पाएका, पेन्सन पाएका, मरेका घाइते भएका पक्रेका समेत लखिएको नक्कल", वि.सं. १९७१; सन् १९१४, *जंगी अड्डा,* अभिलेख शाखा, भाग २, सि.नं. १९२ र "पहिलो विश्वयुद्धमा नेपालवाट १० पल्टन गयाको र त्यसमा ३ वृगेड बाँडिएको", वि.सं. १९७१; सन् १९१४, *जंगी अड्डा,* अभिलेख शाखा, भाग २, सि.नं. १९८ ।

३१६ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ९८ ।

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति सेनाको रूपमा यस गणले सन् १९७९ (वि.सं. २०३६) र सन् १९९१ (वि.सं. २०४८) मा लेवनानमा र सन् १९९४ (वि.सं. २०५१) मा युगोस्लाभिया र सन् २००३ (वि.सं. २०६०) मा सियरालियोनमा सहभागी भई आफ्नो जिम्मेवारी पूरा गरेको थियो ।

यस श्री पशुपति प्रसाद गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू मेहर शम्शेर ज.ब.रा., खेमराज शम्शेर ज.ब.रा., रत्नबहादुर गङ्गोजु, गणेशबहादुर विष्ट, पञ्चबहादुर गुरुङ, मदनकृष्ण खरेल, उज्वल नारायण शाह, ब्रजेशबहादुर बस्नेत, भुपेन्द्रबहादुर थापा, रूकमाङ्गद कटवाल, टेकबहादुर घले, नरबहादुर कंडेल, नन्दलाल श्रेष्ठ, मोहनबहादुर थापा, विनोद कुमार श्रेष्ठ, विजय विक्रम खड्का, जगदिश चन्द्र पोखरेल, सुरेश राज थापा, अर्जुन श्रेष्ठ र पवन राज घिमिरेले सम्हाली सक्नुभएको छ । हाल यस गणको गणपतिको कार्यभार प्रमुख सेनानी भक्तबहादुर कार्की हुनुहुन्छ ।;}lgs ;+u|xfnosf x'2f s[i0f>]i7,

श्री गोरखबहादुर गण

राजा त्रिभुवन वीर विक्रमको पालामा सन् १९५२ (वि.सं. २००८ चैत्र) मा श्री गोरखबहादुर गणको स्थापना भएको हो । यस गणको आदर्श वाक्य "जय गोरख" रहेको छ ।

सन् १९५१ (वि.सं. २००७) का अन्त्यतिर नारायणहिटी राजदरबारको सुरक्षाको लागि विभिन्न पल्टनहरूबाट जवानहरू झिकाई थर्ड बटालियन भन्ने नाम दिइएको समूह कालीबहादुर पल्टनसँगै राजदरबारको सुरक्षार्थ तैनाथ रहेको थियो । पछि यसको श्री गोरखबहादुर नामाकरण भयो ।[३१७] यो खडा भएदेखि नै सन् १९७१ (वि.सं. २०२८) सम्म श्री कालीबहादुर गणसँगै राजदरबारको सुरक्षाको काममा तैनाथ भई शाही रक्षक बनेर रहेको थियो । सन् १९७२ (वि.सं. २०२९) देखि पहिले तीन/तीन वर्ष र पछि सन् १९७६ अक्टोबर २३ (वि.सं. २०३३ कार्तिक ७) देखि चार/चार वर्षको पालै पालोको क्रममा एउटाले अर्कालाई बदल्दै श्री कालीबहादुर गण र यस श्री गोरखबहादुर गणले राजदरबारमा तैनाथ रही शाही रक्षकको कार्य गर्ने गरेको थियो । यो गण नुवाकोट, पोखरा, हेटौंडा, इटहरी, नेपालगञ्ज, रोल्पा, पुन: पोखरा हुँदै हाल राजदरबारमा कार्यरत रहेको छ ।

३१७ सिंहप्रताप शाह, "श्री गोरखबहादुर गणको सङ्क्षिप्त इतिहास", *सिपाही*, वर्ष १०, वि.सं. २०३४, पृ. ८५-८६ ।

संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति सेनाको रूपमा यस गणले मध्यपूर्वमा शान्ति स्थापना गर्ने क्रममा सन् १९७७ (वि.सं. २०३४) र सन् १९८५ (वि.सं. २०४२) मा गरी दुई पटक लेवनानमा कार्यरत रहेको थियो । तत्पश्चात् संयुक्त राष्ट्रसंघकै आव्हानमा युगोस्लाभियामा शान्ति स्थापनार्थ UNPROFOR र सियरालियोनमा शान्ति स्थापनार्थ UNAMSIL अन्तर्गत नेपलीज बटालियन (नेप व्याट/NEP BATT) दोस्रो डफ्फामा सम्मिलित भई विश्व शान्ति कार्यमा यस गणले महत्वपूर्ण योगदान दिएको छ ।[३१८]

हाल यस श्री गोरखबहादुर गणका गणपति प्रमुख सेनानी संजय झा हुनुहुन्छ ।

श्री नं. १ ग्यारिजन गण

नेपाली सेनामा ग्यारिजन सेवाको लागि निश्चित तोकिएको फौजहरूको युनिट अथवा "ग्यारिजन गण" को इतिहास धेरै पुरानो छैन । सन् १९७४ (वि.सं. २०३१) भन्दा अगाडि देशका संवेदनशील तथा महत्वपूर्ण स्थान तथा कार्यालयहरूको सुरक्षार्थ नेपाली सेनाका स्थान विशेषका विभिन्न युनिट तथा सवयुनिटहरूबाट फौजहरू खटाइँदै आएको थियो । यसरी नियमित फौजहरू खटाइँदा त्यस्ता फौजहरू स्थायी नहुने, युनिटहरू समय समयमा विभिन्न स्थानहरूमा अदली बदली भइरहने हुँदा साथै नियमित फौजको मुख्य भूमिका देशको आन्तरिक तथा बाह्य सुरक्षामा खटिनु, प्राकृतिक प्रकोपमा खटिनु, देश विकास निर्माण कार्यमा परिचालित हुनु, निकुञ्ज तथा वन्यजन्तु आरक्षाको सुरक्षा गर्नु लगायत पेशागत तालिम आदि कार्यमा सधैं खटिनुपर्ने कुरालाई मध्यनजर राख्दै सन् १९७४ अगष्ट १७ (वि.सं. २०३१ भाद्र १) मा तत्कालीन श्री ५ को सरकारको निर्णयअनुसार श्री ग्यारिजन गणको स्थापना गरिएको थियो ।

८०७ जनाको संख्यामा सिंहदरवारमा रहने गरी स्थापित यस गणका फौजले नेपाली सेनाले डिउटी लिएका संवेदनशील ठाउँहरूमा खटिई डिउटी लिई रेगुलर फौजलाई बदली गरेको थियो । यस ग्यारिजन गणबाट परिचालित फौजद्वारा उपत्यकाभित्र बाहिरका विभिन्न संवेदनशील तथा महत्वपूर्ण स्थानहरूको

३१८ श्री गोरखवहादुर गणका गणपति प्रमुख सेनानी संजय झाले वि.सं. २०६४ पौष ९ मा तयार गरेको "श्री गोरखवहादुर गणको सङ्क्षिप्त इतिहास", पृ. १-२ ।

सुरक्षार्थ डिउटीमा तैनाथ हुँदै आइरहेकोमा ग्यारिजन डिउटीको लागि बढी फौजको आवश्यकता महसुस गरी तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को सन् १९९९ मार्च १५ (वि.सं. २०५५ चैत्र १) को निर्णयअनुसार भूतपूर्व सैनिकहरू तथा नेपाली सेनावाट सरूवा गरी श्री ग्यारिजन सम्पर्क कार्यालय र श्री नं. २ ग्यारिजन गणको स्थापनापश्चात् श्री ग्यारिजन गणको नामाकरण श्री नं. १ ग्यारिजन गण भई उपत्यका भित्रका महत्वपूर्ण तथा संवेदनशील स्थानहरूको सुरक्षा तथा मन्त्रीहरू लगायत महत्वपूर्ण व्यक्तिहरूको सुरक्षार्थ फौज परिचालित हुँदै आइरहेको छ। यस गण श्री ग्यारिजन सम्पर्क कार्यालयको मातहतमा रहनुका साथै अपरेशनली श्री नं. १ बाहिनी अड्डाकोअन्तर्गत रहने गरी हनुमानढोका कम्पुकोतमा तैनाथरत छ।[३१९]

यो गण रहेको कम्पुकोत इलाकाभित्र बडा दशै र चैते दशैमा जंगी अड्डा साथै विभिन्न युनिटहरूबाट निशान पूजा हुने, सोही अवसरमा अधिकृतहरूलाई मुल निशान सामु सपथ खुवाउने कार्यक्रम हुने हुँदा सो को व्यवस्थापन कार्यमा यस गणको सहभागिता हुने गरेको छ।

यस श्री नं. १ ग्यारिजन गणको कमाण्ड गणपतिको रूपमा प्रमुख सेनानीहरू रत्नबहादुर गङ्गजु, उपेन्द्रबहादुर थापा, कर्णध्वज सुवेदी, कृष्णबहादुर के.सी., रमेश विक्रम राणा, उज्वलसिंह बस्न्यात र उदयचन्द्र अधिकारीले सम्हाली सक्नुभएको छ। हाल यस गणका गणपति प्रमुख सेनानी कुमारसिंह तामाङ हुनुहुन्छ।

श्री युद्धकवच गण

मित्रराष्ट्र बेलायत सरकारको सहयोगमा २५ वटा फेरेटकारहरू प्राप्त भएपछि सन् १९८३ अक्टोवर २६ (वि.सं. २०४० कार्तिक ९) मा यो गण श्री स्काउटकार स्क्वाड्रनको नामले एक युनिटको रूपमा स्थापना भएको थियो। तत्कालीन अवस्थामा यस युनिटको संख्या २३४ को रहेको थियो। नेपाली सेनामा पहिलो पटक यस किसिमका आर्मड भेहिकलहरू (फेरेट) प्राप्त भएकोले यि आर्मड भेहिकलहरूलाई विभिन्न ट्याकटिकल रोल (Tactical Role) मा परिचालन तथा प्राविधिक रूपमा मर्मत संभार गर्न आवश्यक भएकोले बेलायत सरकारको

३१९ श्री नं. १ ग्यारिजन गणका गणपति प्रमुख सेनानी कुमारसिंह तामाङले वि.सं. २०६४ चैत्र २४ मा तयार गरेको "श्री नं. १ ग्यारिजन गणको इतिहास", पृ. १।

सहयोगमा १० जनाको टोलीले हङकङमा यस सम्बन्धी करिव आठ हप्ताको तालिम हासिल गरेर फर्केपछि उक्त टोलीले युनिटका सकल दर्जाहरूलाई सो तालिम दिलाएका थिए। त्यसैगरी सन् १९८५ (वि.सं. २०४१ फाल्गुण) मा बृटिश ट्रान्सपोर्ट रेजिमेण्टको दुई जनाको टिमले नेपालमा आई थप तालिम प्रदान गरेका थिए।

सन् १९८८ (वि.सं. २०४५) मा यस युनिटको नाम स्काउटकार स्क्वाड्रनबाट परिवर्तन गरी श्री स्काउटकार गुल्म राखिएको थियो। तत्पश्चात् सन् २००६ जुलाई १५ (वि.सं. २०६३ श्रावण १५) मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले यसलाई श्री युद्धकवच गण नामाकरण गरियो।[३२०] हाल यो गण श्री नं. १० बाहिनीअन्तर्गत काठमाडौंमा तैनाथरत छ। यस गणको आदर्श वाक्य "अघि बढौं रक्षा गरौं" रहेको छ।

सन् १९९५ (वि.सं. २०५२) मा यु.एन. मिशनहरूमार्फत १३ वटा फेरेटकारहरू र सन् २००२ (वि.सं. २०५८ फाल्गुण) मा मित्रराष्ट्र भारतबाट माईन प्रोटेक्टिभ भेहिकल (Mine Protective Vehicle) पनि प्राप्त भएको थियो। उक्त भेहिकलसम्बन्धी प्रशिक्षण दिनको लागि भारतबाट दुई जना प्राविधिक अधिकृत पनि नेपाल आएका थिए। त्यस्तैगरी सन् २००४ (वि.सं. २०६१) मा मित्रराष्ट्र चीनबाट २२ वटा आर्मोर पर्सनल क्यारीयर (Armour Personnel Carrier) खरिद गरिएको थियो। यस सम्बन्धी एक महिनाको तालिम लिनका लागि ३ जनाको प्राविधिक टोली चीन पनि गएका थिए।

संयुक्त राष्ट्रसंघको आव्हानमा खटिने नेपाली शान्ति सेनाको विभिन्न मिशनहरूमा यसले शान्ति सेनामा तैनाथ हुने विभिन्न आर्मड भेहिकलहरू अप्रेट गर्नको लागि दक्ष ड्राइभरहरू खटाउनुका साथै उक्त मिशनहरूमा भाग लिने व्यक्तिहरूलाई सो भेहिकलसम्बन्धी विशेष ड्राइभिङ्ग तालिम समेत दिने गरेको छ। यसरी संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना गर्ने सिलसिलामा यस गणका अधिकृत, पदिक तथा अन्य दर्जाहरू विभिन्न शान्ति सेना मिशनहरूमा खटिई सकेका छन्। यसै सिलसिलामा हालपनि लेवनानमा १८ वटा आर्मोर पर्सनल क्यारियरहरू तैनाथ रहेका छन्।[३२१]

यस श्री युद्धकवच गण तत्कालीन श्री स्काउटकार गुल्मको रूपमा रहँदा यसको गुल्मपतिको कार्यभार सेनानीहरू ज्ञानजंग थापा, विरबहादुर खड्का,

३२० श्री युद्धकवच गणका कायम मुकायम गणपति सेनानी संजय राज नेपालले वि.सं. २०६४ चैत्र १२ मा तयार गरेको "ऐतिहासिक पृष्ठभूमि", परिशिष्ट "क", पृ. १-२।

३२१ *ऐजन*, पृ. १-३।

महेश विक्रम कार्की, प्रेम प्रकाश थापा, प्रदिपबहादुर सिंह, जनकजंग थापा, सनत कुमार बस्नेत, प्रसिद्धबहादुर बस्न्यात, राजेन्द्र कार्की, किरण विक्रम राणा, संजय राज नेपाल र अनुप अधिकारीले सम्हाल्नु भएको थियो । यस गणको पहिलो गणपति प्रमुख सेनानी अनुपजंग थापा हुनुहुन्थ्यो भने हाल यस गणका का.मु. गणपति सेनानी संजयराज नेपाल हुनुहुन्छ ।

श्री श्रीमेहर गण

राजा रणबहादुरको पालामा सन् १७७९ (वि.सं. १८३६) मा श्री श्रीमेहर गण श्री श्रीमेहर कम्पनीको नाममा खडा भएको हो । यस गणको आदर्श वाक्य "अटल भक्ति" रहेको छ ।

सन् १७७७ नोभेम्बर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भएपछि खारेजीमा परेकामध्ये यो पनि एक थियो ।[३२२] यो कम्पनी खारेजीमा परेकोले सन् १८५४ (वि.सं. १९११) मा स्थापना भएको छयासकामिनी कम्पनीलाई सन् १८६४ (वि.सं. १९२० माघ १) मा श्रीमेहरको निशान प्रदान गरिएको थियो । सो छयासकामिनी कम्पनी पनि सन् १९९१ (वि.सं. २०४८) मा पदिक गणबाट इन्जिनियर गणमा परिणत हुँदा गणको दरवन्दी भन्दा बढी संख्याबाट ११५ जनाको अनाश्रित गुल्म खडा गरियो । सन् १९९८ अप्रिल १४ (वि.सं. २०५५ वैशाख १) मा उक्त अनाश्रित गुल्मलाई श्री श्रीमेहर गुल्म नामाकरण गरियो र सन् २००० अक्टोवर ४ (वि.सं. २०५७ आश्विन १८) मा फूलपातीको शुभ साइतमा छयासकामिनीको नाममा रहेको श्रीमेहरको निशान पुनः प्राप्त भयो । सन् २००६ जुलाई ३१ (वि.सं. २०६३ श्रावण १५) मा यो गुल्मबाट गणमा परिणत भयो । रसुवा, सुनसरी हुँदै यो गण हाल राजविराजमा तैनाथरत छ ।

नेपाल एकीकरणको समयमा कास्की र प्युठानको लडाइँमा यसले अन्य पल्टनहरूसँग सहभागि भई योगदान पुर्‍याएको थियो । सन् १७८९-१७९१ (वि.सं. १८४६-१८४८) मा भएको प्रथम नेपाल-तिब्बत युद्धमा यो तिब्बतीहरूलाई परास्त पार्ने अभियानमा तैनाथ रहेको थियो ।[३२३]

---

३२२ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२३ ।

३२३ श्री श्रीमेहर गणका गणपति प्रमुख सेनानी हर्कबहादुर शाहीले वि.सं. २०६४ श्रावण १८ मा तयार गरेको "श्री श्रीमेहर गणको इतिहास", पृ. १ ।

रसुवामा रहँदा यो कालीबक्स गणसँग मिली सन् १९९१-१९९२ (वि.सं. २०४८-२०४९) मा त्रिशुली माङचेत सडक निर्माण कार्यमा सरिक भएको थियो ।

सन् १९९५ (वि.सं. २०५२ जेष्ठ) मा काठमाडौं सिनामंगलस्थित नेपाल आयल निगमको फ्युल टैंकरमा अचानक आगलागी हुँदा यसले तत्कालै आगो निभाउने कार्य गरेको थियो । यसले सन् १९९८ (वि.सं. २०५५ फाल्गुण) मा सप्तरी जिल्ला तिलाठी गा.वि.स. मा भएको आगलागीमा उद्धार गरेको थियो । सन् २००० (वि.सं. २०५६ चैत्र) मा राजविराज हटिया लाइनमा आगलागी हुँदा यसले ठूलो बचाव कार्य गरेको थियो । त्यस्तै सन् १९९८ (वि.सं. २०५५ आषाढ) मा अविरल वर्षाले काठमाडौं चुनिखेल पानीघाटमा भएको पहिरोमा पनि यसले ठूलो उद्धार कार्य गरेको थियो । कोशीटप्पु वन्यजन्तु आरक्षमा तैनाथ रहँदा यसले चोरी, शिकारी र आरक्षको सुरक्षामा विशेष योगदान पुर्‍याएको थियो ।[३२४]

हाल यस श्री श्रीमेहर गणका गणपति प्रमुख सेनानी हर्कबहादुर शाही हुनुहुन्छ ।

श्री नं. २ ग्यारिजन गण

सन् १९९९ मार्च १५ (वि.सं. २०५५ चैत्र १) मा श्री नं. २ ग्यारिजन गणको स्थापना भएको हो । यस गणको आदर्श वाक्य "अटुट सेवा नै तपस्या हो" रहेको छ ।

सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत नेपाल दुरसञ्चार संस्थानको क्षेत्रीय कार्यालय रिपिटरहरू, रेडियो नेपालद्वारा सञ्चालित क्षेत्रीय रेडियो प्रसारण केन्द्रहरू, अर्थ मन्त्रालयअन्तर्गत नेपाल राष्ट्र बैंकको क्षेत्रीय बैंकहरू, संस्कृति मन्त्रालयअन्तर्गत पुरातात्विक विभागको रेखदेख र संरक्षणमा रहेको नेपाल अधिराज्यका विभिन्न स्थानमा अवस्थित एवम् निर्मित पुराना ऐतिहासिक गढी गौडा र किल्लाहरू तथा अन्य आवश्यक स्थानहरूमा निरन्तर दिगो सुरक्षा प्रदान गर्नको लागि यो गणको श्रृजना भएको हो ।

---

३२४ *ऐजन* ।

यो गण खडा भएपश्चात् सन् २००० फ्रेवुअरी २९ (वि.सं. २०५६ फाल्गुण १७) देखि तत्कालीन श्री नं. ३ बाहिनी र हाल नं. २२ बाहिनी अड्डाको जिम्मेवारी क्षेत्र भैरहवामा अवस्थित छ । यस गणको स्थापना हुनुको मुख्य उद्देश्य काठमाडौं उपत्यका बाहिर रहेको देशका विभिन्न स्थानमा अवस्थित संवेदनशील स्थानहरूको सुरक्षा गर्नु हो । तदनुसार यसले नेपाल राष्ट्र बैंक विराटनगर, जनकपुर, विरगञ्ज, भैरहवा, पोखरा, नेपालगञ्ज, धनगढी; क्षेत्रिय रेडियो प्रसारण केन्द्र धनकुटा, पोखरा; भारतीय पेन्सन क्याम्प पोखरा, धरान; नेपाल आयल निगम भलवारी, गगनगौडा, पोखरा; बहु प्लाष्टिक उद्योग कार्यालय भीमफेदी र गौतम बुद्ध विमानस्थल भैरहवामा डियुटी दिइरहेको छ ।[३२५]

यस श्री नं. २ ग्यारिजन गणको गणपतिको कार्यभार प्रमुख सेनानीहरू वलवहादुर खड्का, रमेश विक्रम राणा र पुष्कर बस्नेतले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी बरूण जंग राणा हुनुहुन्छ ।

श्री महावीर गण (रेञ्जर)

सेनालाई एउटा भरपर्दो शीघ्र प्रतिक्रिया जनाउन सक्ने विशेष फौजको आवश्यकता अनुरूप एउटा उच्चस्तरको तालिम प्राप्त एवम् प्रतिविद्रोह, प्रहार तथा आकस्मिक अपरेशनहरू सञ्चालनको लागि उपयुक्त विशेष फौज युनिटको रूपमा सन् २००३ (वि.सं. २०५९) मा श्री महावीर गण (रेञ्जर) को स्थापना भएको हो । गणको नाम "महावीर" ले आफ्नो लक्ष्य र धर्ममा अडिग श्री हनुमानको प्रतिनिधित्व गरेको छ जो एक अपराजेय योद्धा तथा अष्ट चिरीञ्जवीमध्येका एक वा अजम्बरी भएको विश्वास गरिन्छ । साथै पवनपुत्र श्री हनुमानको नामले गणको हवाई मार्ग भएर रणक्षेत्रमा परिचालन हुने भूमिकालाई समेत प्रतिविम्वित गरेको छ । यस गणको आदर्श वाक्य "अदम्य साहस" रहेको छ ।

सुरूमा विशेषत: श्री भैरवनाथ गणबाट आएका स्वइच्छुक जवानहरू सम्मिलित गुल्म भन्दा बढि संख्याबाट रेञ्जर फौजको निर्माण गरिएको थियो । यसै क्रममा श्री कालीबहादुर गण, श्री पुरानो गोरख गण लगायत नेपाली सेनाका विभिन्न युनिटहरूबाट सक्षम एवम् इच्छुक अधिकृत, पदिक तथा विल्लादारहरू

३२५ श्री नं. २ ग्यारिजन गणका गणपति प्रमुख सेनानी वरूण जंग राणाले वि.सं. २०६४ श्रावण ११ मा तयार गरेको "श्री नं. २ ग्यारिजन गणको सङ्क्षिप्त इतिहास", पृ. १-२।

छनौट गरिएको थियो । यस अतिरिक्त विभिन्न सैन्य तालिम केन्द्रहरूबाट समेत जवानहरूको छनौट गरिएको थियो । गुल्मको रूपमा विजारोपण गरिएको यो संस्था पछि श्री महावीर गण (रेञ्जर) को रूपमा स्थापित भयो । आधारभूत रूपमा एउटा "एअर असल्ट स्ट्राइक" फौज भएतापनि नेपालको विषम एवम् असामान्य परिस्थिति र तत्काल ध्यान दिनुपर्ने अपरेशनल आवश्यकताले गर्दा परम्परागत रेञ्जर र विशेष फौजको भूमिकाको रूपमा यो गणको स्थापना गरिएको हो । विशेष फौजको परम्परालाई कायम राख्दै यस गणका ६ वटै गुल्महरू विशेष किसिमका र भिन्दाभिन्दै अपरेशनल परिस्थितिहरूमा कारवाही सञ्चालन गर्न तालिम प्राप्त र अभिमुखीकृत छन् ।[३२६]

यो गणको एक गुल्मका रेञ्जरहरूले मुलुकका विभिन्न स्थानहरूमा तैनाथ करिव २६ वटा युनिटहरू र सैनिक शिक्षण संस्थाहरूलाई तालिमसम्बन्धी सहायता उपलब्ध गराएका छन् । श्री नं. १० बाहिनी अड्डाअन्तर्गत यस गण हाल छाउनी, काठमाडौंमा तैनाथरत छ । यस गणले नेपाली सेनामा एक विशिष्ट फौजको रूपमा पहिचान बनाएको छ ।

श्री महावीर गण (रेञ्जर) को गणपतिको कार्यभार प्रमुख सेनानीहरू प्रल्हाद थापा र काजीबहादुर खत्रीले सम्हाली सक्नुभएको छ । हाल यस गणका गणपति प्रमुख सेनानी अनुपजंग थापा हुनुहुन्छ ।

३२६ श्री महावीर गण (रेञ्जर) का का.मु. गणपति सेनानी अनुपजंग थापाले वि.सं. २०६४ चैत्र ७ मा तयार गरेको "श्री महावीर गण (रेञ्जर) एक परिचय", पृ. १-२ ।

गुल्महरू

श्री शार्दुलजंग गुल्म

राजा गीर्वाण युद्ध विक्रमको पालामा सन् १७९९ (वि.सं. १८५६) मा श्री शार्दुलजंग गुल्म श्री शार्दुलजंग कम्पनीको नाममा खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "बाँच्यो सधैं त्यो जसले सम्झयो देशको माटो" रहेको छ ।

सन् १८५२ (वि.सं. १९०९) पछि यो बडागुरूज्यूको सुरक्षा र रेखदेखमा तैनाथमा रहेको थियो । यसैले यसलाई जनसाधारणले "गुरूज्यूको पल्टन" पनि भन्ने गदर्थे ।[३२७] सन् १९७१ डिसेम्वर १६ (वि.सं. २०२८ पौष १) मा बडागुरूज्यूलाई श्री ६ को कटौती गरिएपछि अन्य अनाश्रित गुल्म सरह नै संख्या बनाई श्री नं. १ बाहिनी अड्डाअन्तर्गत कम्पुकोत व्यारेक श्री पहरा गणको कमाण्डमा रहने गरी यसलाई श्री शार्दुलजंग गुल्म नामाकरण गरिएको थियो ।

सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा जैथकको रणक्षेत्रमा यसले बहादुरीका साथ शत्रुहरूको सामना गरेको थियो ।

सन् १९७९ (वि.सं. २०३६) मा पहरा गण नयाँ गोरख गण भई झण्डा लिई बाहिर गएपछि यो गुल्म पूर्ण रूपमा हनुमानढोका दरवारमा तैनाथ हुँदै आएको छ । नेपालको राजकीय समारोह तथा सांस्कृतिक एवम् धार्मिक उत्सवहरूमा यसले भाग लिने प्रचलन अद्यापि कायम नै छ । हाल यस गुल्मले विश्व सम्पदामा रहेको यस ऐतिहासिक हनुमानढोका दरवारको सुरक्षा व्यवस्था मिलाउनु, स्वदेशी र विदेशी पाहुना तथा पर्यटकहरूको अवलोकनमा सुरक्षा मिलाउनु तथा राजकिय समारोह र वार्षिक ५५ वटा धार्मिक तथा सांस्कृतिक उत्सवहरूमा प्राचीन पोशाक लगाई भाग लिने कार्य गर्दै आइरहेको छ ।[३२८] बडामहाराजा पृथ्वीनारायण शाहको पालामा गोरखाली सेनाले लगाउने पोशाक र दर्ज्यानी चिन्हको प्रतिक झल्कने गरी यो गुल्मका सकल दर्जाले हाल पनि दौरा, सुरूवाल, काने जुत्ता र चाँद तोडा लगाउने गर्दछन् ।

यस श्री शार्दुलजंग गुल्मका गुल्मपतिको कार्यभार सह-सेनानीहरू हर्कजंग कार्की, चित्रबहादुर थापा, सूर्यबहादुर कार्की, उप-सेनानी श्रेष्ठ नारायण राउत, सह-सेनानीहरू भिमबहादुर विष्ट, जगतबहादुर बस्नेत, सेनानीहरू दुर्गा बहादुर थापा, जगतबहादुर बस्नेत, सूर्यबहादुर विष्ट, बद्रीबहादुर कार्की, सूर्यवहादुर विष्ट, नरबहादुर खड्का, लालबहादुर खड्का, रामबहादुर रा.म., ढालबहादुर के.सी., गुणवहादुर थापा र चरित्रबहादुर कुंवरले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी पुण्यबहादुर खड्का हुनुहुन्छ ।

---

३२७ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. १७२ ।

३२८ श्री शार्दुलजंग गुल्मका गुल्मपति सेनानी चरित्रवहादुर कुंवरले वि.सं. २०६४ श्रावण ५ मा तयार गरेको "श्री शार्दुलजंग गुल्मको इतिहास", परिशिष्ट "क", पृ. १ र ३ ।

श्री केवलजंग गुल्म

श्री केवलजंग गुल्म राजा गीर्वाणयुद्धको पालामा सन् १८०६ (वि.सं. १८६३ वैशाख १९) मा श्री केवलजंग कम्पनीको नामबाट स्थापना भएको हो । यस गुल्मको आदर्श वाक्य "सत्य नै शक्ति" रहेको छ ।

श्री केवलजंग गुल्म सन् १९५२ को पुनर्गठनमा खारेजीमा परेको थियो । सन् १९८७ डिसेम्वर २९ (वि.सं. २०४४ पौष १४) मा पर्सा वन्यजन्तु आरक्ष रामभोरी, भाटामा श्री अनाश्रित गुल्मको रूपमा खडा भएको टोलीलाई सन् १९९० जुलाई २४ (वि.सं. २०४७ श्रावण ९) मा यो पुन: श्री केवलजंग गुल्मको नामबाट पुनर्स्थापना भयो । पर्सा, सिन्धुपाल्चोक, जुम्ला हुँदै यो गुल्म हाल डोल्पामा तैनाथ रहेको छ ।[३२९]

नेपाल राज्यको एकीकरण अभियानमा विजित क्षेत्रहरूमा यसले शान्ति-सुरक्षा कायम गर्ने कार्यमा सक्रिय भूमिका खेलेको थियो । सन् १८५५-१८५६ को नेपाल-तिब्बत युद्धमा भाग लिई तिब्बतमाथि आक्रमण गर्ने सिलसिलामा कुती र केरूङको युद्धमा सफलतापछि कुती किल्लाको सुरक्षाको लागि यो खटिएको थियो ।[३३०]

विश्वमा शान्ति स्थापना गर्ने कार्यको लागि नेपाली सेनाकोतर्फबाट विगत वर्षहरूमा विभिन्न गणहरूमात्र सहभागी हुँदै आएकोमा सन् २००० (वि.सं. २०५७) मा यस गुल्मले युनाइटेड नेशनस् ट्रान्जिसनल एडमिनिष्ट्रेसन इन इष्ट टिमोर (UNTAET) मा सहभागी भई उत्कृष्ट रूपमा कार्य गर्ने नेपाली सेनाको पहिलो गुल्मको रूपमा विश्वको अगाडि आफूलाई परिचित गराउन सफल भएको थियो ।

यस श्री केवलजंग गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू ज्ञानबहादुर वानियाँ, रामजी अधिकारी, दिर्घ प्रतापसिंह कार्की, हेम खत्री, निरञ्जन विक्रम राणा, समिर शाही, प्रकाश के.सी., रामशरण कार्की, विनय विक्रम राणा, सागर बहादुर थापा, मोहन क्षेत्री, राजेश चन्द र भुपाल बस्नेतले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी नवराज गुरूङ हुनुहुन्छ ।

---

३२९ श्री केवलजंग गुल्मका गुल्मपति सेनानी नवराज गुरूङले वि.सं. २०६४ श्रावण २७ मा तयार गरेको "श्री केवलजंग गुल्मको इतिहास", पृ. १ ।

३३० *ऐजन* र रामशरण कार्की, "२०५६ सालको किंग्स व्यानर गुल्मस्तर प्रतियोगितामा प्रथम श्री केवलजंग गुल्मको इतिहास", *सिपाही*, वर्ष ३३, वि.सं. २०५७, पृ. १-२ ।

श्री भगवती प्रसाद गुल्म

राजा त्रिभुवनको पालामा सन् १९२७ अगष्ट १७ (वि.सं. १९८४ भाद्र १) मा यो गुल्म श्री भगवती प्रसाद पल्टनको नामबाट खडा भएको हो ।[३३१] यस गुल्मको आदर्श वाक्य "भक्तिमा नै शक्ति" रहेको छ ।

तत्कालीन समयमा बाँके बर्दियामा औलोंको डरले बाहिरका पल्टनहरू त्यहाँ खटाइ सुरक्षा प्रदान गर्न कठिनाई हुने भएकोले स्थानिय क्षेत्र (हालका पश्चिमाञ्चल) का व्यक्तिहरूलाई एकत्रित गरी भर्ना गरेर सोही स्थानहरूमा कार्यरत रहन यो पल्टन स्थापना गरिएको थियो । सन् १९५२ को पुनर्गठन नभएसम्म यो सोही क्षेत्रहरूमा कार्यरत रहेको थियो । सन् १९५२ को सेना पुनर्गठनमा यो पनि खारेजीमा परेको थियो । तत्पश्चात् सन् १९८२ अगष्ट १७ (वि.सं. २०३९ भाद्र १) मा यो श्री भगवती प्रसाद गुल्मको रूपमा पुन: स्थापित भयो । बर्दिया, प्युठान, दाङ, मुगु, सुर्खेत, रोल्पा, पुन: दाङ, नुवाकोट हुँदै हाल यो गुल्म सोलुखुम्बुमा तैनाथरत छ ।

सन् १९८२ मा पुनर्स्थापनापछि यस गुल्मले विभिन्न राष्ट्रिय निकुञ्ज सुरक्षा, जलविद्युत आयोजना सुरक्षा, सदरमुकाम सुरक्षा लगायत दैवीक प्रकोप कार्यहरूमा संलग्न भएको थियो ।[३३२]

श्री भगवती प्रसाद गुल्मको कमाण्ड गुल्मपतिको रूपमा सेनानीहरू कर्णबहादुर थापा, ठाकुर सुब्बा, चन्द्रबहादुर बस्नेत, अनन्तबहादुर थेवे, नील कुमार थापा, गणेश बहादुर खड्का, राजु देवकोटा, कृष्ण विक्रम शाह, नीलकण्ठ खड्का, टेकबहादुर चन्द, रतिन्द्र खत्री, टेकबहादुर सिंह, नरेशराज उप्रेती, कृष्णदेव भट्ट, शम्भु कुमार गुरूङ, चन्द्र प्रकाश राजवंशी र गौरव कुमार के.सी.ले जिम्मेवारी पूरा गरिसक्नु भएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी डिकबहादुर थापा हुनुहुन्छ ।

---

३३१ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. २३६ ।

३३२ श्री भगवती प्रसाद गुल्मका गुल्मपति सेनानी डिकबहादुर थापाले वि.सं. २०६४ चैत्र ४ मा तयार गरेको "श्री भगवती प्रसाद गुल्मको सङ्क्षिप्त इतिहास", पृ. १ ।

श्री दुर्गाभञ्जन गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०५ (वि.सं. १८६२ जेष्ठ १०) मा यो गुल्म श्री दुर्गाभञ्जन कम्पनीको नामबाट खडा भएको हो ।[३३३] यस गुल्मको आदर्श वाक्य "कर्तव्य पथमा सदा अडिग" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र विभिन्न समयमा खडा भई खारेजीमा परेका कम्पनीहरूमध्ये यो पनि एक थियो ।[३३४] राष्ट्रिय निकुञ्जको सुरक्षा नेपाली सेनाद्वारा गर्ने निर्णयअनुरूप सन् १९७८ (वि.सं. २०३५) मा रारा राष्ट्रिय निकुञ्जको सुरक्षाको लागि पदिकको कमाण्डमा ३५ जनाको संख्या रारा राष्ट्रिय निकुञ्ज, मुगुमा तैनाथ भएको थियो । सन् १९८७ (वि.सं. २०४४) मा उक्त सुरक्षा टोलीमा ४८ जनाको संख्या थप भई जम्मा ८३ जनाको संख्या भएपछि अधिकृतको कमाण्डमा "अनाश्रित गुल्म रारा" नामाकरण भयो । तत्पश्चात् सन् १९९० जुलाई १८ (वि.सं. २०४७ श्रावण ३) मा यस श्री अनाश्रित गुल्म रारालाई श्री दुर्गाभञ्जन गुल्म नामाकरण गरियो । मुगु, दाङ, जुम्ला, बर्दिया, नवलपरासी हुँदै हाल यो गुल्म श्री नं. ५ बाहिनी अड्डाअन्तर्गत बभाङमा तैनाथरत छ ।

यो गुल्म नवलपरासी (सन् २०००-२००५) मा तैनाथ हुँदा गुल्मको निजी श्रोतबाट नवलपरासी जिल्लाको नारायणी गा.वि.स.स्थित श्री सिद्ध निम्न माध्यमिक विद्यालय र रजहर गा.वि.स.-३ पिप्रहा, बोटेटोलस्थित श्री वीरेन्द्र-ऐश्वर्य बाल सदन प्राथमिक विद्यालय निर्माण गरिदिएको थियो ।[३३५]

श्री दुर्गाभञ्जन गुल्मको कमाण्ड गर्ने गुल्मपतिहरू सह-सेनानी प्रर्शुराम कार्की र सेनानीहरू शिवराज थापा, दिपक कुमार रायमाझी, भरत कुमार खड्का, अनिरूद्र सिंह नगरकोटी, रघु भण्डारी, सुवर्णबहादुर शाह, निर्मल कुमार थापा, नयनराज दाहाल, विजय थापा, अर्जुन नरसिंह कुंवर, सन्तोष वल्लभ पौडेल र प्रयाग राजभण्डारी हुनुहुन्थ्यो । हाल यस गुल्मका गुल्मपति सेनानी सुमन कुमार खड्का हुनुहुन्छ ।

३३३ श्री दुर्गाभञ्जन गुल्मका गुल्मपति सेनानी सुमन कुमार खड्काले वि.सं. २०६४ चैत्र ११ मा तयार गरेको "श्री दुर्गाभञ्जन गुल्मको सङ्क्षिप्त इतिहास" ।

३३४ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।

३३५ श्री दुर्गाभञ्जन गुल्मका गुल्मपति सेनानी सुमन कुमार खड्काले वि.सं. २०६४ चैत्र ११ मा तयार गरेको "श्री दुर्गाभञ्जन गुल्मको सङ्क्षिप्त इतिहास" ।

श्री भीमकाली गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०६ (वि.सं. १८६३) मा श्री भीमकाली गुल्म श्री भीमकाली कम्पनीको नामबाट खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "भीमकाली शक्तिशाली" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) सम्म खडा भएपछि विभिन्न समयमा खारेजीमा परेका विभिन्न पल्टनहरू जस्तै यो पनि खारेजीमा परेको थियो ।[३३६] सन् १९८१ (वि.सं. २०३८) मा गुल्म पुनः स्थापना भई शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, डोल्पाको सुरक्षाको लागि सन् १९८३ (वि.सं. २०४०) मा स्थापना भएको वार्डेन कार्यालयले मात्र प्रभावकारी ढंगले सुरक्षा दिन नसकेपछि सन् १९८७ (वि.सं. २०४४) मा उक्त राष्ट्रिय निकुञ्जको सुरक्षार्थ श्री अनाश्रित गुल्म शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको नामाकरण भई खडा भएको थियो । गुल्मको नयाँ नामाकरण हुने क्रममा सन् १९९० जुलाई (वि.सं. २०४७ श्रावण ३) मा श्री अनाश्रित गुल्म शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जबाट श्री भीमकाली गुल्म भनी नामाकरण भएको थियो । डोल्पा, प्युठान, बर्दिया, भक्तपुर, बाँके, पर्सा हुँदै हाल यो गुल्म मकवानपुर जिल्लामा तैनाथरत छ ।[३३७]

श्री भीमकाली गुल्मको गुल्मपतिको कार्यभार उप-सेनानी तिलबहादुर कार्की, सेनानीहरू अक्कलबहादुर खत्री, नन्दलाल श्रेष्ठ, नरबहादुर खड्का, विष्णुबहादुर था.म., रामकृष्ण माटङ्गगुलु, ज्ञानेन्द्र जंग रायमाझी, राजु नेपाली, प्रतापबहादुर थापा, महेश के.सी., अजित थापा, सुदर्शन सिलवाल, सुजन सिजापति, अनिल कुमार गुरूङ र रामचन्द्र कार्कीले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी मनि कुमार श्रेष्ठ हुनुहुन्छ ।

श्री नयाँ भैरवीदल गुल्म

श्री नयाँ भैरवीदल गुल्मको स्थापना सन् १९९० अगष्ट १४ (वि.सं. २०४७ श्रावण ३०) मा भएको हो । यस गुल्मको आदर्श वाक्य "भैरवीको भक्ति हाम्रो शक्ति" भन्ने रहेको छ ।

३३६ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।

३३७ श्री भीमकाली गुल्मका निमित्त गुल्मपति सह-सेनानी जयराम थापाले वि.सं. २०६४ श्रावण १० मा तयार गरेको "श्री भीमकाली गुल्मको इतिहास", परिशिष्ट "क" ।

सन् १९९० अप्रिल १४ (वि.सं. २०४७ वैशाख १) को निर्णयअनुसार पूर्व श्री भैरवीदल गुल्म र श्री लाङटाङ राष्ट्रिय निकुञ्ज सुरक्षा गण (ला.रा.नि.सु.गण) मिली श्री भैरवीदल गण बनाउने र श्री नयाँ भैरबीदल गुल्म छुट्टै खडा गर्ने अनुसार श्री भैरवीदल गुल्मबाट १४० जना अधिकृत सहित श्री ला.रा.नि.सु. गणमा गई श्री भैरवीदल गण नामाकरण भएको थियो । श्री ला.रा.नि.सु. गणबाट पदिक सहित १४० र श्री भैरवीदल गुल्मका बाँकी गुल्मपति सहित ९७ जना गरी जम्म २३७ को संख्यामा यस श्री नयाँ भैरबीदल गुल्म खडा भएको हो ।[३३८] हाल यो गुल्म मुस्ताङ जिल्लाको जोमसोममा तैनाथरत छ ।

यस श्री नयाँ भैरवीदल गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू सूर्यबहादुर विष्ट, विजय मोक्तान, विन्दु गौतम, रत्नबहादुर श्रेष्ठ, पदमबहादुर राई, देवकुमार सुवेदी, शरद ढकाल, सुरेश कुमार बानियाँ, शुशील कुमार भण्डारी, अरूण जंग थापा र माधव सुन्दर खड्काले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी राधाकृष्ण थापा हुनुहुन्छ ।

श्री कालीदत्त गुल्म

राजा रणबहादुर शाहको पालामा सन् १७८५ (वि.सं. १८४२) मा यो गुल्म श्री कालीदत्त कम्पनीको नाममा खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "अठोट र साहस नै विजय हो" रहेको छ ।

सन् १७७७ नोभेम्बर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भएपछि खारेजीमा परेका र निशान समेत नपाइएकामध्ये यो पनि थियो ।[३३९]

३३८ श्री नयाँ भैरवीदल गुल्मले वि.सं. २०६४ माघ २४ मा मेसेज नं. एस.वि./१२७२-२११७५२ बाट प्रेसित "श्री नयाँ भैरवीदल गुल्मको इतिहास" ।

३३९ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२३-३२५ । एक श्रोतअनुसार राष्ट्रिय अभिलेखालय, सिहंदरबारबाट प्राप्त पुरानो अभिलेख र दस्तावेजअनुसार यस गुल्म श्री कालीदत्त कम्पनीको नाममा रहेको र वि.सं. १९०५-१९०६ सम्म त्यस कम्पनीमा कार्यरत सकल दर्जाको नामथर, दर्जा, ठेगाना उल्लेख भएको नेमरोलको दस्तावेज भेटिएकोले वि.सं. १९०५ सम्म पनि यस गुल्म वहाली नै रहि रहेको र खारेजीमा नपरेको भन्ने वुझिन्छ । (हेर्नुहोस्, श्री कालीदत्त गुल्मका गुल्मपति सेनानी लिलाबहादुर खनाल क्षेत्रीले वि.सं. २०६४ पौष ११ मा तयार गरेको "श्री कालीदत्त गुल्मको इतिहास", परिशिष्ट "क", पृ. १), यसबारे थप अनुसन्धान हुनु आवश्यक छ ।

बदलिँदो परिस्थिति र आवश्यकताअनुसार सैनिक सङ्गठन गर्ने क्रममा खारेजीमा परेको श्री कालीदत्त कम्पनीलाई श्री कालीदत्त गुल्म नामाकरण गरी सन् २००० अप्रिल १३ (वि.सं. २०५७ वैशाख १) मा पुनस्थापना गरियो ।[३४०] काठमाडौं, कञ्चनपुर हुँदै यो गुल्म हाल मुगुमा तैनाथरथ छ ।

यो कालीदत्त गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू सुदर्शन विक्रम राणा, शिवशंकर गुरूङ, डिजन कुमार पिया, सुवर्ण कुमार खड्का, प्रबल विष्ट र लिलाबहादुर खनाल क्षेत्रीले सम्हाली सक्नुभएको छ । हाल यस कालीदत्त गुल्मको गुल्मपति सेनानी जितेन्द्र खड्का हुनुहुन्छ ।

श्री रणशुर गुल्म

राजा रणबहादुर शाहको पालामा सन् १७८५ (वि.सं. १८४२) मा यो गुल्म श्री रणशुर कम्पनीको नामबाट खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "पसिना मै मोती देख्ने कर्मवीर रणशुर" भन्ने रहेको छ ।

सन् १७७७ नोभेम्बर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भई पछि खारेजीमा परेको र निशान समेत नपाइएको १८ वटा कम्पनीहरूमध्ये यो पनि एक थियो ।[३४१] सन् २००१ जुन १५ (वि.सं. २०५८ आषाढ १) बाट लागु हुने गरी पदिक गण १ को नामाकरण गर्ने क्रममा श्री रणभीम गण पदिक गणमा परिणत भई रिक्त रहेको गुल्ममा श्री रणशुर गुल्म पुनः काठमाडौं छाउनीस्थित हिमालय व्यारेकमा खडा भएको हो ।[३४२] दाङ, बर्दिया, जाजरकोट हुँदै हाल यो गुल्म हुम्लामा तैनाथरत छ ।

यस श्री रणशुर गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू पुष्कर जंग थापा, सुदिप के.सी., धुव्रप्रसाद शाह र मिनबहादुर महराले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी दिनेश रजौरे हुनुहुन्छ ।

३४० श्री कालीदत्त गुल्मका गुल्मपति सेनानी लिलावहादुर खनाल क्षेत्रीले वि.सं. २०६४ पौष ११ मा तयार गरेको "श्री कालीदत्त गुल्मको इतिहास", परिशिष्ट "क", पृ. १ ।

३४१ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२३-३२५ ।

३४२ श्री रणशुर गुल्मका गुल्मपति सेनानी दिनेश रजौरेले वि.सं. २०६४ फाल्गुण ८ मा तयार गरेको "श्री रणशुर गुल्मको इतिहास" ।

श्री गुरूबक्स गुल्म

राजा रणबहादुर शाहको पालामा सन् १७८५ (वि.सं. १८४२) मा यो गुल्म श्री गुरूबक्स कम्पनीको नामबाट खडा भएको हो ।[३४३] यस गुल्मको आदर्श वाक्य "गुरू शक्ति राष्ट्र भक्ति" भन्ने रहेको छ ।

सन् १७७७ नोभेम्बर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) सम्म खडा भएपछि विभिन्न समयमा खारेजीमा परेका विभिन्न पल्टनहरू जस्तै यो पनि खारेजीमा परेको थियो । सन् २००१ जनवरी २५ (वि.सं. २०५८ भाद्र ५) मा मन्त्रिपरिषद्को निर्णयअनुसार विशेष कार्यदलको रूपमा पूर्वी भेगको लागि इटहरीमा यो गुल्म खडा गरिएको थियो। पूर्वाञ्चलका विभिन्न पल्टनका व्यक्तिहरू छनौट भई पूर्वाञ्चलको इटहरीमा विशेष कार्यदलको नामबाट लामो समयसम्म विभिन्न विशेष तालिम गरिरहेको अवस्थामा सन् २००२ जनवरी २५ (वि.सं. २०५८ माघ १२) मा यस विशेष कार्यदललाई अनाश्रित गुल्म "श्री गुरूबक्स गुल्म" नामाकरण गरियो । यो इटहरी र संखुवासभामा तैनाथ रही हाल पूर्वी पृतना हे.क्वा.को रिजर्भको रूपमा सुनसरीमा तैनाथरत छ ।[३४४]

यस श्री गुरूबक्स गुल्मको गुल्मपतिको कार्यभार सेनानी विनोद पाण्डे, प्रेम शाही, सुनिल श्रेष्ठ र अर्जुनबहादुर थापाले सम्हाली सक्नुभएको छ। हाल यस गुल्मका गुल्मपति सेनानी सविन राणा हुनुहुन्छ ।

श्री अजयदल गुल्म

राजा रणबहादुर शाहको पालामा सन् १७८६ (वि.सं. १८४३) मा श्री अजयदल गुल्म श्री अजयदल कम्पनीको नाममा खडा भएको हो ।[३४५] यस गुल्मको आदर्श वाक्य "डटि लड्छौं अजय भई" रहेको छ ।

सन् १७७७ नोभेम्बर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भएपछि खारेजीमा परेका र निशान समेत नपाइएकामध्ये यो पनि एक थियो।

३४३ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२५ ।
३४४ श्री गुरूवक्स गुल्मका गुल्मपति सेनानी सविन राणाले वि.सं. २०६४ मंसिर १९ मा तयार गरेको "श्री गुरूबक्स गुल्मको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ. १ ।
३४५ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२५ ।

बदलिँदो देशको परिस्थिति र आवश्यकताअनुसार सैनिक सङ्गठनलाई विस्तार गर्ने क्रममा सन् २००१ जुलाई २८ (वि.सं. २०५८ श्रावण १३) मा यसलाई विशेष कार्यदल गुल्मको रूपमा खडा गरियो र सन् २००२ अप्रिल २४ (वि.सं. २०५९ वैशाख ११) मा श्री अजयदल गुल्म नामाकरण गरियो ।[३४६] बुटवल, सुर्खेत, नेपालगञ्ज, कालिकोट हुँदै हाल यो गुल्म सुर्खेतमा तैनाथरत छ ।

यस श्री अजयदल गुल्मको गुल्मपति सेनानीहरू रमेश था.म., निरज पौड्याल, नवल शाह र शुशिल सिलवाल हुनुहुन्थ्यो। हाल यस गुल्मका गुल्मपति सेनानी विक्रान्त विक्रम शाह हुनुहुन्छ ।

श्री श्रीबक्स गुल्म

राजा रणवहादुर शाहको पालामा सन् १७९१ (वि.सं. १८४८) मा यो गुल्म श्री श्रीबक्स कम्पनीको नामबाट खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "जीवन देशको लागि समर्पण" भन्ने रहेको छ ।

सन् १७७७ नोभेम्बर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) सम्म खडा भएपछि विभिन्न समयमा खारेजीमा परेका विभिन्न पल्टनहरू जस्तै यो पनि खारेजीमा परेको थियो ।[३४७] नेपाली सेनालाई विस्तार गर्ने क्रममा सन् २००२ जनवरी २५ (वि.सं. २०५८ माघ १२) मा पुनः यो गुल्म श्री श्रीवक्स गुल्मको नामबाट खडा भएको हो । श्री सिंहनाथ गणबाट अधिकृत, सैनिक कर्मचारी र फाल्वर्सबाहेक अन्य नयाँ तालिमे सिपाहीहरूलाई सरूवा गरी यस गुल्म खडा भएको हुँदा यस गुल्मलाई श्री सिंहनाथ गणको *सिस्टर* पल्टनको रूपमा पनि लिइन्छ। इलाम, सुनसरी हुँदै हाल यो गुल्म सुनसरीमा तैनाथरत छ ।[३४८] यो गुल्म हाल श्री पूर्वी पृतनाको नं. २ बाहिनी अड्डाअन्तर्गत कार्यरत रहेको छ ।

यस गुल्मको कमाण्ड गुल्मपतिहरू क्रमशः सेनानीहरू अर्जुन श्रेष्ठ, कोशराज घिमिरे, सुनिलराज विष्ट र विनोद खरेलले गरिसक्नु भएको छ। हाल यस श्री श्रीबक्स गुल्मको गुल्मपति सेनानी महेश कुमार थापा हुनुहुन्छ ।

३४६ श्री अजयदल गुल्मका गुल्मपति सेनानी विक्रान्त विक्रम शाहले वि.सं. २०६४ मंसिर ६ मा तयार गरेको "श्री अजयदल गुल्मको इतिहास", पृ. १-२ ।
३४७ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ.३२४-३२५ ।
३४८ श्री श्रीबक्स गुल्मका गुल्मपति सेनानी महेश कुमार थापाले वि.सं. २०६४ मंसिर ७ मा तयार गरेको "श्री श्रीबक्स गुल्मको इतिहास", पृ.१ ।

श्री दुर्गादल गुल्म

राजा रणवहादुर शाहको पालामा सन् १७९१ (वि.सं. १८४८) मा नेपाल एकीकरण र विस्तार गर्ने क्रममा फौजको आवश्यकतालाई मनन् गरी यो गुल्म श्री दुर्गादल कम्पनीको नाममा खडा भएको हो ।

सन् १७७७ नोभेम्वर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भई पछि खारेजीमा परेको र निशान समेत नपाइएको १८ कम्पनीहरूमध्ये यो पनि एक हो ।[३४९] बदलिँदो परिस्थिती र आवश्यकताअनुसार सेनालाई विस्तार र विकास गर्ने क्रममा सन् २००२ जनवरी २५ (वि.सं. २०५८ माघ १२) मा यो श्री दुर्गादल गुल्मको नामले पुनः खडा भएको हो ।[३५०] हाल यो गुल्म पर्वतमा तैनाथरत छ ।

यस श्री दुर्गादल गुल्मका प्रथम गुल्मपति सेनानी सरोज खनाल हुनुहुन्थ्यो । हाल यस गुल्मको गुल्मपति सेनानी भुपेश विष्ट हुनुहुन्छ ।

श्री गौरीबक्स गुल्म

राजा रणवहादुर शाहको पालामा सन् १७९१ (वि.सं. १८४८) मा श्री गौरीबक्स गुल्म श्री गौरीबक्स कम्पनीको नामबाट खडा भएको हो ।[३५१] तत्कालीन समयमा नेपाल एकीकरण र अन्य प्रयोजनका लागि स्थापना हुने विभिन्न पल्टनहरूको नामाकरण हिन्दु धर्मअनुसार इष्ट देवी देवताहरूको नामबाट राखिने परम्पराअनुसार गौरी भन्नाले देवाधिदेव महादेवकी अर्धाङ्गिनी शक्ति स्वरूपा महादेवी पार्वतीको अर्को नामअनुसार नै यस श्री गौरीबक्स गुल्मको नामाकरण भएको हो भन्ने बुझिन्छ । यस गुल्मको आदर्श वाक्य "गौरीको शान एकता र वलिदान" भन्ने रहेको छ ।

सन् १७७७ नोभेम्वर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र निशान समेत नपाई खारेजी हुने कम्पनीहरू मध्ये यो श्री गौरीबक्स कम्पनी पनि एक हो । वदलिँदो परिस्थिति र आवश्यकता महसुस गरी तत्कालीन मन्त्रिपरिषद्को सन्

३४९ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ.३२३-३२५ ।

३५० श्री दुर्गादल गुल्मका गुल्मपति सेनानी भुपेश विष्टले वि.सं. २०६४ फाल्गुण १३ मा तयार गरेको "श्री दुर्गादल गुल्मको इतिहास" ।

३५१ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२५ ।

२००२ जनवरी २५ (वि.सं. २०५८ माघ १२) को निर्णयअनुसार यस पल्टनलाई पुर्नस्थापना गरी श्री गौरीबक्स गुल्मको नाममा खडा गर्ने अनुरूप सन् २००३ जुन २ (वि.सं. २०६० जेष्ठ १९) मा श्री देवीदत्त गणको एक अंश समेत साथमा लिई एक अनाश्रित गुल्मको रूपमा स्थापना हुने सिलसिलामा पदिक तथा अन्य दर्जा गरी जम्मा १०८ जना छुट्टिएर मकवानपुरमा तैनाथ रह्यो ।[३५२] मकवानपुर, बारा हुँदै हाल यो गुल्म पुनः मकवानपुरमा तैनाथरत छ ।

श्री गौरीबक्स गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू अनन्त कुमार बस्नेत, विनोद कुमार अधिकारी, समिर सिंह र अनिल सिंहले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी ज्ञानुराज गुरूङ हुनुहुन्छ ।

श्री हनुमानध्वज गुल्म

राजा रणबहादुर शाहको पालामा सन् १७९१ (वि.सं. १८४८) मा श्री हनुमानध्वज गुल्म श्री हनुमानध्वज कम्पनीको नाममा खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "हनुमानको शक्ति देशको भक्ति" रहेको छ ।

सन् १७७७ नोभेम्वर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भएपछि खारेजीमा परेका र निशान समेत नपाएकामध्ये यो पनि एक थियो ।[३५३] नेपाली सेनालाई विस्तार र आधुनिकीकरण गर्ने क्रममा सन् २००२ जनवरी २५ (वि.सं. २०५८ माघ १२) को तत्कालीन मन्त्रिपरिषद्को निर्णयबमोजिम यसलाई पुनः खडा गर्ने निर्णय भएअनुसार श्री नयाँ गोरख गणबाट १०८ जनाको संख्यामा बढुवा तथा सरूवा भई सन् २००३ मे २ (वि.सं. २०६० वैशाख १९) मा श्री हनुमानध्वज गुल्म नामाकरण गरी खडा भयो । प्युठान हुँदै यो गुल्म हाल बाजुरामा तैनाथरत छ ।

यस गुल्म स्थापना भएपछि हालसम्म संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापनार्थ खटिइ जाने विभिन्न युनिटहरूको झण्डामा पटक पटक गरी ४३ जना यस गुल्मका विभिन्न दर्जाबाट खटिएर आफ्नो जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्दै आएको छ ।[३५४]

३५२ श्री गौरीबक्स गुल्मका निमित्त गुल्मपति सह-सेनानी डम्बरबहादुर बोहराले वि.सं. २०६४ भाद्र १४ मा तयार गरेको "श्री गौरीबक्स गुल्मको इतिहास", परिशिष्ट "क", पृ. १ ।

३५३ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२३ ।

३५४ श्री हनुमानध्वज गुल्सका गुल्मपति सेनानी अशोक कुमार खाँडले वि.सं. २०६४ मंसीर २७ मा तयार गरेको "श्री हनुमानध्वज गुल्मको इतिहास", पृ. १-२ ।

यस श्री हनुमानध्वज गुल्मको कमाण्ड गुल्मपतिको रूपमा सेनानीहरू महेन्द्रजंग लामिछाने, प्रताप गुरूङ र रामेश्वर सुवेदीले सम्हाली सक्नुभएको छ। हाल यस गुल्मका गुल्मपति सेनानी अशोक कुमार खाँड हुनुहुन्छ।

श्री वीरभद्रजंग गुल्म

राजा रणबहादुर शाहको पालामा सन् १७९३ (वि.सं. १८५०) मा यो गुल्म श्री वीरभद्रजंग कम्पनीको नामबाट खडा भएको हो। यस गुल्मको नामाकरण पवित्र श्री स्वस्थानी व्रतमा उल्लेख भएअनुसार दक्ष प्रजापतीलाई नाश गर्न श्री महादेव भगवानबाट पैदा भएका महावीर सेनापति वीरभद्रको शुभनामबाट गरिएको भनिन्छ। यस गुल्मको आदर्श वाक्य "शिवको भक्ति वीरभद्रको शक्ति" रहेको छ।

सन् १७७७ नोभेम्वर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भई पछि खारेजीमा परेको र निशान समेत नपाइएको १८ वटा कम्पनीहरूमध्ये यो पनि एक थियो।[३५५] तत्कालीन देशको विषम परीस्थतीमा नेपाली सेनालाई समयानुकूल आधुनिकीकरण, विकास र विस्तार गर्ने क्रममा सन् २००२ जनवरी २५ (वि.सं. २०५८ माघ १२) मा यो श्री वीरभद्रजंग गुल्मको नाममा पुनः स्थापित भएको हो।[३५६] हुम्ला, डडेलधुरा हुँदै यो गुल्म हाल श्री मध्य पश्चिम पृतना हेडक्वाटरअन्तर्गत श्री नं. ४ बाहिनी अड्डाको अण्डर कमाण्डमा कार्यतरत छ।

यस श्री वीरभद्रजंग गुल्मको प्रथम गुल्मपति सेनानी उदय कार्की हुनुहुन्थ्यो। हाल यस गुल्मका गुल्मपति सेनानी भुवन खत्री हुनुहुन्छ।

श्री रणदल गुल्म

राजा रणबहादुर शाहको पालामा सन् १७९३ (वि.सं. १८५०) मा यो गुल्म श्री रणदल कम्पनीको नामबाट खडा भएको हो।[३५७] यस गुल्मको आदर्श वाक्य "सदैव अग्रसर रणभूमिमा" रहेको छ।

३५५ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२३-३२५।
३५६ श्री वीरभद्रजंग गुल्मले वि.सं. २०६४ फाल्गुण १९ मा मेसेज नं. एस.एन./६३९-१९१०४६ वाट प्रेसित "श्री वीरभद्रजंग गुल्मको इतिहास", परिशिष्ट "क"।
३५७ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२५।

सन् १७७७ नोभेम्वर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) सम्म खडा भएपछि विभिन्न समयमा खारेजीमा परेका विभिन्न पल्टनहरू जस्तै यो पनि खारेजीमा परेको थियो। देशको बदलिँदो परिस्थिति तथा आवश्यकतालाई महसुस गरी तत्कालीन शाही नेपाली सेना हाल नेपाली सेनाको संरचनामा क्रमिक विस्तार हुन गएकोले तदनुरूप विभिन्न तहगत सङ्गठन वृद्धि हुने क्रममा तत्कालीन मन्त्रिपरिषद्को सन् २००२ जनवरी २५ (वि.सं. २०५८ माघ १२) को निर्णयअनुसार खडा भएका विभिन्न ५ गुल्ममध्ये श्री रणदल गुल्म पनि एक हो।[३५८] हाल यो गुल्म कालीकोटमा तैनाथरत छ।

यस श्री रणदल गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू प्रमोद थापा, हर्कबहादुर शाही, रविन जोशी र धनबहादुर थापाले सम्हाली सक्नुभएको छ। हाल यस गुल्मका गुल्मपति सेनानी रविन्द्रबहादुर शाह हुनुहुन्छ।

श्री श्रीदल गुल्म

राजा रणबहादुरको पालामा सन् १७९३ (वि.सं. १८५०) मा यो गुल्म श्री श्रीदल कम्पनीको नाममा खडा भएको थियो। यस गुल्मको आदर्श वाक्य "श्री शक्ति राष्ट्र भक्ति" रहेको छ।

सन् १७७७ नोभेम्वर-१७९९ मार्च (वि.सं. १८३४-१८५५) भित्र कम्पनी खडा भई पछि खारेजीमा परेको र निशान समेत नपाइएकोमध्ये यो पनि एक थियो।[३५९] पछि तत्कालीन शाही नेपाली सेनाको सङ्गठनको विस्तारको क्रममा सन् २००२ जनवरी २५ (वि.सं. २०५८ माघ १२) मा तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को निर्णय अनुरूप यो श्री श्रीदल गुल्म खडा भएको हो।[३६०] यसको स्थापना क्रममा तत्काल राजदरवारमा तैनाथ श्री बर्दबहादुर गणबाट पदिक र अन्य दर्जा गरी जम्मा १०८ जनाको संख्यामा श्री श्रीदल गुल्ममा सरूवा बढुवा गरिएको थियो। हाल यो गुल्म तेह्रथुममा तैनाथरत छ।

३५८ श्री रणदल गुल्मका गुल्मपति सेनानी धनवहादुर थापाले वि.सं. २०६४ श्रावण १७ मा मेसेज नं. के.टि./५७७-१४१०४७ वाट प्रेसित "श्री रणदल गुल्मको सङ्क्षिप्त इतिहास", परिशिष्ट "क", पृ. १।
३५९ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२३-३२५।
३६० श्री श्रीदल गुल्मका गुल्मपति सेनानी भरत कार्कीले वि.सं. २०६४ माघ २१ मा तयार गरेको "श्री श्रीदल गुल्मको इतिहास"।

यस श्री श्रीदल गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू सोवितबहादुर अधिकारी, नक्कुल रायमाझी र बुद्धिबहादुर खड्काले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी भरत कार्की हुनुहुन्छ ।

श्री रामवाण गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा यो गुल्म श्री रामवाण कम्पनीको नामबाट खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "देश भक्ति हाम्रो शक्ति" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) सम्म खडा भएपछि विभिन्न समयमा खारेजीमा परेका विभिन्न पल्टनहरू जस्तै यो पनि खारेजीमा परेको थियो ।[३६१] देशको बदलिँदो परिस्थिति तथा आवश्यकतालाई महसुस गरी सैनिक सङ्गठन विस्तार गर्ने क्रममा सन् २००३ मार्च २७ (वि.सं. २०५९ चैत्र १३) मा तत्कालीन मन्त्रिपरिषद्को निर्णयअनुसार यसलाई श्री रामवाण गुल्मको नामबाट पुनः स्थापना गरियो । पोखरा हुँदै यो गण हाल स्याङ्जामा तैनाथरत छ ।[३६२]

यस श्री रामवाण गुल्मको कमाण्ड गुल्मपतिको रूपमा सेनानीहरू आनन्द कुमार अधिकारी, संजय झा र भुपेन्द्र खड्काले गरिसक्नु भएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी रामजी थापा हुनुहुन्छ ।

श्री इन्द्रदल गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८१० मार्च २६ (वि.सं. १८६७) मा श्री इन्द्रदल गुल्म श्री इन्द्रदल कम्पनीको नाममा खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "वैरीलाई वज्र प्रहार" भन्ने रहेको छ ।

३६१ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।
३६२ श्री रामवाण गुल्मका गुल्मपति सेनानी रामजी थापाले वि.सं. २०६४ श्रावण १६ मा तयार गरेको "श्री रामवाण गुल्म आंधिखोला स्याङ्जाको गुल्म इतिहास", पृ. १ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका निशान, समेत नपाइएका कम्पनीहरूमध्ये यो पनि थियो ।[३६३] देशको बदलिँदो परिस्थिति तथा आवश्यकतालाई महसुस गरी सैनिक सङ्गठन विस्तार गर्ने क्रममा सन् २००३ मार्च २६ (वि.सं. २०५९ चैत्र १२) मा यसलाई श्री इन्द्रदल गुल्म नामबाट पुनः स्थापना गरियो ।[३६४] काठमाडौं हुँदै यो गुल्म हाल ताप्लेजुङ्गमा तैनाथरत छ ।

यस श्री इन्द्रदल गुल्मको पहिलो गुल्मपति सेनानी रूपेन्द्र बुढाथोकी र दोस्रो गुल्मपति सेनानी पारस बस्न्यात हुनुहुन्थ्यो र तेस्रो गुल्मपतिको रूपमा हाल सेनानी अशोक गुरूङ हुनुहुन्छ ।

श्री शत्रुमर्दन गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०५ (वि.सं. १८६२) मा यो गुल्म श्री शत्रुमर्दन कम्पनीको नामबाट खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "वीर गर्जन शत्रु मर्दन" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) सम्म खडा भएपछि विभिन्न समयमा खारेजीमा परेका विभिन्न पल्टनहरू जस्तै यो पनि खारेजीमा परेको थियो ।[३६५] देशको बदलिँदो परिस्थिति तथा आवश्यकतालाई महसुस गरी सैनिक सङ्गठन विस्तार गर्ने क्रममा सन् २००३ मार्च २६ (वि.सं. २०५९ चैत्र १२) मा तत्कालीन मन्त्रिपरिषद्को निर्णयअनुसार यसलाई श्री शत्रुमर्दन गुल्मको नामबाट पुनः स्थापना गरियो । यो सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक हुँदै हाल पुनः सिन्धुपाल्चोकमा तैनाथरत छ ।[३६६]

यस श्री शत्रुमर्दन गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू हिमाद्री थापा, कृष्णध्वज थापा र लक्ष्मण थापाले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी जितेन्द्र गुरूङ हुनुहुन्छ ।

३६३ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ.३२५-३२७ ।
३६४ श्री इन्द्रदल गुल्मका गुल्मपति सेनानी अशोक गुरूङले वि.सं. २०६४ पौष १ मा तयार गरेको "श्री इन्द्रदल गुल्मको इतिहास" ।
३६५ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२५ ।
३६६ श्री शत्रुमर्दन गुल्मका गुल्मपति सेनानी जितेन्द्र गुरूङले वि.सं. २०६४ मंसीर ७ मा तयार गरेको "श्री शत्रुमर्दन गुल्मको इतिहास", पृ. १ ।

श्री समरसुर गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०५ (वि.सं. १८६२) मा यो गुल्म श्री समरसुर कम्पनीको नाममा खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "सदैव जन्मभूमिमा समर्पित" भन्ने रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका, निशान समेत नपाईका कम्पनीहरूमध्ये यो पनि एक थियो ।[३६७] देशको बदलिँदो परिस्थितमा नेपाली सेनाले निर्वाह गर्नु पर्ने भूमिकाको कारण सङ्गठन बिस्तार गर्दै लैजाने नीतिअनुरूप श्री कालीबहादुर गणको (एक गुल्म) १०८ को संख्यामा छुट्टिएर अन्य संख्या श्री कार्यरथी बिभाग (सङ्गठन र सञ्चालन) बाट पूर्ति भई २३५ को संख्यामा सन् २००३ मार्च २७ (वि.सं. २०५९ चैत्र १३) मा पुन श्री समरसुर गुल्मको नामबाट खडा भएको हो ।[३६८] हाल यो गुल्म तनहूँमा तैनाथरत छ ।

यस श्री समरसुर गुल्मका गुल्मपतिको कार्यभार सेनानीहरु विष्णुराम गुरूङ, अनिल खड्का र सुनिल कुमार घलेले सम्हाल्नु भएको थियो । हाल यस गुल्मका गुल्मपति सेनानी लक्ष्मण थापा हुनुहुन्छ ।

श्री देवीबक्स गुल्म

राजा गिर्वाणयुद्ध विक्रमको पालामा यो गुल्म श्री देवीबक्स कम्पनीको नामबाट खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "समर्पित देशमा" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र विभिन्न समयमा खडा भई खारेजीमा परि निशान समेत नपाइएका कम्पनीहरूमध्ये यो पनि थियो । देशको बदलिँदो परिस्थिति र आवश्यकता महसुस गरी सेना संख्या बढाउने क्रममा सन् २००३ मार्च २६ (वि.सं. २०५९ चैत्र १२) को तत्कालीन मन्त्रिपरिषद्को निर्णयबाट श्री देवीबक्स गुल्म गठन गर्ने निर्णय गरिएको हो । सो निर्णय गरिएता पनि करिव एक वर्ष पछि मात्र विधिवत रूपमा यस श्री देवीबक्स

३६७ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२५ ।
३६८ श्री समरसुर गुल्मका गुल्मपति सेनानी लक्ष्मण थापाले वि.सं. २०६४ माघ ११ मा तयार गरेको "श्री समरसुर गुल्मको इतिहास" ।

गुल्म सन् २००३ डिसेम्वर १३ (वि.सं. २०६० मंसिर २७) मा स्थापना भयो । कञ्चनपुर हुँदै हाल यो गुल्म धनगढीमा तैनाथरत छ ।[३६९]

यस श्री देवीबक्स गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू प्रमोद पौड्याल, सुन्दर कुमार पाण्डे र सानुकाजी थापाले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी धुव्रकुमार कार्की हुनुहुन्छ ।

श्री त्रिपुरादल गुल्म

राजा गीवार्णयुद्ध विक्रमको पालामा सन् १८०६ (वि.सं. १८६३) मा यो गुल्म श्री त्रिपुरादल कम्पनीको नाममा खडा भएको हो । त्रिपुराको तीन अक्षरले तीन लोक: स्वर्गलोक, मर्त्यलोक र नर्कलोक भन्ने जनाउंछ । श्री त्रिपुरादल गुल्मको वास्तविक अर्थ ज्यादै गहन र तीनै लोकलाई सम्बोधन गर्ने किसिमको छ । यस गुल्मको आदर्श वाक्य "देश, भक्ति, समर्पण" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका, निशान समेत नपाइएका कम्पनीहरूमध्ये यो पनि थियो ।[३७०] देशमा नेपाली सेनाको संख्यामा बृद्धि गर्नुपर्ने परिस्थितिजन्य आवश्यकताका साथै नेपाली सेनालाई अझै आधुनिकीकरण गर्दै बढी सक्षम तथा सवल बनाउने हेतुले सन् २००३ मार्च २६ (वि.सं. २०५९ चैत्र १२) को मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसार (सलाई श्री त्रिपुरादल गुल्म नामाकरण गरी सन् २००३ मार्च २७ (वि.सं. २०५९ त्र १३) मा स्थापना गरिएको थियो ।[३७१] श्री गोरख गणका पदिक तथा अन्य द रूलाई चयन गरी यस गुल्मको स्थापना भएको थियो । म्याग्दी हुँदै यो गुल्म कास्कीमा तैनाथरत छ ।

यस श्र पुरादल गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू असिम थेवे, हिमाद्री कुमा थापा र प्रकाश देउजाले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी मनोज कुमार सिलवाल हुनुहुन्छ ।

३६९ श्री देवीवक्स गुल्मले वि.सं. २०६४ मंसिर ११ मा मेसेज नं. एस.एफ./२४४५-१११४४५ वाट प्रेसित "श्री देवीवक्स गुल्मको सङ्क्षिप्त इतिहास" ।
३७० शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ.३२५-३२७ ।
३७१ श्री त्रिपूरादल गुल्मका गुल्मपति सेनानी मनोज कुमार सिलवालले वि.सं. २०६४ मंसिर २० मा तयार गरेको "श्री त्रिपूरादल गुल्मको सङ्क्षिप्त इतिहास", पृ. १ ।

श्री गुरू गोरख गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा १८०६ (वि.सं. १८६३) मा यो गुल्म श्री गुरू गोरख कम्पनीको नामबाट खडा भएको हो ।[३७२] यस गुल्मको आदर्श वाक्य "पराक्रम बलिदान वीरताको शान" भन्ने रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका, निशान समेत नपाइएका ३९ वटा कम्पनीहरूमध्ये यो पनि एक थियो । नेपाली सेनालाई समयानुकूल आधुनिकीकरण तथा विस्तार गर्दै लैजाने नीतिअनुरूप भएको सङ्गठनात्मक संरचनामा आमुल परिवर्तन भई पृतना, बाहिनी, गण तथा गुल्म थप्ने योजना कार्यान्वयनको सिलसिलामा सन् २००३ मार्च २६ (वि.सं. २०५९ चैत्र १२) को तत्कालीन मन्त्रिपरिषद्को निर्णयअनुसार यसलाई श्री गुरू गोरख गुल्म नामाकरण गरी पुनः स्थापना गरिएको हो । श्री नयाँ श्रीनाथ गण, श्री रणभीम गण, श्री भवानीदल गण र श्री वटुकदल गणबाट मिलाएर यस गुल्म खडा भएको थियो ।

यो सन् २००३ डिसेम्वर १६ (वि.सं. २०६० पौष १) बाट श्री नं. १८ बाहिनी अड्डाअन्तर्गत सोलुखुम्बुमा तैनाथरत रही हालसम्म कार्यरत रहेको छ ।[३७३]

यस श्री गुरूगोरख गुल्मको कमाण्ड गुल्मपतिको रूपमा सेनानीहरू मन बस्नेत, विदुर अधिकारी र मनोज कुमार खत्रीले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी रत्नबहादुर गोदार हुनुहुन्छ ।

श्री समरजीत गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८१० (वि.सं. १८६७) मा यो गुल्म श्री समरजीत कम्पनीको नामबाट खडा भएको हो ।[३७४] यस गुल्मको आदर्श वाक्य "राष्ट्र भक्ति समर्पण" रहेको छ ।

---

३७२ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।

३७३ श्री गुरू गोरख गुल्मका गुल्मपति सेनानी रत्नवहादुर गोदारले वि.सं. २०६४ माघ १४ मा तयार गरेको "श्री गुरू गोरख गुल्मको इतिहास", पृ. १ ।

३७४ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) सम्म खडा भएपछि विभिन्न समयमा खारेजीमा परेका विभिन्न पल्टनहरू जस्तै यो पनि खारेजीमा परेको थियो । तत्पश्चात् यो सन् २००३ मार्च २६ (वि.सं. २०५९ चैत्र १२) मा श्री समरजीत गुल्मको नाममा खडा भयो ।[३७५] त्यसबेलामा यो गुल्म दाङमा तैनाथ रहेको थियो ।

हाल यस गुल्मका गुल्मपति सेनानी राम प्रसाद अधिकारी हुनुहुन्छ ।

श्री सिंह शार्दुल गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा श्री सिंह शार्दुल गुल्म श्री सिंह शार्दुल कम्पनीको रूपमा सन् १८१० (वि.सं. १८६७) मा स्थापना भएको हो ।[३७६] यस गुल्मको आदर्श वाक्य "वीर हौं सिंह भैँ" भन्ने रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका निशान समेत नपाइएका कम्पनीहरूमध्ये यो श्री सिंह शार्दुल कम्पनी पनि एक हो । बदलिँदो परिस्थिति र आवश्यकता महसुस गरी तत्कालीन मन्त्रिपरिषद्को निर्णयनुसार पुन नामाकरण भई श्री सिंह शार्दुल गुल्मको स्थापना सन् २००३ मार्च २६ (वि.सं. २०५९ चैत्र १२) मा भएको हो । यो गुल्म खडा गर्दा १०८ जना बरख गणबाट र बाँकी संख्या सेनाको विभिन्न अङ्गबाट सरूवा गरी जम्मा २३५ जना कायम गरिएको थियो ।[३७७] हाल यो गुल्म बैतडी जिल्लामा तैनाथ रही कार्य गर्दै आइरहेको छ ।

यस श्री सिंह शार्दुल गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू इन्द्रबहादुर शाह र बसन्त राज गुरूङले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी हिम्मतबहादुर विष्ट हुनुहुन्छ ।

---

३७५ श्री समरजीत गुल्मका गुल्मपति सेनानी राम प्रसाद अधिकारीले वि.सं. २०६४ मंसिर ४ मा तयार गरेको "श्री समरजीत गुल्मको इतिहास", पृ. १ ।

३७६ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।

३७७ श्री सिंह शार्दुल गुल्मका सह-सेनानी निरेन्द्र लामाले वि.सं. २०६४ आश्विन ८ मा फ्याक्स नं. ३२-०८१६३२ बाट प्रेसित "श्री सिंह शार्दुल गुल्मको इतिहास", पृ. १ ।

श्री बराहदल गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८१० (वि.सं. १८६७) मा यस गुल्म श्री बराहदल कम्पनीको नामबाट खडा भएको हो ।[३७८]

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका, निशान समेत नपाइएका ३९ वटा कम्पनीहरूमध्ये यो पनि एक थियो । देशको बदलिँदो परिस्थिति र आवश्यकतालाई महसुस गरी सैनिक सङ्गठन विस्तार गर्ने क्रममा सेनाको संख्या बढाउने, संख्याअनुसार पृतना, बाहिनी, गण र गुल्म खडा गर्ने नीतिअनुसार सन् २००३ अप्रिल १६ (वि.सं. २०६० वैशाख ३) मा श्री पशुपति प्रसाद गणबाट १०८ जना र अन्य युनिटका सहित २३५ जनाको संख्यामा श्री बराहदल गुल्म नामाकरण भई पुनः स्थापित भयो ।[३७९] हाल यो गुल्म गौर, रौतहटमा तैनाथरत छ ।

श्री अमरदल गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०६ (वि.सं. १८६३) मा यो गुल्म श्री अमरदल कम्पनीको नाममा खडा भएको हो । यस गुल्मको आदर्श वाक्य "हरपल गौरवशाली अमरदल" भन्ने रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) मा खडा भई पछि खारेजीमा परेका, निशान समेत नपाइएका कम्पनीहरूमध्ये यो पनि थियो ।[३८०] देशमा बदलिँदो परिस्थिति र नेपाली सेनालाई समयानुकूल परिमार्जित, विकास र विस्तार गर्ने क्रममा यो कम्पनीलाई श्री पुरानो गोरख गणबाट एक गुल्म छुट्टिएर सन् २००४ जुलाई २३ (वि.सं. २०६१ श्रावण ८) मा श्री अमरदल गुल्म नामाकरण भई पुनर्स्थापना भएको थियो । संखुवासभा, चितवन, मकवानपुर हुँदै यो गुल्म हाल पुनः संखुवासभामा तैनाथरत छ ।

३७८ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२७ ।
३७९ श्री वराहदल गुल्मले वि.सं. २०६४ चैत्र ५ मा मेसेज नं. २५४६-०५०९०६ वाट प्रेसित "श्री बराहदल गुल्मको इतिहास" ।
३८० शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ.३२५-३२७ ।

आफू तैनाथरत संखुवासभा जिल्लामा यस गुल्मले शिक्षा, स्वास्थ्य, विकास निर्माण, दैवी प्रकोप उद्धार तथा सहयोग, आगजनीमा उद्धार कार्य आदि लोकहित कार्यमा संलग्नता देखाएको छ ।[३८१]

हाल यस श्री अमरदल गुल्मका गुल्मपति सेनानी सनत रावल हुनुहुन्छ ।

श्री शम्शेर गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८१३ (वि.सं. १८७०) मा यो गुल्म श्री शम्सेर कम्पनीको नामबाट खडा भएको हो । यो गुल्मको आदर्श वाक्य "कर्म शक्ति हो देश भक्तिको" भन्ने रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका, निशान समेत नपाइएका ३९ कम्पनीहरूमध्ये यो पनि थियो ।[३८२] देशको बदलिँदो परिस्थिती तथा आवश्यकतालाई महसुस गरी नेपाली सेनाको संरचनामा क्रमिक रूपमा विस्तार गर्ने अपरिहार्यता अनुरूप विभिन्न तहगत सङ्गठन वृद्धि हुने क्रममा तत्कालीन मन्त्रिपरिषद्को सन् २००४ जुलाई २३ (वि.सं. २०६१ श्रावण ८) को निर्णयअनुसार खडा भएका ९ गुल्महरूमध्ये यस श्री शम्शेर गुल्म पनि एक हो ।[३८३] हाल यो गुल्म दार्चुलामा तैनाथ रहेको छ ।

यस श्री शम्शेर गुल्मको गुल्मपतिको कार्यभार सेनानीहरू हरेन्द्र पाठक र दिपेश जंग शाहले सम्हाली सक्नुभएको छ । हाल यस गुल्मका गुल्मपति सेनानी कृष्ण जि.सि. हुनुहुन्छ ।

३८१ श्री अमरदल गुल्मका गुल्मपति सेनानी सनत रावलले वि.सं. २०६४ मंसीर २५ मा तयार गरेको "गुल्मको इतिहास", पृ. १-४ ।
३८२ शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ.३२५-३२७ ।
३८३ श्री शम्शेर गुल्मले वि.सं. २०६४ माघ १५ मा मेसेज सि.एस./२४७२-१४१५२२ वाट प्रेसित "श्री शम्शेर गुल्मको इतिहास", परिशिष्ट "क" ।

श्री शत्रुभञ्जन गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०५ (वि.सं. १८६२) मा यस गुल्म श्री शत्रुभञ्जन कम्पनीको नामबाट खडा भएको हो ।[३८४] शत्रुभञ्जनको अर्थ शत्रु नाश गर्ने शक्ति श्री विष्णु भगवानको नामबाट यसको नामाकरण गरिएको देखिन्छ । यस गुल्मको आदर्श वाक्य "सबै भन्दा ठूलो भक्ति रक्षा गर्नु स्वदेशको" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका, निशान समेत नपाइएका ३९ वटा कम्पनीहरूमध्ये यो पनि एक थियो । राष्ट्रिय परिस्थितिअनुसार नेपाली सेनाको सङ्गठनात्मक विकासको क्रममा तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को सन् २००४ जुन २२ (वि.सं.

श्री कुमारीदल गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०६ (वि.सं. १८६३) मा यस गुल्म श्री कुमारीदल कम्पनीको नामबाट खडा भएको हो ।[३८६] यस गुल्मको आदर्श वाक्य "कुमारी भक्ति विजय शक्ति" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका, निशान समेत नपाइएका ३९ वटा कम्पनीहरूमध्ये यो पनि एक थियो । देशको बदलिँदो परिस्थिति र आवश्यकतालाई महसुस गरी सन् २००४ जुलाई २३ (वि.सं. २०६१ श्रावण ८) मा श्री श्रीनाथ गणबाट १०८ को संख्यामा छुट्टिई श्री कुमारीदल गुल्म नामाकरण गरी पुन: स्थापना भएको हो ।[३८७] दाङ, दिपायल, धनगढी हुँदै हाल यो गण श्री सुदूर पश्चिम पृतना हेडक्वाटर

यसले बहादुरीका साथ नेपाल एकीकरणको अभियानमा सामेल भएको थियो। त्यस्तै यसले सन् १८१४-१८१६ को नेपाल-अङ्ग्रेज युद्धमा राम्रो रणकौशलको प्रदर्शन गर्ने सुवर्ण अवसर प्राप्त गरेको थियो ।[३८९]

श्री नयाँ रणभीम गुल्म

राजा गीर्वाणयुद्ध विक्रमको पालामा सन् १८०६ (वि.सं. १८६३) मा यो गुल्म श्री नयाँ रणभीम कम्पनीको नामबाट स्थापना भएको हो । यस गुल्मको आदर्श वाक्य "भीमको शक्ति राष्ट्र भक्ती" रहेको छ ।

सन् १७९९ मार्च-१८१६ नोभेम्बर (वि.सं. १८५५-१८७३) भित्र खडा भई पछि खारेजीमा परेका, निशान समेत नपाइएका ३९ वटा कम्पनीहरूमध्ये यो पनि एक थियो ।[३९०] सन् २००४ जुलाई ५(वि.सं. २०६१ आषाढ २१) को तत्कालीन श्री ५ को सरकार (मन्त्रिपरिषद्) को निर्णयअनुसार यस गुल्मको पुन: स्थापना भएको हो। काठमाडौं, काभ्रेपलाञ्चोक हुँदै हाल यो गुल्म श्री नं. ७ बाहिनी अड्डाअन्तर्गत बारा जिल्लामा तैनाथरत छ ।

सन् २००६ (वि.सं. २०६३) मा बारा जिल्ला सिमरास्थित निर्माणाधिन क्याम्पसलाई यस गुल्मले विभिन्न निर्माण सामाग्रीहरू सहयोगार्थ उपलब्ध गराएको थियो । सन् २००७ अप्रिल २३ (वि.सं. २०६४ वैशाख १६) मा पर्सा जिल्लाको निर्मलवस्ती गा.वि.स.स्थित विजयवस्ती गाउँमा यसले निशुल्क स्वास्थ्य शिविर पनि सञ्चालन गरेको थियो ।[३९१]

यस श्री नयाँ रणभीम गुल्मको पहिलो र दोश्रो गुल्मपतिहरू क्रमश: सेनानीहरू यामबहादुर सापकोटा र जोनसन खड्का हुनुहुन्थ्यो । हाल तेस्रो गणपतिको रूपमा सेनानी ज्योतिन्द्र महत कार्यरत हुनुहुन्छ ।

३८९ श्री सँग्राम शार्दुल गुल्मद्धारा सैनिक सङ्ग्रहालयलाई मेसेज डि.एस./१७३७-०५१११७ बाट प्रेसित जानकारीको आधारमा ।

३९० शाही नेपाली जंगी अड्डा (प्र.), पादटिप्पणी संख्या ९१, पृ. ३२३-३२५ ।

३९१ श्री नयाँ रणभीम गुल्मका गुल्मपति सेनानी ज्योतिन्द्र महतले वि.सं. २०६४ चैत्र ८ मा मेसेज आर.एस./२२१३-०८११३३ बाट प्रेसित "श्री नयाँ रणभीम गुल्मको इतिहास", पृ. १-२ ।

श्री विशेष सुरक्षा बल

सन् १९७० डिसेम्बर १६ (वि.सं. २०२७ पौष १) मा श्री प्रमुख सैनिक सचिवालयलाई राजदरबार सुरक्षा अधिकृतको हैसियतबाट रेखदेख गर्ने गरी तत्कालीन शाही नेपाली सेनाको अङ्गको रूपमा अति विशिष्ट व्यक्तिहरूको सुरक्षाको निम्ति प्रहरी र सेनाबाट अधिकृत तथा जवानहरू समावेश गरी शाही रक्षक सैनिक प्रहरीको स्थापना गरिएको थियो। स्थापनाकालदेखि नै श्री राजदरबार प्रमुख सैनिक सचिवालयको नीतिनिर्देशनमा राजदरबार भित्र र स्वदेश र विदेशमा समेत सुरक्षा कार्यमा यो सङ्गठन क्रमिक रूपमा संलग्न हुँदै आएको थियो। शाही रक्षक सैनिक प्रहरीको काम कर्तव्य र जिम्मेवारी चाहिँ राजा र राजपरिवारहरूका साथै उनीहरूको निमन्त्रणामा आउने राष्ट्राध्यक्षहरूको सुरक्षा प्रदान गर्नु थियो । सन् २००६ जुलाई ३ (वि.सं. २०६३ आषाढ १९) मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार शाही रक्षक प्रहरीलाई राजदरबार सैनिक प्रहरी नामाकरण गरियो । हाल यसको नाम विशेष सुरक्षा बल राखिएको छ ।


यस विशेष सुरक्षा बल नेपालकै एक विशिष्ट क्लोज प्रोटेक्सन (Close Protection) युनिट हो। यहाँ नेपाली सेना, शसस्त्र प्रहरी, नेपाल प्रहरीलाई क्लोज प्रोटेक्सनसम्बन्धी तालिम दिइँदै आएको छ। यो एक मात्र स्पेशलाईज्ड क्लोज प्रोटेक्सन युनिट (Specialized Close Protection Unit) भएकोले विदेशी राष्ट्राध्यक्ष र विशिष्ट पाहुनाहरूका साथै नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सम्मेलनहरूमा उपस्थित विदेशी राष्ट्राध्यक्षलगायत विशिष्ट व्यक्तिहरूको सम्पूर्ण सुरक्षासम्बन्धी जिम्मेवारी लिन्छ ।[३९२]

***

३९२ तत्कालिन श्री राजदरवार सैनिक प्रहरीका कायम मुकायम मुख्य सुरक्षा अधिकृत प्रमुख सेनानी सुदिप के.सी. ले वि.सं. २०६५ वैशाख १० मा तयार गरेको "सैनिक प्रहरीको इतिहास", पृ. १-४ ।

नेपाली सेनाको आदर्श गान

रक्षा सम्मान कल्याण आफ्नो देश नेपालको
सर्वप्रथम सदा जान धर्म कर्म सिपाहीको
सुविस्ता मान हेरचाह गर्नु पर्छ विशेषत:
अधीनस्थ रही बस्ने साराका सुख खातिर
रक्षा आनन्द आराम आफ्नो निम्ति सधैं पछि
यही सेना महामन्त्र यही सत्य सधैंभरि


ISBN 978-9937-2-1177-2
9 789937 211772